CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

समर्पण

नाति– साब्रा, शिवान्त,

नातिनी-- प्रियदर्शनी, रैनाश्री, सो

उनीहरूका द

हार्दिक शुभकामनासा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

आफूभन्दा अघिका पुस्ताले गरेका र भोगेका कुरा उनीहरूकै मुखबाट सुन्न भाग्यशाली सन्तानले मात्र पाउँछन् । यसरी प्राप्त ज्ञान पनि सम्झनाको अभावमा त्यसै बिलाएर गएको पाइन्छ । यस्ता पुराना ज्ञान र सीपको संरक्षण आजको युगको माग हो ।

हाम्रो नेपालका एक प्रबुद्ध प्रशासक एवं कूटनीतिज्ञ सरदार श्री भी[illegible] बहादुर पाण्डेज्यूलाई हामीले वि. सं. १९७७ देखि २००० सम्म उहाँले[illegible] भोगे र सुनेका कुरा लेखिदिन अनुरोध गऱ्यौं । यो पुस्तक [illegible] स्वीकृति हो ।

प्रस्तुत पुस्तकमा लेखकले तिनताकको ग्रामीण [illegible] प्रचलित मूल्यहरू र ती मूल्यहरूमा क्रमशः समर[illegible] परिवर्तनहरूलाई अति रोचक ढंगबाट [illegible] आत्मपरक र वस्तुपरक दुबै शैलीको स[illegible] रूपमा देखा परेको छ ।

अन्तमा, हामीलाई सहयोग [illegible] धन्यवाद अर्पण गर्दछौं र नेपाली [illegible] कृतिको सबैतिरबाट स्वागत [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

(१)

"बुढा मरे भाषा सरे" भन्ने भनाइलाई उपदेशको परम्परा मानिएको छ । उमेर निकै ढल्कीसकेका बूढापाकाले आफ्ना मनका तीता-मीठा स्मरण र वंशावली लेखेर छाड्ने नेपालको पुरानो थिति त्यही उपदेशको फल हो जस्[illegible] मलाई लाग्दछ । आफू मरेर जाँदासाथ केही नजाने र नाम निशाना पछि[illegible] टिके पनि सम्झना तुरुन्त मेटिने हुँदा पनि यो परम्परा जीवित[illegible]

प्रथमतः, त्यसै विचारले प्रेरित भएर र केही मित्रह[illegible] नसकी, मैले पनि कनिकुथि, "त्यसबखतको नेपाल" लेख्ने[illegible] पुस्तक भरिएको छ १९७७-२००७ साल फागुन[illegible] पाँच जना राणा प्रधानमन्त्रीको पालामा, [illegible] आफ्नै आँखाले देखेका र खास आफैले भ[illegible] गरेका कामकाज र कुराले ।

यो तीन दशकको लामो क[illegible] खहरे गाउँबाट, जहाँ म १९७० [illegible] दरबार स्कूलमा पढ्न थालेको मै[illegible] हुँदै १९९९ सालमा सरकारी से[illegible]

सरसरी पढ्दा "त्यसबखतका [illegible] मेरो आत्मकथाजस्तो पनि देखिन्छ ह[illegible] मुच्छिएको र तिनीहरूमा मेरो प्रशस्त म[illegible] हुँदा ।

वास्तवमा यो पुस्तक हो मेरो स्मरण[illegible] हुँदा, यो पुस्तक कतिलाई मन नपर्न सक्तछ । [illegible] कालीन मित्रहरूलाई जंग्याई र जगाई नेपालको बारेमा [illegible] पनि वेर छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे होस्, राणा शासनको नाम सुनेर ओठ ल्यप्रचाउने, नाक खुम्च्याउने, कान पकड्ने र त्यसलाई आकाशमा पुऱ्याउन खोज्ने दुर्वैथरीलाई मेरो पुस्तकले चित्त बुझाउन सक्ला भन्ने आशा गरेको छु ।

तर "त्यस बखतको नेपाल"ले नेपालको कुनै पनि पूर्वकालको साँचो कुरा जान्न चाहने पाठकहरू रिझिए भने, सन्तोषको अनुभव गर्ने छु । पुस्तक पढ्दा पाठकको मन बहलियोस् भनी ठाउँ ठाउँमा चुडकिला कुरा परेका छन्– त्यसबेलाको नेपालको अनौठो वातावरण झल्काउन ।

(२)

यो पुस्तक लेख्नाको मेरो अर्को अभिप्राय: हो,– नेपालका भावी सन्त-[illegible]को देशमा अघिअघि घटेका तथ्यसंग राम्रो परिचित हुने मौका [illegible] मुलुकका पुराना कुरा विदेशीहरूले सुनेका भरमा बंग्याएर [illegible]ी कुयिराका काग बन्न नपरोस् भन्ने । कारण, तथ्यको तलास-[illegible] पर्न सक्तछ ।

[illegible]ढी (मेरा नाति नातिना र उनका दौंतरी)-[illegible]म-से-कम, त्यतिन्जेलसम्म नेपाली जनता [illegible]पुराना यथार्थ कुरा बुझी तिनीहरूबाट [illegible]हरूमा कमलाउला र **श्री ५ वीरेन्द्रले** [illegible] विकासको वीज त्यतिन्जेलतकमा त [illegible]र पढ्न सक्ने र स्वीस, इजराइली [illegible]ान् भन्ने आशा र भरोसाले । [illegible] छुट्न गएका छन् । तिनीहरू मध्ये [illegible]ीन निजामती सेवाको विवरण । सो [illegible]ा भन्ने डरले "त्यस बखतको नेपाल"मा [illegible]ाशिएला ।

[illegible]खतको नेपाल", दुई भागमा छापिएको छ । [illegible]ा पहिलो भागले समेटेको छ भने, २००० [illegible]तसम्म नेपालमा घटेका घटना दोस्रो भागमा [illegible] भाग आपसमा खूब जेलिएका छन् र एक अर्कोको पूरक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरैजसो दुवै भागमा परेका निम्न कुराहरूले "त्यस बखतको नेपाल"मा विशेष स्थान वगटेका छन्:–

पहिलो विश्वयुद्ध, विश्वव्यापी महामन्दी र श्री ३ चन्द्र शम्शेरको आर्थिक नीतिले नेपालको घरेलु उद्योग ह्रास भई, कुनै दिन स्वावलम्बी नेपाल त्यस वेला परोमुखी भएको------

दुवै विश्वयुद्धमा अंग्रेजको गुहार गएवापत नेपालले पाएको आर्थिक सहायताको सदुपयोग र राणाकालमा थोरै खर्चले सीमित विकासमा काम चटाचट भएका; नेपालका जनताले आँखा देखे भने एकतन्त्री शासन उखाडिन्छ भन्ने नाजायज डरले शिक्षा प्रचारमा राणाकालभरि भारी नियन्त्रण लागेको------

केही राणाजीहरू अरू राणाजीभन्दा झन् झन् झर्रा हुन र आफ्नो रोल व्यवस्था जे जसरी भए पनि यथावत् जोगाई राख्न खोज्दा, राणा राणा बीच घच्ची परेको-- ---

नेपालका जनताले आफ्नो अधिकारको निमित्त १९८७ [illegible] सालमा भिन्निसन्चो र २००४ र २००७ सालमा खुलम्खुल्ला [illegible] कारसँग संघर्ष गर्न जमजमाएका-----

योजनाबद्ध तरीकाले राणा सरकारले नेपा[illegible] आर्थिक श्रोतवाट गर्न खोज्दाले शुरू शुरू[illegible] अधिराज्यव्यापी औद्योगिक सर्भे सुरू[illegible] कोअपरेटिभ सोसाइटी खुलेका र सरव[illegible] "उठान र बैठान" मा खोलपाटो पुरे[illegible] राणा सरकारले नेपालको अ[illegible] सँगभन्दा विदेशी राष्ट्रसंग [illegible] परेको, नेपाली जनतालाई [illegible] र नेपालमा समसामयिक सुधार [illegible] गराउन हच्केको कारणवश राणा [illegible] भएको------

एकतन्त्री जहानिया शासनमा पनि नेपाल सु[illegible] भौमसत्तामा आँच पर्न नदिन कर-कोशिश [illegible] राणाजीहरूको कुलमा पनि उदारवादी रा[illegible] बाट हेर्दा राणाजीहरू एक ढिक्का र सम्पन्न देखिए[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे होस्, राणा शासनको नाम सुनेर ओठ ल्यप्र्याउने, नाक खुम्च्याउने, कान पकड्ने र त्यसलाई आकाशमा पुऱ्याउन खोज्ने दुर्वैथरीलाई मेरो पुस्तकले चित्त बुझाउन सक्ला भन्ने आशा गरेको छु ।

तर "त्यस बखतको नेपाल"ले नेपालको कुनै पनि पूर्वकालको साँचो कुरा जान्न चाहने पाठकहरू रिझिए भने, सन्तोषको अनुभव गर्ने छु । पुस्तक पढ्दा पाठकको मन बहलियोस् भनी ठाउँ ठाउँमा चुडकिला कुरा परेका छन्-- त्यसबेलाको नेपालको अनौठो वातावरण झल्काउन ।

(२)

यो पुस्तक लेख्नाको मेरो अर्को अभिप्राय: हो,– नेपालका भावी सन्त-[illegible]को देशमा अघिअघि घटेका तथ्यसंग राम्रो परिचित हुने मौका [illegible] मुलुकका पुराना कुरा विदेशीहरूले सुनेका भरमा बंग्याएर [illegible]ी कुयिराका काग बन्न नपरोस् भन्ने । कारण, तथ्यको तलास-[illegible] पर्न सक्तछ ।

[illegible]ीढी (मेरा नाति नातिना र उनका दौंतरी)-[illegible]म-से-कम, त्यतिन्जेलसम्म नेपाली जनता [illegible]पुराना यथार्थ कुरा बुझी तिनीहरूबाट [illegible]हरूमा कमलाउला र **श्री ५ वीरेन्द्रले** [illegible] विकासको बीज त्यतिन्जेलतकमा त [illegible]र पढ्न सक्ने र स्वीस, इजराइली [illegible]लान् भन्ने आशा र भरोसाले । [illegible] छुट्न गएका छन् । तिनीहरू मध्ये [illegible]ीन निजामती सेवाको विवरण । सो [illegible]ा भन्ने डरले "त्यस बखतको नेपाल"मा [illegible]शिएला ।

[illegible]खतको नेपाल", दुई भागमा छापिएको छ । [illegible]ा पहिलो भागले समेटेको छ भने, २००० [illegible]तसम्म नेपालमा घटेका घटना दोस्रो भागमा [illegible] भाग आपसमा खूब जेलिएका छन् र एक अर्कोको पूरक [illegible] छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरैजसो दुवै भागमा परेका निम्न कुराहरूले "त्यस बखतको नेपाल"मा विशेष स्थान वगटेका छन्:–

पहिलो विश्वयुद्ध, विश्वव्यापी महामन्दी र श्री ३ चन्द्र शम्शेरको आर्थिक नीतिले नेपालको घरेलु उद्योग ह्रास भई, कुनै दिन स्वावलम्वी नेपाल त्यस वेला परोमुखी भएको–––––––

दुवै विश्वयुद्धमा अंग्रेजको गुहार गएवापत नेपालले पाएको आर्थिक सहायताको सदुपयोग र राणाकालमा थोरै खर्चले सीमित विकासमा काम चटाचट भएका; नेपालका जनताले आँखा देखे भने एकतन्त्री शासन उखाडिन्छ भन्ने नाजायज डरले शिक्षा प्रचारमा राणाकालभरि भारी नियन्त्रण लागेको––––––

केही राणाजीहरू अरू राणाजीभन्दा झन् झन् झर्रा हुन र आफ्नो रोल व्यवस्था जे जसरी भए पनि यथावत् जोगाई राख्न खोज्दा, राणा राणा बीच घच्ची परेको–– –––

नेपालका जनताले आफ्नो अधिकारको निमित्त १९८७ [illegible] सालमा भिन्निसन्चो र २००४ र २००७ सालमा खुलम्खुल्ला [illegible] कारसँग संघर्ष गर्न जमजमाएका––––

योजनाबद्ध तरीकाले राणा सरकारले नेपा[illegible] आर्थिक श्रोतवाट गर्न खोज्दाले शुरू शुरू [illegible] अधिराज्यव्यापी औद्योगिक सर्भे सुरू [illegible] कोअपरेटिभ सोसाइटी खुलेका र सरव[illegible] "उठान र बैठान" मा खोलपाटो प्रे[illegible] राणा सरकारले नेपालको अ[illegible] सँगभन्दा विदेशी राष्ट्रसंग [illegible] परेको, नेपाली जनतालाई [illegible] र नेपालमा समसामयिक सुधार [illegible] गराउन हच्केको कारणवश राणा व्यच[illegible] भएको––––––

एकतन्त्री जहानिया शासनमा पनि नेपाल सु[illegible] भौमसत्तामा आँच पर्न नदिन कर-कोशिश [illegible] राणाजीहरूको कुलमा पनि उदारवादी रा[illegible] बाट हेर्दा राणाजीहरू एक ढिक्का र सम्पन्न देखिए[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणाजीमा भिन्न भिन्न पेट बाझिएको र उनीहरू धोद्रिएका र------ पछि पछि राणा सरकारले राजमुकुटको अवहेलना र परको भाग नहेरी राजाको पजनी गर्दा, नेपालीहरू भारतीय राजदूतले वहकिंदैमा बहकिंदा र नेपाली नेपाली बीच घरझगडा हुँदा, नेपालले आफ्नो भाग्यको फैसला सुन्न दिल्ली जाने बाध्यतामा परेको र नेपालमा पनि जापानमा जस्तै राजा-प्रजाको संयुक्त प्रयासले जहानिया शासनको तोडफोड गरी प्रजातन्त्र ल्याइएको------

"त्यस बखतको नेपाल" ठेट सोझो नेपाली भाषा र अल्लि भिन्नै शैलीमा लेख्ने प्रयास गरेको छु– पुस्तक सबैले छर्लङ्ग बुझुन् भनी। लेखिएका सबै जस्तो महत्त्वपूर्ण कुराहरूमा प्रमाण प्रस्तुत हुन नसकेपनि तिनीहरूका स्रोत भरपर्दो छ, भन्ने कुरा दोहऱ्याउन र पुस्तक लेख्दा अनजानमा भूलचूक भए-कोमा क्षमा याचना गर्दछु।

[illegible]२००७ सालपछि पनि मैले विभिन्न उच्च ओहदामा बसी श्री ५ को [illegible]ा गरेको हुँदा, २०१७, २०२७, २०३७ र बाँची रहें भने २०४७ [illegible]र घट्ने वाला खासखास घटनामा मलाई लागेका सही विचार [illegible]री नै पोखेर छाड्ने मेरो धोको छ– यदि मेरो यो पुस्तक [illegible]वित भयो भने।

[illegible] केही लेख भनी मलाई बराबर घचघच्याउने [illegible]व दिने, र दुई शब्द लेखिदिने मित्र श्री सत्य-[illegible]ने सुझावको साथै सो छपाउने प्रबन्ध मिलाइ-[illegible]सौदा पढी उपयोगी सुझावहरू प्रदान गर्ने [illegible] छपाउने नेपाल तथा एसीयन अनु-[illegible] पटक पटक टाईप गरी साफी गरी [illegible]लहरूप्रति म आभार व्यक्त गर्न [illegible]

[illegible]ठामा बसी यो पुस्तक लेख्दा कत्ति [illegible]न कम धन्यवादकी पात्री छैनन्।

—सरदार भीमबहादुर पांडे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

कुनै कुनै कुरा स्वयं आफैले देखेको, जानेको, बुझेको र भोगेको हुन्छ, कुनै कुनै कुरा चाहिं अरूबाट सुनेको । एकैजनाले एकै ठाउँमा बसेर चारैतिरको सबै कुरा देख्न, जान्न, बुझ्न र भोग्न गाह्रो पर्दछ किनभने त्यसको पनि एउटा सीमा हुन्छ । यसैले कुरा सुनिराख्नुको पनि महत्त्व हुन्छ । अनि यस्तै देखेसुनेका कुरालाई संस्मरणको रूपमा क्रम मिलाएर फूलको माला झैं गाँसिदिंदा यस्तो कुरा पनि उपन्यास झैं नै रोचक हुँदोरहेछ [illegible] हास झैं नै तथ्यपूर्ण हुँदोरहेछ । यो कुरा मैले यो "त्यस बखतको [illegible] पाण्डुलिपि पढ्ने सौभाग्य पाउँदा थाहा पाएँ । हुन त पहिले [illegible] लेखकका आत्मकथाका टुक्राटुक्री नै होलान् भने झैं पनि [illegible] थियो, तर पढ्दै गएपछि थाहा पाएँ आत्मकथा [illegible] केवल संस्मरण रहेछ । तर यस प्रकारको [illegible] तयार विभिन्न विषयका अनुभवहरू बटुले[illegible] साहस गर्न सक्छन् भने झैं मलाई लाग्य[illegible] पुरुष कालु पांडेको विषयमा लेखिएको[illegible] झलक"का लेखक काजीसाहेब (सरदा[illegible] नै यस्तै भनेर आएको)को यो 'त्य[illegible] अर्को अमूल्य उपहार भएको छ ।

हुन पनि "त्यस बखतको नेपाल[illegible] अतीत कालतिर दौडिहाल्छ। हाम्रो उत[illegible] त्यसमा छरिएका कुरा सब एक एक थाहा [illegible] निस्कन थाल्छ– "अहो, त्यस बखतको नेपाल[illegible] राम्रो पनि हुन सक्छ, नराम्रो पनि । तर यसबा[illegible] विभिन्न पक्षका वास्तविक चित्र चाहिं अवगत गर्न [illegible] कमा उल्लिखित करिया प्रथाकै एक उदाहरण प्रस्तुत गरौं । [illegible] देशमा पनि मानिसहरू भेंडा च्यांग्रा गाई-गोरु झैं बेचिने चलन रह[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् हाम्रो देशमा पनि दासत्व प्रथा रहेछ । पछि, वि. सं. १९८२ बैशाख १ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्रले सदर टुंडिखेलमा खरीको बोट (आज त्यहाँ त्यो ऐतिहासिक खरीको बोट छैन, तर केही वर्ष-अघिसम्म पनि त्यस बेलाको शाही सैनिक मञ्च चाहिं त्यो खरीको बोट नै थियो) मा विशाल जनसभा बोलाई सबै दासदासी करियाहरूलाई कानूनी रूपमा अमलेख भएको घोषणा गर्न लगाए । त्यसबेला माइक थिएन, तैपनि टुँडिखेलका छेउछाउमा उभिएर हेर्ने मानिसहरूले समेत करिया अमलेखको भाषण ध्यानपूर्वक सुने । सो करिया अमलेखमा श्री पशुपतिनाथको संचित कोषको धेन सदुपयोग गरिएकोले दासत्वबाट मुक्त गरिएका व्यक्तिहरूको 'शिवभक्त' भन्ने उपनाम रह्यो, अनि उनीहरूका लागि अमलेखगन्ज भन्ने एउटा नयाँ बस्ती नै खडा भयो ।

[illegible]बाट त्यसबेला पनि एक दुई उल्लेखनीय सुधारको काम चाहिं [illegible]हुन्छ । तर त्यसबखतको नेपालमा राणा शासकहरूको झुकाउ [illegible]स्वार्थमा भन्दा निजी स्वार्थपट्टि नै बढी थियो । चन्द्र शम्शेर [illegible] उनका भाइ छोराहरूले आ-आफ्नो अंशवण्डामा करोडौं [illegible]रुपैयाँ विदेशी बैंकमा जम्मा गर्न लगे । तर देशको [illegible]नि कसैबाट खोलिएन । पछिका राणा प्रधान- [illegible]खा गाडे, परिवार पोस्न थाले र बनजंगल [illegible] जोगी आए पनि कानै चिरेका" देखा परे । [illegible]सक्ने भए, राजनैतिक र नागरिक अधि- [illegible]त्वा ९७ सालको पर्व उठ्यो । नेपाल [illegible]रथ चन्द, धर्मभक्त र शुक्रराज [illegible] । फलतः जनता जागरुक बने । [illegible]री, स्वयं नेपाल नरेश स्व. श्री ५ [illegible]स्थाको निरंकुशताको विरुद्ध क्रान्तिको [illegible] पृष्ठभूमि यो "त्यस बखतको नेपाल" मा [illegible] आफूले देखेका सुनेका कुराहरू संस्मरणको [illegible]तर संगालिदिएका हुन् ।

[illegible] एक वर्षअघिको एउटा कुरा छल्याँस्स सम्झना हुन्छ । [illegible]नीका फिल्म निर्माता कम्पनीका मानिसहरू नेपालमा पनि पसेका थिए । [illegible]नीहरू यहाँ हामीकहाँ आउनुको सन्दर्भ चाहिं इटाली देशका एकजना यात्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कोपोलो आजभन्दा ७०० वर्षअघि चीन पुगेका थिए, त्यसैसंग सम्बन्धित रहेछ । (मार्कोपोलो चीनमा पुग्दा त्यसबेला नेपाली कलाकार अरनिको चाहिं तातू (वर्तमान पेकिंग)मा बौद्ध महाविहारसहित विशाल श्वेत चैत्यको निर्माण कार्यमा लागिरहेका थिए) । पछि, त्यस कम्पनीका मानिसहरू कलाकारहरूको दलबलसहित चीनमै पुगे र त्यहाँ तिनीहरूले चाइनाको-प्रडक्सन फिल्म कम्पनीसंग सम्झौता गरेर २ करोड २० लाख अमेरिकी डलर खर्च गर्ने गरी मार्कोपोलोले देखेको त्यस बेलाको चीनको टेलिभिजन ड्रामा बनाउने कार्यको शुभारम्भ गरे (आधार : चाइना डेली, इन्टरनेशनल काष्ट रिभाइभ्स फिउडल पाष्ट, जुलाई १७, १९८१*) तर मार्कोपोलोले चिनियाँ जनताका लागि मात्र होइन, मानव सभ्यता र संस्कृतिकै विकासक्रमको इतिहासका लागि पनि एउटा अमूल्य देन हुने गरी त्यसबखत आफूले देखेको चीनको बारेमा आफ्नो संस्मरण छोडेर गए । आज उनको त्यो संस्मरण एउटा अमूल्य निधि नै मानिएको छ । यहाँनेर यो "त्यस बखतको नेपाल" ले खेल्ने [illegible] टड्कारो हुन आउँछ भन्नुमा अत्युक्ति नहोला ।

अन्तमा, नेपालको निमित्त एउटा ठूलै अभावको [illegible] विषयमा लेखकले यत्रो ठूलो परिश्रम गरी बडो [illegible] शैलीमा २००० सालभन्दा अघिका कु[illegible] २००७ सालका कुरा पनि लेख्नु भो, [illegible] अर्थात् २०१७ सालका, २०२७ साल[illegible] क्रमबद्ध रूपले लेखिदिनुभएको खण्डमा [illegible] सबभन्दा ठूलो अनुपम देन यही नै [illegible] पढ्ने बानी गर्नुभन्दा आपनै [illegible] परेको छ । हामीले आज वि[illegible] देशको नाम दर्ता गराई राख्नुप[illegible] नेपाल"बाट पनि गुण जति ग्रहण ग[illegible]

पेकिंग,

वि. सं. २०३८ माघ

---

* "International Cast revives feudal past [illegible]
Mei China Daily, July 17, 1981

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

अध्याय– १ विषय पृष्ठ

खण्ड

१. दुई हजार साल लाग्नेताका १

२. पाँच सही कदम २७

(१) नमूना औद्योगिक सर्भे २७

(२) भूबन्धक बैंक र सहयोगी संस्था खुले ४[illegible]

(३) प्रथम अधिराज्यव्यापी औद्योगिक प्रदर्शनी [illegible]

(४) पुरानो चालले नेपालको राजकाज चलाउने दिन [illegible]

(५) नेपालको सर्वप्रथम औद्योगिक सर्भे [illegible]

अध्याय– २

खण्ड

१. अनौठाको विसर्जन

२. सवारी र शिकारी

३. मुन्सीखाना बिलायो

४. नेपालको पहिलो दूतावास

५. तेह्र वर्षको कटु अनुभव प[illegible]

६. राजर्षि महाराज

अध्याय– ३

खण्ड

१. जनमत रोकेर रोकिन्न

२. गुट फुट्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड	विषय	पृष्ठ
३.	जयतु संस्कृतम्	१९३
४.	परको भाग हेरे	२०१
५.	नेपालले बाहिर हेऱ्यो	२१३
६.	महिला बोलिन	२१९
७.	हात्ती आयो हात्ती आयो फुस्सा	२२५

अध्याय– ४

खण्ड

[illegible]	राणा प्रधानमन्त्रीको आखिर सिंदूर जात्रा र राज्याभिषेक	२४९
[illegible]	[illegible]हार गयो	२७५
[illegible]	[illegible]हिला पञ्च-वर्षीय योजना	२७९
[illegible]	[illegible]हुनें	३०१
[illegible]	[illegible]ले काम गऱ्यो	३०७
[illegible]		३१७
[illegible]		३३३
[illegible]		३५७
[illegible]		३६५
[illegible]		३७३
[illegible]	[illegible]नु बढिया	३८९
[illegible]	[illegible]लिमा एकंवेला दुई राजा	३९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड	विषय	पृष्ठ
३.	तल्लो सर	४१५
४.	राणा सरकार सकियो	४३३
५.	प्रजातन्त्रको प्रवेश	
६.	२००७ सालको प्रसंगमा	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...नु बढिया
...लिमा एकवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१

दुई हजार साल लाग्नेताका

(१)

दुई हजार साल लाग्नेताका नेपालमा चार श्रेणीका मानिस थिए– विशिष्ट, मध्यम, निम्नमध्यम र निम्न । विशिष्ट श्रेणीमा पर्दथे– राणा परिवार, साहेबज्यू, गुरु-पुरोहित, चौतरिया र मुख्य राजा (मुस्तांगे, जाजरकोटे, बझाँगे, सल्यानी र जुम्ली)हरू। मध्यम श्रेणीमा, रोलवाला राणाजी[illegible] मामा, भानिज, जवाईं, साला, जेठान, फुपाजू, जंगी-निजामतीका[illegible] कर्मचारी (मेजर, मीरसुब्बासम्म), अरू बाईसे-चौबीसे राजा[illegible] मठ र मन्दिरका सन्तमहन्त, पूजाहारी, बत्तीसकोठी महाज[illegible] प्राध्यापक, हेडमाष्टर, हेड पण्डित, प्रिन्सिपल, इन्जिनीयर[illegible] नवग्रहहरू, वरिष्ट विर्ताबाला, जमीनदार, श्री ५ [illegible] रुपैयाँभन्दा बढी ठेक्का लिने ठेकदार इत्यादि[illegible]

भत्ता, खुआ, मानो चामल खाने [illegible] राणाजीका अल्लि परका कुटुम्ब, राज[illegible] पण्डित, वैद्य,ओभरसीयर, साना-तिना ज[illegible] साना ठेकदार, निजामतीका डिठ्ठा, [illegible] साह-महाजन, थरी, मुखिया, राई, जिम्म[illegible] पूजाहारी, ठूलाठालुहरू पर्दथे निम्न मध्य[illegible] वर्गमा। तिनीहरूलाई चुने रैती भन्ने पनि [illegible]

यो श्रेणी विभाजन आर्थिक [illegible] व्यवसाय चाल-चलन र व्यवहारम[illegible] आएको यो श्रेणी विभाजन खूब[illegible] अर्कोमा उक्लन अति नै धौ पर्द[illegible] सालतिर [illegible] एकाएक सप्रंदैमा उपल्लोमा सजिलो[illegible] दाहिना [illegible] थिएन। अछूतहरू (च्यामे, पोडे, सार्की, [illegible]फूला[illegible]यसैमा जनता [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। छोइछिटो हाल्न नपर्ने (कसाई, सुजीकार, भोटे, छिपा, धोबी, कुसुले, मुसलमान) मानिसहरू जतिसुकै पैसावाल भए पनि उपल्लो वर्गका नजरमा तिनीहरू नीचै गनिन्थे; उनीहरूले निम्न मध्यम वर्गमा उक्लने त कुरै पर जावस्, उनीहरूसँग बसउठ, सहवाससम्म पनि गर्न पाउँदैनथे।

विशिष्ट वर्गमा पनि स्वभावतः राणाजीले सबभन्दा उच्च स्थान ओगटेका थिए– उनीहरूको जन्मसिद्ध अधिकारले गर्दा। राणा परिवारै पनि तीन भागमा विभाजित थियो– रोलवाला सत्र भाइ, बेरोलवाला सत्र भाइ र सात भाइका खलक। सन्तानब्बे वर्षसम्म नेपालको एकलौटी राजकाज चलाउने औसर पाएकाले, यो वर्ग नेपालका अरूभन्दा हुनेखाने त हुने नै भयो। मान मर्यादाको साथै यसका अनेक आर्थिक स्रोत-- जागीर, बिर्ता, खानगी, भत्ता, विदेशी बैंक र कम्पनीबाट लाभांश थिए।

कुनै वर्गका राणाजीलाई पनि बेकार बस्न पर्दैनथ्यो– जागीर नपाउनेले [illegible] हुँदा। आफ्ना गच्छेअनुसार यस वर्गका लोग्नेमानिसले मोटर, [illegible] साइकल, साइकल, घोडा र स्वास्नीमानिसले मोटर, बग्गी, [illegible]। राणाजीहरू पैदल हिंडेको बिरलै देखिन्थ्यो। नेपालमा मीठो [illegible]ने, डटेर हिंड्ने र साना-ठूला दरबारमा बस्ने खालि यही [illegible]तवमा सबै राणाजीहरू धनवान् थिएनन्, तैपनि त्यो राणा- [illegible] कायम राखन उनीहरूले आफ्नो स्तर जेनतेन जसरी भए [illegible] श्रेणी र नगण्य उच्च मध्यम वर्गको (मध्यम वर्ग- [illegible]लाई उच्च सम्झने हुँदा) बीच विवाहवारी [illegible] रोलवालाको सम्बन्ध विशिष्ट वर्गभन्दा [illegible] इहाल्यो भने पनि।

[illegible]त्रभाइ अरू राणाजीभन्दा उच्च भए [illegible]न्। जसका बाबुबाजे प्रधानमन्त्री हुन [illegible]नमन्त्री, मुख्तियार, जंगीलाठ भए (देव- [illegible] तिनका सन्तान द्रव्यमा निखिर्दै गएका [illegible] नै कर्णेलीबाट जागीर उठाउँदथे, [illegible]मातेर) बोको काट्दा र म्याट्रिक [illegible] छैठी, न्वारान, पास्नी, बूतवन्ध, [illegible] बढिया [illegible] एको हुन्थ्यो र सो कौशीबाट [illegible]लमा एकवेला दुई राजा [illegible] भाइका छोराले ददा, आठपहरिया [illegible]कामा चौबीसै घण्टा राष्ट्रसेनाले पालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्दथ्यो । कुनै पनि राणाजीको निजामती दर्जा हुँदैनथ्यो– रोलवालाको त कुरै पर जावस् । राणाजीहरूको त के कुरा मध्यम वर्गका क्षेत्री ठकुरीहरू पनि निजामती मान रुचाउँदैनथे । जंगी अफिसरको अगाडि निजामती अधिकृतको उति गणना पनि हुँदैनथ्यो– त्यसबेला एक प्रकारको सैनिक शासन नेपालमा चलेकोले ।

बेरोलवाला सत्र भाइको स्थान अरूको भन्दा उच्चै भए पनि, रोलवालाको जस्तो रौनक, धन र शान उनीहरूको थिएन । रोलवाला सत्र भाइको अगाडि बेरोलवाला सत्र भाइहरू अति दबेर, आदरपूर्वक कुरा गर्दथे र झुक्दथे । सत्र भाइ रोल र बेरोलवालामा जे जस्तो भेदभाव थियो, त्यत्तिकै थियो बेरोलवाला सत्र भाइ र अरू सात भाइका सन्तानको बीच । दुई हजार सालसम्म पनि बेरोलवाला राणाजीले कप्तान मेजरबाट र सात भाइहरूले लप्टन कप्तानबाट जागीर शुरू गर्दथे; केही बेरोलवाला र धेरैजसो सात भाइ राणाजीहरूले बडाहाकिमी पाउँदथे । सबैको दर्जा जंगी हुन्थ्यो– काम निजामती [illegible] पनि ।

धेरै राणाजीहरूको थोर-बहुत बिर्ता नयाँ मुलुक (हालत[illegible] कैलाली, कन्चनपुर) मा थियो– त्यो श्री ३ जंगले आर्जेको [illegible] चन्द्रशम्शेर, भीमशम्शेर र जुद्धशम्शेरका सन्तानको [illegible] जंगल थिए– प्रधानमन्त्री भएपछि स्वतः बिर्ता [illegible] गरेर मोरङ्ग, झापा, सप्तरी, महोत्तरीजस्तका [illegible] बिर्ता लिन्थे ।

अल्लि हैसियत खस्केका र[illegible] आर्थिक सहायता माग्ने आमचलन [illegible] लिन पनि संकोच मान्ने र जो पायो [illegible] हच्कने हुँदा । कारण, राणाजीले लिएक[illegible] उपर गर्न नपाइने र नसक्ने हुँदा, सजि[illegible] सापटी दिँदैनथे । तर, राणाजी राणाजी[illegible] सत्र भाइ रोल बेरोलवालाले रो[illegible] रोलवालालाई भित्रीसञ्चो पैसा ता[illegible]रमा सु[illegible] भएमा गुन मान्लान् र फाइदा हुने कुरामा [illegible]

प्रधानमन्त्रीले पनि अक्र०१ सालतिर [illegible] खारज भए [illegible] दामा दिने प्रवन्ध मिलाउँदथे– गुठीको धन [illegible] दाहिना भ[illegible] त्यसबखत आमजनधारणा हुँदा (आफू [illegible]फूलात्यसैमा जनता [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्री अभिप्रायले मुख्तियार रुद्रशम्शेरले गुठीबाट लिएको तीन लाख रुपैयाँको कर्जा १९९० सालमा आफू पाल्पा धर्पिदासम्म पनि चुक्ता गर्न नसकेबापत, उनको तीन-चारसय रोपनीमा बनेको विशाल चारबूर्जा दरबार उ. क. ज. बहादुरशम्शेरले गुठीको ऋण चुक्ता गरी हातलागी गरेथे) ।

"बाघको मुख खाए पनि रातो नखाए पनि रातो" भने झैं, सबै राणाहरू विशिष्ट वर्गमा परेकोले जनताले उनीहरूलाई मानी सरकार र बाबूसाहेब भन्दथे; भन्न पर्दथ्यो र मालिक सम्झेका थिए पनि । पिछडिएको समाजमा सम्पन्न र शक्तिशाली मानिस सर्वमान्य हुने नै भए । त्यस्ता सर्वशक्तिवान् राणा प्रधानमन्त्रीको छत्रछायाँमा बसेको सकल राणा परिवारै बाहिरबाट हेर्दा त्यो शक्तिको पुल्कोले झलझली झलक्क झल्केजस्तो देखिन्थ्यो ।

० ० ०

साहेबज्यू, बडागुरुज्यू, मूल पुरोहित, मूल चौतरिया, राजाहरू
मन्त्रीजस्तै कोही रोलैसँग र कोही आलोपालो गरेर नियुक्त
परिवारले विशिष्ट श्रेणीमा दोस्रो स्थान पाएका थिए ।
कैसैले, निजामतीतर्फ केही काम पाए पनि, जंगीतर्फ
ज्यूहरूको भत्ता र थोर-बहुत बिर्ता हुन्थ्यो ।
निजामतीमा जागीर र बिर्ता पाउँदथे । धेरै-
टाले मानदार, दिग्गज रोलवाला र बेरोल-
ाह गर्ने हुँदा उनीहरू, बिर्ता, दाइजो र
या र ठूलठूला राजा-रजौटाहरूमध्ये
ारले स्वास्नीको दाइजो हुन्थ्यो भन्नु

नि सानै उमेरदेखि भत्ता र उमेर पुगेपछि
वै ब्राम्हण कुलको मूल आमदानीको श्रोत
का सदस्यहरूलाई मन्तर सुनाउने,
। हुन त सबै गुरुज्यू खलकले
हुने) बडागुरुज्यू (धर्माधिकारी)
हजार) अधिराज्यभर चान्द्रायण
ा-ठूला पाप पखाल्न दुनियाँले तिरिने
ाई ढोका, गोठ, तबेला, भान्छा, बैठक,

बढिया
लमा एकबेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्गैंचामा काम लगाउने अधिकार पाउँदथे, तर गुरुज्यू खलकको आमदानीको मूलस्रोत श्री ५ र राणाकुलका लोग्नेस्त्रास्नीमानिसलाई गायत्री र दीक्षा मन्तर सुनाउने हुन्थ्यो । गुरुज्यूको अंशवण्डा हुँदा चेलाचेलीको अंश भाग लाग्दथ्यो– धन सम्पत्तिको जस्तै ।

मन्तर सुनाउँदाभन्दा पनि शैया, तोला, व्रत प्रतिष्ठा इत्यादि दानबाट गुरुज्यूहरूको बढी आमदानी हुन्थ्यो । दरबारका ठूलठूला दान गुरुज्यूहरू आफैंले थाप्दथे मझौला दान नम्वरी पण्डितहरू (जो सदा बडा र नायब गुरुज्यूको आशामुखी हुन्थे) न साना-तिना दान टपरे बाहुन (सदा गुरुज्यूको ढोकामा दानको टिकटलाई झुल्ने बाहुन)को हात पारिदिन्थे । धेरैजसो गुरुज्यूहरूको बिर्ता हुन्थ्यो । नेपालमा सर्वमान्य राणाजीहरूको टाउकोमा हात राख्न पाउने एकाधिकार भएको कारणले पनि अरू वर्गका मानिसहरूले गुरु-पुरोहितहरूलाई त्यसबखत टाढैदेखि हानिएर टाउको थाप्न जान्थे– सत्र भाइ रोलवाला राणाजीको शिरमा राखिने हातले आफ्नो टाउको पनि चोख्याउन [illegible]

मूल पुरोहितको पनि बडागुरुज्यूको जत्रो खानगी नभए[illegible] पालैसँग पुरोहित हुन्थे र आफ्नो पालोमा श्री ५ र श्री[illegible] कसैको निधन भएमा, उनीहरूले दुई-तीन पुस्तालाई पुग्ने [illegible] दिनको काजमा भेट्टाउँदथे । पुरोहित परिवारको पनि [illegible] जेजमानको अंशवण्डा लाग्दथ्यो । श्री ५ र श्री [illegible] पुरोहितले भेट्टाउने हुँदा, धेरैजसोको बिर्ता [illegible] खानाका खजाञ्ची प्रायः पुरोहितहरू हुन्थे [illegible]

मध्यमवर्गका व्यक्तिहरूमध्ये ज[illegible] याको नाता जोडिएको छ, जसको प्र[illegible] जसले जंगी निजामतीमा ठूलो ओहोदा[illegible] स्थान हुन्थ्यो । हुन त, जंगीमा मेजर र क. [illegible] कर्मचारीहरू भारदार भनिन्थे ताप्पमा [illegible] उच्च कर्मचारीको पेट, बिर्ता, [illegible] चर्केको हुन्थ्यो । यस्ता उप[illegible] सालतिर [illegible] मोटर, बग्गी चढे पनि अधिकाश[illegible] दाहिना [illegible] तामदान चढ्दथे । यिनीहरूले ठान्दथे आफूलाइसैमा जनता [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्नवर्गभन्दा अल्लि माथि पुगेजस्ता देखिन्थे ।

खास गरेर दरबारका नोकरानहरू सानै स्तरका भए पनि उनीहरूको ठाँट ठूलो हुन्थ्यो– जडौरीपात पाउने हुँदा । बालिग मतको आधारमा आम चुनाव हुने प्रजातान्त्रिक देशमा मात्र निम्नवर्गलाई अरू वर्गका मानिसले विशेष गरेर आमचुनावको बेला खरखुसामत गर्न पर्ने अवस्था पर्दछ; तर त्यसबखतसम्म नेपालमा प्रजातन्त्रको कुनै अत्तोपत्तो नहुँदा निम्नवर्गको कहीं पनि र कहिले पनि स्थान र महत्त्व नभएकोमा आश्चर्य मान्ने कुरा भएन । त्यो वर्ग थिचिएको थिचिई र पिसिएको पिसियै थियो– उसको कसैबाट, कहीं, कुनै, सुनाइ, कतै नहुने हुँदा !

० ० ०

दुई हजार साल लाग्नेताकासम्म पनि नेपालमा श्री ३ वीर, श्री ३ चन्द्र, [illegible]र, श्री ३ जुद्धशम्शेरका रोल बेरोलवाला छोरा, बडा, कान्छी, [illegible]हरूको अलावा बाहिरियामा बडाकाजी मरिचमान, बडा- [illegible] शिवप्रतापशम्शेर थापा, मखनका रंगनाथ शर्मा, [illegible]र सराफी, सुरजमल मारवाडी, नेपालगंजका हरिहर, [illegible]त, थाकखोलाका हितमान शेरचन, जनकपुरका केही [illegible]का रामलाल गोल्छा र रिजालहरूमात्र [illegible]धिराज्यको वार्षिक दुई करोड सत्तरी लाख [illegible]राणाजीबाहेक अरू लखपति हुने इच्छा [illegible]नुसरह थियो । वास्तवमा त्यसबखत [illegible]थ्यो– एक तोला चाँदी १ रुपैयाँमा

[illegible] बढिया

[illegible]लमा एकैबेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपल्लो तीन वर्ग– विशिष्ट मध्यम (उपल्लो र तल्लो) र निम्न मध्यमका जनताको त्यसबखत आमदानीका विभिन्न स्रोत भए पनि, सबैको थोर-बहुत आमदानीको बाटो जमीनै थियो । धेरथोर जमीनमा आमदानी नहुने नेपालमा त्यसबखत कुनै वर्ग पनि थिएनन् । राणा सरकारको खास समर्थक पनि उपर्युक्त तीन वर्ग भएकोले, राणाकालभरि जमीनको पोत उस्तो बढेन (कताकति सरपट नापी भए तापनि) र भूमिसुधार पनि कत्ति भएन– यी तीन वर्गको स्वार्थमा घात लागी उनीहरूको राणा-सरकारप्रतिको अटल भक्ति र भावना खलबलिएला कि भन्ने डरले । राणाकाललाई एक प्रकारले स[illegible] जमाना भनिनाको कारण पनि नेपालमा सबैजसो ठूला-साना धनी[illegible] मूल आमदानीको स्रोत जमीन भएकोले हो। २००० सालत[illegible] आमदानी पनि राम्रो थियो । केही राणाजीबाहेक नेपाल[illegible] धनी र अति गरीब मानिसको संख्या धेरै थिएन । [illegible] पचास आमदानी हुने मानिस गरीबीको रेखातल परेक[illegible] मुद्रास्फीति कत्ति नभएको र धेरै मानिसको [illegible]

श्री ५ को पन्जापत्रद्धारा राणा प्रधा[illegible] व्यवस्था दुई हजार सालतिर झन्झन् [illegible] हरूलाई १९९७ सालमा थिचोर[illegible] पल्टेका थिए । नेपालको चासो लिने [illegible] रिया कुनै शक्ति थिएनन् । विश्वयुद्ध जोर[illegible] सम्म चुर्लुम्म डुब्ने गरी फसेकाले र नेपा[illegible] सहायता र सामान दिएकोले, नेपालको [illegible] वर्तनको आवश्यकता भारत सरकारले [illegible] बीच विशेष सम्बन्ध त्यसबखत विद्यमा[illegible] रिक मामलामा कुनै हस्तक्षेप नहुने कुरामा [illegible] श्री ३ जुद्धको परिवारसँग २००१ सालतिर [illegible] हिक सम्बन्ध बढेकाले दरबार पनि दाहिना भ[illegible] भव गरेका थिए । त्यसकारण, नेपालमा जे छ त्यसैमा जनता [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचार देशभित्र बाहिर गर्ने मौका राणाजीले खूब पाएका थिए। यस्तै विशेष कारणवश, नेपाल अधिराज्यभर आफ्नै ढंगको राजनीतिक र आर्थिक स्थिरता थियो।

दुई हजार सालतिर दोस्रो महायुद्धले गर्दा तराईमा अनाजको मोल बढे पनि नेपाल अधिराज्यमा साह-बेसाहको भाउ उस्तो बढिसकेको थिएन[1]। जीवनस्तर अति तल्लो खालको (एकजोरसम्म हर छोप्ने कपडा लगाउने र दुई छाक आटो, ढिंडो, दालभात खाने) हुँदा त्यतिन्जेल पहाड खाद्यान्नमा बिलकुल आत्मनिर्भर थियो। खालि काठमाडौंमा मात्र तराईबाट अलि अलि खाद्यान्न आउँदथ्यो। राजनीतिक क्षेत्रमा, एक प्रकारले विश्व-बाटै, नेपाललाई अलग राख्ने राणा सरकारको पुरानो नीतिमा त्यतिन्जेल अलिकति पनि परिवर्तन नआएको हुँदा विश्व-घटनाले नेपाललाई झुवाट्ट प्रभाव पारिहाल्न पनि सक्दैनथ्यो। न त प्रभाव पार्ने खालका कुनै निकाय नै नेपालमा त्यसबेला मौजूद थिए। काठमाडौंका परिवर्तन चाहने मुठीभर [illegible] २००० सालतिर चुपचाप थिए– बोल्यो कि लामपुच्छ्रे लाग्ने

[illegible] युद्धको कारणवश भारतमा पैसाको आपूर्ति बढी त्यहाँ मालको [illegible] खोले नेपाल-भारत बीच मुद्राको सटही दरमा दुई हजार [illegible] थि हुन थालेको थियो। लडाईं अघि एक सय भारतीय [illegible] नेपाली रुपैयाँ साट्न पाइन्थ्यो भने दुई हजार साल-[illegible] भारतीय रुपैयाँ एक सय पाइने भयो। त्यसले [illegible] धेरैजस्ता मात्र भएनन्, तिनीहरूको [illegible] पाली आयात व्यापारबाट भन्सारको [illegible] पयाँको कागजी सरकारी सटही दर [illegible] रुपैयाँ एक सय अठ्ठाईस भए तापनि, [illegible] भयो।

[illegible] नेपालमा भारतीय जागीरदारको दरबन्दी [illegible] सटही भाउ अघि निकै माथि हुँदा [illegible] पारेर भारतीयहरूको निमित्त बनेको [illegible] रबन्दी हत्याई स्वादिलो कम्पनी तलब [illegible] बढिया [illegible] ग कम्पनी दरबन्दी भएको पदमा नेपाली भर्ना [illegible] लमा एकबेला दुई राजा

[illegible] दरभाउ र केही तथ्यांक परिशिष्ट– १ क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए भने कम्पनी दरबन्दी खान पाउने नियम हुँदा)। सटही दरमा त्यत्रो परिवर्तन आउँदा नेपाल सरकारमा जागीर खाने भारतीय कर्मचारीहरूले त पुर्पुरामा हात लगाए लगाए, एकाध भारतीय कर्मचारीको दरबन्दी उछिट्याउने नेपालीहरूको पनि बेहाल भयो– चौटा खान जाँदा झोलमा डुबेर।

त्यसबखत नेपाल-भारतीय सिक्काको सटही दरमा घटी-बढी भएको र चाँदीको मोल नेपालमा भन्दा भारतमा बढेको कारणले नै पूरै चाँदीले बनेको महेन्द्रमल्ली चोरी निकासी भई भारतभित्र पस्न थालेको थियो। ठूलै मात्रामा नेपाली सिक्कामा कालो बजार हुन शुरू भएको यही हो पहिलो बाजि। यसै ताकादेखि शुरू भएको हो नेपाल-भारत बीचको तस्करी व्यापार पनि। कति छट्टू भारतीय व्यापारीले भारतमा शख्त नियन्त्रण भएका भारतीय सेन गुप्त धोती जस्ता सामान नेपालमा ल्याई, फेरि भारत निकासी गर्ने बदनियतले नेपाल-भारतका सीमानामा दुर्वैतिर पसल खोलेर नेपालमा पैठारी गरेका सामान उतैबाट भारत निकासी गर्दथे। तौलिहवाको कृष्णनगर बजार जस्ता सीमानाका बजार त्यसबखत गम्कनाको खास कारण त्यही हो।

दुई हजार साल लाग्दासम्म पनि नेपालको प्रशासन [illegible] ढाँचाको, सदा अस्थायी (वर्षनी पजनी हुने हुँदा), एकतन्त्री [illegible] सुहाउँदो र बिलकुल सरकारमुखी थियो। सबै जंगी [illegible] ले आफ्ना दर्जा अनुसारका ब्याज टाँसेको टोपी लगा[illegible] हाजिर गोश्वारा र कुमारीचोकको डरले कर्मचारीह[illegible] खालि, नेपालमा भरबर शुरू भएका केही [illegible] होउन् भनी, उद्योग परिषद्, कृषि, [illegible] (आजकलका राज्यमन्त्री जस्ता) मातमे[illegible]

त्यस्ता बोर्डमा त्यसबखत नै[illegible] केही गैरसरकारी व्यक्तिहरू सदस्य हुँ[illegible] छलफल गरी, बोर्डको ठहर तालुकवाला[illegible] जका जुनाफमा जाहेर गर्ने; उक्त विभा[illegible] हर-हिसाब जाँची, कालकुटरीसमान [illegible] फरफारख दिने र मरमिन्हासमेत गर्ने [illegible]रमा सु[illegible] यो थियो राणाजीको एकतन्त्री हुकूमी [illegible] पूर्वरंग। त्यसबखत यति जाबो अधिकार प्र[illegible] के केन भएको जस्तो सम्झन्थे।

दुई हजार सालतिर, मुलुकी सवालजस्तै खा[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू; घूसपेशको चलन उस्तो थिएन भने पनि हुन्छ। कर्मचारी नियुक्ति, अदली, बदली हुँदाखेरि घूस खाने छैन भनी शालीग्राम, तामा, तुलसी शीरमा राखी शपथ ख्वाइन्थ्यो। कर्मचारीले घूस नखानू, दुनियाँको काम दतारूखसाथ गरी दिनू भन्ने कुरा बहाली पुर्जीमा जनिन्थ्यो[1]। रकमीले इमान्दारीसाथ छिटो काम गरेबापत दिएको डाली, पान सुपारी, कोट र सौगातलाई घूस ठहरिदैनथ्यो। जनतालाई अक्करमा पारेर, राजस्व मारेर, लगत इष्टिमेट तानतुन पारेर, काम बिगारेर, बदनियत र अख्तियारको दुरुपयोग गरेर थैलाका थैला घूस खाने ख्वाउने चलन नेपालमा त्यसबेला छँदै थिएन। पाएको महीनावारीले सबैजसो कर्मचारीलाई एक पेट मनग्य खान पुग्दथ्यो– रसरंग, भडकिला, खर्चिला चाल-चलन र महँगी त्यसबेला उस्तो नहुँदा।

कर्मचारीहरू काम बिग्रेला र नाम जाला भनेर खूब डराउने हुँदा घूस्याहा प्रवृत्ति **उनीहरूमा कम थियो। घूस भनेको** माथिल्लो स्तरका व्यक्तिले खान शुरू गरेपछि अनि **तल्ला तहका कर्मचारीले** पनि आँटेर देखासिकी गर्ने [illegible]कारको घृणित प्रक्रिया हो।

[illegible]ो पैसा परालको आगो, मूतको न्यानो र असतको धनजस्तो [illegible]ो धेरैबेर टिक्दैन भन्ने त्यसबखत आम जनधारणा र घूस [illegible] मोहर घुसाएर कताकति सिंहदरबारका आठपहरियाले [illegible]ाहाहरूलाई समात्ने चलन थियो। अरू राणाजीहरू [illegible]नथे– व्यापार खालि व्यापारी वर्गले मात्र गर्ने [illegible]धारणा हुँदा। श्री ३ जुद्धका एकाध छोराले [illegible]व्यापार गरे भन्ने गोप्य रिपोर्ट पर्दा उनले [illegible] सत्र भाइले कुनै घूसपेश खायो [illegible]थ्यो पोल्दछ र घूस खाएको कतैबाट [illegible] डर र जगजगी मान्दथे।

[illegible]निर्माणसम्बन्धी काम सीमित मात्रामा [illegible] निगरानी र नियन्त्रण रहन्थ्यो (त्यस- [illegible] एक लाख नाघेको थिएन)। तैपनि [illegible] इन्जिनीयरको मातहतमा तीन फाँट [illegible]

[illegible] बढिया [illegible]स रीसवत नआई कसैको माया मोलाहिजा [illegible]लमा एकबेला दुई राजा [illegible]ई, सरकारको नोक्सानी, रैति दुनियालाई [illegible]नु"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए– लगत इष्टिमेट सदर गर्ने, बनाउने र चेकपास (जाँचपास) गर्ने । एकको काम अर्काले कसेर जाँच्दथ्यो ।

सबै निर्माणका सामग्री सरकारी अड्डाहरूले जिन्सी अड्डामार्फत् झिकाउन पर्दथ्यो । त्यो जिन्सी अड्डाको खास काम हुन्थ्यो, कुन कुन निर्माण इत्यादिका सामान भारतभित्र बाहिर कहाँ कहाँ कति सस्ता पाइन्छन् भनी निरन्तर खबर राख्ने । काजवाला र साछीको रूपमा पल्टनबाट अफिसरहरू खटिएर निर्माण स्थलमा जान्थे र धेरैजसो काम अमानतबाटै हुन्थे । उपर्युक्त प्रबन्धले गर्दा कामको अनावश्यक लगत बढाएर, ठेकदारसँग मिली, नेपाल भित्र बाहिर माल किन्दा कमिशन उच्छिट्याई, कर्मचारीले निजी फाइदा गर्ने त्यसबेला बहुतै कम गुन्जायस थियो । मुख्य कुरा अधिकांश कर्मचारीमा त्यसबखतसम्म पनि नैतिक पतनको शुरू भएको थिएन र सबमा इज्जत जाला भन्ने डर थियो ।

दुई हजार साल लाग्नेताका नेपालमा एक नौलो र वास्तवमा उल्लेखनीय छाँटको कुनै काम भएको थियो भने, त्यो थियो काठमाडौं र तराई [illegible] केही भागमा निजी क्षेत्रमा खुलेको पब्लिक र प्राइभेट लिमिटेड कम्पनी [illegible] फुल्दो अवस्था । १९९५।९६ सालदेखिन् नै विराटनगर जूट मिल्स [illegible] शतप्रतिशत नघाएर लाभांश बाँड्न थालेकोले नेपालमा मध्यम [illegible] निकै उद्योगमुखी पल्टेका थिए । र त्यस्ता उद्योगीहरूले [illegible] शेयर किन्न काठमाडौंमा हारालुछी हुन्थ्यो । नयाँ खलेक्[illegible] शेयर उठाउन खोज्दा पचास लाखको शेयर [illegible] हुन्थ्यो थोर-बहुत शेयर सबैलाई भाग[illegible] फलानोलाई शेयर दिनू भन्ने कत्तिले हुकूम [illegible]

नेपालमा निजी पूँजीबाट औद्योगि[illegible] मौका । यसैलाई छोपेर श्री ३ जुद्धले मे[illegible] आखिरतिर, नेपालको आर्थिक विकास [illegible] वास्तवमा, नेपालमा थोर-बहुत पूँजीवाद [illegible] भएको हो भने हुन्छ– नजानिदो किसिमले नेपा[illegible] घ्याउन्न जमीनको सट्टा शेयर किन्नपट्टि दुई[illegible]रमा सु[illegible] नेपालमा सरकारको प्रयासबाट खुलाएको [illegible] काठमाडौंका मुख्यमुख्य व्यापारीहरूलाई सरिक [illegible] साहू-महाजनको हातबाट थोक व्यापार अरूको [illegible] व्यापारी मिली चलाएको नेपाल ट्रेडिङ कम्पनी थो[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यतिञ्जेल ।

त्यस्तै प्रसंशनीय विकास नेपाल पहाड र मधेशतर्फ भएको थियो कुटीर उद्योगमा । जापानबाट अति सस्ता रंगीचंगी सामानको पैठारी, दोस्रो विश्वयुद्धको जरियाले गर्दा निकै घटेको र भारतमा कडा खालको कण्ट्रोल लागेकोले चाहेजति केही उपभोगका सामान त्यताबाट पैठारी गर्न नपाइने हुँदा, कताइ, बुनाइको काम दुई हजार सालतिर नेपालमा बेस्कन मच्चिएको थियो । ने. क. घ. ई. अड्डाबाट गाँठका गाँठ भारतीय धागो कण्ट्रोलको दरमा झिकाई कुटिर उद्योगीहरूलाई बिक्री वितरण हुन्थ्यो । मच्छेन्द्रबहालका धर्मवीर, जोगवीर कंसाकारहरूले त निकै उत्तम दर्जाका कपडाहरू नयाँ नयाँ किसिमका तानमा पैदा गर्न थालेका थिए । विदेशी कपडाको अभाव र ताना-वाना मिलेका स्वदेशी कपडाको बढी पैदावारको कारणले पनि हुन सक्छ, त्यसबखत स्वदेशमा तयार भएका कपडा राम्रा थिए र लगाउने मानिस नेपालमा निकै देखिन्थे ।

[illegible] कपडा, नून, मट्टीतेलको अधिराज्यव्यापी कण्ट्रोल थियो । यी मालहरू [illegible]रै नियन्त्रण गरेकोले, थोर-बहुत कमिशन दी डिलरद्वारा तिनी-[illegible]मा सुचारु रूपले बिक्री वितरण हुन्थ्यो । नेपालमा काला [illegible] थिए– सरकारी नियन्त्रण अति कडा हुँदा । नेपाल अधिरा-[illegible]रणले उपभोग्य सामानको आपूर्ति घट्न थालेपछि राणा [illegible]डा गऱ्यो । त्यो नामको मात्र कण्ट्रोल अड्डा थिएन, [illegible]थ्यो । त्यसमा क. कटकबहादुर थापा, सरदार [illegible]र थापा, ले. क. बालनर्सिङ रायमाझीहरू [illegible]डा उद्योग परिषद्को मातहतमा थियो; [illegible] मी. सु. कालीचरणहरू पनि उद्योग [illegible]झिकाइने सबै मालको यथार्थ हर-हिसाब [illegible]। त्यसै दररेटमा कण्ट्रोल अड्डाले नियन्त्रित [illegible]यो ।

[illegible]लाई उद्योग परिषद्ले लाइसेन्स दिएका [illegible] कर्जा दिन्थ्यो र त्यस्ता लाइसेन्स होल्डरले [illegible] जोडेर माल बजारमा बिक्री गर्न पर्दथ्यो । [illegible] बढिया [illegible]ी गर्न १ प्रतिशत ब्याजमा मुलुकीखानाबाट [illegible]मा एकवेला दुई राजा [illegible]एको कारणले नै नेपाल बैंक आजसम्म नेपाल [illegible] बाँच्न सकेको हो भने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कण्ट्रोलको मालमा मनपरी नाफा खान कसैलाई पनि छूट थिएन। कण्ट्रोलका हाकिम जोसुकै हुन्, तर तत्कालीन पुलिसका हाकिम क. चन्द्र-बहादुर थापाले बजारमा मालको मोल र वितरणमा रतिभर तलमाथि हुन दिंदैनथे। व्यापारीले मालको लपनछपन गरेको शंकासम्म पाए पनि उसलाई पुलिसका तालुकवालाको अगाडि लगेर ठड्याइन्थ्यो। यस्तो कडा थियो दुई हजार साल लाग्नेताका नेपालको बजार नियन्त्रणको व्यवस्था।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई हजार साल लाग्नेताकासम्म नेपालका पूर्वीया र कुमाई बाहुन-हरूको बीच बहुतै कम बिहावारी चल्दथ्यो– पूर्वियाभन्दा कुमाई बाहुनहरू बढी कट्टर हुँदा । ती दुईको बीच भात भान्छा, लेनदेन चलाउन मुख्तियारको दलानमा समेत गरिएका एकाध प्रयासहरू विफल भए । पूर्वीयाहरूको भन्दा कुमाईको दरबारभित्र र बाहिर बढी चहलपहल थियो । धनी र नामी पनि शायद कुमाईहरू नै बढी थिए ।

त्यसबेला पूर्वीया बाहुनहरूमा विशेष नाम चलेका थिए– सरदार शिव-नाथ कविराज, मी. सु. विश्वराज मिश्र, लोनाथ, तोयराज जोशी, रंगनाथ शर्मा, कुलचन्द्र गौतम, कवि लेखनाथ पौडेल, हेड पण्डित सोम[illegible] कवि लक्ष्मीप्रसाद देवकोटा, मी. सु. सोमप्रसाद वासतोलाहा[illegible] परिवारमा कहलिएका थिए– माहिला पण्डित, हर्षनाथ [illegible] भण्डारी, मिश्र, ढुंगाना, अधिकारी, गौतम र रिमालहरू [illegible]

नेपालका विशिष्ट श्रेणीपछिका हामी एक-से-एक [illegible] लाग्दातिर क्षेत्री परिवारहरू थिए– जंग औ शम्शे[illegible] थापा परिवारको श्री ३ चन्द्र र श्री ३ भीमश[illegible] शम्शेरका परिवारसँग निकै नजिकको ना[illegible] चेलीबेटीलाई मुख्तियार श्री धीरशम्शेरल[illegible] परिवार थिए– विभिन्न राणा परिवारक[illegible] खत्री, क. दलबहादुर, क. मक्करध्वज खड्[illegible] बहादुर कर्णेल, गम्भीरध्वज रायमाझी, [illegible] गर्तौला, अधिकारी, महतहरू ।

गुरुङ परिवारमा क. मीनबहादुर र क. [illegible] सु. महिकरदेव, तराईका राजपुत परिवारमा सु. [illegible] भगवतीप्रसाद सिंह, काइतेमा सु. देवनाथ वर्मा [illegible] या लामाको नाम नेपालमा दुई हजार सालतिर [illegible]

त्यसबेलासम्म पनि पुराना भारदारहरूम[illegible] खारज भ[illegible] बोर्लाङ र सिपामा; कालु पाँडे र तुलाराम पाँडेका सन्ता[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पकनाजोल क्षेत्रपाटीमा; शिवराम बस्नेतका सन्तान इन्द्रचोक र पलान्चोकमा; सिजापतीहरू यताउता छरिएका थिए भने सत्रभाइ राणाजीहरू थापाथली र यताउता बसे पनि, अरू सातभाइको थलो थियो लगन, खिचापोखरी, धोबीचौर र ठमेल ।

दुई हजार साल लाग्नेतक काठमाडौं शहरभित्र पनि बहुतै थोरैको घरमा बिजुलीबत्ती बल्दथे, ग्याँसको त कुरै पर जावस्; मट्टीतेलले खाना पकाउने पनि चलन थिएन । सबैजसोले दाउराले र कसैकसैले गुँइठाले, खाना पकाउँदथे; दाउराको गोल बनाएर त्यसबाट अनेक काम लिन्थे । अलि धनीले लालटेनी बाले पनि अधिकांशले ढेब्री टुकी र पानस बाल्दथे । हरेकका घरमा पित्तलका बर्सी अथवा माटाका मक्कल हुन्थे; चौका काटिएका भान्छा, माटाका चुला, पिर्का र चटाई हुन्थे; त्यसबखत तमाखु खाने आम-चलन हुँदा घर-घरै हुक्का, चिलिम, चिमटा, ढुंग्रो, निगाला अथवा रबरका नली हुन्थे । आजकल घरमा पाहुना आए भने, चिया तयार गरे झैं, त्यसबखत [illegible]तमाखु भरिन्थ्यो । टोलपिच्छे, चुरोट र रक्सी भट्टी कम थिए । होटेलको [illegible]म नामसम्म पनि सुनेका थिएनन् । सरकारी स्तरमा आउने [illegible]रू त्रिपुरेश्वरको गेष्ट हाउसमा राखिन्थे । टोपी र जुत्ता लगाएर [illegible]दैनथे । खालि गाइजात्रामा सात दिनतक कसाईहरूले देखाउने [illegible]एण्ट र टोप लगाउँदथे, नत्रभने बाह्रै महीना नेपाली [illegible]सिवाय अरू लुगा लगाउँदैनथे । काठमाडौंभित्र र [illegible]ट्टी, ढुंगेधारा, इनारहरू थिए ।

[illegible]यकाका सबै घरहरू पूर्व-पश्चिम पहाडबाट [illegible]ाठ, माटो, झिंगटी, टायल र टिनले [illegible]रकारी ठूलठूला घरसम्म बज्रले बन्दथे; [illegible]जा फलामका लाग्दथे । बहुतै थोरै घरमा [illegible], गोबर र भूस कुहाएर घरभित्र लिउन [illegible]त्तीको जस्तै अभाव थियो, खाने पानीका [illegible]थवा चोकमा इनार हुन्थ्यो । धेरैले सार्वजनिक [illegible]ाकेर घरमा ल्याउँदथे । शहरभित्र धेरैजसोको [illegible]रवाट अल्लि छुट्टै बनाइन्थ्यो, सेफ्टी ट्यांक खन्ने [illegible]डखेल र सिंहदरवार जाने बाटोमा सिवाय अरू [illegible]थएन, ढल पनि जताततै खनिएका थिएनन् र [illegible]ा एकाध साईकल, घोडा देखिन्थे, मोटरकार त मूल

[illegible] बढिया [illegible]
[illegible]लमा एकबेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सडकमा त्यो पनि कताकति चल्दथे । विशेष जात्रा र मेलामासम्म बस चल्दथे; भीमफेदीदेखि बोकेर ल्याएका ट्रक भने चल्न थालेका थिए; ट्याक्सी, टेम्पो, रिक्सा, ठेलगाडा, ट्रलीबसको अनुहार पनि देखेका थिएनन् नामसम्म सुनेका भए पनि; बाटो बिराएर काठमाडौंमाथि उडेको हवाइजहाज कुल्याक झुलुक एकाधबाजी देखेका थिए– नेपालीहरूले ।

दुई हजार साल लाग्दाखेरि पनि नेपालीहरू मेहनती, लगनशील, सुखदुःख सहन सक्ने खालका थिए । एकाध विशिष्ट वर्गका मानिसको मोटर, बग्गी, सनपाईकल र मध्यमवर्गका मानिसको घोडा र निम्न मध्यमवर्गका एकाधको साईकल हुन्थे । त्यसैले नेपालका अधिकांश जनताले परिआएका सबै काम– अड्डा, स्कूल, कवाज. भोजभत्यार, चाडपर्व, भेटघाट पैदल हिंडेर भ्याउँदथे र मालको ओसार-पसार र भारी थाप्लामा बोकेर पार लगाउँदथे । त्यसबेला-सम्म मानिसहरू उस्तो खर्चिला खालका पनि थिएनन् । मासिक बाह्र-पन्ध्र रुपैयाँले एक सानो परिवारले सजिलै जीवन गुजरा चलाउँदथ्यो । त्यस्तै मितव्ययी थियो सरकार । अड्डाको लेखापढी नेपाली कागजमा निग[illegible] को कलम र नेपाली कालो मसीले गर्दथे; कागज माडले टाँस्दथे [illegible] प्वाल पार्दथे र चक्कूले काट्दथे । अड्डापिच्छे रुपैयाँ बीस-पच्चीस म[illegible] पैसा खिल्ली पाइने चुरोट पनि दुई-तीन जनाले पालैसँ[illegible] व्यक्तिवर्ग र नेपाल राष्ट्रले पनि [illegible] नावेर कम [illegible] देखासिकी र लहीलहीमा लागेर धुरी चढ्ने चलन थिए[illegible]

त्यसबेलातक नेपालको बन्दव्यापार रै[illegible] मान र नेवारहरूको हातमा सीमित तरी[illegible] ल्याइने माल भरियाको पीठमा अथवा त्य[illegible] विस्तारै र सानो काटमा इन्द्रचोकमा फा[illegible] थियो– बम्बईबाट चलेको माल नेपाल न[illegible] जनले किन्ने बेच्ने हुँदा । यस कुप्रथाले गर्दा [illegible] फटका [illegible]गिएर आजकल विशाल तसकरी[illegible] तर दुई हजार सालतिरै थोक व्यापार विस्तारै [illegible] र कलवारको हातमा [illegible] थालेको थियो । स[illegible] नेवारहरूको हातमा थियो ।

दुईहजार साल लाग्दासम्म पनि तत्क[illegible] वक्र दृष्टिमा कुनै ठोस परिवर्तन नआएकोले, अ[illegible] खारज भ[illegible] दामो[illegible] तीन हाईस्कूल, बीस-तीस मिडिल स्कूल, एकाध [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई-चार पाठशाला र काठमाडौंमा एक स्रेस्ता पाठशालाले शिक्षाको तारिख धानीरहेको थियो । त्यसबेलासम्म अंग्रेजीमा एम्. ए. पास गरेका पचास-साठी जना, बी. ए. बी. एस्सी. गरेका दुई-तीन सय स्नातकहरू, एकाध सय आचार्य र शास्त्रीहरू, चालीस-पचास स्वदेशी विदेशी इन्जिनीयर, तीस-चालीस डाक्टर, पच्चीस-तीसजना कृषि स्नातक, बीस-बाईसजना वन बिशेषज्ञ नेपालमा हुँदाहुन् । यति सीमित विशेषज्ञबाट राष्ट्रको चौतर्फी विकास हुन नसक्ने कुरा त स्वयं-सिद्ध छ । विकासका मुख्य मुख्य पूर्वाधारहरूमध्ये, दुई हजार साल लाग्दा नेपालमा शान्ति र स्थिरता त थिए तर विकास चलाउने मेरूदण्ड– शीघ्र देशको आर्थिक विकास गर्ने गराउने सरकारको सद्इच्छा– को साथै दक्ष प्राविधिक, प्रशासक, यातायात, विद्युत् र चेतनशील जनताको अभाव थियो ।

त्यतिञ्जेल नेपालमा दुई-चार परिवारलाई छाडेर धेरैजसो विशिष्ट-वर्गका सत्रभाइ रोलवालाहरूको वार्षिक आमदानी दशहजारदेखि एकलाख रुपैयाँसम्म, सत्रभाइ बेरोलवालाको आठ-दशहजारदेखि चालीस-पचासहजार [illegible]सम्म, अरू राणाजीको चार-पाँच हजारदेखि बीस-पच्चीस हजार रुपैयाँसम्म [illegible]म वर्गका परिवारको पाँच-छ हजारदेखि बीस-पच्चीस हजार रुपैयाँ-[illegible]धिकांश मध्यमवर्गको तीन-चार हजारदेखि आठ-दश हजारसम्म, [illegible] एक-दुई हजारदेखि दुई-तीन हजार रुपैयाँसम्म र चुनेरैतीको [illegible] दुई-तीनसयसम्म शायद हुँदो हो । धन्नै नब्बेपंचान्नब्बे [illegible]नेरैती) वर्गमा पर्दथे । नेपालको जनही आमदानी [illegible] थियो – मालसामानको भाउ कम हुँदा ।

[illegible] अड्डाखाना र चौबीस पल्टन थिए । [illegible]क एघार रुपैयाँ तलब पाउँदथे । सबै [illegible] थे; दिनमा दुई-तीन घण्टा टुंडिखेलमा [illegible] घरमा रातो-दिन र शहरका पाटीमा राती [illegible]को खास काम हुन्थ्यो । पुलिसको त त्यसबेला [illegible]र गणना पनि उस्तो थिएन । निजामती [illegible]लुकीसम्म अड्डाको एक थलामा हनुमान आसन [illegible] कागज घुंडामा राखेर बाँसको कलमले लेख्दथे । [illegible] हातमा अथवा कानमा हुन्थ्यो । बीचबीचमा [illegible]न्दाले सल्कायो भने सबैले पालैसँग धीत मर्ने गरी [illegible]ड्का पाइने सुपारी खूब चपाउँदथे । हाकिम [illegible]एकँदासम्म कारिन्दाको हातभा कलम चलिरहन्थ्यो ।

[illegible] बढिया [illegible]
[illegible]लमा एकबेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मचारीहरूले बहुतै घोटिएर काम गर्दथे।

दुई हजार सालसम्म पनि नेपालको राष्ट्रिय आय-व्ययको पत्तो श्री ३ महाराज सिवाय अरूलाई थिएन। लगभग दुई करोड सत्तरी लाख रुपैयाँ सालिन्दा राजस्व उठ्ने अनुमान थियो[1]। त्यतिञ्जेलसम्म पनि विदेशीहरू नेपालभित्र छिर्न पाउँदैनथे। भारतबाहिर जाने नेपालीको संख्या हातमा गन्न सकिन्थ्यो। एक किसिमले नेपाल त्यतिञ्जेल विश्वबाटै विच्छेद थियो (नेपाली राजदूत बेलायतमा र बेलायती राजदूत काठमाडौंमा)। धेरै विदेशीले नेपाललाई उस्तो चिनेजानेका थिएनन्, न त नेपालको खास आन्तरिक परिस्थितिसँग उनीहरू परिचित थिए। नेपाल एक धनधान्य सम्पन्न राष्ट्र हुन पर्दछ भन्ने त्यसबेला धेरै विदेशीको धारणा त्यही एकलास र अज्ञानको फल हो।

दुई हजार साल लाग्नेताका नेपालको आन्तरिक अवस्था उपर्युक्त किसिमको थियो भने, नेपालको छिमेकी चीनमा जापानले हमला गरेको थियो; भारतमा अंग्रेज सरकार र राष्ट्रवादी तत्त्वको बीच तनाव बढ्न थालेको र बंगालमा तीस-चालीस लाख जनता भुखमरीले मरेका थिए। जापानी [illegible] बर्मामा मुकाविला गर्न र उत्तर बर्माको बाटो फौजी सामान [illegible] लर्ड लुई माउण्टबेटन सुप्रिम कमाण्डरमा नियुक्त भएका थिए [illegible] हजार लामो खर्खोम, वरले कुर्कस रणक्षेत्रबाट जर्मन [illegible] माइल पछि धकेलेको र अंग्रेज अमेरिकन सेनाले जर्मन र [illegible] पचास हजार सेना, आठ हजार हवाईजहाज, दुई हजार [illegible] सत्तरी हजार ट्रक ध्वस्त पारी उत्तर अफ्रिकामा [illegible] जितेकाले, नेपालको राणा सरकार र उपल्ले [illegible] मित्रराष्ट्र बृटेनले युद्ध जित्न लाग्यो भने [illegible]

—०—

[illegible] खारज [illegible]

---

१. परिशिष्ट– १ ख,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- १ (क)

सम्वत् २००० साल मार्ग १ गतेको दरभाउ
(गोरखापत्रबाट)

		मो. रु. १।– को
(क)	सानू केराउ	।०।०।५।
	ठूलो केराउ	।०।०।७।
	थापाचिनी चामल	।०।१।०।५
	मार्सी चामल	।०।१।०।
	मंसरा चामल	।०।१।०।
	[illegible]ी चामल	।०।१।१।
	[illegible] चामल	।०।०।६।७
	[illegible]	।०।०।५।५
	[illegible]	।०।०।६।
	[illegible]उरा	।०।१।२।
	[illegible]	।०।२।०।
	[illegible]	।०।२।०।
	[illegible]	।०।०।४।
	[illegible]	।०।०।३।७
	[illegible]	।०।०।५।
	[illegible]	।०।०।३।
	[illegible]	।०।१।२।
	[illegible]	।०।१।०।

[illegible] रू मालसामान, प्रचलित ज्याला, राजस्व, तलब [illegible] प्रकारका थिए:–

[illegible] बढिया [illegible]	१० पैसा
[illegible] एकवेला दुई राजा [illegible] एकको	१० "
[illegible] को साग एक मुठ्ठाको	१ "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. फुलमार चुरोट एक खिल्लीको १ "
५. तमाखु एक टुकुनीको ८ "
६. घीउ एक पाउको २५ "
७. तेल एक कुरूवाको ६८ "
८. चिनी एक पाउको १० "
९. कुखुराको फुल एक गोटाको ४ "
१०. लुगा सिउने सियो बाह्रगोटाको १ "
११. दाउरा जख्खु एक भारीको ७५ "
१२. मट्टीतेल र दूध एक मानाको १० "
१३. रूआ एक धार्नीको १५० "
१४. पेट्रोल एक ग्यालनको २५० "
१५. सुन एक तोलाको १०० रुपैयाँ
१६. चाँदी एक तोलाको १०० पैसा
१७. ईंट सानो एक हजारको (बोकानी ज्यालासमेत) १०
१८. ईंट देशी ठूलो एक हजारको (" ")
१९. घरबुना कपडा एक थानको
२०. पलाञ्चोके जुत्ता एक जोरको
२१. नेपालको जनसंख्या लगभग
२२. नेपालको राजस्व अन्दाजी
२३. स्नातकले घरमा आई पढाउँदा लिने
२४. अरू माष्टरले " "
२५. घरमा लडकालाई पढाउँदा गुरुले
२६. एम्. वी. वी. एस्. डाक्टरले
२७. एल. एम. एफ. ले "
२८. कर्मचारीले पाउने भोजभागः–
१. क. कर्णेल, वडाकाजीले पाउने
२. चीफ कर्णेल, काजीले पाउने
३. कर्णेलले पाउने
४. ले. कर्णेल, सरदारले पाउने
५. मी. सु., मेजर, प्रोफेसरले पाउने
६. सुब्बा, कप्तानले पाउने
७. खरिदार, डिट्ठा, लप्टनले पाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९. सिकर्मीको दैनिक ज्याला — १·५० ,,
३०. डकर्मीको दैनिक ज्याला — १ ,,
३१. ज्यामी लाठेको दैनिक ज्याला — ५० पैसा
३२. अग्राखको काठ सि. एफ. टी एकके — २ रुपैयाँ
३३. उच्च कर्मचारीको तलब वार्षिकः—

१. क. कर्णेलको, बडाकाजीको	रु. ७,०००
२. चीफ कर्णेल, काजीको	,, ६,०००
३. बृ. कर्णेलको	,, ५,५००
४. पूरा कर्णेलको	,, ५,०००
५. ले. क. र सरदारको	,, ३,०००
६. मी. सु. र मेजरको	,, २,४००
७. सुब्बाको	,, १,६००
८. ना. सु. र कप्तानको	,, १,२००
९. खरिदार, डिठ्ठा र लप्टनको	,, १,०००
१०. गोदान	१६ पैसा
मुखिया, विचारी, सुवेदारको	,, ५००
र, जम्दार	,, ३६०
न्दा, सिपाही	,, १३२
	,, १००
	,, ४२
र भान्छेको (खाईलाई)	,, १२

बढिया
एकवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- १ ख

२००० सालतिर नेपालको राजस्वको अनुमान (अन्दाजी)

	(रू. हजारमा)
१. रैंकर जमीनबाट	१,३०,३१
२. गूठीबाट	७,००
३. मालपोत जरीवानाबाट	२,००
४. भन्सारबाट	४०,००
५. अन्तःशुल्क र रकम ठेक्काबाट	
६. रजिष्ट्रेशनबाट	
७. टकसारबाट	
८. भारत सरकारबाट	
९. भोट सरकारबाट सिर्तो	
१०. टेलिफोनबाट	
११. हुलाकबाट	
१२. रेल्वेबाट	
१३. ट्रलीबाट	
१४. बिजुलीबाट	
१५. रोप्वेबाट	
१६. रोडसेसबाट	
१७. जंगलबाट	
१८. अदालतको जरीवानाबाट	
१९. चियाखेतीबाट	
२०. पानीपोतबाट	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टव्य : सबै कर्मचारीको खान्कीको दामासाहीले सलामी काटिए तापनि त्यो श्री ३ र मुख्तियारमा लाग्ने हुँदा, आजकल आय राजस्वमा जोडिएजस्तो हुँदैनथ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

पाँच सही कदम

(१) नमूना औद्योगिक सर्वे

गत १०० वर्षभित्र नेपालमा घटेका अनेक सुखदु:खका घटना भोगेका नेपालीहरूले भरखर शुरू भएको नयाँ शताब्दीमा त नेपाल अवश्य सुख, शान्ति र ऐश्वर्यले परिपूर्ण होला भन्ने आशा गर्नु मनासीबै थियो। यस्तै आशापूर्ण वातावरणमा प्रो. भीमबहादुर पाँडेले, १९९९ साल चैत्र ४ गतेको ने. क. घ. ई. बोर्डको ठहर र २००० साल वैशाख १० गतेमा सदर भएको पूर्वउल्लि[illegible] सनद बमोजिम साँगाबाट बैशाखमा शुरू गरेको सिन्धुपालचोक (अ[illegible] काभ्रे पलाञ्चोक समेत) जिल्लाको औद्योगिक नमूना सर्वे [illegible] आषाढ १५ गतेमा, तामेल गरे।

यस सर्वेको मुख्य उद्देश्य ने. क. घ. ई. (नेपाली क[illegible] सभाबाट पारित प्रश्नावलीहरू व्यवहारमा ठीक, [illegible] हुन्छन् र पूर्व नम्बर १ का वास्तविक आर्थिक अव[illegible] त्यहाँ दुनियाँको भलो हुने कुनै ठोस विकासक[illegible] नसकिने के हो भनी सरजमीनमै बुझ्ने, थि[illegible]

त्यस अढाई महीनामा प्रो. भी[illegible] धुलिखेल, दाप्चा, खड्पु, पनौती, तिमाल, पा[illegible] चौतारा, घुमथाङ, जलवीरे, लिस्ती, कोदारी [illegible] हटियाको एकएक अध्ययन गरी प्रतिवेदन तयार[illegible]

त्यसबखत सदरबाट सरकारी उच्च [illegible] खटिएर जाँदा कसै-कसैले रिशल्ला तबेलाको घो[illegible] बन्दूक, शिकारी र अर्दली पनि साथै लैजान पा[illegible] विचार गर्न र आइपरेका सरकारी काममा सघ[illegible] बाट मिलिसियाका जवानहरू खटिन्थे। जिल्लामा [illegible] देखि लिएर यस्तै अह्रोटे-परोटे काम तामेल गर्नु नै मिलिसिय[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । कामको साथै त्यसबखत तुरुन्त खर्चको निकासा हुने हुँदा, अर्थको अभावले काम बेगामा शुरु नहुने; ढीलासुस्ती हुने र रोकिने सम्भव थिएन; न त थियो मनपरी अगावै पेश्की लिएर काम तामेल भएपछि पनि सरकारी रकम खर्चको हिसाब नबुझाउने र काम भए पनि नभए पनि पेश्की हजम गर्ने चलन । त्यसबेला केही हदसम्मको खर्च नयाँ नयाँ अड्डामा गठित बोर्डमा राखेर तालुकवालाले मिन्हा गर्ने अख्तियारी तालुकवालालाई प्रदान हुन थालेकोले नयाँ खडा भएका विकाससम्बन्धी अड्डाहरूलाई कुमारीचोकको त्रास पनि निकै घटेको र यस्ता विकासका काम गर्ने रकमीले लिएको खर्च हस्तेवारी लेख्ने चलन शुरू भएको थियो । कुमारीचोकको डरले थोर-बहुत हुन थालेका विकासका काममा हातहाल्न कर्मचारी नहच्कून् भनी यो थिति बसाइएको हो ।

त्यसबखत नेपालबाट जिल्लामा काज जाने अंग्रेजी पढेलेखेका अधिकृतहरूले प्रायः सोलो हाइट लगाई, घोडा चढी, मिलिसियाका सिपाही [illegible]धि-पछि लगाएर हिंड्ने हुँदा, गाउँघरका मानिस त्यसै पनि प्रभावित भई [illegible]ैं ग्यारग्यार्ती उनीहरूको अघि-पछि लाग्दथे । प्रो. भीमबहादुरले [illegible]ने सम्बन्धमा गाउँ-गाउँ, घर-घरमा गई जनताको यथार्थ स्थिति [illegible] अनेक किसिमका मर्मस्पर्शी नयाँ खालका सवाल सोध्न थालेकाले [illegible]नि ती निःसहाय गाउँलेहरू झुम्मिन्थे– नयाँ ढाँचाको [illegible]ो दुःखदर्द बिसाउन र पीर-मर्का, आपद-विपदबाट मुक्त [illegible]मो प्रश्नावलीहरू जनताको पीरमर्कासँग सम्बन्धित

[illegible]ध्ने अनेक प्रश्नहरूमध्ये सबभन्दा घतिलो र [illegible]-कति ऋण छ, ऋण कति पुरानो हो र के [illegible] अघिअघि जिल्लाजिल्लामा विरलै जाने डोर [illegible] शान्ति-सुरक्षा कायम गर्ने र दण्डकुण्ड उठाउने [illegible] दिने हुँदा, यो सर्वे डोरले सोधेका प्रश्नहरू [illegible] र अनौठा खालका जस्ता भान पर्दथे– गाउँ-[illegible]ऋण छ भनी बुझ्न केन्द्रबाट खटिई गएका [illegible]ोमा गएर सोधेको यो पहिलोबाजि हुँदा ।

[illegible] मोचन गर्ने उद्देश्यले १९७७ सालमा घर-घरै [illegible]ु बढियाछ [illegible]ब्बर शून्य सालमा नेपाल सरकारले जनताको [illegible]लमा एकैबेला दुई राजा [illegible] यसपटक ऋण मोचन गरिदिन्छ भन्ने निराधार [illegible] पूर्व नं. १ मा निकै चलेको बेला दुईहजार साल लाग्दासाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रो. भीमबहादुरले साँगाका गाउँलेलाई उनीहरूको ऋण के कति छ भनी कोट्याएर सोधेकोले, बाख्रा हराउने बाघ कराउने जस्तो काकताली पऱ्यो। साँगामा सोधिएको त्यो प्रश्न खरबारीमा आगो लागे झैं पूर्व नं. १ भर चाँडै नै फैलियो।

त्यसैले पुस्तानदेखि ऋणमा चुर्लुम्म डुबेका ती गरीब गाउँलेहरूले त्यो सर्वे डोरको ठूलो चासो लिए। कति गाउँले फटाहाहरूले त यो सुनौला मौका छोपेर सिधासाधा गाउँलेबाट जाली तमसूक समेत बनाए– सरकारले गाउँलेको ऋण तिरिदिएमा पैसा कुमल्याउंला भनी। सूर्योदयदेखि झमक्क साँझ नपर्दासम्म सर्वे पाटीले डेरा गरेको ठाउँमा ऋणले उकुस-मुकुस र आकुल-व्याकुल भएका बिचरा गाउँले नर-नारीको ऋण देखाउने र लेखाउने ध्येयले ताँती लाग्यो। उनीहरूबाट अरू खबर सजिलोसँग नपाए पनि आफ्नो ऋण बताउन कोही चुक्दैनथे।

शून्य सालमा सरकारले जनताको ऋण तिरिदिन्छ भन्ने हल्ला बिल्कुल निराधार हो भन्ने कुराको जत्ति खण्डन गरे पनि ती निःसहाय गाउँ[illegible] पत्याउन तत्पर देखिंदैनथे– ऋणले अति आत्तिएका हुँदा। डुब्न लागेको [illegible] ले परालको ताँद्रोलाई सहारा सम्झी समात्दछ भने झैं, गाउँ[illegible] देखाउन र लेखाउनतर्फ त्यत्रो चासो देखाएकोले सर्वे डोरले [illegible] कुरामा विशेष निहारेर बुझ्न थाल्यो-- आखिर २००० सा[illegible] मूल र जटिल समस्या यही रहेछ भन्ने सम्झी।

वास्तवमा त्यसबखत ग्रामीण जनता ऋण[illegible] पनि थिए। कारण, गाउँघरमा व्याजको दर [illegible] मखिचूस गाउँले साहूको असामीप्रतिको [illegible] थियो। असामीलाई साहूले एक रुपैयाँ पर्ने [illegible] ल्याउन लगाउँदथे; असामीले आफ्नो घरको [illegible] साहूको घरको काम छोप्न जान पर्दथ्यो। यी [illegible] श्री ३ जुद्धका जूनाफमा सर्वे डोरले पेश गरेको [illegible] एको थियो भन्ने कुरालाई सो प्रतिवेदनको निम्न छो[illegible]

" गाउँलेहरूलाई धेरैभन्दा थोरै दिनको [illegible] दरकार पर्दछ। वाली सेर्मा तिर्न, नून खेप्न, क[illegible]

---

१. प्रो. भीमबहादुरले २००० सालमा पेश गरेको [illegible] दनको नक्कल सेडामा पाइन्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नलाई साहूकहाँ ऋण लिन जान पर्दछ । जति थोरै दिनको निमित्त कर्जा लियो उति चर्को व्याज तिर्न पर्दछ । ग्रामीण साहूहरूको, आफू डेग नचलीकन, सजिलैसँग उम्रने, असल खेती, पैसा व्याजमा लगाउने छ। पहाडतर्फ अनेक किसिमका व्याज चालू छन्– ढ्याके, आने, खेपे, नूने, चारमाने पाथी इत्यादि । सात गाउँ– धुलिखेल, पनौती, बनेपा, खड्पुतर्फ ढयाके ब्याज; पाँगु; दाप्चा र तिमालमा आने र लिस्तीतिर नूने व्याजको ज्यास्ता चलन रहेछ। साहूको जात र पूँजीको मात्रा हेरेर घीउ, बोको, खसी, रकसी इत्यादि कोसेली लिएर रासको कुरा हाल्न असामी साहूकहाँ जान पर्दछ । त्यति कोसेली खाएपछि साहूले कर्जा दिनलाई अनि विचार गर्दछ । साहूको मनले खायो भने अर्थात् उसलाई पैसा सापट दिनाले आफ्नो थैली डुब्दैन भन्ने निश्चय भएपछि, सयकडा पाँच घीउखानी कटाई महीनाको आने ढ्याके व्याज र एक रुपैयाँको एक खेतालो सित्तैमा लिने शर्तमा पैसा सापट दिंदो-[illegible]हेछ । दुर्भाग्यवश असामी निर्धो छ भने मालदार जमानी बेगर साहूले पैसा [illegible]न्न । जमानी बसे वापत एक रुपैयाँको एक खेताला नपाएसम्म [illegible] जमानी बस्दो रहेनछ । हरेकतर्फबाट यसरी गरीब थिचिन्छ ।"

[illegible] आने व्याजभन्दा कडा नूने ब्याज छ । यस किसिमको ब्याज [illegible]ने मानिसलाई मात्र लाग्दोरहेछ । नून खेप्न जानेले रास [illegible]दिनमा एक रुपैयाँको आधा माना नून ब्याजमा तिर्न [illegible] एकसय रुपैयाँको नून खेप्नेलाई ऋण दिनसक्यो भने [illegible]रुपैयाँ साहूले सूद पाउँदछ ।"

[illegible]न घरेलु ईलमीलाई साह्रै छैन। ईलम गर्न [illegible]न्छ । दुर्भाग्यवश गरको ईलम रडकन गयो [illegible] त्यसरी रोकिएको व्याज सावाँमा गाभि-[illegible]तिर्न पर्ने हुन्छ । कति मानिसको त यसरी साँवा [illegible] रास तेब्रिएका दृष्टान्त पाइए । विना रास [illegible]इलम गर्न खोज्यो भने पनि, चर्को ब्याजको [illegible]न मारिदिन्छ। तैपनि हुन्छ कि भनेर ऋण काढ्ने [illegible]छ ।"

[illegible] बढियाः आसामको कालाजार खप्तछ; बंगालीको दरवान [illegible]लमा एकवेला दुई राजा [illegible]शाना बन्न जान्छ ? यी सवाल ताज्जुब लाग्दा [illegible]न्न पर्ने कुरा पनि हो । तर गोर्खालीले जुन [illegible] साहूको हातमा खान्छ त्यसको त यिनीहरूसँग तुलना हुँदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋणको प्रचण्ड आक्रमणले पहाडतर्फ चापी रहेछ । गरीब मानिस भूत जस्तो ऋण लाग्ला भनेर डराउँदछ । तर कडा आवश्यकतासँग कसको के लाग्दो रहेछ ।"

प्रो. भीमबहादुरले तयार गरेको यो प्रतिवेदन प्रजातन्त्र आउनुभन्दा सात वर्षअघि, निरंकुश गनिएको र भनिएको राणा सरकारका प्रधानमन्त्रीलाई मे. ज. विजयले पेश गरेका थिए । राणाकालमा पनि प्रधानमन्त्रीसँगको दर्शनभेटमा नेपालमा त्यसबखत विद्यमान वास्तविक आर्थिक स्थिति जस्ताको तस्तो निर्धक्कसँग भन्न चाहने र हिम्मत गर्नेलाई भन्न र लेख्न छूट थियो भन्ने कुराको सो प्रतिवेदनले सावित गर्दछ । तर जो पायो त्यसले त्यस्तोखालको प्रतिवेदन लेख्दैनथे र श्री ३ मा जाहेर गर्दैनथे– नदुखेको कपाललाई डोरी लगाएर दुखाए कैं होला भनी !

—०—



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढ़िया
एकवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

नेपालका धेरैजसो घरेलु उद्योगहरू प्रथम महायुद्धपछि नै उठ्न नसक्ने गरी थचारिएका थिए भन्ने कुराको पूर्वलेखमा विस्तार भैसकेको छ। दोस्रो महायुद्धमा जापान लडाईंमा सरोक भएको कारण रंगीचंगी जापानी सामानको नेपालमा स्वतः आयात रोकिएको र भारतमा लडाईँको कारण उपभोग्य मालको अभाव भएको भए तापनि, चर्को ब्याज, सीतिम पूँजी, सरकारी प्रोत्साहनको अभावले, आवश्यक औद्योगिक कोरा जिनिसको बेलामा किन्ने र तयारी माल धिक्री वितरण गर्ने निकायको कमी र खास गरेर घरेलु उद्योगमा काम गर्ने ईलमीले अति थोरै मजदूरी अथवा नाफा पाउने हुँदा पहाडतर्फ घरेलु ईलममा कुनै ठोस प्रगति हुन नसकेको कुरा संलग्न परिशिष्ट २ बाट [illegible] हुन्छ[१]। यस्ता अवरोधको बावजुद पनि पहाडतर्फ त्यसबखत थोर-बहु[illegible] ईलम चालु थिए।

धेरैजसो घरेलु इलम खालि फुर्सतको बेलामा बसिबि[illegible] चलाउने र चल्ने हुँदा त्यस्ता उद्योगहरूले आफ्नो ज्याला[illegible] गणना गर्दैनथे– घरमै बेकार थच्चिएर बसे पनि का[illegible] भारी बोकेर हिंडे पनि बाँच्नलाई एक पेट खानै पर्[illegible] जनतामा प्रचुर मात्रामा हुँदा। त्यसैले घटी-बढ[illegible] उठ्दैनथ्यो। थोरै ज्यालामा पनि गाउँलेहरू [illegible] पनि खान पर्दछ भन्ने गाउँलेको अटल धारणा [illegible]

पूर्व नं. १ का कुटिर उद्योगीहरूलाई [illegible] औंल्याउँदै प्रो. भीमबहादुरले त्यसबखत आफ्नो त्य[illegible] कुराहरू यहाँ विशेष उल्लेखनीय छन्– "बनेपामा [illegible] पिउरी पारेर दिनमा १२।१३ पैसा, १५।१६ वर्षक[illegible] फडकेर दिनको ४०।५० पैसा, स्वास्नीमानिसले कप[illegible] र बूढीहरूले धागो कातेर दिनौं ३।४ आना [illegible] घरेलु ईलम होलान्, जसलाई विदेशी सस्ता माल[illegible] खारज भ[illegible]

---

१. कुटीर उद्योगबाट जनतालाई अति थोरै हुने आम्दानीको फाँट प[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होस् । फरक खाली चोटेको ठूलो र सानो मात्र हो । कठोर दुःख सहन नसके
अनि घरेलु ईलम गरे । जे जति घरेलु ईलम जिम्दा छन् तिनले पनि खा
तारीख मात्र धानेका छन् । जहाँसम्म स्वदेशी तोरी पेलिन्थ्यो पूर्व पहाडति
प्रशस्त तोरी खेती हुन्थ्यो । गाउँ-गाउँबाट तोरी खिचिएर बनेपामा आउँदथ्यो
बनेपाका अठार कोलले रोज चउन्न मुरी तोरी पेल्दथे ।"

"हाल बनेपामा तीनसय घर मानन्धर छन्, तिनीहरूले पालैसँग चौ
कोल चलाउँदछन् । आफ्नो पालामा उसले चार रुपैयाँ कमाए तापनि धेरैजस
आर्जन साहूलाई ब्याज तिर्दैमा सकिन्छ । हरेक सार्कीलाई सालिन्दा तैंतीस
पैसा मेकचिन भन्ने कर लागेको छ । एकातिर सार्कीसँग सरकारले जुत्ता सि
पनि नसिए पनि तैंतीस पैसा तिरो असूल गर्ने, उतातिर सबै छाला ठेकदा
रलाई दिने र सार्कीहरूले कलकत्ता र कानपुरको भाउमा ठेकदारसँग पूर्व
१ मा छाला किन्न पर्ने । यसतर्फ (लिस्तीमा) साहूको खाजा खाएर उनक
तानमा काम गर्नेले दैनिक दुई माना मकै अथवा आठ पैसा ज्याला पाउँदछ
लाग्ने भीरमा सालिन्दा तीन रुपैयाँ तिरो तिर्न पर्दछ– भीरमा मौरी
नवसोस्" ।

प गरेर ऋणको प्रकोप र चर्को ब्याज घटाउनेतर्फ कुनै सही कदम
नचालिएको खण्डमा पहाडी जनताको कुनै हालतमा प
भन्ने ठहर साथ निम्न सुझावहरू उक्त प्रतिवेदनमा विशे
थिए:–

उल्टेको असामीउपर साहूको दावी स्वतः छुट्

र ब्याज तिरेको असामीले पछि ब्याज ति
को ब्याज सावाँमा जोड्न नपाइने ।
नाति जवाफदेही हुन नपर्ने ।
अलावा अरू कुनै सहुलियत– खेताला इत्या
नपाउने ।
पनि दश प्रतिशतभन्दा बढी सूदले असामीसँग लि
को ठहरेमा सावाँ भूस हुने ।
न्दकीमा लिएको जमीन असामीले चाहेको ब
।
जमीनदार मुखिया ठालुले आफ्नो गाउँको ऋण धन
गत तयार राख्न पर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. सबभन्दा जड कुरा हो साहूको हातमा परेको जमीन जनताले निखनी आफ्नो भोगमा राख्न पाउने गरी, जिल्लैपिच्छे तुरुन्त भूवन्धीकी वैंक (लाएण्ड मोर्गेज वैंक) र जनतालाई आवश्यक औद्योगिक कोरा जिनिस र तयारी माल बिक्री वितरण गर्न सहयोगी संस्था (को-अपरेटिभ सोसाइटी) खोल्ने– ताकि कृषिको उत्पादन र जनताको क्रयशक्ति साथै बढ्न सकोस्।

दुईहजार सालको शुरूमा पूर्व नं. १ मा भएको नमूना औद्योगिक सर्वेको प्रतिवेदनमा प्रस्तुत उपर्युक्त आठ सुझावहरूमध्ये दफा ८ यथाशक्य चाँडो कार्यान्वयन हुन पर्ने आवश्यकतामा खुव जोडदिइएको थियो। प्रस्तावित प्रतिवेदनबाट जिल्लाको यथार्थस्थिति छर्लङ्ग बुझेपछि, तालुकवाला मे. ज. विजय भूवन्धक वैंक (लाएण्ड मोर्गेज बैंक) र सहयोगी संस्था (को-अपेरिटिभ सोसाइटी) अधिराज्यभर चाँडो खोल्न हुन् हतारिए– चर्को ब्याजवाट देशबासीहरूलाई चाँडो मुक्त गर्न नसकेमा समयान्तरमा देशनै डुब्ला कि भन्ने डरले। शतप्रतिशत जस्तै कृषक भएको नेपाल अधिराज्यमा उनीहरू[illegible] ऋणबाट मुक्त गरी कृषि उत्पादन बढाउनु बाहेक नेपाल सरकारको [illegible] त्यसबेला अर्को कुनै विकल्प थिएन पनि।

योजनाबद्ध तरीकाले नेपालको आर्थिक विकास गर्ने हे[illegible] आर्थिक सर्वे काम थाल्नुअघि के कस्तो किसिमसँग सो गर्न[illegible] चाँडो र किफायतसाथ सम्पन्न गर्न र एकाध विकासक[illegible] सकिएला भनी एक नमूना सर्वे नेपालमा भएको[illegible] त्यसबखत प्रायः सबै काम र त्यसमाथि पनि [illegible] किसिमका काम निकै सोच विचार पश्चात् प्र[illegible] त्यस्तो खर्च शिक्षा अथवा विकासमा लाग्ने [illegible] रूप धारणा गर्दथ्यो। यस्ता खर्चलाई बेलगति[illegible] इत्यादि बाहिरको खर्चजस्तो) भन्दथे, त्यस्तो खर्च गर्ने प्रस्ता[illegible] जान जो कहिले हिम्मत गर्दैनथे। खर्चबेसि भयो भ[illegible] मन्त्रीको हातलाई हुने रकम घट्ने हुँदा।

—०—

खारज भ[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– २

पूर्व नं. १ का निम्न स्थानमा परम्परादेखि चल्दै आएका तपसीलका केही घरेलु ईलमहरूको अवस्थाको प्रो. भीमबहादुरले २००० सालमा पेश गरेको प्रतिवेदनको निम्न आँकडाबाट प्रष्ट हुन्छः–

१. स्थान	ईलम	जम्मा धुरी	तान	जम्मा उत्पादन
बनेपा–	सूती तान कपडा बुन्ने	७२९	५२५	कपडा गज ३,००,०००
धूलिखेल–	,,	३००	११५	
[illegible]ती–	,,	१९७	८५५	
	,,	२४४	२४४	
	,,	७८०	४८१	
	,,		२०	

	तोरी मुरी	तेल पाथी	पीना धानं
	१०,०८०	४६,३६८	१,४१,१२०

		सार्की संख्या	जुत्ता जो
	१ घर	१२	६६० जो
		३७	१,८६० ,,
		१२	६० ,,
[illegible]	[illegible]नु बढिया		
[illegible]लिमा	एकंवेला दुई राजा		
	[illegible]१२ घर	५३० चालू तान	२७० धार्नी ऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. मौरी र मइन

लिस्ती– ८८ घर १० भीरःमह धार्नी १००,मइन धार्नी ५०

उपर्युक्त जिल्लामा त्यतिका धेरैले त्यसबखत केही कुटीर उद्योग चलाए तापनि यी उद्योगबाट जनतालाई हातमुख जोड्नेसम्म आम्दानी हुँदैनथ्यो भन्ने कुराको निम्न हिसावले संकेत गर्दछः–

१. सूती कपडा बुन्ने एक तानले कमाउने आम्दानीको हिसाब

(क) एक तानले दिनको आठ घण्टा काम गर्दा महीनामा बीस थान कपडा बुन्न सक्तथ्यो ।

(ख) एक तोका धागोबाट चारथान कपडा तयारी हुन्थ्यो ।

(ग) एक पोका धागोको मोल रू. १२।–

(घ) एक थान कपडा बुनेको ज्याला रू. –।२५

(ङ) चार थान कपडा बनाउने खर्च रू. १३।–

(च) चार थान कपडाको बजारमा मोल रू. १[illegible]

(छ) यस हिसाबबाट बीस थान कपडा बनाउने खर्च रू. [illegible]

(ज) बीस थान कपडाको बजार मोल रू. [illegible]

(झ) जम्मा महीना दिन काम गरेको एकजनाको आम्द[illegible]

विचरा तान बुन्नेले दिनमा एक मोहर कमाउँद[illegible] घर व्यवहार चलाउन र साहूबाट काटेको [illegible] हातमा अति कम पैसा बाँकी रहन्थ्यो ।

२. तोरी पेल्ने उद्योग

(क) एक कोलले बीस घण्टामा पाँ[illegible]

(ख) असल पाँच मुरी तोरीको मोल [illegible]

(ग) पाँच मुरी तोरीबाट तेईस पाथी [illegible]

(घ) तेईस पाथी तेलको रू. ६५।– पर्दथ्य[illegible]

(ङ) पाँच मुरी तोरीको सत्तरी धार्नी पी[illegible]

(च) सत्तरी धार्नी पीनाको रू. १५।– म[illegible]

यस हिसाबबाट

(१) असल पाँच मुरी तोरीको मोल रू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) तोरी पेल्ने खर्च रू. ४।–

१०६।–

(३) तेइस पाथी तेलको मोल रू. ९५।–

(४) सत्तरी धार्नी पीनाको रू. १५।–

११०।–

एक कोलको दैनिक आम्दानी हुन्छ रू. ४।– एक कोल चलाउन पूरै एक परिवार अर्थात् तीनजना कामदार चाहिन्छ । बीस घण्टा काम गरेर एक जनाले रू. १।३३ कमाए पनि महीनाको चारवाजीभन्दा बढी एक परिवारले कोल चलाउने पालो पाउँदैनथ्यो । त्यस हिसाबबाट एक मानिसको महीना [illegible] आम्दानी रू. ५।– हुन जान्छ ।

[illegible] कोल आलोपालो गरी रोज बीस घण्टा चलाउँदथे ।

[illegible] उद्योग

[illegible] भैंसीको छालाको मोल रू. ५।–

[illegible] गाईको छालाको मोल रू. १।–

[illegible] को मोल रू. –।२५

[illegible] मेकचिन तिरो तिर्न पर्ने रू. –।३३

[illegible] गाईको छालाबाट वर्षमा साठ्ठी जोर जुत्ता [illegible] थ्यो ।

[illegible] ञ्चोके जुत्ताको मोल रू. २।– पर्दथ्यो ।

[illegible] पलाञ्चोके जुत्ताको मोल रू. १।–

[illegible] नो पलाञ्चोके जुत्ताको मोल रू. –।६०

[illegible] को (१० भैंसी र २० गाईको छाला) मोल रू. ७०।–

[illegible] रू. २।–

[illegible] तिरो रू. –।३३

[illegible] बढिया [illegible] जुत्ताको खर्च सालाखाला ७२।३३

[illegible] लिमा एकवेला दुई राजा [illegible] हुने ६० जोर ठूला-साना जुत्ताबाट [illegible] आम्दानी रू. १००।–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष दिनमा एक सार्की परिवारलाई हुने फाइदा रू. २७।६७

४. ऊनी माल बनाउने

(क) एक धार्नी ऊनको मो रू. २।–

	चाहिने ऊन	बन्ने मालको परिमाण	बनाउने दिन	लाग्ने मोल
(ख) एक घुमराडीलाई	७ धार्नी	५ हात	३० दिन	१८।–
(ग) एक सानो राडीलाई	३ ,,	५ ,,	४० ,,	१०।–
(घ) एक बख्खुलाई	१ ,,	१ ,,	१५ ,,	५।–



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढिया
एकवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) भूबन्धक बैंक र सहयोगी संस्था खुले

दुई हजार साल लाग्दा पूर्व नं. १ मा तामेल भएको त्यो "नमूना औद्योगिक सर्भे" को प्रतिवेदनमा प्रष्ट गरिएको थियो– ग्रामीण जनतालाई चर्को सूदको तीतो स्वादबाट मुक्त गर्न यथाशक्य चाँडो जिल्लापिच्छे भूबन्धक बैंक र सहयोगी संस्था खुल्न पर्दछ भन्ने सुझाव। "औद्योगिक सर्भे" र "को-अपरेटिभ सोसाइटी" खोल्ने बेहोरा ने. क. घ. ई. अड्डाको सभामा पेश हुँदा त्यो तुरुन्तै पास गरी, श्री मा जाहेर गर्ने ठहर भयो।

उक्त दुई काम कहाँ कसरी र कति खर्च लगाएर गर्ने कुराको योजना श्री ३ का जुनाफमा जाहेर गर्ने दिन फौरन तोकियो पनि। त्यसबखत प्रधान[illegible] मन्त्रीकहाँ तालुकवालाले आफ्नो अड्डाको काम साध्ने ठाउँ, विषय, दिन [illegible] निकै अघि नै निर्धारण गर्न पर्दथ्यो र तोकिएको दिनमा तालुकवाला[illegible] कलका राज्यमन्त्रीजस्ताले) अड्डाको हाकिम (आजकलको [illegible] साथ लिई प्रधानमन्त्रीकहाँ उपस्थित हुन्थे (हरेक प्रमुख [illegible] पालैसँग तालुकवालाहरूले श्री ३ को जुनाफमा जाहेर गर्[illegible] त्यसबेला चलन थियो।)

त्यसबखत प्रधानमन्त्रीसँग धेरैजसो अड्[illegible] गर्ने ठाउँहरूमध्ये एक थियो, सिंहदरबारभित्र [illegible] चट्ट परेको काठको घर। त्यहाँ प्रधानमन्त्री[illegible] लेटेका हुन्थे; उनको अगाडि किसिम किसिमका[illegible] चाँदीको पानबट्टा, चाँदीको हुक्का, टुटीमा सुन[illegible] एकाध मेच हुन्थे। तालुकवालाहरू मेचमा र अरू [illegible] पलेंटी मारेर बस्न पर्दथ्यो। प्रधानमन्त्रीले फार्कका [illegible] तानेर कुरा सुन्दथे घन्टनतक।

राणाकालमा जटिल नीति निर्धारण गर्न र [illegible] निर्णय लिन मुख्तियार, चार कमाण्डिङ्, हजुरिया[illegible] तालुकवाला सधैं र कताकति रोलवाला सत्रभाइ र [illegible] तर प्रधानमन्त्रीले चाहेमा, कसैसँग सल्लाह नगरीकन [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुनसुकै काम कुरामा पनि सोझै निकासा दिने एकाधिकार उनमा सुरक्षित थियो । त्यसैकारणले त्वसबेलाको राजकाजलाई हुकुमी शासन भनेको हो- हुकुमले काट भने काटिने, मार भने मारिने ।

कुनै पनि अड्डाको कामकुरा प्रधानमन्त्रीकहाँ सोधसाध गर्न पर्दा, खड्ग निशानाका हाकिमको त्यहाँ उपस्थिति अनिवार्य हुन्थ्यो प्रधानमन्त्रीका मुखबाट निस्केका निकासा यथावत् टिपी त्यसमा खड्ग निशानाको छाप लगाई प्रमाणित गर्ने निज हाकिमको हुन्थ्यो मुख्य कर्त्तव्य (राजाको हुकुम दर्जा पुगेको (मेजर, मीर सुब्बा) ले अथवा राजाका हजुरियाहरूले प्रमाणित गर्न पर्दथ्यो) । त्यस-बखत खड्ग निशानाका हाकिम थिए सरदार भूपध्वज कार्की । श्री ३ जुद्ध जंगीलाठ हुँदादेखि आफूसँग बसी कारिन्दामै काम गरेकाले सरदार भूपध्व-जसँग प्रधानमन्त्री निकै रिझिएका थिए । जेहन चलाक भएको मानिस माथि-ल्लो ओहदामा जानलाई त्यसबेला अंग्रेजी पढ्न पर्दैनथ्यो भन्ने तथ्यको ज्वलन्त उदाहरण बनेका थिए सरदार भूपध्वज कार्की । (कुनै तालुकवालाले [illegible]सा प्रधानमन्त्रीलाई साधी, कुनै कुराको निकासा लिन पन्यो भने, उसले [illegible]सानाका हाकिमलाई समेत साथै लिएर प्रधानमन्त्रीछेउ जान पर्ने [illegible]

[illegible] श्री ३ जुद्धले मि. कुइक् भन्दथे– अति छिटो बोल्ने, लगाए [illegible]चाँडो तामेल गर्ने र चाँडो कुरा बुझ्ने हुँदा । नेपालमा लाएण्ड [illegible]दिश सोसाइटी खोल्न पर्ने खास कारण; सो चलाउ चाहिने [illegible]को फाँट, योजना र त्यसको उद्देश्य, औद्योगिक [illegible]का हाकिम प्रो. भीमबहादुरले मे. ज. विजयको [illegible] श्री ३ जुद्धका जुनाफमा एक एक गरी जाहेर [illegible], पहाडी जनता ऋणमा नराम्रोसँग डुबेको [illegible]द्धार गर्न सक्तछ र अब चाँडो गर्न पन्यो" भन्ने [illegible]सोसाइटीले ऋणमा बेस्कन डुबेका, बेइलमी र [illegible] ठूलो उद्धार गर्दछ भन्ने कुराले श्री ३ जुद्धलाई [illegible] जनतालाई अऋणी गराउने भन्ने खुद सुझाव प्रधान-

[illegible]नु बढिया [illegible]तपालका प्रधानमन्त्रीले दण्डाको भरका त्यो निरंकुश [illegible]लमा एकबेला दुई राजा [illegible]र्ने आवश्यकता हुँदा, उद्धारवादी काम गर्नु त पर्ने [illegible]ाउन खोज्नु र खोजेको छ भनी देखाउनु पनि उनलाई [illegible]यो । अकसर गरेर प्रधानमन्त्रीले आफूलाई सधैं दरो, कडा दे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के न हो र के के पो गर्दछ भन्नेजस्तो त्रास र भावना सदा अरू राणाजी, कर्मचारी र जनतालाई बाहिर देखाउन पर्दथ्यो- भित्र जस्तोसुकै करूणानिधि भए पनि । एकतन्त्री शासन र उद्धारवादी नीति अमिल्दा, आगोपानी र कुकुर बिरालाजस्ता तत्त्व हुँदा त्यसबखत जो पायो त्यसले त्यस्तो उद्धारवादी नीतिको प्रवर्धक भई प्रतिक्रियावादी प्रधानमन्त्रीलाई देश विकास गर्ने सिफारिश गर्न पनि हिम्मत गर्दैनथ्यो ।

कारण, श्री ३ महाराज नाराज भई तलमाथि परे आफ्नो बिंडो मात्र हैन गर्दनै जाने कुरामा, दुनियाँको भलाइ हुन्छ भनेर अघि सर्न पनि बुद्धिमानी संछिदैनथ्यो । यस्तै उद्धारवादी कुरा गर्दा शुक्रराज शास्त्रीको १९९७ सालमा ज्यान गएथ्यो । तर विजय शम्शेर अर्कै काँटका मानिस थिए । उनले अर्काको मनपेट चाँडो लिन र अरूमाथि चाँडो प्रभाव पार्न सक्दथे । सही कुरा उनी तुरुन्त खान्ये र अरूलाई ख्याउन सक्दथे । श्री ३ जुद्ध आनीबानी बुझेका र मनपेट राम्रो पाइसकेकाले, नेपालमा लाएण्ड भोर्गेज बैंक को-अपरेटिभ सोसाइटी खोल्नेजस्ता नयाँ उद्धारवादी काम कुरा हुन पर्दछ भनी श्री ३ जुद्धार जूनाफपा उठाउन, सिफारिश गर्न र चित बुझाउन उनी अघि सरेका

-०-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] बढि
[illegible]लमा एकवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

मे. ज. विजय र प्रो. भीमबहादुरहरू केही वर्षअघिमात्र कलकत्ता विश्वविद्यालयबाट पास गरेर आएकाले उनीहरूको बोलचालमा प्रशस्त अंग्रेजी शब्दको प्रयोग गर्ने पुरानो आदत गइसकेको थिएन । त्यसबखत अंग्रेजी पढेकाको त के कुरा, अलिअलि अंग्रेजी पढी टोपलेकाले पनि नेपाली र अंग्रेजी शब्द छ्यासमिस गरेर बोल्ने र लेख्ने रिवाज थियो । वास्तवमा त्यसबखतसम्म नेपाली भाषाको त्यति विकास भई नसकेकाले, अंग्रेजी शब्दलाई नेपालीमा उल्था गरी ठीकठीक किसिमले सही विचार व्यक्त गर्न निकै अंग्रेजी पढी सकेकालाई पनि गाह्रो हुन्थ्यो । अंग्रेजी पढेकाहरूले जोरजाम गरी [illegible] चालमा अंग्रेजीको उल्था गरी नेपाली शब्दको प्रयोग गरे भने पनि [illegible] बुझ्दैनथे– अंग्रेजी शब्दलाई अमिलो किसिमले नेपालीमा उल्था [illegible] त्यसैले उनीहरू दुईले श्री ३ मा लाएण्ड भोर्गेज बैंक र को-अपरे[illegible] नेपालमा गठन गर्ने बारेको प्रतिवेदन जाहेर गर्दा प्रशस्त [illegible] को इस्तेमाल गरे– लाएण्ड भोर्गेज बैंक र को-अपरेटिभ [illegible]

प्रतिवेदनमा परेको कुरा ठीक बेठीक के हो [illegible] टिप्न बसेका अंग्रेजीको "ए" पनि नपढेका [illegible] भोर्गेज बैंक र को-अपरेटिभ सोसाइटीसन्बन्धी [illegible] अस्वाभाविक कुरा थिएन । श्री ३ महाराज[illegible] गएका भए पनि श्री ३ जुद्धको पनि अंग्रेजी [illegible] थिएन । कुरा राम्रो नबुझे पनि ती दुवै जनाले [illegible] एक गरेर, कत्ति झर्को नमानीकन, घण्टनतक, [illegible] श्री ३ जुद्धले भूपध्वजतर्फ फर्केर, "भन्, कुइक् तैले के [illegible] जवाफमा भूपध्वजले इमान्दारीसाथ "केही पनि बुझिन [illegible]

प्रतिवेदनको छेउ टुप्पो केही नबुझेर अलमलि[illegible] फर्केर श्री ३ जुद्धले हँसिलो मुखले हुकुम भयो "[illegible] विचार, नयाँ युग आयो, यी नयाँ लडकाहरूको कुरा खारज [illegible] पुरानाले बुझिन्न, भोलि नेपालको काम कारवाई यिनै ठिटाहरूल[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ; यिनले जे भन्दछन् त्यही ठीक छ; एकैबाजी सबैठाउँमा सो बैंक र सोसाइटी खोल्ने हैन; हाल एक ठाउँमा चलाउनलाई पटके एक लाख रुपैयाँ र कर्मचारीको दरबन्दी पास गरी दिनू; यसको नतीजा हेरी अनि अधिराज्यभरी यो योजना चलाउने गरी सदर भयो"।

त्यही हुकुमको युक्ति पारेर सरदार भूपध्वजले खड्ग निशाना तयार पारे। नेपालमा त्यसबखत लाएण्ड भोर्गेज बैंक र को-अपरेटिभ सोसाइटी खोल्ने कुरा मौसूफ महाराजले आफ्ना मुख्तियार, चार कमाण्डिङ र हजुरिया जर्नेलसँग छलफल गरेर मात्र निर्णय गर्ने विचार गरेका भए, त्यसमा उनीहरूको भिटो प्रयोग हुने अवश्यंभावी थियो। मे. ज. विजयको इमान्दारी, दूरदर्शिता र बुद्धिमानीमा विश्वस्त श्री ३ जुद्धले कुनै रोलवाला राणाजीको त्यसमा सर-सल्लाह लिन आवश्यक देखेनन् र लिएनन् पनि– सल्लाह लिंदा, उनीहरूले श्री ३ को मनमा लागेका धेरै नेपालमा गर्नुपर्ने खालका रचनात्मक काम कुरा गर्न नदिएको र भाँडेको कटु अनुभव गरेका हुँदा। यो अनुभवको [illegible]ले २००२ साल मार्ग १४ गते नेपाल छाडेर रिंडी जादा व्यक्त गरेथे।

[illegible] यस प्रकार दुई हजार साल भदौमा नेपालमा लाएण्ड भोर्गेज बैंक र [illegible]भ सोसाइटी खोल्ने निकासा श्री ३ जुद्धबाट भयो। त्यसका नियम र [illegible] तुरुन्तै बनी दुईछापे लागी, सर्वप्रथम पूर्व नं. १ बनेपामा लाएण्ड [illegible]को-अपरेटिभ सोसाईटी खोल्ने निधो लाग्यो। त्यसबखत ती [illegible]मा खोल्न पर्ने अनेक कारणहरूमध्ये ठोस कारण थियो, [illegible]सबाडे श्रेष्ठको सहयोग; बनेपामा कुटीर उद्योगको [illegible]रूको औद्योगिक मनोवृत्ति। राजदासबाडे श्रेष्ठ [illegible]पाजसेवीमात्र थिएनन्, लाएण्ड भोर्गेज बैंक र [illegible]का दुःखी जनताले उठाउन सक्ने फाइदाको [illegible]ले, मे. ज. विजय र प्रो. भीमबहादुरभन्दा पनि [illegible]ी संस्था बनेपामा चाँडो खोल्न र चलाउन।

[illegible]ड भोर्गेज बैंक (साहूको ऋण चुक्ता गरी हलको [illegible]न किसानलाई फिर्ता दिने) र को-अपरेटिभ सोसाइटी [illegible]तकिमा श्री गोविन्दप्रसाद गोर्खाली, उनको मातहतमा [illegible]बढि श्री अंजीरमान श्रेष्ठ, मुखियामा रामकृष्ण श्रेष्ठ, [illegible]लमा एकैबेला दुई राजा [illegible] नियुक्त भए। वीरगंजका श्री भक्तबहादुर श्रेष्ठ बनेपामा [illegible]रेटिभ सोसाइटीका मैनेजर भए। बैंक र को-अपरेटिभ [illegible]को भविष्यबारेमा थरिथरिले अलग अलग विचार व्यक्त गरे तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराना विचारका मानिसले त्यसको चाँडै नै अकाल मृत्यु अवश्यंभावी सम्झेका थिए। पुरानो रीतिथिति र रिवाजमा चल्दै आएको नेपालमा नयाँ विचार, संस्था र व्यवस्था सितिमिति चलाउने प्रयास गर्न हुन्न; गरे पनि सफल होइन्न भन्ने त्यसबेला अधिकांश मानिसको नेपालमा धारणा थियो। नभन्दै त्यस्तै भयो।

वनेपामा त्यो बैंक र सोसाइटी २००० सालमा खुल्ने भएको खबरले पूर्व नं. १ का गरीब जनताको मुख रसायो। खेतबारी वन्धकी राखी अति चर्को व्याजमा काडेका जनताको ऋण सरकारतर्फबाट तिरी, साहूको हात परेको जमीन उनीहरूलाई फर्काई दिने र कृषि र घरेलु ईलमीलाई आवश्यक बीज अथवा औद्योगिक कोरा जिनिस सुपथ मोलमा किन्ने उनीहरूले तयारी गरेको सामान उचित भाउमा बेच्ने प्रबन्ध मिलाई दिने यी संस्थाका मुख्य काम थिए।

(२००० सालमा गठित ती दुई संस्था २०१६ सालको भूमिसुधार ऐनभन्दा कुनै दृष्टिबाट कम क्रान्तिकारी थिएनन् भन्नु अनुचित नहोला [illegible] यदि त्यसबखतको राजनीतिक र आर्थिक पृष्ठभूमिको विचार गर्ने हो [illegible] आजकलजस्तो थोरै काम र धेरै प्रचार गर्ने त्यो जमाना नहुँदा [illegible] निकासाले उस्तो प्रकाश र प्रसार पाएनन् (गर्दा गर्दा २००५ [illegible] लाएण्ड भोर्गेज बैंक, जसको २००० सालमा स्थापना गर्[illegible] राखिएको थियो, खारेज भयो– श्री ३ जुद्धले राजपाठ छ[illegible] पछि[1])।

शोषक र सामन्तीहरूले भरीभराउ र [illegible] बेलाको राणासरकारले गाउँघरमा ठूलाठालूको सम्म[illegible] भोर्गेज बैंक औ को-अपरेटिभ सोसाइटी खोल्ने [illegible] खुलेको त्यो लाएण्ड भोर्गेज बैंकको मूलभूत उद्दे[illegible] समर्थक साहूहरूको पंजाबाट मुक्त गर्ने हुँदा, [illegible] साना सामन्तीहरू त्यसबाट सरकारसँग नाराज हुने ठू[illegible] अस[illegible]

त्यस कुराको ख्याल, ती दुई कोरा तर जोशिला [illegible] प्रगति चाहने नव युवकले भन्दा, वयोवृद्ध अनुभवी र [illegible] चलाउने पूर्ण अभिभारा बोकेका श्री ३ जुद्धले बढी, [illegible]

---

१. लाएण्ड भोर्गेज बैंक र को-अपरेटिभ सोसाइटी खारज भ[illegible] दामो निशाना, परिशिष्ट– ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ३ जुद्ध बूढा भए पनि, तन्नेरीकै लहीलहीमा लागे– मानिस बूढो भए पनि देशोन्नति गर्न चाहनेहरूको दिल सदा तरूनो हुन्छ भन्ने कथनको चरितार्थ गर्दै । यसरी आवेशमा आएर भनौं कि, पवित्र भावनाले पीडित भएर अथवा नेपालको भविष्य युवावर्गमा निहित छ तिनीहरूको कुरा सुन्न पर्दछ, भन्ने सत्यमा विश्वस्त भएर भनौं, श्री ३ जुद्धले अरू प्रतिक्रियावादी-हरूको कचकच र जोखिम सहेर र नयाँ ठूलै आर्थिक दायित्व वहन गरेर पनि, नेपाल अधिराज्यभर लाएण्ड भोर्गेज बैंक र सहयोगी संस्था खोल्न कम्मर २००० सालमा कसेथे ।

–०–

[illegible]
[illegible]
[illegible]लमा एकंवेला दुई राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- ३

मू. नं. १७९

कम्याण्डरी किताव खाना दर्ता फाँट हाकिम कारिन्दाले पूर्जी हेरी लाएण्ड भोर्गेज बैंकका तपसीलका जवानहरू २००५ साल चैत्र १ गतेदेखि खारेज भयाकोमा सो जवानलाई राष्ट्रिय आर्थिक योजना समितिको काममा लाई राख्नु भन्ने हामीबाट हुकूम बक्से बमोजिम सोही अड्डामा थामी तलब खान दिनु पर्ने भनी नानी. मे. ज. विजयशम्शेर ज. ब. रा. ले लेखी पठायाको व्यहोरा मुल्की अड्डा पूर्जी फाँट मार्फत जाहेर भयो । तपसीलका जवानल[illegible] खारेज भयाका मिति २००५ साल चैत्र १ गतेदेखि महीनावारीका [illegible] तपसील बमोजिम तलब खान पाउने गरी राष्ट्रिय आर्थिक योजना[illegible] काम गर्ने गरी सोही अड्डा मार्फतबाट तलब खाने गरी थामी [illegible] कम्याण्डरी किताब खानाका छाप लागेका रिपोर्ट सदर [illegible] महीनामा तलब खर्च लेखी दिनु भन्ने निजामती वाली तलबब[illegible] मितिमा खड्ग निशाना सनद भै गयाकोले सो बमोजिम [illegible] दर्ता गरी भैरहेका ऐन सवाल बमोजिम गर्ने काम [illegible]

तपसील

असिष्टेण्ट हरिबहादुर प्रधानके पाँच सय पच्चास[illegible]
इन्स्पेक्टर अंजीरमान सिं प्रधानके पाँच सय पच्चास[illegible]

सम्वत् २००६ साल जेष्ठ १० गते रोज २ शुभम्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) प्रथम अधिराज्यव्यापी औद्योगिक प्रदर्शनी

नेपालमा औद्योगिक कोरा जिनिस के, के, कहाँ कहाँ, कति कति पाइन्छन् र तिनीहरूको कसरी उपयोग भएको छ, त्यसको पत्तो लगाउनेतर्फ सोचविचार गर्ने "औद्योगिक सर्भे र को-अपरेटिभ सोसाइटी" अड्डाको मुख्य ध्येय भए तापनि, सर्भेको काम सम्पन्न गर्न अझ केही समय लाग्ने हुँदा, उद्योग-सम्बन्धी खबर चाँडो संकलन गर्न सो अड्डाबाट अरू अनेक प्रयास हुन थाले। फलतः सो अड्डाको अनुरोधमा उद्योग परिषद्द्वारा बृहत देशव्यापी औद्योगिक प्रदर्शनी काठमाडौंमा गर्ने निर्णय २००० सालको फागुनमा भयो। प्रदर्शनीको अध्यक्ष मे. ज. विजय र संयोजक प्रो. भीमबहादुर पाण्डे भए।

हरेक जिल्लाका बडाहाकिमलाई आफ्नो जिल्लाका मुख्य [illegible] कोरा जिनिस, तिनबाट बनेका मालसामान र प्रदर्शनीमा भाग [illegible] उद्योगपतिलाई सरकारी खर्चमा २००० साल बैशाखभित्र [illegible] पठाउनू भन्ने निर्देशन गयो। त्यो हुकूमी शासनको जवाना [illegible] बडापत्र गएपछि, अरू सबै काम छाडेर, त्यसको तामेल गर्न [illegible] रीले तन र मन दिन्थे– नदिनेको तुरुन्त जागीर [illegible] अनुमानसम्म गर्न नसकिने शीघ्रता र तन्दुरुस्ती [illegible] निकै ठूलठूला सरकारी काम चाँडो तामेल [illegible] तामेल गर्ने कर्मचारीलाई स्याबासी, बकस, प्रमोशनको [illegible] कर्मचारी अयोग्य ठहऱ्याई पजनीमा खोसिदिने, [illegible] बिराउने एकाध कर्मचारीहरू ठाडै खोसिए तापनि [illegible] कर्मचारीहरू पजनीमा नै भुतल्याइन्थे)।

प्रदर्शनीको आयोजना लैनचौरमा गरिएको थियो [illegible] काठमाडौंमा सार्चिदै आएका चौरको नगर पंचायतले [illegible] चलन त्यतिन्जेल नबसिसकेकोले, त्यसबेला लैनचौर जस्ते [illegible] ठूलो थियो। हाल बृटिश राजदूताबासदेखि दक्षिण, पुरानो नार[illegible] कम्पाउण्डदेखि पश्चिम केशरमहल (हाल लेखनाथमार्ग), कुत्ताखा[illegible] घर, लाम पहाड (काठगोदाम) (हाल अस्कल र शान्ति माध्यमिक वि[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि उत्तरपूर्व र धौवीहरूको धारावाट पूर्व यति चार किल्लाभित्र खालि रूपलाइन (हलचोकवाट ढुंगा खेप्ने रोप)को स्टेशन, एक ठूलो पोखरीको साथै शहरका चार-पाँच टिमले फुटवल खेल्न हुने गौचौर थियो । त्यसलाई लैनचौर भन्दथे ।

त्यसै चौरभित्र त्यो बृहत् औद्योगिक प्रदर्शनी दुई भागमा बाँडिएको थियो । हाल लेखनाथमार्ग (केशरमहलको उत्तर सीमाना)वाट गैरीधारा जाने सडकको पूर्वतिर तीन चोसो परेको चौरलाई सानो लैनचौर भन्दथे (पछि त्यो पूरै नारायणहिटी कम्पाउण्डभित्र पऱ्यो) । एक खण्ड प्रदर्शनी त्यस चौरमा र अर्को चाहिं लेखनाथमार्गवाट लैनभित्र जाने सडकको पश्चिमपट्टिको ठूलो लैनचौरमा गरिएको थियो ।

पूर्वतर्फको प्रदर्शनी स्टलमा (सानो लैनचौरमा) जिल्ला जिल्लाबाट पठाइएका औद्योगिक कोरा जिनिस, तयारी माल, काठमाडौं, भक्तपुर, ठिमी, नकदेश, लुभु, वोडे, खोकना र पाटनमा तयार भएका काठ, धातु, छाला, पत्थर, [illegible] ऊनी र सूती कपडाका गलैंचा, मालसामान; काठमाडौं शहरका [illegible]प, कपूर, मइनबत्ती, फर्निचर, कताइ बुनाइ, छिपाइ, र रंगाइ उद्योगका [illegible]उना, मनोरञ्जन (बिजुलीले चल्ने जाँते, रोंगटे पींग, सानो खेल्ने [illegible]ा चीजहरूको प्रदर्शन भएको थियो । छाउनी म्यूजियमका सामान, [illegible]म्शेर, श्री आनन्द, अमर, तेजबहादुर चित्रकारहरूका [illegible] पारसमणिको धागोले बुनेका तस्वीर; कुलबहादुरका रोंगटे [illegible]र कुलबहादुरका फर्निचर; कमलपोखरी (अरुणोदय)ले [illegible]ागज, रूम्जाटारका राडीपाखी; बाग्लुंग र [illegible]ुत्ता; पाल्पा र भोजपुरका काँसका करुवा; [illegible] सावर; जुम्लाको दाँते ओखर; ठाउँ ठाउँका [illegible]धेरै स्टलहरू सजिएका र भरिएका थिए ।

[illegible]ारखर खुलेका सनपाट, सलाई, चिनी, साबून, [illegible]ाइउड र बाब्वीन, पानीनून, कारखाना र अनेक [illegible] सामानहरू प्रदर्शनीभित्रै छुट्टै स्टलमा प्रदर्शित थिए। [illegible]ाका खाट, पलंग, मेच, टेबुल, दराज, सोफासेट बनाउने [illegible]ारखानाका मालको प्रदर्शनी भयो । तुलसी मेहर, ने. [illegible] अथक र अनन्त प्रयासको कारण, त्यसबेला नेपालमा कताइ-बुनाइ- [illegible]गति भएको थियो । कामधेनु, अमर र गाँधी चर्खा, नयाँ फ्लाइसटल [illegible]लु उद्योगीहरूले धागो कात्न र नयाँ नयाँ ढाँचाले तानावाना मिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँ ठाउँमा कपडा बुन्न थालेका थिए।

खास गरेर मधुवनीमा ने. क. घ. ई.ले बथानका बथान लडकालडकी-लाई कताइ, बुनाइको काम सिक्न पठाएकाले २००० सालतिर नेपालमा कताइ बुनाइको काममा विकास भई नेपाली कपडा निकै उत्तम र जनप्रिय भएको थियो। करबलले हैन, चाहनाले नै धेरै मानिसले त्यसबेला फेरि नेपाली कपडा लगाउन थालेका थिए। दुइ-चार बाजी श्री ३ जुद्धले नेपालमा बनेका कपडाका लुगा लगाएर चाकडीदारलाई देखाइदिएकाले, कति दरबारियाहरूले चाकरी देखाउन पनि नेपाली कपडाले बनेका लुगा लगाउँदथे– स्वदेशमै तयार भएका सामान उपयोग गर्नाले देशविकास हुन्छ भन्ने नेपालको पुरानो पवित्र विचारले भन्दा सो गरेर देखाउँदा राजा रिझिन्छन् भन्ने हेतुले।

हुन त १९९१।९२ र १९९६।९७ सालतिर हाल नेपाल बैंक लिमिटेड रहेको चौरमा सानो-तिनो प्रदर्शनी नखुलेको हैन; त्यसमा खालि काठमाडौं, भक्तपुर, पाटनका परालेले मात्र स्वदेशी विदेशी माल बेच्नलाई ती प्रदर्शनीमा भाग लिएका थिए (त्यसअघि त्यो चौर रिसल्लाको तबेला थियो) तर तिनीहरू [illegible] दाँजोमा २००१ सालको प्रदर्शनी निकै भव्यमात्र थिएन, त्यसको खास [illegible] विशेषता थियो। त्यो हो, जिल्लाजिल्लाका कोरा र तयारी [illegible] सामानको त्यहाँ प्रदर्शन; उद्योगपतिहरूको सहयोग र जमघट। [illegible] साना-साना घरेलु उद्योगीहरूको निमित्त त्यो प्रदर्शनी के के न [illegible] धानीमा आएर भव्य स्तरमा आयोजित त्यो प्रदर्शनीमा भाग [illegible] त्यसबखत सरकारी साना प्रोत्साहनले पनि जिल्लाका [illegible] हुन्थे; त्यसमाथि जिल्लाका मानिसलाई केन्द्रबाट [illegible] सरकारी खर्चमा आउने निम्तो पाउनु एक ठूल [illegible] थियो। त्यसैले निकै जिल्लाका थोर-बहुत उद्योग-धन्दा [illegible] त्यस प्रदर्शनीमा खुशीसाथ टाढाटाढाबाट भाग लिन आ[illegible]

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

२००१ सालको जेष्ठमा श्री ३ महाराज जुद्धशम्शेरको बाहुलीबाट त्यो प्रथम राष्ट्रव्यापी औद्योगिक प्रदर्शनीको लैनचौरमा उद्घाटन भयो । त्यसबखत नेपालमा सम्पन्न हुने थोर-बहुत विकासका कामको शिलान्यास र उद्घाटन खालि प्रधानमन्त्रीले मात्र गर्दथे । उनीबाहेक अरू कसैलाई पनि जनमुखी काम भएको देखाउने अधिकार थिएन । जे जो प्रचार हुन पर्ने हो, त्यो उनैको मात्र हुन्थ्यो– नेपालमा जे हो त्यो प्रधानमन्त्रीमात्र हो भनी प्रष्ट गर्नलाई । अरूलाई नेता गन्न पनि हुँदैनथ्यो र गनिँदैनथे पनि । त्यसबखत नेपालमा प्रधानमन्त्री एक व्यक्तिमात्र हैन, संस्था, भाग्यविधाता र सर्वेसर्वा मानिएका थिए । त्यस्तो एकीकृत व्यक्तिगत शक्ति झन् झन् निखरो पार्नपट्टि राणा प्रधानमन्त्री निरन्तर लागिरहन्थे ।

सो समारोहमा श्री ३ जुद्धले उद्घाटन भाषण गरे । [illegible] भाषण ठूला अक्षरले सकभर सरल भाषामा लेखिदिन पर्दथ्यो [illegible] जुद्धले बडा रवाफसँग धक फुकाएर बिस्तारै पढ्दथे (उनी आफ्[illegible] नदिकन प्रशस्त अंग्रेजी शब्द घुसाएर चिठ्ठीपत्र कागजमा [illegible] लेख्तथे तर भाषण इत्यादि अरूले लेखिदिन पर्दथ्यो [illegible] लिखित त्यस समारोहमा श्री ३ बाट पढिएको भा[illegible] अविलम्ब औद्योगिक विकास भएन भने देशको भ[illegible] छ भन्ने । मे. ज. विजयको त्यो निष्कर्ष अधिकांश रो[illegible] थिएन– श्री ३ जुद्धलाई जत्तिसुकै जँचे पनि ।

प्रदर्शनी सकभर सबैले हेरून् भन्ने ध्येयले प्र[illegible] दुई आना र बालकलाई एक आना ठेकिएको थियो । ख[illegible] प्रदर्शनी हेर्न जानेहरूले मात्र प्रवेश फी रु. १।– तिर्दथे । [illegible] स्टलमा बेनबाजा बज्दथ्यो र दुनियाँदारसँग सकभर कुम[illegible] हुन नचाहने राणाजी, गुरुपुरोहित र भारदारहरूको परिवारले [illegible] विशेष दिन मुकरर गरिएको हुँदा, नेपालमा अलि हुनेखानेहरू जतिका [illegible] त्यही दिन प्रदर्शनी हेर्न आउँदथे । त्यसबखत एक रुपैयाँ निकै ठूलो रकम [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा, रु. १।– तिरेर सर्वसाधारणहरू प्रदर्शनी स्थानमा आउने कुरै थिएन। श्री ५ र श्री ३ हरूले सपरिवार प्रदर्शनी नजर गर्ने दिन निकै अघि नै निर्धारित हुने हुँदा, त्यस दिन स्टल थाप्ने मानिसबाहेक अरू प्रदर्शनीभित्र छिर्न पाउँदैनथे।

सरकारी विभाग र अरू लिमिटेड कम्पनीको कामको प्रदर्शनी पश्चिम-तिरको ठूलो लैनचौरमा गरिएको थियो। मौरीमाष्टर अमरबहादुर खत्री र कृषि अफिसर लप्टन गोपीनाथ थपलियाले मौरीपालन र कपासखेतीको पत्याई नसक्नु प्रचार त्यहीं छाँट्दथे। हरेक पसलमा मालका चिट्ठा खुलेका हुन्थे। जुवाका भोगी नेपालीहरूले खल्ती नरित्तिदासम्म चिट्ठा हाल्ने हुँदा, धेरै पसलेको माल त त्यतैबाट बिक्री हुन्थ्यो। कुनै पनि विदेशी माल त्यो औद्योगिक प्रदर्शनीमा प्रदर्शन गर्न मनाही भएकोले पनि राष्ट्रवादी विचारधाराका धेरै मानिसहरू खुशी भएका थिए।

२००१ सालतक नेपाल अधिराज्यभित्र त्यतिका र त्यस्ता किसिमका सामान तयार हुन्छन् भन्ने कुरा नचिताएका नेपालीहरू त त्यस प्रदर्शनीलाई [illegible]रवसाथ हेर्दथे। पछिपछि पनि त्यस्तो औद्योगिक प्रदर्शनी सालसालै देखाउँदै [illegible]ो भए, ती स्वदेशी मालको स्तर बढाइएको भए र त्यसबेला जस्तो कुटीर र [illegible]ोगीले प्रोत्साहन पाउन थालेका भए, नेपालमा औद्योगिक विकास [illegible]ा नहुने कुनै कारण थिएन। दुर्भाग्यवश पछि त्यस्तो किसिमको [illegible]र्षसम्म नेपालमा खुलेनन्– कामभन्दा कुरा बढी गर्ने प्रवृत्ति [illegible]हदै गएको र देशको आर्थिक विकास गर्ने जोश धेरै समयसम्म [illegible]

[illegible]दर्शनीमा प्रदर्शित सामानहरूमध्ये उत्तम ठहरिए- [illegible]रस्कार प्रदान गर्न, एक विशेष छानबीन समिति [illegible]ाग्लुंगका ॐप्रसाद गौचन, काठमाडौंका तुलसी- [illegible]बहादुर, पारसमणि, धर्मवीर इत्यादिहरूलाई सुवर्ण [illegible] र अरू प्रदर्शनकारीहरूलाई थरीथरीका कदरपत्र [illegible]र दिने ठहर गऱ्यो– उद्योगप्रति उद्योगीको झल्यद [illegible]।

[illegible]त सैंतीस वर्षअघि लैनचौरमा खुलेको औद्योगिक प्रदर्शनी [illegible]स किसिमको पहिलो र पूर्ण स्वदेशीमात्र थिएन, त्यो हेर्न [illegible]लमा एकबेला दई [illegible] थियो। १९९० सालपछि श्री ३ जुद्धले नेपालको विकास [illegible] उठाएका अनेक सकारात्मक कदम– कम्पनी ऐनको तर्जुमा; नेपा[illegible] चालू; कृषि, वन, खानी, ने. क. घ. ई. अड्डा उद्योग परिषद्को गठन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूट खेती र नूनखानीको चालू; औद्योगिक सर्भे; को-अपरेटिभ सोसाइटी, लाएण्ड भोर्गेज बैंक र अनेक लिमिटेड कम्पनी (जुद्ध सलाई, सनपाट, चिनी, कपडा, चुरोट, बब्बीन, प्लाइउड, केमिकल, फ्रेम एण्ड फर्निचर, रानीपोखरी काठ कार्यालय, धनमन्तरी निकेतन, साबून इत्यादि) र कारखानाको स्थापनाको नतीजा त्यो औद्योगिक प्रदर्शनी हो भन्नु अत्युक्ति नहोला। प्रदर्शनीका धेरैजसो स्टल इनै उद्योगका उत्पादनले भरिएका थिए।

२००१ सालको त्यो औद्योगिक प्रदर्शनीको विसर्जन भएको धेरै वर्ष-पछिसम्म पनि काठमाडौंका जनताले, त्यसलाई झलझली सम्झी कुरा गर्दथे– त्यसबेला नेपालमा पूर्ण स्वदेशी औद्योगिक प्रदर्शनी खुल्नु एक नौलो काम भएकोले। त्यसको विशेषता र उद्देश्य थियो, १९८९ सालदेखि २००१ सालतक नेपालमा कुटीर, घरेलु र मझौला खालका कति उद्योग-धन्धा खुलेछन् र भविष्यमा के कस्ता उद्योग खोल्न सक्ने नेपालमा क्षमता र गुन्जायस छ भनी उद्योग-मुखी जनतालाई प्रदर्शन गर्ने कुराको।

त्यो ध्येय उक्त औद्योगिक प्रदर्शनीले पुऱ्यायो– खास गरेर, सरकार कसिएको खण्डमा एकथरी उद्योगीहरू देशमा नयाँ नयाँ उद्योग खोल्न [illegible] छन् र थरीथरीका औद्योगिक कोरा जिनिस ठाउँ ठाउँमा पवल पाइ[illegible] कुराको लैनचौरमा प्रदर्शन गरी। कुनै दिन पूर्ण आत्मनिर्भर नेपा[illegible] ज्यमा २००० साल लाग्दासम्म पनि कुटीर, घरेलु र साना-म[illegible] योग्य कोरा जिनिस ठाउँ-ठाउँमा बचेका छन् र बचाउन सकि[illegible] बोध त्यस औद्योगिक प्रदर्शनीले गरेको थियो।

उहिलेका नेपालीहरू आँटिला थिए भन्ने कुरा [illegible] लामो इतिहास। पूर्व मेचीदेखि पश्चिम काङ्गडासम्म [illegible] हाम्रै पूर्खाले सानसँग चलाएथे। वृटिश, मुसलमान, [illegible] आफ्नो सार्वभौमसत्ता यिनैले बचाएथे। त्यही अपार आ[illegible] सालको नेपाल अधिराज्यव्यापी औद्योगिक प्रदर्शनी– [illegible] त्यत्रो चाख र उत्साहका साथ काठमाडौंमा खुलेको अस[illegible] भाग लिएका थिए– स्वदेशी उद्योग-धन्धा चाँडो विकास गर्ने [illegible]

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) पुरानो चालले नेपालको राजकाज चलाउने दिन गए

२००१ सालतिर विश्वका सबै नेता र पत्र-पत्रिकाले चालू विश्व-युद्ध सफलतापूर्वक अलाइज्को पक्षमा (अंग्रेज अमेरिकनका साथी) समाप्ति हुने कुराकोभन्दा पनि, युद्ध सकिएपछि संसारमा यस्तो र उस्तो राजनीतिक र आर्थिक परिवर्तन हुन पर्दछ भन्ने कुराको बढी चर्चा गर्न थालेका थिए। पूर्व-पश्चिमी उपनिवेशका राष्ट्रवादी नेताहरूको मुखमा त्यसबखत झुण्डिएको थियो साम्राज्यवादको कारणले नै दोस्रो विश्वयुद्ध भएको हो भन्ने चर्चा। अंग्रेजहरू आफैले पनि केही राजनीतिक र आर्थिक परिवर्तन अनिवार्य सम्झेका थिए। अमेरिकन गणतन्त्र पार्टीका नेता मि. उइन्डेल उइल्कीले त [illegible] विश्व हुन पर्दछ भन्ने नारै २००१ सालतिर लगाउन थाले। भारतको [illegible] पार्टीका नेताहरूको देशमा आर्थिक परिवर्तन हुन पर्दछ भन्ने नारा [illegible] भोलि बढ्न थालेको थियो। इत्यादि कारणले नेपालमा पनि [illegible] आर्थिक परिवर्तन अनिवार्य छ भन्ने एक थरीको भनाइ थियो- [illegible] नजानिंदो किसिमबाट।

नेपालमा यो नयाँ विचारले श्री ३ जुद्धको कान [illegible] मे. ज. विजय र सरदार गुन्जमान सिंह। त्यसबेला [illegible] सीमित आर्थिक निकायहरूका या त तालुकवाला [illegible] दार गुन्जमान उद्योग परिषद्का हाकिम र श्री ३ [illegible] वसी लडाई सम्बन्धी लेखापढी गर्ने विशिष्ट कर्मचारी [illegible] व्यक्तिले रोजिन्दाजस्तो प्रधानमन्त्रीको दर्शन र [illegible] लागेका देशविकाससम्बन्धी कुरा पोख्ने मौका पाउँदथे [illegible] श्री ३ जुद्ध र बृटिश राजदूत मि. वेथम बीचको लेखापढीले [illegible] मन नेपालको आर्थिक विकासतर्फ ढल्केको संकेत दिन्छ)।

यी दुई जनाको कुरा पत्याई त्यो दोस्रो महायुद्ध सम्ले [illegible] पनि केही न केही आर्थिक विकास नगरी हुन्न भन्ने विचारतर्फ मो[illegible] दामो श्री ३ ले २००१ साल श्रावणतिर, "कस्तो गरेमा नेपालको चाँडो आ[illegible] उन्नति हुन सक्तछ, त्यसबारेमा आफ्नो मन्तव्य र सुझाव पन्धू दिनभित्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा हजूरमा पेश गर्नू" भन्ने निर्देशन सबै सत्रभाइ रोलवाला राणाजीहरूलाई पठाए। वास्तवमा त्यसबेला उठेको त्यो चर्चालिभन्दा पनि सोह्र महीनाअघि ज. विजयले श्री ३ जुद्धमा पेश गरेको आर्थिक योजनाको रूपरेखा उपयुक्त समयमा प्रकाशमा ल्याउने विचारले श्री ३ जुद्धलाई बढी उत्सुक पारेको थियो।

१६।१७ महीनाअघि श्री ३ जुद्धमा अनौपचारिक ढंगबाट पेश भएको त्यो मसौदा आर्थिक योजनाको रूपरेखामा थोर-बहुतमात्र थपघट गरी मी. सु. गुन्जमानमार्फत् म्यादभित्रमा मे. ज. विजयले आफ्नो सुझाव श्री ३ मा पेश गरे– सबै रोलवालाको सो सुझाव मी. सु. गुन्जमानले जम्मा गरी निर्धारित दिनमा प्रधानमन्त्रीकहाँ जाहेर गर्ने प्रबन्ध भएकोले। मे. ज. विजयले श्री ३ जुद्धका जुनाफमा पेश गरेको उक्त सुझावका मुख्य मुख्य कुराहरू निम्न प्रकारका थिए।

"अंग पुगेको राष्ट्रिय आर्थिक योजना तयार गर्न आवश्यक आँकडा [illegible]नको निमित्त नेपालको औद्योगिक सर्भेको काम पाँच वर्षभित्रमा [illegible] दश वर्षभित्रमा योजना कार्यान्वयन गर्न नभै नहुने पूर्वाधारको [illegible]र सडक, बिजुली, संचार, प्राविधिज्ञ तालीम, नहर निर्माण, [illegible] इत्यादि) तयारी; जिल्लापिच्छे तुरुन्तै लाएण्ड मोर्गेज बैंक [illegible] सोसाइटीको गठन; कृषि आधारित घरेलु, साना र मझौला [illegible]धाहरू खोल्ने स्थानको सर्भे र उद्योगको स्थापना; कृषि [illegible], मल र बीजको बेलैमा प्रबन्ध; कृषि र घरेलु [illegible]ारी र तिनीहरूको खरीद, बिक्री र वितरण गर्न [illegible]गी संस्थाको स्थापना; कहाँ कहाँ कति पनबिजुली [illegible]ने अबिलम्ब सर्वे र एकाध ठाउँमा तुरुन्तै विद्युत [illegible] जोड्ने मोटर सडकको तराईमा र त्यसमा मिल्ने [illegible] औ रोपवेको पहाडमा निर्माण; यी सब सडकमा [illegible]वस, ट्राम र रोपवेको समयान्तरमा विद्युतीकरण; कृषि [illegible] र स्वास्थ्यस्कूलको शुरू; नेपालमा कलेजहरू थप्ने [illegible]लमा एकैबेला दई [illegible]को स्थापना; उपर्युक्त काम गर्नलाई पन्ध्र वर्षमा एक [illegible]रुपैयाँको संकलन र नेपालमा मिश्रित आर्थिक नीतिको अवलम्बन" [illegible]वै कुरा पारेर स्वर्गीय मे. ज. विजयले आफ्नै हातले ५५।५६ पन्नेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजना लेखेका थिए[1] (२००१ र २००५ सालमा नेपालमा बन्ने भनेको राष्ट्रिय आर्थिक योजना यसै प्रतिवेदनमा आधारित थियो) ।

-०-

---

१. यो योजनाको पाण्डुलिपिको एक प्रति उद्योग परिषद्मा थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

त्यसबेला नेपालमा डाक्टर, इन्जिनीयर, कृषि र वन विशेषज्ञहरू जम्मा गरी एक सय जनाजति जम्मा हुँदा हुन्; अर्थशास्त्री त छँदै थिएनन् भने पनि हुन्छ र थोर-बहुत जो थिए ती त्रि-चन्द्र कलेजमा अर्थशास्त्र पढाउने धुनमा नै व्यस्त थिए। वार्षिक रु. तीन करोडजति राजस्व उठ्ने त्यसबेलाको नेपालले एक अरबको रकम पन्ध्र वर्षभित्रमा संकलन गर्न गाह्रो थियो। त्योभन्दा पनि झन् कठोर थियो आर्थिक विकासलाई चाहिने साधन र मनोभावनाको कमी। आर्थिक योजना कार्यान्वयन गर्न धनी, गरीब, साना, ठूला सबैको तपस्या, त्याग र सहयोग अनिवार्य हुन्छ। सरकार र जनता नंगमासु नभै त्यो संयोजनाको अथवा कुनै पनि चुनौतिपूर्ण का[illegible] राष्ट्रमा सम्पन्न हुन नसक्ने कुरा स्वयंसिद्ध छ।

ती सबै तारतम्य मिल्न मिलाउन राजनीतिक र [illegible] गाँसिनुपर्दछ। आखिर, अर्थशास्त्र भन्नु नै वेस्कन मथिएको [illegible] राजनीति हो। सबभन्दा जड कुरा राजादेखि रंकसम्म [illegible] हुन र मुख्य ताप्के तात्न पर्दछ, बींड हैन– देशको विकास [illegible] लक्षण त्यसबखत नेपालमा छँदै थिएनन् भन्न त स[illegible] थिए। जनतासँग हेलमेल गरेमा आफ्नो मा[illegible] सरकार ठान्दथे। चुनेरैतीको कहीं केही स्थान थि[illegible] राणा सरकार बढी भर परेको थियो; तिनीहरू [illegible] बेभरका थिए भन्ने कुरालाई पछिपछिका घटनाले [illegible] अति अशिक्षित थिए; नेपालको आर्थिक अवस्था अस[illegible] छ भन्ने केही पनि थिएन भने पनि हुन्छ।

त्यसैले मे. ज. विजयले तयार गरेको मसौद[illegible] रूपरेखामा कुनै आर्थिक स्रोत जनिएको वार्षिक लक्ष्य त[illegible] व्यवस्था कस्तो हुन पर्दछ भन्ने कुनै टिप्पणी पनि कहीं [illegible] राणाशासनप्रणालीअन्तर्गत त्यसबेलासम्म पनि कुनै ठोस राज[illegible] परिवर्तन गर्ने कुरा राणाजीहरूले सोचेकासम्म थिएनन्– त्यस्तो गर्ने [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रधानमन्त्रीको पनि हातवाहिरको कुरा हुँदा । कुनै राजनीतिक परिवर्तन भएमा त्यसको मार रोलमा माथि पुगेको राणाजीको स्वार्थमा पर्ने हुँदा, प्रचलित व्यवस्थालाई अधिकांश रोलवाला राणाजीहरू जस्ताको त्यस्तै हालतमा राख्ने पक्षमा थिए– हर हिटलरले सन् १९४२ मा हजार वर्षसम्म यही चालले म यूरोप चलाउँदछु भन्ने गुड्डी हाँके झैं ।

राणासरकारको विरुद्ध कसैले केही आवाज नउठाउने हुँदा, निर्विकल्प ठहरिएको त्यो राणाव्यवस्थाले परिवर्तनपट्टि राणाजीहरूले कुनै वास्ता नगर्नु स्वाभाविकै कुरा थियो– निजी स्वार्थको विपरीत हुने गरी कसैले पनि देशमा परिवर्तन नचाहने सन्दर्भमा विचार गर्ने हो भने । जुन कुरा प्रधानमन्त्री या त गर्दैनन् अथवा चाहे पनि गर्न सक्तैनन्, त्यतापट्टि कुनै ध्यान दिनु नै फजुल देखी । प्रस्तावित मसौदा आर्थिक विकास योजनामा राजनीतिक सुधारपट्टि कुनै चर्चा परेको थिएन– राजनीतिक सुधारविना ठोस आर्थिक उन्नति देशमा हुन सक्तैन भन्ने कुरा थाह पाउँदापाउँदै पनि। प्रस्तावित मसौदा योजनामा आर्थिक स्रोतको पनि कहीं उल्लेख भएको [illegible] (शुरूशुरूमा श्री ३ वीर, चन्द्र र जुद्धका परिवारबाट जसरी भए [illegible] विकासलाई पैसा उठाउने मे. ज. विजयको भित्री अभिप्राय थियो) [illegible] जुँगाले नछेके झैं, तत्कालका आर्थिक कमीले भावी विकास- [illegible] जस्तो मे. ज. विजयलाई लागेको थिएन। कारण, त्यस- [illegible] कसिएको खण्डमा लाजगाल करवल, डरधम्कीले सबै धनी [illegible] लाई ऋण दिने सम्भव थियो।

[illegible] कट परेपछि अथवा देशको आर्थिक विकास भएपछि, [illegible] नाकका चालले आफैले गर्न पर्दछ भन्ने कथन छ। [illegible] पूरक पनि हुन्। पानीले आफ्नो स्तर आफैले [illegible] ले आफ्सुहाउँदो राजनीतिक स्तर आफै खोज्दछन् [illegible] य विश्वस्त थिए। त्यसैले नेपालमा सकभर चाँडो [illegible] क्षमा उनी लागेका हुन् र त्यो लक्ष्य हासिल गर्न [illegible] यास बाँकी राखेनन्। वास्तवमा त्यसबखत राजनीतिको [illegible] राणाजी रोलवाला सत्रभाइले पनि गर्नु, अरिंगालको [illegible] न्नुसमान थियो । अरूहरूभन्दा पनि राणाजीहरू [illegible] कुस्तुर हुन पर्दथ्यो– तल-माथि परे रोलबाट खुत्किएला [illegible] ले र त्यस्तै खालको धर्मपत्र उनीहरूको हुँदा। पन्ध्र वर्षभित्रमा [illegible] रबको रकम आन्तरिक स्रोतबाट संकलन गर्न पनि, त्यसबखत राजनीतिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवर्तन ल्याउन खोज्नुभन्दा कम असम्भव थिएन । इत्यादि कठिनाइको बावजूद पनि त्यसबखत आर्थिक विकास योजनाको रूपरेखा बन्यो– बन्न-सम्मलाई । राणाजीहरूबाटै अधिकांश पैसा उठाउन भित्री विचारको सुईंको अथवा केही राजनीतिक सुधारको चर्चा प्रस्तावित पञ्चवर्षीय योजनामा पार्नुको अर्थ हुन्थ्यो कट्टर रोलवाला राणाजीबाट विरोध मच्चाउनु । त्यसैले यी दुवै कुरा योजनाको पेटबोलीमा पनि परेनन् ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

मुख्तियार र उनीदेखि तलका सबै रोलवाला राणाजीहरूले आफ्नो आफ्नो सुझाव श्री ३ जुद्धमा म्यादभित्रमा पेश गरेपछि, सबै रोलवाला राणाजीहरूलाई नागरजंग बंगलामा उपस्थित हुने उर्दी भयो (जहाँ हिउँद-वर्षामा बराबर श्री ३ जुद्ध हावा-पानी फेर्न जान्थे) । रोलवाला राणाजीको मनपेट बुझ्नलाई प्रधानमन्त्रीले त्यो सुझाव मागेको हुन सक्तछ भन्ने पाप धेरै शंकालु रोलवाला सत्रभाइहरूको मनमा खेल्यो। हुन त राजनीति सोझो चालले चल्ने विषय होइन । एकतन्त्री राणासरकारमा त्यस्तो शंका उप-शंका र संकोचले धेरैको मनमा डेरा गर्दथ्यो। कसैले राष्ट्रविकासल[illegible] नयाँ व्यवस्थाका काम त के कुरासम्म गऱ्यो भने पनि ऊ दिग्गज रोल[illegible] राणाहरूको नजरबाट गिर्दथ्यो र राणाव्यवस्थालाई त्यो खत[illegible] सम्झिइन्थ्यो ।

त्यसैले धेरैजसो सत्रभाइ रोलवालाहरूले आपसमा स[illegible] किसिमको सुझाव श्री ३ मा जाहेर गर्ने निधो गरे– प[illegible] व्यक्त गर्दा आपसमा फाटो आउला भन्ने डर र शंका[illegible] वालामध्ये पनि रोलमा चढेका तेह्र-चौधजनाको [illegible] अरूको उस्तो भाउ हुँदैनथ्यो) गर्दा। "हाल सरका[illegible] निमित्त जे जो जत्ति गरिबक्सेको छ, त्यही ठीक र [illegible] हरफे एकै किसिमको खेस्रे सुझाव उनीहरूले एकैमुख [illegible] पेश गरे– स्यालभाखा मिलाए झैं गरी । प्रधानमन्त्रीस[illegible] जीहरूले सोझै शेखी खोज्न त सक्तैनथे तर आफ्नो स्व[illegible] धक्का लाग्ने देखेभने त्यसलाई भाँजी मार्न पनि उनीह[illegible] बाँकी राख्तैनथे । त्यसरी भाँजी मारेका अनेक दृष्टान्त पा[illegible]

निर्धारित दिनमा सबैको सुझाव मी. सु. गुन्जमानले [illegible] हजूरमा नागरजंग बंगलामा एक एक गरेर पढे । खालि मे. ज. [illegible] मे. ज. मृगेन्द्र र मे. ज. ब्रह्मबाहेक अरू सबैले पुरानै व्यवस्था यथारि[illegible] नै चलाउने सुझाव व्यक्त गरेको कुरा जाहेर भयो। त्यसमा पनि मे. ज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बूझले प्रस्तुत गरेको सुझावमा राजनीतिक परिवर्तनको पनि संकेत परेकोले दक्षिणपन्थी दिग्गज राणाहरू उनीसँग निकै सन्के । मे. ज. मृगेन्द्रको सुझाव पनि ठोस गनिएन । त्यसरी मे. ज. विजयबाहेक अरू सबै रोलवाला छोरा भतिजाको नैराश्यपूर्ण सुझाव सुनेका श्री ३ जुद्धबाट, "आज नेपालमा जे, जो जस्तो छ त्यो सबै ठीक छैन; पुरानो चालले नेपालको राजकाज चलाउने दिन गए; डोलेको जस्तो बुद्धिले अब नेपाल चल्दैन; नेपालमा अब केही नयाँ काम अवश्य हुनुपर्दछ; श्री हजूर (ज. विजयको घरमा बोलाउने नाम) ले पेश गरेको सुझाव बिल्कुल वाजिव (मनासीब) र समयानूकूल छ। उसको सुझावबमोजिम काम गर्ने बेला आयो" भन्ने हुकूम हुँदै, सबै रोलवाला राणाजीको अगाडि मे. ज. विजयको बुद्धि, लगनशीलता, विवेक, योग्यता, वर्कत र दूरदर्शिताको मुग्धकण्ठले श्री ३ जुद्धले तारीफ गरे ।

यही हुकूमका युक्ति पारी सरदार गुन्जमानले मे. ज. विजयलाई हुकूम प्रमांगी पठाए– मे. ज. विजयले सोह्र-सत्र महीनाअघि श्री ३ मा [illegible] गरेको आर्थिक योजनाको मसौदालाई औपचारिक मान्यता दिंदै । श्री ३ [illegible] मुखबाट यी सब कुरा सुनेका रोलवाला राणाजीहरू श्री ३ को [illegible]नाजवाफ भए तर भित्रभित्र विजय शम्शेरको खूब डाहा गरे । [illegible] भित्रभित्र जे भने पनि, मे. ज. विजयले श्री ३ को जुनाफमा [illegible]यो नेपालको चाँडो आर्थिक विकास गर्ने सुझावको त्यसबेला [illegible]रोध गरेनन् । खालि जंगलाठ मोहनशम्शेरले घर फर्कंर [illegible]केटाकेटी आए गुलेली खेलाए, एक अरब भनेको कति [illegible] सोधे तर मे. ज. बूझको सुझावलाई जस्तो राष्ट्र- [illegible]ी गरेनन् । यसरी मे. ज. विजयको मसौदा आर्थिक [illegible] २००१ सालको भदौतिर श्री ३ को स्वीकृति प्राप्त [illegible]ी औद्योगिक सर्भे, जो प्रस्तावित आर्थिक योजना [illegible]कदम थियो, तुरुन्तै शुरू गर्नलाई, "औद्योगिक व्यापारि[illegible] [illegible]अड्डाको फौरन गठन गर्ने प्रस्ताव २००१ साल भाद्रम[illegible] [illegible]ी ।

[illegible] [illegible]लामो इतिहासमा आर्थिक योजना बनाउने निधो प्रधान [illegible]लिमा एकबेला दुई [illegible]ना लागेको यो पहिलाबाजी थियो । त्यसबेला यसमा श्री [illegible] चाख लिएका थिए– यसको महत्त्व बुझेर हो वा आफ्नो शासनकाल[illegible] [illegible]यप नयाँ काम नेपालमा हुन लाग्यो भनी अरूलाई सुनाउन र देखाउ[illegible] हो; त्यो त यसै भन्न सकिन्न । त्यो मसौदा आर्थिक योजना तयार भ[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो कार्यान्वयन होला र त्यसबाट नेपाली जनताको उद्धार होला भन्ने त अरू दिग्गज रोलवाला राणाजीले सपनामा पनि चिताएका थिएनन् । उनीहरूले त्यस मसौदा योजनाप्रति त्यसबखत कुनै प्रतिक्रिया व्यक्त नगर्नाको खास कारण पनि त्यही अनिश्चितता थियो । देशमा कुनै राजनीतिक सुधार नभै-कन पनि आर्थिक सुधार गर्न सम्भव भए, सो गर्न श्री ३ जुद्ध २००१ सालतिर तयार थिए । तर त्यो सम्भव हुँदोरहेनछ भन्ने कुरा उनकै र उनी-पछिका दुई राणा प्रधानमन्त्रीका पालामा साबित भयो ।

—०—



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) नेपालको सर्वप्रथम औद्योगिक सर्भे

श्री ३ जुद्धबाट २००१ साल भाद्रमा स्वीकृत "मसौदा योजना"को पहिलो चरण कार्यान्वन गर्नको लागि"औद्योगिक व्यापारिक समाचार संग्रह" अड्डा गठन गर्ने र त्यसले अधिराज्यव्यापी औद्योगिक सर्भे गर्नलाई कार्यक्रम तुरुन्तै तयार गर्ने स्वीकृति प्रदान भयो। सर्वप्रथम सो सर्भे गर्नलाई पाँच जना अधिकृत, पाँचजना उनीहरूका सहायक, खरीदार-हाकिम, तहरीर, कारिन्दा र सिपाहीको दरबन्दीको सनद बन्यो– सबै पटके कामलाई छुट्टै सनद सवाल बनाउन पर्ने त्यसबेलाको चलनअनुसार। सो अड्डा हनुमानढोकानेरको कुमारीचोकसँगै खुल्यो।

राणाशासनमा, प्रधानमन्त्रीको स्वीकृतिबेगर सानै दर्जाका कर्मचारी[illegible] पनि अरूले दरबन्दी सदर र भर्ना गर्न हुँदैनथ्यो– अधिकृतको त कुरै [illegible] जावस्! प्रधानमन्त्रीबाट दरबन्दी सदर भएको पदमा पनि प्रायः प्र[illegible] आफैले कर्मचारीहरूलाई एक एक गरेर छानीबीनी भर्ना गर्दथे [illegible] दरबन्दी प्रधानमन्त्रीबाट सृजना गराउन सितिमितिले सक्दैनथे।

कारण, जति नयाँ दरबन्दी थपिए उति सरकारको खर्च[illegible] प्रधानमन्त्रीको बाहुली दाखिल हुने रकम घट्न जाने हुँदा[illegible] मन परेको तालुकवालावाहेक अरूले नयाँ पद सृ[illegible] उनको जुनाफमा विन्ति चढाउन टक्ने हिम्मत गर्दैनथे[illegible] खर्चमा आफ्नो घर-व्यवहार चलाए झैं प्रधानमन्त्रीले [illegible] चलाउने त्यसबेलाको व्यवस्था हुँदा, सरकारमा हुने आमदानी[illegible] खर्चमा जस्तै उनले ठूलो निगरानी राख्दथे। दोस्रो, सरकारी अ[illegible] अति सीमित हुँदा, जागीर अति महँगो थियो; जो पायो त[illegible] शुरूमा नै अधिकृत स्तरको जागीर खालि केही सीमित परिवा[illegible] थियो।

यदि पद निकासा भइहाल्यो भने पनि, त्यो पदपूर्ति प्रायः प्रधा[illegible] उनका छोरानाति, भित्रियाहरूका चाकरीदार र नातेदारमध्येबाट हुने हुँदा[illegible] सानो चोटले, एकै चोटि लरतरो बाहिरिया मानिसले त्यसबेला आफ्नै हुती र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खूबीले प्रशासनिक सेवामा मुखिया बहिदारको जागीर पाउन पनि सम्भव थिएन– डिठ्ठा, खरदार र लप्टनको त के कुरा। ल्याकत जाँची कर्मचारी भर्ना र पदोन्नती गर्ने कागजी व्यवस्था त त्यसबखत पनि थियो, तर वास्तवमा एक प्रतिशत मानिस पनि ल्याकतजाँचबाट पदोन्नत र भर्ना हुँदैनथे।

त्यसबेलाको भनसुन. नाता र कृपावाद (आजकलको सोर्सफोर्स) प्रशासनमा छिरेका धेरैजसो अधिकृत अक्सर गरेर हाइलम्फू हुने हुँदा र राष्ट्र-व्यापी औद्योगिक सर्भे गर्नेजस्तो गहन, चुनौती र महत्त्वपूर्ण काम त्यस्ता निकम्मूबाट कुनै हालतमा पनि नचल्ने हुँदा, औद्योगिक सर्भेलाई चाहिनेजति सबै कर्मचारी औद्योगिक व्यापारिक समाचार संग्रह अड्डाका तालुकवाला मे. ज. विजयले छान्ने एकाधिकार श्री ३ जुद्धबाट प्रदान भयो। यो निकासा असाधा-रण थियो भने पनि हुन्छ– त्यसबेला मुख्तियारसम्मले पनि कुनै डिट्ठा खरदार-लाई सोझै भर्ना गर्न नपाउने पृष्ठभूमिको ख्याल गर्ने हो भने। नेपालमा प्रथम औद्योगिक सर्भेको काम लरतरो कर्मचारीबाट पार नलाग्ने सम्झेर नै त्यो तरीका अपनाइएको थियो।

त्यस्तो असाधारण अख्तियारीको मे. ज. विजयले हद सदुपयोग गरे। [illegible]लाई निकासा भएका मुख्य मुख्य दरबन्दी पूर्तिलाई पाँच अधिकृत र उनका [illegible]हरूको भर्नाको निमित्त गोरखापत्रमा विज्ञापन छापियो– उम्मेदवार-[illegible]श्यक ल्याकत, उमेर र कामको किसिम खोलेर। गोरखापत्रम[illegible] विज्ञप्ति प्रकाश गरी राणासरकारले अधिकृत भर्ना गरेको [illegible]कीय इतिहासमा पहिलो पटक थियो। पाँच जना अफिसरला[illegible] सन्दर्भमा विचार गर्ने हो भने त त्यति ठूलो कुरा हैन [illegible]के के न थियो। जंगीलाठ मोहनशम्शेरका नातागोत[illegible]म थिएन, मे. ज. विजयकै चाकरीदार पनि प्रशस[illegible] हुकूम प्रपांगी गिराउन सक्नेको त के हिसाब। ती कोहे[illegible] औद्योगिक सर्भे कामलाई योग्य उम्मेदवार स्वतः[illegible] विजयको अठोटमा कसैले, केही, कतैबाट आँच पार्नसके[illegible]रको ल्याकत कम-से-कम आई. ए. हुन पर्ने अनिवार्य[illegible] किटिएकोले पच्चीस तीस जनाको मात्र अफिसर पदला[illegible] त्यसबखत आई. ए. पास गरी बेकार बसेका अथवा कलेज[illegible]लेमा एकबेला दुई [illegible]र्थी शायद त्यति नै हुँदा हुन्; र धेरैको दरखास्तमा फलाना[illegible]रा र फलानाको नाति भन्ने कुराले प्रमुख स्थान ओगटेको थियो। मे. [illegible]जय र प्रो. भीमबहादुर पाण्डेले सबै दरखास्तलाई एक एक गरी केलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवेदकहरूलाई अन्तरवार्ता गरी सर्वश्री धनवहादुर (विचराको कलिलै उमेरमै स्वर्गवास भयो), नयनवहादुर के. सी., धीरवहादुर रायमाझी, नरकान्त अधिकारी, केशरवहादुर आचार्यहरू औद्योगिक सर्भे अफिसरमा छानिए (त्यही बीचमा नयनवहादुर के. सी. ले एम. ए. पढ्ने छात्रवृत्ति पाएकाले उनको ठाउँमा सत्यमोहन जोशी भर्ना भए)[१]। प्रो. भीमवहादुर र ती सर्भे अफिसर मिली विज्ञानपद्धारा नै सर्वश्री मदनलाल जोशी, शम्भुकुमार मल्ल, भानुभक्त सिटौला, शिवलाल राजभण्डारी र छत्रध्वज खत्री क्षत्रीलाई असिष्टेण्ट सर्भे अफिसरको पदमा छाने र अड्डाकै कर्मचारी झंकेश्वरमान सिंहले वहीं बुझाउने हाकिम खरदारमा प्रमोशन पाए।

त्यसरी छानिएका अफिसर र असिष्टेण्टहरू कोरा भए पनि उनीहरूको काम गर्ने जोश र हिम्मत ताजा र तगडा थियो। त्यस्तै बलियो छाती भएका मानिस छान्ने मे. ज. विजयको विचार भएकोले तिनीहरू त्यस्तो खुला प्रतियोगितावाट छानिएका थिए। यी सबै अफिसरहरूलाई औद्योगिक व्यापारिक समाचार संग्रह अड्डाका हाकिम प्रो. भीमवहादुर पाण्डेले सधाए सिकाए [illegible] भीमबहादुरले १९९८ सालमा कलकत्ता विश्वविद्यालयबाट एम. क[illegible] गरेपछि त्यसबेलाको मैसूर रियासतमा गई औद्योगिक विकास र स[illegible] भन्ने विषयमा निकै महीनासम्म तालीम हासिल गरेका थिए) [illegible] पाँच महीनासम्म निज अफिसरहरूद्वारा के कसरी औद्योगिक स[illegible] मा विभिन्न विभागका विशेषज्ञहरूले तालीम हासिल [illegible] उनीहरूले पेश गरेको प्रथम प्रतिवेदनको भूमिकाको नि[illegible] २००१ साल मार्गमा प्रो. भीमबहादुर पाण्डे र उक्त [illegible] पश्चिम नं. २ गोरखा र नं. ३ कास्की, तनहूँ र ल[illegible] शुरू गरे।

देश बनाऊँ भनी कुनै आदर्शले प्रेरित कर्मचारी[illegible] चित्तले काम गरे भने, सीमित रकमको निकासाले, थोरै [illegible] घरघर पैदल चाहांरेर कति धेरै काम गर्न सक्तारहेछन् भ[illegible] दृष्टान्त छ ती पाँच अफिसरले २००१ सालमा ६।७ महीन[illegible]

---

१. समयान्तरमा यी सबै अधिकृतहरू श्री ५ को सरकारका अति उच्च ओहोदामा पुगे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको जख्ख् प्रतिवेदनबाट यहाँ उतारेको छोटो तथ्यांक ।[1] त्यस अवधिमा निज पाँच अफिसरहरूले सर्भे गरेका जिल्लामा, मानिस, जनावर, औद्योगिक कोरा जिनिस, बिजुली उत्पादन गर्न उपयुक्त पानीका झर्ना र घरेलु उद्योग, व्यापार के कति र कस्ता स्थितिमा रहेछन्, त्यसको निधोमात्र गरेनन्, तिनी-हरूको चाँडो विकास गर्ने जुक्ति-बुद्धिको पनि सुझाव पेश गरे ।

—०—

१. तथ्यांक, परिशिष्ट– ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

संलग्न परिशिष्ट ४ मा उल्लिखित तथ्यांकसंकलन गर्ने उक्त सर्भे अफिसरहरूले आफ्ना-आफ्ना प्रतिवेदनको भूमिकामा व्यक्त गरेका विचारबाट उनीहरू कति निष्टावान्, देशसेवी, कर्तव्यपरायण र विकास-प्रेमी रहेछन् भन्ने तथ्य प्रष्ट झल्कन्छ । सर्भे अफिसर स्वर्गीय धनबहादुर अधिकारीले २००२ साल भाद्र २० गते पेश गरेको प्रतिवेदनको भूमिकामा लेखेका छन्, "देशको सुधार एक नियम बन्न आएको छ । हाल ईश्वरमूर्ति श्री ३ महाराजका उदयमा नेपालमा उद्योगले ठूलो स्थान पाई जतातत देशको औद्योगिक रूप बदलिन गएको देखिन्छ तर मुलुकको जनसंख्या, पश पालन, खानी, जंगल, कृषि, खोला, नदी-नाला इत्यादिको संख्याको ज्ञान नभै कुन ठाउँमा कुन उद्योगको चालू गरी त्यस ठाउँमा मानिस उद्योगी र स्वावलम्बी तुल्याउन सकिन्छ भन्ने कुरामा औद्योगिक यस प्रश्नको हल हुन सक्तछ भन्ने कुरा प्रजावत्सल श्री ३ मह बक्सी, निपूण तथा यस विषयमा पूरा दखल पाएका मानिसले तापनि धर्मअवतार प्रभूवाट ठूलो अनुग्रह रही आफ्नै यो काम गराउन पर्दछ भन्ने हुकुम बक्सी श्री डाइरेक्टर प. गोरखा दक्षिण बाहु मेजर जनरल विजयशम्शेर जं धेरै पदाभिलाषीहरूलाई चाहिने विषयको जाँच गरिबक्स जना अफिसरहरूलाई यस काममा नियुक्त गरिबक्सियो । होइन । यति भएपछि वहाँबाट ५ सर्भे अफिसरहरूलाई प काजमा खटाइबक्सियो । नयाँ कामको सिलसिलासमेत चा लाई अफिसर साथै पठाइबक्सियो । प्रोफेसर (भीमबहादु पनि देशसेवामा कत्ति नचुकी अफिसरहरूलाई यथेष्ट अफिसरहरूले वहाँलाई हार्दिक धन्यवाद चढाउँदछन् । सर्भे गर्ने सनदबमोजिम हरेक अफिसरलाई सरकारबाट सुबेदार एक, हवलदार सिपाही आठ जना मद्दतको लागि जिल्लाबाट खटाइबक्सेको थियो ।"

औद्योगिक सर्भे किन र कसरी भन्ने कुरालाई लिएर अर्को सर्भे अफिसर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यमोहन जोशीले २००२ साल भाद्र २० गते पेश गरेको प्रतिवेदनको भूमिकामा लेखिएको छ, "आजभोलि जुनसुकै ठूला-साना देशमा पनि औद्योगिक योजनाहरू तयार हुन लागिरहेछन्। यसको मुख्य कारण देशको औद्योगिक वेग हुनसम्म बढाई आर्थिक उन्नतिलाई उच्च शिखरमा पुऱ्याई देशलाई धनी, सुखी र सम्पन्न बनाउन खोज्नु हो, तर यस्ता योजनाहरूको सफलता मुख्यत: देशको औद्योगिक सर्भेमा निर्भर पर्दछ। किनभने, देशको औद्योगिक, सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अवस्था र परिस्थितिहरूको एक एक ज्ञान र फेरि देशको प्राकृतिक धन, बल इत्यादिको यथार्थ ज्ञान नभैकन देशोन्नति हुन वा गर्न सकिंदैन। यसैले औद्योगिक योजनाहरू तयार हुनको साथै सबभन्दा पहिलो देशको औद्योगिक सर्भे गरिन्छ। अनि पछि सर्भेबाट उपर्युक्त योजनाहरू चालू गर्नलाई चाहिएका खजानाहरू जम्मा गरिन्छ। देशको वास्तविक अवस्था निर्णय गरिन्छ र कुनै डाक्टर-वैद्यले रोगीको लक्षण, कारण इत्यादि फेला पारे झैं यो औद्योगिक सर्भेबाट पनि देशको कृषि, औद्योगिक र आर्थिक अवस्थासम्बन्धी [illegible] लागिरहेको कारण र सहज उपायहरू पत्ता लगाइने छ।"

"आज प्रजावत्सल, देशप्रेमी, दूरदर्शी भाग्यविधाता श्री ३ जुद्धको [illegible]मा असीम करुण दृष्टि भएकोले हाम्रो प्रिय स्वतन्त्र नेपालमा पनि यो [illegible]र्भे हुन लागेको छ। सो हुनु, नेपाली जनतामा एकमात्र भाग्य र [illegible] हो। यो काम पूरा तवरले चालू होस् भन्नाका खातिर मौसूफ [illegible]क व्यापारिक समाचार संग्रह नामको परिषद् खडा गरिबक्सेको [illegible] यो काम कसरी चालू भइरहेछ, त्यसको विवरण तल संक्षि-[illegible]

[illegible]मा शिक्षा पाइसकेका विद्यार्थीहरूलाई उपर्युक्त सर्भे [illegible]मत्त, जाँची, भर्ना गरी सर्वप्रथम त्यसै परिषद्का सुयोग्य [illegible] भीमबहादुर पाण्डे)बाट फेरि पनि सो काम विषयमा [illegible]दन शिक्षा, लेक्चर दिई तालीम गरिन्छ, फेरि अरू भूगर्भ [illegible] वनस्पति, वन, जंगल, कृषि इत्यादिसम्बन्धी कामका प्रोफेसर [illegible]न्बाट पनि समय समयमा निजहरूलाई लेक्चर गरी काममा [illegible] तुल्याइन्छ।

[illegible]लिमा [illegible]कवेला[illegible]न यो औद्योगिक सर्भेमा तालीम भएका अफिसरहरूलाई साल-[illegible] भरिमा गरिने जिल्ला, मौजा, थुमको सीमाना छुट्याई, काम गर्न [illegible] पर्ने भाग तोकिएको हुन्छ।

३, प्रत्येक अफिसरलाई भिन्नभिन्न विषयको प्रश्नावलीहरू, नक्साहरू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगत फाराम र अरू सबै चाहिएको चीजहरू निजहरूलाई दिएको हुन्छ ।

४. प्रत्येक अफिसरलाई एउटा असिष्टेण्ट दिइएको हुन्छ र जिल्ला गाउँमा पुग्दा सुबेदार एक हवलदार दुई र सिपाही आठ मद्दतको लागि थप दिइएको छ ।

५. प्रत्येक अफिसरका ग्रुपलिडर अड्डाका प्रोफेसर हुन्छन् ।

६. यसरी औद्योगिक सर्भे गरी ल्याएको लगत फाराम, रिपोर्ट, नक्सा उपर्युक्त अड्डाको सीमामा पेश गरी निज अफिसरले जाहेर गरेको हुन्छ ।

"यसरी औद्योगिक सर्भे गर्दा धेरै कुराको ज्ञान र लाभ हुन आउँदछ । देश कुन कारणले उन्नतिशील हुन नसकेको हो र कुन हिसाबले उन्नतिशील हुन सक्तछ, यी सबै कुराको यथार्थ गाँठो पत्ता लाग्दछ, दुनियाँको आर्थिक अवस्था केले बिग्रेको रहेछ र के गर्नाले सप्री, रहन-सहनको दर्जा बढी दुनियाँ धनी हुन्छन् यसको गाँठो पनि पत्ता लाग्दछ । थोरै धन र मेहेनतले धेरै मानिसलाई छिटो धनधान्य कसरी बनाउन सकिन्छ त्यसको पनि निधो हुन्छ । वास्तवमा औद्योगिक सर्भे गर्ने भनी, देशको आर्थिक, सामाजिक सांस्कृतिक उन्नति गर्नल[illegible] छिटो उपाय खोज्नु हो ।"

प्रस्तुत सन्दर्भमा श्री सत्यहोहन जोशीले रचेको निम्न कवि[illegible] अफिसरको काम र भावना प्रष्ट झल्काउँदछ ।

"खानी, खोला जरीबूटी छहरा वन जंगल, [illegible]
पवल छन् यही ठाउँ हाम्रो नेपाल देश[illegible]
सानो संसार मानो यो फेदीमुनि हिम[illegible]
यस्तो प्रकृतिदेवीको धनधान्य [illegible]
भर देश घुमी जाँची डुली खोजी यता[illegible]
"राष्ट्रीय योजना" निमित्त खजना र सबै [illegible]
यो औद्योगिक सर्भेले ल्याउने काम हो ठूलो [illegible]

यस्तै अर्को सर्भे अफिसर नरकान्त अधिकारीले पेश ग[illegible] भूमिकामा लेखिएको छ "भरमुलुकका नर-नारीको रहन-सहन [illegible] जटिल बेकारी समस्या हल गर्नु र साथसाथै सबैको निमित्त ए[illegible] काम जुटाउनु, कृषि, उद्योग, व्यापार इत्यादिको उन्नति, सुधार, [illegible] पुनरुत्थानबाट सर्वसाधारणको क्रयशक्ति बढाउनु नै आजको हाम्रो भा[illegible] औद्योगिक योजनाको पनि एक दिव्य आदर्श, लक्ष्य र उद्देश्य हो । यस्तो देशो-न्नतिमा अनिवार्य औद्योग्रिक योजनाको पथप्रदर्शक हो "औद्योगिक सर्भे" जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज हाम्रो भरमुलुकमा हुन लागिरहेछ (२००१ सालको निमित्त पश्चिम नं. २, ३) । नव सिकुवा हामीलाई काममा कुनै किसिमको ढंग नभएकोले ठाउँ ठाउँमा लगी देखाउन प्रो. भीमबहादुरलाई नियुक्त गरिन्नक्सियो । वहाँले पनि यही ६ महीना तालीम गरी ठाउँ ठाउँमा लगिदिनुभयो र यस विषयको अनेक किसिमको शिक्षा दिनुभएकोमा सबै अफिसरहरू वहाँलाई धन्यबाद नचढाई चूप रहन सक्तैनन्" भन्ने कुरा ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

हुन त २००१ सालपछि नेपालको आर्थिक विकास गर्ने क्रममा अनेक ठूला-साना प्रतिवेदन तयार र थोर-बहुत काम भए; तर २००१ सालमा शुरू भएको त्यो औद्योगिक सर्भेजस्तो आधारभूत काम त्यति थोरै कर्मचारीले, त्यति छिटो, त्यति जावो खर्चमा र त्यति सन्तोषपूर्ण रूपले न अघि नेपालमा कसैले कहिल्यै गरे न पछि गर्लान्। आफ्नो देशमा केही होस् भन्ने विचारले प्रेरित तालुकवाला, हाकिम र तनमन दिएर देशविकासको काम गर्न कटिबद्ध अधिकृत र कर्मचारीको पवित्र संयुक्त प्रयासवाट मात्र त्यस्ता महत्त्वपूर्ण काम सफलतापूर्वक कार्यान्वयन हुन सक्तछन्। भाग्यले त्यसबखत त्यस्तो जमघट परेको थियो र त्यति काम भयो।

हुन त काम गरेरभन्दा फाल्तू कुरा गरेर र लगाएर आ[illegible] तरक्की गर्ने चलन त्यसबेला पनि नेपालमा कम थिएन तर पनि [illegible] प्रतिक्रियावादी र छट्टूहरूका रंगीचंगी कुरा सुनेर वाक्क-व्या[illegible] श्री ३ जुद्धले, एकाध वर्षभित्रमा नेपालमा त्यतिका विकासस[illegible] नमूना औद्योगिक सर्भेको तुरुन्तै तामेली, लाएण्ड भोर्गेज वैंक [illegible] सोसाइटीको गठन, आर्थिक योजनाको रूपरेखाको तयारी; व[illegible] प्रदर्शनीको संयोजन, औद्योगिक व्यापारिक समाचार [illegible] र राष्ट्रव्यापी औद्योगिक सर्भेको–शुरू गर्ने मे. ज. [illegible] थिए। वास्तवमा थारै खर्चले छिटो र धेरै काम [illegible] प्रशासनको एक प्रकारले विशेषता नै थियो– आजभन्दा ८० [illegible] चारचोके र अति भव्य सिंहदरबार रु. ५० लाखमा १[illegible] भएकै दृष्टान्तलाई लिऊँ। त्यसबेलाको नेपालको आर्थिक पछ[illegible] साधनको सन्दर्भमा विचार गर्ने हो भने, मे. ज. विजयले [illegible] क्षेत्रमा वर्षदिनभित्रमा चालेका "ती पाँच सही कदम" सिंहदर[illegible] भन्दा कम ताजूब लाग्दा र महत्त्वपूर्ण थिएनन्। आज रु. ६ [illegible] पास भएको नेपालको परिप्रेक्ष्यमा विचार गर्ने हो भने त ती पाँच क[illegible] मामुली होलान्; तर अन्दाजी रु. २ करोड ५ लाख राजस्व भएको बेलामा [illegible] ती के के न थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– ४

२००१ साल मार्गदेखि २००२ साल असारसम्ममा भएको पश्चिम नं. २ र ३ को औद्योगिक सर्भेको फलक

१. दुई ईलाकाको जम्मा क्षेत्र फल ३७१३ वर्गमील

२. जनसंख्या

जिल्ला	वर्गमील	जनसंख्या	घनत
खा–	१,२०९	१,२०,३०५	९९
	१,३५०	१,२०,२५२	९९
	५८९	१,०४,०५२	१७६
	५६४	१,१४,४४२	२०२
	३,७१२	४,५९,०५१	

जनसंख्या

	मर्दाना	जनाना	जम
	९४,१५७	८८,२००	१,८२,३
	५९,६२३	५६,६०८	१,१६,२
	५१,०५२	५३,६१५	१,०४,६
	१९,९१२	२३,९७६	४३,८
लिमा र्कवेला	४,९६५	६,७४२	११,७
	२,२९,७०९	२,२९,१४१	४,५८,८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. व्यावसायिक विभाजन

व्यवसाय	जनसंख्या
१. जागीर र पेन्सन–	१९,३८४
२. फलाम, छाला र अरू व्यवसाय–	२३,३९०
३. तान बुन्ने (सालको ३।४ महीना)–	१४,४८०
४. सुकुमबासी–	२२,३१६
	५९,५७०

५. वर्णानुसारको जनसंख्या

वर्ण	जनसंख्या	प्रतिशत
१. ब्राह्मण–	१,०५,५२९	२२.९९
२. क्षेत्री–	६३,४७८	१३.८३
३. वैश्य–	२,२२,११२	४८ [illegible]
४. छूत, पानी नचल्ने–	३,४७०	[illegible]
५. अछूत–	६४,४६१	[illegible]
	४,५९,०५०	[illegible]

६. विभिन्न जातको तालीका

वर्ण	मर्दाना	जनाना	[illegible]
१. ब्राह्मण–	५२,८७३	५३,६५[illegible]	[illegible]
२. राणाजी–	३७	४७	[illegible]
३. क्षेत्री ठकुरी–	३१,७४४	३१,६५०	[illegible]
४. गुरुङ–	५३,७००	५३,१५६	[illegible]
५. मगर–	२०,७०९	२१,१४२	[illegible]
६. नेवार–	१४,४९१	१५,०५१	[illegible]
७. धनी–	६,४८६	६,३२७	१२,८[illegible]
८. सन्यासी–	१,८५६	१,८९९	३,७५५
९. खवासे–	१६०	१७५	३३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. दुरा–	१,१३४	१,११८	२,२५२
११. तामाङ–	५,५२८	५,२८८	१०,८१६
१२. लामा–	११	१३	२४
१३. चेपाङ–	३८६	३३२	७१८
१४. राई–	१०	१०	२०
१५. भोटे–	९५४	९६२	१,९१६
१६. थकाली–	५४	५३	१०७
१७. बाँडा–	२	२	४
१८. हजाम–	३		३
१९. थारू–	५	१	६
२०. दनवार–	३	२	५
२१. बोटे (माझी)–	६३३	६१५	१,२४८
२२. कुमाल–	२,६९२	२,७५७	५,४४९
[illegible] दरै–	५३९	५३२	१,०७१
[illegible] कामु–	१,६७८	१,६५२	३,३३०
[illegible]	४	७	११
[illegible]	२९८	३५०	६४८
[illegible]	२०	२६	४६
[illegible]	१,३९७	१,३५०	२,७४[illegible]
[illegible]	१०	८	१[illegible]
[illegible]	१४३	१४९	२९[illegible]
[illegible]	२५९	२८०	५३[illegible]
[illegible]	१४,१३२	१३,८१०	२७,९४[illegible]
[illegible]	७,४७१	७,५५६	१५,०२[illegible]
[illegible]	१०,३१०	१०,३५१	२०,६६[illegible]
[illegible]	२,०९,७४२	२,१०,४०७	४,२०,१४[illegible]

[illegible] चः– १९९७।९८को जनसंख्या गणनामा उक्त जिल्लाको लगत थि[illegible] ३,७२,८२१ स २००१।२ सालको जनसंख्या ४,२०,१४९ पुग्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. खाद्यान्नको तथ्यांक

अन्नको नाम	मुरी	पाथी	माना	मुठी
(क) धान–	७,७२,२२६	१७	१	
घैया–	५५,६२४	८	१	
मकै–	१,८३,५७२	७	१	
कोदो–	१,३६,२५४	८	६	
(ख) फापर–	१,६९९	७	४	
कागुनी–	२,७६५	१२	७	
सामा–	७,११४	४	४	
मास र भटमास–	१,६६४	१३		
(ग) गहूँ–	३,००८	४	५	
जौ–	४,१४४	४	५	
करू–	७७४	७		
लट्टे–	२०४	१०		
(घ) आलु–	१३,९६३ धार्नी			
पिंडालु–	१७,३८८ "			

८. नं. ३ लमजुङ जिल्लाको जमीनको बाँडफाँट प्रतिशतको हिस

बाँडफाँट

मुरी माटो	जग्गा हुने परिवार	परिवार
०–५	२,२६६	१३.८
५–२०	६,३९४	३२.२
२०–५०	५,२२८	३२.२५
५०–१००	१,८२६	११.२६
१००–५००	६९१	४.२७
५००	८	०.०४
	१६,४१३	१००

द्रष्टव्य:– १. जम्मा लमजुङ जिल्लाका २३२.६६ परिवारका ७,०५३ परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेतहीन छन् ।

२. १५७४०.१२ माटो मुरी खेतमा ७,७२,२३६ मुरी धान हुन्छ।

९. पशुसंख्या

पशुको नाम	संख्या
गाई–	९७,२४१
गोरु–	८७,७७७
भैंसी–	८१,१९२
बाख्रा–	७०,९९४
भेंडा–	२४,४०२
सुंगूर–	७,५६६
घोडा–	३३१
झापा (चमरी)–	१४३

[illegible] फुर्ना

[illegible]ाम	फुर्नाको उँचाइ	घट पानी
[illegible] गोरखा वारपाक–	७०० फिट	[illegible]
[illegible]ाचोक–	१०० "	[illegible]
[illegible] जुङ चारथर–	३०० "	[illegible]
[illegible]	६०० "	[illegible]
[illegible]	७०० "	[illegible]
[illegible]	१०० "	[illegible]
[illegible] केलस–	३०० "	[illegible]
[illegible]	१०० "	[illegible]
[illegible] सिचाङ–	५० "	[illegible]

[illegible] [illegible]ाम गर्ने (वार्षिक)

[illegible]	२,७१० तोला
चाँदी–	२०,३८८ "
पित्तल–	३,५३२ धान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तामा–	
ढलौट–	७४१ "
काँस–	१,४८९ "
	२,६४० "

१२. ऋणको किसिम

(क) दृष्टि–

भोगबन्धकी–	९१,८५,२४७
कपाली–	७८,६०,६०४
पास–	२०,२९,८६३
पैतृक–	१२,१२,८६०
	५०,१०,९२०
	जम्मा रु. १,८०,७५,७१४

(ख) ऋण परिवार

रुपैयाँ	परिवार संख्या
१– १००	३२,३९१
१००– ५००	२८,३००
५००–१०००	६,४८६
१०००–५०००	२,६१७
५०००	४८
१००००	५

द्रष्टव्य:– सूदको दर सयकडा २५ देखि ५० सम्म ।

१३. परिवारिक बजेटको नमूना

(क) वार्षिक आमदानी

सि. नं.	जन संख्या	कृषि	अरू	जम्मा
१.	४	३३।५०	२८।–	६१।५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.	४	२७।५०	२५।–	५२।५०
३.	६	२९।–	३६।–	६५।–
४.	९	३५।–	२५९।–	२९४।–
५.	५	२३।–	८४।–	१०७।–
६.	२	६५।–	१५०।–	२१५।–
७.	१४	४१३।–	५।–	४१८।–
८.	४	९४।–		९४।–
९.	७	९६।–	८०।–	१७६।–
१०.	११	१६८।–	१२।–	१८०।–
	६६	९८४।–	७७९।–	१,६६३।–

को खर्च

		खाना	लाउन	चाडपर्व	फुटकर
		६२।–	२५।–	३९।–	२०।–
		५८।–	३२।–	१०।–	५।–
	६	४१।–	२३।–	७५।–	२२।४
	९	८१।–	५९।–	२४।–	२०।–
	५	११३।–	४०।–	३०।–	२४।–
६.	२	६५।–	६०।–	२४।–	१४।–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७.	१४	२१४।–	१९१।–	४१।–	३०।–
८.	४	६६।–	१४।–		२०।–
९.	७	१०७।–	६२।–	२१।–	४३।–
१०.	११	१५८।–	१२५।–	३७।–	५१।–
जम्मा	६६	९६५।–	६३१।–	३०१।–	२३९।४५

जम्मा आमदानी रु. १,६६३।– जम्मा खर्च रु. २,१३६।४५

द्रष्टव्य:– त्यसैवेला पनि पाहाडतर्फ जनतामा वचत कम भएको देखिन्छ ।

१४. शिक्षा

मर्दाना	जनाना	१६ वर्षमुनिका	बाहुन	क्षेत्री
२०,७४५	३५९	म. ४,३७१	५,९३७	४,४८१
		ज. १७०	१९३	[illegible]

१५. मृत्यु

उमेर	०	५।५	१०।१०	२०।२०	३०।३०	४०।
जनसंख्या	१९९३	६९१	६५४	६८०	६६१	५४

१६. २६मुरी माटो भएको खेत कमाउँदाको आमदानी खर्चको

(क) खर्च:–

१. २५ हल गोरु (बाँझो जोत हिल्याउन र रोप्न) रु. ९।–
२. बीउ मुरी एक (धान) रु. २।–
३. रोपाइँको खेताला २४ जनाको रु. ७।३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. पहिलो र दोस्रो बाली गोड्न खर्च रु.	११।६०
५. धान काट्न बीसजना खेतालाके रु.	५।-
६. दाइँ गर्न रु.	७।५०
७. अर्गासे (हली) र कटुवालके रु.	८।-
८. मालपोत रु.	१४।-
	५४।४२

(ख) आमदानी:-

१. एक मुरी माटोमा एक मुरी धान र धान मुरी रु. ४।- ले रु.	१०४।-
२. पराल ३० भारीको रु.	६।-
	११०।-

[illegible]. मालपोत असूली दर

	मुरी माटो	वाली दर
[illegible]	१	-।४०
[illegible]	१	-।२४
[illegible]	१	-।१४
[illegible]	२	-।१।

[illegible]नेपाली कपासको रु.	४।-
[illegible] विदेशी कपासको रु.	३।-
[illegible] २२ इन्ची गज एक थान कोराको	४।-

[illegible] जागीरदारको संख्या

[illegible]लमा एकमुष्ट जागीर	बृटिशमा जागीर	नेपालमा पेन्सन	बृटिशमा पेन्सन
[illegible]रसिंग जना २ रु. १४४०	जना १०७१ रु. ३८५५६०		रु. ५०१००
[illegible]तनहूँ जना ४३ रु. १४१६०	जना ८६८ रु. ३१२४८०	रु. ४००	रु. १३०२००
[illegible]कास्की जना २४ रु. ५७६०	जना ६९९ रु. २४१६४०	रु. ६००	रु. ४०५००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. विदेशी माल पैठारी

जिल्ला	कपडा	चुरोट	फुटकर
रिसिंग–	रु. २९,०००।–	६००।–	१,४००।–
तनहूँ–	रु. ५०,०००।–	१,५००।–	१,२००।–
कास्की–	रु. १,००,००।–		

२१. दरभाउ

१. टोपी एकको रु.	–।२०
२. एकजोर डाँगे जुत्ताको रु.	१।–
३. एक माना घीउको रु.	१।–

द्रष्टव्यः– यस किसिमले त्यसअघि र धेरै वर्षपछिसम्म नेपालमा आर्थिक आँकडाहरू संकलन नभएकाले त्यसवेलाको नेपालको स्थिति राम्रोसँ जान्न चाहनेको निमित्त यो प्रतिवेदन साँचै नै उपयोगी हुनेछ। आँकडा नेपालको एकाध जिल्लाको मात्र भए पनि त्यसले अधिकांश पहाडी जिल्लाको स्थिति धेर-थोर यही किसि भन्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१

अनौठाको विसर्जन

(१)

दोस्रो महायुद्धको शुरूदेखिन् नै लगातार अंग्रेजी हारको खबर सुन्दा-सुन्दा वाक्क-व्याक्क भएका उपल्लो खालका मुठीभर नेपालीहरू, अंग्रेजको लडाईंमा अलिकति, कहीं केही सर भएको खबर पनि निकै मज्जा मानेर सुन्दथे र चढाई-बढाई अरूलाई सुनाउँदथे। अंग्रेजको जित भएको मामुली खबर सुन्दा पनि श्री ३ जुद्ध दंग पर्ने हुँदा, मी. सु. विष्णुमणि आचार्य दीक्षित (श्री ३ जुद्धलाई रोज विदेशी छापा पढी सुनाउने अधिकृत) ले त्यस्ता साना, वासी तासी खबर, लिखा टिपाइ गरे कै, छापामा खोजीखोजी उनलाई विन्ति[illegible] यही चाला थियो दिग्गज राणाजीहरूका चाकरीदारहरूको पनि [illegible] (व्याटल) हारे पनि युद्ध (वार) जित्दछौं भन्ने अंग्रेजी फुइँ र [illegible] राणाजीहरू विश्वस्त थिए– विश्वासले विश्वास पैदा गर्ने हुँदा। [illegible] घरमा हुने एकाध नेपालीहरू बी. बी. सी. बाट सुन्दथे, त्यही [illegible] अरूलाई बाहिर चढाएर व बढाएर भन्दथे। भारतबाट अ[illegible] पनि बृटिश सरकारको युद्धमा कुभलो भएको खबर छा[illegible]

यस्तो पृष्ठभूमिमा बी. बी. सी.ले २००१ साल [illegible] जुलाई १०) मा अंग्रेज र अमेरिकन फौज ईटालीको सिसि[illegible] अति चढाई-बढाई भन्नु र त्यहाँ अंग्रेज-अमेरिकन फौज उत्रेपछि [illegible] किसिमले सकियो भने पनि भयो भन्ने निस्कर्षको जिब्रो चपाए[illegible] बिलकुल समयानुकुल थियो। लडाईंताका बी. बी. सी. ले धेरै कु[illegible] भाषामा प्रचार गर्दथ्यो; अंग्रेजले लडाईं हार्दा पनि, सितिमिति [illegible] गर्दैनथ्यो; कहिले कहीं अलिकति लडाईंमा कहीं सर भयो भने त, त्य[illegible] पट्यारै लाग्ने गरी अति चढाएर बढाएर दोहऱ्याउँदथ्यो, तेहऱ्याउँदथ्यो। लडाईं खुलेको चार वर्षपछि सर्वप्रथम बृटिश फौजले यूरोपमा पाइला टेकेकोमा बी. बी. सी.को प्रचारले त्यसबखत नयाँ मोड लिनु स्वाभाविकै कुरा थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बी. बी. सी.को त्यस बिहान लड़ाईमा जित भएको बुलन्द प्रसार सुनेपछि श्री ३ जुद्धलाई पूरा युद्ध नै सकिएजस्तै भान परेकोले, उनले तुरुन्त फौजी पोशाक लगाई, सेतो अर्वी घोडा चढी, खरीको बोटमा आई, धरहरावाट संकटकालीन बिगुल बजाउन लगाए– नेपाली जनतालाई पनि त्यो अंग्रेजी विजयको सुखद खबर चाँडो सुनाउन, र आफूले शुरूदेखिन् अंग्रेजले युद्ध जित्दछ जित्दछ भनेको कुरा पूग्यो भनेर साबित गर्नलाई । उनको त्यस दिनको त्यो गलत धारणा र अनावश्यक हडबडीको खास कारण थियो, ईटालीमा अमेरिकन र बृटिश फौज घुसेपछि, यूरोपको युद्ध एक किसिमले टुङ्गियो भने पनि भयो भन्ने बी. बी. सी.को हडबडे प्रसारण ।

श्री ३ जुद्धको अलि धाक र रवाफ देखाउने बानी थियो । विदेशीसँग हात मिलाउँदा उनी उसको हात निकै झडकारी दिन्थे र एकाध अंग्रेजी शब्द जोडसँग बोल्दथे– सुन्ने मानिस नै हतासिने गरी । एक दिन लैनका बडासाहेबसँग कुरा गर्दा गर्दै अड्केर साँचोलाई के भन्दछ अरे भनी उनले आफ्नोसाथ बसेका सरदार प्रकटमानलाई सोधेछन् । प्रकटमानले "की", भन्दछन् महाराज [illegible]ने पनि "यो कुरा साँचो हो" भनी अंग्रेजी भाषामा महामहीम राजदूतलाई [illegible]स इज् की" भनेथे अरे भनी, कसैकसैले खिस्सी उडाउँदथे । कुरा साँचो [illegible]ो थाह छैन, तर त्यस कुराको चर्चा भने त्यसबखत श्री ३ जुद्धलाई मन [illegible]मा आम थियो । वास्तवमा उनको अंग्रेजी भाषामा उति दख्खल [illegible]ठठीपत्र लेख्दाखेरि भने स्पेलिङको कुनै वास्ता नराखेर प्रशस्त [illegible]योग गर्दथे ।

[illegible]क्की र झक्कडखालका मानिस हुँदा श्री ३ जुद्धको व्यक्तित्व [illegible]ो । अरूहरूको त के कुरा नेपालमा मै हूँ भन्ने चन्द्र [illegible]उनले पछिपछि थर्क्कमान पारेका थिए केशरशम्शेर [illegible]त द. क. ज. केशर शिकारका पनि तालुकवाला थिए [illegible]लाई ज. सिंहले मचानबाट बाघ मराउँदा अति प्रसन्न भ[illegible] [illegible]रबाट नेपाल फर्केपछि, एक दिन राती टेलिफोनबाट श्री [illegible] [illegible]म्शेरलाई "जनाव (सिंहशम्शेरको बोलाउने नाम)ले मला[illegible] [illegible]घ भराए, कस्तो तक्मा दिन ठीक पर्ला" भनी सोद्धा, अलि [illegible]लिमा एकैछिन दिने आदत मएका बाउँठो खालका केशरले, "एक बाघ मराउ[illegible] जनावले तक्मा पाउने हो भने म सयौं बाघ मराउनेले के पाउने नि ?" भनी उल्टा टेलिफोनमा श्री ३ जुद्धलाई सोधेछन् ।

(भोलिपल्टै चन्द्रशम्शेरका सबै छोरालाई सिंहदरबारको उही बैठकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँ मुख्तियार रुद्रशम्शेर र अरू वीर र भीमशम्शेरका अविवाहिता रोलवाला छोरालाई देश निकाला गरेथे, त्यहीं निकैबेर कुर्च्याई राखेर, अनि बैठकमा आई श्री ३ जुद्धले "प्रधानमन्त्रीसँग मुखमुखै लाग्नेलाई के हुन्छ जेठा", भनी जंगीलाठ मोहनलाई सोधे। के गर्न लागे भनी हतास्, मोहनशम्शेरले "नेपालमा प्रधानमन्त्रीले जे पनि गर्न सक्तछन्,' महाराज" भनेपछि "तिम्रो साहिला भाइले हिजो राती मसँग मुखमुखै लाग्यो। तिमीहरूको मुमाको गुणले गर्दा भै गयो केही गर्दिन" भनी चन्द्रशम्शेरका छोराहरूलाई थर्काएका थिए)। आफ्नो कुनै भित्रीयाको छोरा २ नम्बर नपुगेर एस. एल. सी.मा फेल हुँदा, हुकुम प्रमाङ्गीले पास गराएथे।

उनले १९९० सालमा "सी" क्लास रोलवाला राणाजीहरूलाई रोलबाट हटाई, नेपालबाट निष्काशन गर्दा, सिंहदरबारको त्यो ठूलो बैठकभित्र दुवै हातमा भरेको पेस्तोल लिई, थोङलिङ पिङमाङको रोब लगाई, नाटकीय चालले पसेका थिए। कन्चनपुरमा बाघ शिकार गर्दा जंगलमा बाटो बिराई, एक अदना थारूको घरमा रात काटेको बयान निकै चढाई बढाई प्रचार गराएथे र राजर्षी भई बग्गी चढेर रिडीतिर प्रस्थान गर्दा गेरू रंगको साफा गुथेका थिए। त्यसैले त्यो महायुद्ध नसिद्धिदैमा विसर्जन भएको बखत खरीको बोटबाट घोषणा उनले त्यस्तो असाधारण तरीका अपनाएको हुन सक्तछ।

—o—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

त्यसबखत कुनै विशेष परिस्थिति नपरीकन धरहराबाट बिगुल नफुकिने हुँदा, त्यो बिगुल सुन्नेजति काठमाडौंनिवासी रनभुल्ल परे । बिगुल बजेपछि, जंगी निजामती कर्मचारीले गर्न पर्ने कर्तव्य मुलुकी सवालमा प्रष्ट किटिएकोले, उनीहरू मुलुकी सवालमा लेखिएबमोजिम सिंहदरवार, कोत, तोपखाना र बारूदखानातिर लागे । तर दिग्गज रोलवाला राणाहरूले आफ्ना आठपहरिया र जापूसबाट सही कुरा बुझेपछिमात्र निर्धक्क भएर फौजी पोशाक लगाई टुंडिखेलमा सामेल भए ।

यूरोपमा युद्ध सकियो भनी २००१ साल आषाढमा धरहराबाट बजेको त्यो बिगुलले सबभन्दा धेरै दुविधा र धर्मसंकट काठमाडौंस्थित बृटिश राजदूत मि. वेथमलाई पान्यो। उनले अब कसलाई पत्याउने– लण्डनको बी. बी. सी.ल[illegible] कि नेपालको धरहराबाट फुकिएको बिगुललाई । उनलाई हाँ र ना [illegible] मिलेन । आफ्ना मित्रराष्ट्रले एकाएक प्रसार गरेको त्यो खबर गलत [illegible] मीठो हुँदा, खण्डन गर्न पनि उनले कुनै आवश्यकता देखेनन्, घण्टैं [illegible] सी. ले खालि बृटिश र अमेरिकन फौज सिसलीमा उत्रेकोसम्म [illegible] थियो । सिसलीमा आफ्नो फौज उत्रँदैमा लडाईं जितिए[illegible] बृटिश राजदूतलाई प्रष्टै थियो ।

तैपनि उनी मौन बसे– कुन हदसम्म नेपाल सरका[illegible] मुखी र समर्थक बनेको अथवा उनले बनाउन सकेका रहेछन् [illegible] आफ्नो सरकारलाई पठाउने सुनौला औसर त्यस घटनाले [illegible] हडबडमा त्यस्ता भूल हुन्छन् (२०३६ सालमा भारतका प्रधानमन्त्री [illegible] देसाईले नमरेका लोकनायक श्री जयप्रकाश नारायणलाई बम्बैम[illegible] भारतीय संसदमा घोषणा गरेको सन्दर्भमा विचार गर्ने हो भने त, [illegible] नसकिएको लडाईंलाई सकियो भनी खरीको बोटबाट श्री ३ जुद्धले [illegible] गरेकोमा ताज्जुब मान्न पर्ने खण्ड छैन)– जुद्धशम्शेरको पनि भयो । तर उनको त्यो भूल तुरुन्त कसैले सुधार्न सकेनन् अथवा चाहेनन् । त्यसबखत नेपालका प्रधानमन्त्रीले गरेका ठीक, बेठीक ठूलासाना जुनसुकै कामको दुनियाँ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दारको त के कुरा रोलवाला सत्रभाइसमेतले कदर गर्न पर्दथ्यो– खण्डन हैन।

जे भए पनि अंग्रेज र अमेरिकन फौज सिसिलीमा उत्रनु माने अब यूरोपको युद्ध सकिनुजस्तै हो भनी, नेपालले त्यसको खुसियालीमा धरहराबाट बिगुल फुक्न लगाएको हो भन्ने अर्थ तानतुन गरेर अरू दिग्गज रोलवाला राणाले लगाई, त्यसको प्रचार बाहिर गरे। प्रधानमन्त्रीको भूलसुधार कसैले गरेनन्। बरू हाँ मा हाँ मिलाए।

त्यो नसकिएको युद्धको विजयको खुसियाली मनाउन जुवा तुरुन्तै नेपालमा फुक्यो। नेपालमा त्यसबखत कुनै महत्त्वपूर्ण घटना घट्दा प्रायः जुवा फुकाइन्थ्यो– जुवा खेल्दा नेपालीहरूले रात-दिन गएको थाह नपाउने र त्योभन्दा ठूलो हर्ष उनीहरूले अरू कुनै कुरामा नमान्ने हुँदा। (श्री ३ देवशम्शेर नेपालको प्रधानमन्त्री भएपछि दिनदिनै उपत्यका विभिन्न साना-ठूला शहरमा गएर सिंदूरजात्रा गर्दै जुवा फुकाउँदथे– जुवाका भोगी नेपालीहरूलाई जति धेरै जुवा खेलायो, उति उनीहरू राजनीतितर्फ लाग्दैनन् भन्ने उनको धारणा थियो)। त्यसैले सानो पर्वमा पनि अघि नेपालमा जुवा फुक्दथ्यो। यूरोपेली युद्धको नेपालमा भएको त्यो अर्नाठो विसर्जनको कारण नेपाल खाल्डोमा धुमधाम[illegible]उत्सव मनाइयो– पर यूरोपमा हर हिटलरले अझ हजार वर्षसम्म यूरोपमाथि [illegible]ीले ढलीमली गरी रहन्छ भनी केही कालअघि गरेको फुईंकीको गुञ्जन[illegible]मा युद्ध बेतोडले मच्चिदा मच्चिदै पनि।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

सवारी र शिकारी

(१)

त्यसबखत सवारी र शिकारी भन्ने कुरा आजकल दालभात भने झैं साथ साथैजस्तो उल्लेख हुन्थे– तराईतिर श्री ३ महाराजको सालसालैजस्तो सवारी हुँदा शिकार पनि गर्ने चलनले गर्दा । सवारी शब्दको पनि त्यसबखत नेपालमा अर्कै अर्थ थियो। सत्रभाइ दिग्गज राणाजीहरू काम विषयले, दरबारभित्रै पैदल हिंडे भने पनि उनका आसेपासे, नोकरान, चाकडीदारले, सवारी भयो भन्दथे, अरू दुनियाँदारहरूले मोटर, बग्गी र घोडा चढेर हिंड्दा पनि सवारी भयो भन्ने चलन थिएन; भन्न पनि हुँदैनथ्यो । खास गरेर सवारी शब्दले श्री ३ महाराजको सवारीलाई नै बढी संकेत गर्दथ्यो (श्री ५ को सवारी भए पनि सुइँको कसैले पाउँदैनथे) ।

निजामतीभन्दा जंगी कर्मचारीलाई, त्यसबखत सवारी [illegible] चासो र महत्त्व हुन्थ्यो । अभिभावकहरूले आफ्ना छोरा भति[illegible] सँग परिचय गराउँदा, "मेरो छोरो भतिजोले सवारी शिका[illegible] छ" भन्ने चलन थियो । त्यसको मतलब हुन्थ्यो, मालिक घ[illegible] चढी जहाँ गए पनि साथै पैदल दगुड्न सक्ने, सुख-दु[illegible] मालिकको अंगरक्षक हुन सक्ने वर्कत र उमेर उसको[illegible] धेरै वर्ष पल्टनमा जागीर खाएका कर्मचारीहरूले त, यति[illegible] शिकारी खायौं भनी गुड्डी हाँक्दथे ।

श्री ३ महाराजको तराईतर्फको सवारी त्यसबखत ठूलो च[illegible] हुन्थ्यो । खास गरेर श्री ३ जंगबहादुरको पालादेखि, नेपालका र[illegible] प्रधानमन्त्रीहरू हिउँद दुई तीन महीना सालिन्दैजसो तराईतिर जान्थे– जिल्लाका हालखबर बुझ्न, काठमाडौंको जाडो छल्न, भारतका जंगीलाठहरूलाई भेट्न, शिकार खेल्न र वरिष्ठ पाउनाहरूलाई शिकार खेलाउन । शिकारका भोगी श्री ३ जंगबहादुरको त पत्थरघाटनेर शिकारी वासमै देहान्त भयो । उनैको पाला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि नेपालमा सवारी र शिकारी भन्ने चलन बढी चल्दै आएको हो ।

अक्सर गरेर मीनपचास लाग्नुअघि श्री ३ जुद्धको तराईतर्फ सवारी हुन्थ्यो । सवारी हुनुभन्दा एकाध महीनाअघिदेखि टुंडिखेलमा (हाल आर्मि हेड क्वाटर्सअगाडि) ठूला-साना पाल थुनेर सुकाउने काम शुरू गरिन्थे । सवारीको पूर्वसूचना, सवारी हुने जिल्ला बडा हाकिमहरूलाई फौरन जान्थ्यो; पिपा र पल्टन पाल बोक्न, टाँगन, क्याम्प, डेराडण्डा बनाउन ठाउँठाउँमा खटिन्थे र सवारी काजलाई अड्डाअड्डाबाट हाकिम छानिन्थे । काठमाडौंबाट श्री ३ को सवारी बाहिर नचल्दासम्म अड्डाखानामा काम कुरै खालि सवारीको हुन्थ्यो; सवारी काजले अग्राधीकार पाउँदथ्यो, सवारीसम्बन्धी काम रङ्कन गएमा कर्मचारीको सजिलै बिँडो जाने हुँदा ।

श्री ३ को काठमाडौंबाट बाहिर सवारी हुँदा, १९ तोपको सलामी हुन्थ्यो; सुनका तोडासम्मलाई कलङ्कीथान (हाल चक्रपथ र थानकोट जाने मूलसडकको चौबाटोनेर) मा सामेल हुने उर्दी जान्थ्यो, सिंहदरबारदेखि थानको- टसम्म ठाउँठाउँमा घडा राखिन्थे र चाकरीदारको घुइँचो हुन्थ्यो । कुनै कुनै [illegible]ाकरीदारहरू त थानकोट, चन्द्रागीरी, मार्खु, कुलेखानी, चिसापानी र भीम- [illegible]सम्म पनि चाकडी गर्न पुग्दथे । प्रधानमन्त्रीको सवारीसाथ जंगीलाठ, [illegible] जर्नेल, मुख्तियारको हान्नेमार्ने छोरा, हजुरीया कर्णेल, मुन्सीखाना [illegible], चिट्ठी र विन्तिपत्र निकसारी, मुकुकीखाना, पिपा गोश्वारा र [illegible]ा हाकिमहरू; प्रधानमन्त्रीकासाथ बडामहारानी, महारानी [illegible]के, छाते, छोराछोरी इत्यादि जान्थे ।

[illegible]को काठमाडौंबाट बाहिर सवारी हुँदा सशस्त्र दुई पल्टन [illegible]चलन (श्री ३ जंगबहादुरले चलाएको चलन) त्यसबेला पनि [illegible]मुख्तियारको मुख्य छोरालाई प्रधानमन्त्रीले साथै लैजानाको [illegible]ा राखिनाको खास कारण थियो– आफ्नो अनुपस्थितिमा [illegible]न् भन्ने । प्रधानमन्त्रीको सवारीमा एक प्रकारले नेपालको [illegible]काठमाडौंबाट तराईतिर सरेजस्तो भान पर्दथ्यो– जहाँ राम त्यहीं [illegible]ँ गरी ।

[illegible]माडौंबाट प्रस्थान गरेको दिन सवारी प्रायः भीमफेदीमा मुकाम [illegible]लमा एकवेला [illegible] । त्यहाँ श्री ५, श्री ३ राज हुने दरबार, सिपाही बस्ने क्याम्प ठूलै बजार थियो । मध्यमाञ्चलको सवारी हेटौंडा, सिमराबाट र सुदूर पूर्व-पश्चिम तराईका जिल्लामा हुने सवारी रक्सौलबाट रेल चढेर शुरू हुन्थ्यो । सवारी क्याम्पलाई भनी तराईका हरेक जिल्लामा फराकिला रमणीय ठाउँहरू छुट्याएर [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्ती राखिन्थे । त्यस्ता सवारीक्याम्पमा श्री ३ को सवारी ८।१० दिन मुकाम रहँदा, खाने, बस्नेको सबै रासनको प्रबन्ध जिल्लाका बडाहाकिमले मिलाउन पर्दथ्यो ।

जहाँ जहाँ सवारी हुन्थ्यो, त्यहाँ जेनेरेटर लगी बिजुली बत्ती बाल्दथे, देश-देशावरबाट मेवा मिष्टान्न झिकाइन्थे र स्थानीय जमीनदार, ठूलाठालूले किसिम किसिमका सौगात चढाउँदथे । श्री ३ जंगबहादुरको पालापछि प्रधान-मन्त्रीको पहाडतर्फ सवारी हुने चलन बन्द भइसकेको थियो । पहाडभन्दा तराईतिर राणासरकार बढी निग्रानी राख्दथ्यो । २००१ सालतक सिमरामा बाहेक अन्यत्र कच्ची हवाई मैदान पनि नबनेकाले, नेपालको पूर्व-पश्चिम तराई-जाँदा श्री ३ लगायत नेपालका सबै कर्मचारीहरू भारतीय रेल चढेर जान-आउन पर्दथ्यो ।

तीन महीना हिउँद नेपालका प्रधानमन्त्री जुनसुकै कारणले तराईतिर गए पनि, सवारीको देखावटी उद्देश्य हुन्थ्यो जिल्लाको दौडाहा । काठमाडौंमा सबै कामको अविभारा बोकेर बसेका मुख्तियारले हदसेहद मामुली कुरा पनि प्रधानमन्त्रीलाई सवारीमा नसोधी तय गर्न हुँदैनथ्यो र गर्दैनथे । मुख्तियार[illegible] साधक र प्रधानमन्त्रीको निकासा टेलिफोन, रिसल्ला, हात्ती, पैदल डाँक अ[illegible] जहाँ जहाँ जे संचारका साधनहरू पाइन्थे तिनैद्वारा आदान-प्रदान हुन्थे । [illegible] मुख्यमुख्य अड्डाका हाकिम सवारीसाथै जाने हुँदा सवारीको वेल[illegible] सबैजसो ठूला काम सवारीक्याम्पबाटै सम्पन्न हुन्थे । त्यसबेला [illegible] सरकार कति एक मानिसमा केन्द्रित थियो भन्ने कुराको सब[illegible] कामबाट प्रष्ट हुन्छ ।

श्री ३ महाराजको दया जाग्यो भने यदाकदा श्री ५ [illegible] पनि काठमाडौंबाट तराईतर्फ सवारी चलाइन्थ्यो । सवारीस[illegible] मापाका र चनाखा आठपहरीयाहरू छानेर पठाइन्थे । श्री ५ [illegible] शिकारलाईमात्र त्यो पनि अक्सर गरेर पूर्व पत्थरघट्टा र [illegible] चलाइन्थ्यो, अति नै सानो काँटले ।

नेपालका धेरैजसो राणा प्रधानमन्त्रीबाट, सालसालैजस्तो [illegible] तराईमा सवारी हुँदा, जिल्ला थर्कन्थ्यो; सालको एक बाजि सा[illegible] शिवरात्रीमामात्र काठमाडौंमा छिर्न पाउने तराईका चुने रैतीले प्रधानमन्त्री[illegible] जिल्लामै दर्शन गरेर, आफ्नो दुःख, पीरमर्का पोख्ने मौका छोप्दथे; स्थानीय विकासका साना-ठूला काम त्यसैबेला हुन्थे; साना-ठूला नदीमा धूले पुल बाँधिन्थे र जमीनदार ठूलाठालुले प्रधानमन्त्रीलाई भारी सौगात चढाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिझाउने, बकस बिर्ता लिने मौका पाउँदथे।

प्रधानमन्त्रीको जिल्ला सवारीले खास गरेर कर्मचारी थर्काउँदथ्यो- सवारीमा कसैले आफूउपर उजुरी गऱ्यो भने, त्यो ठाडै बुझिने र ठहऱ्यो भने, ठाडै खोसिने चलन हुँदा। नेपालमा पहाडलाईभन्दा तराईलाई अल्लि परजस्तो ठान्ने त्यसबखतसम्म परम्परा हुँदा, श्री ३ महाराज अथवा वरिष्ठ रोलवाला राणाजीहरूको त्यहाँ बराबर सवारी र दौडाहा अनिवार्य सम्झिइन्थ्यो। पूर्व, पश्चिम मधेस गोश्वाराका तालुकवालाहरूले दौडाहा गर्ने गराउने नियम थियो। राजनीतिक र प्रशासकीय कारणले गर्दा सवारी र दौडा त्यसबेलाको जिल्ला प्रशासनको एक विशेषता नै गरिएको थियो भने हुन्छ- यसबाट जिल्ला कर्मचारी, ठूलाठालु, चोरडाँका सब थर्कने र जनताले पनि आफ्नो दुःख पोख्ने मौका पाउने हुँदा।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

त्यसबखत नेपालमा नेपाल अधिराज्यको पहाड मधेसमा आजकलभन्दा धेरै बढी र घना जंगल हुँदा त्यहाँ विभिन्न किसिमका शिकार प्रशस्त पाइन्थे र जनताले घरघरमा भरुवा र टोटावाला बन्दुक राख्नलाई कुनै लाइसेन्स लिन पर्दैनथ्यो । विदेशी बिजुली स्वदेशी धोक्रे बारूद र टोटाको खरीद बिक्री गाउँ-घरमै खुलंखुल्ला हुन्थ्यो (लाहुरेहरूले भारतबाट ती ल्याउने हुँदा) त्यसैले नेपालमा शिकार खेल्ने आमचलन थियो । राणासरकारको पालामा हात्ती-सार र शिकारी अड्डाहरू, घरकाज र बाटोकाज अड्डाभन्दा कम तगडा थिएनन् । शिकारी अड्डाका हाकिमहरू मेजर, कप्तान हुन्थे र उनीहरूको मात-हतमा अनेक शिकारी रहन्थे । भरुवा बन्दूक काँधमा हाली, शिकारी कुकुर डोऱ्याई, कालींजका झुत्ता झुण्डाएर अथवा मारेको मृग काँधमा बोकेर हिंडेका शिकारीहरू काठमाडौंमा पनि त्यसबखत छ्यास-छ्यास्ती देखिन्थे । लदावर थिए जंगली चरा-चुरंगी र जनावरहरू पहाड मधेशका जंगलमा । पहा[illegible] जंगलका छेउछाउका खेतमा हिउँदताका लुंइचेले छपक्कै छाउँ[illegible] जतातत बासेको सुनिन्थ्यो। मोहर रुपैयाँमा कालीज पिउरा पाइ[illegible]

तर श्री ३ महाराजको तराईमा हुने शिकारको स्तर [illegible] भव्य हुन्थ्यो । चितवन, ठोरी, कसरा, पत्थरघट्टा, नवल[illegible] छापा, कञ्चनपुर र शुवला फाँटमा बाघ, हात्ती, गैंडा, अ[illegible] (मार्न मनाही), जरायो, भालु, बँदेल, चित्तल, कृष्णसार, [illegible] गधा), मृग, चितुवा, बाह्रसिंगा प्रशस्तै थिए; जुन जि[illegible] जनावरले जनतालाई धेरै सताए, दुःख दिए भन्ने उजुरी [illegible] आउँदथ्यो, प्रायः त्यो साल त्यहीं नै निकै दिन शिकारक्याम्प [illegible] हुन्थ्यो । श्री ३ ले अथवा उनले खटाएको दिग्गज राणाले सो ठाउँम[illegible] खेल्ने खेलाउने निधो गरेपछि शिकारीहरूले शिकारको, त्यहा[illegible] मिलाउँदथे । खास गरेर बाघ-शिकारलाई "शिकार" भन्ने चलन थियो । नेपालमा बाघ-शिकारको तरीका मैसूरमा हात्ती खेदाभन्दा कम शानदार र जोशिलो हुँदैनथ्यो ।

त्यसबखत मेचीदेखि महाकालीसम्म पसारिएको घना चार कोसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छाडीमा नान्ले फेद गरेका सल्लाका रूख टनाटन हुनाले नै– त्यसवेला हरि
वन नेपालको धन भनेको हो । वास्तवमा त्यसबखत हाम्रो चार कोसको छाड
(पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पसारिएको) भित्र पसेपछि, कहाली
अत्यास दुवै लाग्दथ्यो। आजको पश्चिम जर्मनको कृष्ण जंगलभन्दा, त्यसबखत
नेपालको चारकोसे जंगल कम शानदार थिएन । जंगली जनावरको प्रचुरता
त अझ बढी नै हुँदो हो र जर्मनीको त्यो ब्ल्याक फरेष्ट आज पनि जस्ता
त्यस्तै छ– जर्मनीको जनसंख्या धन्नै छ करोड पुगे पनि, हाम्रो चारको
जंगलको दुर्गति आँखा भएकाले हेरे देखिन्छ।

त्यसबखत तराईका ठाउँठाउँमा सरकारी हात्तीसार र रैतानी हा
हुन्थे। सहकाल हुँदा हात्तीसारलाई सिधादानाको राम्रो प्रबन्ध थियो। हात्ती
सारहरूपिच्छे, मत्ता, ढोई र छावा गरी तीन-चालीस हात्ती, माहुते, पछु
हुन्थे; ती हात्तीहरू प्रायः श्री ५, श्री ३ र वरिष्ठ राणापरिवारको काठम
डौंमा हुने विवाहमा, सिंदूरजात्रा, श्री ३ का विदेशी पाहुनालाई शिका
खेलउन र सरकारी कर्मचारीलाई परेको बेलामा यताउता लैजाने काम
लगाइन्थे। श्री ३ अथवा उनका पाहुनाले शिकार खेल्दा सबै हात्तीसार
धेरैजसो रैतीका हात्ती शिकारक्याम्पमा जम्मा गरिन्थे र शिका
शिकारको परिपन्च मिलाउँदथे । (१९७८ साल (सन् १९२१ डिसेम
उनका युवराजले ठोरीमा शिकार खेल्न आउँदा कसरा क्याम
ठाईस हात्ती एकठ्ठा गरिएको थियो । तराईमा हात्ती पा
र सम्पत्ति भएका जमीनदार, ठूलाठालु र महाजनहरू त
पिच्छे जस्तो थिए; धनीवर्गहरूले इज्जतको खातिर
आजकल मोटरकार र जीप राखे झैं ।
शिकारी क्याम्प निकै ठूलो हुन्थ्यो । प्रधानमन्त्री, उ
नानी, छोरा-छोरी बस्ने पाल छुट्टै टाँगी, त्यसलाई
बारले घेरिन्थ्यो; त्यही कम्पाउण्डभित्रै भान्छा, प्रधानम
टने पाल र धुनी हुन्थे । प्रधानमन्त्रीको भित्री क्याम्प नि
र्नेल, कर्णेल, र अरू हजुरिया अफिसरका पाल, सिपाहीको
बस्ने पाल हुन्थे– एक प्रकारले क्याम्पभित्र अर्को क्याम्प । सब
साथ जाने दिग्गज सत्रभाइ जर्नेलहरू सवारीको ठूलो क्याम्पभित्रै हाति
छुट्टै पालमा बस्दथे र उनीहरूको वरिपरि सवारीसाथ जाने अरू हा
कारिन्दाको पाल टाँगिन्थ्यो ।

शिकारमा उच्चस्तरीय पाहुनाहरू बोलाइएका छन् भने उनीह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुट्टै क्याम्पमा राख्ने प्रबन्ध हुन्थ्यो । शिकारी क्याम्पमा सबभन्दा ठलो आकर्षण हुन्थ्यो धुनीको । सबैको पाल अगाढि बालिने धुनीमा अझग मुढाहरू रातोदिन जोतिन्थे । हुत त त्यसबखत काठमाडौंमा पनि मोहन रुपैयाँमा जख्खू दाउराको भारी नपाइने त होइन, तर मफतमा पाइने दाउराले शिकारी क्याम्पमा जगाएको न्यानो धुनीको स्वाद हिउँदताका सबै सवारी शिकारी गर्नेहरूले लिन्थे–धीत मर्ने गरी ।

—o—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

प्रधानमन्त्री अथवा उनका पाउनाहरू सिकारी क्याम्पमा आएपछि सिकार शुरू हुन्थ्यो । पानी नजीकै ढङ्गी घारीमा पाहारिलो ठाउँ छानेर सिकारीले तीन चार माइलको गिर्दाभित्र १०।१२ गोटा पाडा ठाउँठाउँमा किला ठोकेर बाँद्धथे । त्यसरी अनकन्टार जंगलमा बाँधिएका बिचरा पाडाले अतासिएर कराएको करुण आवाज सुनेको बाघ, पाडो खान आउँदथ्यो । जुनसुकै सिकार मारे पनि, रगत पिएपछि, अल्लि परसम्म सिनोलाई बोकेर पानीको नगीच लगी, त्यसलाई खाने बाघको बानी हुन्छ । पेटभरी मासु खाएपछि, पानी पिएर त्यताबाट एक लर्कन पर पाहारिलो ठाउँमा गई बाघ सुत्दछ ।

भोलिपल्ट सिकारीहरू पाडो बाँधिएका ठाउँपिच्छे हेर्न जान्छन् र जुन किलोमा पाडो छैन, त्यहाँबाट बाघको पाइला पच्छयाउँदै जाँदा सिनो भएको ठाउँ पत्ता लगाउँदछन् । सिनो देख्नासाथ पाडो खाने बाघ [illegible] बघेनी के हो भनी सिकारीले अलग्गै चाल पाउँदछन् (कारण, बाघ[illegible] तिरबाट र बघेनीले पुच्छर तिरबाट आफ्ना सिकारलाई खान्छन्[illegible] पेट टन्न भएको बाघ अक्सर गरेर पाहारिलो ठाउँमा गएर मस्त[illegible] चोरको चालले सिकारीले बाघको पाइला त्यताबाट पैलाउँदै[illegible] लाई परबाट देखेपछि, बाघभन्दा २।३ सय गज वरिपरि एक [illegible] अग्ला किला गाडी, त्यो घेरालाई तीन चार हात फराकिल[illegible] रिङ्गै बेर्दछन्– ५।७ हात सजिलै उफ्रन सक्ने बाघले त्यो[illegible] सेतो कपडाको बार देखी डराई त्यसलाई फट्कन हच्कने हुँ[illegible]

यसरी बाघलाई कपडाको बारले पूरै घेरेपछि, बाघ [illegible] खबर सिकारीले आफ्नो हाकिमकहाँ पठाउँदछन् । कहिले काहीं [illegible] बाघले पाडो खायो भने, २।३ ठाउँमा घेरा हालिन्छ । सिकारीको [illegible] रिसल्लाद्वारा बाघ घेरामा परेको खबर सवारीक्याम्प र हात्तीसारमा पठा[illegible] हात्तीहरू तुरुन्तै घेरामा ल्याई सेतो कपडाको बारबाहिर २०।३० गजको फरक गरी वरिपरि राखिन्छ । यस प्रकार बाघ दुई घेराभित्र पर्दछ– सेतो कपडा र हात्तीको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसबखत सिकारी र रमिते-रानी, महारानी, मैयाँ र बाबुसाहेबहरू चढ्ने हात्तीमा हौदा कसिन्थ्यो र अरू दर्शकहरू घेरामा राखिएका हात्तीको नाङ्गो पिठमा अथवा मामुली गद्दीमा चढ्दथे । हरेक हात्तीमा माहुते र पछुआ रहन्थे । ती दुवैले कम्मरमा खुकुरी भिर्दथे– बाघ गर्जेको वेलामा सुईकुच्चा मार्ने हात्ती नियन्त्रण गर्न र बाघले बार नाघेर हात्तीलाई झम्टेमा खुकुरीले प्रहार गर्नलाई । बाघको घेराबाहिर हात्तीको खाली पिठ अथवा गद्दामा बसी बाघ-सिकार हेर्नेहरूले हात्ती चढ्दा महाअसजिलोको अनुभव मात्र गर्दैनथे, तलमाथि पऱ्यो भने ज्यानको जोखिम पनि सहन पर्दथ्यो– हात्ती भड्केर बेपत्तासँग भाग्दा बनबुटा र काँडा कुनै नछल्ने हुँदा ।

हौदा कसिएको हात्तीमाथि बाघसिकारी चढेपछि एकाध सुरा दताहार मत्ता हात्तीमाथि चढी सूरा र अनुभवी माहुतेहरू घेराभित्र पस्दथे त्यसबेला निकै नाम चलेका माहुते थिए सु. तप्सी र सूरो मत्ता हात्ती महावीर भन्ने । घेराभित्र पसेका दताहार मत्ताले सर्वप्रथम बाघ सिकारी अगाडिको २५।३० गजजति लामो १०।१५ गजजति फराकिलो ठाउँको आलो ढङ्गीधारी कुल्चेर साफ पार्दथ्यो– घेरामा परेको बाघ यताउता दगुरी सिकारीले छर्लङ्ग देखी उसलाई ताक्न सजिलो परोस् भनी । त्यसपछि [illegible]ले घेराभित्र परेको बाघलाई जिस्क्याएर विचक्याई सिकारीको [illegible]ज्याउन हात्ती अगाडि बढाउँदथ्यो । आफू घेराभित्र परें भने [illegible] बाघले पनि आत्मरक्षाको निमित्त जमाएको अखडा सितिमिति

[illegible] बाघ जिस्क्याउन घेराभित्र गएको मत्ता दताहार [illegible]हुन्थ्यो भारी द्वन्द्व । हात्तीले सूँड लुकाएर दाराले बाघला[illegible] उफ्रेर हात्तीको सूँड र कान कोपरी रगताम्य पार्दथ्यो । बा[illegible]रू साथमा भएकी बघेनी घेराभित्र परेकी छ भने, हात्ती[illegible]थ्यो । बाघ बघेनीको धेरै झम्टा खाएपछि मात्र, दताह[illegible]ताई उसको अखडाबाट सिकारीतर्फ धपाएर र जिस्क्याएर ल्याउ[illegible] । अनाडी सिकारीले बाघलाई कुठाममा हानी घाइते पारेको खण्[illegible]न् रिसले चूर पल्टी, हात्तीमाथि जथावाई जाइलाग्दथ्यो । बाघ[illegible]न सुनेर घेरामा उभिएका कत्ति ढोई कोसन्तक भाग्दथे ।

घाइते बाघलाई लरतरो सिकारीले मार्न गाह्रो पर्दथ्यो । घेरामा परेको बाघ र मत्ता दताहार हात्तीको बीच निकै बेर परेको लडन्त र भिडन्त नै सिकारमा सबभन्दा बढी मजा दिन्थ्यो । कहिले काहीं बाघ घेराभित्र, [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृग, चित्तल, जरायो, भालु र चितुवा पनि पर्दथे। चितुवा घेराभित्र परेको छ भने उसलाई मार्न झन् गाह्रो पर्दथ्यो। घेराभित्र परेको भालुले आत्तुरी परेपछि, हात्तीको खुट्टा कोपर्ने हुँदा, हात्ती वाघभन्दा पनि भालुको नजिक पर्न झन् डराउँदथ्यो। ठूलो र लोसो हुँदा, गैंडा मार्न सबभन्दा सजिलो हुन्थ्यो। बच्चा साथमा छ भने मात्र गैंडाले प्रायः चार्ज गर्दथ्यो। त्यसबखत तराईको चारकोसे झाडीमा प्रशस्त रूख हुन्थे भने, तीभन्दा कम भरिभराउ हुँदैनथे जातजातका जनावरहरू।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

घेराभित्र बाघ मारिएपछि सर्वप्रथम शिकारीले बाघको नाकको टुप्पा-देखि पुच्छरको टुप्पासम्म तुरुन्त नाप्दथे– ढिलाएमा, मरेको बाघको छाला खुम्चने हुँदा । श्री ३ जंगबहादुरको पालादेखि शिकारमा मारिएका ठूलठूला हरेक बाघको नाप र संख्या राखिएको थियो राणाशासनमा सबभन्दा ठूलो बाघ ११' १'' लामो हिज हाइनेस केशर शम्शेरले मारेथे । नेपालका नामोद शिकारीहरूमध्ये सबभन्दा बढी नाम चलेका थिए– श्री ३ जंगबहादुर, श्री ३ जुद्ध र हिज हाइनेस केशरहरू । त्यसबखत नेपालमा प्रशस्त बाघ पाइने हुँदा श्री ३ जंगले एघार सय पचास, श्री ३ जुद्धले पाँच सय छपन्न बाघ मारेथे र सबभन्दा धेरै गैंडा मार्नेमा केशर शम्शेर कहलिएका थिए । एक दिनमा तीन चार ठाउँमा पनि बाघ शिकार हुन्थे । कतै श्री ३ आफैले र कतै उनले खटाएका छोरा भतिजाले शिकार खेल्दथे ।

दिनभरि ठाउँठाउँका शिकारमा मारिएका जनावरहरू हात्ती[illegible] एर शिकारक्याम्पमा लगिन्थे । शिकारी र शिकारको त्यहाँ तस्वी[illegible] बाघको छाला, जुँगा, बाजु, नंग्रा, दाँत; गोही र सहर माछा[illegible] छाला; भालुको छाला, बोसो र पित्त; मृग, जरायो, चित्तल[illegible] र गैंडाको छाला, ढाल, खाग, हाड, सुरक्षित झिकी, मासु खान[illegible] वरको मासु केही शिकारीलाई र बाँकी सरकार लाग्दथ्यो ।

शिकारमा गैंडा मारिएको छ भने, त्यसको भूँडी फोरी, [illegible] गैंडाको रगतले पितृलाई तर्पन दिने मानिसको तँछाडमछाड हु[illegible] पेटमा बसेर तर्पन दियो भने पितृ तर्दछन् भन्ने अन्धविश्वास हुँ[illegible] खूरभित्रको थलथले मासु, जरायोको गर्धन, माछाको थुतुनो [illegible] गनिंदा, त्यो सरासरी प्रधानमन्त्रीको अथवा मुख्य शिकारीको भान्छाम[illegible] बाघे, चितुवा र भालुसिवाय अरू सबै शिकारमा मारिएका जनावरको [illegible] झिकी मासुको सुकुटी बनाउँदथे । त्यो रुपैयाँधार्नी मासु पाइने जमानामा पनि, सुकुटीको नेपालमा अति चाह थियो ।

हात्तीले घेरेर खेल्ने बाघशिकार नेपालमा प्रख्यात भए पनि, बाघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा अरू जनावरलाई झोरेर (जंगलमा पसी धेरै मानिसले जनावर खेदे
शिकारी बसेको ठाउँतिर ल्याउने), मचान बाँधेर (बाघले गाईवस्तु खाएको
ठाउँ नजिकैको रूखमा शिकारीले राती कुर्ने ठाउँ), पानीघाट कुरेर (सा
प्यासो जनावर पानी खान आउँदा मार्ने); पासो, लिसो र खोर थापेर (खोर
भित्र दुई कोठा पारी बाघ्रो राखी बाघलाई लोभ्याएर पसाली थुन्ने तरीका
शिकार खेल्ने पनि चलन थियो। पहाडतिर प्रायः कुकुर लगाएर, मृग, बा
घोरल, कस्तूरी, झारल, नाहुरको शिकार गर्दथे।

नारायणीजस्ता नदीको किनारामा घाम तापेर सुतेका गोहीला
थलैमा ठहरै मर्ने गरी शीरमा हानेर त्यसको छाला काटिन्थ्यो। कर्णाली
महासेर, कोशीको जलकपुरलाई जाल र बल्छी हालेर मार्ने चलन थियो,(भ
लका नवावले सबभन्दा ठूलो महासेर नेपालमा समातेथे)। लिसो-पासोमा च
पार्ने, दर्जन अथवा धराप थापेर बाघ मार्ने, बाज पालेर चरा पक्डने पनि
प्रकारका शिकार हुन्। त्यसबेला नेपालअधिराज्यमा जंगल र जानवर प्र
हुँदा शिकार मामुली र अति जनप्रिय खेल थियो। जतातत्तै शिकार पाइने हु
चोरी शिकार कम हुन्थ्यो र त्यसबेलाका शिकारीले शिकार शिकारको नि
खेल्दथे; जानवर मारेर खाग, मासु, हाड, बीना र छाला देशदेशावरमा लगी
ल्याउने, भारीका भारी सुकुटी बनाई बेच्ने कुविचारले हैन। अधिराज्य
देशमा घना जंगल हुँदा प्रशस्त जंगली जनावर र चराचुरंगी हु
र कहिले नसकिएलान् जस्ता। समयान्तरमा नेपालमा जंग
वर पनि मासिंदै गएकोले ती दुवै अपूरणीय क्षतिको कटु अ
बढ्दै गएको छ। (५०।६० वर्षयताका अबुज स्वार्थी र
नेपालअधिराज्यभरका जनताले जानवर जंगललाई स
खाप पारे– नेपालको भविष्यको रत्तिभर ख्याल नराखी।)
ईमा हात्तीको संख्या बढी, रैंतीको बाली-नाली बिग्न्यो भन्ने
हात्तीखेदा हात्तीद्वारा नै हुन्थ्यो। हात्तीको बथान हिन्ने
खनी, त्यही खाल्टामा हात्ती पारी, त्यसरी खाल्टोमा परेको हात्ती
तीले बाँधबुध गरी हात्तीसारमा ल्याई सधाउने चलन थियो;
लाई हात्तीसारको दुई चार मत्ता हात्तीले घेरेर पनि पकडन्थे।
दंताहारलाई सदाउन धेरै समय लाग्दथ्यो। बौलाहा हात्तीसिवाय
हात्ती मार्ने चलन नेपालमा थिएन– हात्ती विष्णुको वाहन कहलिए
निर्दोष जनावर हुँदा।

त्यसबेला काठमाडौं उपत्यकाभित्रै पनि प्रशस्त चरा शिकार हु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म्हैपी, ताचल, टौदह, मनहराको फाँटमा हाँस शिकार गर्दथे; लैनका अंग्रेज र केही राणाजीले म्हैपी, मनहराका धापमा कुत्ताका झुत्ता चरा मार्दथे; कच्याङकुरुङ आउनेताका त शिकारीको बासै मनहराको फाँटमा हुन्थ्यो; २००० सालतिर श्री ३ जुद्धले मातातीर्थमा पाटे बाघ मारेथे; रानीवनबाट फाँटमा धान खान आएका मृग र जरायोहरूलाई गाउँलेले लखेटेर मार्दथे; उहिले बृटिश राजदूत-हरूले लेखेका संस्मरणहरूमा, उपत्यकाभित्र लैन वरिपरि मृगको बथान डुलेका र धान काट्दा पाँजैपिच्छे बट्टाई उडेको देखिन्थे भनी लेखेको पाइन्छ।

राणाजीहरूको पालामा बाघशिकार एक अति आकर्षक खेल थियो– आजकल पर्वतारोहण भए झैं। बृटेनका पञ्चम जर्ज र एडवार्ड अष्टमहरू युवराज हुँदा, नेपालमा शिकार खेल्न आएथे; भारतका जंगीलाठ, लाठ साहेब, कमाण्डर-इन-चीफहरू त नेपालमा शिकार नखेली बेलायत फर्कंदैनथे भने पनि हुन्छ। राणासरकारको पालामा अन्तिम ठूलो काटमा शिकार २००१ सालको हिउँदमा भारतका जंगीलाठ लर्ड ओएभललाई चितवनमा खेलाइयो। उनले हवाईजहाजमा दिल्लीबाट सोझै चितवनको कच्ची कसरा हवाई मैदानमा ओर्ले-र शिकार खेलेथे। नेपालराज्यमा सर्वप्रथम हवाईजहाज चढेर आउने पनि लर्ड आएभल नै थिए। श्री ३ मोहन २००६ सालमा दिल्ली भ्रमणबाट फर्की भीम-फेदीमा मुकाम गर्दा, जंगीलाठ केशर, मे. ज. विजय र अर्जुनले राप्ती[illegible] बाघशिकार गरेथे। त्यहीबेलामा हो मे. ज. विजयले हाल हेटौंडा विअ[illegible] अगाडि कर्रा नदीको किनारामा भैंसीको बथानसाथ आहाल खेले[illegible] मारेको। त्यसबेलासम्म पनि हेटौंडावरिपरि बाघ र गैंडा [illegible] हुन्थे।

नेपालमा त्यसबखत उच्च स्तरमा पाहुनालाई अति [illegible] शिकार खेलाउने, आतिथ्य सत्कार गर्ने, किसिम किसिमका सौगात[illegible] र ठूलो मानमर्यादा प्रदान गर्ने हुँदा, पाहुनाहरू नेपालको सत्क[illegible] सम्पदासँग अति नै प्रभावित भएर घर फर्कन्थे। सबैजसो वरिष्ठ [illegible] हरूलाई तराईबाटै शिकारको शिकारै फर्काइन्थ्यो– काठमाडौं [illegible] काठमाडौंभित्र विदेशी हुल्यो भने नेपालको गुह्य खुल्दछ भन्ने डर [illegible] शम्शेरको पालासम्म पनि कत्ति घटेको थिएन र २००७ सालसम्म [illegible] सकेको थिएन। खास गरेर बहाल छँदै भारतका जंगीलाठलाई त [illegible] शिकार खेल्न निम्त्याए पनि, काठमाडौंभित्र कहिले पनि हुलिएन। बडालाठ कर्जनले नेपालभित्र आउने आग्रह देखाउँदा श्री ३ चन्द्रले भाँजी मारेर शिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेल्नसम्म तराईमा बोलाए तर त्यतैबाट भारत फर्काए– काठमाडौं नहुलीकन ।[१]

–०–

---

[१] "नेपाल" पर्सिभल लाण्डन, "श्री ३ चन्द्र शम्शेरले उनको (लर्ड कर्जनको) सुझाव (नेपाल 'काठमाडौं" भित्र आउने आग्रहलाई) मा कृतज्ञता ज्ञापन गर्दै, लर्ड कर्जन भारतको जंगीलाठ हुन छाडेको भोलिपल्टै उनको काठमाडौं आगमनको स्वागत हुनेछ भन्ने आश्वासन व्यक्त गरे ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

मुन्सीखाना बिलायो

(१)

नेपालको परराष्ट्रसम्बन्धी लेखापढी गर्ने अड्डालाई उहिले जैशी कोठा भनिन्थ्यो (त्यस अड्डाका धेरै कर्मचारीहरू ज्योतिष पढेका,हस्ताक्षर राम्रो भएका र भविष्यमा हुने कुराको पनि अलि बढी ख्याल गर्ने हुँदा) । त्यो अड्डा श्री ५ बडामहाराजाधिराजको पालामा गठन भएको हो । उहिले नेपालको वैदेशिक सम्बन्ध खाली भोट (तिब्बत) र चीनसँग मात्र थियो । १८७१।७२को नेपाल-कम्पनी सरकारसँगको युद्धपछि त्यस अड्डालाई मुन्सीखाना र त्यसको एक सानो फाँटलाई मात्र जैशी कोठा भनिन थाल्यो । मुख्तियार भीमसेन थापाको पालामा नेपालमा अंग्रेज रेसिडेण्ट बस्न थालेका र त्यसपछि हिन्दुस्थानसँग नेपालको स[illegible] बढेकोले, फार्सी भाषा जान्ने कर्मचारीको आवश्यकता महसूस भई, [illegible] अलैंची कोठी मार्फत उर्दूमा पोख्त श्री लक्ष्मीदासलाई (नेपालमा [illegible] भारत पसेका) भर्ना गरी, निजलाई मीर मुन्सीको दर्जा दिई [illegible] हाकिम बनाइयो । नेपालका मुन्सी खलकका पूर्खा यिनै लक्ष्मीद[illegible]

श्री ३ जंगबहादुर नेपालको प्रधानमन्त्री भएपछि अरू र[illegible] आफ्ना भाइभतिजालाई सुम्पे पनि, मुन्सी अड्डाको काम आफैले मुन्सी[illegible] र उनका भाइभतिजा र छोरामार्फत, चलाए । जंगबहादुरले लैन[illegible] नजीकै एउटा सानो अड्डा खोली लक्ष्मीदासकै सन्तानलाई त्यसक[illegible] (मुन्सी अथवा हाकिम) कप्तान बनाए । यस अड्डालाई सरकारल[illegible] अफिस भने पनि दुनियाँदारले लैनको कप्तान अथवा मुन्सीको अड्डा भन्द[illegible] हाकिमको जेसुकै मान– मीर सुब्बा, मेजर, सरदार भए पनि उनल[illegible] मुन्सी अथवा कप्तानै भन्दथे । श्री ३ जुद्ध शम्शेरको पालासम्म लैनका हा[illegible] त्यो सैनिक मान कायमै रह्यो ।

वास्तवमा चन्द्र शम्शेर १९५८ सालमा नेपालको प्रधानमन्त्री भएपछि मुन्सीखानाको निकै तरक्की भयो । अलाहवादबाट एफ्. ए. पास गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरिचमान सिंह (काजी बलमानका छोरा, यी तिनै बलमान हुन् जो खड्गशम्शे
श्री ३ रणोद्दीपलाई पेस्तोलले हान्दा खोपीमा छापा सुनाइरहेका थिए) ज
चन्द्र शम्शेरले मुन्सीखानाका हाकिम बनाई त्यसलाई पाँच फाँटमा बाँडे– जै
कोठा (मुस्तांगी राजा, भोट र चीनसम्बन्धी लेखापढी गर्ने), सदर अ
गोश्वारा, सीमा सर्भे, भारत र बृटेनको लेखापढी र लैनको एट्याचोको का
मुन्सीखानाको काम आफ्नै मातहतमा राखी आपना निकै जेहनदार छो
ज. केशर शम्शेरलाई, त्यसको काम सिकाए। १९६५ सालमा आफू पाँच महीन
सम्म भ्रमणलाई लण्डन जाँदा केशर शम्शेर र मुन्सीखानाको काम हेर्ने हा
मरिचमान दुवैलाई साथै लगे– काम सिकाउन र देश देखाउनलाई। सर
बटुबाबु र मी. सु. हरिगोपाल श्री ३ महाराज चन्द्रदेखि श्री ३ जुद्धस
वैदेशिक मामलाका सल्लाहकार भए पनि, उनीहरूको मुन्सीखानासँग कुनै
सम्पर्क थिएन।

श्री ३ भीम शम्शेरको पालासम्म पनि मुन्सीखाना कोत नजीकै उत्तर
ढोकाटोलमा थियो – उहिले श्री ५ पनि हनुमान ढोकामा राज हुने र
मुख्य अड्डाहरू हनुमान ढोका वरिपरि राख्ने अघिको चलन बमोजिम। श्री
जुद्ध शम्शेरको पालामा मुन्सी खाना, हाल आर्मी हेड क्वार्टर भएको ठा
[illegible]रियो। त्यसबेलाको हिसाबमा, मुन्सीखानाको त्यो सेतो र ठूलो नयाँ
[illegible]भव्य देखिन्थ्यो। प्रजातन्त्र भएपछि, सो मुन्सीखाना सिंहदरबार
[illegible]रराष्ट्र मन्त्रालय रहेको ठाउँमा) सरेको हो। (त्यस ठाउँमा
[illegible]द थियो– त्यो भन्दाअघि गैंडा पाल्ने खोर)।

[illegible]सको पालादेखि उनका सन्तानले मुन्सीखानामा काम
[illegible] उनको सकल परिवारलाई नै नेपालमा मुन्सी खलक भन्ने
[illegible]तवमा त्यसबेला मुन्सीखाना यही परिवारका मानिस र
[illegible] डाकिएको थियो पनि। मुन्सीखलकलाई अरू नेवारहरूले
[illegible]वारे राणाजी भन्दथे– त्यस परिवारका सबैजसो मानिस
[illegible]जोहरूसँग निकटतम सम्पर्क राखी काम गर्ने हुँदा। मुन्सी
[illegible]निसहरू आपसमा घरमा बोल्दा पनि पर्वते भाषामा बोल्दथे– प्र
[illegible]रू उच्च राणाजीसँग बोल्दा जिब्रो नलड्बडियोस् भनी।
[illegible]को व्यवहार पनि प्रायः पर्वते परिवारसँग मिल्दोजुल्दो थियो–
भए पनि विवाह गर्दा दुलाहा जन्ती जान्थे।

मुन्सीखानाले नेपाल सरकारको परराष्ट्रसम्बन्धी काम गर्ने हुँदा
अड्डा प्रधानमन्त्रीको खूद मातहतमा रहेकोले, त्यसको स्तर अरू अड्डाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकै माथिको जस्तो गनिएको थियो । त्यसका हाकिमले सोझै प्रधानमन्त्रीसँग सोधसाध गर्न पाउँदथे र दिनमा एकाध भए पनि चिठ्ठी श्री ३ को वाहुलीवाट दस्तखत गराउँदथे । हुन त प्रधानमन्त्रीका अल्लि जेहन चलाख छोरालाई मुन्सी-खानाको हेर-विचार गर्ने काम सुम्पिइन्थ्यो (पछि तिनीहरू डाईरेक्टर जनरल कहलिन लागे) तैपनि वडाकाजी मरिचमान मुन्सीखानाका हाकिम रहँदासम्म दिनमा एकबाजि प्रधानमन्त्रीकहाँ पुग्दथे र आफ्ना छोरा सु. नगेन्द्रमानलाई साथै लैजान्थे– मालिक चिनाउन र काम सिकाउन । श्री ३ महाराजाधिराजलाई संबोधन भई विदेशबाट आएका सबै औपचारिक चिठ्ठी-पत्र श्री ३ महाराजले खोली हेरी मुन्सीखानामार्फत पहुँच र जवाफ जान्थ्यो । विदेशीलाई लेखिने सबै औपचारिक लेखापढीहरू मुन्सीखानामार्फतै हुन्थ्यो । विदेशबाट श्री ५ को नाममा प्राप्त त्यस्ता चिठ्ठीको मजबूनसम्म श्री ५ मा जाहेर हुन्थ्यो हुँदैनथ्यो, त्यो त यसै भन्न सकिन्न । नेपाल सरकारका अड्डाखानाले खालि मुन्सीखानामार्फत विदेशी सरकारसँग लेखापढी गर्नु अनिवार्य थियो ।

वडाकाजी मरिचमानको निकै ठूलो कद, फराकिलो निदार, लामा जुँगा र अति खुलेको चेहरा थियो । झलक्क हेर्दा उनी बेलायतका भूतपूर्व प्रधानमन्त्री मि. वाल्डउइन जस्ता देखिन्थे । उनी नेपालमा सूक्ष्मबुद्धिमा म कहलिएका थिए थिए; थप, उनको सरल मिज्यास, भद्र व्यवहार सरकारप्रतिको बफादारी र न[illegible] ताको सबैले सराहना गर्दथे । आँखाको कमजोरीको कारणवश उनले [illegible] लगाई सो दिन श्री ३ महाराजसँग दर्शनभेट गर्दा, दाम राखेथे अ[illegible] बखत मोटर किन्ने स्वीकृति पाउँदासम्म पनि भित्रीयाहरूले नि[illegible] दाम राख्न पर्दथ्यो)। वडाकाजी मरिचमान सिंह ठूलादेखि अति सा[illegible] नम्रतापूर्वक व्यवहार गर्दथे । बुद्धि र नम्रता नै उनका मु[illegible] पोख्त कूटनीतिज्ञमा हुनुपर्ने सबै लक्षण उनमा विद्यमान थिए ।

त्यसबेला मुन्सीखानाजस्तै महत्त्वपूर्ण अर्को अड्डा थियो– [illegible] अथवा कप्तानको अड्डा (आजकल शिष्टाचार महापाल बस्ने ठाउँ) [illegible] श्री ३ चन्द्र शम्शेरका पालामा कप्तान अष्टमान र प[illegible] कप्तान [illegible] हाकिम भएथे । यी दुवै मुन्सी खलक थिए । त्यहाँको हाकिमको [illegible] थियो लैनका वडासाहेब र प्रधानमन्त्रीको बीच सकभर घनिष्ट सम्बन्ध [illegible] गराउने । त्यसताका श्री ३ महाराज, उनका हजूरिया जर्नेल र लैनका कप्[illegible] (एटेची) सिवाय अरू कसैले पनि लैनका वडासाहेबसँग सोझै सम्पर्क राख्न पाइँदैनथ्यो । त्यसै कारणले पनि त्यहाँका हाकिमको महत्त्व बढेको हो ।

बृटिश दूतावासका कर्मचारीहरूले यिनै लैनका कप्तानमार्फत नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारसँग पर्ने सबै काम कुरा पटाउन पर्दथ्यो । बृटिश दूतावासले सोझै नेपालीसँग सम्पर्क राख्न नपाए झैं नेपाल सरकारका कर्मचारीलाई दूतावासका कर्मचारीले भेट्न मनाही थियो। अरू दुनियाँदारहरू पनि सोझै दूतावासको सम्बन्ध राख्न र लैनको नजीक घर बनाउन पाउँदैनथे[1]।

बडासाहेबको भने सोझै प्रधानमन्त्रीसँग सम्पर्क रहन्थ्यो (उनी सिंहदरबारमा प्रधानमन्त्रीलाई भेट्न आउँदा, भद्रकालीदेखि मूलढोकासम्म चाकरीहरूलाई पर्न नदिनू र सिंहदरबारमा चाकरीलाई जुटेका चाकरीदारहरूलाई बडासाहेब आएदेखि नफर्किंदासम्म सिंहदरबारको गोठमा गएर लुक्नू भन्ने ऊ हुन्थ्यो– नेपालमा चाकरी-प्रथा छैन भनी बडासाहेबलाई देखाउन) । लैनका बडासाहेबकहाँ हुने एकाध चाडमा दिग्गज राणाजी र छनौट उच्च भारदार बाहेक अरू निम्त्याइंदैनथ्यो। बडासाहेब र त्यस्तै खालका विदेशी पाहुनाहरू साथलागी प्रधानमन्त्री बसेको ठाउँमा भेटमुलाकातमा राणाजीहरू बाहेक अरू उच्च कर्मचारीहरू जाँदा विदेशी पाहुना बैठकमा बस्दासम्म अरूसरह मेजमा बस्न पाए पनि, पाहुना बैठकबाट निस्केपछि उसलाई बाहिर पुऱ्याई फर्केपछि उही बैठकभित्र जाँदा जुत्ता फुकाल्न पर्दथ्यो र भूइँमा बस्न पर्दथ्यो। किनकि समारोह बाहेक अरू बेलामा दुनियाँदारले सत्रभाइ रोलवालाको हारमा मेजमा हुँदैनथ्यो। (चाकरी प्रथाको हजार बैगुन भए पनि त्यसबेला एक भन्न [illegible]यो । त्यो हो विभिन्न तहका हरेक कर्मचारी, जान्ने सुन्ने मानिसहरूले [illegible]ा भेटी आफ्ना अड्डा अथवा घरव्यवहारसम्बन्धी कुरा विचार दिन [illegible]कुरा सजिलै र तुरुन्त पट्याउन पाइने मौका । चाकरीमा [illegible] यताउताका सबै खबर पाउँदथे । एक प्रकारले आजकल [illegible]थ्यो त्यसबेलाको सिंहदरबारको चाकडी) ।

[illegible]का कप्तानले नेपालका प्रधानमन्त्री जत्तिकै ठूला लैनका बडासाहेब [illegible]न भए पनि दिनहुँ उनको अफिसमा भेटी, आराम विराम, च[illegible] इत्यादि सबै खबर राम्रो बुझी जस्ताको तस्तो प्रधानमन्त्री [illegible]जर्नलका समक्ष रोज विन्ति चढाउन पर्दथ्यो– बेलुकासम्म कुरेर [illegible]सर गरेर लैनका बडा र अरू साहेबहरूका ड्राइभर, भान्छे, नोकर [illegible] पोडे, कसाइँ र उनका स्वास्नीहरू) नै लैनका हाकिमका गुप्त

---

१. मुलुकी सवाल "... सो घरबाट हेर्दा लैन, र श्री ५/३ सरकार राज भ[illegible] दरबार र सिंहदरबारका कम्पाउण्डभित्र मानिस हिंडडुल गरेको नचिन्ने भने १५ दिनभित्र चेरमेनछेउ साधी... बनाउन दिनू"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्थे। यिनैद्वारा उनले लैनका साना-ठूला, चाहिने नचाहिने कुरा धुती प्रधान-मन्त्री कहाँ पुऱ्याउँदथे। जति धेरै बडासाहेबसम्बन्धी घतिला कुरा प्रधानमन्त्री-कहाँ लग्न सक्यो उति लैनका कप्तानको कामको कदर हुन्थ्यो।

१८७२ सालदेखि १९०३ सालसम्म नेपाल दरबारलाई यिनै लैनका बडा साहेबहरूले हल्लाई, भाँड्नसम्म भाँडेकाले, कोतपर्वपछि नेपालमा आएका सबै बडा साहेबसँग राणाजीहरूले बाहिर हद राम्रो दोस्ताइँ राखे पनि भिन्न उनीहरू प्रतिको नेपालीको पुरानो शंका मेटिई सकेको थिएन। राणा सरकार-बाट पगपगमा बडा साहेबको गतिविधिको चेवा हुन्थ्यो। बडासाहेबहरू बाउँठे भर्न उनीहरूको विरुद्ध कति निराधार फरेप लगाई शहरमा हल्ला समेत मच्चाइदिन्थे। अंग्रेजहरू बाँदरका सन्तान हुन्, उनीहरूको पुच्छर हुन्छ, उनीहरूको छोईछिटो हाल्न पर्दछ भन्ने खालका किंवदन्ती त पछिसम्म पनि नेपालमा सुनिनाको यही कारण हो। लैनका कप्तानलाई साथ नलिई उनी काठमाडौं बाहिर भ्रमणमा जान पाउँदैनथे; गर्दागर्दा कुनै कुनै बडासाहेबलाई त राणा सरकारले हात लिएर कठपुतलीसम्म बनाई, भिन्न भिन्न उपहार, उप-दान र पेन्सन दिए। बडासाहेबहरूलाई खेलाउने हतियार बनाइएको थियो लैनका मुन्सी कप्तान (हाकिम)।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

त्यसबेलाका नेपालका सर्वशक्तिवान् प्रधानमन्त्रीले नेपालमा खुसामत गर्न-पर्ने, संकोची हुन पर्ने र केही मात्रामा अदब, दहकस र डर मान्न पर्ने यदि कोही मानिस नेपालमा थियो भने ती थिए लैनका बडा साहेब। (उनी १८७३ सालमा रेसिडेण्ट; १९८० सालमा एनम्बाए, १९९१ सालमा मिनिष्टर २००३ सालमा एम्बेसेडोर भनिन्थे)। तसर्थ ती बडासाहेबलाई जसरी भए पनि राजी-खुसी राख्ने प्रधानमन्त्रीको निरन्तर प्रयास पछिपछि झन्झन् बढ्न थाल्यो। त्यस्ता व्यक्तिलाई रिझाउन सकेमा आफ्ना प्रधानमन्त्री स्वतः आफूसँग रिझिने हुँदा, लैनका मुन्सी कप्तानले बडासाहेब रिझाउनलाई कुनै कसर बाँकी राख्तैनथे। बडासाहेबले चिताईमात्र दिन पर्दथ्यो, लैनका कप्तानले त्यो पुऱ्याई दिन्थे– जहाँबाट जसरी भए पनि– दौडधुप, खोजतलास गरी; त्यसैले सालसालैजस्तो बडासाहेब हिउँदताका तराईमा शिकार खेल्न र वर्षामा ककनीको बं[illegible] हावा-पानी बदल्न जाँदा उनलाई वित्ताभर नछाडेर लैनका कप्तान सा[illegible] बडासाहेबको इच्छा पुऱ्याउन र चेवा चपेटा गर्न।

बडासाहेबको आन्तरिक भ्रमणको खर्च नेपाल सरकारले[illegible] राणा सरकारसँग जति मिल्यो उति सोख सयल गर्न, उपहारी[illegible] नेपाललाई हात लिई राखेमा आफ्नो सरकारको स्वार्थपूर्ति हुने हुँदा[illegible] साहेबहरू पनि नेपाल सरकारसँग सकभर मेल मिलापै राख्दथे। [illegible] काण्ठमा र २००७ सालको पर्वमा त्यसबेलाका राजदूत मि. वेथम[illegible] कोनरले आफ्ना सरकारलाई "विना राणा सरकार नेपालक[illegible] स्थायित्वको कल्पना पनि गर्न सकिन्न" भन्ने खालको गोप्य प्रतिव[illegible] सरकारमा पठाउनाको पनि खास यही कारण हो। कूटनीतिज्ञहरूमा नि[illegible] ज्यास्ता बढ्न गयो भने राष्ट्रिय स्वार्थलाई पनि कहिले काहीं धमिल्य[illegible]

---

१. मुलुकी सवाल "रेसिडेण्ट साहेब आउँदा जाँदा दरबन्दी बमोजिम जाफत गएको दरबन्दी बमोजिम मिन्हालाई मुन्सीखानाका मुख्य हाकिमले बुझी दुई छापेबाट सदर गराई निकासा दिनू"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र धक्का पुऱ्याउँदछ भन्ने कुरा उक्त दुई राजदूतहरूको त्यसबेलाका ती प्रतिवेदन
काम र कुराले सावित गर्दछन् ।

त्यसबखत लैनको हाकिमको मातहतमा निकै चप्रासी हुन्थे । बडासाहेब
को घरमा परेका सबै काम यिनैले पार लगाउँदथे; लैनको सरकारी पाटी (आज
कल निजी पसल बनेको छ) मा पालो बस्दथे; बडासाहेब बराबर ककनीको
हावा-पानी छल्न जाँदा भारी यिनैले बोक्दथे र त्यहाँ पालो बस्दथे (बडासाहेब
लाई कुखुरा चाहियो भने यिनै चप्रासीले पोडेमार्फत जाल हनाएर शहरका
गल्लीमा चरेका कुखुरा छोपी दुई-चार आना तिरी ल्याउँदथे र साहेब र मीम
साहेब चाहाँ, हाँस शिकारलाई मनहरा इत्यादि ठाउँमा जाँदा र डुल्न निस्कँदा
पछिपछि हिंड्दथे । कुनै समारोहमा बडासाहेब जाँदा, लैनदेखि समारोह स्थल
सम्म यिनै चप्रासी ठाउँ ठाउँमा लाम बसी, बग्गी चढेर, लैनबाट बाटो लागेर
बडासाहेब गन्तव्य स्थान नपुग्दासम्मको गतिविधिको खबर छिनछिनमा
प्रधानमन्त्री कहाँ मुखमुखै पुऱ्याउँदथे । विशेष समारोह स्थलमा श्री ५ को
बडासाहेबलाई भेटाउन पऱ्यो भने प्रायः मुख्तियारले दोमासेको काम गर्दथे
श्री ५ ले सोध्ने र एकलै लैनका बडासाहेबसँग कुरा गर्ने औसर राणासरकारले
कहिले दिंदैनथ्यो (श्री ५ र राजदूतको बिच भेटघाटमा जस्तोसुकै प्रतिबन्ध
[illegible] तापनि, त्यो नाकाम हुँदो रहेछ भन्ने सत्य पछिपछिका घटनाले साबित
[illegible]).

[illegible]ँचै भन्ने हो भने त्यसबखत नेपालमा प्रधानमन्त्रीपछि सबभन्दा
[illegible] बडासाहेब बसेका थिए । लैनको कम्पाउण्ड धन्नै दुई-तीन हजा
[illegible]त्यो पछि सिंगै भारतको हात पऱ्यो, भारत सरकारको योजना
[illegible]ावास विश्वभर कहीं छैन) । उनकहाँ वर्षको एक दिन बडा दिन
[illegible]ली पल्टनबाट सिपाही आई अनेक खेल देखाउँदथे, दिग्गज राज
[illegible] उच्च भारदार त्यस्ता पार्टीमा निम्त्याइन्थे र राणाजीहरूको
[illegible]ने, लैनको पल्टन (त्यसबेला एक सय जना जत्ति भारतीय सि
[illegible] बडासाहेबको रक्षा गर्न लैनमा बस्दथे) पनि प्रोसेशनमा सा
[illegible] लैन दूतावासका मुन्सीहरूले नै धेरैजसो नेपालको मुन्सीखानासँग
[illegible] गर्दथे । अरू अंग्रेजी कर्मचारीहरूको मुन्सीखानासँग बहुतै कम सम्
[illegible]थ्यो; लैनका गोरा डाक्टरलाई औषधिमुलो गर्न कसैले घरमा बोलाउन
अवस्था परेमा हजुरिया जर्नेल साध्न पर्दथ्यो । लैनका अंग्रेजी अधिकृतले नेपा
कर्मचारीलाई उस्तो गन्दैनथे र सम्पर्क राख्दैनथे ।

त्यसबेला मुन्सीखाना बाहिरबाट हेर्दा निकै भव्य देखिए तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोक्रो थियो । बृटिश दूतावासका राजदूतको त के कुरा, दूतावासका सानो अंग्रेजी कर्मचारीहरू पनि भेटघाट गर्न मुन्सीखानामा आउँदैनथे । मुन्सीखानाका सबै जस्तो अधिकृतहरू मुन्सीखलकका हुन्थे (खालि बीचमा सरदार ज्वाला सिं हमाल, सरदार मेदिनीप्रसाद राजभण्डारी, भरतराज राजभण्डारीहरू कर्मचारी र २००५ सालमा सरदार नरेन्द्रमणि आचार्य दीक्षित मुन्सीखानाका हाकिम भएथे) ।

मुन्सीखानाका एकाध कर्मचारीले मेचटेबुलको इस्तेमाल गरे पनि अरू कर्मचारीहरू गद्दामा नै बस्दथे, बाँसको कलमले लेख्दथे र कागजपत्रहरू अरू अड्डाखानामाजस्तै पोकै पार्दथे । खाली बडाकाजी साहेब बस्ने अफिसमा एक टेलिफोन जडिएको थियो (प्रधानमन्त्री, मुख्तियार, जंगीलाठ, कमाण्डिङ जर्नेल, ठाना र मुन्सीखानामामात्र त्यसबखत अटोमेटिक टेलीफोन जडिएको हुँदा हप्तामा एकाध टेलिफोन कल त्यहाँ आउँदथे) । मुन्सीखानाभर जम्मा दुई-तीन टाइपराइटर थिए । अष्टमानका छोरा सूर्यमान, नजरमानहरूसम्म टेबुलमेचमा बसी अंग्रेजीमा लेखापढीको काम गर्दथे ।

मुन्सीखानाको काम बिलकुल पुरानो ढाँचाले चलेको थियो । मुन्सीखानाको मातहतमा त्यसबखत सीमित नियोग विदेशमा भएकाले, कुनै वैदेशिक सेवाका रूल नियम त्यतिजेल त्यहाँ बनेका थिएनन् । खालि ह्लासामा वि[illegible] भएर जाने कर्मचारीले भोटका पुराना सनद सवालको अध्ययनसम्म गर्[illegible] हाले भने । भोटतर्फको काम सरदार मेदिनीप्रसाद राजभण्डारीले हेर्दथे [illegible] अधि उनलाई भोटे सुब्बा पनि भन्दथे । वकिल अड्डाहरू, पटनाको [illegible] कोठी, कलकत्ताको वाइङ एजेन्सी र दूतावासका प्रमुख कर्मचारी[illegible] खानाभन्दा बाहिरबाटै खटिएर जान्थे । यसरी बाहिरबाट खटिए[illegible] कर्मचारीलाई, सुन्सीखानामा, दूतावासबाट आएगएका कुनै [illegible] प्रतिवेदनहरू पढाइँदैनथ्यो; न त कुनै नयाँ कुरा सिकाइन्थ्यो [illegible] सबै लेखापढी अति गोप्य गनिने हुँदा ।

मुन्सीखानाका कर्मचारीहरू पनि आजकलजस्तो त्यसबेला [illegible] नियोगमा जान मरिमेट्दैनथे । न त बाहिरियाहरूले पनि आजकल झैं दू[illegible] मा जान पाऊँ भनी जप, पाठ र भाक्कल गर्दथे– ती पदहरू त्यसबखत [illegible] निरर्थक र बेरसका हुँदा । विदेशी नियोगमा खटिएर जानेहरूको निमित्त त्यसबखत कुनै आकर्षण थिएन, खास गरेर द्रव्यको । त्यसबेला वैदेशिक भत्ता, लुगा, आकस्मिक खर्च, स्वास्थ्य बीमा, भैपरिआउने, भोजभत्यार र पाहुना खर्च दूतावासका कर्मचारीलाई मुन्सीखानाले छुट्टै निकासा गर्दैनथ्यो । उहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियोगका कर्मचारीले ठाडो एक चिम्टी पकेट खर्च पाउँदथे; त्यो जाबो भन्
महीना पारभन्दा महीना वारैमा सकिन्थ्यो । २००७ सालसम्म मुन्सीखानाका
जना कर्मचारी पनि विदेशस्थित नेपाली नियोगमा खटिएर नजानाको र जा
लाई भुतुक्क नहुनाको त्यही कारण हो ।

१९७४ सालको सनद सवाल बमोजिम नै धेरै कालतक मुन्सीखाना
काम चलेको थियो भने हुन्छ । त्यस सनदमा मुन्सीखानाका चालीसजना क
चारीलाई रु. ६,७०३।३२ पैसाको खर्च निकासा भएको थियो । त्यसमा
दश कर्मचारी र बाह्र सय एकान्नब्बे रुपैयाँ उन्नाइस पैसा र दुई दाम जे
कोठालाई पर सारिन्थ्यो[1] । उहिले कारिन्दाको मासिक तलब पाँच-छ रुपैयाँ
त्यो वार्षिक छ-सात हजारको बजेट पनि के के न थियो । त्यसबाट बढ्दा बढ्
मुन्सीखानाको खर्च देहायबमोजिम २००७–२००८ र २०३७।३८ सा
पुग्यो ।

मुन्सीखानाको खर्चको फाँट

	१९७४	२००७	२००८	२०३७।३८
१. तलब खर्च	६,७०३।–	३२,०००।–	४०,०००।–	
(क) दिल्ली दूतावास		१,२१,०००।–	२,४७,०००।–	
) लण्डन दूतावास		१,९९,०००।–	३,३२,०००।–	
कलकत्ता कन्सुलेट		५९,०००।–	१,०३,०००।–	
ंगुन कन्सुलेट		१६,०००।–	५०,०००।–	
सा कन्सुलेट		४९,०००।–	६३,०००।–	
सत्कार कारिन्दा र खर्च		३,०००।–	४,०००।–	
ट्रयसम्बन्ध परिषद्		३,०००।–	३०००।–	
		१८,०००।–	१,००,०००।–	
ल्लाहकार		१,००,०००।–	१,००,०००।–	
ाथि सत्कार			१,००,०००।–	
कन्सुलेट खोल्न कं. रु.			९०,०००।–	
	६,७०३।–	६,००,०००।–	१२,३२,०००।–	४ ८०

१. मुलुकी सवालबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी २००७ सालमा अर्थात् ३३ वर्षको बीचमा, मुन्सीखानाको बजेट रु. ६,७०३।– बाट बढेर छ लाख रुपैयाँ पुग्यो भने, प्रजातन्त्र भएको अर्को सालमा त्यसको खर्च डब्लियो। २०३७।३८ सालको बजेटमा अर्थात् अर्को तीस वर्षमा परराष्ट्रको खर्च चार करोड असी लाख रुपैयाँको अनुमान भयो। २००७ सालसम्म पनि मुन्सीखानाअन्तर्गत परराष्ट्र सेवा गठन हुनको त कुरै पर जावस्, मुन्सीखानाका कर्मचारीहरूलाई फटकेर भाइ-भारदारका छोराले ती सीमित कूटनैतिक नियोगका एकाध पदहरूलाई बीच बीचमै जिप्ट्याउँदथे, चीलले चल्ला गाँजे झैं। दूतावासको नियोगप्रमुख त सत्रभाइ रोलवाला राणाजीसिवाय अरूले त्यसत्रखत भेटाउन आशै गर्न पर्दैनथ्यो– सत्रभाइ रोलवाला बाहेक अरू नेपालीहरू "महामहिम" भनिन नहुने हुँदा। खालि ल्हासाको वकिलसम्म भारदारका भाइछोराले भेटाउँदथे– १९१२ सालको नेपाल-भोट सन्धिमा त्यो शर्त परेकोले।

१८७२ सालदेखि २००७ सालसम्म त्यो मुन्सीखाना सानै काँटमा थोरै खर्चले र जुम्सै चालले चलेको भए पनि. त्यसले नेपालको सीमित राष्ट्र-हरूसँगको परराष्ट्रसम्बन्ध पूर्ण सम्मानपूर्वक र नेपालको सार्वभौमसत्तामा कतैबाट कुनै आँच नआउने गरी, तारीख धानेको तथ्यको साछी छ नेपालको इतिहास। आत्मसन्तुष्टिको दृष्टिकोणबाट विचार गर्ने हो भने, मामभन्दा पनि ठूलो हो नाम र काम। आममौकामा त्यसबेलामा मुन्सीखानाले बृटेन[illegible] दौत्यसम्बन्ध जोड्ने कामको साथै त्यसलाई गतिशील पारिदिएकोले मा[illegible] नेपाल ठूलो झन्झट, फन्दा र रफुचक्करबाट मुक्त भएका अनेक दृष्टा[illegible] मुन्सीखानाको त्यो काम सानो थिएन। तर २००७ सालमा नेपा[illegible] एक आएको त्यो नवीनताको लहरको झोक्कामा परी विचरो [illegible] खानाको नाम पनि दरबार स्कूलको नाम जस्तै हेर्दा हेर्दै त्यसै [illegible] कुरो सबै पुरानै रहे तापनि।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

नेपालको पहिलो दूतावास

(१)

उत्तरतर्फ कमाण्डिङ्ग जनरल बहादुर शम्शेरको नेतृत्वमा १९९१ सालमा बृटिश नरेशलाई ओजस्वी राजन्यको तक्मा (त्यस समारोहको निमित्त सर्वप्रथम नेपालमा रचिएको) पैराउन लण्डन गएको प्रतिनिधि मण्डल, सोही साल त्यहाँ दूतावासमा परिणत भयो । त्यसका पहिला राजदूत उ. क. ज. बहादुर शम्शेर भई काठमाडौंस्थित अंग्रेजी र लण्डनस्थित नेपाली दूतावासका नियोग प्रमुखहरू अव यन भ्वाएको सट्टा मिनिष्टर भनिन थाले । लण्डन शहरको क्यानसिंगटन प्यालेस गार्डेनको नं. १२ ए. मा त्यसबेला खुलेको त्यो दूतावास अझ पनि त्यहीं नै छ । बृटेनको राजपरिवारले चर्चेको त्यो प्यालेस गार्डेन[illegible] रहेको नेपाली दूतावासको सडकलाई मिलियनर्स रो (लखपतिहरू बस्[illegible] भन्दैछन् (त्यसका अगलबगलका घरहरू चिन्हैं नसकिने किसिमले [illegible] करण भए तापनि त्यो दूतावास अझ जस्ताको तस्तै छ) ।

त्यो दूतावास थियो (छ) प्रख्यात हाइड् पार्कको उत्तरप[illegible] (बृटिश साम्राज्यको मुटु बृटेन, बृटेनको मुटु लण्डन, लण्डनको मुटु[illegible] र हाइड् पार्कको मुटु क्यानसिंगटन प्यालेस गार्डेन्स भन्ने बेलायतम[illegible] चलन थियो) त्यसैमा बनेको थियो निकै भव्य, बेसमेण्ट, लाइब्रे[illegible] अफिस, व्यङ्कोयट हल, बैठक, विलीयर्ड रूम सहित १५।२० [illegible] भएको चार तले कुँदेका ढुङ्गाले बनेको घर । एक सय वर्षअघि स्वएज[illegible] निर्माण गर्ने कुनै ठेकेदारले बनाएको त्यो घरमा खुलेको दूतावासको बहा[illegible] होलो थियो ।

(बृटेनमा धेरैजस्तो घरहरू सरकारसँग सय वर्षको बन्धकीमा लि[illegible] जमीनमा बन्ने हुँदा म्याद पुगेपछि सो जमीनमा बनेको घर, स्वतः म्युनिसिपलेटीको हुने नियम अनुरूप नेपाली दूतावास रहेको त्यो नं. १२ ए. ग्याएल बुरे अफ केनसिंगटनको सम्पत्ति भएको थियो । त्यो घरको धनी नाटिकुटीमा विश्वास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने मानिस हुँदा त्यसलाई नं. १३ नभनी, विच्छुक जोगाउन, नं. १२ ए. भनि
को हो । नं. १३ मा त त्यसैबेला पनि रुसी दूतावास थियो– छुक विच्छुक
वास्ता नगर्ने भएकोले) ।

त्यसैले नेपाली दूतावासको वार्षिक वहाल पाउण्ड ५०० तिरे पुग्दथ्यो
लण्डनमा तेत्रो घरको त्यति थोरै बहाललाई उहिले पनि सिन्की सरह मान्दथे
साथै वकिङ्गमा आठ पाँच नियोगका कर्मचारी गएर बस्ने सानो घर, र दू
वासका कर्मचारी मरे भने पोल्ने ठाउँ पनि खरीद भएको थियो । उ. क.
बहादुर शम्शेरकी रानीको सोही ठाउँमा सर्वप्रथम दाहसंस्कार भएथ्यो
(त्यसबखत लण्डन निवासी धेरै राजदूतावासहरूको शहरबाहिर साना देहा
घर राख्ने चलन अनुरूप नेपालले पनि वकिङ्गमा घर खरीद गरेको हुन सक्छ)

प्रथम नेपाली राजदूतसँग ले. क. सोभाग जंग थापा सैनिक सहचा
सु. गुन्जमान, प्रथम सचिव, सु. कृष्ण मोहन द्वितीय सचिव र ख. मोहन
निजी सचिव भएर गएका थिए। त्यसबेला नेपालको राष्ट्रिय आय-व्ययको
कसैलाई थाहा नभए झैं, लण्डनस्थित नेपाली दूतावासको खर्चको निका
पनि राजदूतसिवाय अरू कसैलाई थाहा हुँदैनथ्यो– दूतावासको सर्व
राजदूतकै नाममा हस्तेवारी निकाशा हुने र दूतावासलाई चाहिने घीउ, चा
मसला, गुन्द्रुक, मसेउरा, तामा दाल इत्यादि नेपालबाट आउने हुँ
का कर्मचारीहरूलाई दिनको दुई छाक, घीउ हालेको मसिनो चाम
ाको दाल, मासु, २।३ थोक तरकारी, अचार मनग्य राजदू
ख्वाइन्थ्यो ।

दूतका नानी, कोठामोचे, भान्छे बाहुन, भान्छाको काम गर्ने
नेपालबाट जान्थे । हरेक कर्मचारीहरूले नेपालबाट स्वास्नी
नोकर लैजाने खर्च पाउने हुँदा, कोठा, भाँडा सफाइलाई कुनै
ठा नसजिए पनि । दूतावासमा विदेशी ड्राइभर, वटलर, फु
र मेडहरूको पनि दरवन्दी थियो । नेपाली कर्मचारीहरूलाई
नेपाल सरकारतर्फबाट दूतावासमा पूरै प्रबन्ध भए पनि, कपडा
डुल्न, खेलबाड, थेटर सिनेमा हेर्न, चुरोट रवसी, चक्लेट, बस,
टिकट किन्न यताउता गर्न आफ्नै पकेटबाट नियोगका अधिकृतले खर्च
यो । त्यो पकेट भरीभन्दा प्रायः रित्तो हुन्थ्यो ।

दर्जा हेरी त्यो पकेट खर्च हुन्थ्यो मासिक पाउण्ड दश-पन्द्र । त
लडाइँको जमानामा मालको मोल अन्दाधुन्द बढेपछि काउन्सेलरको
पकेट खर्च अठ्ठार पाउण्ड पुगेको थियो । दूतावासका प्रायः सबैजसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारीहरू राजदूत आफैले नेपालबाट छानेर सँगै लैजान पाइने हुँदा, उनको मन परेका चाकडीदार अथवा उनका छोराहरू राजदूतसँग जान्थे। त्यसरी उनको पाउ रखवारे भएर गएका अधिकृतहरूलाई राजदूत आफैले लाउन, खान र डुलाउनमा हेरविचार गरी दिने हुनाले मात्र ती अफिसरहरूलाई निरन्तर आर्थिक संकटको सामना गर्न पर्दैनथ्यो।

तर बीचमा खटिएर जाने एकाध कर्मचारीहरूलाई ठूलो धर्मसंकट पर्दथ्यो। लण्डनजस्तो शहरमा मासिक सत्र-अठ्ठार पाउण्ड भत्ता पाउने कर्मचारीले मन फुकाउने हो भने ता त्यसले छोप लाग्दैनथ्यो। कर्मचारीको पेट दूतावासको खानाले अघाउने हुँदा उनीहरूको मन र आँखा नअघाए पनि कुनै फरक पर्दैनथ्यो। फेरि, नेपालभित्र गुडुल्किएर बस्ने यताउता नजाने बानी परेका नेपालीहरू लण्डनमा पनि गुडुल्किएरै बस्न सक्तथे। त्यसबखत लण्डनमा आज-कलजस्तो पाउना पनि लाग्दैनथे। खालि आफ्नो मन ऋषिमुनिले झैं बाँध्न सके कर्मचारीलाई पुग्दथ्यो।

शुरू शुरूमा लण्डनस्थित नेपाली नियोगमा खटिई अथवा छानिएर जाने अधिकृतहरूले सामना गर्नुपर्ने थप अरू तीन चार महासंकट थिए–। प्रथम, जतिसुकै साललाई बेलायतमा खटिएर गएका भए पनि, राजदूत बाहेक अरू कुनै नेपाली कर्मचारी र नोकरानले साथमा परिवार लैजान पाउँ[illegible] (ले. क. यज्ञ बहादुर बस्नेत ११ वर्ष र सरदार नरेन्द्र मणि आ. दी[illegible] त्यहाँ एक्लै बसेथे)। स्वास्नीका भोगी श्री ३ जुद्ध शम्शेरले, त्यस[illegible] दूतावासमा किन बंधाएका हुन् त्यो त दैब जानोस्। राजदूतदेखि नो[illegible] सबै दूतावासका मानिस एकै घरमा बस्न पर्ने हुँदा र कर्मचारीहरू[illegible] एक कोठाभन्दा बढी त्यहाँ बस्ने ठाउँ नपुग्ने हुँदा अथवा स्वास्नीमा[illegible] केटी एकै ठाउँमा कोचिएको खण्डमा दूतावासमा अशान्ति र बढी[illegible] हुन्छ भनेर पनि त्यो अजिबको प्रतिबन्ध लागेको हुन सक्तछ। दूत[illegible] बस्ने त कुरै पर जावस् रात साँझ परेपछि त्यसबाहिर जाने पनि च[illegible] गएर पो के गर्ने खल्ती रित्तो छ भने ?

दोस्रो, नेपाली अधिकृतहरूले प्रायः दिवा र रात्री कुनै पनि औ[illegible] भोज भत्यार दूतावासबाहिर गएर खान मनाई थियो। तेस्रो, शुरू शु[illegible] नियोगका सबै कर्मचारी औपचारिक औसरमा दूतावासबाट बाहिर [illegible] राष्ट्रिय पोशाक लगाउन पर्ने अनिवार्य थियो। (श्री ३ चन्द्रसँग १९६५ सालमा जुद्ध शम्शेर बेलायत जाँदा राष्ट्रिय पोशाक लगाएर त्यहाँ हिडडुल गरको सम्झी उनले १९९१ सालमा बेलायत जाने नेपाली नियोगका कर्मचारीले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली राष्ट्रिय पोशाक लगाउन अनिवार्य गरेका हुन् भन्ने मानिसको धारणा थियो) ।

पकेट खर्चको अभाव र औपचारिक भेटलाई दूतावासबाट बाहिर जाँदा नेपाली लुगा लगाउन पर्ने भारी अड्चनले गर्दा शुरू शुरूमा नियोगमा जाने कर्मचारीहरू दूतावासबाहिर जान उस्तो मन गर्दैनथे । लण्डनका लर्ड मियर र राजा-रानीले पठाएको निम्ता नेपालीहरूले स्वीकार गरे तापनि खाने बखत अरू पाउनाले डाइनिङ टेबुलतिर मुख लगाउँदा, नेपाली नियोगका राजदूत र अधिकृतले बाहिर निस्कन ढोकातिर सोझिन्थे– अरू म्लेक्छसँग एकै ठाउँमा बसेर नेपालीले खायो भने जात जान्छ भनेर । लाज जति लागे पनि, गाल र इज्जत बचाउन दूतावासका अधिकृतहरूले श्री ३ ले बाँध्नेको त्यो कठोर नियमको ईमानदारी साथ त्यतिपर बेलायतमा पनि पालना गर्दथे ।

जुन उद्देश्यले एक देशको विदेशमा नियोग खोलिन्छ (अरू नियोगहरू परराष्ट्र मन्त्रालयका कर्मचारीलाई ख्वाएर, उनीहरूकहाँ गई खाएर, आफ्नो मुलुकमा भएका थोरबहुत साना-ठूला कुराहरू चढाई बढाई अरूलाई सुनाएर अरूबाट आफूलाई मतलब परेका कुरा धुतेर, काम पटाउने गुन्जायस)त्यो नेपाली नियोगमा त्यसबखत कत्ति थिएन । नियोगका अधिकृतसँग त पाउना डाकेर [illegible]न्ते ठाउँ र पैसा दुवै हुँदैनथे । राजदूतले पनि अरूलाई बोलाई दूतावासमा [illegible]थे । दूतावासमा सालको एकबाजी सम्वतसरको दिन राष्ट्रिय दिन [illegible]ोजन गरेको समारोहमा खालि रक्सीका भोका, डाके पनि नहुँ[illegible] [illegible]समा त्यस दिन आउन नविराउने खालका, पाहुना मात्र थुप्रैथे [illegible]का राजदूत र अधिकृत अरूसँग उस्तो बसउठ, हेलमेल न[illegible] [illegible]ा खालका पाहुनाको त्यस दिन बूतावासमा अभावै हुन्थ्यो । (त्य[illegible] [illegible]को जन्मोत्सवलाई राष्ट्रिय पर्व मनाउने चलन थिएन ।)

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

२००७ सालसम्म पनि विदेशस्थित नियोगमा खटिएर जाने अधिकृतहरूको जंगी अथवा निजामती दर्जा हुनै पर्दथ्यो– नियोगको जुनसुकै पोष्टमा उ नियुक्त होस्। त्यही नियमले गर्दा २००२ साल जेष्टमा बेलायतको प्रथम सचिवमा नियुक्त भएका प्रो. भीम बहादुर र त्यसभन्दा अघि जाने प्रिन्सिपल नरेन्द्रमणि आ. दी.ले सुब्बा दर्जा लिन बाध्य भएथे। शुरू शुरूमा त राजदूतसँग प्रमाण पत्र पेश गर्न बग्गी चढेर बकिङ्घम प्यालेसमा जाँदा, सबै अकृितहरूले चाँद तोडा, जंगी पोशाक लगाउन पर्ने हुँदा यो नियम बसालिएको हो भन्ने भनाइ थियो। सबभन्दा विचित्र देखिन्थ्यो, हिरैंहिरा जडेको सिंगै चरा (बर्ड अफ पाराडाइज)को घुमाउ कल्की हालेको राजदूतको सिरपेच। झिलिमिली जंगी पोशाक, सिरपेच र छातीभरी तक्मा लगाएर हाईड पार्कको बाटो वकिङ्घम दरबारमा नेपाली राजदूत उहिले प्रमाण पत्र पेश गर्न बग्गी चढेर जाँदाको दृश्यको बेलायतका पत्र-पत्रकामा [illegible] हुन्थ्यो।

अति धनी रोलवालाहरूले आफ्ना पगरीमा निजी हिरा[illegible] जडाउने हुँदा त्यस्तो हिरैंहिरा जडेको सिरपेच लगाउने र [illegible] धनी मुलुकबाट आएको हुनु पर्दछ भनि लण्डन निवासीले लख[illegible] धेरै वर्षसम्म विदेशीहरूले नेपाल निकै धनी देश हुन पर्दछ भ[illegible] गर्नको एक कारण हो नेपालका राणाजीहरूले विदेशमा देख[illegible] ठस्सा र रौनक।

१९९३ सालमा लण्डन दूतावासमा ज. कृष्ण राजदूत [illegible] पछि औपचारिक समारोहमा राष्ट्रिय पोशाक लगाउन पर्ने पुरानो नि[illegible] खुकुलियो। दूतावासका राजदूत लगायत सबैले औपचारिक र अ[illegible]हुलरिक समारोहमा अंग्रेजी औपचारिक र अनौपचारिक पोशाक ल[illegible] पाइने भए तापनि, औपचारिक भोज भत्यारमा सरिक भई अरूसँग बसेर खान नहुने पुरानो नियन्त्रण भने यथावतै रह्यो।

ज. कृष्णको साथमा प्रथम सचिव भएर काजी माणिकलाल र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैनिक सहचारी भएर मेजर यज्ञ बहादुर बस्नेत गएका थिए। ज. कृष्णको पालामा लण्डन राजदूतावासको कायाकल्प भनों कि जीर्णोद्वार भनौं, निर्मा भयो भने पनि हुन्छ। उदार दिल भएका जर्नेल साहेबले दूतावासको अफिस, बैठक, कोठा चोटा आफ्नै खर्चले सजाई, जहाँ जस्तो ममंतको दरकार थियो त्यो गरी, १९९६ सालमा नेपाली दूतावास छाड्दा त्यो लण्डनमा स्थित अरू कुनै दूतावासभन्दा कम रवाफिलो थिएन।

१९९६ सालमा अर्थात् दोस्रो महायुद्ध शुरू हुनुभन्दा ठीक अघि लण्डन दूतावासका राजदूत भए जर्नेल सिंह शम्शेर र उनको साथमा श्री सु. नरेन्द्रमणि आचार्य दीक्षित र निजी सचिवमा खगेन्द्रराज पाण्डे गएका थिए। ज. कृष्णसँग गएका ले. क. यज्ञ बहादुर वस्न्यात र बहादुर शम्शेरसँग गएका मी. सु. कृष्ण मोहन, ज. सिंह शम्शेरको पालामा फौजी सैनिक सहचारी र प्रथम सचिव भएर बसे। दोस्रो महायुद्धले गर्दा साढे वर्षसम्म (सन् १९९६ देखि २००३ ज. सिंह र उनका सबै अधिकृतहरू बेलायतमै बस्न पऱ्यो।) २००१ सालमा दूतावासका प्रथम सचिव मी. सु. कृष्ण मोहनले अनेक कारण देखाई राजीनामा पेश गरेको कारण बस उनको ठाउँमा २००२ साल जेठमा प्रो. भीमबहादुर खटिए (मी. सु. कृष्ण मोहन [illegible]तीय नागरिक भएको कारण उनले पछि आफ्नो परिवार लण्डन [illegible]र दूतावास बाहिर बस्न पाएथे।)

[illegible] सिंह शम्शेरलाई पूर्वतर्फका कमाण्डिङ्ग जर्नेल केशर शम्शेर [illegible]को असारमा र उनलाई जर्नेल शंकर शम्शेरले २००५ साल[illegible] [illegible]दूत पदमा बदले। पू. क. ज. केशर शम्शेरको साथमा सैनिक [illegible]क. प. पद्म बहादुर खत्री द्वितीय सचिवमा सु. ईश्वरीराज [illegible]जी सचिवमा राम बहादुर श्रेष्ठ दूतावासमा गए। ज. शंकर [illegible]ोका थिए सु. राम प्रसाद मानन्धरलाई काउन्सेलर, ले. कर्नल [illegible]लाई सैनिक सहचारी र चन्द्र बहादुर श्रेष्ठलाई निजी सचिव [illegible]।

[illegible] १९९१ सालदेखि २००७ सालसम्म लण्डन दूतावासमा जे [illegible]हरू नेपाल सरकारबाट खटिएर अथवा रोजिएर काम गर्न [illegible] [illegible]. शौभाग जंग थापा, सरदार गुन्जमान सिंह काजी मणिकलाल, [illegible] यज्ञबहादुर बस्न्यात, सरदार नरेन्द्रमणि आचार्य दीक्षित मी. सु. कृष्ण मोहन, सरदार भीमबहादुर पाण्डे, मे. ज. पद्मबहादुर खत्री, सरदार ईश्वरीराज [illegible] प्रो. रामप्रसाद मानन्धर, क. सूर्यजंग थापा, ती सब बेलायतको दूतावास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकलै गए, दुईदेखि एघार वर्षसम्म एकलै बसी, विचित्र चलन भोगेर एकलै नेपाल फर्के जस्तो गएका थिए प्रायः त्यस्तै । त्यसवेला सेवामा विदेश जाने नेपालीहरूले अति सीमित भत्ता मात्र पाउने हुँदा उनीहरूले त्यहाँ घरवार जोडिने गरी पैसा जोगाउने कुरा त परै जावस्, घर फर्कदा मन परेको चिनो आफुलाई र इष्ट मित्रलाई पाहुर ल्याउन पनि धौ पर्दथ्यो ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

दोस्रो महायुद्ध सकिएपछि पनि लण्डनको नेपाली दूतावासमा काम गुनको माम थियो भने पनि हुन्छ । त्यसवेलासम्म पनि दूतावासमा एकजना कर्मचारीलाई दिनमा आधा घण्टाको काम पनि थिएन, चार जना अधिकृतको त कुरै पर जावस् । त्यसमाथि, अंग्रेजी पट्टिको सबै लेखापढी, टाइपीङ्ग, फाईलीङ्ग सोधपुछ इत्यादि गरी दिने दूतावासमा मी. वट्री भन्ने अँग्रेजी कारिन्दा थिए । मुन्सी खाना र दूतावासको बीच कता कति मात्र लेखापढि हुन्थ्यो– त्यतिन्जेल (२००२।३ साल तक) नेपालबाट लण्डनमा टेलिफोनमा कुराकानी हुनको त कुरा परै जावस् हवाई मार्गबाट डिप्लोमेटिक व्याग पनि चल्दैनथ्यो । काठमाडौंबाट लण्डन तक– पैदल, रेल र जहाजबाट डाक जान महीना दिन लाग्ने र काठमाडौंलाई नसाधी दूतावासले आफ्नै विचारले केही गर्न (वरको सिन्को पर सार्न) नहुने हुँदा काम साह्रै थोरै र ढिलो हुन्थ्यो ।

२००२ सालमा त दूतावासको त्यो हालत थियो भने त्योभन्दा [illegible] वर्षअघि त्यहाँ कस्तो हुँदो हो। शुरू देखिनै दूतावासमा प्रथम, द्वितीय [illegible] सैनिक सहचारी, निजी सचिवको दरवन्दी थियो। कुनै काम नभ[illegible] दूतावासमा त्यसबखत त्यति ठूलो दरबन्दी रचिनाका दुई कारण हु[illegible] यात नेपाली नियोगले त्यो सदर भएको अथवा काठमाडौंस्थित [illegible] दूतको सोहरामा अथवा नक्कल गरेर लण्डन दूतावासको अनावश्य[illegible] नेपालमा नै बनेको । जुनसुकै कारणले होस त्यसबखत दूतावासमा [illegible] कर्मचारी धेरै बढी थिए ।

लण्डनमा नेपाली दूतावास खुल्नअघि, त्यहाँ आई पर्ने नेपालसम्ब[illegible] काम मि. किमर एण्डकोले र फ्रान्समा पर्ने काम मि. हेन्री ईरीग्यायनले [illegible] यी दुवै कमिसन दलालहरूको राणा परिवारसँग राम्रो सम्पर्क थियो । दूत[illegible] खुलेको धेरै वर्षसम्म पनि ती दुई जनाको नेपालको निमित्त माल किन्न [illegible] कमिसन कुमल्याउने एकाधिकार हनन भएको थिएन । (२००३ सालसा लण्डन दूतावासका प्रथम सचिव मी. सु. भीमबहादुरले सर्वप्रथम सोभियत रूसबाट रु. ५० लाखको सुन र रु. ५० लाखको चाँदी, कुनै कमिसन नदिने शर्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोझै रूसबाट नेपाल सरकारको निमित्त किन्दा पनि मि. इरिग्यायनले आ
प्रतिशत कमीशनको दावी मात्र गरेनन्, लिइछाडे ।

दोस्रो महायुद्ध सकिनुअघि नेपालमा राजदूत छँदा राणा सरकारल
निकै गुन लगाए वापत कुनै एक भू. पू. बृटिश राजदूतले सालिन्दा ७५० पाउ
भत्ता पाउँदथे । उनको त्यो भत्ता पनि नेपालमा रागाशासन साथै समाप्त भयो
यस्तै दुई तीन जना मानिस र नेपालमा काम विषयले आएका अथवा गोर
पल्टनमा काम गरेका केही अंग्रेजहरूबाहेक नेपालको खास खर-ख्याई गर्ने
मानिस युरोपमा त्यसबेला थिएनन् ।

कामको त्यस्तो लिखा टिपाइ थियो भने अधिकृतले पाउने जावो
खर्चको किम्मत पनि दोस्रो महायुद्धपछि निकै घटेको थियो– बजारमा मा
दर भाउमा आकाश जमिनको फरक परेकोले । दोस्रो महायुद्धअघि १०
गिनीमा तयार हुने सुटलाई पछि ४० पाउण्ड पर्दथ्यो । सन् १९४५मा बृटे
मजदूर सरकारले सक्कली खालको मितव्ययिताको नीति अपनाएरमात्र
त्यसको पूरै कार्यान्वयन पनि गरेकोले मात्र नियोगको एक चिमटी पनि
काम गरेको थियो । जे माल जति भने पनि छ्यासछ्यास्ती पाइने र पैसावा
जति पैसा हालेर पनि आफूले चाहे जति खाने लगाउने मालसामान पग
सजिलैसँग किन्न पाइने अवस्था भएत अति सीमित पकेट खर्च पाउने ने
का अधिकृतहरूलाई त्यसबखत पर्नु पीर पर्दथ्यो ।

मजदूर सरकारको पालामा बृटेनमा कडा खालको अष्टीरिटी
लागेकोले दूतावासका राजदूतदेखि लिएर अधिकृतहरूसम्मले
मस्त बडा पैरी किन्न २०० कुपन पाउँदथे । एक जोर सुट
न, ओभर कोट हाल्न बीस कुपन, जुत्ता किन्न आठ कुपन,
जी, पञ्जा किन्न दुई कुपन, कमीज, स्वीटर किन्न चार कुपन
र्थात् बिना कुपन केही पनि किन्न पाइँदैनथ्यो । त्यस्तै कण्ट्रोल
ी, कफी, चक्लेट, चुरोट, मासु, माछा, चीज, रोटी र धेरै
न्ने माल किन्नमा । माल किन्नुभन्दा अघि कुपन बुझाउन पर्दथ्यो
जतिसुकै मोल तिर्छु भने पनि पसलेले कन्ट्रोलका माल बेच्दैनथे
जस्ता किम्मती माल सिवाय अरू माल सामानमा पूरा कन्ट्रोल
रवार हेरेर खाद्यान्नको कुपन सरकारले वितरण गर्दथ्यो । केटाकेटी
पनि कता कति केरा किन्न पाउँदथे ।

कूटनीतिक सेवामा बस्नेहरूले सालिन्दा २०० कुपन पाउँदथे
बृटेनका नागरिक प्रधानमन्त्रीदेखि चुने रैतीसम्मले वर्षमा १०० बडा पैरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुपन पाउँदथे– जुत्ता पन्जा, लुगाफाटो इत्यादि किन्नलाई । विचराहरूलाई त्यसबाट तीन चार वर्षमा आलोपालो गरेर वल्ल तल्ल एक जोर लुगा हाल्न पुग्दथ्यो– साल सालै लुगा फेर्ने र सोख सयल गर्ने त कुरै परजावस्। तर अचम्म लाग्दो र पत्याई नसक्नु कुरा थियो त्यही जावो सय कुपनबाट पनि राजपरिवार देखि चुनेरैतीसम्मले बचाएर सरकारलाई कुपन फिर्ता दिएका अनेक दृष्टान्त दिई रोजरोजै पत्र-पत्रिकामा छापिएका खबर(त्यो थियो खास सकली खालको मितव्ययिता ' जाली कुपन पनि त्यसबखत बृटेनमा थिएनन् र कुपनमा कुनै कालोबजार पनि हुँदैनथ्यो, न त विना कुपन कसैले केही बेच्दथे– जतिसुकै बढी मोल तिरे पनि; न त कसैले किन्ने चेष्टै गर्दथे पैसाको तुजुक देखाएर) ।

बृटिश जनताका नैतिकबल र आर्थिक अनुशासन त्यसबेला अवर्णनीय देखिन्थ्यो । राजादेखि रंकसम्मले दुःख-सुख बाँडेका थिए । बस, ट्रेन चढ्न र दैनिक जीवनलाई आवश्यक मालसामान किन्न लगेको मानिसको ताँती सडकमा जतातत्तै देखिन्थ्यो । दिनभरि अफिस, पसल, फैक्ट्रीमा मरून्जेल काम गरी लखतरान परेका, दुईटा हातमा झोला (एकमा अफिस इत्यादिको कागजपत्र राख्ने र अर्कोमा तरकारी रोटी इत्यादि किन्ने) बोकेका नर-नारीले घण्टन्तक बस, ट्युबका क्यूमा बस्दाबस्दा अलिकति पनि पट्यार, असन्तोष, हडबडी देखाउँदैनथे– बरू समय बिताउन हातमा लिएको साँझको "स्टार" भन्ने छापा खडा खडीनै पढी सकेपछि, समय बिताउन "क्रस वर्ड पजल" समाधान ग[illegible] लाग्दथे । त्यसबेला बेलायतको परराष्ट्रनीति सन्तोषजनक भएन भनी [illegible] दक्षिणपन्थी संसद सदस्यले आलोचना गर्दा वामपन्थी मजदूर दलका [illegible] सचिव मि. बेभिनले "मलाई भने जत्ति फलाम, कोईला र खाद्यान्न दे[illegible] दर्जाको परराष्ट्रनीति देखाउँदछु" भनेथे ।

दुई हजार साल पौष २२ गते (सन् १९५५, जनवरी १०)म[illegible] मा भएको एकाउन्न सदस्यीय संयुक्त राष्ट्र संघको दोस्रो अधिवेशन [illegible] २००२ साल जेष्ठमा स्यान फ्रान्सिस्कोमा भएको)मा लण्डनस्थित सबै [illegible] का नियोग प्रमुख र (जसको देश त्यतिन्जेल संयुक्त राष्ट्र संघको सदस्य भइ[illegible] केको छैन) मुख्य अधिकृतलाई पर्यवेक्षकको रूपमा भरखर खुलेको [illegible] संघको दोस्रो अधिवेशनको कार्यविधि हेर्न निम्तो आएकोले, नेपाली दूतावास [illegible] प्रथम सचिव सु. भीमबहादुर खटिएका थिए । नेपालले चाहेको भए त्यसबखतमा [illegible] नै सजिलैसँग राष्ट्र संघको सदस्य हुन सक्ने त्यो थियो सुनौला मौका । तर त्यतिन्जेल नेपाल उक्त संघको सदस्य हुने नहुने भन्ने निधो नलागेकोले दूतावास चुपचाप बस्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको आसय नपाई दूतावासले त्यसबखत जान्ने भएर कुनै नो
काम गर्न अघि सर्न हुँदैनथ्यो। नेपालमा २००२ साल मार्गतिर, श्री ३ जुद्ध
श्री ३ पद्मको हाल साविकी चलेकोले, राष्ट्र संघमा नेपाललाई सदस्
बनाउनेतिर त्यसबखत कसैको विचार गएन। नेपालले निकै ढिलाएर रा
संघको सदस्य हुन परेको खास कारण त्यही हाल-साविकीको र राष्ट्र संघ
बडापत्रमा जनिएको, त्यसबेलाको नेपाललाई अल्लि अमिल्दो, सिद्धान्त हो
राष्ट्र संघको सदस्य भएपछि त्यसको सिद्धान्त अक्षरशः मान्न पर्दछ भन्ने
बखत राणासरकारको धारणा भएको कारणले नै राष्ट्र संघको सदस्य
सरकार हच्कियो भने हुन्छ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

GC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

२००३ सालभन्दाअघि दूतावासबाट मुन्सीखानालाई जाने खेस्रे प्रतिवेदनहरू पनि विचित्रका हुन्थे, दूतावासका प्रथम अथवा द्वितीय सचिव त खालि थापना मात्र थिए; उनीहरूले अघि सरी कुनै प्रतिवेदन मुन्सीखानामा पठाउनको त कुरै पर जावस्, चासो लिएर कुनै कुराको सुझाव राजदूतलाई गर्न पनि धेरै विचार गर्न पर्दथ्यो। राजदूतले जे टिपाए, त्यही साफीसम्म गरी राजदूतको भाकाबाट नेपाल पठाइने प्रतिवेदनहरू प्रायः फलानो रिस्पेशनमा फलानासँग भेट भयो; उसले यसो भन्यो र मैले उसो भनें भन्ने खालका गनथने कुराले भरिएका हुन्थे। तर हरेक प्रतिवेदनमा एकाध प्रतिष्ठित मानिसले श्री ३ महाराजको नेपालको राजकाजलाई तारीफ गरे भन्ने खालका अनेक बनावटी कुरामा फूल जडेर लेख्ने चलन थियो।

नेपालबाट दूतावासमा आउने बडापत्रमा पनि, अर्थ न वर्थका अह्राव[illegible] आउँदथे। बेलायतका प्रधानमन्त्री, परराष्ट्र मन्त्रीहरूलाई मौका परे[illegible] ढंगका (भारतलाई स्वराज दिने बेला भएको छैन; बृटेनले हरेक म[illegible] दह्रो भएर काम गर्न पर्दछ; हाम्रो विचारमा यस्तो लाग्दछ र उस्तो [illegible] भन्ने कुरा सुनाउनू भनी लेखेर आउँदथ्यो– मानो बृटेनका प्रध[illegible] जिल्लाका बडा हाकिम जस्ता पो हुन् कि झैं गरी। प्रधानमन्त्री[illegible] खालका अह्रावटको जवाफ दूतावासबाट पनि तुरुन्तै जान्थ्यो, मनचि[illegible] भरिएर। त्यसबखत नेपालको राजदूतले बेलायतका प्रधानमन्त्रीलाई [illegible] उनको पार्लियामेण्ट्री सेक्रेटरीलाई पनि चाहेको बेलामा भेट्न पाउँदैन[illegible]

पद्म शम्शेर नेपालको प्रधानमन्त्री भएपछि अर्थात् २००३ साल जे[illegible] बेलायत र काठमाडौंस्थित नेपाली र बृटिश लिगेशनको स्तर, एम्बेसीमा च[illegible] ती नियोग प्रमुखको मिनिष्टरबाट आम्बेसेडरमा पदोन्नति भयो। त्यसबख[illegible] मिनिष्टर द. क. ज. केशर शम्शेर एम्बेसेडर, प्रथम सचिव मी. सु. भीमबहादुर काउन्सेलर र सैनिक सहचारी कप्तान पद्मबहादुर खत्री मेजर भए। केशर बेलायतको राजदूत भएपछि, बेलायतमा नेपाली दूतावासको राजनीतिक स्तर मात्र बढेन, नियोगका सबै कर्मचारीले भोज भत्यारमा अरूसँग छोइएर खान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउन छूट पाए। द. क. ज. केशर आफै पनि खानेपिउने कुरामा निकै सो
र उदारवादी हुँदा, बेलायतका विभिन्न नामोद चमेनाघरमा दिवा अ
रात्रीभोज खान बिराउँदैनथे। उनले आक्सफोर्ड विश्वविद्यालयको वेरियर
सोसाईटी, लण्डनको चेम्बर अफ कमर्स र विभिन्न संस्थामा मुखाकर प्रक
दिन थालेकाले नियोगको जनसम्पर्क बढ्न थाल्यो।

यसरी नेपाली नियोगको बृटेनमा जनसम्पर्क निकै बढ्न थालेको बेला
२००४ सालमा नेपालको संयुक्त राष्ट्र अमेरिकासँग पनि दौत्य सम्बन्ध स्था
भयो– लण्डनकै राजदूत केशर शम्शेर वाशिंगटनका राजदूत, काउन्सि
मी. सु. भीमबहादुर पाण्डे, प्रथम सचिव र सैनिक सहचारी मेजर पद्मबहा
खत्री, त्यहाँका सैनिक सहचारी भए। पू. क. ज. केशर राजदूत भएपछि नेप
दूतावासले पश्चिमी राष्ट्रतिर प्रेससम्मेलन गर्ने र प्रेसविज्ञप्ति निकाले च
चल्यो। वाशिंगटनमा आफ्नो ओहोदाको प्रमाण पेश गरी फर्केका नेप
राजदूतले न्यूयोर्कको फ्लसिंग मेडोमा रहेको संयुक्त राष्ट्रसंघको सेक्रेटरी
ट्रिगमेन लीसँगको भेटवार्तामा नेपाल राष्ट्रसंघको सदस्य हुन चाहन्छ भन्ने
बिछाउने मौका २००४ सालमा छोपे (त्यतिन्जेलसम्ममा रूस र पश्चिमी
बीच शीतशुद्ध शुरू भइसकेकोले कुरा अघि बढेन)।

लण्डनस्थित नेपाली नियोगबाट मुन्सीखानामा पठाइने कूटनैतिक
२००२ साल फागुनदेखिन् नै (श्री ३ पद्म नेपालको प्रधानम
) काँचुली फेरिसकेको थियो। २००२ साल फागुनदेखि २००३
म सु. भीमबहादुर बेलायतमा कार्यवाहक राजदूत छँदा, दूतावा
मा पठाउने प्रतिवेदनमा देखेसुनेका र जानेबुझेका यथार्थ
लेख्न थालेका थिए। हावादारी कुरा पारेर दूतावासबाट प्र
चलन पनि त्यसपछि घट्यो। श्री ३ पद्मको नयाँ नीति
राजदूतले, बेलायतका पत्रकार, राजनीतिज्ञ, कूटनीतिज्ञ, व्या
, संसद सदस्यहरूलाई भेटी उनीहरूको नेपाल र भारतप्रतिको
र बुझी, प्रतिवेदन मुन्सीखानालाई लेख्ने चलन त्यसैबेलादेखि बसा

खास गरेर भारत अब तुरुन्तै स्वतन्त्र हुन्छ, नेपालले आफ्नो भार
को पुरानो दृष्टिकोण यथाशक्य चाँडो बदल्न पर्दछ र नेपालको आर्थिक
शीघ्रातिशीघ्र हुन पर्दछ भन्ने कुरा परेका, २००२ सालतिर लण्डनबाट
खानामा पठाइने प्रतिवेदनले अग्राधिकार पाउन थाले। रोलमा निर्
पुगेका राणाजीहरूलाई समेत २००२ सालतक उदारवादी विचार प्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोखिम भए पनि २००२–२००४ साल बीच अर्थात् श्री ३ पद्मको पालामा नेपालमा नयाँ विचारको प्रवेश भएकोले र सु. भीमबहादुरले मे. ज. विजयको नेपालमा ठूलो पुठ पाएको हुँदा त्यसरी धक फुकाएर लण्डन दूतावासबाट मुन्सीखानामा नयाँ ढाँचाले प्रतिवेदन लेखिन शुरू भएका हुन् (ती प्रतिवेदनहरू परराष्ट्र मन्त्रालयमा साँचिएका भए, खोजे अझै पाइन्छन्) ।

नेपालको आर्थिक विकास गर्न अब पनि कुनै ढीलासुस्ती भएमा निकट भविष्यमा नेपाल राष्ट्रले ठूलो खतराको सामना गर्न पर्नेछ भन्ने चेतावनीपूर्ण प्रतिवेदन २००२/३ सालमा बेलायतबाट नेपाल आउन थालेको कारणले नै काउन्सेलर भीमबहादुर पाण्डे, २००४ सालमा नर्वेदेखि इटालीसम्म– स्वीडेन, डेनमार्क, जर्मनी, चेकोस्लोभाकीया, अष्ट्रिया, ईटाली, फ्रान्स, नर्वे र स्वीट्जरलैण्ड– नौ राष्ट्रको दुई महीनासम्म लगाई त्यहाँ भएको औद्योगिक विकासको अध्ययन गरी प्रतिवेदन नेपालमा पेश गर्न खटिए (त्यसअघि उनी अमेरिकाको टी. भी. ए. को (टेनोसी भ्याली अथोरेटी) अध्ययन गर्न २००२ सालमा पठाइएका थिए) । २००६ सालको स्वीस एक्स्पीडिशनरी टीम (मि. कुष्टर, मि. हागन, मि. राउख, मि. स्पण्डलरको संयुक्त दल) को औद्योगिक र आर्थिक विकाससम्बन्धी अध्ययनार्थ नेपालमा आगमन त्यही प्रतिवेदनको नतीजा हो) ।

१९९१ सालमा बेलायतमा सर्वप्रथम स्थापना भएको नेपालको एक मात्र राजदूतावासको २००३ सालसम्ममा दुईबाजि पदोन्नति मात्र भएन, (ए[illegible] र एम्बेसी), त्यसले २००२/३ सालतिर ठूलै परिवर्तनको अनुभव [illegible] दूतावासका कर्मचारीले अरूहरूसँगै बसेर खान पाउने; अरूलाई भेटे[illegible] देशमा यस्तो र उस्तो हुन लागेको छ भनेर कुरा र पत्रकारसम्मेलन [illegible] दिन र बेलायतमा देखेसुनेका कुरा जस्ताको तस्तो निर्धक्कसँग नेपा[illegible] सक्ने भए । बेलायतकै राजदूतावासले अमेरिकन मामला पनि हेर्ने भए[illegible] र्राष्ट्रिय क्षेत्रमा नेपालको स्तर र काम निकै बढ्यो । तर २००३ सालदे[illegible] नेपा[illegible] दूतावासको नाम र कामको दायरा जति बढे पनि खर्च गर्ने थैलै [illegible] छन् म नपुग्दा कर्मचारीहरू शिशुपालका शिशुपालै रहे २००७ सालसम्म ।

[illegible] नीव[illegible] बहुल[illegible]

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६

तेन्ह वर्षको कटु अनुभव पोखे

(१)

२००२ सालमा विश्वयुद्ध सकिंदा नेपालको महेन्द्रदल पल्टन, भारत सीमानाबाट जापानीहरूलाई खेद्दै रंगून पुगेको थियो। त्यतैबाट जहाजमा कलकत्ता ओर्लियो, अनि दोस्रो महायुद्धलाई भारत गएको राष्ट्रफौज एक दुई गरी नेपाल फर्कियो। पहिलो महायुद्धमाभन्दा दोस्रो विश्वयुद्धमा नेपाली पल्टनले बद्ता पौरख देखायो भन्ने त्यसबेला जनभावना थियो– पहिलामा राष्ट्रफौजले भारतको उत्तर-पश्चिम सीमानाका पठनलाई मात्र कुरेको र दोस्रोमा तेस्रो राष्ट्रमा पनि गई लडेकोले।

त्यतिन्जेलसम्म भारत र तिब्बतको उत्तर दक्षिणको सीमानालाई [illegible] नेपालकै सीमानासरह अन्तर्राष्ट्रिय सीमाना गन्ने र मित्रराष्ट्र भ[illegible] तल-माथि पऱ्यो भने त्यसको असर नेपालमा पनि पर्दछ भन्ने मन[illegible] राणासरकार र जनतामा तगडा थियो। त्यसैले सफलतापूर्वक [illegible] भारतबाट आएको राष्ट्रसेनाजस्तै फुलेका थिए सेनाको प्रत्यागमन [illegible] स्वागत गर्ने काठमाडौंनिवासीहरू। तर १९१२ सालपछि नेपालले [illegible] लडाईं लड्यो, ती सब भारतसरकारको निमित्त लडेको थियो [illegible] १९८४/८५ सालमा तिब्बतसँग लड्नसम्म तम्सियो तर लडिहाल्न [illegible] बयान माथि परिसकेको छ।

सबै राष्ट्रफौज नेपाल उत्रेपछि २००२ साल कार्तिकमा टुंडिखे[illegible] भारी मार्चपास भयो। त्यस समारोहमा भाग लिन भारतका कमाण्डर इन[illegible] सर आकेनलेक र केही उच्च फौजी-अफिसरहरू भारतबाट आए। हुन त [illegible] बखतमा भारतका कमाण्डर इन-चीफ-लर्ड रवर्ट, लर्ड किचनर, लर्ड चेट उपु, लर्ड वर्डउडहरू पनि राष्ट्रसेनाको मार्चपास हेर्न नेपाल नआएका त होइनन तर त्यसबखतको सर आकेनलेकको आगमन विशेष स्मरणीय छ। कारण, अघिअघि जस्तो सानसँग भारतको कमाण्डर इन-चीफहरू नेपाल आउने, राष्ट्रसेनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्चपास हेर्ने र अनेक सौगात बटुलेर भारत फर्कने प्रक्रिया थियो त्यस
सदाको निमित्त टुंगियो । पछि त भारतका कमाण्डर इन-चीफहरू
घाटलाई कताकती नेपाल आए पनि मार्चपासहरू देखाइने चलन रोकियो।

उहिल्यै बृटिश कमाण्डर इन-चीफको सम्मानमा हुने मार्चपासहरू
लमा प्रशस्त सेना मात्र छैनन्, तिनीहरू तगडा पनि छन् भन्ने कुराको प्र
गर्ने हेतुले देखाइने हुँदा, त्यो निकै उच्चकोटीको हुन्थ्यो । त्यसमाथि पनि
जुद्ध रवाफ र भडक देखाउने खालका प्रधानमन्त्री हुँदा, उनले त्यो दोस्रो म
जितिएको उपलक्ष्यमा टुंडिखेलमा देखाएको मार्चपास अति रवाफिलो बना
थिए । त्यही मार्चपासमा भारतको सीमानामा जापानीसँगको मुठभेट
महेन्द्रदल, शेर र कालीबहादुर पल्टनका कमाण्डिङ अफिसर ले. क.
शम्शेर ज. ब. रा., ले. क. गेहेन्द्र शम्शेर थापा, ले. क. क्षेत्रविक्रम राणा
परिवारमा कसैको दावी नलाग्ने गरी बाह्र बाह्र हजार रुपैयाँ ईनाम
रुपैयाँ तोला चाँदी पाउने त्यो जमानामा बाह्र हजारको बक्सिस ठूलै
गनिन्थ्यो ।

त्यो भव्य मार्चपास सकिएपछि काठमाडौंस्थित बृटिश राजदू
विश्वयुद्धमा नेपालले बृटेनलाई प्रदान गरेको सैनिक-सहायताको मुख्य
प्रशंसा गर्दै, नेपाली सैनिक सहायताको कदर स्वरूप एकमुष्ट तीन
लाख रुपैयाँको आर्थिक सहायता बृटेनले नेपाललाई प्रदान गरेको
२००२ साल कार्तिक २७ गते विशेष दरबारमा उपस्थित सबैलाई सु
पालसम्मको नेपालको इतिहासमा त्यत्रो आर्थिक रकम एकमुष्ट
यो पहिलापटक थियो । हुन त पहिलो महायुद्धमा नेपालले
दिएबापत बृटेनबाट प्राप्त वार्षिक दशलाख रुपैयाँ र एकमुष्ट
रुपैयाँ पनि त्यसबेलाको हिसाबले ठूलै रकम गनिन्थ्यो, तैपनि नेप
विकासलाई विदेशबाट एकैचोटि त्यत्रो धनराशी ल्याउन सकेकोमा
श्री ३ जुद्धले मानेका थिए भन्ने कुरालाई उनको २००२ साल
गतेको भाषणले साबित गर्दछ ।

त्यसबखत नेपालमा जुनसुकै सानो-ठूलो काम तामेल हुँदा पनि
३ महाराजका प्रतापले भएका हुन् भन्न पर्थ्यो । बृटिश सरकारबाट
महाराजले जख्मू आर्थिक सहायता फुत्काएकोमा कमाण्डर इन-चीफ
शम्शेरले कार्तिक २७ गतेको त्यही समारोहमा बृटिश सरकार र श्री ३
प्रति आभार व्यक्त गर्दै छोटो भाषण दिए– नेपालले विश्वयुद्धमा सक्दो
गरेबापत बृटिश सरकारबाट जमीन फुत्काउनुपर्दछ भन्ने एक थरीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ भन्ने कुराको पनि संकेत गर्दै[1] (१९१४ सालमा भारतको कम्पनी सरकारलाई सहायता गरेबापत श्री ३ जंगबहादुरले नयां मुलुक फुत्काए झैं १८७२ सालमा भीमसेन थापाले गुमाएको नेपालको भूभाग अंग्रेजसँग फेरि लडेर फुत्काउन असमर्थ नेपालीहरूले अंग्रेजलाई रिझाएर भए पनि पूर्खाको आर्जन फर्काउने पुनीत चेष्टा गर्न पछिसम्म पनि छाडेका थिएनन् भन्ने कुराको यस भाषणले साबित गर्दछ ।)

२००२ साल कार्तिक २७ गतेमै सिंहदरबारमा रचिएको त्यो विशेष समारोहमा उपस्थित सबै भाइ-भारदारहरूलाई संबोधन गर्दै श्री ३ जुद्धले लामो भाषण गरे– आफ्नो तेह्र वर्षको राजकाजमा रु. १,५५,५६,६१३ को लागतमा नेपालमा सम्पन्न भएका आर्थिक, सामाजिक, प्रशासकीय र विकास खर्चको उल्लेख गर्दै ।[2]

आजकलको परिप्रेक्ष्यमा विचार गर्ने हो भने त तेह्र वर्षमा एक करोड पचपन्न लाख रुपैयाँ विकास कार्यमा भएको लगानी कुनै ठूलो रकम गनिन्न । तर पनि त्यसबखत आफ्नै स्रोतबाट त्यति रकम नेपालले विकासमा खर्च गर्नु पनि गनिमत संझिन्थ्यो । त्योभन्दा पनि तारिफको कुरा थियो, खास गरी १९९९ साल उपरान्त श्री ३ जुद्धको योजनाबद्ध तरीकाले नेपालको चौतर्फी विकास गर्ने र विदेशबाट पाएको सबै सहायता देशविकासमा लगाउने चेष्टा ।

त्यो लामो भाषणको दौरानमा श्री ३ जुद्धले आफ्नो मनमा [illegible] तीतामिठा कुरा पोख्दापोख्दै, कर्मचारी, साहू-महाजनहरूसँग, गर्नुप[illegible] सक्ने देशविकासको काम गरेनौं भन्ने गुनासो पोखे–छोरी पिटेर बुहारी [illegible] जस्तो गरी । वास्तवमा रोलमा माथि पुगेका राणाजीहरूप्रति [illegible] भाषण लक्ष्यित थियो भन्ने कुरामा कुनै शंका छैन । कारण, रोलमा [illegible] पुगिसकेका राणाजीहरू नेपालमा कुनै ठोस प्रगति चाहँदैनथे– आर्थिक [illegible] साथै शिक्षा र जनआकांक्षा बढी, जनताले आँखा देखे भने मुखमा आएक[illegible] गाँस हरिन्छ भन्ने उनीहरूको छोटो विचार हुँदा । त्यसैले निकै वर्ष [illegible] मन्त्री भई आफू अघाएका राणा प्रधानमन्त्रीले लहड लाग्ो, कताकती [illegible] विकास गर्न खोजेभने अरू गिद्धले सिनो कुरै झैं रोल पर्खिराखेका [illegible] रोलवाला राणाहरूले बीच-बीचमै भाँजी मारिदिन्थे देशको छिटो आर्थिक [illegible] शैक्षिक विकास राणा-व्यवस्थाविपरीत हुन्छ भनी ।

---

१. श्री कमाण्डर इन-चीफको भाषण परिशिष्ट ५
२. श्री ३ महाराज जुद्धको भाषण परिशिष्ट ६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो महाजालमा परेका श्री ३ महाराज जुद्धले नेपालको प्रधान
पद त्याग्नुभन्दा केही दिनअघि (२००२ साल कार्तिक २७ गते) को
सामुन्नेमा दिएको भाषण टुंग्याउँदा, आफ्नो तेह्र वर्षको कटुअनुभव को
भने "...अफसोचको विषय छ कि नेपालको रीतिथिति बुझेका पुराना
देखाउने मानिस अघि सरेनन् । नयाँ काम उठ्यो कि त्यसमा सहयोग गरी
गर्ने इच्छा कमैको देखियो । कुरा काट्ने भने धेरै छन् । मद्दत गर्ने मानिस
कमै देखियो । ... राजालाई शिरमा दुनियाँ काखमा राखी काम गर्ने कर्मचा
हरू त कमै रहेछन् । सुधार केही भएको छैन भन्न सकिंदैन । तर अफसोच
छ कि खर्च भएअनुसार सन्तोषजनक काम देखिएन ।"[१]

—०—

१. श्री ३ जुद्धको २००२ साल कार्तिक २७ गतेको भाषणबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- ५

गोरखा-पत्रबाट

कार्तिक २७ गते वर्तमान श्री ३ महाराजबाट बक्सेको भाषण
(पद्म शम्शेर प्रधानमन्त्री भएपछि गो. प. मा छापिएको हुँदा वर्तमान भनेको)

महाराज ।

हजुरबाट मित्र ब्रिटिश सरकारलाई यो लडाईंमा हाम्रो मुलुकको हैसियत अनुसार यथाशक्य मेहनत गरी जो गुण लगाइबक्सियो त्यसको कदर रूपमा मित्र बृटिश सरकारबाट साबिक सालवसाली आइराखेको दश लाखमा थप वार्षिक दश लाखका आम्दानी पुराउना निमित्त चाहिने एकमुष्ट रुपैयाँ ब्रिटिश सरकारबाट हामीलाई आउने बारे यहाँ उपस्थित हुनुभएको ब्रिटिश मिनिस्टर साहेबबाट भरखर प्रकाश गर्नुभएको सुन्न पाउँदा खुसीले गदगद भै भा[illegible] दार र देशवासी भाइबहिनी सबैको तरफबाट हजुरको पाउमा सादरहा[illegible] बधाइ चढाउँदछु ।

यो आएको रुपैयाँको सट्टा जग्गा पाए हुने थियो भन्ने धेरैले मन [illegible] होलान् । तर हिजोआज दुनियाँको परिस्थितिमा जग्गाको विशेष महत्त्व [illegible] रहेन । किनभने इंग्ल्याण्ड, अमेरिका, रसिया प्रभृति मुलुकका राजनैति[illegible] हरूले पनि जग्गा बढाउने कामलाई महत्त्व नदी आफ्ना मुलुकको बन्दब्यापा[illegible] औद्योगिक संस्थाहरू बढाई उन्नति गर्ने कामतिर विशेष ध्यान दिन लागिरहेछन् वास्तवमा व्यापार र शिल्पकला, कलकारखानाको कामबाट मुलुकको धन[illegible] आमदानी जति बढाउन सकिन्छ जग्गाबाट त्यति नहुने स्वयंसिद्धै छ । [illegible] जग्गा आवाद गर्नालाई कुलो, पानी र किसानहरू जोर्नुपर्ने र सुखा, जता[illegible] पनि बराबर नोक्सान भैरहने हुँदा जग्गाको आयस्ता अनिश्चित रहने सबैले बुझेकै छन् । ऐले हजुरको अकवालले मित्र ब्रिटिश सरकारबाट हामीलाई आउने भएको एकमुष्ट रुपैयाँ सयकडा तीन मात्रले पनि तीन करोड तेत्तीस लाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चानचुन हुन्छ। हिन्दुस्तानमा समेत बिजूली बिक्री गर्ने उद्देश्यले हामीले ख
लागेको बिजुलीको कारखानामा यो रुपैयाँ लगायौं भने सयकडा १०
लाभांश भए पनि सालको करीब तेतीस लाख आम्दानी हुन जानेछ। क
साथसाथै लाखौं मानिसहरूले रोजगार पाई खान पाउने र त्यसबाट अह
कारखाना, औद्योगिक धन्दाहरू पनि खुल्न गै हाम्रो मुलुकको आर्थिक अवस्
नवीन रूप धारणा गर्ने देख्दछु।

हामीलाई पूँजीको ठूलो अभाव थियो। ऐले हजुरबाट मुलुक
आर्जन गरी दिबक्सेको यो रुपैयाँबाट मुलुकको औद्योगिक उन्नतिलाई जो
लाभ हुने भएको छ, त्यसको निमित्त हजुरको शुभ नाम हाम्रो मुलुकको
हासमा अमर भै रहनेमात्र होइन कि हजुरप्रति हाम्रा देशवासी भाइबहि
सदा कृतज्ञ रहने छन्। महाराज जो हुकुम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– ६

अर्धसाप्ताहिक
गोरखा-पत्र

(भाग ४५) नेपाल सम्बत् २००२ साल, मार्ग १९ गते मंगलबारको गोरखा-पत्रबाट (संख्या ६४)

(कार्तिक २७ गतेका दिन श्री ३ जुद्ध शम्शेरबाट बक्सेको भाषण)

कम्याण्डर इन-चीफ, भाई भारदार
सज्जनहरू,

धेरै दिनदेखि हाम्रो मनमा लागिरहेको केही कुरा सुनाउना निमित्त आज तिमीहरूलाई यहाँ सामेल गराएको छु। यस सम्बन्धमा हाम्रो पालामा भएको यस मुलुकको सुधार एवं उन्नतिको कामहरू र अरू भैपरी आएको कुराहरूको संक्षेप बयान पनि सुनाउने इच्छा गरेको छु। आशा गर्दछु [illegible] चित्त दिई सुन्ने छौं।

कृषि

नेपाल कृषिप्रधान देश हो। यहाँका मानिसहरूको सुखशान्ति [illegible] कृषिमै निर्भर हुनाले कृषिको उन्नति गर्नु परमावश्यक छ। यस कारण कृषि सम्बन्धी उन्नतिको निमित्त कृषि परिषद् खडा गर्ने काम भयो। यो परिषद्द्वारा कृषिका विशेषज्ञहरू (एक्सपर्टस) झिकाई मधेश पहाडमा खेती र कुलो पानीको अवस्था जाँच्न लगाई निजहरूले पेश गरेको रिपोर्टबमोजिम सप्तरीको विहुलमरी, रौतहटको मानुसमारा, खजहनीको वाणगंगा, पश्चिम ४ नम्बर सिफलेवासको कुलो, वीरगञ्ज सिसिया नदीको कुलो, बनाउन थालिसकेको र सदर ४ भन्ज्याँगभित्र इचाडोल, भक्तपुर, बासबारीसमेत ठाउँ ठाउँको कुलो मर्मत औ लेले, फर्पिङ इत्यादि १४ ठाउँमा नयाँ कुलो समेत बनी तैयार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकोबाट खेतीवालाहरूलाई धेरै मद्दत भएको र हुने भैरहेको छ । मधेशमा बाँध पैनको स्थायी बन्दोबस्तका निमित्त मधेश जिल्लाहरूका माल आमदानीबाट सयकडा दुईका दरले वार्षिक कोष (फण्डस) राखिदिने पनि भएको छ । यो बाहेक उन्नत बिउहरू कोही यहीं तैयार गराई र विदेशबाट छिकाई खेतीवालाहरूलाई बाँडिदिने र निजहरूलाई खेती वैज्ञानिक तरीका सिकाउनालाई कृषि स्कूल र कृषि शिक्षा प्रचारक अघि रहेकोबाट कृषकहरूले खेतीसम्बन्धी धेरै कामकुराहरू सिक्नलाई उठाउन पाएका छन् । कपासको खेती पनि मधेश, पहाड, नेपालको पाहीले ठाउँहरूमा गराउना निमित्त उचित प्रबन्ध भैरहेको छ ।

उद्योग धन्दा

कृषिमामात्र निर्भर गर्नाले कुनै मुलुक समृद्धिशाली हुँदैन । कृषिको साथ उद्योगधन्दाहरूको प्रचार र उन्नति हुनु बहुतै जरूरी हुँदा उद्योग खडा गरी सो परिषद्द्वारा उद्योगधन्दाहरूको प्रबन्ध भैरहेको तिमीहरूले बुझेकै छौ । हाम्रो मुलुकमा अघि कुनै ठूलो उद्योगधन्दा थिएन, नत [illegible] कोही प्रबन्ध थियो । पूँजीवाला मानिसहरूमा सबैको उद्योगधन्दा [illegible] हुने, क्षमता भए पनि कसैलाई अवकाश नहुने, जसको क्षमता [illegible] पूँजीको अभाव हुने यस्तो अवस्था भैरहेको हुनाले सर्वसित [illegible] बहुत पूँजी जम्मा गरी उद्योगधन्दामा लगाई मुलुकको उन्नति [illegible] री भएको "नेपाल कम्पनी कानून" बमोजिम विराटनगर जुटमिल [illegible] फ्याक्टरी, विराटनगर कटनमिल्स, वीरगन्ज कटन मिल्स, [illegible] इलेक्ट्रीक सप्लाई कम्पनी समेत २१ लिमिटेड कम्पनीहरू खडा भैसकेका [illegible] यसबाट हाम्रो हजारौं मानिसहरूले काम पाई जीविका गर्न पाएको [illegible] इन कि सो कम्पनीहरूको शेयरमा रुपैयाँ लगाउने ठूला-साना हाम्रा मानिसहरू सबैले पनि लाभांशबाट पूरा फायदा उठाउन पाएका छन् । यस्तो कम्पनीको काम हाम्रो मुलुकमा चल्न सक्तैन भन्ने धेरैको आशंका थियो । अब [illegible] शंका दूर भयो होला भन्ने लागेको छ । यसमा विशेष गरी धनीहरू अघि दिए धेरै फायदा हुने देखिन्छ ।

यसको साथसाथ घरघरमा पनि उद्योगधन्दा फैली मानिसहरू [illegible] होऊन् भन्ना निमित्त "घरेलु इलम प्रचार अड्डा" खडा गरी किस्तावन्दीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्खा, मोजा, गंजी बुन्ने कलहरू दिने प्रबन्ध भएको छ । पहाड मधेशमा पनि यो अड्डाको शाखा खोली ठाउँ-ठाउँमा कपडा बुन्ने,धागो कात्ने इत्यादि कामहरू सिकाउने बन्दोवस्त भएकोले मानिसहरू अधिभन्दा धेरै उद्योगशील भएका छन्- हाम्रो मुलुकमा उत्पत्ति भएको र बनेको चीज वस्तुहरूको प्रचार र परिचय भै उद्योगीजनहरूलाई उत्साह हवस् भन्ना निमित्त बखत बखतमा "उद्योग प्रदर्शनी" खोल्ने बन्दोबस्त भएको पनि सबैलाई थाहै छ । अहिले यो उद्योगधन्दाको वीजारोपण मात्र भएको छ । सबैको सहयोग भै काम भयो भने उन्नतिको वृक्ष फैलिदै जानेछ ।

वाणिज्य व्यवसाय

वाणिज्य मुलुकको एक प्रधान उन्नतिको कारण हो । "व्यापारे वसते लक्ष्मी" भन्दछन् । तर व्यापारको निमित्त बैंकको सहायता अत्यावश्यक हुनाले "नेपाल बैंक लिमिटेड" खडा गर्ने काम भयो। यो बैंकको शाखा पूर्व पश्चिम मधेश ७ ठाउँमा खोली सकेको छ । यसबाट व्यापारी र उद्योगी जनहरूलाई कत्तिको मद्दत भै रहेछ । बैंकको वार्षिक रिपोर्ट र व्यापारीको चल्तीफिर्तीबाट स्वयं सिद्धै छ । त्यसको सबूद हाम्रो भन्सार र बजार अड्डाहरूको लगातार [illegible] आज अधिभन्दा पैठारी कम भै निकासी बढेकोबाट पनि विदित हुने छ [illegible] ईश्वरको इच्छा अपार हुनाले लडाईं खुल्दिनाले उन्नतिलाई धेरै [illegible] आयो ।

हाम्रो मुलुक खनिज द्रव्यले भरिपूर छ । हामीलाई चाहिने [illegible] तामा, सिसा, इत्यादि खनिज पदार्थहरू अधि हाम्रो देशको पैदावारबा[illegible] हुन्थ्यो । यहाँ चलाएको खानीहरू जतिजति गहिरो हुँदै गयो, उति खोन[illegible] पानी बढ्दै आई वैज्ञानिक तरिकासँग काम गर्न नसक्दा खानीको काम त्य[illegible] छाड्नु परी विदेशी फलाम तामाहरूमा निर्वाह गर्नु परिरहेछ । त्यसो हुनाले हाम्रो मुलुकमा रहेको खनिज पदार्थहरू खोज्न र सो खानीहरूको काम वैज्ञानिक तवरसँग चलाउने उद्देश्यले "बुरी अफ प्राइन्स" अड्डा खडा गर्ने काम भयो । जर्मनी आदि विदेशबाट विशेषज्ञहरू झिकाई खानीको खोजतलास गराउने काम पनि तिमीहरूले सुनेकै छौ । यस सम्बन्धमा निज विशेषज्ञहरूले जो रिपोर्ट पेश गरेका छन् सो बहु उत्साहदायक देखिएको छ। ऐले पत्ता लागेको खानीबाट निस्केको जस्ता, तामाको नमूनाहरू हिन्दुस्तानमा जाँच्न पठाउँदा पनि बहुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तम ठहरी त्यसको खुबै माग भएकोले सो खानीको काम उठाउना लि
"हिमाल माइनर्स सिण्डिकेट" नामक एक लिमिटेड कम्पनी खडा गर्ने
भएको छ। यसबाट वैज्ञानिक तरीकासँग खानीको काम हुन गै मुलुक
अवश्य फाइदा हुनेछ। तर खेदको विषय छ कि लडाईंले गर्दा यस काम
चाहिने माल-मानिसहरू नपाई काम ढिला भैरहेछ।

जंगल

अघि वन जंगलको काम काठ महल बन्दोबस्तबाट गरी आएको थि
यो अड्डाको मातहतमा द्वार वनजाँचहरू रही जंगलको रखवारी, काठ क
र बिक्रीको काम मात्र भैआएको थियो। वैज्ञानिक तरीकाले रूख लगाउ
जंगल पाल्ने कामको बन्दोबस्त केही थिएन। त्यसबाट जंगल नासिंदै गै
कम हुँदै गएको र ठाउँठाउँमा आवादी जमीनसमेत पर्ती हुन गै धेरै नो
भएकोले त्यसको उचित बन्दोबस्तको निमित्त "काठ महल रिपोर्ट निक
अड्डा खडा गर्ने काम भयो। यो विभागमा वार्षिक तनखा कं. रु. १५००।
जंगलसम्बन्धी कामको एक अंग्रेज विशेषज्ञ मुकरर गरी निजको सरस
जिम यो विभागको नयाँ बन्दोबस्त र नयाँ वर्किङ प्लानबमोजिम
रहेको छ। यसबाट जंगलको रक्षामात्र होइन कि रूख काटेको
जुगाउने बन्दोबस्तसमेत भएको हुनाले मुलुकलाई पछिसम्म
छ।

शिक्षा

शिक्षाविना मुलुकको उन्नति हुन सक्तैन। शिक्षा धस्तो म
विषय हुनाले त्यसको प्रचारका निमित्त नेपाल, पहाड, मधेश ठाउँठाउँ
पाठशाला स्थापना भएको र अघिदेखि रहेको पाठशालामा पढाउने
नपुगेको र उचित बन्दोबस्त नभएकोमा माष्टर थप्ने र चाहिने बन्दोब
गरी दिई बक्सेको छ। अंग्रेजी स्कूल, कलेजमा पनि जो जो कुराको अभा
सो सबै धेरैजसो पुऱ्याई दिएकोबाट स्कूल, कलेजमा पढ्ने विद्यार्थीहरू
हिसाबसँग शिक्षा लाभ गर्न पाएका छन्। त्यसमा अरू झन् एस. एल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीक्षा हाम्रै बन्दोबस्तबाट हुने भै हाम्रो शिक्षा विभागले परीक्षामा उत्तीर्ण ठहरिएका विद्यार्थीहरूलाई दिएको प्रमाण-पत्र (सर्टिफिकेट) हिन्दुस्तानमा विश्वविद्यालयहरूले समेत स्वीकार गर्ने बन्दोबस्त भएको हुनाले हाम्रो मुलुकमा पनि विश्वविद्यालयको जग स्थापना भैसकेको छ। यो विभागमा "साइन्स लेवरेटरी" सब ओभरसियर पढाउने स्कूल र टेक्निकल स्कूलका निमित्त पनि जो जति खर्च बखतबखतमा निकासा बक्सी इलम प्रचार भैरहेछ, त्यसबाट मुलुकलाई स्थायी लाभ अवश्य हुनेछ। यो शिक्षाविभागलाई अघि सालियाना भैरहेको खर्चमा कं. रु. ४२६११ र मो. रु. ५१६६५ सालवसाली खर्च थप र गरीब लडकाहरूलाई दिनमा खाजाको पनि प्रबन्ध भएको छ। स्कूल, कालेज, घरहरूलाई कं. रु. १७०१८ र मो. रु. १९०२८८ पटके खर्चको निकासा दिने काम भएकोबाट पनि यस विभागको माग समयानुसार पूर्ति भैरहेको र हुँदै जाने छ।

जनसेवा विभाग

यो विभागबाट हाम्रो पालामा जनसाधारणको स्वास्थ्य र सुविस्ताको निमित्त जति काम भएको छ सो धेरैलाई थाह भएकै होला। अघि हाम्रो शहर तफाइको पूरा बन्दोबस्त नहुँदा मैला फोहरहरू तेसै सडकमा जमीर[illegible] रोग ब्याधी पनि अक्सर फैलिने गर्दथ्यो। यस काममा धेरै खर्च लगाई शह[illegible] टोलटोल र गल्लीगल्लीमा समेत जमीनभित्र छोपिएको ढलहरू र ज[illegible] नयाँ सडक, भक्तपुरबाट धुलिखेल जाने सडक, स्वास्थ्य निवास ज[illegible] इत्यादि बनेकोबाट हाम्रो शहर-सडकहरू अघिभन्दा धेरै सफा-सुग्घर भए[illegible] पहाड-मधेशतर्फ पनि इलाम पूर्व सीमानाबाट पशुपतिनगर, आइतवारे, [illegible] हासम्म जाने बाटो बुटौलबाट नौतनव, धरान जुद्ध नगरबाट जोगवनी, [illegible] बाट बाराहक्षेत्र जाने बाटो, नेपालगञ्जबाट स्टेशनसम्म जाने बाट[illegible] वीरगञ्जको मूल सडकसमेत ठाउँठाउँमा नयाँ पक्की सडक १९, कच्ची सडक [illegible] पक्की बनेको १६, काठ र फलामे नयाँ बनेको २३ र मर्मत भएको ६२ समेत पुलहरू बनी तैयार भएकोबाट मुलुकभरको शहर र बाटोहरू अघिभन्दा धेरै सफा-सुग्घर भएको मात्र होइन कि जनताको स्वास्थ्य रक्षा र सुविस्ताका साथ-साथ मुलुकको वन्दव्यापारको चल्ती पनि धेरै बढेको सबैले मानेकै होलान्। यस्तो महत्त्वपूर्ण आवश्यक कुराको अवच्छिन्न सुधारका निमित्त वार्षिक ५ पाँच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाखको थप निकासा पनि दिने काम भएको छ ।

मधेश पहाडका सरकारी घरहरू धेरैजसो कच्ची बनेको र घरहरू जो थिए सो पनि भूकम्पले भत्काएको हुनाले कच्ची बस्नुपरी कर्मचारीहरूलाई बेसुविस्ता र तहबील खरखजाना राख्न जोखिम र रवाफ नरहने समेत भैरहेको थियो । १९८९ साल सरकारी घरहरू बनाउने शुरू गरी सदर पहाड र मधेश जिल्लाहरू समेत अड्डा कचहरी घर २४, सरकारी खजाना घर १३, गोदाम घर ५, घर ४, हुलाक घर २२, सरकारी कर्मचारीहरू बस्ने घर ४२ र मर्मत सरकारी घर १२ समेत ठाउँठाउँमा सरकारी घर अफिसहरू बनाउने भएको छ । यसबाट सरकारी कर्मचारीहरूलाई अघिभन्दा धेरै सुविधा आगलागी चोरीबाट समेत धेरै बचाउ होला भन्ने देखिन्छ ।

देवालय

दार्जिलिङका नेपालीहरूले हाम्रो सनातन धर्मको रक्षा निमित्त शिवमन्दिर स्थापना गरी पाऊँ भनी धेरै आग्रह गरेको हुनाले दार्जि "धीरधाम" नामक एक शिव-मन्दिर स्थापना गर्ने काम भयो । ९० [illegible] पिले चर्की सर्की भत्केको नेपाल ४ चार भन्ज्यांग पहाड मधेश [illegible] ७६ देवालय शिवालयहरू कोही मर्मत भएको र कोही जगैदैखि [illegible] एका छन् । ती देवालय-शिवालयहरू जीर्णोद्धार भएको मात्र [illegible] ठ मानिसहरूको आग्रह पूर्ति गर्ने कामसमेत हुनगएको सबैले [illegible] लाउ ।

पाटीपौवा

यसमा पनि कं. रु. २,९५,५७५ र मो. रु. १,६०,८६३ खर्च [illegible] शुपति वासुकीस्थानमा ब्रह्मचारी-अखडा र सदर मधेश पहाड ठाउँ पाटी ३७, पौवा ३१, नयाँ सत्तल बनेको ५ र मर्मत भएको २६, सेठ बनेकोबाट यात्रु, बटुवा र गरीब-बेवारीसी मानिसहरूको समेत सह उपकार भएको होला भन्ने लागेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानीकाज

सफा सुग्घर खाने पानीको अभावले पहाड मधेश जिल्लाहरूमा मानिसहरूलाई दुःख थियो। रोग व्याधिले पनि निजहरूलाई बराबर सताउने गर्दथ्यो। नेपाल ४ चार भन्ज्याङ भित्रै पनि सुनागुठी, खोकना, टोखा, बुगमती, कीर्तिपुर इत्यादि ठाउँ ठाउँमा सफा सुग्घर पानीको प्रबन्ध नहुँदा मानिसहरूले फोहर मैला पानी खान परी रहेको थियो। यो अभाव दूर गरी मानिसलाई खाने पानीको सुबिस्ता होस् भन्ना निमित्त नेपाल, इलाम, नेपालगंज, विराटनगर, धरान, मनकामना समेत २७ ठाउँमा कलधारा र ट्यूबेल बनी सकेको छ। अरू जिल्ला गाउँहरूमा पनि ८५ इनार बनाइएको छ।

अस्पताल औषधालय

नेपाल ४ चार भन्ज्याङ र मधेश पहाड ठाउँ ठाउँमा रोगीहरूको चिकित्सा गर्नालाई अस्पताल औषधालयहरू अघिदेखि रहेको चलिरहेकै छ। तर समयको प्रभावले त्यसमा अभाव देखिएका कुराहरूको पूर्ति गर्ना निमित्त ठाउँ ठाउँको अस्पताल औषधालयहरूमा, कहीं औषधि खर्च कहीं चीरफाड गर्ने घर थपी बक्सेको र कहीं नयाँ अस्पताल, कहीं यूनानी औषधालय, आयुर्वेदीय औषधालयहरू थपिदिने काम भएकोबाट रोगीहरूको [illegible] चिकित्सा हुन गै धेरै नै सुविस्ता भएको छ। स्यास्थ्यनिवास अस्पताल [illegible] अभाव भएको कुराहरू पुऱ्याई दिने काम भएकोले क्षयरोगीहरूको प[illegible] कार भैरहेको छ।

पशुहरूको चिकित्सा तर्फ पनि पूरा दृष्टि दिने काम भएकै छ। [illegible] चिकित्साको अस्पताल हाम्रो मुलुकमा अघि थिएन। ती वाक्शक्तिहीन पशुहरूको [illegible] रक्षाका निमित्त नेपालमा भेटनरी अस्पताल र पहाड, गडी, गौडा, गोश्वारा २१ ठाउँमा पशुचिकित्सामा तालीम पाएका मानिसहरू राखी औषधि गर्ने प्रबन्ध पनि भएको छ।

हुलाक, रेल,टेलिफोन

हुलाक र मानिसहरूको आवतजावत गर्ने साधनको सुधार पनि भएकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । अघि मधेश पहाडबाट नेपालमा चिट्ठीपत्र आउनलाई कहींबाट १०
दिन कहींबाट १। १।। महीना पनि लाग्ने गर्दथ्यो । ऐले ठाउँ ठाउँमा
हुलाक थपी बक्सेको र अघि रहेको हुलाक अड्डाहरूमा मद्दत थप बक्सेको
अघिभन्दा धेरै चाँडचाँडै हुलाक आउने बन्दोबस्त भएको छ ।

पूर्व पश्चिम मधेशलाई टेलिफोनद्वारा नेपालगंग जोड्ने आयोज
बमोजिम पूर्वतर्फ विराटनगर धनकुटासँग टेलिफोन रही सकेको छ । लडाई
सबलले टेलिफोनको सामान नपाइएकोले पश्चिम मधेशमा टेलिफोन
पाइएको छैन तापनि जति सक्यो उति चाँडै सो राख्ने इन्तजाम भइरहेको
जयनगर जनकपुरमा नयाँ रेलवे रहेको मातातीर्थदेखि सदर भन्सारसम्म
बन्दोबस्त समेत भएकोले मानिसहरूको आवत जावत र सम्वादहरू चाँडै
वहरदोहर गर्न पाई सरकारी काम र जनसाधारणको बन्द व्यापारको
समेत अघिभन्दा धेरै सुविस्ता मानिसहरूले मानेको बुझिन्छ ।

निजामती अड्डा अदालत सुधार

मुलुकका परिस्थिति, समयको हेरफेर र शासन कालको
र अड्डाखानासम्बन्धी कामको सुधार पनि हुँदै नै रहेको छ ।
, कुमारीचोकको पक्राउ र अड्डाखानाको निकास पुकासको
कमा अघिदेखि विख्यातै छ । त्यसबाट रकमी र रैयतहरूलाई
पीराउ भइरहेको थियो । कार्यकारिणी (इवजेक्यूटीभ) र अद
यरी) अखतियार छुट्याई पहाड मधेश जिल्लाहरूमा अपिल
प्रधान न्यायालय खडा भएको मधेश पूर्वपश्चिम फाँट रहेको काठ
निक्सारी छुट्टै खडा भएको र कुमारीचोक ग्रौ अरू अड्डा अदालतहरू
मदार कारिन्दाहरूको थप मद्दत बक्सेको र कार्य प्रणालीको सुधार
एकोबाट हाम्रो शासनसम्बन्धी काम अघिभन्दा धेरै चाँडो तामेल भै
रैयतहरू सबैले सुविस्ता पाएका छन् । यसमा मनसाय माफिकको
भएको देखिदैन तापनि, पछि सुध्रँदै जानेछ भन्ने आशा लिएको छु ।

जंगीतर्फको सुधार पनि काल र परिस्थिति अनुसार भएकै छ । हाल
चाहिने हातहतियार गोली गट्टा सबै विदेशबाट झिकाई काम चलाउ
आएकोमा अर्काको भर गर्नु परी आएका बखत चाहिने हातहतियार
गट्टाहरू नपाई धोखा हुन नपावस् भन्ना निमित्त सुन्दरीजलमा कार्तोस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारखाना र सिंभू पछाडि नाइट्रोस्यालुलोज (धुँवा नआउने बारूद) तैयार गर्ने काम भएको सबैलाई थाहा नै छ । फौजी तालीमको निमित्त पनि हाम्रो मिलिटरी स्कूलमा धेरै कुराको सुधार, पाटन र भक्तपुरमा मिलिटरी स्कूल ग्रौ सदर र गौडा गौडाका फौजी जवानहरूलाई चाँदमारीको अभ्यास गराउने बन्दोबस्त समेत भएकोबाट फौजी तालीमको प्रबन्ध पनि भएको छ । मधेश जिल्लाहरूमा पनि ब्यारेक राखी पालैसँग सबै पल्टन राख्ने रहने बन्दोबस्त हुने भएको छ । फौजी तालीमको हकलाई ब्यारेक सिष्टेम नगरी तालीम नहुने हुनाले यसमा केही खर्च बढाई गर्नु पर्ने देखिन्छ ।

अघि हाम्रो जंगीमा उमेरको हद थिएन; उमेरको कारणले अशक्त भएको अवस्थामा पनि सरकारको नोकरीमा रहने दुःख परिरहेको थियो। ऐले उमेरको हद राखी "सैनिक द्रव्य कोष" को बन्दोबस्त गरी बक्सेकोले हाम्रो फौजी अफिसर जवानहरूले आफ्ना शरीरमा बल बर्कत बाँकी छँदै नोकरीबाट अलग हुँदा "सैनिक द्रव्य कोष"मा जम्मा भएको आफ्नू बचत रुपैयाँ समेत लिई घरमा शान्तिपूर्वक बाँकी जिन्दगी बिताउन पाउने भएका छन् ।

पेन्सन

हाम्रो मुलुकमा जंगी निजामतीका कर्मचारीहरूलाई पेन्सन दिने [illegible] अघि थिएन । जनमभर सरकारको नोकरी गरी उमेरको हद वा रोग [illegible] कारणले नोकरीबाट अलग हुनुपर्दा धेरैजसो ती कर्मचारीहरूले जी[illegible] गर्न नसकी दुःख पाउँदथ्यो। निजहरूको यो दुःखको कुरा जंगी [illegible] कर्मचारीसँगको सहवास हामीलाई थाह भएको हुनाले त्यस्तो दुःख[illegible] नपरोस् भन्ना निमित्त पेन्सनको प्रथा चलाई दिएको छु, यसबाट ती कर्म[illegible] नोकरीबाट छुटेपछि शान्तिपूर्वक जीवन निर्वाह गर्न पाउने छन् भन्ने [illegible] गरिएको छ ।

भूकम्प

यो शब्द सुन्दैमा पनि ९० सालको भूकम्पको स्मरण हुँदा हाम्रो मन कम्पित हुन्छ । यो भयंकर भूकम्पले मानिसहरूको नोक्सान बाहेक मुलुकलाई कस्तो ध्वस्त गरेको थियो, सो तिमीहरूले बिर्सेको होवैन। यस्तो भयंकर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटनाको मारबाट उद्धार गर्ना निमित्त हामीबाट जो जति कुराको [illegible] गर्ने र सहायता दिने काम भयो सो बारे यहाँ दोहराई पनि रहनाको [illegible] देख्दिन। यो भूकम्पको चोटबाट यति चाँडै उत्रन सकुँला भन्ने लागेको [illegible] श्री पशुपतिनाथको इच्छा हामी जो गर्छौं, गर्ने गराउने उनै हुन्, यस्तो [illegible] परी घरद्वार हीन भएका हाम्रा देशवासी भाइबहिनीहरूको बासस्थान तैयार [illegible] निमित्त इँटा, जुन कर्कटपाताको बन्दोबस्त र काठपातको निमित्त जंगल [illegible] गरी दिई खर्चलाई पहिले मो. रू. २९,८२,३१६।– ऋणको रूपमा र [illegible] माफी गरी दिएकोबाट ठूलो सहायता हुन गएको सबैले मानेकै होलान्। [illegible] सम्बन्धमा हामीले मातृ-भूमि प्रतिको कर्तव्य पूरा पालन गर्न सकेकोमा [illegible] पनि सन्तोष लागेको छ।

अन्तरराष्ट्रिय सम्बन्ध

परराष्ट्रहरूसँगको हाम्रो सम्बन्ध पनि समयानुसार बेसै देखि[illegible] बेलायतमा हाम्रो "लिगेशन" स्थापन गर्ने काम भएको र यहाँ "ब्रिटिश लि[illegible] रहनगै दिल्लीमा हाम्रो कन्सल जनरल रहन गएको सबैले थाहा पाएकै [illegible] तिब्बतसँग हाम्रो अघिदेखिको घनिष्ट सम्बन्ध कायम रहेकै छ। अरू पर[illegible] पनि मिसन पठाई हामीसँग मैत्रीभाव प्रकट गरेको तिमीहरू सबैले [illegible] छौ। बेलायतमा हाम्रा "लिगेशन" रहेको घर धेरै वर्षको [illegible] लिने काम भएको र तिब्बतमा "लिगेशन" घर र दिल्लीमा [illegible] ने घर हाम्रैतर्फबाट लाखा रुपैयाँ खर्च गरी बनाई तैयार गरी [illegible] कोले हाम्रो प्रतिनिधिहरूलाई देशको इज्जत अनुसार सुविधा [illegible] ने भएको सबैले सुनेकै होलान्!

विविध

यी कुराहरूबाहेक देशको उन्नति र सुधारका निमित्त गरिएका अरू [illegible] हरूमा वारुणयन्त्र, जनसंख्या गोश्वारा, जन्ममरण दर्ता अड्डा, विवाह-व्रतबन्ध [illegible] बर्खीसम्बन्धी सामाजिक सुधार, मट्टि बेत बाँस मिझारी रकमसमेत [illegible] क्लेशदायी रकमको माफी, पहाडमा बीलका हिसाबले मालपोत लिने बन्दो[illegible] भंसार रकमसम्बन्धी नयाँ बन्दोबस्त, भंडारखाल र मुलुकीखानाबाट [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैंक र उद्योगधन्दाहरूको कम्पनीको शेयरमा लाखौं रुपैयाँ लगानी गरी सरकारको आयस्ता बढाउने काम भएको, मौकामा फाइदा उठाउने विचारले सुनचाँदी विदेशबाट खरीद गरी ल्याई भंडारखालमा दाखिल गरी दिएकोबाट सो ऐले बिक्री गरेको पक्षमा सरकारलाई लाखान रुपैयाँ फाइदा हुने भएको, २२ लाख रुपैयाँको नोट एकैपटक सो ढुकुटीमा दाखिल भएको, रैकर जग्गाको खरीद-बिक्री बनेकोले हाम्रा काम परी लिएका काम काममा लागेको जग्गाहरूको मोल सरकारमा दाखिल गर्ने काम भएको इत्यादि विशेष उल्लेखनीय छ । फेरि खजहनी स्यूराज जिल्लामा सुखा मिनाहा दिएको र नरघटिको लगत काटी माफी दिएकोबाट पनि मानिसहरूले धेरै सुविस्ता मानेका होलान् ।

मुलूकको सलतनत कायम राखी देशको उन्नति र देशवासी भाइ-बहिनीहरूको सुखशान्तिका निमित्त हाम्रो पालाका भए गरेको कामकुराहरूको यो छोटकरी बयान तिमीहरूलाई सुनाएँ । आफूले गरेका कामको बयान आफैंले गर्नु राम्रो लाग्ने कुरा होइन । तर अफसोचको विषय छ कि नेपालको रीति-थिति बुझेका पुराना काम देखाउने मानिस अधि सरेनन् । नयाँ काम उठायो कि त्यसमा सहयोग गरी काम गर्ने इच्छा कमैको देखियो । कुरा काट्ने भने धेरै छन् । मद्त गर्ने मानिसहरू कमै देखियो । कोहीलाई व्यापार भन्ने चीज क्या हो यसको मर्मभेद कस्तो हुन्छ सो केही नबुझी घमण्डले भटभटाउने मात्र पनि सुनियो ।

फेरि एक आर्को कुरा हामी प्राइममिनिष्टर, मुख्तियार, कम[illegible] जनरल र जनरलहरूले मुलुकको शासनसम्बन्धी काममा यथायोग्य मेह[illegible] निकासा दिएकोमा कोही कारणले हानिनोक्सानी हुन जाने कुराहरूमा[illegible] ख्याल राखी सरकारमा जाहेर गर्ने कर्मचारीहरू पनि बहुतै कम देखिया[illegible] मामिलाको काम छुटाएपछि जिल्लाका बडाहाकिमहरूले दुनियाँको [illegible] तिर ध्यान लगाई हेरिदेलान् भन्ने लागेको थियो । २।३ बडाहाकि[illegible] अरूबाट त्यस्तो सुधारको काम केही भएन, त्यसो गर्नाले अवश्य भोलि आफ्ना सन्तानको समेत भलो हुनेछैन । राजालाई शिरमा दुनियाँलाई काखमा राखी काम गर्ने कर्मचारीहरू ता कमै रहेछन् । सुधार केहो भएको छैन भन्न सकिंदैन । त[illegible] अफसोच यही छ कि खर्च भएअनुसार सन्तोषजनक काम देखिएन, शायद पछि पछि हुँदै जाला भन्ने आशा छ ।

हाम्रो स्थाहा स्रेस्ता पनि लामो नै छन् यसको सुधार केही भएन । मधेश मालतर्फ स्थाहाको सुधार बेसै भएको छ । तर त्यसमा पनि सवालबमोजिम काम गरी नदिंदा धेरै मानिस बिग्रेको देखिन्छ । ऐले त्रुटी भइरहेका यस्ता कुराहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कति भनूँ । अब हाम्रो प्रार्थना यही छ कि सबै मिली काम गर्नुपर्छ, मुलुक
काममा सहयोग गर्ने इच्छा सबैले राख्यौं भने, चाँडो सुधार भै मुलुकको उन्नति
साथ साथ सबैको फाइदा हुनेछ ।

देशको उन्नति गर्नालाई लोकाभार पद्धति (पार्लियामेन्ट्री सिस्टम)
स्थापना गर्नुपर्छ भन्ने राय पनि नवयुवकहरूले गरेको सुनियो, लोकाभार
भनेको क्या हो निजहरूको मगजमा नअडेको बुझिन्छ । आफ्नू मुलुकको के
आमदानी छ, कति खर्च के के विषयमा हुन्छ, मुलुकको परिस्थिति कस्तो
समुद्रको बाटो हाम्रो छैन, आफ्नू छिमेकी राष्ट्र कत्रो जोडदार छ, सो राष्ट्र
मित्रभाव र शुभेच्छामा भर गरी हामीले काम गर्नुपर्छ भन्ने इत्यादि कुराहरू
विचार नगरी छोटाहरूले प्राइमिनिष्टरलाई अनेक बात लगाई कुरा गरेको
सुनियो । मुलुकको उन्नतिसम्बन्धी काम कुनै देशमा सबै कुरा एकैचोटि
छैन । बेलायत, अमेरिका जस्ता देशहरूमा पनि ५।१०।१५ वर्षको आयोजना
(प्लान) बनाई काम गर्ने गर्छन् । रोमशहर एक दिनमा बनेको होइन भन्ने
अंग्रेजी पढ्नेहरूलाई थाहा नै छ । अमातुल्लाले चाँडो सुधार गर्न खोज्दा
पनि निज अंग्रेजीबाजहरूले पढेका होलान् । नेपालको शासनबागडोर
जीको हातमा आएदेखि मुलुकको के कति सुधार भयो, सो सबै नजरको
डै छ । मुलुकको अवस्था अघि कस्तो थियो ऐले कस्तो भै आइरहेछ
काहरूसँग बुझे, आँखा खुल्ने थियो । हाम्रो पालामा पनि मुलुकको
र्च भएको छ सो नगरिदिएको भए ऐले भइराखेको सुधार कहाँ
। यो पनि धेरैको मगजमा नचढेको बुझिन्छ । उन्नतिको
ऐले हाम्रो पालाभा यति काम भयो । अघि अघिका प्राइमिनिष्टर
हुनेसम्म देशको उन्नति गरेका छन् । हाल भएका कामहरूको
होलाऊ । पछि हुने प्राइमिनिष्टरहरूले पनि मुलुकको असल हुने
छन् । राजाको भक्ति गर्नुपर्छ । कुरा काट्ने काममात्र गरेर मुलुक
दा हुँदैन, बरु आफ्नै बिगारमात्र हुन जान्छ । सबै मिली एकमन
म गऱ्यो भने, मातृभूमिको कल्याण होला । मुखले मात्र मातृभूमिको
ाई परिस्थितिको विचार नगरी अर्काको लयलयमा ढाँचा गरी हिंड्यो
न्नतिको सट्टा अवनति होला । स्वार्थी भै काम गर्ने, राजाको भक्ति नगर्ने,
काटी मात्र हिंड्ने गऱ्यो भने सबैको हानि सिवाय असल हुने छैन ।
विचार गरी सबैले चल्नु वेश हो ।

यो विश्वव्यापी लडाईंमा हामीले मित्र ब्रिटिश सरकारको
निमित्त हिन्दुस्थानमा हाम्रो पल्टन पठाएकोमा पनि पल्टन बेच्यो भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही बेवकुफहरूले बगवादी गरी हिंडे । मित्रलाई परिआएका वखत सकेको मद्दत गरिदिनु हाम्रो धर्म हो । फेरि यो मात्र होइन, जोडदारसँग जोरी खोज्दा हालसालै पनि यूरोपमा कति मुलुकको नोक्सान भै हिटलरको कमारा बन्नु-पऱ्यो, फेरि बेलायतले इराक, इरानलाई के गरे सबैले सुनेका होलान् । आफ्नू घाँटी हेरी हाड निल्नुपर्छ । अभिभारा बोक्नेलाई मुसिवत थाहा हुन्छ। कोठामा बसी बडबडाउन सजिलो हुन्छ । सबै कुराको विचार नपुऱ्याई बोल्ने काम बेवकुफी हो ।

फेरि राजद्रोही विचारहीन मानिसहरूले पर्चा छरी सरकारलाई खुबै धम्की देखाएका थिए । हिन्दुस्थानको ढाँचा गरी अनेक उपद्रव गर्न खोजेका थिए । यस्ता ५।७ जना छोटा मानिसहरूको पछिलाग्दा २०० भन्दा बढी मानिस-हरू पक्राउ खाए । तिनीहरूमा धेरैजसो बच्चा र विद्यार्थीहरू थिए । अघि जस्तो भए केही विचार नगरी ती सबैलाई काटिने,मारिने, झुण्डयाइने,कयद, सर्वस्व हुने थियो । हाम्रो राजनैतिक इतिहासमा यहीबमोजिम अघि भैआएको सबैले सुनेकै होलान् । यसबारे हामीबाट करीब २ दुई महीना विचार गरी हेर्दा ४।५ जना बेवकूफ चण्डालहरूको लहैलहैमा लागी यो अपराध हुन गएको ठहराई निजहरूलाई ज्यानको सजाय दियौं । ८।१० जनालाई कैद गरी अरू बाँकी लाटासुधा र लडका हुन् भन्ने सम्झी छाडिदियौं । फेरि राजकाजको ऐनमा घर[illegible] एक मानिसले विराए पनि सबैको जम्मै सर्वस्व हुन्थ्यो । यहीबमोजिम अ[illegible] आएको पनि सुनेकै छौं । हामीले यो अहिलेको जवानामा छोराले बाबुआ[illegible] बचन नमान्ने भएका र इष्टमित्रहरूको ता पर्वाह नै नराख्ने कलिका सन्[illegible] चालदेखि सबको सर्वस्व नगरी बात लागेका मानिसहरूको मात्र [illegible] अरू सबैलाई छाडिदिने काम भयो । अन्य मुलुकहरूमा पनि यस्तो नि[illegible] कैयौं जेलमा गएको र मारिएको सुनेकै होलाऊ । यस्तो राजनैतिक अ[illegible] धेरै किसिमको जात भएका मुलुकमा सफल हुन नसक्ने हो । पठित ठा[illegible] भएन भने नेपालमा त्यस्तो आन्दोलन सफल होला भन्ने सम्झनु भूल हो [illegible] अभाव भएको कुरा राजासँग भनसुन गरे सजिलैसँग बन्दोवस्त मिलाई दिन्छन् यस्तो कुचालमा लागी आन्दोलन गर्नाले त्यसको खराब परिणाम सबैले भोग्नु पर्नेछ ।

यो चार दिनको दुनियाँ हो । हामीहरू सबै यहीं जन्म्यौं, यहीं बढ्यौं । यहींको धन यहीँ छाडी जानु बढिया हो भन्ने दिलमा लिई काम गऱ्यो भने, मुलुकको तरक्की र असल हुँदै जानेछ । जापानले विवसिता छोडी आफ्नो मुलुकमा बनेको र उब्जेको बस्तुहरूको मात्र व्यवहार र राजाप्रति दृढभक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा कत्रो उन्नति गरे सबैलाई थाहा नै होला। निज जापानीहरू मुलुक
लडाईं परेका बखतमा सुकेको भात र सुकेको माछा खाई मुलुकको निमि
लड्न जान्छन्। बडा बडा एडमिरलहरू पनि फुर्सतमा माष्टर बनी रु. १
महीनावारी खाई दुनियाँलाई तालीम गर्छन। परेको बेलामा समुद्रको काम
जान्छन्। यस्तै के एक उत्तम गुण उनीहरूको बयान गरी साध्य छैन। हाम्रो
पनि जापानीहरूको जस्तो यस्तो अलौकिक गुण अनुसरण गऱ्यौं भने मुलुकको
अवश्य फाइदा हुनेछ। घमण्ड र लोभले गर्दा यस्तो जापानको हाल पनि
अवनति भएको सुनेकै छौं। घमण्डले गर्दा सब कुराको हानि हुन्छ, मिलिजु
काम भएमा सबै सब कुराको असल भैजान्छ। यसबखत हाम्रो देशमा खाने
लाउने कुराहरूमा भडक ज्यादा बढी आफ्नो मुलुकको धन परमुलुकमा गै रहे
यसको पनि विचार गर्नु बढिया हो।

जंगीतर्फका अफिसर जवानहरू। तिमीहरू सबैले सैनिक अदब काय
(डिसिप्लीन)मा रही राजाको हुकुममा तनमन दिई काम गर्नुपर्छ। ३
जना फटाहाहरूको कुरा सुनी होहल्लामा लागी नहिंड्नू। जनमभर भनेजस्ता
सरकारी नोकरीमा रही बुढा भै काम दिन नसकी खोसी घर जानुपर्दा क
ात भै कैएकले दुःख पाएको सुनिन्थ्यो। अब उमेरको हद र सैनिक
को नयाँ बन्दोबस्त गरी दिई बक्सेकोवाट नोकरी छाडी जाँदा तिमीहरू
दाम ली जान पाउने बन्दोबस्त मिलाई दिएको छ। यस्तो बन्दोब
पनि उर्दीमा र अदप काइदामा रही राजाको सोझो नगरी हिंड्यो
आफै लाग्न पर्ने छ। तिमीहरूलाई केही कुराको असजिलो पर
झट्ट हुल बाँधी राजासँग कहिले नकराउनू त्यस्ता केही काम
आफ्ना कमाण्डिङ अफिसरमार्फत जंगीलाठद्वारा चीफ छेउ कुरा पु
क्तो कुरा भए त्यसैबाट राजाकहाँ पर्दछ। यस्तो काइदा मा
हल्लामा दौडी राजाकहाँ झट्ट करायो भने असल काम पनि न
छ। यसको विचार गरी चल्नु अफिसर हो। हर कुरामा मेरो पा
मीहरूलाई अविभन्दा सुबिस्ता गराइदिएको सम्झेकै होलाऊ भनिरह
ही छैन। अर्काको मुलुकमा घिउ नौनीको डल्लो खानुभन्दा आफ्ना मुलु
सागसिस्नो खानु मातृभूमिको सत्चलनमा रहनु श्रेय देखिन्छ। यसबारे ति
हरूले अहिले ख्याल नराखेको भए पनि पछि बुझ्ने छौ, धेरै वर्ष तिमीहरू
सहवास गरें। २।२ लडाईंको काम पनि गरें। कोही कुरा असल, कोही
खराप पनि भयो होला। अब जो भए पनि सबै बिर्सिदेऊ, हामीले पनि
बिर्सने छम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निजामतीतरफका हाकिम कारिन्दाहरू ! जंगीतर्फका अफिसर जवानहरू-लाई माथि हामीले जो कुरा भनें सोही कुरा तिमीहरूलाई पनि भन्दछु । जंगी निजामती अफिसरहरू सरकारको दायाँ बायाँ हात हुन् । यिन दुई हातको बाहुबलमा मुलुकको उन्नति र सलतनत निर्भर रहन्छ । यसकारण तिमीहरू सबैले आफ्नो आफ्नो कर्तव्यको अवलम्बन गरी राजा र मुलुकको सेवामा सदा तत्पर रहने छौ । तिमीहरूको निमित्त पनि हामीले अघिभन्दा धेरै सुबिस्ता गरि दिएको छु ।

साहूमहाजनहरू । तिमीहरूलाई पनि म केही भन्न चाहन्छु । तिमी-हरूमा धेरै जसो यहीं जन्मेका छौ, कोही व्यापारको निमित्त हिन्दुस्थानबाट आइबसेका छौ जुन मुलुकमा बसी ४ पैसा कमाई खाइरहेका छौ सो मुलुकमा सोझो तिमीहरूले अवश्य गर्नुपर्छ । पैसाको खोजमा मात्र दौडी देश र पडौसी भाइबहिनीहरूको सुखदुःखको विचार नराखी बनियाको निष्ठुर व्यवहार गऱ्यो भने, परिणाममा तिमीहरूको भलाइ हुने छैन । यही कुरा हाम्रो धर्मशास्त्रमा पनि लेखिएको छ । व्यापारमा मुनासीब नाफा अवश्य खानुपर्छ तर मानिस-हरूलाई अकडमा पारी रगत चुस्न खोज्नु बहुत घृणित काम हो । लडाईंको कारणले हालसाल हाम्रो मुलुकमा पनि खानेलाउने पदार्थहरूको कमीबाट भाउ बहुत महँगो भैआएकोले सरकारबाट बजारको दरभाउ बन्दोबस्त भएकोम[illegible] तिमीहरूमा कोही कोहीले खानेलाउने बस्तुहरू लुकाई बहुत नालायक काम [illegible] यस्तो बनियाँगिरी गर्नु बहुत पापको काम हो । यसरी कमाएको धन [illegible] स्थिर पनि रहने छैन । जुन देशमा तिमीहरू जन्म्यौ, जुन देशमा बसी [illegible] जीवननिर्वाह गर्न पाएका छौ, सो देशको भलो तिमीहरूले चिताई क[illegible] भने तिमीहरूको असल कदापि हुने छैन, सो ख्याल राखी काम गर्ने [illegible]

"छाडी जानु निश्चय पर्छ यो सनसार; सकेसम्म सबैको गर्नु [illegible]
नगर्नु कसैको बिगार ! सकेसम्म समझिराख्नु कालको विचार [illegible]
हरिलाई चिह्नेदेखि तरिन्छ संसार ।
निश्चय जानुपर्छ सबैले एकै ठाउँ ।
गरे आफै तरिजान्छ लोकको जय उपकार
कालरूपी रोग आउँदा छाड्नुपर्छ यो संसार
सबै पडिरहेछन् मायामोह जालमा
कोही लागी आउँदैनन् आफू जाँदा साथमा
देखिहाल्यौ सबैले अनिश्चित छ संसार ।
कुलधर्म नछाड्नु । दानधर्म देवताको पूजा-पाठ मनासीब माफिक गर्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ भनी श्रीकृष्णले अर्जुनलाई बताउनुभएको छ । कारण ठूलाहरूले मर्ने छोडे, छोटाहरूले धर्मकर्म छोडी मुलुकको अवनति हुन्छ ।

हाम्रो पालामा थप मिनाहा र काम काममा खर्च भएको फांट

असामी	मोहर
नेपाल ४ भन्ज्याङभित्र बाहिर पहाड मधेश ठाउँ ठाउँका पाठशाला, कलेज स्कूलसमेत एजुकेशनतर्फ	३,४८,३९७।-
जुद्ध सडक, विराटनगर सडक, नेपालगन्ज सडक र अरू ठाउँ ठाउँका सडक फुटपाथतर्फ	८,७७,८८१।-
नेपाल ४ भन्ज्याङभित्रको पचली घाटको पुल, कोटेश्वरको पुल र मोहनी सोवतीको पुल, अरू ठाउँ ठाउँका पुल, कलभर्ट समेततर्फ	३,७५,१८४।-
कीर्तिपुरको धारा, ईलामको धारा, नेपालगन्जको धारा, विराटनगरको धारा वीरगञ्जको धारा, टोखाको धारा र ईनार, ट्यूववेल, पोखरी समेततर्फ	६,५९,१५७।-
आस्थान अखडा मठ मन्दिर पाटी पौवा, सत्तल, घाट, धर्मशाला, देवदेवतापूजा, नाच कीर्तन सेठवर समेततर्फ	१३,२०,६५५।-
[illegible]यतका नेपाल लिगेशन, डिल्लीको नेपाल हाउस, ल्हासाको वकील बसेको [illegible]को व्यारेक, ग्यालरी बैठक, धरहरा, घण्टाघर, कलाशाला, रेडिया[illegible], चिडियाखाना समेतका इमारत, बैंक घर, झेलखाना, ढल, साइड[illegible]	३९,४३,००[illegible]
[illegible] बजार, अड्डा, कचहरी, सरकारीया घरहरूतर्फ	१,३४,४२[illegible]
[illegible] अरू गुठीतर्फ	
[illegible]सार, विराटनगरतकको टेलिफोन, अटोमेटिक	७,८१,०९[illegible]
[illegible]लको बिजुली समेततर्फ	९,६५,४८[illegible]
[illegible]स्पटल विभागमा बेडहरू थप र नयाँ ठाउँ ठाउँमा थप समेततर्फ	६,२४,०२३।-
[illegible]रीबूटी तयार गर्ने, कपास खेती, ठाउँ ठाउँ नर्सरी समेत कृषितर्फ	३३,०२८।-
[illegible]जुद्ध वारूण यन्त्र समेततर्फ	९२,८३२।-
सप्तकोशीको वीरवधि, पोखराका पार्धीबाँध र कूलो पैंन समेततर्फ	१,९३,९४०।-
८४ सालतकको दण्ड, कैद खजनी स्यूराजको जर्ता मिनाहा रजतजयन्तीको [illegible]नूनको भाडा माफसमेत मिनाहातर्फ	८९,५८,३९२।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूकम्प माफी	२९,८२,३१६।६२
जनकपुर रेल, भन्सार ट्राली समेत	१४,५१,२७०।३०
जंग सामान बनाउने कल, ऐ. को घर, पार्श्ववर्ती थप पल्टन र मीलिसियातर्फ थप समेत जंगीतर्फ	६,८६,४४६।२५
जंगल उन्नति वन सुधार सर्कल अफिसतर्फ	९७,५१३।–
	२,४५,२५०,७५।६३

द्रष्टव्य: रु. २,४५,२५०,७५।६३ मध्ये मर मिनाहा भएको रु. ८९,५८,३९२।७५
कट्टी गर्दा खास विकासमा लागेको रु. १,५५,६६६८२।८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७

राजर्षि महाराज

(१)

२००२ साल मार्ग १४ गते श्री ३ जुद्धले किन एकाएक ७१ वर्षको उमेरमा आफ्नो त्यो सुरक्षित राजपाठ त्याग्ने निधो गरे भन्ने कुरामा त्यसबेला विभिन्न मानिसका विभिन्न तर्क थिए। एकथरीको भनाइ थियो, दोस्रो महा-युद्ध सफलतासाथ समाप्त भएपछि, नेपालको तीनचाँद मुख्तियारको टाउ-कोमा हाली, आफू राजकाजबाट अलगिने उनको इच्छा पुरानै हो, भन्ने। यस कुरालाई श्री ३ जुद्ध आफैले पनि आफ्नो मार्ग १४ गतेको बिदाइ भाषणमा भनेको, "मेरो छोरा भतिजाहरू राजकाज गर्न समर्थ भएकोले र अघि अघि रघुकुलका क्षेत्री राजाहरूले पनि उमेर पुगेपछि, राजपाठ छाडी, जंगलमा तपस्या गर्न गएकोले, मैले पनि राजधर्म लिन लागेको छु" कुराले गर्दछ।

नेपालमा तेह्र वर्षसम्म प्रधानमन्त्री पद चलाएका जुद्ध शम्शेरको परिवारको राम्रो बन्दोबस्त भइसकेको; आफ्नो शेषकाललाई आवश्य[illegible] पनि उनले जोडिसकेका (भारत सरकारले २००४ सालतिर भा. रु. १,००[illegible] को नोट अवैध घोषणा गर्दा उनले रु. २ करोड ५० लाखको सो नोट [illegible] देहरादूनबाट सु. हरिभक्त राजभण्डारीलाई काठमाडौं पठाएथे) र आफ्[illegible] नातागोता, भित्रिया, चाकडीदारको त के कुरा उनको आशा गर्नेका सन्तान [illegible] दरसन्तानको पनि बन्दोबस्त गरिदिएका थिए– आफ्नो शरीरभरको सुन, चाँदीको तोला र घर, जमीन दान गरेर; कोटीहोम लगाएर र बिर्ता, जंगल र जागीर बकस दिएर। नेपाल छाडेर काशीवास गएका लेखराज र उनीमँग पासा खेल्ने रामजीकै दृष्टान्त त्यस सन्दर्भमा उल्लेखनीय छन्। जुद्ध शम्शेरको निगाहले यी दुवै ब्राह्मणहरू मालामाल भएथे। यसरी आफू भन्ने जतिको बन्दोबस्त गरी, प्रधानमन्त्रीको धोको पुऱ्याई, अनि उनी राजर्षि भनेका हुन् भन्ने अर्को थरिको भनाइ थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेसुंघाका प्रभु (जसले धेरै वर्षअघि जुद्ध शम्शेरलाई १९८
भाद्र १७ गते प्रधानमन्त्री हुन्छौ भनी, ठोकेर भनेको कुरा पुगेकाले
भविष्यवाणीमा जुद्ध शम्शेरको विश्वास थियो) ले श्री ३ जुद्धको
सरकारको राजकाजको भोग धेरै दिन बाँकी छैन भनी एकान्तमा
प्रेमनाथ भन्ने तान्त्रिक (तन्त्रशास्त्र निकै साधेका, कान्छा महारानीको
घुसेका प्रेमनाथको खास गरेर कान्छी महारानीमा ठूलो प्रभाव परेकोले
कुरा उनी खान्थिन्। मुख्तियार पद्म शम्शेर र जंगीलाठ मोहन शम्शे
पनि भित्रीसञ्चो प्रेमनाथ जान्थे र मोहन शम्शेरले लक्कूका लक्कू फे
लाई भिडाएको कारणले उनको ईशारामा प्रेमनाथ चल्दथे अरे भने
कसैको भनाइ थियो) ले त झन् ठोकेर रेसुंघाका प्रभुको कुरा
गरेकोले, श्री ३ जुद्धको मन धरमरिएर धर्ममार्गतिर बदलिएको हो;
चाँडै नै मर्ने हूँ भने, राजर्षिको नाम किन नकमाउनु भन्ने विचारले
कदम उठाएका हुन्; यी ब्रह्मवाक्य जुद्ध शम्शेर र कान्छी महारानी दुवैले
पत्याएका थिए भन्ने पनि कसै कसैको भनाइ थियो।

२००१।२ सालतिर श्री ३ जुद्ध शम्शेरको परिवारमा मच्चिएको
आजभन्दा भोलि बढ्दै गयो। कान्छी महारानी र उनका जेठा छोरा
शम्शेरले परिवारका अरू सदस्यहरूलाई हिक्न र होच्याउन थाले। यो
श्री ३ जुद्धले एक एक महीना आफ्ना सबै रानीहरूका दरबारमा पाल
ए– म सबैसँग हेलमेल चाहन्छु भनी देखाउनलाई। (श्री ३ जुद्ध
दारानी, दुई महारानी, केही रानी र सत्र भाइ छोरा अनेक
।

तर ती दुईको उनीमाथिको चाप घटेन। उल्टो धेरैजसोले
को चाकरी गर्न थाले– बहादुर शम्शेरलाई पनि पन्छाएर। शुरु
बहादुर शम्शेरले भनेका कुरा पनि श्री ३ जुद्धले सितिमिति
सक्दैनथे। तर गर्दा गर्दा बाहिरका हजूरिया जर्नेल बहादुर शम्शेर र
हजूरिया शान्त शम्शेरको पेचापेच, तिगडमबाजी र हानथापमा शान्त
सर भएको जस्तो देखिन थाल्यो। राजकाजमा पारिवारिक स्वार्थ र
पछि राजकाजै भाँडिने प्रक्रिया स्वतः शुरू हुँदा, जुद्ध हतोत्साहित भ
गर्दा पनि त्यो पारिवारिक झगडा साम्य गर्न नसकेका श्री ३ जुद्ध,
राजकाज छोडेका हुन् भन्ने केही मानिसको अन्दाज थियो।

अर्को थरीको भनाइ थियो– उमेर पुगेपछि नेपालका सबै
रहरूले सरकारी सेवाबाट अनिवार्य अवकाश लिन पर्ने नियम श्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँधेकाले, आफैले पनि त्यो नियम पालन गरी अरूको चित्त बुझाउन खोजेका हुन भन्ने। दोस्रो महायुद्धमा नेपाली सेना बाहिर नगएको भए उनले अघि नै राजपाठ छाड्दथे, पल्टन हिन्दुस्थानबाट फर्केपछि त तुरुन्तै उनले प्रधानमन्त्री पद छाडेका हुन्, भन्ने कुरा जुद्धपरिवारबाट सुनिन्थ्यो।

२००२ सालको असारमा भएको बृटेनको आम चुनावमा मजदूर-दलको ठूलो विजय भएपछि भारतलाई स्वराज दिने लक्षण बढ्न थाल्यो। नेपालका समस्त राणा परिवार र खास गरी श्री ३ जुद्ध विशेष अंग्रेजमुखी थिए; उनले राष्ट्रवादी भारतीय नेताहरूलाई गन्दैनथे; बातन्पिच्छे उनीहरूलाई धोतीवाल भन्दथे र २००२ सालतक पनि भारतलाई स्वराज दिने बेला आएको छैन भन्ने उनको अटल धारणा थियो। बृटिश सरकारलाई पनि आफ्नो लण्डनस्थित दूतावासमार्फत यही विचार उनी व्यक्त गराउन चाहन्थे। भारतीय-ले स्वराज चलाउन सक्तैन भन्ने श्री ३ जुद्धको त्यो विश्वास बृटेनका दक्षिण-पन्थी कन्जरभेटिभ दलको विचारसँग मिल्दोजुल्दो भए तापनि, वामपन्थी मजदूरदलले उनको त्यो अव्यावहारिक निष्कर्ष सुन्न तयार थिएन– मान्नको त कुरै पर जावस। भारत स्वतन्त्र हुने भारी सम्भाव्यताको पूर्वरंग २००१।२ सालतिर चारैतिरबाट छर्लंगै देखिन थालेकोले श्री ३ जुद्धले वेलैमा नेपालको राजकाजबाट त्यसरी अलगिन खोजेका हुन् भन्ने केही मानिसहरूको अडकल थियो।

उपर्युक्त जुनसुकै कारणले श्री ३ जुद्धले नेपालको राजकाजबाट पन्ना निधो त्यसबखत गरेका भए पनि उनको नेपालमा केही गरेर नाम राख्ने पुरानो हो। नेपालको त्यो प्रधानमन्त्रीको ओहदाको त्याग ठूलै हुँदा अरू गरेर भन्दा त्यसैलाई त्यागेर चाँडो ठूलो नाम कमाउन सजिलो होला भन्ने उनको त्यो मनको अठोट पुऱ्याइदिन, उनका रोलमा निकै माथि चढेका छोराभाइ-हरूले मरिमेटे– श्री ३ जुद्धको इच्छापूर्तिको साथै आफ्नो रोल पनि बढ्ने हुँदा। आफूमाथिको रोलवाला नभरी, नमारी र नधपाईकन आफ्नो रोल नबढ्ने राणा-व्यवस्थामा जखेका रोलवालाहरूको निमित्त श्री ३ जुद्धको राजर्षि बन्ने इच्छा बतिलो मात्र थिएन, के खोज्दछस् काना आँखो जस्तो पनि थियो।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

यस्तै तर्क, शंका र उपशंकाले काठमाडौं रूमलिएको वेलामा २००२ साल मार्ग १४ गते श्री ३ जुद्धले प्रधानमन्त्रीपदबाट राजीनामा गर्ने तिथि तोके। सो गर्नु भन्दा केही दिनअघि उनले चौध दफाको एक कागज मुख्तियार पद्म शम्शेरलाई दिएका थिए। यसैमा परेको थियो श्री ३ जुद्धले मुख्तियार पद्म शम्शेरलाई दिएको सबै अर्ति र उपदेश। अर्तिहरूमध्ये मुख्य मुख्य थिए– छोरी पैदा भएकी पद्म शम्शेरकी रानीसाहेबलाई महारानी, उत्तरतर्फका कमाण्डिङ जर्नेल बहादुर शम्शेरलाई हजूरिया जर्नेल, ज. नर शम्शेरलाई पुलिसको तालुकवाला, क. शान्त शम्शेर र क. सुरेन्द्र शम्शेरलाई मेजर जर्नेलको दर्जा, आफ्ना (जुद्ध शम्शेरका) सबै छोरालाई ठूला बधुवा खानकी, पद्म शम्शेरले आफ्नो भित्रियाहरूलाई मुठी फुकाएर बकस दिने र दरो भएर राजकाज गर्ने इत्यादि कुरा। पद्म शम्शेर बस्ने कोठामा टाँसिएको त्यो श्री ३ जुद्धको चौध सूत्रे अर्ति अक्षरशः मान्न पद्म शम्शेर वचनबद्ध थिए।

त्यसरी पद्म शम्शेरलाई वाचाकबूलमा छिराई, श्री ३ जुद्धले [illegible] दरबार छाड्नुअघि रचिएको विशेष सभारोहमा आफ्नो तीन च[illegible] शम्शेरलाई लगाईदी, २००२ साल मार्ग १४ गते लामो भाषण गरे[1]। [illegible] लामो भएकोले केही बेर आफूले र त्यसपछि माहिला गुरुज्यू हेमराज [illegible] उपस्थित राणाजीका छोरा, भतिजा, भारदार, गुरुपुरोहित, सन्तमहन्त, [illegible] महाजनलाई सो भाषण पढेर सुनाए। भाषणको दौरानमा पद्म शम्शेरलाई "रामराज्य गरे" र मोहन शम्शेरलाई "भरतले रामलाई माने झैं पद्म शम्शेरलाई माने" भन्ने अर्ति दिए।

त्यो भाषण सुन्न उपस्थित सबै भाइ-भारदारलाई अनेक उपहार (धेरैलाई चाँदीको फ्रेम र पानवट्टा) प्रदान गरी रिडी (काली नदीनेरको किनाराको एक सानो अर्गेली भन्ने गाउं) जानलाई सबैसँग बिदा भएपछि आफूले लुगा फेरी (कालो सेर्वानी लगाई गेरूरंगको साफा गुथी) मे. ज. मृगेन्द्र, मे. ज. विजय

---

१. श्री ३ जुद्ध शम्शेरको बिदाइ भाषण परिशिष्ट- ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र क. सुरेन्द्रलाई साथै बग्गीमा राखी सिंहदरबारबाट एक घण्टा
टुँडिखेलमा पल्टन र बाटाभरि जनताको अभिनन्दन ग्रहण गर्दै
दरबार (मे. ज. रवि शम्शेरको दरबार)मा पुगी रात काटे। (श्री ३
राजपाठ छाड्नुअघि जन्मकैद परेका र माफी नमाग्ने बाहेक
सालमा जेल परेका सबै राजबन्दीहरू छुटिसकेका थिए ।)

हिजोसम्म प्रधानमन्त्री भई गलामा जख्खू चमेलीको माला,
झल्कने ठूलो व्याज भएको फोरेज क्याप लगाई, मिमसाहेबको जस्तो
ओढी, कैयन् रिसल्ला र चाकडीदार अघिपछि लगाई, हात्ति चढेर टुँडि
हावा खाने जुद्ध शम्शेरलाई देखेका नेपाली जनताले आज त्यही टुँडि
बाटोमा गेरूरङ्गको फेट्टा गुथी, राजर्षि भएर बग्गी चढी तपस्यालाई
अर्गेली गाउँतिर जान (गाउँ फर्क राष्ट्रिय अभियान थाले झैं) लागेको
कतिले आँसु खसाले । जुद्ध शम्शेरको निगाहले धनधान्य हुने वित्तो
थरिथरिका दान पाउनेहरूका परिवार त छाती पिटेर रुने नै भए।
पद्म शम्शेर त त्यस दिनदेखि रोएको रोयै भए। यसरी धेरैलाई
आफू हाँसी हाँसी बाटो लागेका जुद्ध शम्शेरलाई सबै दर्शकले सहाए-
कालगतिले मरेका, कोही मारिएका र कोही धपिएका नेपालका राणा
मन्त्रीको ताँतीमा परेका श्री ३ जुद्ध १३ वर्ष प्रधानमन्त्री भई, खुर्
मार्गमा लागेको देखी । वास्तवमा यो थियो नेपालको इतिहास
र स्मरणीय घटना पनि– हीरा र पन्नाले बनेको बहुमूल्य तीन
फेट्टाको सट्टापट्टा ।

नेपालमा अघि अघिका राणा प्रधानमन्त्रीहरू मरेपछि, मुलि
महाराजाधिराजबाट पंजापत्र लिई, अनि मात्र श्री ५ को बाह
हूरूबाट तीनचाँद लगाउने चलन थियो। २००२ साल मार्ग
श्री ३ जुद्धले आफ्नो शिरको तीन चाँद झिकी पद्म शम्शेरलाई
कोले नेपालको इतिहासमा यो एक नौलो र अनौठोको परम्परा
श्री ३ जुद्ध प्रधानमन्त्री छँदैमा श्री ५ को पंजापत्र लिएर मा
शम्शेरलाई आफ्नै हातले तीनचाँद लगाइदिएको हुन सक्तछ
पनि, एक नौलो काम गरेर जुद्ध शम्शेरले काठमाडौं छाडे– प्रधान
पदलाई राजर्षिको नामसँग साटेर । त्यस दिनदेखि उनी केही समयतक
महाराज"को नामले नेपालमा कहलिन थाले । अनि राणाजीको
शासन तेस्रो पुस्तामा ओर्ल्यो– धीर शम्शेर, भीम शम्शेर हुँदै पद्म

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- ४

२००२ साल मार्ग १४ गते श्री ३ जुद्ध शम्शेरवाट बक्सेको विदाइ भाषण

कम्याण्डर इन-चीफ, जंगीलाठ प्रभृति छोरा नातिहरू, गुरुज्यू भाइ भारदार, सैनिक वर्ग, प्रजावर्गहरू हो ।

आपनो मनमा उठाएको एउटा विचारलाई सबको अगाडि प्रकट गर्न निमित्त सबैलाई आज यहाँ जम्मा गरेको हूँ एक छिन सबैको ध्यान यतातिर लाग्नेछ ।

मैले नेपालको राजकाजको अभिभारा उठाएको १३ वर्ष २ महीना २६ दिन बित्यो । यस राज्यको बागडोर हातमा लिएदेखि प्रजाको सुख-शान्ति र राजा र मुलुकको रोवरवाफ र भलाइको खातिर आफ्ना देशको हैसियतले र बुद्धिले भेट्टाएसम्म त्यसतर्फ ध्यान दिई, बीच बीचमा पर्न आएका दैवी र विकट समाली, उन्नति जो जति गर्न सकेको छु सो सबैलाई थाहै छ । केही [illegible] अगाडि दिएको इस्पीचबाट पनि सबैले बुझेकै होलान् । मित्रराष्ट्रसँगको [illegible] लाई पनि हुन सकेसम्म बलियो गराउँदै मुलुकको जग दृढ गराउने यत्न[illegible] कम गरेजस्तो लाग्दैन । यही उद्देश्यले विश्वव्यापी महायुद्धमा फसेका मित्रराष्ट्र[illegible] सहायताको खातिर विदेशमा पठाइएको आफ्ना फौजहरू पनि श्री पशुप[illegible] नाथका कृपाले सुयशद्वारा मुलुकको नाम राखी हाले फर्केर आएका हुनाले, चिन्ता दूर गरी विजयको उत्सवको खुसी मनाउन पाइरहेका छौं । यही परिश्रम र दृढ मित्रताको फलस्वरूपमा नेपाल सरकारलाई सालियाना दशलाखको आमदानी पुऱ्याउना निमित्त चाहिने एकमुष्ट मूल धन ब्रिटिश सरकारबाट हामीलाई आउने भएको बारे यही कार्तिक २६ गते ब्रिटिश मिनिष्टरले दिएको इस्पीच तिमीहरूले सुनी हाल्यौ । मुलुकको औद्योगिक कामहरू बढाउना निमित्त पूँजीको अभाव भैरहका हामीहरूलाई यसबाट बहुतै सहायता हुने भएको र मुलुकको आर्थिक उन्नतिको साथसाथ सरकारको आमदानी पनि धेरै बढाउन सकिने साधन हासिल गरी दिएको छु । यो कम सन्तोषको कुरा होइन । ईश्वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दयाले मेरो सन्तानको कमी छैन । ७१ वर्षको उमेर भैसक्यो तापनि
गर्ने बागडोर मेरो हातमा मजबूतीसाथ रही रहेकै छ । श्रीपशुपति
अनुग्रहले मलाई सबतर्फबाट आनन्द सन्तोषको बाटो खुलेको हुनाले
पनि मलाई मनमा ग्लानि र वैराग्य उठाउनुपर्ने कारण केही छैन । यो
विचार तिमीहरूले गरेकै होलाऊ ।

हुन त मानिसहरूमा संसारतर्फबाट वैराग्य धेरैलाई भएको देखिन्छ
खराब परिस्थिति पर्न आएमा वैराग्य उत्पन्न हुनु स्वाभाविकै कुरो हो ।
मलाई यसबखत हरतरहबाट ऐले भने बमोजिम सबै भरपुर भएकै हुनाले
अवस्थामा त्याग गर्ने इच्छा हुन आयो । यो उत्पन्न भएको कारण मुख्य
हो ।

पहिलो कारण– मेरो उत्तराधिकारी मेरै दाज्यूका छोराहरू र मेरा
हरू पनि प्रायः धेरै अनुभवी र लायक छन् । धेरै दिनदेखि परिश्रमसाथ
काज गर्दै आएका हुनाले कर्तव्यको अनुभव पनि यिनीहरूमा बढ्दै आएको
अनुकूल छन् । सुयोग्य छन् । विशेष गरेर नानी छोरा कम्याण्डर इन-चीफ
शम्शेर जंगको धर्ममा श्रद्धा छ । कालको प्रभावले शिथिल हुँदै आएको
गौरव यिनीले कम हुन दिने छैनन् भन्ने मलाई विश्वास छ । धर्मको
एको सुशासनले नै प्रजाहरूको सुख-शान्तिमा मद्दत गर्ने हुन्छ ।
रामचन्द्रजीमा विशेष भक्ति हुनाले भक्तको हृदयमा आराध्य
पर्न गई यिनीले गरेको राज्यको प्रबन्धमा रामराज्यको केही
यै छ । मातृभूमिको प्रेम पनि बढ्दै जाने छ भन्ने मलाई
ठका उत्तराधिकारी अरूहरू पनि सुयोग्य देखेको हुनाले आफ्नो
ी सुयोग्य पुरुषहरूको शिरमा बिसाई फुर्सत लिने सुअवसर
ए ।

दोस्रो कारण– हो, म ऐलेसम्म सबै तरहबाट समर्थ छु । त
परिवर्तनशील छ । एक टंकारसित कुनै वस्तु पछिसम्म टिकेर रहन
अनित्य छ । राजकाजको काममा सबै सात्विक कर्ममात्र गरेर निर्वाह
राजसत्तामा तामस काम पनि परिआउने हुन्छ । अवस्था अनुसार
पालन गर्नै पर्दछ । जिन्दगीको आखिरीसम्म राजकाजको प्रबन्धमा
परलोकको सामल कति जम्मा गर्न सकिएला र यहाँको समयभन्दा
समय छोटो छैन । जहाँसम्म शरीरमा बल मनमा उत्साह बाँकी रहन
सम्म आत्माको शान्ति मार्ग उज्ज्वल गर्नसके मात्र उद्धार हुनसक्ने
बुढ्याइंले ग्रस्त भएर हलचल गर्न नसक्ने भइसकेपछि के कति साधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ? कमलको पातमा रहेको बूँद झैं जीवन ढलमल छ। "जातस्य हि ध्रुवो मृत्यु" भनी जीवनको पछि पछि मृत्यु दौडिएकै छ । आँखा चिम्लनासाथ सबै धन जन मान शरीरसम्म पनि चटक्क छोडी लबैले जानै पर्दछ। परलोक यात्री भएको जीवात्माको साथमा लाग्ने केवल एउटा धर्म छ भन्दछन्–

"एक एव सुदृद्धर्मो निधने प्यनुयाति यः।
शरीरेण समं नाशं सर्वमन्यत्तु गच्छति ।"

भनी शास्त्रमा पनि लेखेको छ। परिणाममा काम दिने सच्चा मित्र त्यही हो । धर्मको रक्षाले नै आफ्नो रक्षा हुने रहेछ । अहिले म ७१ वर्षको भइसकें। यति समयभित्रमा जो सकेको धर्म कर्म गरिरहेकै छु, तापनि उठाएको राजकार्यमा तत्पर रहीरहनुपर्ने हुनाले आत्मालाई शान्ति-धामको बाटो त्यतिको देखाउन सकेको छैन। त्यसैले अब व्यवहारको प्रपञ्चबाट फुर्सत लिई जति सकिएला आफूलाई परमार्थतर्फ लगाउने उपायमा लाग्ने मौका देखें । यस लोकको स्वार्थ मात्र साधेर मनुष्यचोलाको कर्तव्य पूरा हुन सक्तैन । पारमार्थिक स्वार्थ पनि साध्नै पर्दछ। पुरुषार्थ परमार्थ जसले दुवै साध्न सक्तछ, त्यसैलाई असल पुरुष भन्दछन् । "शैशवे भ्यस्तविद्यानां योगेनान्ते तनुत्यजाम् ।"

भनी अघि अघिका क्षत्रीय राजाहरूले पनि आफ्नो राजकाजको कर्तव्य अघिल्लो उमेरसम्म गरी, ढल्केको उमेरमा आफ्नो भार सुयोग्य उत्तराधिकारीको शिरमा सुम्पी एकान्तवास गरी मुनिवृत्तिमा रहेको इतिहासमा पाइन्छ। पहिलेका पूर्व पुरुष क्षत्रीय राजर्षिहरूको यही आदर्श थियो; यही [illegible] थियो। काल, अवस्था, शक्ति अनुसार पूर्ण रूपमा पालन गर्न नसकिए पा[illegible] जति सकिएला त्यही मार्गको अनुसरण गरी, आफ्नो आत्मालाई परमात[illegible] छायाँमा विश्वास दिनु असल ठहराएँ।

यसैले, यस्ता सुयोग्य उत्तराधिकारी पाएको मौकामा यो राजकार्यको भार बिसाई आत्मविश्राम लिनाले प्रजाको पनि मेरो पनि दोहोरै कल्याण हुने देखी मैले आजसम्म बोकेको अभिभारा नानी कम्याण्डर इन-चीफ पद्म शम्शेर जंगका शिरमा विसाई आफूले फुर्सत लिने इच्छा गरेको हुँ। यो मेरो सत्इच्छामा सबैले अनुमोदन गर्न्याछौ भन्ने मलाई लाग्छ ।

प्यारा नानी छोरा कम्याण्डर इन-चीफ पद्म शम्शेर।

अघिको महासमरमा पल्टन लिई जंग विषयको काम र पछि कम्याण्डर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन-चीफ भै मुलुकसम्बन्धी काम समेत गरी हामीलाई प्रसन्न समेत
हुनाले बीचमा केही खडबड हुन गै हामीले योग्य सुधार गरिदिएको
बमोजिम यो राज्यको अभिभारा यो सुमुहूर्तमा आजदेखि मैले तिम्रा
सुम्पिन आँटें। यो बोझ साधारण होइन। साह्रै नै गरूँगो छ, जसको
पर्दछ बज्र उसैले मात्र अनुभव गर्दो छ। ब्रह्माको जस्तो चारैतिर मुहुडा,
कै हजार आँखा, कार्तवीर्यको झैं सहस्रबाहु भएर समाल्नुपर्दछ। हाम्रा
दीपक श्री ३ महाराज जंगबहादुरबाट बाँधी बक्सेको स्थिति रीति
राजालाई शिरमा प्रजालाई काखमा राखी, धर्मको आडमा यो
व्यवस्था चलाउने शक्ति तिमीलाई आओस् भन्ने मेरो यो हृदयदेखिको
छ।

नानी मोहन,

श्री ३ दाज्यैज्यूका समयमा धेरै वर्ष हजुरीया भई काम गर्यौ।
लाठ भएर जंगी निजामतीतर्फको कामको अनुभवले पनि योग्यता बढाई
छौ। यो भरतजीले झैं तिमीले दाजीको काम राम्ररी चलाउनेछौ भनें
सा छ।

बन्धु बान्धव भारदार,
प्रजा वर्गहरू हो !

आजदेखि नेपाल राज्यको भार नानी छोरा पद्म शम्शेर
शिरमा मैले बिसाउनेछु। अबदेखि उनीको हुकुममा चली, राजभक्ति
भक्ति अटल राखी यो नेपाल हिन्दू राज्यको स्वतन्त्र झण्डालाई धर्मको
चिरकालसम्म अटल गराई राखने काममा मद्दत गर्न्यैंछौ भन्ने मैले दृढ
गरेको छु।

हुनत म सबैदेखि टाढा हुन गए पनि धेरै दिनदेखिको माया मोह
स्नेहले रंगिरहेको व्यावहारिक वासना एकदम चटक्क छोड्न सक्ने
क्रमशः केही दिनको अभ्यासले श्रद्धाले, विश्वासले आत्मानन्दको
सानोतिनो सेवक बन्न सकूँ भन्ने अभिलाषाले पुण्याश्रमतिर जाने
गरेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुण्याश्रमतिर जाँदा शास्त्रमा "सुत विन्यस्त पत्नीकस्तया वाऽनुगतो गमन्" भनी पत्नीलाई छोराको जिम्मामा छोड्ने अथवा साथैमा लैजाने दुवै पक्ष हुनाले मेरो बालककालदेखिकी सहधर्मिणी पत्नी श्री ३ बडा महारानीलाई पनि सँगै लिएर जाने विचार गरेको थिएँ। परन्तु उनको शरीर रोगले सारै दुर्वल अशक्त हुनाले ऐले यहीं छोराहरूका जिम्माम़ा छोडी जानुपन्यो। माहिला महारानीलाई पनि मुटुको बेमारी भएकोले यहीं छोडी जानुपन्यो। निज दुवैले मेरो सेवा गर्न नसक्ने, उल्टा मैले हेरविचार गर्नुपरी निजहरूको शारीरिक कष्टमा मलाई पनि कष्ट हुन जाने भई एकान्तवास गर्ने मेरो उद्देश्यमा बाधा पर्न जाने हुनाले तिनी दुवैलाई लैजाने विचार नगरेको हुँ। छोडेर जाने बित्तिकै ज्ञानको पूरा उदय नहुने विषयमा रंगी रहेको मन क्रमैसँग उसतर्फ लगाउनुपर्ने, त्यसका निमित्त शरीरको संरक्षण पनि गर्नपर्ने हुनाले अघिदेखि मेरो खाने पिउने कुरामा समेत दृष्टि पुऱ्याई सुविस्ता दिई आएको हुनाले ऐले कान्छा महारानी मेरो साथमा जाने भएकी छन्। पछिलाई मेरो शरीर र परिस्थितिको विचार गरी जसो गर्नुपर्ला गर्नेछु।

नानी बहादुर !

जागीर समेत छोडी पाऊँ रखवारीमा आउन पाऊँ भनी तिमीले ज[illegible] गर्नु सत्पुत्रको कर्तव्य हो। तर कम्याण्डिङ जनरलको हैसियतमा पुगेका र [illegible] माथि मेरो जेठा छोरा हुँदा घरको जेठो बाठो भई मुमा र भा[illegible] हेरचाह गर्नुपर्ने हुनाले मैले यहाँबाट छुटाई लैजानु उचित दे[illegible] तिम्रो त देशसेवा, राजसेवा गर्ने बखत छ। उमेद गर्ने उमेर पनि छ। [illegible] राखी मुलुकको सेवाद्वारा सुयश पाउन सक्यौ भने यसलाई मुख्य पितृ[illegible] संझनेछु।

छोरा ले. ज. नारायण शम्शेर, क. सुरेन्द्र शम्शेर र क. शान्त शम्शेरहरूले पनि साथमा आउन पाऊँ भनी विन्ति गरेका हुन्। कान्छा छोरा ले. ज. नारायण शम्शेर बडामहारानीसँग रहने हुनाले निजको टहलका निमित्त दौडन पन्यो। छोरा क. सुरेन्द्र शम्शेर र क. शान्त शम्शेरहरूका हकमा जवान उमेर भएका निजहरूले आफ्नू सरकार र मातृभूमिको सेवामा रहनु श्रेय हो।

आत्माको सुधारको खातिर यत्रो ओहदा त्याग गरी शान्ति मार्गतिर हिंड्न लागेको मलाई चिठ्ठी पत्रको व्यवहार चलाई रहेमा फेरि माया मोह राग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वेषको वासना हुनजाने हुनाले अबदेखि चिठ्ठी पत्रको व्यवहार मलाई पनि नगर्नू नगरेकैमा म सन्तुष्ट रहने छु। कदाचित पत्र आएमा पनि मिल्ने छैन। यसमा कसैले पनि दुःख नमान्नू। यसबारेमा पछि हुने प्रा ष्टरसँग पनि कुरा मिलाएको छु।

धेरै कालदेखि दृढ भएर रही रहेको प्रवृति मार्गको बा घटाउँदै निवृत्ति मार्गको बाटो खुलाउँदै लैजाने साधना गर्नुपर्ने हु साधनाको खातिर काली गण्डकीमा वा अन्यत्र जहाँ होस् पुण्यतीर्थ पुण्याश्रमको आश्रय भ्रमण गरी काल बिताई जत्ति सकिएला ज तिर दिल झुकाउने प्रयत्न गर्नेछु। यही मुलुकमा म जन्में, यही बढें यही मुलुकमा यति ठूलो पदवीमा पुगें। यहाँको बस्तु यहीं हिंडें। आखिरमा यही मुलुकमा विशेष गरेर काली गण्डकीको तिर बिताई अन्त्य समयमा यही देशको मट्टिमा मट्टि मिलोस्, यही पञ्चतत्त्वमा आफ्नो पञ्चतत्त्व लीन होऊन् भन्ने मेरो अन्तिम छ।

कम्याण्डर इन-चीफ प्रभृति छोरा,
नाति भाइ भारदार सज्जनहरू हो !

तिमीहरूको धेरै समय मैले लिएँ। तिमीहरूलाई भन्ने सबै भनिसकें। अब मलाई सबै जनाले ईश्वरको भजन ह रू सबैलाई असल होओस् भन्ने मेरो शुभेच्छा छ। मेरो नको समयमा मद्दत गर्ने तिमी सबै सज्जनहरूलाई मेरो यथायोग्य आशिर्वाद छ। अब मैले आफ्नो सबै कर्तव्य पूरा गरें। काम क केही तलमाथि पर्न गएको भए सबै जनाबाट क्षमाको भिक्षा मा साथ सबसँग बिदाबादी हुन्छु। आज यहाँबाट प्रस्थान गर्नेछु। नमस्ते

गुरुज्यूहरू हो।

शिष्यको परलोक सुध्रोस् ईश्वरमा भक्ति लागोस् भन्ने यही ह आशिर्वाद चाहन्छु। दण्डवत् छ।

हे परमेश्वर। म अब सबैसँग विदाबादी भएँ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजुरको पाउको आधारमा छु । यो अबोधलाई बाटो देखाई चरणमा शरण लिइबक्सियोस् ।

असतो मा सद्गमय ।
तमसो मा ज्योतिर्गमय ।
मृत्योर्मा समृतं पाहि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१
जनमत रोकेर रोकिन्न

(१)

२००३ साल जेष्ठ (सन् १९४६, जुन ६ तारीख)को भिकट्री मार्चमा सरिक हुन लण्डन गएको नेपाली सैनिक टोली, त्यतिन्जेल समुद्रपार जाने नेपाली प्रतिनिधि-मण्डलमध्ये पाँचौं र निकै ठूलो थियो (१९०७ सालमा श्री ३ जंग-बहादुर, १९६५ सालमा श्री ३ चन्द्र शम्शेर, १९९१ सालमा उ. क. ज. बहादुर शम्शेर र १९९३ सालमा द. क. ज. केशर शम्शेरको नेतृत्वमा बृटेन र फ्रान्सका औपचारिक भ्रमण भएथे)। यसका दलमुखी थिए जंगीलाठ बबर शम्शेर जंगबहादुर राणा र अरू सदस्यहरू ज. एकराज, मे. ज. किरण शम्शेर, ले. क. प्रकाशजंग थापा, मे. क. सुरेन्द्रबहादुर शाह, ले. क. हरिवीर खत्री, २७ जना जवानहरू, जंगी लाठका निजि सचिव सु. हरिहर लामिछ. र नोकरानहरू। प्रतिनिधि-मण्डलमा काठमाडौंस्थित बृटिश राजदूत मि. फ्रे नर पनि सम्मिलित थिए।

वास्तवमा त्यस भिकट्री मार्चमा नेपाली कप्टेनजेण्टको नेतृत्व गर्ने पालो थियो– दोस्रो महायुद्धमा नेपाली फौजको पालैसँग सुप्रिम कमाण्डर भएर भारत जाने दक्षिणतर्फका कमाण्डिङ जर्नेल बहादुर शम्शेर र ज. कृष्णन शम्शेरले। उल्टो पहिलो महायुद्धमा नेपाली फौजको सुप्रिम कमाण्डर हुने जंगीलाठ बबर शम्शेरले पो त्यो मौका छोपेकोले, दोस्रो महायुद्धमा दलमुख भएर जाने जर्नेलहरू ठुस्सिए– उनीहरूको पालो बबर शम्शेरले मिचिदिएको हुँदा।

दोस्रो महायुद्ध जिते पनि त्यसपछिका अन्तरराष्ट्रिय दाउपेचमा पगपगमा हार खान परेको र खल्ती रित्तिएकोले २००२ सालतिर ग्रेट बृटेनको बेहाल थियो। त्यतिन्जेल उपनिवेशवादीको मार खाँदाखाँदा आकुल-व्याकुल परेका पराधीन राष्ट्रहरूले आफ्नो मुक्तिको लागि सोभियत रूसको मुख ताक्न थालेको बेलामा बृटेनले आफ्नो पुरानो शान र रौस थाम्न र देखाउन, एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाख चउन्न हजार पाँच सय पाउण्ड स्टर्लिंग खर्च गरी सन् १९
जुनमा बेलायतमा भिकट्री मार्च गर्ने गराउने निधो गऱ्यो । त्य
१५४५०० पाउण्ड बृटेनमा पनि निकै ठूलो रकम गनिन्थ्यो । त्यस
रूस र उसका गुटका कुनै राष्ट्रले पनि भाग लिएनन् । अमेरिका र
सरकारले सानो सैनिक टोलीसम्म पठायो, राष्ट्रवादी चीन पनि
भएन । कारण दोस्रो महायुद्धपछि बृटेनको शान धेरै घटेको मात्र
शिखर शक्ति अमेरिका, रूस र बृटेनमा उ तेस्रो सम्झिइन्थ्यो ।

नेपाली कण्टेनजेण्ट २००३ साल जेष्ठ (सन् १९४६ मे २३ ता
भिक्ट्री मार्चमा भाग लिन लण्डन उत्र्यो । बेलायतका बादशाह
अरू उपनिवेशी राष्ट्रका फौजको सँगसँगै जस्तो तर छुट्टै नेपाली
पनि हाईड पार्कमा निरीक्षण गरे । सो समारोहमा राजालाई सम्बो
जंगीलाठ बबर शम्शेरले, "मेरो टोली हजूरलाई सलाम गर्न ६,००
परबाट आएको छ" भने । २००३ साल जेठ(सन् १९४६ जून ८ ता
बेलायतको बंकिंगघाम प्यालेसअगाडि टुंगिने गरी, हाईड पार्कबाट शु
त्यो मार्च पचास लाख दर्शकले हेरे भन्ने अन्दाज थियो । एकै भिक्ट्री मार्च
फौजमा भर्ति भएका गोरखाली र राष्ट्र सेनाका नेपाली फौज सरीक
हेरै लण्डननिवासीहरू अलि अलमलिए– उस्तै पोशाक
हार भएका मानिसलाई घरी नेपाली र घरी गोरखाली भ
परबाट परिचित गराइएको हुँदा ।

बृटिश सरकारले प. क. ज. बबरलाई राजा जर्ज छैटौं र प्र
टलीसँग दर्शन भेट गराएपछि बृटेनका परराष्ट्र मन्त्री मि.
उनको बदला, सेक्रेटरी अफ स्टेट फर इण्डिया, मि. पेथिक
टायो । जंगीलाठ बबर शम्शेरले पनि सो भेटवार्तामा राजदूतको
वासका प्रथम सचिव (सु. भीमबहादुर)लाई साथ लिएर
परराष्ट्र मन्त्रीको बदला आफूलाई सेक्रेटरी अफ स्टेटसँग भेटाए भनी
नेपालका जंगीलाठ र बृटिश सरकारको बीच खास राजनीतिक
मामलासम्बन्धमा वार्तालाप यही भेटघाटमा गर्ने गराउने प्रबन्ध
सरकारले मिलाएको कुरा पछि मात्र थाह भयो ।

जंगीलाठले अरू नेताहरूसँगको कुराकानीमा जस्तै, सो भेट
नेपाल-बृटेनको लामो मैत्रीपूर्ण सम्बन्ध र दुवै विश्वयुद्धमा नेपालले
सक्तो सैनिक सहायता गरेको कुरा सुनाउँदै आफुले भन्न पर्ने
ढंगले छिटो टुंग्याए । तर त्यस भेटमा बूढा, खलि खाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मि. प्याथिक लरेन्सले, राजनीतिसम्बन्धी कुरा उठाउलान् भन्ने त बबर शम्शेरले अन्दाजै गरेका थिएनन्– सेक्रेटरी अफ स्टेट फर इण्डिया त खालि भारतको मात्र मामला हेर्ने व्यक्ति हुन् भन्ने अन्दाजलेगर्दा । त्यस बेलासम्म बृटेनले नेपाललाई भारतबाट उतिपर सम्झेको थिएन ।

मि. प्याथिक लरेन्सले जंगीलाठ बृटेनमा आएको र भिक्ट्री मार्चमा भाग लिएको कुरामा धन्यवादसम्म व्यक्त गरी, अनि धन्नै चालीस मिनेट-जति अति मार्मिक ढंगले राजनीतिक कुरा गरे– खास गरेर नेपालले आर्थिक विकास र जनमतको कदर गर्न पर्दछ, समयअनुरूप चल्न पर्दछ भन्दै र देशको जनमतलाई नदीको बग्दो पानीसँग दाँज्दै ।

"तपाईंलाई थाह नै छ बगेको खोलाको पानीमा बाँध बाँधेर बिजुली पैदा, जमीनको सिंचाई र अनेक जनकल्याणकारी काम हुन सक्तछन् । तर त्यो स्वभावतः बगिरहने खोलाको पानीलाई एक थोपा पनि छिर्न नदिने गरी बाँध बाँधी रोक्यो भने, आखिर पानी ताल परी, त्यसैले बाँध फोडी वरिपरि लथालिंग भताभूङ्ग पारेर बग्दछ– सदा बगिरहने त खोलाको धर्म नै हुँदा । एक देशको जनमत पनि कलकल बग्ने निर्मल खोलाको पानीजस्तै हो । त्यसको सरकारले कदर गरी राम्रो उपयोगमा लगायो भने त्यसबाट राष्ट्रलाई हुने फाइदाको सीमा हुन्न ।"

"ताल परेको पानी फुटी सब ध्वस्त पारेझैं, जबरजस्ती रोकिएको अ[illegible] सुमार्गतिर नलगाइएको जनमतले राष्ट्रलाई ठूलो क्षति पुऱ्याउँदछ । त्य[illegible] खोलाको पानीजस्तै राष्ट्रको जनमतलाई पनि रोक्न हुन्न र रोके[illegible] त्यो रोकिन्न । सरकारले बराबर सही र निस्पक्ष जनमत लिन पर्द[illegible] त्यो जता ढल्कन्छ उतैपट्टि लागी त्यसको सदासर्वदा सदुपयोग गर्न पर्द[illegible] यस कुराको नेपालले जरूर ख्याल गरेको होला, जनमतको कदर नगर्न र त्यससँग खेलबाड गर्ने राष्ट्रमा क्रान्ति, रक्तपात भएका अनेक दृष्टान्त पाइन्छन् । हामी नेपालको भलो चाहन्छौं . ... ।" भन्ने कुरा मि. प्याथिक लरेन्सले गरे ।

मि. प्याथिक लरेन्सको त्यो अति गहकिलो र घतिलो अति जंगीलाठ बबर शम्शेरको कानमा कतिसम्म पस्यो, त्यो त यसै भन्न सकिन्न । नेपालमा त्यसबेलासम्म जनमत भनेको कुन चिडियाको नाउँ हो त्यो थोरैलाई मात्र थाह थियो । भिक्ट्री मार्चपछि धन्नै छ महीनासम्म बृटेन, फ्रान्स, अमेरिकामा घुमी यूरोपको परिस्थिति हेरेका र अनेक अति उपदेश विभिन्न मित्रराष्ट्रबाट सुनेका जंगीलाठले नेपाल फर्केपछि उस्तै देखिए, जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो समारोहमा जानुभन्दा अघि उनी थिए– कुकुरको पुच्छर बाह्र वर्ष ढुंग्रामा हाले पनि बाङ्गाको बाङ्गै भए झैं । मी. पेथिक लरेन्सको त्यो जनमतको कदर गर्ने अति पनि कुकुरकै पुच्छरमा गएको तथ्य त्यसपछिका नेपालमा घटेका घटनाले साबित गर्दछन् ।

बेलायतका राजा र महारानीहरूलाई ओजस्वी राजन्यको तक्मा प्रदान गर्दा त जंगीलाठ बबरको अतिरिक्त त्यस समारोहमा सरीक हुन डिल्लीबाट उडेर आएका ज. शंकर, दूतावासका प्रथम सचिव मि. सु. भीमबहादुर र ले. कर्णेल प्रकाशजंग थापा सरीक भएका थिए। बकिंगधाम प्यालेसमा तक्मा समारोह सकिएपछि, अति राम्रो ओजस्वी राजन्यको तक्मा र तरवारको राजारानी दुवैबाट निकै प्रशंसा भयो– शायद ती दुवै नेपालमै तयार भएका चिज होलान् भन्ने भ्रममा परेर होला। वास्तवमा ती दुवै बेलायतमै तयार भएका थिए। षष्ठौं जर्ज र बबर शम्शेर दुवै भकभके हुँदा बातचित धेरै बेर भएन।

बेलायतको त्यो भिक्ट्री मार्च सकिएपछि जंगीलाठ बबर, ज. एक. राज, मे. ज. किरण, क. प्रकाशजंग थापा र मेजर सुरेन्द्रबहादुर शाह, नेपाली तक्मा प्रदान गर्न, विदेशी तक्मा लगाउन र राष्ट्रपति ट्रुमेनलाई भेट्न वाशिंगटन गए। त्यसअघि अनौपचारिक किसिमबाट नेपाली राजदूत [illegible]सहले राष्ट्रपति ट्रुमेनलाई २००२ सालमा भेटी गैंडाको खाग उपहार [illegible] प्रदान गरेका भए तापनि, नेपालबाट औपचारिक ढंगबाट अमेरिकामा [illegible]थम नेपाली प्रतिनिधिमण्डल त्यही थियो । त्यसताका अमेरिकाको [illegible]पी सम्बन्ध यथाशक्य चाँडो जोड्ने क्रमअनुरूप, नेपाली प्रतिनिधि [illegible]लाई अमेरिकन सरकारले निकै खायस र खातिर गऱ्यो; प्रतिनिधि [illegible]ण्डलका सबै सदस्यहरूलाई दर्जाअनुसारको तक्मा लगाई दियो र त्यसपछि [illegible]लगत्तै अमेरिकाले नेपालसँग दौत्य सम्बन्ध जोड्नलाई मि. सथरवेटको नेतृत्वमा एक प्रतिनिधि मण्डल पठाइयो। अमेरिकामा तक्मा आदान-प्रदान गरी फर्केको त्यो नेपाली प्रतिनिधि मण्डल फ्रान्सका राष्ट्रपतिलाई तक्मा प्रदान गर्न र फ्रेन्च तक्मा लगाउन अनि हानिएर पेरिस पुग्यो– बिजुलीको वाहन झैं।

सन् १९४६ मे २२ तारीखमा बृटेनमा पानीजहाजबाट उत्रेको त्यो प्रतिनिधि मण्डलले ऐजन अक्टोबर ५ तारीखमा पानीजहाजबाट नेपालको लागि बृटेन छाड्यो। त्यो छ महीनातक त्यस्तो प्रतिनिधि मण्डलको कुटनैतिक भ्रमणको राम्रो लेखाजोखा गर्ने हो भने ठोस उपलब्धि दुई क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको प्रष्ट देखिन्छ। एक हो, अमेरिकासँग उच्च स्तरमा सम्पर्क स्थापना र दोस्रो हो, तक्माको आदान-प्रदान र संकलन। जहाँजहाँ नेपाली प्रतिनिधिहरू गए त्यहाँका राष्ट्राध्यक्षहरूलाई अथवा उच्च सैनिक अधिकारीलाई तक्मा प्रदान र उनीहरूबाट तक्मा ग्रहण गरे। त्यसबेलाको कूटनैतिक सफलताको मापदण्ड नै सकभर धेरै तक्माको संकलन भएकोले, प्रतिनिधि मण्डलको त्यो यात्रा सफल भयो भन्न पर्दछ, यदि त्यस दृष्टिले विचार गर्ने हो भने।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

भिक्ट्री मार्चमा जानुभन्दा अघि पनि छातिभरी तक्मा भएका पू. क. ज. (पश्चिमतर्फका कमाण्डिङ जर्नेल) बबर शम्शेरले बृटेन, फ्रान्स र अमेरिकाका अरू तीन उच्च स्तरका तक्मा थपेकोमा नेपालमा एक थरी रोलवाला राणाजीको निकै पेट पोल्यो। तक्मा जम्मा गर्न त्यसबेला रोलमा माथि पुगेका राणाजीहरूमा निकै हानथाप पर्दथ्यो। अरू उच्च वर्गका मानिस पनि तक्माका लोभी नभएका त हैनन्, तर उनीहरू कसैले पनि तेस्रो दर्जाभन्दा माथिको स्वदेशी-विदेशी तक्मा लगाउने मौका पाएनन्। खाली बडाकाजी रत्नमानले दोस्रो दर्जाको गो. द. बा. तक्मा र बडाकाजी मरिचमानले राणाकालमा पाँच तोपको सलामी पाएथे।

त्यस्तो महँगो तक्मा कताकति पाइहाले पनि राणाजीका नातागोता र नयाँ भारदारमा मात्र त्यसको वितरण सीमित हुन्थ्यो। तक्मा पाउनेहरूले पैंठारी भन्सार महसुल सुविधा धेर-थोर पाउँदथे– तक्माको स्तर हेरी। त्यसबखत नेपालमा तक्मा प्रदानमा भारी मितव्ययिता हुँदा त्यो सुविधाको भोग सीमित मानिसले गर्न पाउँदथे (नेपालको पहिलो तक्मा "गो. द. बा." श्री ३ वीर शम्शेरले, दोस्रो "नेपाल तारा" श्री ३ चन्द्र शम्शेरले, ते[illegible] "त्रि-शक्ति पट्ट" र "ओजस्वी राजन्य" श्री ३ जुद्ध शम्शेरले र चौथौं "[illegible] रामपट्ट" श्री ३ पद्मले रचेका हुन्)। सालमा एकाध भारदारलाई [illegible] गरिने ती तक्मा कसलाई कुन दर्जाको दिने हो भन्ने कुरा तक्मा लगाउन[illegible]हरू मध्येबाट गोप्य बालीग मतदान गराई जसले धेरै भोट पाउँदछ त्यसैलाई तक्मा दिने पनि चलन थियो)। गोप्य मतदानको महत्त्व त्यसबेला पनि केही उपल्लो खालका नेपालीलाई अवगत भएको तथ्य त्यो तक्मा वितरणले साबित गर्दछ। तर रोलवाला राणाजीहरूले भने दर्जाअनुसारको तक्मा उमेर पुगेपछि स्वतहः पाउँदथे– जर्नेली, कर्णेली मान पाए झैं। प्रधानमन्त्रीलाई मन परेका व्यक्तिले साना-ठूला समारोहमा जहिले पनि तक्मा पाउन सक्तथे। तक्मा पाउनलाई लडाई पर्खन पर्दैनथ्यो। त्यसबखत तक्मा पाउने अधिकृतहरूले आजकलजस्तो नम्बर पाउने चलन नभए तापनि, अति थोरै कर्मचारीको छातीमा तक्मा पर्ने हुँदा, सानै तक्मा पाउनेहरू पनि आफूलाई ठूलै ठान्दथे– "एरण्डोपि द्रुमायते" (रूख नभएको ठाउँमा अँडिर पनि रूख गनिन्छ) भने झैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF .

२
गुट फुट्यो

२००२ साल मार्ग १४ गते मुख्तियार पद्म शम्शेर कसरी नेपालका प्रधानमन्त्री भए भन्ने वृतान्त अघिका लेखमा परिसकेको छ । इरानका अति राष्ट्रवादी नेता डा. मेसादिकजस्तै श्री ३ पद्म पनि "राजर्षी महाराज"को रिडी प्रस्थानको वाद रून थालेका पछिसम्म पनि बराबर रोहिरहन्थे– वेला न कुवेला । कहिले काहीं त आँशु पनि बलियो हतियार बन्न शक्तछ तर श्री ३ पद्मले त्यसबाट विशेष फाइदा उठाएनन् । कारण, उनको वेला न कुबेलाको रोदनले अरूलाई खास असर पर्दैनथ्यो ।

सानै उमेरदेखि आफ्ना बाबु मुख्तियार भीम शम्शेरबाट अलग बसेका र बाबु प्रधानमन्त्री हुँदा हजूरिया जर्नेल भई ढलिमलि गर्न र स्वाद फेर्न नपाएकाले श्री ३ पद्म, अरू रोलवाला वरिष्ठ राणाजीहरू भन्दा धनमा निकै कमी थिए त्यसैले, उनी मुख्तियार छँदासम्म पनि हात फुकाएर खर्च गर्न सक्तै हुन त, उनलाई मन नपराउने मानिसले कन्जूस भनी उनको कुरा काट्दै मुठी फुकाएर खर्च गर्न उनको सावगाँस र मन दुवै थिएनन् । त्यसैले धन मानको निमित्त चाकडी गर्नेहरू उनको उस्तो चाकडी गर्दैनथे– उनले बकस पनि दिन नसक्ने र मानिसलाई सितिमिति जागीर पनि बनाउन नसक्ने हुँदा ।

फेरि त्यसबेला बाबुको मन नपरेका राणाजीका छोराको जो पायो त्यसले चाकडी गर्न जानु पनि खतर्नाक थियो । त्यसैले श्री ३ भीम शम्शेर नमरुञ्जेल बहुतै थोरै मानिस पद्म शम्शेरकहाँ चाकडीलाई जान्थे । बाबु भीम शम्शेरसँग जस्तै छोरा बसन्त शम्शेरसँग पनि पद्म शम्शेरको पछिसम्म ठ्यांक थिएन र मठ्याहपट्टिका छोरा पुण्टेलाई (क. नरेन्द्र शम्शेर) थोरैले चिन्दथे । त्यसैले पद्म शम्शेर मुख्तियार नहुँदासम्म उनको विशालनगरको दरबार धेरैले देखेका पनि थिएनन् त्यहाँ चाकडीलाई जानको को त कुरै पर जावस् खाली मुख्तियार भएपछि उनीकहाँ मानिसहरू एक दुई गरेर जान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाले– पैसालाई भन्दा पनि पछिको बाटो हेरेर । खास गरेर नयाँ विचार भएका नवयुवकहरूसँग मुख्तियार पद्म शम्शेरको बढी कुरा मिल्ने हुँदा, त्यस्ता खालका मानिस उनीकहाँ विस्तारै जान थाले (श्री ३ चन्द्र र श्री ३ जुद्धका रोलवाला छोराहरूकहाँ चाकडीदारहरू झुत्ति खेल्ने त्यो बेला हुँदा, उनीकहाँ जाने मुठीभर चाकडीदारलाई मुख्तियार पद्म शम्शेरले खायसै गर्दथे ।

पद्म शम्शेरको व्यक्तित्व र मिज्यास पनि अलि अनौठा खालको थियो। अगला, भकभके र वथ्याहा पद्म शम्शेर अति साधारण किसिमको लुगा लगाउँदथे । सिलेक सन्को टोपीमा ठूलाठूला हिरा जडेका ब्याज र चेप्टर फिल्ड कोट वरिष्ट सत्रभाइ रोलवालाहरूले लगाउने र बडेबडे मोटरकार चढ्ने त्यो जमानामा, पद्म शम्शेर ढाकाको टोपी, मामुली कोट र खदरको लामो कोट लगाउँदथे र प्रधानमन्त्री नहुँदासम्म टी मोडेलको फोर्डकार चढ्दथे। उनी अकसर गरेर आग्राका कुरा गर्दागर्दै गाग्रामा पुग्दथे। त्यसैले बहुतै धोरे मानिसले उनको चित्त बुझ्ने किसिमले कुरा गर्न सक्तथे । छिनमा अष्ट्रेलियाको म्यारिनो भेंडा, जापानका रंगीन माछा, स्कटलैण्डको व्हिस्की, अमेरिकाको फोर्ड कम्पनीको बारेमा उनले चर्चा गर्दथे । उनका कुनै कुरामा सन्तोषजनक जवाफ तुरुन्त दिन नसक्ने मानिस, जत्तिसुकै विद्वान् किन नहोस उनको नजरबाट गिर्दथ्यो र दुई-चार वटा हाजिरजवाफ ठिकसँग दिन सक्यो भने, पुंगमांग टपर टुईया पनि जान्ने ठहरिन्थ्यो– मानिसको पारख गर्ने उनको आफ्नै किसिको रंगढंग हुँदा । सँधै गजक्क पर्ने रोलवाला वरिष्ठ राणाजीलाई कताकति पाउने मानिसहरूले त फरासिला पद्मलाई मन पराउँदथे। वास्तवमा लाई पद्म शम्शेरले सहायता गर्न खोज्दथे पनि ।

पद्म शम्शेर २००२ साल मार्ग १४ गते प्रधानमन्त्री हुँदा, उनका पुराना मित्रिया खालि ४ जना थिए– माष्टर कमलाप्रसाद कायस्त, लष्टन गोवरधन-लाल मास्के, चिनीया खरदार र कप्तान कृष्णबहादुर पाँडे । सत्रभाइ रोलवाला राणाजीमा ज. शंकर शम्शेरले मुख्तियार पद्म शम्शेरको भित्रिसञ्चो चाकडी गर्दथे– उनलाई श्री ३ जुद्धले पछिपछि अलि पेलेकाले । जपपाठ, जोगी, जोतिषीमा निकै विश्वास भएका ज. शंकरले पद्म शम्शेर चाँडो प्रधानमन्त्री हवन भनी जप, पूजापाठ गराउनतर्फ निकै पैसा खर्च गरेका थिए । श्री ३ चन्द्र र श्री ३ जुद्धका परिवारबाट एक प्रकारले अलगै बसेका श्री ३ वीर शम्शेरका नाति एकराज र मे ज. सुरले पनि अरूको भन्दा मुख्तियार पद्म शम्शेरको बढी आशा राखेका थिए। १९९० सालमा श्री ३ भीमका अरू रोलवाला छोराहरू निस्कासित भएपछि, श्री ३ भीमका केही पुराना चाकडीदारहरू मुख्तियार पद्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शम्शेरकहाँ धाउन थालेका थिए– राणाजीका बाबुबाजेका चाकडीदारले छोरा नातिसम्मको मुख ताक्ने नेपालमा त्यसबखत परम्परा हुँदा।

तर पद्म शम्शेर प्रधानमन्त्री भएपछि, द. क. ज. बहादुर शम्शेर हजुरिया जर्नेल, मे. ज. नर शम्शेर पुलिसका तालुकवाला, मे. ज. शान्त शम्शेर चिट्ठी निकसारीका तालुकवाला, ले. क. वेदबहादुर के. सी. हजूरिया कर्णेल, बडाकाजी रत्नमान, सरदार गुन्जमान, सरदार पशुपतिभक्त, च्याण्टा गुरुज्यू, खगेन्द्रराज, सरदार सोमप्रसाद, मि. सु. नारायणभक्त, मे. ज. सुवर्ण शम्शेर, मे. ज. महावीर शम्शेरहरू श्री ३ पद्मका भित्रिया भए। श्री सूर्य प्रसाद उपाध्याय, ऋषिकेश शाह, डा. महेन्द्रप्रसाद श्रीवास्तवहरू पनि श्री ३ पद्मकहाँ घुसेका थिए। श्री ३ चन्द्रका परिवारमा ज. कृष्ण मुन्सीखानाका डाइरेक्टर जनरल, ज. शंकर पहाड मधेश रिपोर्ट निकसारीका र मे. ज. विजय उद्योग परिषद्का तालुकवाला बनाइए। प्रधानमन्त्री भएपछि पनि उनी सिंहदरबारमा सरेनन्; खालि राजकाज चलाउन दिन्हौजस्तो सिंहदरबार आउँदथे। श्री ३ पद्मको साह्रै सानो परिवार भएको कारणल त्यो चार चोके, भव्य सिंहदरबारमा नबसेको हुन सक्तछ।

श्री ३ पद्म प्रधानमन्त्री भएको केही महीनातक "राजर्षि महाराज"ले दिएको त्यो चौध सुत्रै अर्तिअनुरूप नेपालको राजकाज चल्यो। श्री ३ जुद्ध, श्री ३ भीम र श्री ३ वीर शम्शेरका सन्तानहरू एक गुट भई, चन्द्र शम्शेरका रोलवाला छोराहरूबाट श्री ३ पद्म शम्शेरलाई हिकीन दिएनन् (त्यसो त श्री पद्मले चन्द्र शम्शेरका छोरा र नातिलाई बहिष्कार गरेका थिएनन्। प ज. बबरलाई बृटेनका राजा, फ्रान्स र अमेरिकाका राष्ट्रपति, ज. लाई चीनका राष्ट्रपति भेट्न, पू. क. ज. केशर शम्शेरलाई अमेरिका र बृटेनको राजदूत, ज. सिंह शम्शेरलाई भारतको राजदूत, बनाए। ज. शंकरलाई तक्मा लगाउन बेलायत र मे. ज. विजयलाई एशियन रिलेशन कन्फरेन्समा नेपाली प्रतिनिधि मण्डलको नेता बनाई दिल्ली पठाए। गर्दागर्दा ज. कृष्ण शम्शेर पछि गएर उनको हजुरिया जर्नेल नै भए)। तैपनि शुरूमा श्री ३ पद्म शम्शेरको गुटभित्र चन्द्र परिवार घुस्न पाएका थिएनन्। घुसाउने विचार पनि थिएन। त्यो परिवार धनी र बलवान् मात्र थिएन, उसले अरू राणा अराणा कसैलाई पनि उस्तो गन्दैनथ्यो।

श्री ३ जुद्धको तेह्र वर्षसम्म हजुरिया जर्नेल भई काम गरेका बहादुर शम्शेरलाई श्री ३ पद्मको पनि हजूरिया जर्नेल बनाएर राख्नाको खास कारण पनि श्री ३ भीम, जुद्ध र वीरका सन्तान मिली श्री ३ पद्मलाई बलियो टेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिई, थाम्ने थियो। श्री ३ चन्द्रको परिवारबाट बचाउने र वास्तवमा पुर्ने योजनाअनुरूप ती तीन राणा परिवारहरू पछिसम्म पनि एक ढिक्का भई दिएका भए र श्री ३ पद्म र द. क. ज. बहादुरको हित्तचित्त पछिसम्म मिलिदिएको भए, पद्म शम्शेरको राजकाज निकै दरो, दिगो हुन्थ्यो र चन्द्र परिवारले उनलाई हेप्न सक्तैनथ्यो। त्यस्तै होस् भनी त्यो गुटबन्दी रचिएको हो।

तर जस्तोसुकै सु अथवा कुविचारले प्रेरित भएर गठन भएको सानो-ठूलो कुनै स्वार्थपूर्ण गुटबन्दी दिगो नभएझैं त्यो पनि भएन। उल्टो हजूरिया जर्नेल बहादुर शम्शेर र श्री ३ पद्मको बीच पो समयान्तरमा मन फाटी, त्यो नयाँ गुट चाडै नै फुट्यो। श्री ३ पद्मको अठाईस महीनाको राजकाजमा तीन जना (सर्वश्री बहादुर शम्शेर, कृष्ण शम्शेर र एकराज शम्शेरहरू) हजुरिया जर्नेल भए। विस्तारै श्री ३ चन्द्रका छोराहरूको श्री ३ पद्ममाथि प्रभुत्व जम्न थाल्यो– उ. क. ज. बहादुर श्री ३ पद्मसँग झन्झन् निमोठिन थाली फाटो बढेकाले। उल्टो श्री ३ पद्मको सेखी झार्न र मेखमार्न द. क. ज. बहादुर शम्शेर पो मुख्तियार मोहन शम्शेरतिर लहसिन थाले गर्दागर्दा।

श्री ३ पद्म र द. क. ज. बहादुर बीचको मनमालिन्यको मूल कारण थियो, श्री ३ पद्मको वास्तविक अथवा देखावटी जेसुकै होस्, उदारवादी विचार र द. क. ज. बहादुरको कट्टर दक्षिणपन्थी नीति। बहादुर शम्शेरको झडंगिया जास, नयाँ थिएन, न त नयाँ थियो। श्री ३ पद्म शम्शेरको मनमा लागेको र रोक्न नसक्ने पुरानो बानी। नेपालमा राजनीतिक सुधार तुरुन्तातुरुन्त कुरा त २००२।३ सालतिर श्री ३ पद्मको, एक किसिमले मुखबन्द झुण्डिएको थियो। राणाशासनमा उच्च अहोदामा पुगेका रोलवाला राणाजीहरू अलि गम्भीर देखिन पर्दथ्यो; जो पायो त्योसँग सस्तो भएर बोल्न हुँदैनथ्यो र विश्वास थोरैको गर्न पर्दथ्यो; "कुरा सबैको सुन विश्वास कसैको नगर" भने त श्री ३ चन्द्रको धारणा नै थियो।

तर प्रधानमन्त्री भएपछि पनि भित्र-बाहिर, साना-ठूला, जहाँ र जो सुकैसँग पनि श्री ३ पद्मले नेपालमा वैधानिक सरकार गठन गर्ने, मौलिक अधि-कार जनतालाई दिने, विधायिका सभा खोल्ने, आम चुनाव गर्ने, लोक सेवा आयोग, महालेखा परीक्षक अड्डा खोल्ने, बजेट प्रकाश गर्नेजस्ता महत्त्वपूर्ण र अरू गन्थने कुरा जथाभावी, बेला न कुबेला, जो पायो त्योसँग जहाँ पायो त्यहीं गर्न थाले। त्यसले गर्दा उनको भाउ, एकथरी नेपालीमा, घटाएको थियो।

दरबारमा कुरा ओसार्ने, राणा राणामा जुधाउने, बझाउने, खेलाउने, फुट्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उगे र भाडने तत्त्वको निमित्त त श्री ३ पद्मका ती प्रगतिशील कुरा के खोज्दछस् काना आँखा जस्ता भए । श्री ३ पद्म विपरित कुरा बोकेर केही भित्रिया भनाउँदा र तथाकथित उनका चाकरिदारहरू रोलवाला राणाजीका ढोका ढोकामा चहार्न थाले । एक सय वर्ष पुरानो राणा शासनलाई श्री ३ पद्मले अब डुवाई दिन थाले भन्ने रोलवाला राणाको मनमा पसेको र यस्ता तत्त्वले पसाई दिएको चिसो आजभन्दा भोलि झन्झन् गाड्न थाल्यो । पद्म शम्शेर प्रधान-मन्त्री भएपछि के के न पाउँला भन्ने र उनकहाँ झुम्मिएका एक थरी चाकडी-वाजहरू केही हात पर्नेजस्तो छाँटकाँट नदेखी २००३ सालतिरै एक दुई गर्दै मुख्तियार मोहनतिर उपिया झैं फुट्न थालिसकेका थिए । २००४ साल माघ १३ गते पश्चात् त नेपालका सबैजसो शक्तिका पुजारीहरू मुख्तियार मोहन शम्शेरकहाँ सोहरिए- जताजता काफल पाक्यो उतैउतै चरी नाच्यो भने झैं गरी । राणाहरूको यो आन्तरिक खिचाए तातीमा नेपालमा ९९ प्रतिशत मानिसले त कुनै चासो मानेका थिएनन्; खालि मुठीभर, मानिसहरूमात्र कसो गर्नाले र कता लाग्नाले आफ्नो दुनो सोझिने हो भनी २००३।४ सालतिर दगुडघुम गर्न थालेका थिए । प्रधानमन्त्री मरेपछि मात्र मुख्तियारको ढोकामा सबै चाकडी-दारहरू सोहरिने नेपालको साविक भए पनि; श्री ३ पद्म प्रधानमन्त्री छँदै कति उच्च कर्मचारी र राणाहरू मुख्तियार मोहन शम्शेरकहाँ झुल्न शुरू गरे - शक्तिको पूजा गर्ने नेपालीको परम्परा हुँदा ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

"जयतु संस्कृतम्"

(१)

श्री ३ पद्मका निकै मनपरेका पुरानिया कप्तान गोवरधनलाल मास्केले राजनीतिमा लागेका साना-ठूला मानिसलाई भित्री सञ्चो रात-साँझ पारेर मुख्तियार पद्म शम्शेरलाई अघिअघि पनि भेटाउँदथे। उनी प्रधानमन्त्री भए-पछि त जथाभावी उनले मानिस भेटन र उदारवादी विचार प्रकट गर्न थाले-काले खास गरेर काठमाडौंका युवावर्गको जोश र हौसला २००२।३ सालतिर बढ्न थाल्यो। १९९७ साल पर्वमा मुच्छिएका मानिस अथवा उनका परिवारको राणा सरकारलाई उखाड्ने विचार र प्रयास भित्रभित्र चालू नै थियो। सुश्री कामाक्षदेवी, पुष्पलाल श्रेष्ठ, प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ, सूर्यबहादुर मार्धोज, राजारामहरूले १९९७ सालको माघमा गठन गरेको प्रजातन्त्र संघ खास गरेर २००२ सालपछि हिंउको डल्लोसमान भित्रभित्र बढ्न थाल्यो श्री ३ पद्मबाट प्रेरणा पाई।

समयान्तरमा नेपाल प्रजातन्त्रसंघ पनि भूमिगत नेपाल प्रजा परि[illegible] नै मिल्यो; केदारमान वेथित त्यसमा सरिक भए; केशरबहादुर श्रेष्ठले सन्दे[illegible] गृह खोली भारतीय पत्र-पत्रिकाको प्रचार नेपालमा बढाए। सरकारी छात्रवृत्ति लिएर नैनी कृषि कलेजबाट स्नातक भएका श्री शंकरप्रसादले सरकारी जागीर खान इनकार गरे। सर्वश्री दयावीर सिंह कंसाकारसमेत ५ जनाले २००२ सालमा शुरू गरेको परोपकारमा सर्वश्री चुडानन्द वैद्य, कुलरत्न तुलाधर, शेषराज दली, तारादेव भट्टराई, अमृतप्रसाद प्रधानहरू समेत पछिपछि सम्मिलित भएकोले सो आजभन्दा भोलि झन्झन् बढी जनप्रिय हुँदै गयो। त्यसबखत नेपालमा संघ संस्थान क्रम नखुलेका हुँदा, परोपकारको अर्कै भाउ थियो र आजकलको रेडक्रसको काम त्यसबखत एक प्रकारले परोपकारले गर्दथ्यो। २००३ सालको असोजतिर भरखरका विश्वेश्वरप्रसाद कोइरालाले नेपालमा राणा सरकारको अन्त्य गर्ने आन्दोलन चलाउन पर्दछ भन्ने कुरा भारतमा चलाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००३ सालको माघमा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसको कलकत्तामा अधिवेशन हुँदा, नेपाल प्रजा परिषद्का कार्यकर्ता गणेशमान सिंह र बनारस, पटना, दार्जिलङ, आसाम, कलकत्ताका नेपालीहरू भेला भई सो संस्थाको नाम नेपाली राष्ट्रिय कांग्रेसमा परिणत गरे । नव गठित नेपाली राष्ट्रिय कांग्रेसलाई अनेक शुभ-कामना भारतीय राष्ट्रिय कांग्रेसका नेताबाट आउनाको साथै नेपाली राष्ट्रिय कांग्रेसका प्रस्ताव, पाम्प्लेटहरू अन्तर-कुन्तरबाट छिरेर काठमाडौं भित्र पनि पसे ।

त्यसैताका नेपालभित्र पनि गोपालप्रसाद रिमालले शोभाभगवतीमा आफ्ना साथी सर्वश्री दमनराज तुलाधर, कृष्णप्रसाद रिमाल, तीर्थराज तुलाधर, ज्ञानेन्द्रबहादुर थपलिया, पुष्पलाल श्रेष्ठ जम्मा गरी राष्ट्र पुकारका गीत भजन गर्न र "जय नेपाल" भन्न थाले । त्यसबेला साना-तिना तर नौला खालका काम कुरा देखेर जनता छिटो प्रभावित हुने हुँदा, "जय नेपाल" भन्ने र गोपालप्रसादको त्यो भजनमा भाग लिने मानिसको संख्या दिन प्रतिदिन शोभाभगवतीमा बढेको देखी, ती भजन मण्डलीका अगुवाहरू मुख्तियार मोहन शम्शेरको गारतमा दाखिल गराइए । त्यसबखत खास गरेर राजनीतिक कार्यकर्ताप्रति झटाझट हुने न्याय निसाफअनुरूप, सर्वश्री गोपालप्रसाद, दमनराज, कृष्णप्रसाद, तीर्थराज तुलाधरहरू २००३ सालको फागुन १५ गतेतिर एक वर्ष जेल परे। वाक्-स्वतन्त्रता कत्ति पनि नभएको त्यसबेलाको नेपालमा, सानातिनै भए पनि सरकारलाई अप्रिय काम कुरा गर्नेलाई तुरुन्तै सजाय हुन्थ्यो ।

त्यही फागुनको आखिरतिर नेपालको इतिहासमा सर्वप्रथम सर्वश्री मनमोहन अधिकारी, गिर्जाप्रसाद कोइरालाहरूले विराटनगर जूट मिलमा हडताल शुरु गर्नु भएको खबरले त काठमाडौंमा सनसनी नै फैल्यो– त्यतिञ्जेल नेपाल अधिराज्यमा कहिले कहीं हडताल नभएको हुँदा । त्यो हडतालको खबर सुनेका विश्वेश्वरप्रसाद कोइराला, आफ्ना साथी वालचन्द्र शर्मा, गोपालप्रसाद, कृष्णप्रसाद भट्टराईका साथ बनारसबाट विराटनगर उत्रे । त्यसबखत विराटनगरका बडा-हाकिम मे. ज. राम शम्शेर थिए । उनका आग्रहमा काठमाडौंबाट क. क. गम्भीरजंग थापा र केही फौज विराटनगर पठाइए । हडताल साम्य भए तापनि यो लुतो भारतबाट नेपालमा सन्यो भनी तत्कालीन सरकार चिन्तित थियो। विश्वेश्वरप्रसाद कोइराला र उनका केही सहयोगीहरू अड्डासार गरी धनकुटा देखि पहाडैपहाड काठमाडौं ल्याइए, श्री ३ पद्मको ढोकाअगाडि, गर्तौंला कर्णेलको पुरानो घरमा थुनिए। दुई चार जना त्यस्ता हुल्लडवाजलाई बेलैमा जख्याएपछि, देशमा सदा शान्ति सुरक्षा कायम हुन्छ भन्ने सरकारको अटल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारणा हुँदा ।

विश्वेश्वरको रिहाईको कुरालाई लिएर नेपालभित्र बाहिर हो-हल्ला शुरू भयो । २००४ साल बैशाख १ गते सर्वश्री टंकविलास बज्राचार्य, शम्शुराम श्रेष्ठ, तिलकराज शाहीहरूले नेपाल राष्ट्रिय कांग्रेसको झण्डा बोकेर त्रि-चन्द्र कलेज, जुद्धोदय पब्लिक स्कूलमा गई "वीर विश्वेश्वर जिन्दावाद"को नारा लगाए । कलेज स्कूलका लडका पछि लगाएर जुलुसले शहर परिक्रमा गरी, नेपाल बैंकअगाडिको भूगोल पार्कबाट विशालनगरतिर विशाल जुलुस सोझियो । त्यतिन्जेल नारा र जुलुस नदेखेको र नव्यहोरेका काठमाडौंका जनतालाई त्यो जुलुस देख्दा अचम्म लाग्नु स्वाभाविक थियो । कति त जुलुस उठ्यो भन्ने खबर सुनेपछि डरले घरतिर सोझिन्थे ।

विशालनगरतिर लागेको सो जुलुसलाई त्यसबेला पुलिस विभागका तालुकवाला मे. ज. नर शम्शेरले हात्तीसारनेर रोकी, जुलुसका दलमुख टंकविलास कंसाकार, शम्भुराम श्रेष्ठ, तिलकराजसहित जम्मा ५७ जना प्रदर्शनकारीहरू पकडिई, मुख्तियारको गारतमा थुनिए । थुनामा परेका सबैलाई श्री ३ पद्म शम्शेरले दरबारमा बोलाई माफी दिए ।

तर विशालनगरवाट माफी पाई बाहिर निस्केको जन-भीडलाई झ्यालबाट हेरिरहेका विश्वेश्वरसँग कुरा गरेको आरोपमा, सर्वश्री टंकविलास, शम्भुराम, तिलकराज शाही सोल्ठै झ्यालखान परे । केही समयपछि, भारतको समाजवादी नेताहरू, सूर्यप्रसाद उपाध्याय र डा. महेन्द्रप्रसाद श्रीवास्तव प्रयासबाट विश्वेश्वरप्रसाद, स्वास्थ्यको कारणवस छुटे तापनि अरू राजबन्दीहरू छुटेनन् ।

२००४ सालको वैशाखमा, नेपालको इतिहासमा सर्वप्रथम काठमाडौं म्युनिसिपलेटीका सदस्यको लागि वालीग मतद्वारा आमचुनाव भयो; त्यसमा सर्वश्री शंकरदेव पन्त, यदुनाथ खनाल, शेषराज दली, भुवनलाल, हरिकृष्ण श्रेष्ठ, पूर्णबहादुर एम्. ए.जस्ता प्रगतिशील व्यक्ति छानिए । म्युनिसिपल्टीका, मनोनीत सभापति ले. क. गेहेन्द्र शम्शेर र उप-सभापतिमा श्री शंकरदेव पन्त छानिए । यो चुनाव थियो एक प्रकारले श्री ३ पद्मले कल्पना गरेको प्रजातान्त्रिक व्यवस्थाको पूर्वरंग; र यसले नेपालका जनतालाई निकै आशावादी बनाएको थियो ।

राजनीतिक कारणबाट श्री ३ पद्मको पालोमा जेल परेका कार्यकर्ताहरूलाई छुटाउने प्रयासले केदारमान वेथित र होराप्रसाद जोशीहरू कप्तान गोवरधनलाल मास्केमार्फत् श्री ३ पद्म शम्शेरको खोपीमा सुटुक्क पुग्दथे । यी दुवै नवयुवकले महाराजको पूठ पाएको खण्डमा नेपालमा कटर दक्षिणपन्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणाजीलाई हायल कायल पार्नु र महाराज पद्मको पक्षमा जनता उठाउन सक्तछौं भन्ने विश्वास श्री ३ पद्ममा पारे । दुई चार जना मानिसले नेपाल जस्तो देशमा त्यतबखत सजिलै क्रान्ति ल्याउन सक्तछन् भन्ने त्यस्तो केटाकेटी खालको कुरा श्री ३ ले पनि तुरुन्तै पत्याए । नेपालमा चाँडो वैधानिक सुधार नभएको खण्डमा सर्वश्री केदारमान व्यथित र होराप्रसादहरू जस्ता क्रान्तिकारी-हरूले ठूलो जन-आन्दोलन गर्न थालेका छन्, उनीहरूलाई उछिनेर हामीले राजनीतिक सुधार गर्न पर्दछ भन्ने कुरा श्री ३ पद्मले कुरैकुराको प्रसंगमा आफ्नो भाइभतिजाहरूलाई चुहाए ।

केदारमान व्यथित र होराप्रसादलाई दोष दिनलाई भन्दा अरू कट्टर राणाजीहरूलाई तर्साउने विचारले श्री ३ पद्मले, त्यो कुरा दिग्गज राणाजी-हरूको बीच त्यसरी बेसूरमा फुस्काएको कारण, दक्षिणपन्थी राणाहरूले ती दुई जनामाथि दावा धरेको सुईँको पाएर व्यथित र जोशीहरू भारततिर लागे अनि प्रेमबहादुर कंसाकारले महाकवि श्री लक्ष्मीप्रसाद देवकोटासमेत सोहेरेर बनारस गए– काठमाडौंमा बसिसक्नु नहुँदा । त्यस घटनापछि श्री ३ पद्मलाई बनारसमा डेराडण्डा गरेर बसेका राष्ट्रवादीहरूले अति नै तौलिएर र होच्याएर "नेपाल पुकारमा" लेख लेख्न थाले । यो जनापवादले श्री ३ पद्मको निकै दिल दुःखाएको हुँदा उनले २००४ सालको साउनतिर आफ्ना दुई भतिजा मे. ज. सुवर्ण र मे. ज. महावीरलाई कलकत्ताबाट विशेष कामको निहु-ारी बोलाए– आफ्नो मनको वेदना पोख्न ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

दक्षिणपन्थी रोलवाला राणाजीले चारैतर्फबाट श्री ३ पद्मलाई निहारेर हेरेको बेला १९९० सालमा धपिएका गतिशील "सी" ल्कास राणाहरूसंग श्री ३ पद्मले कानेखुसी गर्न थालेकोले रोलवालाहरूमा उनी-प्रति शंका उठ्नु त स्वाभाविकै कुरा हो। मे. ज. महावीर नेपाल आएपछि बराबर सिंहदरबारमा जुवा बाजी पनि चल्न थाल्यो; (त्यस्तै पयठ जुवामा मे. ज. महावीरले पु. क. ज. केशर शम्शेरले थापेको तीनलाख रुपैयाँ चौकादाउले छिनभरमै मारे)। श्री ३ पद्मको बहकावटमा यी दुइजना धनवान् जोशिला र चलाख जर्नेलहरू पनि लागेका छन्; यिनीहरूको दाउ छ, मौका पारेर "ए" ल्कास रोलवाला राणाजीलाई सखाप पार्ने भन्ने हल्ला काठमाडौंमा २००४ सालको साउन भदौतिर निकै चल्न थालेकोले रोलवाला राणाजीहरू सतर्क भएको बुझी, सुवर्ण र महावीर एकाएक, रात-साँझ गरी भारततिर फर्के। त्यसपछि मुख्तियार मोहन र उनको गुटको चेपु श्री ३ पद्ममा झन् कसिन थाल्यो।

श्री ३ पद्मको पालामा खास गरेर चार माहिलाहरू, नेपालमा नीतिक सुधारको कट्टर विरोधी छन् भन्ने हल्ला थियो। ती चार माहिलाहरू थिए– जंगीलाठ बबर शम्शेर; दक्षिणतर्फका कमाण्डिङ जर्नेल बहादुर शम्शेर, ज. शंकर शम्शेर र नायब-बडा गुरुज्यू हेमराज पांडे। श्री ३ चन्द्र शम्शेरको पालादेखिन् नै बुजुक गनिएका माहिला गुरुज्यूले सिकाएको राजनीतिमा कट्टर हुनुपर्दछ भन्ने पाठ सबै राणाजीले सुनेका भए पनि, मुख्ति-यार मोहन र ती तीनजना उच्च रोलवाला राणाले त्यसलाई विशेष गडेर घोकेका थिए।

नेपालमा अर्थ, राजनीति र शिक्षाको विकास र नवीकरण गर्ने पक्षमा माहिला गुरुज्यूको उस्तो विचार थिएन भन्ने जनभावना थियो। तीनधारा पाकशालामा संस्कृत पढ्ने विद्यार्थीहरूको अंग्रेजी पढाइने स्कूलमा जस्तै, संस्कृत पाठशालामा पनि इतिहास, भूगोल, राजनीति, विज्ञान पढाइयोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने जायज मागको संस्कृत शिक्षाका सहायक निर्देशक श्री हेमराजले कुनै सुनाइ गरेनन् । त्यसैले २००४ साल आषाढ १ गते, विचित्रसंग तीनधारा पाकशालामा संस्कृत पढ्ने २०० विद्यार्थीहरूले "जयतु संस्कृतम्" भन्ने नारा लगाए ।

त्यस आन्दोलनमा खास कारणी थिए बनारसमा बस्ने राणा शासनका विरोधी विश्वेश्वरप्रसाद कोइराला, पाकशालाका विद्यार्थी भड्काउने पूर्णप्रसाद ब्राम्हण र कट्टर दक्षिणपन्थी, संस्कृत शिक्षामा कुनै परिवर्तनको आवश्यकता छैन भन्ने असिष्टेण्ड डाइरेक्टर हेमराज पांडे। मध्यमा जाँच दिन बनारस गएका पाकशालाका धेरै विद्यार्थीलाई विश्वेश्वरले क्रान्तिरसको घुट्को बनारसमा पिलाएका, संस्कृत शिक्षाको पनि आधुनीककरण हु नपर्दछ भन्ने विचार लडकालाई काठमाडौंमा पूर्णप्रसादले झोसेका र संस्कृत शिक्षामा रतिभर अदली बदली हुन सक्तैन भन्ने अड्डी हेमराजले लिएका हुँदा पाकशालाका विद्यार्थीहरू त्यसवेला त्यसरी भड्किएका थिए ।

पाठशालाका विद्यार्थीहरूको जायज मागको कुनै सुनाइ नहुँदा ती दुइसय विद्यार्थीहरू, पाकशाला छाडी कालमोचनमा गई, जीवन निर्वाहलाई जनताको ढोकाढोकै चहारी "जयतु संस्कृतम्" भन्दै भिक्षा माग्न थाले । बुतवन्धमा आमाले छोरालाई सोलीबाट खुला दिलले भिक्षा दान खन्याए झैं घरघरमा गृहलक्ष्मीहरूले पाथीका पाथी भिक्षा विचरा पाकशालाका ती विद्यार्थीहरूलाई दिए । –२०३८ सालको आमचुनावमा काठमाडौंमा श्रीमती नानीमैया दहाललाई मतदान गरेझैं । संस्कृत शिक्षा विभागका असिष्टेण्ड डाइरेक्टर विद्यार्थीको यस तनावले काठमाडौंमा नयाँ उत्तेजित वातावरणको सृजना गऱ्यो । (गुठी र पाकशालाका तालुकवाला त्यसबखत मे. ज. सूर शम्शेर ज. ब. रा. थिए; उनकै प्रयासबाट लडकाको माग पुग्यो ।)

त्यसबखत यस आन्दोलनका अगुवा थिए सर्वश्री श्रीभद्र शर्मा, काशीनाथ गौतम, कमलराज रेग्मी, राजेश्वर देवकोटा, गोकर्णराज शास्त्रीहरू । लडकाहरू आफ्नो माग पुगी कालमोचनबाटबाट पाकशालामा फर्केपछि, माहिला गुरुज्यू त्यो अपमान सही नसक्नु भई काठमाडौबाट बनारसतिर लागे । यसरी लहरो तान्दा पहरो भत्क्यो ।

राणा-सरकार-विरुद्ध आफ्ना घरभित्र कुरा गरेको थाह पाए पनि जिब्रो छिक्दछन् भन्ने श्री ३ चन्द्रको पालापछि विस्तारै नेपालमा हट्न लागेको डर श्री ३ भीम र श्री ३ जुध्दको पालामा निकै घटी अनेक काण्ड पर्व परेका वृतान्त पूर्व लेखमा उल्लेख भइसकेको छ । १९८७ र १९९७ सालतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालका मुठीभर मानिसले जे जत्ति राणा सरकार विरुध्द काम गरे पनि ती सब भित्र-भित्र गरेथे तर त्यतिञ्जेल सरकार-विरुद्ध खुलेआम नारा भट्टा-उँदै सडकमा जुलुस निकाल्न कसैले सकेका थिएनन्।

२००३ सालअघि भित्रभित्रै सरकार विरोधी कुरा भए, पर्चा छरिए, भित्री सन्चो विरोधीहरू पकडिए भित्रभित्र नै उनीहरूमाथि कारवाई भयो र कोही शहीद पल्टे कोही आजीवन र कोही धेरथोर कालतक जेलमा परे। नेपाली जनताले खुलम्खुला सरकार विरोधी जुलुस उठाएको, नारा लगाएको र हडताल शुरू गरेको सर्वप्रथम २००३ सालदेखि हो।

स्वतन्त्र जन-चेतना व्यक्त गर्ने हक र जनताको व्यक्तित्व विकास गर्ने इच्छा जतिजति राणा सरकारले २००३ सालपछि दबाउने चेष्टा गऱ्यो, उतिउति त्यो प्रत्यक्ष अथवा परोक्ष रूपमा प्रकट भई जनता र राणा सरकार बीच परेका हरेक फाटामा जनताको जित भएको वृतान्त पछिका लेखमा परेका छन्।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

परेको भाग हेरे

(१)

२००४ साल भाद्रतिर श्री ५ त्रिभुवनको दरबारमा लागेको चलचित्र हेरेपछि हजुरिया जर्नेल, (दक्षिणतर्फका कमाण्डिङ जर्नेल) बहादुर शम्शेरले श्री ३ महाराज पद्म शम्शेरलाई त्यहीं दाम राखे– हजुरिया जर्नेलबाट अवकाश लिंदै। (त्यसबखत राणा शासनमा सानो कदर हुँदा पनि ठूला बडा-हरूले दाम राख्ने चलन थियो। दक्षिणतर्फका कमाण्डिङ जर्नेलको निमित्त त्यसबखत हजुरिया जर्नेलको गहन अभिभारा भफलतापूर्वक निपट्याएपछि सो छाड्ने स्वीकृति पाउनु पनि एक प्रकारले ठूलै निगाहा हुनु हो जस्तो ठानी अथवा सबैजसो रोलवाला र श्री ५ को समेत राज भएको ठाउँ र मौका पारी आफू फिकिएको हैन खुसीराजीले हजुरिया जर्नेलको ओहदा छाडेको हुँ भनी देखाउनलाई र जति सम्झाए, समाले पनि श्री ३ पद्म नसम्झने र नसमालिने खालका व्यक्ति हुन भनी सबलाई बोध गराउन, उनले त्यस्तो नाटकीय चालाले त्यसदिन त्यहाँ दाम राखेको हुन सक्तछ।)

नेपालमा वैधानिक सुधार ल्याउने निजी धोको नपुग्लाजस्तो र आफ्नो गाथ र पदको खतरा बढेको महसुस गरी श्री ३ पद्मले २००४ साल भाद्रमा ज. कृष्णलाई हजुरिया जर्नेल बनाउने निधो गरे– यो लथालिंग र भताभुंग स्थिति समाल्न र आफूलाई उनले अवश्य यस संकटबाट बचाउन सक्तछन् भन्ने पूर्ण भरोसाले।

ज. कृष्ण थिए श्री चन्द्रका जेठी महारानीपट्टिका कान्छा छोरा। उनी बालक छँदै मुमाको स्वर्गवास भएकोले उनको पालनपोषणमा बढी हात थियो, जेठा दाजु (त्यसबखत मुख्तियार र पछि श्री ३) मोहन शम्शेरको।

त्यसबखत श्री ३ पद्मको त्यो उदारवादी नीतिको सबभन्दा कट्टर विरोधी पनि मुख्तियार मोहन शम्शेर हुँदा, सबै दक्षिणपन्थी रोलवाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणाजीहरू मोहनका पछि लागेका थिए । अब एक दिन पनि बढी श्री ३ पद्म शम्शेरलाई नेपालको प्रधानमन्त्री बनाएर राख्दा राणा-व्यवस्थाको भलो हुन्न भन्ने निष्कर्षमा पुगेका मुख्तियार मोहन शम्शेर, जंगीलाठ बडा शम्शेर, दक्षिणतर्फका कमाण्डिङ जर्नेल बहादुर शम्शेरहरू श्री ३ पद्मलाई यथाशक्य चाँडो हटाउन चहान्थे "शीघ्रस्य शुभम्" भनेर ।

आफ्ना सहोदर दाजुहरू र अधिकांश रोलवाला दाजुभाइको श्री ३ पद्मप्रति त्यस्तो विरोधी भावना बढेको बेलामा, ज. कृष्णले श्री ३ पद्मको हुकुम शिरोपर गरी हजुरिया जर्नेल हुन कम्मर कस्नु कतिसम्म समयानुकूल थियो, त्यो त यसै भन्न सकिन्न । औसरवादी मानिस त त्यस्तो बखत त्यो गहन जिम्मेवारी बोक्नलाई किमार्थ अगि सर्दैनथे होला। राणा-व्यवस्थामा प्रधानमन्त्रीको हजुरिया जर्नेल हुनु माने, उनले लगाएको अह्राएको जुनसुकै काम तदारूखसाथ गर्नु मात्र थिएन, उनको गर्धन तल र आफ्नो गर्धन माथि राख्नु थियो– प्रधानमन्त्रीको गाथ र पद दुवैको सुरक्षा राख्न पर्ने खास कर्तव्य हजुरिया जर्नेलको हुंदा । (हजुरिया जर्नेल भएका भाइ फत्ते शम्शेरले लत्तो छाडिदिंदा श्री ३ देव शम्शेर देशबाट निस्कन परेथ्यो) ।

ती सबै खतराको बावजुद पनि ज. कृष्ण हजुरिया जर्नेल हुन मञ्जुर गरेमा अरू रोलवाला राणाजीहरूभन्दा पनि बढी मुख्तियार मोहन शम्शेरले आश्चर्य मान्नु र नाराज हुनपर्ने कारण थियो । प्रधान बहादुर शम्शेरले त्यस्तो नाजुक अवस्थामा लत्याएको हजुरिया पद, आफ्नो सहोदर भाइले सकाऱ्यो भन्ने पारिवारिक अपवाद, दोस्रो उनी श्री ३ पद्मतिर लागेपछि मोहनको प्रधानमन्त्रीत्व, नेपालमा लम्बिने सम्भव बढी, उनको मुखसम्म आएको गाँस हरिने र तेश्रो चन्द्र शम्शेरको छोरा भाइ भीम शम्शेरको छोरातिर मिल्यो भन्ने लोकोपवाद । यी सब कारणवश, ज. कृष्णको निर्णय त्यो घडी भरि अग्निपरीक्षाको थियो । राणा परिवारभित्र पनि फलानाको सन्तान र ढिस्कानाको सन्तान यसको मानिस र उसको मानिस भनी हुन काट्ने, अलग पन्छाउने र पुनपच्छे गर्ने आमचलन थियो । एकजना वरिष्ठ राणाजीको मानिस भनी दरिएपछि अर्कोले उसलाई झर्कोर पनि हेर्दैनथे र हेर्ला भनेर आस गर्नु पनि फजुल थियो ।

यति ठूलो धर्मसंकटमा परेका भए पनि ज. कृष्णले शरणको मर्म गर्न सकेनन् । फेरि उनी काम र वचन दुवैमा पक्का थिए । बोलेको हुन पुऱ्याउने र कम्मर कसेपछि जुनसुकै काम पनि फत्ते नगरी नछाड्ने उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदत थियो । अति दयालु, होसियार, उदार र मिलनसार बानी भएका ज. कृष्णको भर, पत्यार र कुरा मान्ने मानिस नेपालमा त्यसबखत धेरै थिए । लण्डनको नेपाली राजदूत पदमा उद्योग विभागको तालुक; मुन्सी-खानाको डा. ज. र दोश्रो महायुद्धमा भारत रक्षालाई गएको नेपाली पल्टन (कण्टेनजेन्ट) को मुख्य कम्याण्डर पदमा ज. कृष्णले दक्षिणतर्फका कम्याण्डिङ जर्नेल बहादुर शम्शेरलाई बदला मात्र गरेका थिएनन्, ती सबै काम उनले छन् बढी सफलतापूर्वक निमट्याएका थिए । राणा शासनमा अब पनि सम-सामयिक सुधार ल्याउन ढिला भो भने त्यो धेरैदिन टिक्न सक्तैन भने निष्कर्षमा पुगेका ज. कृष्णले त्यस दिशातर्फ केही गर्न सकिन्छ कि भनी हजु-रिया जर्नेलीमा श्री ३ पद्मलाई २००४ साल भदौमा दाम राखे।

ज. कृष्ण हजुरिया जर्नेल भएपछि नेपालको राजनीतिक वातावरणमा पनि केही परिवर्तन आयो। श्री ३ पद्म पनि ढुक्क भए, उनीलाई छाड्न तत्पर–ताक परे तेवारी नत्र गोतामे खालका बाँकी टाकी भारदार र चाकरी-दारहरूले पनि खामोस खाए– श्री ३ पद्म अब सम्हालिएलान् भनेर हैन कि ज. कृष्णले राजकाज अवश्य सम्हालीदेलान् भनी। वास्तवमा त्यस्तै भयो पनि । हुल्लडवाज, अनुत्तरदायी, दोधारे, औसरवादी, वगमफुस मानिसले श्री ३ पद्म शम्शेरकहाँ त्यसपछि पहुँच पनि पाउन छाडे। त्यसले गर्दा राणा व्यवस्थालाई तुरुन्तै धोखा आउने सम्भव पनि घटेर गएकोले रोलवाला-हरूको चिन्ता पनि मत्थर हुन थाल्यो ।

यही मौका पारेर नयाँ विधानको घोषणा श्री ३ पद्मले र त्यसको कार्यान्वयन उनका उत्तराधिकारी मुख्तियार मोहनले गर्ने, राणाजीहरूले तुरुन्तै हुकुम नछाड्ने; बजेट प्रकाशन नगर्ने र नयां वैधानिक ऐनको घोषणा गरेपछि श्री ३ पद्म राजपाठ छाडी तुरुन्तै सकुशल भारत जाने कुरा हजु-रिया जर्नेल ज. कृष्णले मिलाए– दुवैथरी राणाजीको राय सल्लाह लिएर। श्री ३ पद्मको एक मात्र धोको थियो आफूले बारम्बार नेपाली जनताको सामुन्ने कबूल गरेको वैधानिक कानून आफ्नै राज्यकालमा घोषणा गर्ने। त्यो नपुलाकि भन्ने उनको शंका ज. कृष्णले मेटाइदिए, आफ्ना दाजुहरूको चित्त बुझाइकन । थालनीमा त मुख्तियार मोहन र जंगीलाठ बबर त सकभर नयाँ विधान तर्जुमै नगर्ने पच्क्षेमा थिए– घोषणाको त के कुरा । नेपालमा केही न केही राजनीतिक परिवर्तन हुनैपर्दछ भन्ने केही रोलवाला नवयुवकको भावना छ भन्ने भित्रीसञ्चो बुझेका र नेपालको नयाँ वैधानिक कानून घोषणा-सम्म गर्न श्री ३ पद्मलाई दिएको खण्डमा नेपालको प्रधानमन्त्री पद तुरुन्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो हात पर्ने छर्लङ्ग देखेका मुख्तियार मोहनले नयाँ विधानको घोषणा गर्ने कुरा माने।

एकसय वर्ष पुरानो राणा व्यवस्थामा समयानुकूल परिवर्तन अनिवार्य छ भन्ने कुरामा विलकुल विश्वस्त ज. श्री कृष्णले आफ्ना दाजुभाइहरूले श्री ३ पद्मको वैधानिक सुधार गर्ने विचारको घोर विरोध गरेको कति मन पराएका थिएनन्। राणाजीहरूको थोत्रिदै गएको जीर्ण रोल व्यवस्था अब धेरै समयतक टिक्न नसक्ने कुरा ज. कृष्णले प्रष्ट देखेका र शक्ति अन्धा अरू रोलवालाले देखे पनि नदेखे झैं गरेकाले, उनीले पनि श्री ३ पद्म शम्शेरले जस्तै रोल र नेपाल छाड्ने निधो २००४ साल मार्गतिर मनमनै गरे– परको भाग हेरेर। अरू राणाजीहरू जस्तै लिसोसमान रोलमा टाँसिई रहेमा चाँडै नै राणा व्यवस्थाको सती जान पर्दछ भन्ने कुरामा, त्यसै बेला ज. कृष्ण विश्वस्त थिए। विश्वभर रूसी प्रभाव बढी साम्राज्यवादीहरू घबडाएको, बृटेनमा मजदूर दलले सरकार गठन गरेको; चीनको गृहयुद्धमा साम्यवादीहरूको सर होलाजस्तो लक्षण देखिएको र भारतमा बृटेनको सट्टा राष्ट्रिय कांग्रेसको राज शुरू भएको त्यस बेलामा, नेपालमा २००३ सालतिर जहानिया शासन कायम राख्न सकिन्छ भनेर चिताउनु पनि फजुल थियो, त्यसतर्फ प्रयास गर्नुको ठ के कुरा।

संकटपूर्ण ४ महीनासम्म अति जोतिएर रातोदिन काम गर्न परेकाले हजुरिया जर्नेल कृष्ण मानसिक र शारीरिक दुबै कष्टले सताइएका थिए। फलतः अधिक रक्तचापको व्यथाले पीडित ज. कृष्ण, २००४ साल माघ १६ गते सोमबारमा नयाँ वैधानिक ऐनको विशालनगरमा घोषणा हुनुभन्दा केही दिनअघि, उपचारलाई भारत गए। जानुभन्दा अघि श्री ३ महाराजले उनलाई "ओमराज पट्ट" ले विभूषित गरे– मध्यम मार्ग अपनाई अर्थात् लट्ठी नभाँचीकन सर्प मारिदिएको कदरस्वरूप (त्यसपछि ज. एकराज श्री ३ पद्मको हजुरिया भए)।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

रोल छोड्ने पूर्व निर्णयमा कटिबद्ध सहोदर आफ्नो कान्छो भाइलाई २००५ सालमा आफू प्रधानमन्त्री भएपछि श्री ३ मोहनले रोलमा राख्न पछिसम्म यथाशक्य प्रयास गरे। रक्तचापको कारण नेपालमा बस्न असमर्थता व्यक्त गरेका ज. कृष्णलाई उनले बेलायतको राजदूत पद प्रदान गरे– जुन पदलाई अरू धनी रोलवाला राणाजीले गीद्धका जस्ता आँखाले वरपरबाट डुवाकिरहेका थिए। त्यसमा पनि जान मन्जूर नगरेपछि, रोलबाट नाम नकटाईकन भारतमै बस्ने श्री ३ मोहनका उनलाई आग्रह भयो। तैपनि ज. कृष्णले रोल छाड्ने आफ्नो ढिपी नबदल्दा, श्री ३ मोहन निकै नाराज भई मी. सु. उपेन्द्रपुरुष ढकाललाई, रोल छोडी भारत पस्ने राणाजीले खाली हात जान पर्दछ भन्ने धम्की सुनाउन पठाए।

धम्कीले पनि काम गरेन। १९६७ सालमा प. क. ज. जीत शम्शेर र त्यसपछि क. भूपाल शम्शेरहरूले जुनसुकै कारणले आफ्नो रोलबाट राजीनामा गरेका भए पनि, ज. कृष्णले आफ्नो रोलबाट अलग हुनाको खास र देखावटी कारण फरक थिए। देखावटी कारण आफ्नो बढ्दो रक्त संचाल थियो भने, खास कारण थियो, राणा-व्यवस्थामा हुनैपर्ने सुधारमा अ वश्यक ढीलासुस्ती। राणाजीहरूको रोल व्यवस्था अब धेरै दिन नखप्ने कुराम त उनी विलकुल विश्वस्त थिए र त्यसलाई छाड्न पर्दा त उनको कुनै चित्त दुःखेन। तर, रोल छाड्ने लामो कबुलियतनामा उनलाई गराउँदा, पचास वर्ष पुगिबक्सेका श्री ५ अधिराजकुमारी तारा राज्यलक्ष्मी राणाबाट पछि जायजन्म भई छोरा भयो भने, उ पनि रोलवाला हुने छैन भनी सही गर्न वाध्य गराएकोमा चित्त दुःखाए। (१९७७ सालको धर्म-पत्रमा त्यस्तो शर्त परेकोले त्यही यहाँ छिगाटँसाईं भएको हुनुपर्दछ)

यसरी २००६ साल मार्ग २९ गते ज. कृष्णले आफ्नो र आफ्ना सन्तान दरसन्तानको राणाजीको रोलबाट खुसीसाथ राजीनामा गरे– परको भाग हेरे र राणा-व्यवस्था यथावत रहेमा देशको कल्याण किमार्थ नहुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेर[1]। त्यसबखत रोलवाला राणाजीहरूले ज. कृष्णल भनेको कुरा सुनिदिएको र उनीले समयमा औंल्याएको सही बाटो हिंडिदिएको भए शायद २००७ सालको जनक्रान्ति अनिवार्य हुने थिएन होला। तर शक्तिको स्वाद चाखेको मानिसले, मानिसको मिठो रगतमा पल्केको बाघझैं, हात परेको शिकार र शक्ति खुसिराजीसंग छाड्दैन-छाड्नै पर्ने अवस्था प्रष्ट देखिए तापनि। त्यसैले रोलवाला राणाजीहरूले पनि शक्ति छोड्न चाहेनन्– ज. कृष्ण-जस्ता एकाध दूरदर्शी र परको भाग हेर्ने राणाजीहरूले जत्तिसुकै चेतावनी दिए तापनि।

ज. कृष्णको दूरदर्शिताभन्दा कम उल्लेखनीय थिएनन् उनको उदारता, यथार्थता, दया र नेपालप्रतिको ममता। १९९५ सालमा लण्डन दूतावासको राजदूतको कार्यकाल सकी, नेपाल फर्कंदा उनले आफ्नै खर्चले दूतावासलाई पूरै सजाएर छाडिदिएको कुरा माथि परिसकेको छ। आजकालको भाउमा दश आठ करोड रुपैयाँ पर्ने पूरै शीतल निवास दरबार त्यसले चर्चेको सयन रोपनी जमीन त्यसमा सजिएका बहुमूल्य सरसामान जस्तोको तस्तो मात्र उनले आफ्नो रोल काटेर जाँदा श्री ५ को सरकारलाई उपहारस्वरूप चढाएनन्, त्यसको संभार गर्नलाई भनी मो. रु. ३,२२,८०२।– रकम खर्चसमेत छाडे, दानप्रतिष्ठा दिए झैं गरी।

श्री ५ महेन्द्रको राज्याभिषेकमा भारतबाट निम्तो मान्न २०१३ सालमा नेपाल आएका ज. कृष्णले तत्कालीन प्रधानमन्त्री श्री टंकप्रसाद आचार्यलाई इन्जिनीयरिंग स्कूल बनाउन पाँच लाख रुपैयाँ चन्दास्वरूप प्रदान [illegible] (धेरै वर्षसम्म उनी नेपालको इन्जिनीयरिंग अड्डाका तालुकवाला भई [illegible]म गरेकाले)। ज. कृष्णले त्यसरी प्रदान गरेको पाँचलाख रुपैयाँ मो. रु. र भा. रु. के हो भन्ने कुरामा निकै महीनापछि नेपालमा सुविधा पैदा भएकोले उनलाई बंगलोरमा सोधिंदा, "नेपालमा सरकारलाई चन्दा दिएको त मो. रु. पांचलाख हो, तर प्रधानमन्त्रीलाई दुविधा परेको भए, भा. रु. नै भयो" भनी, ने. रु. पाँचलाखको बदला ने. रु. आठलाख चन्दा पठाएथे।

भूमिसुधार ऐनअन्तर्गत हदबन्दीभन्दा बढी देखाई काठमाडौंको तीन चारसय रोपनी जमीन सरकारलाई फिर्ता दिने शायद ज. कृष्ण मात्र एकजना राणाजी नेपालमा होलान्। नेपाल राष्ट्रको लागि ज. कृष्णले जति

---

१. रोल छाड्ने कबुलियतनामा, परिशिष्ट– १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्ति दान गर्ने अरू कोही नेपालमा आजतक निस्केका छैनन् भने हुन्छ। तपनि, २०३४ सालमा उनको बंगलोरमा स्वर्गारोहण हुँदा, त्यो दुःखद खबरसम्म पनि गोरखापत्रले धेरै दिनसम्म छापेन, नेपाल राष्ट्रको लागि निजले गरेको अद्वितीय र उल्लेखनीय दानप्रति कृतज्ञता ज्ञापन गर्नको त कुरै पर जावस्। कसैले गुन मान्लान्, गाउलान्, आफू मरेपछि संझलान्, प्रशंसा गर्लान् भन्ने हेतुले ज. कृष्णले त्यो भव्य दरबार श्री ५ को सरकार-लाई उपहारस्वरूप चिढाएका पनि थिएनन् । न त दिएका थिए नेपालको भलाइको लागि लाखन तायदादमा चन्दा।

रानीपोखरीनेर नेपालमा सर्वप्रथम खुलेको इन्जिनीयरिंग स्कूल ज. कृष्णबाट प्रदान भएको आठलाख रुपैयाँबाट बनेको हो । त्यस्तै उदार भावना थियो ज. कृष्णको नेपालको औद्योगिक विकासतर्फ । राणा कालमा धेरै वर्षसम्म उनले उद्योग परिषद्, कृषि परिषद् र विद्युत विभागका तालुकवाला भई काम गरेकाले त्यसबखत नेपालमा खुलेका सबै उद्योग धन्धामा उनले अरू राणाजीहरूलेभन्दा बढी शेर किन्दथे र नयाँ खुलेका कुनै पनि कम्पनीका शेर बिकेनन् भने सबै उनकै नाममा किनिदिनू भन्ने उद्योग परिषद्लाई जनाउनै दिएका थिए। ज. कृष्णको बंगलोरमा देहान्त भएपछि उनको करोडौं रुपैयाँ पर्ने त्यहाँको श्री सम्पति श्री ५ अधिराजकुमारी ताराबाट अरविन्दो आश्रमलाई दान बक्सियो, ज. कृष्णको सम्पत्तिभन्दा बढी आस्था परोपकारपट्टि राख्ने पुनीत भावनाको कदरस्वरूप

राणाकाल एक प्रकारले सामन्तीहरूको जमाना हो । त्यस्ता सामन्तीहरू मध्ये केही राणाजीहरू निकै प्रगतिशील र उदारवादी थिए । ती मध्येका एक हुन् ज. कृष्ण । दुई-चार प्रगतिशील मानिसभन्दा एकतन्त्री निरंकुश व्यवस्था बलियो हुने हुँदा, त्यस्ता सीमित उदारवादीको राणा-व्यवस्था बदल्ने व्यक्तिगत भित्री प्रयास सफल भएन– जतिसुकै कोशिस गरे पनि । ज. कृष्णले आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिको लागि त्यस्तो नाजुक अवस्थामा श्री ३ पद्मको हजुरिया जर्नेल भएका र पछि श्री ३ मोहनले जतिसुकै प्रलोभन देखाउँदा र आग्रह गर्दा पनि लण्डनको राजदूत हुन र रोलमा बस्न मानेनन् । उनको जीवनमा त्यस्तै निस्वार्थपूर्ण अरू पनि अनेक दृष्टान्त पाइन्छन् ।

स्वर्गीय श्री ५ महेन्द्रबाट, "फुपाजूलाई नेपालमा जनताले रुचाउँछन्" भन्ने संकेतपूर्ण हुकूम बराबर हुन्थ्यो। त्यो आसय बुझी पदको लोभले नेपाल फर्केका भए शायद उनले पनि फिल्ड मार्सल हिज हाइनेसजस्ता मान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउँदा हुन् । तर स्वर्गीय ज. कृष्ण नआर्जेको फोस्रो इज्जतका मौका थिएनन्, न त थिए उनी भोका, आफूले गरेको बडोरान सम्पत्ति दानको प्रचार-प्रसारको उनीसंग धेरथोर सम्पर्क भएका मानिसहरूले अझै पनि उनलाई झुराउँदछन्- उनको उदार दिल मिठो बोली र सुशील स्वभाव झलझली सम्झेर ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-१

श्री

यस्मा रोलवालाहरूले ठहराई
जाहेर गरेको हामी श्री ३ महाराजका
हजुरमा जाहेर भयो लेखिया बमो-
जिम गर्ने गरी सदर ईति सम्वत
२००६ साल मार्ग २६ गते रोज
४ शुभम्———

उप्रात बालकलाई २००४ सालमा ल्वड प्रेशर ज्यादा बढि १ मैन्हा नागार-जुनमा वसि औषधी गर्दा पनि नघटेकाले कलकत्ता गर्ने कलकत्ताका डाक्ट-रले मुटुमा असर भैसक्येको ठहराई धेरै किसिको औषधी ईन्जेक्सन गर्दा ३ मैन्हावाद फाईदा भयो. समुद्रको किनारमा गै पुरा आरामी लीए ठीक हुन्छ भनी सल्लाह दीए मागै १ मैन्हा बस्ये त्याहा गर्मि बढी वङ्गलोर-तर्फ गर्ने. तहां २।। मैन्हा वस्ये पछी ल्वड प्रेशर नरमलमा छरेकाले पाउमा हाजिर भर्ने मगजको कां वेलकुल गर्न हुदैन भनी राय दीएकाले विति चढाई कवायद गरे पञ्चकवाद फेरी ल्वड प्रेशर वढन थाल्यो र वङ्गलोर गर्ने. तहां ५ मैन्हा वस्ये पछि फेरी नर्मल भयो र अव ता उल्टीने छैन भनी पाउमा हाजिर भर्ने, यस पालि झन चाडै ल्वड प्रेशर वढन सुरु भयेको र २ वर्ष सम्म ५।६ मैन्हाको विदा पाई हेर्दा पनि उता गयो कि कम हुने यहां आए बढने भएकाले सर्कारको शेवा नगरी सर्कारको जागिर खान वालकलाई अति संकोच लागी रोल र जागीर छाडन पाउ भनी सर्कारमा जाहेर गर्न हाजिर भयेको छु. रोग लागी पाउको शेवा गर्न नसकेकाले वङ्गलोरमा गै कालक्षपन गर्न हुकुम पाउ स्वास्थले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीएमा पाउको दर्शन निमीत्त ज्रहा हाजिर हुन र वालक ज्रहा नवस्ने भएकाले वालकका घर शितल निवास सवै फर्निचर मालसामान वग्गी २ मोटरकार १ सहित सर्कार लागोस सो घर स्टेट गेष्टको हाउस.को काममा लगाई वक्सनालाई सर्कारको जो तजविज. सो घरको मरामति खर्च आएस्ताबाट हेर विचार हुने गरी मो. रू. ३२२८०२। पनि सर्कारमा चढाउन पाउ वालकको कुञ्ज निवास भन्ने वङ्गला त्यस लाई नम्रा लगाएको गीर्दा भित्रको जगा र मालसामान सहीत वालक ज्रहां आएका वेलामा वस्नलाई राखन पाउ वालकको दुरभाग्यले पाउ वाट. टाढा रहन परे पनी सर्कारमा वालकको दृध भक्ति कमति हुने छैन भनी श्री ज. कृष्ण सम्सेर जङ्ग वहादुर राणाले **श्री ३ महाराज** का हजुरमा विन्ति पत्र चढाएकोमा तिमी रोलवालाहरू वसि छलफल गरी ल्याउनु भंने हुकुम बक्सेको हुनाले रोलवालाहरूले आफूले पाई आयको रोल छाडी ईस्तिफा दीएमा र दीन आटेमा ईस्तिफाको मञ्जुर गरी ईस्तिफा दीनेले. देखाएको कारण मुनासिव सिधा व्यवहार झुल्कीयको प्राईम्मिनिष्टर रोलवालाहरूले ठहरायामा सोही माफिक र मुनासिव माफिकको कारण नभै अरु कारणले ईस्तिफा दीएको वा दीन खोजेको ठहराया सोही माफिक संग ईस्तिफा दीने रोलवाला संग व्यवहार राख्ने वन्देज वंदोवस्तको सम्वत १९७७ **साल श्रावण १२ गते** २ मा तीज समेत हामि रोलवालाहरूको स्हीछाप गरी धर्मपत्र भैरहेको सो धर्मपत्र वमोजीम हामि रोलवाला वसि नीजले चढायाका विंतिपत्र र अघिको कागज पत्रहरू समेत सवै हेरी छलफल गर्दा अघि ६७ सालमा श्री प क ज जीत सम्सेर जङ्ग वहादुर राणाले ज्यूले नसकि ईस्तिफाको विन्तिपत्र चढाउदा मञ्जुर गरी वक्सेको र तेस पछी क. भुपाल सम्सेर जङ्ग वहादुर राणा मे ज विष्णु सम्सेर जङ्ग वहादुर राणाले जो भएको आफ्नु व्येहोरा लेखी ईस्तिफा चढाई पठाउदा पनि रोगलागेको मुनासिवै कारण ठहराई नीजहरूको ईस्तिफा मञ्जुर गरी वक्सेको समेत हुनाले अैले भाई जनरल कृष्ण सम्सेर जङ्ग वहादुर राणालाई पनी रोगलागी रोलमा रही सर्कार काम दीन नसकने भै सोही व्येहोराको विंतिपत्र जाहेर गरेको र नीजलाई रोग लागेपछि ईलाज गर्ना निमित्त २।३ पटक विदा लिई हिन्दुस्थान गै औषधी गराउदा केही फइदा देखिय पनि नेपाल आए पछि सो रोग उल्टीने भएकोबाट नीजलाई लाग्येको विमारीलाई ज्रहा नेपालका आहावा नमिलने भयेको हामिहरूलाई थाहा भएको समेत हुनाले नीजले राजकाज सनवंधमा खलल हुने कामकुरा र उद्योग अैले सम्म केही गरेको नदेखिएको र वेमारीले गर्दा सर्कारका राज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काजको र जङको काम पुरा तवर संग दीन नसकने आफुले ठहराई उमेर पुगी समझदार पनि भै सक्येका नीज भाईले ईस्तिफा जाहेर गरेको कारण सिधै व्यवहार संग गरेको हामि रोलवालाहरूको चित्तमा लाग्येको हुनाले नीज भाईको स्वास्थ्यलाई जहां वस्ये फाईदा हून्छ जाहा गै वस्ये पनी नीजले सर्कारको गाथ गादी रोल राजकाजमा खलल हुने मुलुकको खरावी र वदनाम् हुने काम कुराको कसुर र हिन्दु धर्म नछाडे सम्म प्राईम्मिनिष्टर संग वर्ष दीनमा १ पटस संम मात्र पनि चीठीद्वारा सरोकार राष्ये संम नीज र नीजका श्री ५ कान्छा साहज्यादी अनवीवाहीता छोरा र यदि संतान भये हुने सन्तानका वारेमा समेत हामिहरूले गरी राष्येको धर्मपत्र वमोजीम तपसिलका दफा दफामा लेखिया मुताविक गर्ने ठहराई जाहेर गरेका छौं जो हुकुम----------

तपसील

७७ साल श्रावण १२ गते रोज २ का धर्मपत्रको ३ दफामा मुनासिव कारण परी ईस्तिफा दियेको ठहरीयमा तेस्ताको अंस आम्दानि चल अचल सवै ईस्तिफा दीने मानिस नेपाल वसोस वा सरहद भित्र कहि वसोस या त हिन्दुस्थान गै वसोस जहा वस्ये पनि भोग गर्न पाउने गरी दीने र लेखिएका वन्दोवस्त संग गयकाको मोगलानामा गएपछि जन्मेका सन्तानले पनी नेपालमा रहेका चल अचल समेत आपना वुवाको अंस आम्दानिमा अैन वमोजिमको हक दारन्छ र अैन वमोजीम पाउन सकने छ दीउला भंने लेखिएकोमा देहाएका कुरामा देहाएमा लेखिए वमोजीम गरी पाउ भनी नीज भाईले विंति चढाएको हुनाले देहाए वमोजीम गर्ने र अरुमा माथी लेखियै वमोजीम वन्देज गर्ने ----------१

नीज भाई ज कृष्ण सम्सेर जङ्ग वहादुर राणाले निजको घर सितल निवास सवै फर्निचर माल सालान वग्गी २ मोटरकार सहीत १ सर्कार लागोस सो घर स्टेट गेष्ट हाउसको काम्मा लगाई वक्सनालाई जो तज वीज सो घरको मरामति षर्च आयस्ता वाट हेर विचार हूने गरी मो रू ३२२८०२। पनी चढाउन पाउ भनी विन्तिपत्र चढाएको हुनाले सोही वमोजिम गरीदिने ----------१

कुञ्ज निवास भंने वङ्गलोर तेसलाई नआ लगाएको गीर्दा पर्खाल भित्रको जग्गा र माल सामान सहीत नीज भाई आहा आयाका वेलामा वस्नलाई राखन पाउ भनी विंति चढाएकाले सोही वमोजीम गरी दिने----------२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मपत्रको ४ दफामा रोलको ईस्तिफा दीई रोलवाट एकपटक खारेज भै सक्येकालाई फेरी रोलमा चढाउन्या छैनौ वुवाले रोल ईस्तिफा दीई सक्ये पछी जन्मेका सन्तानको पनि रोलमा हक रहन दीन्या छैनौ भने लेखिएको हुनाले लेखियै वमोजीमको बन्देज गर्ने————————————————१

धर्मपत्रको ५ र ७ दफामा मुनासिव कारण ठहरीई ईस्तिफा मंजुर भै सरहद भित्र वा मोगलाना गै वस्येका हरू नेपाल आवत जावत गर्न पाउने वा नपाउने हकमा श्री प्राईम्मिनिष्टरका गाथ गादी रोल राजकाजमा खलल हुने काम कूराको कसुर नगरे संम र श्री प्राईम्मिनिष्टर संग वर्षदीनमा १ पटक मात्र पनी चिठीद्वारा सरोकार राष्ये सम्म छोडी जाने र नीजका सन्तानलाई ञहा नेपालमा आउने जाने गर्न र नेपाल घरमा वस्न समेत दीउला प्राईम्मिनिष्टरका गाथ गादी रोल राजकाजमा खलल हुने काम कुरा गरेको लीखतको प्रमाणका मुष्य प्रमाण संमलाई श्री प्राईम्मिनिष्टरले र रोलवालाहरूले पक्का प्रमाण हो भनी दोसि ठहराउछौ तेस्ताको नेपालमा रहेका अंस आम्दानि खान नदीई बंद गरी चल अचल जो भएको नेपालमा सन्तान भये सतानलाई र नभए अैन वमोजीमको हकवालालाई द्यौला भंने लेखिएको हुनाले लेखियै वमोजिको वन्देज मुताबिक गर्ने————————————————२

कदा चित नीज भाई ज- कृष्ण सम्सेर जङ्ग वहादुर राणाले हिन्दु धर्म छाडे सर्कारका गाथ गादी रोल राजकाजको खलल हुने मुलुकको खरावी हुने र वदनामी हुने काम कुराको कसुर गरे वा तेस्तो गर्ने संग संवंध राष्यो भने पनी यो वंदेज कायेम रहन्ये छैन————————————————४

श्री मिनिनिष्टर याण्ड कम्याण्डर ईनचीफ
जनरल ववर सम्सेर जङ्ग वहादुर राणा
श्री प. क ज केसर सम्सेर जङ्ग वहादुर राणा
श्री पु क ज वहादुर सम्सेर जङ्ग वहादुर राणा
श्री द क ज अग्नि सम्सेर जङ्ग वहादुर राणा
श्री उ क ज सिंह सम्सेर जङ्ग वहादुर राणा
श्री ज हरि सम्सेर जङ्ग वहादुर राणा
श्री ज प्रचण्ड सम्सेर जङ्ग वहादुर राणा

ईति सम्वत २००६ साल मार्ग २९ गते रोज ४ शुभम्

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५

नेपालले बाहिर हेऱ्यो

१९९१ सालमा श्री ३ जुद्धले नेपालबाट समुद्रपारतिर च्याएका थिए-भने श्री ३ पद्मले २००२ सालपछि ढोकै खोलेर बाहिर हेरेभने हुन्छ । अनेक आन्तरिक अड्चनको सामना गर्न पर्दा श्री ३ पद्मले नेपालभित्र गर्न खोजे-जत्ति र जस्तो वैधानिक सुधार गर्न सकेनन् । वास्तवमा देशभित्र कुनै खास प्रगति हुन सकेनभने, अवसर गरेर सरकारले परराष्ट्रपट्टि सम्बन्ध बढाउन कोशिश गर्दछ– देशको गौरव बढाए भनी जनतालाई फकाउन, फुल्याउन फल्स्याङ्ग फुल्सुङ्ग पार्न र आँखामा छारो हाल्न। कारण, देशभित्र आर्थिक, सामाजिक र राजनीतिक विकाश गर्न जति गाह्रो छ उति गाह्रो हुन्न आफू लत्रेर वैदेशिक सम्बन्ध विस्तार गर्न । हुन त श्री ३ पद्मले नेपालभित्र बाहिर दुवैतिर हेर्न कोशिश नगरेका हैनन्, तर भित्रभन्दा बाहिरको दृश्या-वलोकनले उनको प्रयासलाई बढी सफलता प्रदान गऱ्यो ।

२००३ साल जेष्ठ (सन् १९४७ मे २४) मा पूर्वतर्फका कमाण्डिङ जर्नेल बबर शम्शेर भिक्ट्री मार्चमा भाग लिनलाई लण्डन गएका; त्यहाँ उनले बृटेनका प्रधानमन्त्री एटली, भारतका सचिव श्री पेथिक लरेन्सलाई भेटेका, ओजस्वी राजन्यको तकमा बृटेनका राजा भारतका बादशाह छैठौं जर्जलाई प्रदान गरेका, ज. शंकर शम्शेर तक्मादलमा लण्डनमा सरिक भएका, अमेरिकी राष्ट्रपति भी. ट्रमेन, स्टेट सेक्रेटरी जनरल मार्सल र फ्रान्सका राष्ट्रपतिहरूलाई भेटी तक्माको आदान-प्रदान गरेको पूर्ण विवरण पूर्व लेखमा विस्तार भइसकेको छ । नेपाली प्रतिनिधि मण्डलको अमेरिकन यात्राको फल-स्वरूप २००४ सालको वैशाखमा (नेपाल अमेरिकन दौत्य सम्बन्ध स्थापना हुनुभन्दा दश महीनाअघि) नेपाल-अमेरिका बीच मैत्री तथा व्यापार सम्झौता सम्पन्न भयो। जस अन्तरगत नेपालले अमेरिकालाई मोष्ट फेभर्ड नेसन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट्रीमेन्ट दिन मञ्जूर गऱ्यो । यस्तो सर्तमा नेपालले विदेशसंग वाणिज्य सन्धि गरेको यो पहिलोवाजि थियो ।

२००४ सालमा नै काठमाडौंको वृटिस र लण्डनको नेपाली दूतावासको स्तर बढी पू. क. ज. केशर बृटेनमा प्रथम एम्बेसडर भए। २००४ साल फागुन (१९४६ फरवरी २८ तारिख)मा लण्डनस्थित नेपाली राजदूत केशर शम्शेरले राष्ट्रपति ट्रुमेनलाई आफ्नो ओहदाको प्रमाण-पत्र पेश गरेको केही दिनपछि दिल्लीस्थित अमेरिकन राजदूतले (मिनिष्टर) याण्डहेण्डरसनले नेपालमा आफ्नो ओहदाको प्रमाण-पत्र पेश गरे । वाशिंगटनबाट लण्डन फर्किंदा नेपाली राजदूत केशर शम्शेरले लेक सकसेसमा संयुक्त राष्ट्र संघका सेक्रेटरी जनरल मी. ट्रीग भेनलीलाई भेटी, नेपाल राष्ट्र संघको सदस्य हुन इच्छुक छ भन्ने कुरा बिच्छाए ।

नेपालको इतिहासमा सर्वप्रथम २००३ सालमा एक निजी व्यापारी मण्डलले बृटेनको भ्रमण गऱ्यो । यसका सदस्य थिए सर्वश्री जुद्धबहादुर श्रेष्ठ, अयसनारायण सिंधानीया र मी शाह। श्री कुलधर्मरत्न तुलाधरले त्यस साल ल्हासामा नेपाल-तिब्बत व्यापार बढाउने ध्येयले वाणिज्य संघ खोले।

भारत स्वतन्त्र हुनुभन्दा एक हप्ताअघि बृटेन, भारत र नेपालका प्रतिनिधिको गोरखा फौजको कुरालाई लिएर त्रि-दलीय वार्ता काठमाडौंमा हुँदा सरगिर्जा शंकर वाजपेयीले भारतको प्रतिनिधित्व गरेका थिए । भारतस्थित गोरखाली फौजमध्ये दुई तिहाई भारतमा र एक तिहाई बृटेनमा रहने रेगाना त्यही वार्तामा लाग्यो । गोरखा फौजलाई नेपाल र भारतमा हिन्दूको खिलाफ लडाइने छैन भन्ने शर्तभित्र पनि नेपालले भारत सरकारलाई त्यसै बखत छिरायो । स्वतन्त्र भारतसंग नेपालले तुरुन्तै सम्बन्ध बढाउने ध्येयले-नेपाल-भारत बीच २००२ सालमा दौत्य सम्बन्ध जोडी ज. सिंह शम्शेर भारतमा र श्री सुरजीतसिंह मजेरिया नेपालमा राजदूत नियुक्त भए।

एशियाका राष्ट्रलाई एक जुटमा बाँध्ने स्वतन्त्र भारतको प्रथम प्रयास अनुरूप २००३ साल चैत्र (सन् १९४७ मार्च २७)मा २५० सदस्यको एशीयन रिलेसन सम्मेलन दिल्लीमा भयो । गौरवसाथ सबैजसो एशीयाली राष्ट्रले त्यसमा भाग लिएका थिए । नेपालको सार्वभौमसत्तालाई उकासने र अरू एशीयन राष्ट्रका प्रतिनिधिहरूलाई भेटी विचार-विमर्श गर्ने यो प्रथम औसर नेपालले पनि छोपी, मे. ज. विजयको अध्यक्षतामा एक नेपाली प्रतिनिधि मण्डल दिल्ली गयो । प्रतिनिधि मण्डलका अरू सदस्यहरू थिए मे. ज. सुवर्ण शम्शेर, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सरदार गुन्जमान सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रो. रत्नबहादुर बिष्ट, क. खड्गनरसिं राणा र श्री सूर्यप्रसाद उपाध्यायहरू ।

•त्यस समारोहमा विजयले दिएको भाषणबाट सम्मेलनकी अध्यक्ष श्रीमती सरोजिनी नाइडू अति प्रभावित भएको खबर पत्र-पत्रिकामा छापियो । भारतका प्रधानमन्त्री पण्डित जवाहारलाल नेहरू पनि त्यही बेला देखि मे. ज. विजयसंग प्रभावित भएका पछिसम्म प्रभावित नै रहे ।

नेपाल सरकारको अनुरोधमा श्री प्रकाश गुप्तको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डल नेपालको वैधानिक सुधारमा सल्लाह दिन, विहार राज्यका खाद्यमन्त्री श्री अनुग्रहनारायण सिन्हा, र सचिव श्री वि. डि. पाँडे र हाल बङ्गालका राज्यपाल नेपालबाट खाद्यान्न लिने कुरा गर्न र लर्ड लेडी माउन्ट बेटन अनौपचारिक भेटघाटलाई नेपाल आए । (भारतका बडा लाठ सत्तामा छँदै काठमाडौं आएको यो पहिला बाजि थियो । अनेक निहुँ पारी अनेक भारतीयहरू पनि २००३ सालतिर नेपाल धाउन थालेका थिए ।)

२००४ सालमा ज. कृष्ण, राष्ट्रपति च्याङकाई सेकलाई भेट्न चुंगकिंग गए । १९६८ सालपछि नेपाली प्रतिनिधि चीन गएको यो पहिलो औसर थियो । चीनबाट भने पुरानो सम्बन्ध कायमै राख्ने ध्येयले १९८७, १९८९, १९९१, १९९३ सालसम्म सौगात र तक्मा लिएर चीनिया प्रतिनिधिहरू नेपाल आउँदै गर्दथे । त्यसबेला नेपालको मुन्सीखानाका डाइरेक्टर जनरल ज. कृष्णको च्याङकाई सेकसंग भएको भेट मुलाकात, सामयिक र महत्त्वपूर्ण दुवै थिए भन्न पर्दछ ।

यो सामयिक थियो, कारण, भरखरै नेपालले आपनो दक्षिणको छिमेकीसंग राजदूत स्तरमा दौत्य सम्बन्ध जोडी दिल्लीमा दूतावास खोलेकोले उत्तरको छिमेकीसंग पनि कुरा गरी पुरानो सम्बन्ध नवीकरण गर्नु पनि उत्तिकै नितान्त आवश्यक थियो । यो महत्त्वपूर्ण पनि थियो, कारण, नेपालले आपनो दौत्य सम्बन्धको दायरा विस्तार गर्ने क्रममा उत्तरको छिमेकी राष्ट्र चीनसंग सम्बन्ध नजोडीकन अन्यत्र बताउँदा त्यो पूरा भएको ठहरिंदैनथ्यो र संयुक्त राष्ट्र संघको सदस्य हुनलाई पेकिंगको राजनीतिक बाटो गरी लेकसकसेस जान नेपाललाई त्यसबेला निकै पाहिक पनि पर्दथ्यो । कारण, राष्ट्रवादी चीन त्यसबखत सुरक्षा परिषद्का चिर स्थायी सदस्यमध्ये एक थियो र चीनको नेपालप्रतिको शुभेच्छा परम्परादेखि नेपालले चीनको आडभरोसा मान्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएको तथ्य सर्वविदित थियो ।

१९०४ सालमा नेपालको चीनसंग दौत्य सम्बन्ध जोडिएको भए, जनवादी गणतन्त्र चीनले नेपालसंग शुरूदेखिन् नै सम्बन्ध कुन् गाढा पार्दै लैजाने ठूलो सम्भव थियो भन्ने कुरालाई त २०११ सालपछिको नेपाल-चीन बीच द्रुतगतिले बढेको घनिष्ट सम्बन्धले पुष्टाइ गर्दछ । यसरी चीन, अमेरिका, भारत र बृटेनसंग मैत्री सम्बन्ध बढाउने उद्देश्यले २००३।४ सालतिर नेपालले बाहिर हेर्‍यो । २००२ सालअघि बृटेनसंग मात्र कूटनैतिक सम्बन्ध भएको नेपालको २००४ सालमा अमेरिका र स्वतन्त्र भारतसंग राजदूतको आदान-प्रदान हुनको साथै राष्ट्रवादी चीनसंगको अति पुरानो सम्बन्धको नवीकरण र अमेरिकासंग वाणिज्य सन्धी भयो । त्यसबखत यतिकै कूटनैतिक विस्तारलाई पनि ठूलो चहलपहल सम्झिन्थ्यो र यसको अनेक अर्थ र अनर्थ लगाइएको थियो । खास गरेर धनाढ्य र अणुबमधारी अमेरिकीसंग सम्बन्ध विस्तार गर्न अति इच्छुक नेपाल, सो भएकोमा गौरव मानेको थियो ।

जुनसुकै कारणले होस् त्यसबखत नेपालले बाहिर हेरेकोमा भारतमा डेराडण्डा गरी बसेका केही अराष्ट्रिय त्यसबेला पनि नेपालबाहिर बसी राज-नीति गर्ने नेपालीलाई त्यस्तै भन्दथे । नेपाली राजनीतिज्ञहरू निकै सन्केका थिए । त्यसबखत नेपालभित्र कोचिएर बसेका अकर्मण्य राणा सरकारले घाँटी तानेर बाहिर हेर्दा, भारतमा थच्चिएर बसेका राष्ट्रवादी नेपाली कांग्रेसका नेताहरू स्वभावतः क्वारक्वार्ति खाली नेपालभित्र मात्र हेर्दथे । नेपालले खालि भारतसंग मात्र आफ्नो सम्बन्ध घनिष्ट पारे पुग्यो, जत्ति धेरै राष्ट्र-संग सम्बन्ध जोडियो त्यति समस्या थपिन्छ र खर्च बढ्दछ; नेपालले अमेरि-कासंग दौत्य सम्बन्ध जोड्नको एक मात्र ठोस कारण हो राणा सरकारले आफू धानिने प्रयास गर्न खोजेको भन्ने उनीहरूले भारतमा बसेर कुरा काट्दथे र आरोपपूर्ण अर्थ लगाई भारतमा प्रचार गर्दथे । नेपालले भारतबाहेक अरू राष्ट्रसंग कुनै खास सम्बन्ध जोड्न पर्ने प्रयोजन छैन भन्ने भारतवासी नेपाली र नेपालभित्र कुनै ठोस विकासको काम नगरी बाहि-रका राष्ट्रसंग खरखुसामत गर्ने राणा सरकार दुवै वास्तविकता अवश्य नै निकै पर थिए । दुवैको सोचाइ संकुचित, र अराष्ट्रिय थियो, नेपालको वास्तविकताको ख्याल गर्न र राष्ट्रिय दृष्टिकोणबाट हेर्न हो भने ।

१. उहिले उहिले चीनका बादशाहको चिट्ठी लिएर नेपाल आउने दूत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई त्यसबखतको सरकारले वालाज्यूमा स्वागत गर्न नेपाली प्रतिनिधि पठाउँदथ्यो । वादशाहको चिट्ठीलाई ३१ तोपको सलामी दिई बग्गीमा राखेर हनुमान ढोका ल्याइन्थ्यो । यो सबै विधि अपनाउनको खास कारण थियो, लँनमा बसेका बृटिश रेसिडेन्टलाई नेपालको चीनसंग घनिष्ट सम्वन्ध छँदैछ भनी देखाउन र तर्साउन ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६

महिला बोलिन्

श्री ३ पद्मको अठाईस महीनाको राजकाजमा धेरैजसो समय नेपालमा वैधानिक कानून तर्जुमा गर्न, जनतामा नयाँ राजनीतिक जोश जगाउन र परराष्ट्र सम्बन्ध विस्तार गर्नमा लागेकोले, नेपालको अति आवश्यक आर्थिक विकासतर्फ नगण्य काम भयो । श्री ३ जुद्धको पालामा शुरू मात्र भएको "औद्योगिक व्यापारिक समाचार संग्रह अड्डा" को काम र योजनाबद्ध तरीकाले नेपालको आर्थिक विकास गर्ने जोश दुवै श्री ३ पद्मको पालामा निकै सेलाए ।

खालि पूर्व-पश्चिम राजमार्ग बनाउने पुरानो निर्णय कार्यान्वयन गर्न खटिएका ले. क. सूर्यजंग थापा र मे. क. नृपजंग राणाले बीरगंजबाट पूर्व-पश्चिममा अलि अलि बाटो खोस्रन संम शुरू गरे; (त्यसलाई पद्ममार्ग भन्दथे) । यूरोपका राष्ट्रमा भइरहेको आर्थिक विकासको प्रक्रिया अध्ययन गरी के कसो गर्नाले नेपालको छिटो आर्थिक विकास हुन सक्तछ त्यसको प्रतिवेदन पेश गर्नू भनी २००४ सालको शुरूमा मी. सु. भीमबहादुर पांडेलाई अह्रावट भयो; र जनसंख्या विभाग, औद्योगिक व्यापारिक समाचार संग्रह अड्डामा गाभिई नयाँ ढाँचाले जनसंख्या लिने योजना बन्यो ।

श्री ३ पद्मको त्यो छोटो शासनकालमा नेपालमा सबभन्दा ठूलो मार पऱ्यो भरखर भरखर हुर्कन थालेको नेपालको उद्योगधन्धा माथि । श्री ३ जुद्धले भन्दा बढी चाँडो नेपालको औद्योगिक विकास गर्ने ध्येयले, श्री ३ पद्मले, त्यसवेला भारतमा नअटाएका, अलि जालीखालका निकै भारतीय– श्री लायल्का, सुद जस्तालाई नेपालमा उद्योगधन्धा खोल्ने स्वीकृति प्रदान गरे । यी छट्टु भारतीयहरूले केही बगमफुस नेपालीसंग मिली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालगंज, बीरगंज, जनकपुर र विराटनगरमा कपडा, सनपाट, चिनी इत्यादिका कारखाना खोल्ने निहुँले उठाएका शेयर नेपालीहरूले विराटनगर मिलको सुनौला कथा सम्झी आँखा चिम्लेर किने ।

तर ती तथाकथित भारतीय पूँजीपतिले कम्पनी खोल्ने र शेयरको लाभांश दिने त कुरै परजावस्, शेयर होल्डरले किनेको शेयरको पहिला किस्ता पनि दमपच पारेकाले, नेपाली जनताको लिमिटेड कम्पनीप्रतिको पुरानो भावनामा कुठाराघात पऱ्यो । श्री ३ जुद्धको पालामा जत्तिको नेपालीहरू क्षेत्र-रमुखी थिए अब उत्तिकै त्यसको विरोधी भए । कुनै कुरामा एकबाजी गएको जनविश्वास फेरि बिउँत्याउन गाह्रो पर्ने हुँदा, त्यसबेलादेखि लिमिटेड कम्पनीप्रति नेपालीको मरेको मन पछिसम्म मरेको मरिनै भयो ।

श्री ३ जुद्धको पालामा खुलेका लिमिटेड कम्पनीका म्यानेजिंग एजेन्टले पनि पछि पछि आफू मोटाउने र कम्पनी दुब्लाउने खोटी तरीका अपनाउन शुरु गरेकाले पनि जनताको नयाँ खुल्ने भनेका कम्पनीप्रति अनास्थाको भावना २००४ सालतिर थपिन थालेको छन् झन् थपिंदै गयो । उद्योगको जस्तै चाला भयो कृषि र वन् यातायात विकासको । कृषिको चाँडो विकास गर्ने चर्चा चल्दा चल्दा दिल्लीबजार चारखाल अड्डाभित्रको सानो चौटा चहुरमा पो कृषि विभागले कृषिको चमत्कार देखाउन तरकारी खेती लगायो । कृषि विकासको नाममा चारभन्ज्याङ्ग भित्रका गौचरहरू वितरण भए। विभिन्न चाकडीदार र छट्टुहरूको नाममा । परवानीपुर कृषि फाराम ऋयाङ्गीनको बदला सुक्दै गयो, वनविशेषज्ञ मी. एभीथीजलाई मी. रतौडी (पुराना माष्टर ईश्वरीदत्तका छोरा) ले बदले पनि लिलाममा तराइको जंगल बेच्ने प्रथा र हिन्दुस्तानी ठेकेदारले मनमानी नेपालको जंगल काट्ने चलन रोकिएन; पूर्वपश्चिम बाटोको डोब खनिए पनि खास प्रगति भएन; बिजुली थपिएन, नहर बनेन. खानेपानीको नयाँ प्रबन्ध भएन ।

श्री ३ चन्द्र शम्शेरको पालामा सरदार बटुकृष्ण मैत्रीय र श्री ३ भीम शम्शेरको पालामा बडाकाजी रत्नमानले नेपालमा चुरोट झिकाउने एकलौटी ठेक्का (चुरोटको हट्टी) पाए झैं श्री ३ पद्मको पालामा सुब्बा हिरामान शेरचनले ठूलै (तीनलाख रूपैयाँ) रकम प्रधानमन्त्रीलाई सालिन्दा सलामी चढाएर जनतालाई पैसा खिल्ली चुरोट खवाउने सर्तमा, चुरोट हट्टीको ठेक्का पाए । नेपालमा त्यतिन्जेल पैदा नहुने चुरोटजस्तो पदार्थ पैठारी गर्न एक व्यक्तिलाई एकाधिकार दिएकोमा धेरैको चित्त बुझेको थिएन र श्री ३ पद्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारततर्फ लागेपछि त्यो ठेक्का पनि धेरै दिन टिकेन।

श्री ३ पद्म प्रधानमन्त्री हुँदा नेपालको राजस्व कति उठ्दथ्यो, त्यो त अनभिज्ञ नै थियो। जे जत्ति उठेको होस्, साबिक दर-साबिकदेखि भएको निकासा खर्चभन्दा मो. रू. सात लाख बाउन्न हजार चार सय छयालीस र भा. रू. बाईस लाख बासट्ठी हजार चार सय बढी रकम (जुन रकम अघि प्रधानमन्त्रीको बाहुली दाखिल हुन्थ्यो), नेपालमा पुल, बाटो, अस्पताल, म्यूनिसिपलेटी, छापाखाना, स्वास्थ्य र शिक्षामा खर्च गर्न सालवसाली निकासा भएको कुरा प्रधानमन्त्रीको २००४ साल जेष्ठको घोषणामा परेको थियो (त्यसबेला नेपालको कूल राजस्व अन्दाजी मो. रू. तीनकरोड हुँदो हो, त्यस मध्येबाट पैंतीस लाख रूपैयाँ जत्ति थप लगति खर्च निकासा हुनु पनि त्यसबखत ठूलो कुरा सम्झिन्थ्यो)।

त्यो थप खर्चमध्ये सबभन्दा बढी रकम नेपालको शिक्षा विकासमा भयो– नेपालमा चाँडो शिक्षा प्रचार गर्ने श्री ३ पद्मको ताक हुँदा। २००४ साल जेष्ठ ३ गते श्री ३ पद्मले देशबासीको नाममा दिएको सन्देशमा "नयाँ सेशनको शुरू देखिन् नै सदरमा सात स्कूल खोल्ने इजाजत प्रदान भैसकेको छ" भने। त्यसअघि नेपालमा शिक्षण संस्थाहरू सबैजसो सरकारबाट चलेका थिए र तिनीहरूमा निःशुल्क पढाइ हुन्थ्यो; दरबार स्कूल र त्रि-चन्द्र कलेज कत्तै पनि विद्यार्थीले फी (शुल्क) तिर्न पर्दैनथ्यो।

श्री ३ पद्मको पालामा जनता आफैले श्री ३ सरकारको स्वीकृति लिएर स्कूल खोल्न पाउने मौका (हक) पाए। निजी क्षेत्रमा चाँडो स्कूल खुलाउनू भन्ने हुकूम तत्कालीन चीफ-इन्स्पेक्टर अफ स्कूल श्री हृषिकेश शाह-लाई भयो (शाहजीले पनि मो. सु. विश्वमणिलेजस्तै श्री ३ पद्मलाई देश विदेशका छापा पढेर पनि सुनाउँदथे) र उनले ठाउँ ठाउँमा नयाँ माध्यमिक र निम्न माध्यमिक स्कूलहरू खोलाए। जनताले २००३ सालमा पनि आफ्नै खर्चले स्कूल खोल्न र छोराछोरी पढाउन पाउने निकासा आजकलको संदर्भमा मामुली कुरा भए तापनि, त्यसबखत त्यो के के न थियो।

२००३ सालदेखिन् नै नेपालमा पनि भारतमाजस्तै शिक्षालाई बढी व्या-वसायिक बनाउने धुन चलेको थियो। भारतमा त्यस्तो किसिमको शिक्षाका प्रबर्धक थिए महात्मा गाधी र मि. जाकेर हुसेन (पछि राष्ट्रपति)। यसलाई आधार शिक्षा अथवा वार्धा शिक्षा व्यवस्था पनि भनिन्थ्यो। नेपालमा वर्धा शिक्षा प्रचार गर्ने धुनमा लागेका थिए शिक्षा विभागका डाईरेक्टर जनरल, क. ज. मृगेन्द्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असिष्टेण्ट डाईरेक्टर श्री जीतेन्द्रबहादुर शाह, प्रिन्सिपल रूद्रराज पांडेहरू। नानकिंगमा भएको नयाँ शिक्षा व्यवस्थासम्बन्धी छलफलमा भाग लिन सरदार नरेन्द्रमणि आचार्य दीक्षित पठाइए। श्री ३ पद्मको शासनकालमा नेपालमा धेरैजसो विषयमा काम भन्दा कुरा, छलफल र वादविवाद हुने क्रमअनुरूप नेपालमा व्यावसायिक शिक्षा चलाउने कुरा मात्र भयो काम उस्तो भएन। शिक्षा विकास र अरू त्यस्तै नयाँ नयाँ विचार श्री ३ पद्म शम्शेरका मनमा फुराई दिने अरू पुराना व्यक्तिहरू थिए, प्रिन्सिपल श्री रूद्रराज पाँडे, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, गोरखापत्रका सम्पादक प्रेमराज पीडेलहरू, सही राष्ट्रिय शिक्षा देश विकासको मूलभूत आधार हुँदा, २००३।४ सालतिर नेपालमा थोर बहुत शिक्षाको विकासतर्फको त्यो प्रयास प्रगति सूचक गनिएको थियो।

२००३।४ सालतिर नेपालमा यदि कुनै कुराको ठोस प्रगति केही भयो भमे त्यो हो नारी शिक्षाको। त्यसअघि स्वास्नी मानिसले स्कूलमा गएर पढ्ने कुरा त परै जावस् घरैमा पनि पढ्ने बहुतै कम चलन थियो। कथमकदाचित्, हुनेखाने कसैले आफ्ना छोरीहरूलाई पढाउन खोजे भने, त्यो पनि बालखकालमा, निकै बूढा पण्डित र माष्टर लगाएर पढाउँदथे। एकाध स्वास्नी मानिसले थोर-बहुत नेपाली पढे तापनि अंग्रेजी पढ्नेको संख्या त औंलामा गन्न सकिन्थ्यो। स्वास्नी मानिसलाई अंग्रेजी पढाउनु बेकार सम्झिन्थ्यो। नारीहरूले पनि कुनै दिन पढ्लान्, जागीर खालान्, नेपालको विकास कार्यमा सहभागी बन्लान् र अनेक संघ, संगठन खोल्लान् भन्ने त २००४ सालमा नेपालमा मानिसले सपना पनि देखेका थिएनन्। धर्मशास्त्रमा नारीको स्थान उक्चै भए पनि घर-व्यवहारमा निकै तल परेको थियो। हरिपृया काण्डपछि (श्री ३ देव शम्शेरकी रानीले जंगबहादुरका सन्तानतर्फ लाग्नाले कुलमा झगडा भएको) कुनै प्रधानमन्त्रीका रानी महारानीले पनि प्रत्यक्ष रूपले र जाने भएर राजकाजमा हस्ताक्षर गर्न मौका पाएनन्।)

२००४ साल जेष्ठ ४ गतेको श्री ३ महाराजको ऐतिहासिक भनिएको भाषणमा, "नेपालमा कन्या स्कूलहरू पनि खोलिने छन्। तर तिनमा विशेष गरी नेपाली नारीको चोखा शीलस्वभावमा हानि नहुने प्रबन्ध गर्नु छ", भन्ने परेको थियो। त्यसबखत नेपालमा प्रधानमन्त्रीले कुनै कुरामा आफ्नो मन्तव्य व्यक्त गरेपछि त्यो वज्रलेप हुन्थ्यो। त्यसमा कसैले पनि यता-उति, तल-माथि पर्ता भनी नसोच्ने चलन "नेपाली नारीको चोखो शीलस्वभाव" अब पनि यथावत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहने भयो भनेर बुढापाकाहरू ढुक्क थिए ।

श्री ३ को त्यस भाषणमा टेकेर सर्वप्रथम क्षेत्रपाटीमा कन्या मन्दिर (स्वर्गीय बझांगे राजा जय पृथ्वीबहादुर सिंहका रानीले दिएको चन्दा समेत-बाट) र दिल्ली बजारमा मे. ज. वसन्त शम्शेरका दरबारमा पद्म कन्या स्कूल खुले । त्यतिका शताब्दीसम्म पिछडिएका, घरमा कर्के झ्याल पारेर बाहिर हेर्ने, ताम्दानमा मुख नदेखिने गरी र छाता ओडी साथी लिएर घरबाट बाहिर जाने मध्यम वर्गका नेपाली नारीहरूले, ती कन्या पाठशाला खुले-पछि, हातमा पुस्तक लिई, एवलै, ठाडो शिर गरेर, बाटामा डटेर हिंडेको देख्दा पुरानो विचारधारा भएका मानिसहरू, बाँच्यो भने यस्तो पनि देख्न पाइँ-दोरहेछ भनी गजप खाए । त्यसवेलासम्म अशिक्षा, अन्ध विश्वास र कुरीतिका शिकार बनी, कोठामा कोचिएका मध्यम वर्गका नेपाली नारीको निमित्त त नेपालका पद्म शम्शेर टर्किका कमल पाशा भने हुन्छ ।

निकै ढिलाएर बोल्न थालेको बालक, बोल्न थालेपछि अरूहरूलाई पनि जित्ने किसिमले वाकपटु भए झैं, २००४ सालमा बोल्न थालेका केही नेपाली महिलाले पछि पछि त पुरुषहरूलाई पनि उछिनेर बोल्न थाले-यही नारी शिक्षा नै थियो श्री ३ पद्म शम्शेरको नेपाली समाज सुधारमा सबभन्दा ठूलो देन । नारी शिक्षाले नेपाली समाजलाई चौपट पार्दछ भन्ने त्यो भस्मासुर विचार कति गलत रहेछ भन्ने कुरा २००४ सालपछिको शिक्षित नारीहरूले विभिन्न क्षेत्रमा देखाएको चमत्कारले साबित गर्दछ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७

हात्ती आयो हात्ती आयो फुस्सा

"राजर्षी महाराज" ले २००२ साल माघ १४ गतेका मुख्तियार पद्म शम्शेरलाई ३ चांद लगाई दिंदा "नेपालमा रामराज्य ल्याएस्" र जंगीलाठ मोहन शम्शेरलाई "भरतले रामलाई गरेको जस्तै सेवा दाजुलाई गरेस्" भन्ने अर्ति, उपदेश र आशिष दिएथे। नेपालमा त्यसअघि कुनै राणा प्रधानमन्त्रीले नगरेको वैधानिक सुधार गरी, १९९७ सालमा श्री ५ त्रिभुवनले भिन्नभिन्न चिताइवसेको र नेपाल प्रजापरिषद्ले खुलम्खुल्ला घोषणा गरेको प्रजातन्त्रलाई स्थापना गरेर नै रामराज्य ल्याउने" विचार श्री ३ पद्म शम्शेरको शिरमा त्यस वेलादेखि सवार भयो।

यस नौलो उद्गारलाई उनले तीनचांद लगाएपछि "म दुनियाँको सेवक हुँ" भनेर व्यक्त गरेथे। राणा-व्यवस्थाअन्तरगत सर्वशक्तिवान् प्रधानमन्त्रीले आफूलाई दुनियाँको सेवक भन्नु अपमानकारक ठानिन्थ्यो। नेपालमा प्रायः उठान र बैठानले मेल नखाने पुरानो परिपाटी हुँदा, उनका अरू रोलवाला दाजुभाइहरूले शुरूमा त श्री ३ पद्मको त्यो चंगाजस्तो उडन्ते र वेतालको नयाँ विचारलाई खास महत्त्व दिएनन्– काग कराउँदै छपिना सुवतै छ भनी। राणा-व्यवस्थाले नेपालमा बलियोसंग जरा गडेको छ, राणा-परिवार अजोड छन् र राणाजीले १९०३ सालमा तरवारले लिएको राजकाज तरवारकै भरले अझ धेरै वर्ष चलाउन सकिन्छ भन्ने भ्रममा उनीहरू ढुक्क थिए। श्री ३ जङ्गबहादुरको कुर्वानीले हत्याई दिएको, श्री ३ चन्द्रको चतुर्याईले जमाई दिएको र श्री ३ जुद्धको बलले थामिदिएको त्यो राणा-शासन, जनशक्तिमा आधारित नहुँदा, दिगो र दरीलो छैन भन्ने भेद त्यसवेलासम्म रोलवाला राणाजीलाई खुलेको थिएन।

२००३ साल पौषमा तीस वर्ष नाघेका सबै रोलवाला राणाजी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूसंग श्री ३ महाराजबाट नेपालमा वैधानिक सुधार के कस्तो पर्दछ भनी पन्धू दिनको म्याद दिई राय सुझाव मागे । २००३ साल मार्ग १४ गते (आफू प्रधानमन्त्री भएको दिन) नेपालको कल्याणको निमित्त आफूले विचार गरेको आयोजना प्रकट गर्ने छु भने र २००३ साल माघमा सबै भारदारहरूलाई वैधानिक सुधारसम्बन्धी प्रश्नावली वितरण गरी उनीहरूको सुझाव मागे[1]।

धेरैजसो भाइभारदारहरू त्यसबखत दक्षिणपन्थी रोलवाला राणाजीको इशारामा नाच्ने खालका हुँदा, श्री ३ जंगबहादुरले रीतिथितीमा कनि खलबल गर्न हुन्न र नेपालमा आज जे छ त्यही नै पर्याप्त र ठिक छ भनी राय श्री ३ पद्मलाई व्यक्त गरे । निगाह र चाकडीले त्यतिञ्जेल जीवन निर्वाह गरेका ती धेरैजसो भारदारहरूले आजन्म भोगी आएको व्यवस्था बदलिने सुझाव गरी आफ्नो खुट्टामा कसरी आफैंले बन्चरो चलाउँदथे र वैधानिक सुधार गरी पुरानो राणा-व्यवस्थालाई पर सारियोस् भन्दथे । त्यस्तो विपरीत सल्लाहको बावजूद पनि श्री ३ पद्मले २००३ साल फागुन २ गते सबै जंगी निजामती अफिसरलाई बोलाई "नेपालमा सुधार गर्ने बारेमा सबैसंग राय सल्लाह लिंदै छु, ठहरेपछि सुनाउँला" भने ।

२००४ साल वैशाख १५ गते सुधार समिति गठन भयो । त्यस समितिको अध्यक्षमा द. क. ज. बहादुर शम्शेर र अरू सदस्यहरूमा ज. सिंह शम्शेर, ज. कृष्ण शम्शेर, मे. ज. मृगेन्द्र शम्शेर, मे. ज. ब्रम्ह शम्शेर, मे. ज. शारदा शम्शेर, मे. ज. विजय शम्शेर, नायब वडागुरुज्यू हेरम्बराज पाँडे, वडाकाजी रत्नमान सिंह, सरदार गुन्जमान सिंह, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, क. सुवर्ण शम्शेर, सदस्य सचिवमा नियुक्त भए ।

बहादुर शम्शेरले अध्यक्ष पदबाट राजीनामा दिएपछि ज. सिंह शम्शेर समितिका अध्यक्ष भए । २००३ साल वैशाखमा सबै जंगी निजामती अफिसरहरूलाई टुंडिखेलमा जम्मा गरी श्री ३ पद्मले नयाँ विधान बन्न लागेको कुरा सुनाए र २००४ साल जेष्ठ ३ गते सबै भारदार जंगी निजामती कर्मचारीलाई विशालनगर दरबारमा सामेल गराई नेपालमा ठूलो राजनीतिक परिवर्तन ल्याउन लागेको छु भन्ने ऐतिहासिक भाषण गरे[2] । त्यसै भाषणमा परेको थियो प्रस्तावित वैधानिक ऐनको रूपरेखा ।

---

१. परिशिष्ट २

२. श्री ३ पद्म शम्शेरको "ऐतिहासिक भाषण र त्यसमा गो. प. को टिप्पणी" परिशिष्ट– ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुधार समितिमा नयाँ नयाँ कुरा चल्न थालेकोले र केही सदस्यहरू प्रस्तावित सुधारमा बहुतै थोरै परिवर्तन ल्याउने र कसैले ठोस परिवर्तन गर्ने कुरा उठाएको हुँदा, समितिमा छलफल भएका कुरा ठीक वेठीकमा केहुन् भनी निराकरण गर्नलाई भारत सरकारबाट कानूनवेत्ताहरूको सहायता माग्दा, श्री श्रीप्रकाशगुप्तासहित तीन भारतीय विशेषज्ञ नेपालमा आए। नेपालको राणा सरकारले भोगी आएको शक्ति हतपत छाड्ने तालसूर नदेखी, श्रीप्रकाशले गान्धीयन खालको पञ्चायती व्यवस्था नेपालले अपनाए वेस होला भन्ने सिफारिशको झटारो हानेर भारत फर्क्यो।

नौ महीनासम्म अनेक छलफल, वादविवाद भएर "वैधानिक कानून" बन्यो। २००४ साल माघ १३ गतेका दिन त्यो कानूनको श्री ३ पद्म शम्शेरले विशालनगर दरबारमा घोषणा गर्दा, "मुलुकलाई दल-पद्धतिको भूमरीमा धकेली उम्मेदवारको योग्यताबाट भन्दा दल समूहको बन्दोबस्तको जोरले निर्वाचन हुन जाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिने छैन" भन्ने समेत कुरा पारी, बोले[1]। बजेट पनि पारित नगर्ने, हुकूम पनि नछाड्ने र प्रधानमन्त्रीको स्वइच्छामा राजकाज चलाउने पुरानै व्यवस्था यथावतै राख्ने कुरा सो कानूनबाट निधो लाग्यो।

रामरूपी श्री ३ पद्मले फोस्रो वैधानिक सुधारको घोषणा गरी आफूले चिताएको रामराज्यलाई समयान्तरमा भरतरूपी मोहन शम्शेरलाई कार्यान्वयन गर्ने उधारो अभिभारा सुम्पे– बिरालोलाई मासु पैंचो दिए झैं गरी। नेपालीको निमित्त त्यो अजीवको "वैधानिक कानून" को नाटकीय घोषणा भयो– हात्ती आयो हात्ती आयो फुस्सा भनेजस्तो। असल र प्रगतिशील कानून बन्दैमा देशको कल्याण नहुने कुरा त स्वयंसिद्ध छ; त्यसमाथि पनि, चण्डी पाठ गरे झैं पढेर छाडेको नयाँ अपुरो वैधानिक कानूनले जनतामा विपरीत असर पार्‍यो।

उधारो आशाले मन पिलस्याउँदछ भने कैं, श्री ३ महाराज पद्म शम्शेरले दिन्छु भनेको प्रजातन्त्र नपाउँदा नेपाली जनता २००४ साल माघ-फागुनताका अति खिन्न थिए। राणा-व्यवस्थामा प्रधानमन्त्रीको स्थान जत्तिसुकै शक्तिशाली भए पनि, ऊ फितलो वेभरको र डरपोक छ र रोलवालाहरू उसको विरुद्धमा एक मुखभई एकोहोरिए भने, श्री ३ को केही लाग्दो रहेन छ भन्न अर्को दृष्टान्त बने पद्म शम्शेर। जतिसुकै प्रगतिशील विचा-

---

१. २००४ सालको वैधानिक कानून

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रको नेताको पनि हद गोत्रो व्यवस्थासंग टक्कर पर्दा, व्यक्ति एकिलयो भई र त्यसले जनविश्वास गुमायो भने त्यसको हार हुन्छ। पद्म शम्शेर एकला थिए। राजकाजको शुरूमा उनलाई समर्थन गर्न श्री ३ जुद्ध र श्री ३ वीरका सन्तानले पनि समयान्तरमा हात छिकिदिएपछि उनी फेरि एकलाकै एक्लै भए।

पद्म शम्शेरमा नेतृत्वका गुण कम थिए। अरूले सुन्याइदियो भने बढि सर्ने; अरूले जे सुनाइदियो त्यही चाँडो पत्याइदिने र तताइदियो भने मात्र तात्ने मानिस धेरैवेर नटिके झैं उनी पनि चाँडै नै सेलाइए। उनी आफ्नो रमा आएर त्यसरी हच्कनाको एक कारण थियो, त्यो हो, नेपालमा राज्य नीतिक सुधार गर्ने हो भने प्रधानमन्त्रीले वार्षिक तीनलाख रुपैयाँको तलबमा चित्त बुझाउन पर्दछ भन्ने मुख्तियार मोहन शम्शेरको उनलाई धम्की, भन्ने कुरा पनि गाइगुइँ सुनिन्थ्यो। नेपालमा बजेट पास गर्ने व्यवस्था बसाली प्रधानमन्त्रीको तलब वार्षिक रु. ३ लाख (तीन सरकारको तीनलाख) ठेक्न पर्दछ भन्ने कुरा प्रसंगमा चल्दा तीन लाखे प्रधानमन्त्री को हुन चाहन्छ भनी केही रोलवाला वरिष्ठ राणाहरू च्याँठिन्थे आर्थिक नियन्त्रणभित्र बस्न उनीहरूको मन नहुँदा।

जङ्गबहादुरपछि खाली वीर, चन्द्र, भीम र जुद्ध शम्शेरहरू माथि नमरून्जेल नेपालमा प्रधानमन्त्री भएथे (श्री ३ वीरले रणोद्दीपलाई मारी र खड्ग शम्शेरलाई धपाई, चन्द्र शम्शेरले श्री ३ देव शम्शेरलाई पदच्युत गरी श्री ३ भीम शम्शेरले "सी" क्लास रोलवालालाई "ए" क्लासको खिलाप भित्रभित्र जगाई, उठाई र श्री ३ जुद्ध शम्शेरले "सी" क्लासका रोलवालालाई लखेटी र आफ्नो खूबीको प्रदर्शन गरी आसन सुरक्षित राखे)। त्यस्तो परिस्थिति श्री ३ पद्म शम्शेरलाई परेन अथवा उनको आत्मकमजोरीले गर्दा पार्न सकेनन्। एकतन्त्रे शासन र उदारवादी नीति आगो पानी कुकुर बिरालाजस्तो अमिल्दो तत्त्व हुँदा, धेरै रोलवाला राणाजी मिली उनलाई त्यसबेला नेपाल छोडेर जान वाध्य बनाए-यस शम्शेरलाई अब धेरै दिन नेपालमा टिकाएको खण्डमा राणा-व्यवस्था नटिक्ने अवश्यम्भावी देखेकाले। नयाँ वैधानिक कानूनको घोषणाको लगत्तै नेपाल छाडेर जाने शर्तमा, सो कानूनको श्री ३ पद्मबाट घोषणा गर्ने दिने कुनै भित्री सञ्चो तय भएको कारणले नै उनले चांडै नेपाल छाड्न परेको हो।

जुन आशा शुरूमा जनताले श्री ३ पद्ममा राखेका थिए, २००४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालको तथाकथित वैधानिक कानूनको घोषणापछि त्यो खाग भयो । राजकाजमा शक्ति हत्याउनु एक कुरा हो, त्यसको सहि तरिकाले कार्यान्वयन गर्नु अर्को कुरा हो; श्री ३ पद्मले त्यो सर्वशक्तिको त्यसबखत सदुपयोग गर्न सकेनन् भन्ने कुरा प्रष्ट छ । जत्तिसुकै पूनित भावनाले प्रेरित भएको नेता किन नहोस्, त्यसमा लगनशीलता, हिम्मत, दूरदर्शिता र काम गर्ने गराउने खूबी र दक्षता छैन भने त्यस्ताको हातमा जत्रोसुकै ठूलो शक्ति परे पारी दिए पनि बाँदरको हातमा नरिवल परेजस्तो हुन्छ, भन्ने ज्वलन्त दृष्टान्त श्री ३ पद्म बने । मुखले केही नभने तापनि मनमा श्री ३ पद्मले आफ्नो हार सकारी हरेस खाए (ज. कृष्णको अनन्त प्रयासबाट मात्र उनको त्यो वैधानिक कानूनको घोषणासम्म गर्नेसम्म धोको पुग्यो) ।

त्यसैले २००४ साल फागुन १८ गते शुक्रवारको दिन उनले साथमा एक करोड चौधलाख रुपैयाँ (उनको धेरै वर्षको वचतसमेत जोडी) भुत्ते हुकुम र मुख्तियारको हान्ने मार्ने छोरा मे. ज. विजयलाई साथ लिएर भारत पसे (प्रधानमन्त्री नेपालवाहिर जाँदा मुख्तियारको मुख्य गतिशील छोरा साथै लैजाने क्रममा) । उनले राजर्षी "महाराज" ले जस्तो नेपाल छाड्दा आपनो उत्तराधिकारीलाई तीनचांद लगाई दिएनन् । भाइभारदारलाई उपहार पनि प्रदान गरेनन् लामो भाषण पनि दिएनन् ।

कारण, उनका भित्रियाहरूले उनी भारततिर जाँदा जनताले उनको बाटो छेक्दछन् र उनलाई अगि बढ्न दिन्नन्, भन्ने खालको बगमफुसे कुराले उनको कान भरी दिएका थिए । दुनियाँले बाटो छेके भने सायत् नेपालमै अड्न पर्दछ कि भन्ने उनको दोमन थियो । दरबारीयाहरूको कुरा र विचार जनमत हो भनी पत्याउने र तदअनुसार काम गर्ने त्यो खतरनाक प्रथा नेपालमा नौलो होइन । जो अगाडि पऱ्यो त्यही असल ठान्ने, दरबारीयाले जे भन्छ त्यही ठिक साँचो भन्ने, आपनो विवेक सुन्ने प्रधानमन्त्रीहरू प्रायः यस्तै मृगतृष्णाको फेला परेका घटना नेपालको इतिहासमा धेरै पाइन्छ र दरबारभित्रै गुडुल्किएर बसी सीमित भित्रीया र वेभरका गुप्त चरका कुरा सुनी राजकाज चलाउन खोज्नु अर्काका आँखाले हेर्नुजस्तो हो ।

त्यसैले विचरा श्री ३ पद्म पनि त्यस्तो भ्रमणमा परे । अनि उनी वरगी चढेर रुँदैरुँदै टुंडिखेलका बाटो भारततिर लागे– दुनियाँले उनको बाटो छेक्दछन् भन्ने आफ्ना दरबारियाको गफ पत्याएर । कसैले पनि उनको बाटो छेकेनन् । अनि साथमा भुते हुकुम लिएर उनले चन्द्रागिरीको नेटो काटे– काठमाडौंमा टिक्न नसकी । यसरी नेपालमा प्रजातन्त्र ल्याउन खोज्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही व्यक्तिको दोश्रो प्रयासले पनि आलु खायो ।

श्री ३ जुद्ध राजर्षी हुने बेलामा, "भरतले रामलाई गरेजस्तै सेवा गरोस्" भनी मोहन शम्शेरलाई दिएको अर्ती र आशीष लाग्यो– रामचन्द्रले राजपाठ भरतलाई बुझाएर परदेश लागे झै श्री ३ पद्मले मोहन शम्शेरलाई आफ्नो राजपाठ सुम्पेर विदेश लाग्नुपर्ने अवस्था परेकोले । तर भरतले खराउ पूजा गरी श्री रामको प्रत्यागमन पर्खेर बस्नेजस्तो त्यो जमाना थिएन। त्यसैले मोहन शम्शेरले पनि पर्खेनन् । नेपाललाई जापानजस्तो बनाउँदछु र शिक्षाको प्रचार गर्दछु भन्दाभन्दै राजा भएको तीन महीनाभित्रमा श्री ३ देव शम्शेर निस्कासित गरिएझैं. २८ महीनासम्म प्रजातन्त्र जप्दाजप्दै श्री ३ पद्म स्वयम् निसकासिए ।

यसरी नेपालमा प्रजातन्त्र ल्याउने कुरा त परै जावस्, त्यसको उच्चारण गर्दैमा श्री ३ पद्म पन्छाइएजस्तै नेपालमा आर्थिक विकास गर्ने चेष्टा गर्दागर्दै श्री ३ जुद्धले बाटो तताएथे । देशमा आर्थिक विकास गर्ने र प्रजातन्त्र ल्याउने प्रक्रिया ल्याउने खतरनाक, लामो र विकट हुन्छ । अधिकांश देशवासीहरू शिक्षित, सम्पन्न, बहुजन हिताय र बहुजन सुखायको पुनीत भावनाले प्रेरित भएपछि मात्र देश विकास र प्रजातन्त्रको बाटो खुल्दछ भन्ने सत्य ती दुई घटनाले साबित गरे ।

तर त्यसबेला नेपालका भाग्यविधाताजस्ता रोलमा माथि पुगेका सबै "ए" क्लास एक-से-एक रोलवाला राणामध्ये धेरैजसो नेपालमा कुनै आर्थिक र राजनीतिक परिवर्तन ल्याउन कत्ति चाहँदैनथे भन्ने कुरा माथि दोहरिइसकेको छ । त्यसबेला सबैजसो जनता अशिक्षित र गरीब थिए, केही शिक्षित र धनीहरू देशविकास गर्न र प्रजातन्त्र ल्याउनको निमित्त अनिवार्य कुरा– त्याग र तपस्या, गर्न तयार थिएनन्; मुठीभर चेतनशील नेपालीहरू या त पद्म शम्शेरसंग मिच्छिएर भारत पसे अथवा मोहन शम्शेरसंग डराएर चुपचाप बसे । पडोसी भारत भरखर स्वतन्त्र बनेको थियो; चीनको गृहयुद्धमा राष्ट्रवादीहरू हार खान थालेका थिए अमेरीका रुस नयाँ ताराझैं उदाएका थिए र वृटेन सेलाउन थालेको थियो । यस्तो अनिश्चित थियो विश्व र नेपालको अवस्था र वातावरण २००४ सालमा श्री ३ पद्म शम्शेरले नेपाल छाडेर भारततिर जाँदा ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-२

श्री ३ पद्मबाट राजकाजमा सुधार गर्नेबारे नेपालका मुख्यमुख्य भारदारसंग गरिएका प्रश्न

संसारभर जहाँ पनि डिमकरसी वा रिसपोन्सिवल गभरनमेन्ट प्रचलित भएको र २।३ मुलुक जहाँ हाल छैन तहाँ पनि डिमकरसी नै आखिरमा खडा गर्न पर्छ भन्ने भाव र विचार सारा जगतमा फैलिएको सबैलाई विदितै हुनु-पर्छ। फेरि हिन्दूस्थानमा पनि अब परिस्थिति चाँडै निकै बदलिने पक्का भई इन्डिअन् स्टेटसमा समेत धमाधम कन्स्टिटूशनल रिफर्म इन्ट्रोडिउस गरिरहे-काले हामीले मात्र यो फोर्स कति दिन रोक्न सकौंला भन्ने लाग्दछ। तसर्थ हामीले पनि हालैमा राजनैतिक सुधार केही नगरेमा पछि बाहिरबाट या भित्रै-बाट पनि कर लागी गर्न परेमा झन् नराम्रो नतीजा होला।

१. केही चेन्ज वा रिफर्म गर्ने कि नगर्ने ?

२. गर्नुपर्ने ठहराउँछौ भने कुन प्रकारले गरे हाम्रो देश र परिस्थि-तिलाई सुहाउँदो होला ?

३. हाम्रो विचारमा त हाललाई एउटा वडी कन्सिस्टीइङ्ग अफ नोमीनेटेड यान्ड इलेक्टेड मेमवर खडा गरी सो वडीमा शुरूको लागि–

(क) मदेशबाट जेठा रती र जिमिदारले छानेका सदस्य——४
(ख) पहाडबाट " " " "——४
(ग) राजधानीबाट भाइभारदारले छानेको "——२
(घ) " पढेलिखेका भलादमीले छानेको "——२
(ङ) " महाजनहरूले छानेको "——२

———
१४

(च) नमीनेटेड मेमवर ——————————१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जम्मा २८ राख्न कसोहोला ?

४. पहिले शुरूमा इनीहरूलाई मुलकी ऐनको छलफल गर, हाल यो काम तिमीहरूलाई तालिम दिन सुम्पिएको हो, पछि कामको वाफिक हुँदै गएपछि अरू जवाफदेही काम पनि दिने छु भनी घोषणा गर्ने । तर राजकाजी र जंगी ऐनमा डिस्कस् गर्न नदिने।

५. यहांका र जिल्ला जिल्लाका नगरपालिकाहरू चुनिएको समूहद्वारा चलाई पूरा जिम्मा उनीहरूलाई नै दिने बन्दोवस्त गर्ने ।

६. दुनियाको अधिकार बोल्ने, लेख्ने र संघ संस्था खोल्न पाउने स्वतन्त्रतामध्ये कतिसम्म दिन ठीक पर्ला ?

७. यो सुधारहरूको नतीजा हेरी २।२ वर्षवाद संशोधन गरी बढी अघ्तियारी दिने छु भन्ने घोषणा गर्नुपर्ला ।

भूमिकाको एक जवाफ र अरू दफा-दफाको एक जवाव लेखी महत्वपूर्ण कुरा हुनाले राम्रो विचार गरी १५ दिनभित्र चढाउनू।

माघ २००३

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसूची-३

श्री ३ महाराजको ऐतिहासिक भाषण

कान्तिपुर ज्येष्ठ ३ गते । आज विशालनगर दरबारमा श्री ३ महाराजबाट एउटा महत्त्वपूर्ण भाषण वक्सियो। उर्दी भएका भाइभारदार, अफिसर र कलेजका विद्यार्थीहरू पनि विशालनगर दरबारमै भाषण सुन्न आएका थिए। यो अभूतपूर्व महत्त्वले युक्त भएको भाषणले साराका मनमा एउटा नवीन उमंग पैदा गराएको प्रष्टै बुझिन्थ्यो,

भाइभारदार र सज्जनहरू

हामीबाट यस राज्यको अभिभारा उठाइवक्सेदेखि मौकामौकामा देश र दुनियाको उन्नतिको लागि हामीबाट भएका र हुन लागेका योजना र उपदेश तिमीहरू सबैले जानीबुझिसकेकै छौ दुनियाको उन्नतिको लागि हामीले राज्यभार बोकेदेखि अहिलेसम्ममा साबिकदेखि चलिआएको सालिन्दा निकासामा पटकपटक गरी मोहरु ७,५२,४४६ र नोट रु. २२,६२,४०० थप वक्सेको पनि तिमीहरूलाई थाहै छ। सो सब निकासाहरूको योग्य ढांचासंग खर्च गरिने बन्दोबस्त भएपछि देशमा शिक्षा, बाटो र पुल, अस्पताल, म्युनिसिपलटी, छापाखाना, इत्यादि सबै विभागमा अचेलको भन्दा राम्रो काम हुन जानेछ भन्ने हाम्रो पूरा आशा र भरोसा छ।

पोहर साल मार्ग १४ गतेको दिन हाम्रो मुलुकको कल्याणका निमित्त मैले विचार गरेका आयोजना प्रकट गर्ने छु भनेको थिएँ। फाल्गुन २ गते तिमीहरू सबैलाई जम्मा गरी मैले राजनैतिक सुधारको निमित्त भाइछोरा भारदारहरूको राय लिन लागिरहेको छु, सबैको सल्लाहले ठेगान भएको ठहर फेरि सुनाउनेछु भनेको थिएँ। संसारभरि जहाँतहीं अचेल सरकारहरूमा सकेसम्म प्रजालाई सरीक गराउँदै ल्याएको तिमीहरूलाई थाहै छ। त्यस्तो प्रबन्धबाट यहाँ पनि देश र दुनियाको उन्नतिमा ठूलो मद्दत हुन जाला भन्ने लागी त्यस बारेमा छलफल गर्न लागिरहेछु भनी मैले तिमीहरूलाई भनिसकेकै छु। त्यस्तो प्रकारको राज्यव्यवस्थाले सफलतापूर्वक काम चलाउ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नालाई देशका सबै निवासीहरूको सहयोग चाहिन्छ। तसर्थ त्यो उद्देश्य हासिल गर्नालाई दुनियां शिक्षाको प्रचारले राजनैतिक विषयहरूमा र आपनो कर्तव्यको ज्ञानमा समेत तालीम हुनुपर्छ, त्यति भए मात्र दुनियांले सरकारको सहयोग गरी आफूले पाएका अधिकारहरूको योग्य व्यवहारद्वारा देशको उन्नति-कार्यमा हिस्सा लिन सक्ने हुन्छन्, म फेरि पनि दोहऱ्याउँछु कि यस कामलाई मुख्य असल शिक्षाको दरकार छ। दुइ चार अक्षर पढ्न जान्नु भन्दैमा अब हामी सब कुरामा पोख्त भयौं, सबै कुरामा पण्डित भयौं भनी घमण्ड गर्न थाले, सो थोरै ज्ञानले सहायता वा उन्नति गराउने सट्टामा सोही नै खतडा बन्न जान्छ। जस्तो कि हालैमा २–४ जना बेबुद्धिका मानिसहरूले अन्यत्रको देखासिकी गरी वहकावटमा लागी, आफूले नजानेका कुराहरूमा चल्न खोज्दा र आफूले उच्चारण गरेका शब्दको मर्मसम्म पनि नबुझ्दा देशमा एक विनाअर्थको हल्ला र खलबली मच्चिन खोजेको थियो। स्वदेशप्रेमी पठित मानिसको त यो कर्तव्य हो कि हरेक उपायद्वारा देशका विभिन्न समुदायमा सद्भाव र एकता कायम राखी स्वदेशको अन्तर्राष्ट्रिय स्थितिलाई झन् बलियो र परराष्ट्रहरूबाट सम्मानित गराउनुपर्छ। तर यो हल्लामा दौडनेहरूले स्वदेशको अमूल्य रत्न स्वाधीनतामा नै कुठाराघात गरी देशभित्रका बासिन्दाहरूमा राग, द्वेष र दूषित भावको आगो सल्काइन खोजेका हुन्। यस्ता कामबाट देशको वास्तविक उन्नतिमा बाधा हुने मात्र होइन कि अझ उल्टो ठूलो नोक्सानसमेत हुन जान्छ। तिमीहरूले यो कुरा बुझेकै हुनुपर्दछ कि संसारमा कुनै सरकारले पनि थितिको विरुद्धमा षडयन्त्र वा दुनियाँलाई उभाड्ने प्रयत्न भएको चुपलागेर हेरिरहन सक्तैन। हामीले पनि त्यसरी झुटा दोषारोप र प्रपग्याण्डाद्वारा वगावत फैलाउन खोज्नेहरूसंग शक्तिको साथ बर्ताव गर्नु आवश्यक मात्र होइन कि सरकारको कर्तव्य पनि हो। देशमा शान्ति र श्रृंखलाको परिस्थितिको भंग हुन नदिनु नै हरेक सभ्य सरकार र दुनियाँको धर्म र प्रथम कर्तव्य हो भनी मैले तिमीहरूलाई बताइरहनु पर्दैन।

कोहीकोही अपराधीहरूको देशको शान्तिमय परिस्थितिलाई नचाहिंदो ढाँचासंग भंग गर्ने भाव देखिन्छ तापनि हाम्रो दुनियाँको वास्तविक शुद्ध मति र राजभक्तिमा भरोसा र विश्वास भएको हुनाले हाम्रो वचन कायम राखी अघि तिमीहरूलाई सूचना गरेको राज्यव्यवस्थाको सुधार र तिमी दुनियाँहरूलाई शासनमा अहिलेभन्दा पनि बढ्ता सरीक गराउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजनाको सारांश सुनाउन चाहन्छु । मैले १९ गते वैशाखको दिन टुंडि-खेलमा हाम्राफौज र निजामती अफिसरलाई समेत सम्बोधन गरी भनेको पनि तिमीहरूले सुनेकै होलाऊ। मुलुकको भलाइ हुने कुरामा हामी कदापि पछि हटिबक्सने छैनौं। साथसाथै मुलुकको लागि हानिकारक ठहरेको चांहि कुरा हामी सर्वथा गरिबक्सनेछैनौं। यो मैले कसैसंग डराएर वा कसैको जोरले गरेको होइन, कर अथवा डरले शासन चल्न सक्तैन भन्ने मलाई पूरा थाहा छ। उपद्रवीहरूको कारवाईले गर्दा यो कुराको घोषणा गर्ने अहिले बखत होइन भन्ने एक मनले लागे तापनि मुलुकका भलाइको विचार ली मैले अघिदेखि अठोट गरी राखेको कुरा तिमीहरूलाई सुनाउन चाहेको हुँ। श्री राम र श्री पशुपतिनाथले मलाई यो सुअवसर दिनुभएकोमा वहाँहरूको पाउ सम्झी हृदयदेखि प्रार्थना गर्दछु कि वहाँहरूको आशीर्वाद र कृपाले यो योजना देश र दुनियाको सुख र सुमृद्धिको उन्नतिमा चिरस्थायी मद्दत हुन जानेछ।

हाम्रो देशमा जनताले स्वाधीनताको हक बिलकुलै पाएका छैनन् भन्ने समझ गल्ती हो। विदेशमा प्रचलित भएका किसिमका Civic rights (सिभिक राइट्स) हाम्रा प्रजालाई के कतिसम्म थप दिएदेखि मुलुकको कुनै प्रकारको हानि नभई फाइदा हुने होला, अथवा राष्ट्रिय शान्ति भंग नहुने होला भन्ने विचार गरीकन मात्र गर्नुपर्ने हुनाले यस विषयका जानिफकार देशबाट झिकाई उनको राय लिई हाम्रो मुलुकको परिस्थितिलाई सुहाउँदो अधिकार बढाउने बन्दोबस्त भएको छ। Freedom of the press भएको ठाउँमा पनि छापालाई जरिबाना हुने, छापा नै बन्द हुने पनि हुन्छ। Freedom of speech भएको ठाउँमा पनि बोलेकोमा पक्राउ र थुनाउ हुने हुन्छ। Freedom of association भएको ठाउँमा पनि मौका हेरी पाँच जनाभन्दा बढी एकै ठाउँमा जम्मा हुन नपाइने हुन्छ भन्ने सुनी यहाँका मानिस यो के कसो हो भनी जिल्ल परेका हुनाले यस विषयका अधिकार र हदका नियमहरू राम्ररी बुझ्नाका निमित्त पनि जानि-फकारलाई झिकाइबक्सेको छ। निज आउनासाथ सल्ला गरी नियम खडा भएपछि सवाल सनद गर्नालाई लाग्ने उचित समयवाद तिमीहरूलाई सो पनि सुनाउनेछु । तर यस विषयमा म तिमीहरूलाई संझाउन चाहन्छु कि कुनैकुनै अधिकार जो हाम्रा दुनियांले भोग गरिआएका छन् सो अरू धेरै ठाउँमा प्रचलितै होवैनन्, जस्तो कि हाम्रा किसानहरूले आफूले कमाएका जग्गा कुत तिरिरहेसम्म सरकार वा वितावार कसैले पनि मोहियानी हक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झिक्न पाउँदैन, औ आपनो मोहियानी हक सट्टापट्टा बन्धकी वा वेचबिखन समेत गर्न पाउँदछन् ।

हामीबाट खडा गरिबक्सेको सुधार समितिले वैशाख १५ गतेदेखि काम शुरू गरी राजनीति र अरू चाहिने विषयमा नियमावली तर्जुमा गर्न लागेका छन् । निर्वाचित भएका अर्थात् elected र सरकारबाट तोकिएका अर्थात् nominated सदस्यहरूको सभा खडा भै काम चल्नुपर्दछ भन्ने हाम्रो राय छ । यो संस्थाको अधिकार र कार्य प्रणाली, संख्या, सदस्यहरू र तिनलाई छान्ने निर्वाचकहरूका बारेमा हाल छलफल हुँदैछ । यी सब विषय र अहिले तयार हुने भएको सुधारको योजनामा हिन्दुस्थानमा दशदश वर्षको म्याद राखेका थिए तापनि यहाँ ३ देखि ५ वर्षभित्र वा अरू तोकिएका समयसमयमा अख्तियारी थप गर्ने बारेमा सो समेत माथि भनेका जानिफकारद्वारा पनि हामीलाई सल्लाह प्राप्त हुनेछ ।

सदर र देशभरिका विभिन्न जिल्ला इलाकामा निर्वाचित म्यूनिसिपलटि र डिस्ट्रिक्टवोर्ड खडा गरी स्थानीय अधिकार सुम्पिदिनेछौं । यस विषयमा स्थानीय संस्थाहरूलाई दिइने अख्तियार र सीमाहरू, उनले काम चलाउनलाई चाहिने आमदानी उठाउने बन्दोबस्त इत्यादि कुराहरूमा पनि सुधार समितिले आयोजना गर्दै छन् ।

देशको न्याय विभाग पृथक गरी एक स्वाधीन न्यायाधिकार खडा गर्ने बन्दोबस्त हुने छ ।

विद्याको महत्त्वको बारेमा मैले तिमीहरूको ध्यान बराबर रूजु गराएकै छु । नयाँ सेसनको शुरूदेखि हालसाल महीनाभित्रैमा सदरमा मात्र ७ स्कूल खोल्ने सरकारी इजाजत गएकोबाट सबैले शिक्षामा रुचि देखाई धमाधम स्कूल खुल्दै गएको सुन्दा मलाई खुशी लागेको छ । सबै सरकारले मात्र धेरै निर्वाह हुँदैन । सरकारले जो सकेको स्कूल कलेज राखी अरू दुनियाँले राख्न खोजेकोमा समेत मद्दत गरिबक्सेकै छ र गरिबक्सने पनि छ। कन्या-स्कूलहरू पनि खोलिनेछन् । तर तिनमा विशेष गरी नेपाली नारीको चोखाशील स्वभावमा हानि नहुने प्रबन्ध गर्नुछ ।

नेपालमा ज्यू धनको संरक्षा भैसकेको छैन भन्ने कसैको भनाइ छ भन्ने सुन्दछु । तर बितेको शताब्दीभरीमा नेपालमा जस्तो ज्यूधनको संरक्षणमा खलबल नभएका देश थोरै मात्र होलान् । त्यसो भए तापनि समयानुसार यस बारेमा पनि केही गर्नुपर्ने भए सो हुनेछ ।

हाम्रा यहाँका प्रजा हाम्रा नजरमा जति प्यारा छन् प्रवासी नेपालीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि उत्तिकै प्यारा छन् । हिन्दुस्थानमा आजकल धेरै गोलमाल भैरहेकोले त्यहाँ भएका हाम्रा भाइबहिनीहरूलाई अनेक संकष्ट र आपत् परेको सुन्दा हामीलाई बडो दुःख लाग्दछ । निजहरूको कष्टनिवारणको निमित्त हामीले यहाँबाट जो हुन सक्ने गरी, हिन्दुस्थान सरकारसंग लेखापढी गरिरहेकै थियौं । तर ती उपायहरूले मात्र अवस्थालाई पर्याप्त रूपले सामना गर्न नसकेकोले जो चाहिने बन्दोबस्तको लागि जहाँजहाँ दरकार देखिन्छ ती ठाउँहरूमा हाम्रा नेपालीहरूको हेरचाहको निमित्त कन्सल राख्नाको प्रयत्न र अरू जो चाहिने बन्दोबस्तसमेत चाँडै गरिबक्सनेछ।

सरकारको अर्थबलको अन्त नदिनू दिए छिमेकीहरूबाट हेला हुन्छ भन्ने नीति छ तापनि मुलुकको आम्दानी र खर्च पनि के कति रहेछ भन्ने तिमीहरूलाई भ्रम होला भनी अब उप्रान्त मुलुकको आम्दानी खर्चको फाँटवारी प्रकाश गरिनेछ ।

हामी र हाम्रा भाइ छोराहरूको दृढ आकांक्षा यो छ कि यो हाम्रो पुण्यभूमि नेपालका प्रजा सबै उन्नत र शिक्षित भई यो राज्यको शासनमा पूर्णरूपले भाग लिन सकून् । यो महान् उद्देश्य तुरुन्त हासिल हुन सक्ने होइन; तर श्रीपरमेश्वरको कृपाले हामी सबैले स्वदेशप्रेमले उल्लासित भई यस काममा सहयोग गर्न सक्यौं भने आकांक्षा पूर्ण हुनालाई धेरै समय लाग्नेछैन भन्ने हाम्रो विश्वास छ । परमेश्वरबाट तिमीहरूलाई सद्बुद्धि मिलोस् । सरकारले दिएको यो अवसरको राम्रो उपयोग गरी परम्परादेखि चलिआएको परस्परको मेलमिलापको रहनसहन कायम राखी तिमीहरूले देश र दुनियाँको सुख र समृद्धि बढाउँदै जान सक्नेछौं भन्ने हाम्रा अभ्यन्तरको आशा र शुभ कामना छ । परमेश्वरले तिमीहरू सबैंको कल्याण गरून् ।

अन्त्यमा श्री ३ महाराजबाट हुकुम भो:–
मेरो भनाइको मतलब के हो भने
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु माकश्चित् दुःखभाग् भवेत् ।

यो विचारलाई श्री पशुपतिनाथले पुऱ्याऊन् । यो कुराको राम्रै हिसाबले कार्यमा परिणत हुनका निम्ति त वर्ष ६ महीना लाग्न्यै कुरा हो। मैले अहिले भनेका कुराहरू राम्ररी तिमीहरूले बुझ्ने छौ भन्ने आशा लिएको छु ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखापत्रको संपादकीय
२००४ साल जेष्ठ ४ गते

नेपालको नवयुग

संवत् २००४ साल ज्येष्ठ ३ गतेको दिन नेपाल इतिहासमा स्वर्णाक्षरले अंकित हुनेछ। हिजो हामीहरू मध्ये जतिले श्री ३ महाराजवाट बक्सेको भाषण सुन्न सौभाग्य पायौं त्यतिले त्यस दिनको महत्त्व राम्ररी बुझ्यौं। हाम्रा देशभरिका र बाहिरका समेत दाजुभाइ दिदीबहिनीहरूले पनि यो परम सुखको अवसरको सकभर चाँडो ज्ञान र आनन्द प्राप्त गर्न सकून् भन्ने हेतुले श्री ३ महाराजको भाषण आजको संस्करणमा छापी प्रकाश गर्नाको हाम्रो उद्योग सफल भएकोमा हामी अत्यन्त खुशी छौं।

श्री ३ महाराजको भाषण यत्तिको महत्त्वपूर्ण छ कि प्रत्येक हाम्रा पाठकले त्यसलाई ध्यानसाथ पढी अर्थ बुझ्ने चेष्टा गरी आफूभन्दा विद्या बुद्धिमा कम भएका आफ्ना भाइबहिनीमा समेत त्यसका चर्चाद्वारा यो महान् कार्यको उपयुक्त प्रशंसा र दुनियाँलाई यस्तो अभूतपूर्व अधिकार बक्सी आफ्नू प्रजावात्सल्य र देशप्रेमको एक चरम प्रमाण बक्सने हाम्रो श्री ३ महाराजका उपरका शुद्ध प्रेम र राजभक्तिको प्रचार गराउनुपर्दछ। यो ऐतिहासिक घोषणाले गर्दा हाम्रा मनमा उठेका विचार र व्याख्याद्वारा हामी हाम्रा पाठकहरूका मद्दत गर्ने इरादा ली आपनू मन्तव्य प्रकाश गर्दछौं। हुनता भाषणको एकएक शब्दलाई सूत्र मानेर त्यसको व्याख्या र टीका गरे तापनि भाषणमा रहेको विचार र सिद्धान्तको सारगाम्भीर्य प्रकाश गर्न गाह्रो हुने हो, तैपनि दुइ चार मुख्य कुराहरूको विषयमा केही भन्नालाई ती हाम्रा पत्रको सीमित स्थानले पनि भ्याउन सक्नेछ।

हिजो श्री ३ महाराजबाट जो घोषणा गरिबक्स्यो सो तुरुन्तको विचारको फल होइन भनी हामीले आपना पाठकवर्गलाई बताउनु पर्दैन। राज्यभार ग्रहण गरिबक्सेको दिनदेखि आजसम्मका हाम्रा पुराना अंकहरूमा हेरेमा सरकारको मनमा यी सुधारहरूको प्रयोजन र महत्त्वको बारेमा के भावना रहेछ सो तुरुन्त देखिनेछ। सिन्दूरयात्राका, राज्याभिषेक, जन्मोत्सव, राज्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भार ग्रहण गरिबक्सेको शुभ दिनको प्रथम जयन्ती, इत्यादि सबै उपलक्ष्यहरूमा श्री ३ महाराजाबाट जो बोलिबक्सियो सो सबैले यही दिनलाई लक्ष्य गरि-रहेको थियो। काम जत्ति ठूलो हुन्छ, त्यसको जग बसाल्नलाई उत्ति कठिन हुन्छ, उत्तिकै समय लाग्दछ भन्ने कुराको यसले प्रमाण दिन्छ। प्राय: डेढ वर्ष अघिदेखि मन्तव्य गरिबक्सेको यो योजनाका बारेमा सरकारबाट कति विचार गरिबक्स्यो होला कति सरसल्लाह ली भाइछोरा भारादार दुनियाँमा यस बारेमा राय बुझिबक्स्यो होला सो हामी पनि अनुमान गर्न सक्छौं, समय लाग्नाको अर्को एक कारण यो पनि छ कि जुन बखत यो कुराको उठान भयो त्यस समयमा हाम्रो दुनियाँबाट यस्ता योजनाप्रति उस्तो प्रतिग्रहात्मक भावना पाइन सकिएन। सरकारबाट पनि कुन प्रकारको सुधार देशको वर्तमान परिस्थितिलाई सुहाउँदो हुन जाला त्यसको यथार्थ निरूपण गरिबक्सनाको दरकार थियो। तसर्थ यो आयोजनाको घोषणालाई यति समय लाग्न गएको कारण हामी बुझ्न सक्छौं, यसलाई धेरै समय लाग्यो भन्नलाई भने हामी असमर्थ छौं, किनभने राष्ट्र र जातिको सयकडौं वर्ष-सम्म कायम रहने जातीय जीवनको नयाँ इमारत खडा गर्नुपर्ने महत्त्वको काममा अथवा जातीय इतिहासमा डेढ वर्षको म्यादलाई लामो भनी सर्वथा वर्णन गर्न सकिन्न।

यति गवेषणा गरिबक्सेर पनि श्री ३ महाराजबाट सुधारका आयो-जनाको केवल विस्तीर्ण सिद्धान्तहरूको उच्चारण गरिबक्स्यो, नकि तिनका विवरणहरूको। यसैबाट पनि यो कार्य कत्तिको महत्त्वपूर्ण र विचार गर्नु-पर्ने रहेछ हामी बुझ्न सक्दछौं। सरकारबाट खडा गरी दिबक्सेको अस्थि-पञ्जरलाई रक्तमांस दी सजीव गराउने अथवा सरकारबाट खिची दिबक्सेको रूपरेखालाई कौशलनाथ भरी एक सजीव चित्र बनाउने काम ती विदेशबाट आउने वैधानिक विषयका अनुभवसिद्ध, ज्ञानी र उनका सल्लाहले ज्ञान-प्राप्त भएका सुधार समितिको हो। यो भन्नाको आवश्यकता छैन कि सुधारको योजनाका जो विवरणहरू बन्ने छन् ती देशको वर्तमान आवश्यकताहरूलाई पूर्ण गराउने प्रकारका हुनुपर्दछ, औ त्यो अवश्य अचेलको विश्वव्यापी प्रगतिको अनुरूप हुनुपर्दछ।

सरकारको यो घोषणाको एकाग्रतापूर्वक अध्ययन गर्दा यसमा रहेका धेरै कुराहरू देखिन आउँदछन्। झट्टसंग हेर्न अधैर्य र हतपतले विचारशक्ति-लाई धमिल्याउन गएका जति सबै मानिसले हाम्रो कुरामा विचार गरून्। अहिलेको घोषणामा सरकारको दृढ आकांक्षा भनी वर्णन गरिएको लक्ष्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजालाई शासनमा क्रमशः बढ्दै जाने रूपसंग सरीक गराउँदै लैजाने विचार प्रष्टै देखिन्छ । यस देशका प्रजा सबै उद्यत र शिक्षित भई यो राज्यको शासनमा पूर्णरूपले भाग लिन सकून् भन्ने वाक्यको अरू के अर्थ हुन सक्दछ ? यो आकांक्षा कत्तिको उदार र उच्च हो हामीले पाठकहरूलाई बताइरहन पर्दैन । देशका शासकहरूको यहाँभन्दा के बढ्ता कर्तव्य हुन सक्दछ ? सरकारको सो आकांक्षा र मनसाय बुझी अब दुनियाँले पनि आफूलाई सर्व तहरबाट ल्याकतदार बनाई भार बोक्न सक्ने गराउनु नै उनको सर्वश्रेष्ठ र प्रथम कर्तव्य हो । गोरखापत्रले आज नेपालको प्रत्येक घर घरमा यही सन्देश पुऱ्याउने प्रयत्न गर्दछ ।

सिभिक राइटस अर्थात् नागरिक हकका बारेमा अचेल धेरै कुरा सुनिन्छन्, तर ती कुरा गर्नेहरू मध्ये कतिले आफूले उच्चारण गरेका शब्द-हरूको अर्थ बुझेका छन्, त्यस कुरामा सन्देह नै छ । ती अधिकारहरू यहाँ हुँदै नभएका होइनन् । परदेशमा नचलेको एक अधिकारको श्री ३ महाराजबाट उल्लेख गरिबक्स्यो । यहाँ हामी सबैले उपभोग गरी आएका अरू त्यस्ता अधिकार मध्ये यिनीहरू पनि छन्, व्यक्तिगत कुशलता र स्वातन्त्र्यको हक, आत्मरक्षाको हक, धर्मका आचरणका स्वतन्त्रता, पारिवारिक हक, सम्पत्तिका भोग गर्ने अधिकार, छल कपट र हरप्रकारका अपराधबाट बचाउका अधिकार, इत्यादि बाँकी रहेका मुख्य हकहरू मध्ये बोलचाल, राय प्रकाशन र सम्मे-लनका अधिकार पनि यहाँ हुँदै नभएका होइनन्, तर यिनको राजनैतिक दृष्टि-कोणबाट व्यवहारमा कतिसम्म स्वतन्त्रता हाम्रो मुलुकको वर्तमान अशिक्षित र अनभिज्ञ परिस्थितिलाई सुहाउँदो होला त्यसको विचार हो । त्यसका निमित्त बाहिरबाट विशेषज्ञ झिकाई ठेकान गरिबक्सनु बहुतै योग्य र मुना-सिब कुरा हो । यी स्वतन्त्रताहरूको अविवेकपूर्ण व्यवहारले गर्दा जो खलबल र अशान्ति उठ्ने सम्भावना छ त्यसको बचाउ गर्नालाई संसारका सब देशहरूले ऐन कानून बनाएका छन् जसको श्री ३ महाराजबाट भाषणमा सूचना गरिबक्सेको छ । हाम्रा यहाँ पनि बन्देज नभई केवल स्वतन्त्रतामात्र खोज्यो भने त्यस्तो स्वतन्त्रता स्वतन्त्रता रहँदैन, अराजकता बन्न जान्छ । किनभने स्वतन्त्रताको माने नै यही हो कि मानिसहरू ऐन परिस्थितिको बन्देज भित्र बस्दछन्, नकि तिनीहरू ऐनको नै अन्त्य चाहन्छन् ।

सबै सभ्य मुलुकहरूको दुनियाँले यो पनि बुझ्न पर्दछ कि आफ्नू कष्ट असुविधाहरू सरकारमा जाहेर गर्दा, अथवा आफ्ना मागहरू पेश गर्दा, कुनै हालतमा पनि ऐन कानूनको सीमालाई उल्लंघन गर्नु हुँदैन । खास गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिले सय वर्षभन्दा बढीको दीर्घ समयसम्म आफन्त गरिएर राखेको यो नेपाल राज्यका प्रजाले ती यस बारेमा बडो सावधानीसंग चल्नुपर्दछ शान्ति र श्रृंखलाको पद्धति एकपल्ट खलबलियो भने त्यसको फल कस्तो हुन्छ, सो उपद्रवको विस्तार र गति कति हुन्छ, सो कहाँसम्म पुग्दछ, यी सब कुरा हामी हाम्रा छिमेकी भएर रहेको हिन्दुस्थानजस्तो महान् प्रदेशमा अचेर दुर्भाग्यवश चलिरहेको परिस्थितिबाट राम्ररी बुझ्न सक्दछौं। तसर्थ मुलुकको शान्तिमय परिस्थिति भंग हुन आस्था गराउनामा हामीले सकभर बचाउ गर्नु अत्यावश्यक छ। यस अवस्थामा यदि कोही बलात्कार उपायको प्रयोगले अथवा हिंसालाई उत्तेजना गर्ने प्रकारको आरवाइद्वारा देशको शान्ति भंग गर्न अग्रसर हुन्छन् भने तिनका कामको निन्दा गर्नालाई कुन शब्द पर्याप्त हुन सक्ला ? साथै हामीले यो पनि बिर्सन हुन्न कि यदि त्यस्ता असन्तुष्ट व्यक्तिहरूको कुनै न्यायसंगत उजूर छ तापनि माथि हामीले बताएको सरकारबाट देश र प्रजाको उन्नतिको लागि योजना हुन लागेको सुधारको बन्दोबस्त पुऱ्याउने छु भनी बराबर हुकुम हुँदाहुँदै पनि यस्तो उपद्रव मचाउन खोज्नु कस्तो नासमझ र वाहियात काम हो। हो, दुनियाँलाई आफ्ना दरकार र कष्टहरू सरकारमा पुऱ्याउनालाई पूर्ण अधिकार छ; तर त्यसका निमित्त धेरै प्रकारका शान्तिमय साधन छँदैछन्। तसर्थ बलको प्रयोग अथवा हिंसात्मक कार्यद्वारा त्यसो गर्नाको के प्रयोजन छ, बलको सामना बलले गर्दछ, हिंसालाई हिंसाले नै दमन गर्नुपर्दछ, संसारमा जहाँ पनि यही नै भएको हामीले देखेसुनेकै छौं। देशमा शान्ति श्रृंखला कायम राख्नु नै सम्पूर्ण सभ्य सरकार र दुनियाँको धर्म र प्रथम कर्तव्य हो भनी श्री ३ महाराजबाट हुकुम भएको कुरा कत्तिको सत्य र आवश्यकीय हो सो संसारभरिको अनुभव र परिस्थितिले देखाउँछ।

देशको शासन व्यवस्थामा निर्वाचनको सिद्धान्त पनि सरकारबाट स्वीकृत भयो। दुनियाँका आफ्नो प्रतिनिधिहरूले सरकारबाट खडा गरिबक्सेको संस्थाहरूका वितर्कहरूमा सम्मिलित भई देश र दुनियाँको उन्नतिमा सहयोग गर्ने अवसर पाएको यो कम महत्त्वको कुरा होइन तर यी बन्दोबस्तबाट वास्तविक लाभ उठाउनलाई दुनियाँ र उनका प्रतिनिधि दुवैमा आपना कर्तव्यको राम्रो ज्ञान हुनुपर्दछ। ल्याकत पुगेको नेपाली जनतालाई यी नयाँ बन्दोबस्तमा जो भोट मिल्नेछ, त्यसलाई सबैले देशले र समाजले आफूलाई सुम्पेका एक पत्यार भन्ने संझी त्यसको व्यक्तिगत अथवा साम्प्रदायिक स्वार्थ अथवा लाभको दृष्टिकोणबाट व्यवहार गरी त्यसलाई सम्पूर्ण देशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमदुनियाँको बेहत्तरीको लागि मात्र व्यवहार गर्नु पर्दछ । राजनैतिक अधिकार दुनियाँको हातमा राखिएको खण्डमा सो अधिकार बुद्धि, विवेचना र सदाचारसंग व्यवहार भएन भने असल शासन हुन सक्दैन । तसर्थ निर्वाचकहरूले आफ्ना प्रतिनिधिहरूको चुनाव गर्दा तिनले के कस्तो काम गर्ने हुन् त्यसको विवेचना गरीकन मात्र उपयुक्त पुरुषलाई छान्न पर्दछ । त्यसो नभएमा यो प्रथामा अनेक खराब उत्पन्न हुन सक्दछन्, जसमा हामी घूस, दलाली, छलकपट इत्यादिको नाम गर्न सक्दछौं । यी सब विषय बहुतै विचारणीय छन्, औ हाम्रा पाठकहरूका सामने यिनलाई राख्दा हामीले क्षमा प्रार्थना गर्नु पर्दैन त्यस्ता सम्भावना र खराबीहरूले संमिश्र रहेको यो प्रथाको सबै खराबी दूर गरी हाम्रा मुलुकको स्थितिलाई सुहाउँदो ढाँचासंग इन्तजाम गर्नामा पनि सरकारको विदेशी वैधानिकको विशेषज्ञवाट अनमोल मद्दत हुन जानेछ ।

दुनियाँलाई अख्तियार थप गर्ने मुरादले तीनदेखि पाँच वर्षभित्रको म्यादमा सुधारको योजनाबमोजिम भएको कामको परीक्षा हुनेछ भन्ने हुकुम भएकोमा सो स्याद छोटो भयो । प्रचलित व्यवस्थानुसार भएको काम जाँच्नलाई त्यति थोरै अवधि भएकोवाट मद्दत होवैन कि भन्ने कसैको मत होला, तर यो प्रस्तावबाट सरकारले दुनियाँको राजनैतिक शिक्षा र तालीम बहुतै छिटो हुनेछ भन्ने विश्वास राखेको अनुमान गर्न सकिन्छ ।

हाम्रा पाठकहरूले स्थानीय अधिकार भन्ने उक्ति सुनेका होलान् । यो वाक्यको अर्थ के हो भने म्यूनिसिपल बोर्ड, म्यूनिसिपलिटी, डिष्ट्रिक बोर्ड, ग्राम पंचायत इत्यादि स्थानीय संस्थाहरूलाई स्थानीय हित र कल्याणको काममा शासनाधिकार दिने प्रथा हो । जस्तो कि शिक्षा र खास गरी प्राथमिक शिक्षा, आमदुनियाँको स्वास्थ्य, सफाइ, पानी र बत्तीको प्रबन्ध, बाटो, पुल, नहर, नाल र डुंड निकास इत्यादि । यस्ता स्थानीय अधिकारका संस्थाहरू संसारका प्रायः सबै सभ्य मुलुकहरूमा विद्यमान छन् । सरकारबाट यो अधिकार हाम्रा प्रजालाई प्रदान गरिवक्सी देशलाई उन्नतितिर कदम बढाउनालाई ठूलो सहायता बक्सेको हो भन्ने कुरा कसैले पनि अस्वीकार गर्न सक्ने छैन ।

देशमा स्थानीय न्यायाधिकार खडा हुने भएको पनि उन्नतितिर बढ्ने एक अर्को ठूलो कदम हो । यसद्वारा ऐनको श्रेष्ठताको सिद्धान्तको जग बसालिन्छ । देशका न्यायाधीशहरूले असल काम गरुन्जेल आपनू अधिकार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदको भोग गर्न पाउने हुनाले उनको कार्य स्थान स्थायी हुन जान्छ। उनी-हरू कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न नजाऊन् भन्ने उद्देश्यले उनको खान्गी पनि राम्रो हुनेछ। त्यस्ता स्वाधीन स्थिति भए देशमा न्यायको अलग विभाग हुन जाने हुनाले संसारभरि सबै ठाउँमा स्वाधीन न्यायाधिकार खडा गरेको चलन यहाँ पनि प्रचलित हुने भयो।

श्री ३ महाराजको भाषणमा शिक्षा प्रचारको जो जोड रहेको छ, त्यसको कुनै नेपालवासीले समर्थन नगरि रहन सक्दैन। सरकारबाट जहाँ शिक्षा-लयहरूको दरकार छ, त्यस्ता ठाउँमा तिनलाई खोल्नाको इजाजत बक्स्यो। कन्याहरूका निमित्त पनि स्कूलहरू खुल्ने समाचारले धेरैलाई आनन्द प्रदान गर्नेछ। ती स्कूलहरूमा हाम्रो नारी जीवनका अमूल्य गुणहरूलाई कुनै प्रकारको हानि नहुने गरी देश काल परिस्थिति सुहाउँदो पाठ्यक्रम मिलाउनु-पर्दछ भन्ने श्री ३ महाराजको उपदेश विचारणीय मात्र होइन कि अनुकर-णीय पनि हो। अवश्य पनि यसमा सरोकारवाला सबले ध्यान दी उचित बन्दोबस्त गर्नेछन्। हाम्रा दरकार ता यो हो कि हाम्रा जातिका भावी आमा र हाम्रा दिदीबहिनीहरूले असल उचित व्यावहारिक शिक्षाद्वारा साधारण ज्ञानका साथसाथै असल माता, असल गृहलक्ष्मी, असल धात्री बन्न सकून्। हाम्रो रायमा बालक बालिका दुवैको शारीरिक स्वास्थ्यको उन्नतितर्फ पनि शिक्षात्मक अधिकारीवर्गको ध्यान आकर्षित हुन योग्य छ। हर योग्य उपायद्वारा यूरोप र अमेरिकाका दुनियाँले आफ्नू शारीरिक स्वास्थ्य कदर र जीवनको अवधिसमेत बढाएर गएको सबैलाई थाहा भएकै कुरा हो। स्वस्थ शरीरमा स्वस्थ मनको सृजना नै शिक्षाको उद्देश्य हो।

ज्यूधनको संरक्षणको सम्बन्धमा अरू देश र खास गरी हिन्दुस्थानको वर्तमान संकष्टपूर्ण परिस्थितिको विचार गर्दा नेपाल ता शान्ति स्थिरता र सुरक्षाको एक आश्रय नै देखिन्छ। तैपनि यस्तो परिस्थितिको भंग गर्ने अभि-प्राय गर्ने अपराधीहरूको हामीले अघि नै निन्दा गरिसक्यौं। ज्यूधनको संर-क्षणको सम्बन्धमा सरकारको घोषणामा देश विदेशमा प्रचलित भएको हेविस कप्सको विधान यहाँ पनि स्थापना गर्ने अभिप्रायको सृजना छ कि भन्ने हाम्रो मनमा विचार उठ्दछ। पक्राउ भएको कुनै व्यक्तिको परिवार अथवा वारिस-लाई यो ऐनले त्यसलाई एक न्यायालयमा उपस्थित गराई त्यसले अपराध गरेको भए सो अपराधको जाँच र नगरेको भएमा तुरुन्त रिहाइ र मुक्ति दिने हुनाले जुन औंलामा विष लाग्यो सोही औंलामात्र झर्ने हुन्छ।

देशको आमदानी खर्चको सालिन्दाको प्रकाशन पनि बहुतै महत्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा हो। यसबाट देशको आर्थिक अवस्थाका बारेमा भित्र बाहिर दुवै ठाउँमा प्रचलित भैरहेको अनेक भ्रम र अनुमान हट्न गई दुनियाँलाई देशको वास्तविक आर्थिक स्थिति कस्तो रहेछ सो ज्ञान भई देश र सरकारको द्रव्यसाधन कत्तिको सीमित रहेछ त्यसको बोध हुनजाने हुनाले घाँटी हेरेर मात्र हाड निल्नपर्छ भन्ने उक्तिको सत्यताको अनुभव गराइदिने हुन्छ। यथार्थ परिस्थिति बोध नभएसम्म अनेक भावना र शंका उठ्नु स्वाभाविकै हो, तर सो भएपछि भने सबैले अफवाह र हल्लाको पिछा छोडी सकभर प्रयत्न गरी जातीय आयको वृद्धि गराउने उद्योगमा लाग्नुपर्छ। सरकारको यो उदार विचारका हामी अभ्यन्तरले प्रशंसा गर्दछौं।

हाम्रो सरकारको प्रवासी नेपाली भाइबहिनीहरूउपरको समदृष्टि र उनीहरूलाई आजकल परिआएको आपद र संकष्टमा समवेदनाको भाव प्रकट गरिबक्सेकोमा उता गई बस्ने नेपाली दुनियाँमा कस्तो आमत्वको भाव होला सो हाम्रो आफ्नै आनन्दबाट हामी अनुमान गर्न सक्तछौं। यहाँका ७० लाख र उताका ३०लाख दुनियाँ जम्मा गरी जो एक करोडको संख्या पुग्छ त्यही नै हाम्रो वास्तविक जनसंख्या हो। सीमानाका दुवैतिर बस्ने हामी सबै नेपाली नै हुँ। यहाँबाट गएका ती हाम्रा भाइबहिनी र नेपालभित्रका हामीहरूका बीचमा आजकल परस्परको स्नेहको भाव बढ्दै आएको छ। समयमा सो सम्बन्ध झन्झन् निकट र बलियो हुन जानेछ भन्ने हामीहरू सबैको आशा छ। हालैमा बंगाल बिहार र पंजाबमा हाम्रो जनताउपर जो आपत् परिरहेको थियो त्यसको बारेमा हाम्रो सरकारबाट बराबर कारबाई गरिबक्सेकै थियो। खास गरी कलकत्तामा फेरि नेपालीहरूउपर आक्रमण हुन लागेको समाचार सुनिनासाथ सरकारबाट बंगाल र हिन्दुस्थान सरकारमा यो कुराको जिकर गरी नेपालीहरूको रक्षाका निमित्त सकभर उपाय होस् भन्ने अनुरोध गरिबक्सेको छ। उता गई बस्ने हाम्रा नेपालीहरूलाई कहींकहीं खुकुरी भिर्नामा प्रतिबन्ध भएको कुरामा पनि सरकारबाट खुकुरी भनेको हामी नेपालीहरूको धार्मिक र जातीय चिन्ह मात्र होइन कि निर्दोष जीविका आर्जन गर्ने साधनसमेत हो, यसमा प्रतिबन्ध नलागोस् भन्ने लेखापढी गरिबक्सेको छ। हालैमा कलकत्तामा दुइ हस्पतालमा नेपालीहरूका निमित्त खास दुइ सीट रहने प्रबन्ध भएकोबाट पनि बिराना मुलुकमा रहेका हाम्रा भाइबहिनीहरूलाई सन्चो नभएको अथवा चोटपटक लाग्न गएको आपत् समयमा ठूलो मद्दत हुने भयो।

यस प्रकारसंग बाहिर रहेका हाम्रा भाइबहिनीहरूको कष्ट हटा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन उनलाई सुख र सन्तोष दिनाको लागि भएका बन्दोबस्त र प्रयत्नहरूको सन्देशाले अवश्य पनि ती हाम्रा दुनियाँलाई ठूलो हर्ष र प्रोत्साहन हुन जानेछ। हामी आशा गर्छौं कि त्यहाँका हाम्रा दुनियाँले पनि बढ्दो प्रकारसंग मातृभूमिपट्टि स्नेह राख्ने र नजर दिने गर्नेछन्। आखिरमा एक नेपालीले अर्को नेपालीलाई गरेको मद्दत र प्रेमको व्यवहार अरू कसले गर्ला?

हिन्दुस्थानी फौजमा रहेका हाम्रा गोरखाली भाइहरूको कल्याणको निमित्त पनि सरकारबाट ठूलो प्रयत्न भइरहेको छ। हालै गोरखाली पल्टनहरूका भविष्यको बारेमा काठमाडौंमा भएको सम्मेलनमा हाम्रो सरकारबाट के विचार पेश भयो भने हिन्दुस्थान र बृटिश दुवै सरकारले गोरखालीहरूलाई आफ्ना-आफ्ना फौजमा राख्ने प्रस्ताव गरेकोमा यदि ती दुई सरकारले आपसमा कुरा मिलाई आफूहरू दुवैबाट स्वीकृत भएका प्रस्ताव नेपाल सरकारअगाडि राखे भने र सो प्रस्ताव नेपाल सरकारलाई मञ्जूर भएको खण्डमा, औ नोकरी गर्न गोरखालीहरूले पनि दामको निमित्त नोकरी गरेको भन्ने हेलां हुँदैन भनेर तिनले सो प्रस्ताव मन्जूर गरेको भने नेपाल सरकारले त्यसमा आपत्ति गर्ने छैनन्। तर मुख्य विचार त यो छ कि नेपालको स्थिति र इज्जतमा कुनै प्रकारको कमी गराउने प्रस्ताव हामीलाई मञ्जूर हुने छैन, अर्थात् सम्मेलनमा सरकारबाट के राय भयो भने नेपाललाई आफ्ना बृटिश मित्रहरूसंगको शता शताब्दीसम्मको अविच्छिन्न मैत्री र गोरखालीहरूले उनको फौजमा जागीर खाने गरेको नाता विच्छेद गर्नाको कुनै प्रकारको इच्छा नभए तापनि हिन्दुस्थान हाम्रो छिमेकी हुनाले उनको राय र मञ्जूरी नभई यसबारेमा हामीलाई अन्तिम ठेगान गर्नालाई अनिच्छा छ। दुवैतर्फका फौजमा भर्ना हुने गोरखालीहरूलाई उनका अरू अफिसर सिपाही समान प्रयोजन कमिशन इत्यादिको प्रबन्धमा पनि हाम्रो सरकारले बहुतै जोर दिइबक्सेको छ। यो कुराको अझ ठेगान भएको छैन, तर माथि बताएकोबाट देखन सक्छौं कि अरू राष्ट्रहरूसंगको सम्बन्धमा समेत हाम्रो सरकारले भित्र-बाहिर दुवै ठाउँका हाम्रो दुनियाँको हित र स्वार्थको ख्याल राखी सबै कुराको प्रबन्ध मिलाउनाको कति प्रबन्ध गरिबक्सेको छ।

सत्य र प्रज्ञावत राजनीति त्यही हो जसले पूर्वज्ञानद्वारा समयलाई जित्न सक्दछ। देशका आवश्यकताहरूको सावधान अध्ययन गरी अरूद्वारा तिनको स्पष्टीकरण हुनुभन्दा अघि नै तिनको प्रबन्धद्वारा देशलाई सुखी र उत्साहित गराउनु श्रेयस्कर हो भन्ने बुद्धिपूर्ण प्रमुख राजनैतिक सिद्धान्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामो श्री ३ महाराजबाट एक ज्वलन्त उदाहरण बक्सियो। सरकारबाट घोषणा भएका सिद्धान्तहरूका महत्त्वको विचार र देशको प्रचलित राजतन्त्रमा यो नयाँ योजनाले जुन गहिरो हित गर्नेछ त्यसको ध्यान गर्दै हामीले यस बारेमा देखे जानेका कुराहरू पाठकवर्गका सामने राख्यौं। यस विषयमा डेढ वर्षको अवधिलाई सर्वथा वढ्ता भन्नु हुँदैन भनी माथि भनी सक्यौं। यस्तो श्रेष्ठतापूर्ण महत्वको गतिका उपक्रम गरिबक्सन प्रभुको हामीले जति आदर र प्रशंसा गरे पनि थोरै हुन्छ, इतिहासले उहाँको नाउँ अमर गरी स्वर्णाक्षरले लेख्दछ। श्री ३ महाराजको प्रसिद्धवंशको एक सय वर्षको लामो शासनसमयलाई वर्तमान आयोजनाले गजूर लगाई दियो औ हामी पनि केही अनुमान गर्न सक्छौं कि जब श्री ३ महाराजबाट हिजो उच्चारण भएको सिद्धान्तहरू अर्थान्तरित भई राज्य-व्यवस्थाको पद्धति बन्न जानेछन्, त्यसबेला श्री ३ महाराजको विशाल र उदार वक्षस्थलमा कस्तो गम्भीर सन्तोष हुन जाला, औ त्यो सन्तोष यस महान् कार्यमा सरकारमा उद्यत सहयोग र सहमति चढाइबक्सने वहाँका भाइछोरा परिवारले समेत कति अनुभव गरिबक्सनेछ। भाषणको अन्तमा श्री ३ महाराजबाट बक्सेको आशीर्वाद अवश्य पनि फलीभूत भई देशका बासिन्दाहरूको परस्परको मेलमिलाप रहनसहन कायम रही तिनको सम्मृद्धिले देशलाई उन्नतितर्फ अग्रसर गराउनेछ।

हामीलाई यस कुरामा कत्ति पनि सन्देह छैन कि श्री ३ महाराजबाट यो महान् कार्यमा दर्शाइबक्सेको देशप्रेम र स्वार्थत्यागको भावका निमित्त सम्पूर्ण देश उहाँको प्रति कृतज्ञता र प्रेमका भारले नुहेको छ। यस्ता देशप्रेमी प्रजाहितैषी शासक पाउनु देशको गर्व र ठूलो भाग्य हो। यस्ता देशप्रेमी राजभक्त प्रजा पाउनु पनि देश र सरकारको लाभ हो। यस प्रकारसंग प्रेम र आदरको सूत्रमा बाँधिएका राजा प्रजा भएको यो मुलुकका बासिन्दा हामी सब एक जिउ छौं। औ यस्तो एकता र सद्भावले चहकिलो भएको यो मुलुक सानो र पहाडी छ तापनि यसको भविष्य उज्वल र ठूलो छ भन्नामा अतिशयोक्ति हुने छैन। श्री परमेश्वरको कृपा नै हाम्रो मुख्य आदर र भरोसा छ, सो हामीले सत्कार्यद्वारा कमाउन सकौं, नेपालले हिजोदेखि जुन नवयुगमा प्रवेश गऱ्यो सो यसै मुलुकको प्रत्येक निवासी, नर र नारी, बालक र वृद्ध, शिक्षित र अशिक्षित धनी र गरीब सबैको जीवनमा उज्यालो पार्दै यो योजना देश र दुनियाँको चिरस्थायी उन्नतिको जग बन्न जाओस् यही हाम्रो परमेश्वरको पाउमा अति विनीत प्रार्थना छ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१
राणा प्रधानमन्त्रीको आखिरी सिंदूर जात्रा र राज्याभिषेक

(१)

२००४ साल फागुन १८ गते श्री ३ महाराज पद्म शम्शेर नेपाल छाडी भारत पस्न बाध्य गरिएको कारण पूर्व लेखमा परिसकेको छ । नेपालबाट उनी सिधै दिल्ली गई, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूलाई भेटी, आफूले नेपालको राजकाज चलाउन नसक्नाको वेलिविस्तार बिसाई, भारतमा बसोबास गर्न केही सुविधाको याचना गरी, अनि देहरादून, हरिद्वार, काशी र कलकत्ताको बाटो हुँदै राँचीमा पुगी डेराडण्डा जमाए । दिल्लीमा दुइ प्रधान-मन्त्रीको बीच भेट हुँदा श्री ३ पद्मको रोदनले उनको आत्मनिर्बलताको अर्को परिचय भारतका प्रधानमन्त्रीलाई दियो। देहरादूनमा 'राजर्षि महाराज'ले श्री ३ पद्मलाई खूब छाँसे– उनले प्रदान गरेको चौध सूत्रे योजनाअनुरूप नेपालमा राजकाज गरिनस् भनी । भारतमा बसेका नेपाली नेताहरूले पनि उनलाई अति तौलेर प्रेस वक्तव्य निकाले– ओरालो लागेको भृगलाई बाच्छोले पनि खेद्दछ भने झैं गरी ।

लट्टिपट्टि साथमा लिएर विदेशिएका श्री ३ पद्म शम्शेरको साथमा उनकी महारानी र छोरीको अलावा मे. ज. विजय शम्शेर, सरदार गुन्जमान, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सरदार पशुपतिभक्त पन्त, सरदार नगेन्द्र-मान सिंह, मी. सु. विश्वमणि आचार्य दीक्षित, डा० महेन्द्रप्रसाद श्रीवास्तव, माष्टर कमलाप्रसाद, ले. क. वेदबहादुर खत्री र कप्तान गोवरधनलाल मास्के-हरू थिए । श्री ३ पद्म शम्शेर राँची पुगेको केही दिनपछि मे० ज० विजय शम्शेर र केही अफिसरहरू नेपाल फर्के· श्री ३ पद्मको राजीनामा हात नपा-रीकन । श्री ३ पद्मले मे० ज० विजय शम्शेरको हात राँचीबाट आफ्नो राजी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाना अवश्य नेपाल पठाउँदछन् भनी मुख्तियार मोहन शम्शेर ढुक्क थिए।

श्री ३ पद्म शम्शेर भारततिर लाग्नासाथ मुख्तियार मोहन शम्शेर र उनका दक्षिणपन्थी भाइहरूले नेपालमा दमन नीति शुरू गरेकाले, नेपालका प्रजातन्त्र चाहनेहरूमध्ये धेरैजसो चूपचाप बसे, कोही भूमिगत भए र कोही देश छाडेर भारत पसे। २००४ लाल चैत्र ३१ गते नेपाल राष्ट्रिय कांग्रेस पार्टी नेपाल अधिराज्यभर अवैध घोषित भयो[1]। यो थियो नेपालमा मुख्तियार मोहनले अपनाउन खोजेको दमन राजनीतिको पूर्वरंग।

श्री ३ पद्म शम्शेर नेपालमा छँदै त उनलाई एक प्रकारले टेर्न छाडेका मोहन शम्शेरले उनको अनुपस्थितिमा आफू सर्वेसर्वा भई, अति कडा किसिमले शासन चलाउने निधो मात्र गरेनन्, खूब राम्रो साइत हेरी, तुरुन्तै सिंहदरबार-रमा सरी (जहाँ खालि प्रधानमन्त्री भएपछि मात्र अघि राणा प्रधानमन्त्रीहरू बस्दथे।) राजकाज चलाउन थाले- पत्थरको जवाफ पत्थरले दिन पर्छ भन्ने खालका पुराना विचारका सल्लाहकारहरूले घेरिएर।

राजकाज दरो भएर र सबैको जायज सल्लाहले चलाउन पर्ने कुरा त ठीक हो। तर बहुजन हितायको पक्षमा सरकार लागेको छ र सरकारले चालेको कदमलाई अधिकांश देशवासीको समर्थन प्राप्त छ भने मात्र त्यो कडा-इको मतलब निस्कन्छ भन्ने कुराको मोहन शम्शेरले ख्याल गरेनन्। १९०३ र १९५८ सालतिर श्री ३ जंग र श्री ३ चन्द्रले झैं डण्डाको भरमा चलाएको नेपालको राजकाज सम्झे, २००५ सालमा श्री ३ मोहनले।

मोहन शम्शेर प्रधानमन्त्री भएपछि नेपालको तरक्की अवश्य हुन्छ भन्ने एक थरीको पुरानो धारणा थियो। खालि श्री ३ चन्द्र शम्शेरले मात्र, श्री ५ त्रिभुवनलाई मोहन शम्शेरले राजकाज गर्न सक्तैन; यो ज्यास्ता पूजापाठमा लग्नू छ, भनेका थिए। श्री ३ चन्द्र शम्शेरलाई श्री ५ त्रिभुवनले "महाराज मामा (श्री ५ का मुमाले श्री ३ चन्द्रलाई भाइटीका लगाएकोले) तपाईंले मैंले भनेको सबै कुरा मलाई पुऱ्याई दिनुभएको छ, सबैले कलकत्ता, बम्बैको तारीफ गर्दछन्, बयान सुन्दासुन्दा मलाई ती शहर हेर्न अति रहर लागेको छ, एक पटक हेर्न पठाई दिनुस्" भन्ने आग्रह गरिबक्सँदा आफ्नो सेतो दाढ्ही देखाउँदै "सरकार, म डाँडामाथिको जूनजस्तो भैसकेको छु, आज मर्ने हुँ कि भोलि मर्ने हुँ; सरकारको पाउले टेकेको जमीन नेपालको भूभाग हुन पर्दछ भन्ने

---

१. परिशिष्ट– १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीको जनधारणा छ; पुरानो रीतिथिति तोड्न बाध्य सेवकलाई नगराई बक्सियोस् । अब दुइ-चार वर्षको मात्र कुरा हो; सरकारको हुकूम सर्कारैमा अवश्य जान्छ; मेरो भाइ मुख्तियार भीम गँजडी, जंगीलाठ जुद्ध स्त्रीलंपट, भतिजा पद्म शम्शेर, छोरा केशर शम्शेरहरू जँड्याहा, मोहन शम्शेर पूजाहारी छन्; यी कुनैवाट राजकाज चल्दैन; हिन्दूस्थानको त के कुरा पछि सरकारबाट यूरोपको भ्रमण गरिबक्सने छ" भन्ने श्री ३ चन्द्र शम्शेरको भविष्यवाणी थियो[१]) । त्यो मोहन शम्शेरकै पालामा आएर पुग्यो भने भयो ।

आफ्ना बाबु श्री ३ चन्द्र शम्शेरको पालामा त्यतिका वर्षसम्म हजुरिया जर्नेल भएकाले पुरानो किसिमको नेपाली राजकाजमा मोहन शम्शेरको अनुभव अद्वितीय थियो पनि। उनीभन्दा अघिका प्रधानमन्त्रीहरूले शिशुपाल, भोका जुका जस्ता हालतमा नेपालको प्रधानमन्त्री पद संभाल्ने हुँदा, स्वभावतः उनीहरूको बढी ध्याउन्न शुरूदेखिन् नै राजकाजमा भन्दा पैसा कुमल्याउनपट्टि जान्थ्यो । आर्थिक स्वार्थमा फसेपछि राजनीति र प्रशासन दुवै चौपट हुनु त स्वाभाविकै हो । त्यसैले हो राणाशासनमा नेपालको अपेक्षित मात्रामा आर्थिक विकास हुन नसकेको । त्यस्ता भोका प्रधानमन्त्रीहरूलाई दुनियाँको भन्दा पहिले आफ्नै तुम्मो भर्न हडबड हुन्थ्यो ।

मोहन शम्शेर यस आर्थिक अडचनवाट मुक्त थिए, उनलाई अरू प्रधानमन्त्रीलाई झैं पैसाको अभाव थिएन । वास्तवमा उनी पैसाका लोभी पनि थिएनन् ! २००७ सालमा नेपालमा प्रजातन्त्र आउँदा उनले मुलुकी खानामा दुई-तीन करोड रुपैयाँ छाडेका थिए । श्री ३ चन्द्र शम्शेरका पाँच-भाइ छोरालाई नेपालमा पञ्च-पाण्डव भन्नेहरूले मोहन शम्शेरलाई धर्मराज युधिष्ठिर भन्दथे– धर्मपट्टि मोहन शम्शेरको आस्था नेपालमा कहलिएको हुँदा । प्रधानमन्त्री भएको सालमा नै उनले रेसुंगाका प्रभुको (श्री ३ जुद्धलाई राजीनामा गर्न प्रेरणा दिने) फर्मावटवमोजिम ठूलो धुमधामले सिंहदरबार-भित्र कोटीहोम गरे (होमकाजमा खटिएका ख. हरिबहादुर श्रेष्ठ रेसुंगाका प्रभुको सिफारिशमा डवल प्रमोसन पाई मीरसुब्बा भए) । यिनको पालामा नेपालमा रामराज्य आउँदछ, भन्ने खालका केही मानिस, उनी प्रधानमन्त्री हुन लागेकोमा हर्षले गद्गद् थिए ।

पैसा, अनुभव, दान र रवाफ यी चारै थोकमा श्री ३ चन्द्रको पाला-

---

१. पुराना बुडापाकाको भनाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि नै कहलिएका मोहन शम्शेरको पछि लाग्ने मानिस, स्वभावतः नेपालमा त्यसबेला प्रशस्त थिए पनि। थोत्रा रोलवाला राणाजी त कुनै दिन काम लाग्लान् भनी, पछिको भाग हेरी रातोदिन चाकरी गर्ने नेपालीहरूले, उदाउन लागेका सूर्यजस्ता मोहन शम्शेरको त २००५ सालताका चाकरी गर्ने नै भए। त्यसमाथि पनि एक प्रकारले राजकाजबाट हात छिकेर श्री ३ पद्म शम्शेर विदेशिए पछि त, सबै नेपालीहरू मुख्तियार मोहन शम्शेरकहाँ ओइरिए। चाकरीदारको संख्या नै लोकप्रियता र जन-समर्थनको अचूक मापदण्ड गनिने त्यस जमानामा, चाकरीदारको भीड र लस्करले मुख्तियार मोहन शम्शेरको अभिमानको मात्रा झन् चढायो– 'सत्यानाशको अघि अभिमान लाग्दछ भन्ने तथ्यलाई साबित गर्न।

मुगल सम्राटको दिल्ली दरबारमा जस्तै, तर सानो काँटमा, राणा प्रधानमन्त्रीकहाँ रोज सिंहदरबारमा दरबार लाग्दथ्यो। प्रधानमन्त्री भित्र-बाहिर गर्दा तासको लुगा लगाएका चोकदारले फार्सी भाषामा प्रशस्ती फलाक्दथे; सबै चाकरीदारहरूले अति झुकेर, मोगले आजामलाई झैं सलाम गर्न पर्दथ्यो। भारतबाट मुगलहरूको राज्य सकिएको धेरै वर्षपछिसम्म पनि नेपालको दरबारमा मुगली चलन (मुसलमानी एक विशेष ढाँचाको सलाम, खाना, गाना, बजाना, इत्यादि अझै कायमै थियो)।

श्री ३ चन्द्रका छोरामध्ये मोहन शम्शेर निकै रवाफिला पनि थिए। उनी प्रधानमन्त्री नहुँदै पनि शिलस्किनको टोपीमा निकै ठूला हिरा जडेको व्याज, धेरै झौलामा थरी-थरीका किम्मतदार औंठी, रेनकिनले सिएको चेष्टरफिल्ड कोट, सुनको फ्रेममा रिमलेस चस्मा लगाई हर हिस्लरले चढ्नेजस्तो मर्सिडिज बेन्च मोटर चढ्दथे। उनको जुँगाको तलाव अति हुन्थ्यो। हजारन् रुपैयाँको हार-जीत गरी सिंहदरबारमा पएठ जुवा खेल्दा, अरूले कौडी सोहरेर उनको हातमा हाली दिन पर्दथ्यो। आफू मग्न रहन्थे दक्षिणपन्थी विचारले भरिएको पाएनीयर छापा पढ्नमा।

उनका नोकरान र खास गरेर बैठकेहरूले अति छाँट परेका तुरा लगाउँदथे– यसो हेर्दा बाबुसाहेबहरू जस्तै देखिने गरी। उनको खूब मन परेको हर्षजित भन्ने छातेले, जंगीलाठ मोहन शम्शेरले जस्तै पोशाक लगाई, उनले सदा चढ्ने ठूलो सेतो अर्बीघोडा फदाएर, अरू घोडचढी सवारको साथ (त्यसबखत काठमाडौंका सडकमा सवारले बिहान घोडा फेर्दथे) कवाजको बेलामा टुंडिखेलतिर जाँदा, पल्टनले झुकेर लाठको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सलामी हर्षजितलाई दिएपछि, निकै दिनतक उसले त्यस्तो चालले घोडा चढ्न पाएन।

लायक छाते र बैठके ठिटाहरू छाँटिएर हिंडेको मोहन शम्शेरलाई खूब मनपर्ने हुँदा, उनीहरूले निकै कस्सिएर लुगा लगाउँदथे। मोहन शम्शेरको धेरै पैसा यस्तै ठस्सा गर्न र गराउनमा खर्च हुन्थ्यो। अरू भाइहरूले जस्तो पैसा संगाल्न र कमाउनपट्टि मोहन शम्शेर उस्तो लागेका थिएनन्। उनी प्रधानमन्त्री हुनुअघि पनि उनका दरबारमा अरू रोलबालाकहाँभन्दा निजी कर्मचारी– ख. बलराज तुलाधर, सु. फत्तेबहादुर श्रेष्ठ, सु. तेजबहादुर श्रेष्ठ, ख. हरिबहादुर श्रेष्ठ, सु. विष्णुप्रसाद गोरखाली, ख. नन्ददेव भट्टराई, ख. लक्ष्मणप्रसाद रिमाल, ख. विनोदप्रसादधितालहरू– थिए। गोश्वारा तहबील उनकै मातहतमा थियो।

लोभ-लालचा उस्तो नभएका कडा आचरणमा बसेका, नाटीकूटीमा अति विश्वास गर्ने र पूजापाठका भोगी मोहन शम्शेरलाई थरीथरीका मानिसले भिन्न कारणले रुचाउँदथे। उनी निकै दानी र असाध्ये चाकरीका सोखिन हुँदा,दानका भोका र चाकरीका लग्गूहरू उनकहाँ सदा कुल्दथे। जंगीलाठै हुँदा पनि उनको दरबारभित्र पस्ने मानिसको सधैं मूल ढोकामा नाम लेखिन्थ्यो र ती नाम उनले नित्य फुर्सतमा पढ्दथे। नेपालमा जसले धेरै पूजापाठ गऱ्यो त्यो अति धर्मात्मा गनिने परम्पराअनुसार, मोहन शम्शेरको घण्टन् लगाएर हात धुने, नुहाउने, पूजा गर्ने बयान नेपालमा खूबै चलेको थियो, उनी सधैं विहान निरभुक्क कैली बाच्छी, पीपल, तुलसीको पूजा गरी तिनको जल आचमन गर्दथे र त्यति नगर्दासम्म मुखमा पानी पनि हाल्दैनथे।

राणाजी भैकन भित्रिनी नराख्ने, सीमित राणाहरूमध्ये उनी शायद एक थिए। उनका दुवै छोराको भारतीय कन्यासंग र छ छोरीको भारतीय रजौटासंग विवाह भएको थियो (पछि सबै नातिनीहरूको विवाह पनि भारतीय रजौटासंगै भयो)। त्यसबखत धनी राणाजीहरूमा खूब तिलक दिएर धेरै तोप खाने भारतीय रजौटाहरूलाई छानीछानी छोरी दिने होडबाजीमा मोहन शम्शेर अगुवा भएका थिए। हाँक, धाक, रवाफ र निरंकुशताले त्यतिन्जेल चलेको राणाशासन सुहाउँदा थिए मुख्तियार मोहन शम्शेर भने हुन्छ। आफूभन्दा माथिका दुई प्रधानमन्त्रीले भटाभट नेपालको प्रधानन्त्रीको ओहदाको राजीनामा गरी भारत पसेकोमा मोहन शम्शेरको राजनीतिक गोटी चाल्ने चतुऱ्याइँले जस पाएको थियो। वास्तवमा मोहन शम्शेर बुद्धिचाल खेल्न निकै सिपालु र सोखिन पनि थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

राँचीबाट श्री पद्म शम्शेरले राजीनामा पठाउन ढिलाएकोमा मोहन शम्शेर अलि चिन्तित भई क. क. डम्वर शम्शेर (पद्म शम्शेरका बालसंगाती)-लाई राजीनामाको ताकिता लगाउन श्री ३ पद्मकहाँ राँची पठाए तापनि, २००५ सालको लाग्दो वैशाखमा मात्र सरदार नरेन्द्रमणि आचार्य दीक्षितको हात श्री ३ पद्म शम्शेरले आफ्नो राजीनामा नेपाल पठाए। अनि २००५ साल वैशाख १८ गते चौसठ्ठी वर्षको उमेरमा मोहन शम्शेर नेपालका प्रधानमन्त्री भई तीन चाँद लगाए।

नेपालको त्यो निकै किम्मती तीनचाँद फाप अफाप छ भन्ने जनधारणा थियो। (श्री ३ जंगबहादुर महाराजले लखनउको लडाईमा जिप्ट्याएको बालाजी राव, नानाजी रावको हीरा, मोती, पन्ना र माणिकमध्ये किम्मती किम्मतीलाई छानी आफ्नो पगरीमा जडेका थिए– आफ्नो शेषपछि त्यो तीन चाँद अवश्य आफ्नो छोराको हातमा जान्छ भन्ने अडकलले।

श्री ३ चन्द्र शम्शेरले नेपालका सरदार भक्तलाल राजभण्डारीसहित केही जवाहारीहरूलाई त्यो तीनचाँद जचाउँदा, त्यसमा जडिएका पन्ना र खास गरेर धन्नै तीन इन्ची लामो दुई इन्चीचाक्लो "सुराही" भन्ने र एक्काईस गोटा एक इन्चदेखि डेढ इन्च ठूला पन्नाहरू किम्मती हुँदा, त्यो तीनचाँदको मूल्य कायम गर्न सकेनन्। श्री ३ जंगबहादुरको पालादेखि भाइ-भाइमा सर्दै आएको त्यो तीनचाँदमा जडेका ती रत्नहरूलाई कसैले पनि हेरफेर गर्ने हिम्मत गरेनन्– त्यसमा के कस्ता जवाहरातहरूकति जडिएका छन् भन्ने सबै रोलवाला-हरूलाई थाहा भएकोले।

कति राणाजीहरू त्यो तीनचाँद शिरमा परेपछि तेजी, दूरदर्शी रदरा भए, कति दब्बू भई बत्ताएर एक थोक गर्दछु भन्दा अर्को थोक गर्न पुगे। त्यो तीनचाँद फाप्नेहरू थिए– जंगबहादुर, वीर शम्शेर, चन्द्र शम्शेर, जुद्ध शम्शेर र त्यो अफापसिद्ध भयो– श्री ३ रणोद्दीप सिंह, देव शम्शेर, भीम शम्शेर, पद्म शम्शेर र मोहन शम्शेरलाई। उनीहरू या त मारिए या पदच्युत भए, चाँडो मरे, अथवा राजीनामा गरी गराई राजपाठ छाड्ने र छोडाइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिस्थितिमा परे। फाप अफाप जे होस्, त्यो मूल्यवान् तीनचाँद टाउकोमा परेपछि नेपालका राणा प्रधानमन्त्री फ्रान्सका लुइ चौधौं समान, आफूलाई देशको भाग्य विधाता र अधिनायक सम्झन्थे। वास्तवमा उनीहरू त्यस्तै थिए पनि।

श्री ३ मोहन शम्शेरको टाउकोमा त्यो तीनचाँद परेपछि त उनलाई अहंकार, अधिक आत्मविश्वास, अधिनायकी र भाइहरूको मोलाहिजाले पो छोप्यो। (श्री ३ रणोद्दीपलाई जोइटिग्रेपन, श्री ३ देवलाई अयसआराम र नेपाललाई जापान बनाउने उडन्ते धून, श्री ३ भीमलाई अविवाहिता स्वास्नी-पट्टिका आफ्ना छोरालाई रोलमा चढाउने प्रबल इच्छा र श्री ३ पद्मलाई रुन्चे व्यथाले छोपे झैं)।

प्रथम, श्री ३ मोहनको शुरूमा नै श्री ५ त्रिभुवनसंग अति सानो कुरामा खटपट पऱ्यो। प्रधानमन्त्रीले श्री ५ बाट पाउने पन्जापत्र मुलुकी अड्डाले तयार गरेको कागजमा लगाउने चलन थियो। दही, अबीर र सिन्दूर मुच्छिएको चाँदीको थालमा श्री ५ को बाहुलीले लगाउने पन्जापत्रको सरदाम परम्परादेखि कौशीबाटै तयार भएर नारायणहिटी दरबारमा ल्याइन्थ्यो। तर शुरूमा मोहन शम्शेरका हजुरिया जर्नेल भएका ज. शंकर शम्शेरले, श्री ५ का त्यसबेलाका हजुरिया कर्णेल ले. क. योग विक्रम राणालाई, श्री ५ बाट श्री ३ मोहन शम्शेरलाई प्रदान हुने पन्जापत्र सुनको थालीमा मुच्छिएको अबीर र सिंदूरमा लाग्न पर्दछ भने। मुलुकीखानामा सुनको थाल नहुँदा, एक छिनबाहे काम चलाउन श्री ५ को दरबारमा सुनको थाल माग्दा, "छैन, अघि भएको सबै बेचेर खाइयो" भन्ने ओठेखालको, ठाडो जवाफ श्री ५ त्रिभुवनबाटले. क. योग विक्रमले पाए।

नारायणहिटी दरबारभित्र सुनको थाल छैन भन्नेजस्तो पत्याई नसक्नु कुरा उठ्दा निक्कै ठूलो धर्मसंकटमा परेका, कर्णेल साहेबले आखिर ठूलो सुनको रिकापीमा मुच्छिएको टीका सरदामले त्यो जटिल समस्या हल गरे। श्री ३ मोहन शम्शेरलाई त्यसबखत मुख्य मतलब थियो पन्जापत्रको– पित्तल, काँस, चाँदी, सुन जुनसुकै किसिमको थालमा त्यो लगियोस्। सुनको थालमा मुच्छिएको अबीरको रंगले पन्जापत्र लाग्न पर्दछ भन्ने श्री ३ मोहनको त्यो ढिपो अव्यावहारिक र असामयिकभन्दा पनि अनुचित र अनावश्यक थियो।

अघिअघि चाँदीको थालमा तयार भएको सरदामले पन्जापत्रको काम चलिआएकोमा श्री ३ मोहन शम्शेरले सुनको थालमा पन्चापत्र लाग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ भनी नाजायज अड्डी लिएकोमा भन्दा पनि २००४ साल चैत्र ३१ गते नेपाली राष्ट्रिय कांग्रेस अवैध गरेको, पद्म शम्शेरलाई नेपालमा वस्न खान नसक्ने गरी भारत पठाएको र नयाँ वैधानिक कानूनलाई तु पार्न खोजेकोमा श्री ५ त्रिभुवन श्री ३ मोहनसँग भित्रभित्र बढी नाराज भइबक्सेको थियो।

नेपालको शाही परिवारको भित्र जतिसुकै नाराज भए पनि बाहिर त्यसको कुनै लक्षण नदेखाउने, बुझिनसक्नु स्वभावको मोहन शम्शेरले पत्तो पाउन सकेनन्। त्यतिका वर्षसम्म हिंकिदै आएका राजालाई, जत्ति पेले पनि हुन्छ भन्ने गलत पुरानो विचार मोहन शम्शेरको मनमा फुऱ्यो (कमजोड दिलका श्री ५ सुरेन्द्र विशेष परिस्थितिमा परिबक्सेकाले श्री ३ जंगले मिचेर मिचिइबक्सियो; श्री ५ पृथ्वी विक्रम कलिलो उमेरमा राजा भई उमेरमै र अपरझट्मा स्वर्गारोहण भयो र श्री ५ त्रिभुवनले ६ वर्षको उमेरमा गद्दी आरोहण गरिबक्सेकोले र किशोर अवस्थासम्म मौसूफलाई हेपी राखेका मोहन शम्शेर २००५ सालमा प्रधानमन्त्री हुँदा, श्री ५ त्रिभुवन ४३ वर्ष मात्र भइ-बक्सेको थिएन, मौसूफमा भारी चेतनाको जागरणको साथै अब राणा व्यवस्थालाई उखाड्न र राणा प्रधानमन्त्रीलाई चार चित पार्न सकिन्छ भन्ने आँट पनि आइसकेको थियो। यस कुराको श्री ३ मोहनले पारख गर्न सकेनन्) र अब म नेपालमा सर्वेसर्वा भएँ भनिठाने।

मोहन शम्शेर प्रधानमन्त्री भएको भोलिपल्टै आफ्नो सलामीको तोप उन्नाईसबाट एक्काईस र मुख्तियारको सत्रबाट उन्नाईस पुऱ्याए। पू. क. ज. बहादुर शम्शेर र ज.शंकर शंशेर ॐराम पट्टले विभूषित भए। मुख्तियार बबर शम्शेरले कमाण्डर इन-चीफको अलावा मिनिष्टर र उनकी रानीले बडारानीसाहेब भन्ने नयाँ पदवीको साथ एघारलाख रुपैयाँ मुलुकी खानाबाट बकस पनि पड्काए। (बालककालमा मोहन शम्शेर, बबर शम्शेर र उनका रानीहरूको निकै मिल्ती थियो– यी दुईजनाले पश्चिमी ठकुरीका छोरी र अरू तीन भाइले शाहज्यादीहरू विवाह गरेकाले)। मोहन शम्शेर प्रधानमन्त्री हुनुभन्दा धन्नै चालीस वर्ष-अघि बबर शम्शेरलाई म कुनै दिन नेपालको प्रधानमन्त्री भएँ भने, तिमीलाई एघारलाख रुपैयाँ बक्स दिउँला भनी एक कागजको खोष्टोमा लेखेर दिएका रहेछन्।

बालककालदेखि नै आफ्नो हर-हिसाबमा पक्का, होशियार र त्यसलाई सदा तन्दुरुस्त राख्ने बानी भएका बबर शम्शेरले त्यो कागजको हरप खूब साँचेर राखेकाले, मोहन शम्शेर प्रधानमन्त्री भएको भोलिपल्ट उनले त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ३ मोहन शम्शेरका जूनाफमा पेश गरी, एघारलाख रुपैयाँ कौशीबाट जिप्ट्याए। २००५ सालमा एघारलाख रुपैयाँले आजकलको २।३ करोड रुपैयाँको काम गर्दथ्यो। जंगीतर्फका कर्मचारीहरूको उम्मेरको जो हद थी: जुद्धले बाँधेका थिए, त्यसलाई श्री ३ मोहनले तोडताड पारी, चाकरी पर्ने कलामा नेपालमा कहलिएका धुरन्धर चाकरीदार क. क. चन्द्रजंगको साथै क. क. डम्बर शम्शेर थापा इत्यादिहरू फरि सरकारी सेवामा थामिए।

आपना माहिला भाइलाई त्यसरी नयाँ दर्जा र धनराशी दिनुको साथै बेमातृपट्टिका भाइ ज. शंकर शम्शेरलाई श्री ३ मोहनले आफ्नो हजुरिया जर्नेल बनाए। सरकारी खर्चमा ज. शंकरका छोरा मे. ज. श्रीधर शम्शेरको आफ्नै सिंहदरबारबाटै २००५ सालमा विवाह गरी दिए– आफ्ना २ नातिनीलाई कसमेर र जयसलमेरका राजाका छोरासँग विवाह गरे झैं। श्री ३ मोहन शम्शेरका दुई भाइहरू– सिंह र केशर शम्शेर त त्यसबखत दिल्ली र वेलायतका राजदूत थिए। त्यसबखत श्री ३ मोहनको मनपरेका अरू राणा परिवारका सदस्यहरू थिए मे. ज. अर्जुन शम्शेर, मे. ज. मेघराज शम्शेर, क. मुसुरी शम्शेर, क. चूडाराज शम्शेर, मे. ज. नीर शम्शेर, मे. ज. सुरेन्द्र शम्शेर (प्रधानमन्त्रीहरू बूढा भएपछि आफ्ना छोराछोरीलाई वरिष्ठ रोलवालाको जिम्मामा सुम्पने प्रक्रियाअनुरूप यी दुई भाइहरू मोहन शम्शेरको जिम्मामा परेको) क. इन्दु शम्शेर र क. योगेन्द्र शम्शेर (काजु), क. स्वम शम्शेर, क. ध्रुव शम्शेरहरू। राणा व्यवस्थामा प्रधानमन्त्रीले सदा भाइहरूसँग सतर्क हुनुपर्ने, उनीहरूलाई हात लिन र भित्रभित्र खेलाउन र बझाउन पर्ने आवश्यकताअनुरूप श्री ३ मोहन शम्शेरले आफ्ना भाइहरूलाई खुसी पार्ने क्रमलाई एक पाइला अझ अघि बढाए।

मोहन शम्शेर नेपालका प्रधानमन्त्री भएपछि नेपालको राजकाज एक प्रकारले पूरापूरै श्री ३ चन्द्र शम्शेरको परिवारले छोप्यो– राणा परिवार भित्र अर्को एक तगडा परिवार खडा भए झैं गरी। बबर शम्शेर मिनिष्टर एण्ड कमाण्डर इन-चीफ, केशर शम्शेर जंगीलाठ, सिंह शम्शेर उत्तरतर्फका कमाण्डिङ जर्नेल, शंकर शम्शेर हजुरिया जर्नेल पूर्व-पश्चिम निकसारीका तालुकवाला भए। यस्तो परिस्थिति श्री ३ जंगबहादुरका पालादेखि २००५ सालसम्म राणा परिवारमा परेको थिएन। अरू सत्र भाइ राणाजीभन्दा धनी, बढी पढेलेखेका, जान्नेसुन्ने, देखेबुझेका, श्री ३ चन्द्रका खलक अघि पनि अजोड संझिन्थे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसमाथि पनि तीन भाइको सोझै नेपालको प्रधानमन्त्री हुने पालो आएकोले, सुनमा सुगन्ध थपिएसमान भएको थियो। शुरूमै श्री ३ मोहनले आफ्ना भाइहरूलाई त्यसरी ग्वाम्मै अँगालेको देखेका नेपालीहरूले अब रोजीरोजी चन्द्र परिवारको चाकरी गर्न थाले। अघिअघि पनि चन्द्र परिवार-लाई प्रत्यक्ष रूपले अरू रोलवाला राणाजीले समेत तिरस्कार गर्न सक्तैनथे-उनीहरूको भविष्य उज्वल देखी। श्री ३ चन्द्रका खलकले, श्री ३ वीर र श्री ३ जुद्धका खलकले झैं आफू भन्ने व्यक्तिहरूलाई आत्मीयता नदेखाए तापनि, उनीहरूको मीठो बोली, भद्र व्यवहार, रौनक र सम्पन्नताले गर्दा, नेपालका धेरै मानिसहरूले उनीहरूलाई पछ्याउँदथे।

तर भित्रभित्र चन्द्र परिवारलाई मन नपराउने केही राणा र अराणा-हरू पनि थिए (श्री ३ देव शम्शेरलाई श्री ३ चन्द्रले निकालेका सहोदर दाजु खड्ग निसकासिदा श्री ३ वीरतिर चन्द्र लागेका र श्री ३ वीरका एकथरी छोरा नाति चन्द्र परिवारको पेचले निस्काशित हुन परेकोले)। त्यस्ता असन्तोषीहरूले चन्द्र परिवारको पेटमा दाँत छ भनी कुरा काट्दथे। दाँत पेटमा होस् वा मुखमा, उनीहरूको विरुद्ध सामुन्नेमा चुँक्क कोही बोल्दैनथे। आफ्ना बाबुको पालामा द. क. ज. बहादुर शम्शेर चन्द्र परिवारसँग नदबे पनि, श्री ३ पद्म काण्डपछि उनी पनि लत्रेका थिए, अरूको त के कुरा।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

यसो हेर्दा, श्री ३ मोहनभन्दा पनि मुख्तियार बबर अरु तगडा र ठक्कडजस्ता देखिन्थे । शुरूमा त उनले पनि आफ्ना बाबुले जस्तै दान्ही पालेका थिए; उनका पनि भित्रिनीपट्टिका छोराछोरी थिएनन् । पहिलो महायुद्धमा नेपाली टोलीको दलमुख भएर भारत गएका र यूरोप अमेरिका भ्रमण गर्ने नेपाली प्रतिनिधि मण्डलका नेता भएकाले उनको छातीमा अरू रोलवाला राणाजीको भन्दा बढी तक्मा थिए । उनका एकाध अरू राम्रा गुण-हरूले गर्दा पनि मानिस उनलाई मन पराउँदथे ।

उनको जीवन अति व्यावहारिक अनुशासित ढंगले चलेको थियो । उनी रोज बिहान घोडा चढेर बाहिर डुल्न जान्थे; निर्धारित समयमा आपनो बगैं-चामा टहल्दथे; सबै काम ठीक बेलामा शुरू गर्दथे र दिनभरिको आपनो घर भित्र र बाहिर भएको आमदानी खर्चको रोकड तन्दुरुस्त पारेर मात्र सुत्दथे । खास गरेर बम्बईको स्टक एक्सचेन्जमा उनको निकै नाम चलेको थियो-रोजिन्दा लाखन रुपैयाँको शेयर त्यहाँ उनले खरीद-बिक्री गर्ने हुँदा । चन्द्र शम्शेरका छोराहरूले बाबुबाट जनही असी लाख रुपैयाँ नगद अंश पाएकोमा बबर शम्शेरले त्यसमा धेरै गुना थपेका थिए र उनको बंगलोरमा अकस्मात् देहान्त हुँदा चार पैसा आयकर तिर्न नपर्ने अवस्थामा हिसाब किताब राखेको-बाटै उनी आफ्नो आमदानी खर्चको हिसाब राख्नमा कति पक्का, कुशल र होशियार रहेछन् भन्ने कुरालाई साबित गर्दछ । तर राजकाजमा भने उनी श्री मोहनभन्दा कम कट्टर थिएनन् ।

जंगीलाठ केशर भिन्दै खालका मानिस थिए । राणाजीहरूको त के कुरा, समस्त नेपालीहरूमा पनि त्यसबेला जंगीलाठ केशर सर्वश्रेष्ठ विद्वान् गनिन्थे । उनीलाई विदेशी विद्वान्हरूले पनि हिंड्ने विश्वकोश भन्दथे; वास्त-वमा जुनसुकै विषयमा पनि थोर-बहुत उनले नजानेको कमै हुन्थ्यो । खास गरेर उनको स्मरणशक्ति अपार थियो; उस्तै अचम्मको थियो उनको पुस्तक छिटो पढ्ने र बुझ्ने खूबी । ज्योतिष शास्त्रमा बढी विश्वास र चाख लिने हुँदा, भद्रा परेको बेलामा उनी सकभर यताउता हिंड्दैनथे, नाटीकुटी र ग्रहदशामा बढी

Nepal Sanskrit University, Balméeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्यार हुँदा उनले केशर महलको मूल ढोकालाई अनौठाको दिशातिर फर्काएका हुन्। रसरंग खूब गर्दथे; जुवा निक्कै मच्चेर खेल्दथे, उम्दा मदिरा र सिगार खान्थे, उनका घरका तालीमी नेपालमा नाचगानलाई प्रख्यात थिए। उत्तिकै प्रचूर मात्रामा उनको सोख थियो बगैंचा सिंगार्न, हस्तचित्र र पुस्तक संकलनमा।

धुरन्धर शिकारी त उनी थिए थिए; साहित्यप्रति पनि उनको रुचि कम थिएन। मेघदूतलाई नेपालीमा उल्था गरेका थिए। केशर लाइब्रेरीमा नपाइने पुस्तक नेपालमा कमै हुन्थे। श्री ३ चन्द्रका आठ भाइ छोरामा केशर, अनुहार, मिज्यास, लवाई-खवाई, बोलीचाली, व्यवहार इत्यादिमा अरूभन्दा फरक थिए। त्यो दान्ही नपाले पनि जुङ्गा नछाट्ने जमानामा, केशर शम्शेरले जुङ्गा सफाचट गरेको हुँदा, उनलाई नरुचाउने नेवारहरूले "ग्वाय् मरू जर्नेल" भन्दथे। (बाबुआमाको काज-किरियामा बाहेक अरू कुनै बेलामा पनि त्यस-बेला जुङ्गा खौरिन हुँदैनथ्यो)। कताकता उनको अनुहार श्री ३ जंगसंग मिल्दथ्यो र जंगबहादुरका केही गुण उनमा पनि निहित थिए।

पढ्न र मीठो खानमा सोखी केशर शम्शेरको अरू खर्च किसिम-किसि-मका उम्दा हस्तलिखित तस्वीर र जवाहरत किन्नमा हुन्थ्यो। "केशर डाय-मण्ड" को त नामै चलेको थियो। सर्वप्रथम विश्व भ्रमण गर्ने नेपाली केशरै थिए। उनले रोज डायरी (दिनचर्याको विवरण) अति खोलेर अंग्रेजीमा रोचक किसिमले लेख्दथे, लेखनमा भन्दा उनी कम सिपालु थिएनन् प्रवचन दिनमा। अक्सफोर्ड विश्वविद्यालयमा समेत मुखाकर भाषण दिने उनको खूबी थियो। जेठा शाहज्यादी र अनेक भित्रिनीहरू जीवित छँदाछँदै बाउन्न वर्षको उमेरमा दोश्रो विवाह गर्दा पनि हात्ती चढी, कुमार केटा झैं सिंगारिएर कुमार ग्रह उतार्नजस्तो गरी जन्ती गएथे। श्री ३ चन्द्रका छोराहरूमा सबभन्दा धेरै भित्रिनी शायद केशर शम्शेरकै हुँदाहुन्।

जेठा शाहज्यादीपट्टिका एक मात्र छोरा ले. ज. साम्रज्य शम्शेरको विवाह पनि उनले नेपाली कन्यासंग र सबै छोरीहरूलाई नेपाली कुमारसंग गरी दिएथे। उनमा नेपालीपन निकै थियो– सधैं भादगाउँले टोपी लगाउँदथे, घरमा बस्दा ढाकाको खाष्टो ओड्दथे र लामो भोटो सुरुवाल लगाउँदथे र हुक्कामा तमाखु खान्थे। उनमा हजार गुन र एक वैगुन थियो। त्यो हो अति ओठेखालको जवाफ दिने र कसैलाई भन्न पन्यो भने भित्तै पुऱ्याएर भन्ने। राजकाजमा अरू दाजुभाइहरू जत्ति प्रतिक्रियावादी नभए तापनि, उनी उस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदारवादी पनि थिएनन्। आफूमाथिका दुवै दाजुले बिहान-बेलुकै ठूलो चाँदीको गिलासभरि खावा (घोटेको दुध) र आफूले बराबर रात-साँझ पारेर व्हिस्की खाने हुँदा, दुइ दाजुहरूलाई खपेर नेपालको प्रधानमन्त्री पद भेटाउँला भनी जंगीलाठ केशर उति आशावादी थिएनन्। (उनको अरू बयान यथास्थानमा हुनेछ।)

उत्तरतर्फका कमाण्डिङ जर्नेल सिंह शम्शेरको बोलाउने नाम "जनाव" थियो। श्री ३ वीर शम्शेरको पालामा चन्द्र शम्शेर मुन्सीखानाको तालुकवाला हुँदा, भारतका जंगीलाठलाई "जनाव भ्वाएस राय" भनी सम्बोधन गर्दै चिट्ठी लेख्न पर्ने र त्यसैताका सिंह शम्शेर जन्मेकाले, उनको त्यस्तो नामाकरण गरिएको हो। श्री ३ चन्द्रको कूटनैतिक सीप सिंह शम्शेरमा निकै मात्रामा सरेकोले, श्री ३ चन्द्र परिवारमा दुइ ठाउँमा (बृटेन र भारत) उनी राजदूत भए। श्री ३ चन्द्रका परिवारमध्ये बढी मुखका मीठा र मिलनसार भएकाले नै श्री ३ जुद्धले बहादुर शम्शेरको अनुपस्थितिमा उनलाई आपना हजुरिया जर्नेलसम्म पनि बनाएथे। राणाजीको रोलमा त्यति तल नपरेकोले राजनीतिमा उनी पनि उति उदार थिएन।

ज. कृष्णको बारेमा यथार्थ वृतान्त अलग्गै लेखिएको छ। ज० शंकर शम्शेर रोलमा तल परे पनि उनी अति महत्वाकांक्षी थिए; राणा व्यवस्था सकभर जस्ताको तस्तो टिकाउन पर्दछ भन्ने केही रोलवाला राणाजीहरूमध्ये उनी एक थिए। श्री ३ मोहनसंग ज० शंकरको धेरै हित्तचित्त मिलेको कारणले नै उनी शुरुमा मोहन शम्शेरको हजुरिया जर्नेल र लण्डनस्थित नेपाली दूतावासमा राजदूत भए। चन्द्र शम्शेरकी जेठी रानीपट्टिका पाँच छोरा एक छोरी उनी प्रधानमन्त्री हुनुभन्दा अघि जन्मेका र तीन छोरा एक छोरी प्रधानमन्त्री भएपछि कान्छी बडामहारानीपट्टिवाट जन्मेकाले बाबु प्रधानमन्त्री भएपछि जन्मेका छोराहरू अलि बेग्लै खालका थिए।

ती तीनमध्ये पनि ज. शंकरलाई बालककालदेखि सबले हाईहाई गरेका हुँदा, आफूलाई दाजुहरूभन्दा कुनै हालतमा पनि कम बुजक्कड उनी ठान्दैनथे। कदमा जंगीलाठ केशरजस्तै छोटा, ज. शंकर केशरजस्तै शिकारका सोखी थिए र नाटीकुटीमा विश्वास मान्दथे। बाबु मरेपछि विदेशिएका ज. बिष्णु वहमामा मरे। बाबु मर्दा बालक अवस्थाका ज. मदन शम्शेर पनि धेरै बाँचेनन्। श्री ३ चन्द्रका आठै छोराहरू अंग्रेजी भाषामा कुशल भए पनि पास कसैको थिएन। श्री ३ जंगबहादुरले आफ्ना छोरालाई बेलायतको पब्लिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कूलमा पढ्न पठाउने तर्जुमा गरेका थिए भने श्री ३ चन्द्रले आपना छोरा-लाई दरबार-स्कूलमा पनि पठाएनन् ।

श्री ३ चन्द्रका नाति खलकमा धेरैजस्तो स्नातक थिए भने, एस. एल. सी. पास नगरेका त कोही पनि थिएनन् । सबैजसो उमेरमै तालुकवाला भइ-सकेका थिए । राणा-कालमा सबभन्दा धेरै वर्षतक शिक्षा विभागका तालुकवाला हुने मे. ज. मृगेन्द्र थिए; उनलाई मानिसहरूले नेपाली मायिक्याभेली भन्दथे[1] । मे. ज. ब्रम्ह शम्शेरको ने. क, घ. ई. (नेपाली कपडा र घरेलु ईलम) को विकासमा ठूलो देन भए तापनि उनको बाबुसंग ठ्याक नहुँदा, बोलावाला कम थियो । मे. ज. शारदा शम्शेर शिक्षा र पुलिसका तालुकवाला र मे. ज. अर्जुन काठमाडौं म्यूनिसिपलेटी र सडक विभागका तालुकवाला भएथे । मे. ज. विजय विभिन्न विभागका तालुकवाला भई गरेका कामको बृतान्त पूर्वलेखमा परिस-केको छ । श्री ३ चन्द्रका जेठा पनाति भएकाले भरत शम्शेरको बोलाउने नाम पनाति हजूर थियो । मे. ज. साम्राज्य शम्शेरबाहेक अरू सबै चन्द्र शम्शेरका नाति पनाति खलकको विवाह भारतीय कन्यासंग भयो ।

चन्द्र-परिवार बाहिरबाट यसो हेर्दा एक ढिक्काजस्तो देखिए पनि भित्र उनीहरूको पनि पेट फाटेको र मन नमिलेको कुरा माथि परिसकेको छ । बबर र केशरको बीच कम बेमेल थिएन, बबर र शंकरको बीचभन्दा । ब्रम्हलाई आफ्ने दाजु र बाबुले देखी सहँदैनथे । मे. ज. साम्राज्यलाई आफ्ना बाबुले केशर महल-बाट रंग महल र त्यताबाट शाह महलतिर खेदे । बृटेनको राजदूत हात पारि-सकेका मे. ज. अर्जुन आफ्नै बाबुले भांजी मारी दिंदा विमुख भए; भरत शम्शेरको आफ्ना बाबु, बाजे दुवैसंग बेमेल थियो । मे. ज. विजय शम्शेरको डाहा गर्नेहरू पनि कम दाजुभाई थिएनन् ।

—०—

---

१. मे. ज. मृगेन्द्रले इटालीका प्रख्यात राजनीतिज्ञ मि. माइक्याभेलीको "दि प्रिन्स" भन्ने पुस्तक गडेर पढेका हुँदा, त्यस्तै नीतिका उनी समर्थक थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

मोहन शम्शेरमा अहम् र बढी विश्वासको मात्रा प्रधानमन्त्री भएपछि झन्झन् बढ्दै गयो । "साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्दछ" भने झैं, उनले बीस वर्षअघि आफ्नो बाबुको पालामा सबै नेपालीहरू राणा सरकारसँग नुगेका, राणाजीले श्री ५ लाई पुतली झैं खेलाएको, राणाजीको चारैतिर हाईहाई भएको, अंग्रेजी साम्राज्यवादको छाहारी र आडमा निस्फिक्री राणा शासन चलेको र हुकूमी शासनसँग नेपालमा कसैले जोरी खोज्न नसकेको झलझली सम्झे । २००५ साल १९८६ साल थिएन । यो उन्नाईस वर्षमा विश्व-परिस्थिति, नेपाली जनताको सोचाइ, व्यवहार र मनोवृत्तिमा धेरै फरक भइसकेको थियो ।

त्यस्तै परिवर्तन आएको थियो नेपालका छिमेकीको अवस्थामा भारत स्वतन्त्र र चीन भरखर जनवादी गणतन्त्र बनेको थियो । ती दुई छिमेकीको नेपालमा पर्न सक्ने वास्तविक असरको पनि मोहन शम्शेरले पारख गर्न सकेनन् । नेपाली जनता सधैं थोत्रा, कुचोजस्तो जता लगायो उतै लाग्ने, निमुखा छन् र नेपालको राणा शासकले जनमतको ख्याल गर्न पर्ने कुनै प्रयोजन छैन भन्ने पुरानो राणा मनोवृत्तिका एक किसिमले औतार थिए मोहन शम्शेर । उनी जस्ता थिए, त्यस्तै किसिमका सल्लाहकारले उनी घेरिए ।

प्रजाप्रति उनको त्यस्तो धारणा थियो भने, श्री ५ त्रिभुवनलाई उनले होच्याई, हेप्न खोजे– केटाकेटीमा मौसूफलाई आफूले दबाएको सम्झी । मोहन शम्शेर प्रधानमन्त्री भएपछि महीनामा एकाध वाजि श्री ५ लाई, हप्तैपिच्छे श्री ५ युवराजाधिराजलाई र हप्ताको दुई पटक श्री ५ शाहज्यादा हिमालय र वसुन्धरा वीर विक्रमहरूलाई राजकाजका कुरा बुझन भन्ने निहुँ पारी, आफ्नो चाकरीमा सिंहदरबारमा आउन बाध्य पारे । श्री ५ महाराजाधिराजको सिंहदरबारमा सवारी हुँदा भने प्रधानमन्त्री हडबडसाथ तल ढोकासम्म सवारी लिन जान्थे, दाम राख्तथे र बाहुली समातेर सवारी माथि चलाउँदथे (श्री ३ जंगबहादुरले श्री ५ लाई बोकेर आफ्नो घरभित्र सवारी चलाउने परम्पराको यो थियो शेषः अधिअधिका मुख्तियारले त श्री ५ को ददा खान्की खान्थे) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ३ पद्म शम्शेरको राज्यकालमा सेलाएको बिहान वेलुकाको सलामी र चाकरी श्री ३ मोहनको पालामा पूरा मात्रामा खुल्यो। श्री ३ मोहन शम्शेरलाई चाकरी गरेको मन पर्दछ भन्ने कुरा बुझेका चाकरीका लम्पट नेपालीहरूले धक फुकाएर अब उनको सांझ बिहान चाकरी गर्न थाले। त्यस्तै बढ्यो बगमफुस गुप्तचरको संख्या (जति मानिस साँझ बिहान चाकरीदारले घेरिन्छ, उति उ वास्तविकताबाट पर हुन्छ। किनकि, स्वार्थी चाकरीदारले प्रायः आपनो दुनो सोझिने खालको मात्र कुरा मालिकको अगाडि गर्दछन् र सदा बिना जवाफदेहीको अधिकार खोज्दछन्) एकातिर श्री ३ मोहन शम्शेर यस्ता मानिसले घेरिए भने, अर्कोतिर २००५ सालमा नेपालका जनताले के चाहन्छन् भन्ने तथ्य बुझ्न उनले कत्ति खोजेनन्; न त उनले जनसंपर्क बढाउने कुनै कोशिश गरे– चाकरीदारले सदा घेरिनु नै जन-संपर्क बढाउनु हो भन्ने उनको पुरानो गलत विचार हुँदा। उल्टो उनले राजालाई हिक्ने, प्रजालाई थिच्ने र पुर्जा खलबलिएको पुरानो राणा शासन-लाई दम दिने नीति अपनाउन थाले, सिहदरबारमा बसेर।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[५]

अति खर्चिला श्री ३ मोहन शम्शेरले आफ्नो सिंदूर जात्रा, (२००५ साल जेष्ठ १४ गते) हनुमान ढोकामा र २२ गते शुभ–राज्याभिषेक ठूलो धुम–धामले सिंहदरवारमा गरे। प्रधान मन्त्रीको सिंदूर जात्रा पनि एक प्रकारले श्री ५ महाराजाधिराजको राज्याभिषेकजस्तै सजधजसाथ हनुमान ढोकामा हुन्थ्यो। टुंडिखेल घुमी, खरीको बोटबाट राष्ट्रको नाममा सन्देश दिन्थे। श्री ३ मोहन शम्शेर जुनसुकै काम कुरा पनि अलि भव्य रूपमा गर्ने हुँदा, निकै भडकिलो हिसाबले उनको सिंदूर जात्रा समारोह ठूलो काँटमा रचिएको थियो।

त्यसदिन सकल राणा परिवार र बाहिरिया गरी दुइसयजनाले दोसल्ला चौसल्ला पाए र सिंदूर जात्रा सकिएको निकै दिन पछिसम्म पनि छुटपुटहरूले दोसल्ला पाउँदै थिए। (दोसल्ला चौसल्ला पाउनेहरू जतिले त्यस बखत कौशीवाट दर्जाअनुसारको रकम पाउँदथे)। अचानक उनको सिंदूर जात्राको दिन ठूलो हावा हुरी, आँधी व्याधी आएर सिंगारिएका ढोकामा जडिएका ध्वजा पताकाहरू लथालिंग पारी दिंदा; केही दिनपछि सिंहदरबारको झण्डा कौशीमा गिद्ध वस्दा र मूल ढोकै भाँचिने गरी रिसल्लाको घोडा ठक्कर खाएर त्यहीं मर्दा, नाटीकुटीमा विश्वाम गर्ने काठमाडौंका बूढापाकाले उनको राजकाजमा अपसगुन हुने लक्षण देखी, शान्ति स्वस्ति गराएथे।

सिंदूर जात्राको दिन श्री ३ मोहन शम्शेरले दिएको लामो भाषणमा उनी दुइ ढुंगाको बीचमा परेको तरुलजस्ता देखिन्थे। वास्तवमा उनी त्यस्तो च्यापुमा परेका पनि थिए। एकातिर आफ्ना भाइहरू परम्परागत, दण्डाको भरले नेपालको राजकाज चलाउन खोज्दथे भनी उनकै छोरा मे. ज. विजय शम्शेर नेपालको आर्थिक र राजनीतिक क्षेत्रमा अब उदारवादी नीति अपनाउने पक्षमा थिए। त्यसैले सिंदूर जात्राको औसरमा, श्री ३ मोहनले "आजकलको विश्वस्थितिबाट अलग रहन कुनै पनि राष्ट्रलाई नत सम्भव न उपेक्षक छ। तसर्थ हामीसंग दौत्य सम्बन्ध कायम राख्न खोज्न सबै राष्ट्र-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संग दौत्य सम्बन्ध जोड्ने हाम्रो नीति हुनेछ । हाम्रो राष्ट्र विकास गर्ने काममा हामीलाई वाह्य सहायताको आवश्यकता पर्नें कुरा स्वयंसिद्ध छ। छिमेकी र मित्रराष्ट्रबाट हामीले यस्ता आवश्यक सहायता पाउँला भन्ने आशा गरेका छौं" भनेका हुन् ।

यसै समारोहमा "नेपालमा राष्ट्रिय आर्थिक समिति" उद्योग परिषद्को मातहतमा गठन गरी पञ्च-वर्षीय योजनाद्वारा नेपालको चाँडो आर्थिक विकास गर्ने र जनतालाई सस्तो व्यसहा (रू. १ को छ माना चामल) खुवाउने विचार पनि श्री ३ मोहनले व्यक्त गरेथे । भरखर नेपालको प्रधानमन्त्री भएका मोहन शम्शेरले भन्न पर्ने सबैजसो काम कुरा सो सिंदूर जात्राको समारोहमा भनेकाले राज्याभिषेकमा विशेष उल्लेखनीय कुरा केही बोलेनन्[1]।

सिंदूर जात्रापछि मुख्यमुख्य विभागमा श्री ३ मोहनका विश्वासपात्रहरू नियुक्त गर्ने क्रममा मी. सु. उपेन्द्र पुरुष ढकाल खड्ग निशानामा, सरदार नरेन्द्रमणि आचार्य दीक्षित (सरदार नगेन्द्रमान सिंहको अतिरिक्त) मुन्सीखानामा, क. क. चन्द्रजंग थापा चिठ्ठी निकसारीमा, ले. क. मिनारजंग थापा घरकाजमा, ले. क. सन्तबहादुर हजुरिया कर्णेलमा, क. क. डम्बर शम्शेर जंगी बन्दोबस्तमा, क. कुलविक्रम जंगी अड्डामा, सरदार मानबहादुर मुख्तियारको असिष्टेण्टमा, मी. सु. रामगोपाल मुलुकी अड्डामा र गुरुप्रसाद क्षेत्रनाथ अधिकारी मुलुकीखानामा हाकिम भए ।

श्री ३ मोहन शम्शेरले आफ्नो त्यो सिंदूरजात्रामा दिएको भाषण अनुरूप नेपालको राजकाज चलाउन इमान्दारी साथ अघि बढेका भए त उनले आउँदो संकटको सामना गर्न सक्ता हुन्[2] तर उनको मनमा गडेको

---

१. श्री ३ मोहन शम्शेरको राज्याभिषेकको वर्णन, परिशिष्ट– २

२. श्री ३ मोहनको सिंदूरजात्राको भाषणको एक अंशः–

"हिजो आजको परिस्थितिमा खेतीमा मात्र निर्भर गर्नाले राष्ट्रिय जीवनको विकास नहुने मात्र होइन कि जीवन निर्वाहलाई चाहिने आवश्यकीय वस्तुहरूको समेत अभाव हुन गई सबैलाई दुःख हुन जाने हुँदा, अरू उद्योग धन्धाहरू समेत मुलुकमा फैलाउनको निमित्त यथाशक्य चेष्टा भईरहेको तिमीहरूलाई थाहा नै छ । यसमा हाम्रो मुख्य मुराद के हो भने उद्योग धन्धाहरूद्वारा हाम्रा मानिसहरूले काम गरी खान पाउने बन्दोबस्त भई, रहन सहनको दर्जा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पुरानो विचार सितिमिति उखाडेर उखिडने खालको थिएन। खालि अति उदारवादी र प्रतिभाशाली आफ्नो छोरा मे. ज. विजय शम्शेरलाई हार्न नसकेर मात्र उनीले त्यो उदारवादी वक्तव्य सिंदूर जात्रामा पढी दिए– पढ़नसम्मलाई । तर काम गरे आफ्ना भाइ बबर शम्शेर, केशर शम्शेर, बहादुर शम्शेर, प्रचण्ड शम्शेर, हरि शम्शेर र शंकर शम्शेरहरूको सल्लाह र सुझावअनुरूप ।

यसरी श्री ३ मोहनको राज्यकालको थालनीमा नै उनका दुई प्रकारका सल्लाहकार खडा भए। त्यसमध्ये एक तत्वको निरन्तर सुझाव नेपालको राजकाज पुरानै ढाँचाले जस्ताको तस्तो चलाउने, नेपाललाई विश्ववाट अलग राख्ने, देशमा राजनीतिक, शैक्षिक र आर्थिक विकास छिटो नगर्ने र नेपाली जनतालाई अचेडेको अचेडै पार्ने थियो भने, अर्को पक्षको सल्लाह हुन्थ्यो, २००४ सालको वैधानिक कानून चाँडो कार्यान्वयन गर्ने, यथाशक्य चाँडो नेपालको आर्थिक विकास गर्ने, वरपरका राष्ट्रसंग कूटनैतिक सम्बन्ध चाँडो बढाउने र विदेशीलाई नेपालभित्र भ्रमण गर्न दिने। यस तत्वका मुख्य प्रवर्धक थिए मे. ज. विजय भन्ने कुरालाई श्री ३ मोहनको चौंतीस महीनाको राजकाजमा घटेका अनेक घटनाहरूले प्रमाणित गर्दछन्।

—०—

बढाउने मात्र होइन कि मुलुकलाई नभई नहुने वस्तुहरूका हकमा स्वाबलम्बी बनाउने समेत हुँदा, हाम्रो यही मुराद हासिल गर्ने उद्देश्यले पञ्चवर्षीय योजनाहरू तयार गरी नियमित रूपले चालू गर्नको निमित्त उद्योग परिषद्को मातहतमा राष्ट्रिय आर्थिक योजना समिति खडा गरी बक्मेका छौं। यो समितिले ठूला-ठूला कारखानाको काम, घरेलु इलम, उद्योग धन्धाहरू र बन्द व्यापारको उन्नतिको निमित्त नभई नहुने काम– बिजुलीको पैदा, खानी खोद्ने, उखु, कपास, सनपाट इत्यादिको पैदा बढाउने, भर मुलुकमा भू-तत्व विषय र आर्थिक सर्भे गराउने, विदेशी मुलुकहरूसंग निकासी व्यापार बढाउने इत्यादि काम सम्बन्धी पाँच पाँच वर्षको योजना तयार गर्ने छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– १

इस्तिहार

आगे नेपाल राजभर मुलुकका भाइ भारदार रैती दुनिया साहु महाजन गैह्रके, स्वयम् घोषित नेपाल राष्ट्रिय कांग्रेसले हत्याकाण्ड मचाउने मनसायले गैह्र कानूनी संस्था खडा गर्ने, मुलुकको ढुंगाको खलल गर्ने, निजी ईर्ष्या र लोभले देशकै स्वतन्त्रता गुमाउन तत्पर हुने, वर्तमान सरकारउपर नाना प्रकारको झुठा अपवाद लगाई सरकारप्रति दुनियाको मनमा द्वेष र घृणा पैदा गराउन खोज्ने, डर, त्रास र लालचा देखाई सरकारी कर्मचारीहरूलाई ऐन वर्खिलाप गर्न उत्तेजित गराउने, पल्टन भडकाउने लक्ष्य लिई सरकारउपर कैयन निमकहरामी र अभक्ति पैदा गराउने उद्देश्यले पर्चाहरू वांड्ने, देशको शान्ति भंग गर्ने मनसायले बल समेत प्रयोग गर्न धम्की दिने, यस्तै अरू किसिमका कारवाई गरेकाले सरकारले स्वयम् घोषित नेपाल राष्ट्रिय कांग्रेसलाई नेपाल राज्यभर हद गर्न आवश्यक ठहऱ्याई हद गरिवक्सेको छ ।

स्वयम् घोषित नेपाली राष्ट्रिय कांग्रेसलाई सरकारी वा गैह्र सरकारी संस्था वा संघको सदस्य चुन्न वा बन्न र अब प्रचलित हुने नयाँ वैधानिक कानूनबमोजिमका हक अधिकारहरू नपाउन गरिबक्सने छ ।

अरू कुनै संस्था वा संघ लाई पनि माथि लेखिएको स्वयम् घोषित नेपाली राष्ट्रिय कांग्रेसको उद्देश्य र नियमहरू कायम राखी नेपाल राज्यभित्र खडा हुन मनाई गरिबक्सेको छ । इति सम्वत् २००४ साल चैत्र ३१ गते रोज २ शुभम्----------

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– २

सम्वत् २००५ ज्येष्ठ २२ गने शुक्रवार श्री ३ महाराजको शुभ-राज्याभिषेक वैदिक विधिवत् सम्पन्न

श्री ३ महाराजको राज्याभिषेकको आशीर्वचनले आकाश गुन्जायमान। श्री ३ महाराजको जय पुकार ब्राह्मणहरूको सत्कार र गरीबहरूलाई वस्त्र वितरण। ठेकिएको कैदको म्यादमा ३ तीन महीना र ९७ सालसम्मको दण्ड जरीमाना माफी।

काठमाडौं ज्येष्ठ २२ गते आज विहान ७।३५ को शुभ मुहूर्तमा श्री ३ महाराज मोहन शम्शेर जङ्गबहादुर राणाको सिंहदरबारमा शास्त्रीय विधिवाट राज्याभिषेकको शुभ काम सुसम्पन्न भयो।

वेदध्वनिले आकाश गुन्जिएको थियो। सुभाषित ध्वजापताकाले मण्डप सुशोभित थियो। धूप, अगरू, आदिको वासनाले मण्डप नै मगमग भएको थियो। यस पवित्र उत्सवले स्वर्णकालीन सत्य युगको महिमालाई दोहोऱ्याएको जस्तो देखिन्थ्यो। यस शुभ मुहूर्तमा १९ तोपको सलामी भएको थियो। एक हज्जार ब्राम्हणलाई पेडा र दक्षिणा तथा एक हज्जार गरीब गुरूवालाई ६।६ हात कपडा र एक एक रूपियाँ दाम वितरण भएको थियो। गरीवहरूको मुखबाट निस्केको जय ध्वनिले फेरि एक चोटि आकाश गुन्जियो। ९।४५ मा सिंगारिएको हात्तीको हौदामा सवारी भई श्री ३ महाराजबाट श्री भद्रकालीको दर्शन गरिवक्सियो। सिंहदरबारदेखि भद्रकालीसम्मको बाटो ध्वजा पताकाले सिंगारिएको थियो। दुनियाँले श्री ३ महाराजको जय पुकारा गरे। जंगीतर्फको लेप्टनसम्म र निजामतींतर्फका ६०० सम्म खाने जागीरदारहरूलाई दिनक्रो ४ बजे सिंहदरबारमा हाजिर हुने उर्दी थियो।

त्यसबेला श्री ३ महाराजका मंगल श्लोकहरू छपाई वितरण गर्नेहरू पनि धेरै भए फेरि धेरैले मानपत्र पनि टक्र्याएका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै उपस्थित जनतालाई श्री ३ महाराजबाट कृतज्ञता प्रकाशन गरी बक्सी एउटा सारगर्भित भाषण पनि बक्सियो ।

भाषण सिद्धिनासाथ चीफ साहेब लगायत समस्त जनताले श्री ३ महाराजको जय पुकारा गरे । त्यसपछि ६ बजेतिर टुंडिखेल जुद्धसडक गद्दी बैठकको बाटो हनुमान ढोका सवारी भयो । बाटोको दुवैतिर झ्याल-झ्यालमा दर्शकहरूको भीड थियो ।

हनुमान ढोकाबाट नारायणहिटी दरबारमा सवारी भई श्री ५ महाराजाधिराजको दर्शन गरिबक्सी सिंहदरबार सवारी भयो ।

बैलुकादेखि नै लक्ष्मीपूजामा जस्तै घरघरमा भक्त नागरिकहरूले बत्ती बालेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ३

श्री सम्वत् २००५ साल ज्येष्ठ २२ गते शुक्रबार श्री ३ महाराजबाट शुभ-राज्याभिषेकको उपलक्ष्यमा बक्सेको भाषण

भाइ कमाण्डर इन-चीफ भाइ भारदार अफिसर सज्जनहरू,

हाम्रो राज्याभिषेकको उपलक्ष्यमा आज यहाँ तिमी भारदार गुरु पुरोहित अफिसर साहू महाजन सज्जनहरू सबैलाई हाम्रो हार्दिक शुभेच्छा छ।

हाम्रो प्यारो मातृभूमिको उन्नति र दुनियाँको भलाइका लागि मुलुकमा रहेको दारिद्र्याइँ र रोग व्याधि अविद्या र आलस्य हटाउने अभिप्राय लिई हामीबाट के के उन्नति गर्ने तजवीज गरिबक्सेका छौं सो सबै तिमीहरूलाई हाम्रो सिन्दूर यात्राको दिन सुनाई बक्सेकै छौं। सो वाहेक अलिकति तिमीहरूलाई १।२ कुरा सुनाउन चाहन्छु। सदर मदेश पाहाडका सबै कैद ठेकिएका सबै कैदीहरूलाई ३ तीन महीनाका दरले कैद माफ गरिबक्सेका छौं। जायदात लिलाम हुने र भार वा किस्ता भैरहेको तेजारथ पेस्की बाँकी बाहेक १९९४ सालको साल तमामसम्मको बिगो र स्रेस्ता र अदालततर्फ राजकाज ज्यानमारा दामल हुने सर्वस्व हुने मोडिने जातभात सजाय र दुनियाँको बिगोबाहेक १९९७ सालको साल तमामसम्मको दण्ड जरीवाना पनि माफ गरिबक्सेका छौं। श्री पशुपतिनाथ र गुह्येश्वरीका कृपाले तिमीहरू सबैको सुख र सन्तोषको सदा वृद्धि होओस्।

तिमीहरूको हामीमाथिको सदा भाव र भक्तिको हामीबाट ठूलो कदर मानी बक्सी यस्तै भाव तिमीहरूमा पछिसम्म रहने छ भन्ने आशासमेत गरी बक्सेका छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२
नेपाल गुहार गयो

स्वराजको साथै भारतमा २००४ सालतिर केही नयाँ संकट आइलागे। त्यसमध्ये एक थियो हाइद्रावाद रियासतको स्वतन्त्र राष्ट्र हुने प्रबल इच्छा। सन् १९४७ को नोभेम्वर २७तारीखमा भारत सरकार र हाइद्रावादका निजामको बीच एक वर्षलाई जस्तोको तस्तै बस्ने (स्टेण्ड स्टील) सम्झौता भयो। त्यसै बीचमा हाइद्रावादमा मजलिस भन्ने नयाँ पार्टीको गठन र कासिम रजाभीको नेतृत्वमा रजाकार दल खडा भए र त्यस सालको संयुक्त राष्ट्रसंघको बैठकको विषय सूचीमा हाइद्रावाद स्वतन्त्र राष्ट्र हुन चाहने माग पनि समावेश होस् भन्ने अनुरोध सुरक्षा परिषद्लाई निजामबाट गयो। बेलायतमा हाइद्रावाद हाउस खुल्यो। अरू कुरामा निजाम जतिसुकै चुइँया भए पनि यस प्रचारमा काफी खर्च गरे। धेरै मुसलमान राष्ट्रहरू र खास गरेर पाकिस्तानले हाइद्रावादको स्वराजको माग निरन्तर समर्थन गरेकोले भारतले त्यहाँ हस्तक्षेप गर्ने निधो गऱ्यो।

हाइद्रावादमा हस्तक्षेप गरेपछि भारतभरका मुसलमानले वलवा र पाकिस्तानले पूर्व-पश्चिमबाट भारतमाथि हमला गर्लान् कि भन्ने डरले भारत सरकारले निकै मानेको थियो। "स्टेण्ड स्टील एगृमेण्ट"को म्यादभित्र निजामले हाइद्रावादलाई स्वतन्त्र राष्ट्र बनाउन गरेका कारबाई देख्दा, सानो चोटले भारत सरकार र हाइद्रावाद बीचको तनाव सुल्झिएलाजस्तो पनि देखिंदैनथ्यो। हाइद्रावादसँग हातपात हुँदा भारतभर नै अशान्ति मच्चिएला कि भन्ने शंका र डरले भारत सरकारले नेपालसँग गुहार माग्यो।

त्यो गुहार सुनी, भरखर नेपालका प्रधानमन्त्री भएका श्री ३ मोहनले तुरुन्त दश पल्टन आफ्ना छोरा मे. ज. शारदा शम्शेरको नेतृत्वमा २००५ सालको असारमा भारत पठाए। मे. ज. शारदाका सैनिक सचिवमा क. शोभागजंग थापा दिल्लीमा र भारतको विहार, वंगाल, आसाम प्रान्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठाइएका नेपाली पल्टनका कमाण्डिङ अफिसरमा ले. क. बल्देव शम्शेर ज. ब. रा., ले. क. विज्ञान शम्शेर ज. ब. रा., ले. क. योग विक्रम राणा; ले. क. क्षेत्रविक्रम राणा; ले. क. गेहेन्द्र शम्शेर थापा, ले. क. सुरेन्द्रबहादुर शाह र ले. क. प्रकाशजंग थापाहरू खटिए। सन् १९४८ को सेप्टेम्बर १८ तारिखमा, पुलिस एक्सनको नामले जनरल चौधरीले हाइद्राबादमा भारतीय फौज हुल्दा नेपाली सेनाले भारतका विभिन्न पूर्वी प्रान्तहरूमा अखडा जमाई सकेको थियो।

हुन त भारत सरकारको अनुरोध, डर, मोलाहिजामा अघिअघि पनि (१९१४ सालमा श्री ३ जंगबहादुरले, १९४२ सालमा श्री ३ रणोद्दीप सिंहको पालामा (भारतको सहायतालाई पठाउन भनी जम्मा गरेको पल्टनका दलमुख ज.वीरशम्शेरले श्री ३ रणोद्दीप सिंहलाई मारेकाले पल्टन त्यसबखत भारत गएन, १९७१ सालमा श्री ३ चन्द्र शम्शेरले र १९९६ सालमा श्री ३ जुद्धले) नेपाली फौज भारतको सुरक्षालाई नगएको हैन; तर २००५ सालको आषाढमा नेपाली फौज भारतको आन्तरिक सुरक्षाको निमित्त जांदा, त्यहाँ अंग्रेजी राज थिएन र भरखर स्वतन्त्र भएको भारतको परिस्थिति पनि त्यति नाजुक थिएन। तैंपनि नेपालले त्यसबखत त्यति शीघ्रतासाथ भारतमा आफ्नो फौज पठाएकोमा नेपालभित्र बाहिर विभिन्न तत्वले विभिन्न अर्थ लगाएका थिए।

(१) अघिअघि पनि भारतलाई हार-गुहार गर्दै आएको नेपालले, स्वभावतः २००५ सालमा पनि भारतलाई गाह्रो साह्रो पर्दा गुहार जानु स्वाभाविकै हो। भारतमा अंग्रेजले राज गर्दा मद्दत गर्न जाने, भारतीयहरूले राज्य गर्दा नजानाले नेपाललाई असहयोगको बात लाग्ला र छिमेकी राष्ट्र चिढिएला भन्ने शंकाले नेपालले त्यति चाँडो आफ्नो फौज भारत पठाएको हो भन्ने एक थरीको भनाइ थियो;

(२) नेपाल-भारतको सीमाना परम्परादेखि खुल्ला रहँदै आएकोले, भारतमा उठेको जुनसुकै ठूलो राजनीतिक बाढीको छछल्को स्वतःह नेपाल भित्र सजिलै पस्न सक्ने संभाव्यताको बेलैमा लेखाजोखा गरी आफ्नै हितको लागि नेपालले भारतलाई संकट परेको बेलामा सैनिक मद्दत गरेको र गर्दै आएको हो भन्ने अर्थ अर्का थरीले लगाएका थिए।

(३) भूपरिवेष्ठित नेपाल सदा सर्वदा भारतमा स्थिरता चाहन्छ— आफ्नै स्वार्थपूर्तिको निमित्त। नेपाल-भारत बीचको पारवहन व्यापार, नेपालको निमित्त सासको उजिण्डो समान छ। त्यसमा कुनै तल-माथि पऱ्यो भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालले भारी आर्थिक संकटको सामना गर्न पर्ने हुंदा, भारतमा कुनै ठूलो उथल-पुथल नहोस् भन्ने नेपालको नित्य कामना हुन्छ; भारतको कुनै ठूलो आन्तरिक गडबडले भारतको बाटो गरी चल्ने नेपालको आयात-निर्यात व्यापारमा भारी धक्का पर्ने हुँदा, नेपालले भारतको आन्तरिक शान्ति-सुरक्षा कायम राख्न पनि त्यति छिटो भारत पठाउने निर्णय गरेको हो भन्ने कसैं-कसैंको भनाइ थियो;

(४) भरखर स्वतन्त्र भएको भारत सरकारसँग सम्बन्ध बढाउने मौका नेपालको राणा सरकारले डुबाकी राखेको बेलामा, भारतले त्यसबखत मागेको सैनिक सहायता त नेपालको निमित्त "के खोज्दछन् काना, आँखा" जस्तो भयो। नेपालको राणा सरकारले भारतको नयाँ सरकारलाई गुन लगाएर आफ्नो अस्तित्व बचाउने (जसो गर्दा अघि अंग्रेजको पालामा बचेको थियो) ध्येयले नै श्री ३ मोहनले नेपाली सेना २००५ सालमा त्यस्तो शीघ्रतासाथ भारत पठाएका हुन् भन्ने विचारमा धेरै थिए।

भारतमा त्यसबखत डेराडण्डा गरी बसेका राणा सरकार विरोधी नेपालीहरूले त, अंग्रेजलाई जस्तै नयाँ भारत सरकारलाई पनि रिझाई हात लिन, जनताको आकांक्षा टुक्र्याउन र आवाज दबाउनलाई राणा सरकारले त्यति छिटो नेपाली सेना भारत पठाएको हो भने आच्छेप नै लगाए।

भाग्यले हाइद्रावाद पुलिस एक्शन निर्विघ्नतापूर्वक चाँडो सकियो। अर्काको लहैलहैमा लागेर उम्लेका हाइद्रावादका राजाकारहरू चाँडै नै सेलाए; निजामले खुट्टा लतारेका हुँदा आफ्नै रागले खुम्चिएको मरिचजस्तो भयो; र छिमेकी भारतको गुहारमा गएको नेपाली सेना एक फाएर नगरीकन सकुशल छः महीनाभित्रमा नेपाल फर्क्यो।

१९१४ सालको सिपाही विद्रोहमा अंग्रेजको कम्पनी सरकारलाई मद्दत गरेबापत श्री ३ जंगबहादुरले भारतबाट नयाँ मुलुकः १९७१-१९७५ सालको पहिलो महायुद्धमा अंग्रेज सरकारलाई सहायता गर्ने श्री ३ चन्द्र शम्शेरले एक्काईसलाख रुपैयाँ एकमुष्ट र सालिन्दा दशलाख रुपैयाँ र १९९६-२००२ सालमा दोस्रो महायुद्धमा मित्रराष्ट्र भारतलाई सैनिक सहायता दिएबापत श्री ३ जुद्धले तीन करोड तेंतीसलाख रुपैयाँको एकमुष्ट आर्थिक सहायता भारत सरकारबाट पाएको दृष्टान्तसँग राम्रो परिचित श्री ३ मोहन, २००५ सालमा नेपालले भारत सरकारलाई विनाशर्त सैनिक साहेत गरी खेर जाने छैन भनी ढुक्क परेका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

नेपालको पहिला पञ्च-वर्षीय योजना

(१)

२००५ साल जेष्ठ १४ गतेको श्री ३ मोहन शम्शेरको सिंदूर जात्राको भाषणमा नेपालमा उद्योग परिषद्को मातहतमा "राष्ट्रिय आर्थिक योजना समिति" गठन गर्ने कुरा परेकोले, नेपालमा विधिवत् "राष्ट्रिय आर्थिक योजना समिति" गठन गर्ने निर्णय भएको यो पहिलो बाजी भए तापनि योजनाबद्ध तरीकाले नेपालको आर्थिक विकास गर्ने प्रयास त्यसअघि पनि मे. ज. विजय शम्शेरले पटकपटक नगरेका हैनन् भन्ने बृतान्त पूर्व लेखमा परेका छन्। खालि यस पटक श्री ३ मोहनले आफू प्रधानमन्त्री भएको उपलक्ष्यमा गरिएको सिंदूर जात्रामा दिएको पहिलो औपचारिक नीति भाषणमा आर्थिक योजना समिति गठन गर्ने घोषणा परेका हुँदा यो नौलोजस्तो देखिएको र यसको शुरुमा महत्त्व र प्रचार खूब भएको थियो। त्यस वखतसम्म पनि नेपालमा प्रचार प्रसारका सामान सीमित भए पनि, सरकारले गरेका कामको प्रचार हुन पर्दछ भन्ने नयाँ भावना जाग्न शुरु गरेको थियो।

नेपालको आर्थिक विकास गर्ने क्रममा १९९९ सालदेखिन् नै मे. ज. विजय शम्शेरसंग मीर सुब्बा भीमबहादुर पांडे साथै बसी काम गर्दै आएकोले प्रस्तावित राष्ट्रिय आर्थिक योजना समितिमा उनलाई सदस्य सचिव बनाउन नेपाली दूतावास लंडनवाट २००५ सालको शुरुमा नै बोलावट भयो। २००५ साल आषाढ ११ गते नेपाल फर्केका मी. सु. भीमबहादुर पांडेलाई राष्ट्रिय आर्थिक योजना समिति गठन गर्न आवश्यक प्रारम्भिक काममा लगाइयो। कुन ढाँचाको आर्थिक योजना बनाउनाले नेपालको चाँडो विकास हुन्छ भनी अध्ययन गर्नलाई मी. सु. भीमबहादुरलाई सन् १९४६ मा संयुक्त राष्ट्र अमेरिकाको टी. भी. ए. (टेनेसी भ्याली अथरेटी) र सन् १९४८ मा यूरोपको साना-ठूला नौ राष्ट्रको विकाससंबन्धी अध्ययन भ्रमणमा पठाएको कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघि विस्तार भइसकेको छ) । मे. ज. विजय शम्शेर र प्रो. भीमबहादुर सावै बसी श्री ३ जुद्धको पालामा तयार गरिएको नेपालको मसौदा आर्थिक विकास योजनामा नै आधारित, तर देश, परिस्थिति र काल सुहाउँदो केही कुरा थप-घट गरी नयाँ राष्ट्रिय आर्थिक योजनाको रूपरेखा प्रस्तावित राष्ट्रिय योजना समितिमा छलफललाई पेश गर्ने निधो गरे ।

२००५ साल भाद्र ११ गते रविवारको दिन श्री ३ महाराज मोहन शम्शेरवाट सिंहदरवार स्कूल भवन (हाल रेडियो नेपालको अफिस) मा राष्ट्रिय आर्थिक योजना समितिको उद्घाटन भयो । समारोहमा मिनिष्टर एन्ड कमाण्डर इन–चीफ, पू. क. ज., द. क. ज. लगायत सबै विभागीय तालुकवालाहरू र केही अड्डा प्रमुखहरू बोलाइएका थिए । उपस्थित दिग्गज राणाहरूले नयाँ आर्थिक योजना समिति गठन भएकोमा कुनै प्रतिक्रिया जनाएनन् । त्यस्तो नयाँ खालको आर्थिक विकाससंवन्धी कुरामा उनीहरू विशेष खायस पनि लिंदैनथे र बुझ्दा पनि बुझ्दैनथे । सतितिको बाहिर भने निकै चर्चा चली, गोरखापत्रले समिति उद्घाटन हुने खबर ठूलो अक्षरले छापेको थियो[1] । यस्ता समारोहमा प्रधानमन्त्रीको खूब फोटो खिच्ने त्यसबेलाको चलन अनुरूप मे. ज. सम्मर शम्शेर, मे. क. बालकृष्ण शम्शेर र मि. सु. विष्णुध्वज जोशीले फोटो खिचे । त्यसबेला यिनै तीनजना गनिएका थिए नेपालमा नाम चलेका फोटोग्राफर । यो नयाँ खबर पढ्ने मानिसहरू नेपालमा पनि अब केही आर्थिक विकास भई हाल्दछ कि भनी खुसी भएका थिए । २००५ सालसम्म पनि नेपालमा रेडियो स्टेशन बनिनसकेको र अरू पत्र पत्रिका नछापिएकोले सरकारी प्रचार खालि त्यसबेलाको चार पैसे दुई पत्रे गोर्खापत्रमा सीमित रहन्थ्यो ।

प्रस्तावित "राष्ट्रिय आर्थिक योजना" समितिको उद्घाटन भाषण निकै लामो र सार गंभीर थियो[2] । आजभन्दा ३३ वर्षअघि नेपालमा तर्जुमा गरिएको त्यो राष्ट्रिय आर्थिक विकास योजनाले कुन कुन विषयलाई त्यसबेला बढी मर्यादा र ग्राहयता दिने निधो गरेको रहेछ भन्ने तथ्य प्रस्तावित योजनामा पारिने भनी सिफारिश भएका निम्न बुँदाले प्रमाणित गर्दछन्:–

१. कृषि– देशमा नरनारीले पेटभरी सन्तुलित खाना खान पाउन्, तरा-

---

१. राष्ट्रिय आर्थिक समिति उद्घाटन गर्ने गो. प. मा सूचना, परिशिष्ट-४
२. श्री ३ मोहनको राष्ट्रिय आर्थिक योजनालाई संवोधन भाषण-परिशिष्ट-५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईमा खाद्य र नगदी वालीको र पहाडमा फलफूलको बगैंचा, पशुपालन र जडीबूटीको विशेष उन्नति होस् ।

२. उद्योग धन्धा– तराईमा हाम्रो दैनिक जीवनलाई आवश्यक र विदेशमा चाह भएका माल तयार हुने मझौला किसिमका उद्योग धन्धाको औ पहाडमा घरेलु इलमको प्रचार बढोस् । प्रकृतिको सौंदर्यले परिपूर्ण देशहरूमा विदेशीहरूको भ्रमण संबन्धी उद्योग चढे बढेको देखिन्छ। बाटो र अरू यातायातको असुगमता र चाहिने प्रबन्धहरूको न्यूनताले गर्दा अहिले नै हाम्रो मुलुकमा विदेशीहरूको भ्रमण इन्तजाम हुन सक्तैन तापनि, यहाँ पनि सो बढाउने उद्देश्यले रमणीय स्थानको निरीक्षण र स्याहार गर्ने प्रबन्ध होस् ।

३. बिजुली– मझौला खालका बिजुलीको उत्पादन उद्योग देशका विभिन्न भागमा खुलुन् ।

४. यातायात– सुगम यातायातको लागि मेचीदेखि महाकालीसम्मको सडक र सबै प्रदेशमा सो सडकसंग उत्तर-दक्षिण जोडिने मूल बाटोहरू बनुन्, प्रदेशैपिच्छे टेलिफोन लाईन र डांक खाना, हुलाक बनाउन र खोल्नको लागि प्रबन्ध होस् ।

५. जंगल– देशको जंगल धन बढाउनको लागि औ विदेशमा काठको निकासी गर्ने उद्देश्यले र पहाडमा खोलो पैरो रोक्ने हेतुले जंगल पालिइउन् ।

६. खानी– कहाँ कुन किसिमका खानी छन्, सर्भेद्वारा तिनीहरूको राम्रो निर्णय गरी, देश निर्माणलाई आवश्यक वस्तुको निमित्त विदेशी पैसा कमाउने विचारले समेत खानी खोल्ने प्रबन्ध होस् ।

७. शिक्षा र स्वास्थ्य– यस योजनाको निमित्त शिक्षित मानिसको प्रशस्त दरकार पर्ने छ । सो पूर्ति गर्नलाई शिक्षितहरू यथाशक्य चाँडो तयार हुन् । सर्वसाधारणको स्वास्थ्य रक्षापट्टि पनि पूरा ध्यान जावस् ।

यी थिए श्री ३ महाराजले २००५ साल भाद्र ११ गते समितिका सदस्यहरूलाई औंल्याएका ठोस विषय र ग्राह्यता । श्री ३ महाराजले निम्न कुरा उल्लेख गर्दै आफ्नो भाषण टुङ्गयाए, "मैदान, पहाड, झर्ना, ताल, जंगल, खोला अनगिन्ती भएको; कस्तुरी, गैंडा, कुट, सूर्ती, धान, ऊन, कपास, सनपाट, सुन, तामा, आँप, सुन्तला जतातत पाइने; हिमाल मधेश जोडिएको; सर्दी गर्मी मिलेको यस्तो देशको सेवा गरी सिंगार्न सपार्न कसलाई इच्छा नहोला । नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्थिक अवस्थाको उन्नति गराउन उपर्युक्त प्राकृतिक धनको सदुपयोग हुने पर्दछ । त्यसैले यो राष्ट्रिय योजना समिति खडा गर्नु परेको हो; यस्तो महत्वपूर्ण काममा तिमीहरूलाई लगाई बक्सेका छौं । लगाई बक्सेको काममा दत्तचित्त भई सकभर राम्रो र हामीले गरी साद्धे योजना चाँडो तयार गरी हाम्रो हजूरमा पेश गर्ने छौं भन्ने उभेद राखिबक्सेका छौं ।"

पञ्च-वर्षीय योजनालाई राष्ट्रको आर्थिक विकासको माध्यम बनाउने चलन विश्वमा सर्वप्रथम सन् १९१७ को क्रान्तिको बाद सोभियत रूसले चलाएको हुँदा, त्यसबखत पञ्च-वर्षीय योजनाद्वारा देशको विकास गर्न खोज्नुको अर्थ, एक किसिमले योजनाबद्ध तरीकाले देशको विकास गर्न खोज्नु र वामपन्थी विचारधारापट्टि लहसिनु जस्तो लाग्दथ्यो । कुनै योजनालाई पञ्च-वर्षीय नामकरण गर्दैमा, त्यसको सफल कार्यान्वयन अवश्यम्भावी नभए तापनि देश विकासलाई सरकार अगुसर भएको छ भन्ने त त्यसले संकेत अवश्य गर्दथ्यो-पञ्च-वर्षीय योजनाको जन्म सोभियत रूसमा भएको र रूसले पञ्च-वर्षीय योजनाबाट प्राप्त उपलब्धिको चर्चा त्यसबेला अनेक पुस्तकमा चढाई बढाई खूब गरिएको हुँदा । २००५ सालमा नेपालमा पनि सर्वप्रथम पञ्च-वर्षीय योजनाद्वारा राष्ट्र विकास गर्ने निधो लागेकोमा नेपालका सीमित बुद्धिजीवी र शिक्षित युवावर्गले केही हुन्छ कि भनी सन्तोषको अनुभव गरेका र समितिका सदस्यहरूले देश विकासतर्फ केही गर्न सकिन्छ कि भनी शुरुमा आशावादी भएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

यसरी श्री ३ महाराज मोहन शम्शेरको नेपालको आर्थिक विकास योजना छ महिनाभित्रमा तयार गरी त्यसलाई पाँच-पाँच वर्षको दरले पन्ध्र वर्षभित्रमा कार्यान्वियन गर्ने महत्वाकांक्षी विचार व्यक्त हुनुको साथै, विशेष वैठकहरूमा आफैले अध्यक्षको आसन ग्रहण गर्ने आश्वासन पनि त्यसै समारोहमा आर्थिक योजना समितिले पाएकोमा, मौसूक प्रति आभार मे ज. विजयले चढाए[1]। त्यसबखत प्रधानमन्त्रीको सक्रिय नेतृत्व वेगर कुनै पनि सानाठूला काम नेपालमा नचलने र उनी सिंहदरबारभित्र बिजुली गारतले घेरिएर, डिग नचलीकन बसे पनि उनलाई एक मात्र नेता मान्न पर्ने हुँदा, श्री ३ मोहनको त्यो आश्वासनले समितिका सदस्यमा नयाँ जोश जगायो। उद्घाटनको लगत्तै मे. ज. विजय शम्शेर राष्ट्रिय आर्थिक योजनाका अध्यक्ष र मी. मु. भीमबहादुर सदस्य सचिवमा नियुक्त भए। "राष्ट्रिय आर्थिक योजना समिति" पनि उद्योग विभागकै मातहतमा रहने भयो।

समितिका अरू सदस्यहरू थिए– मे. ज. मृगेन्द्र शम्शेर, मे.ज. ब्रह्मशंशेर, कर्णेल सुवर्ण शम्शेर, क. चूडाराज शम्शेर, ले. क. खड्ग नरसिं राणा, परीक्षित नरसिं राणा, सरदार गुन्जमान सिंह, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, प्रो. रत्नबहादुर विष्ट, प्रो. यदुनाथ खनाल, डा. सिद्धिमणि आचार्य दीक्षित, श्रीराजबहादुर चिपालु इत्यादिहरू। समिति सात उप–समितिमा विभाजन भई प्रस्तुत मसौदा योजनाको आधारमा सर्वाङ्गीण नयाँ राष्ट्रिय आर्थिक योजना तयार गर्ने काम शुरु भयो। उप-समितिमा सबैजसो विकास संबन्धी विभागका हाकिम र विशेषज्ञहरू सरिक गरिएका थिए।

२००५ सालको राष्ट्रिय आर्थिक योजनालाई लिएर त्यसबखत गोरखापत्रले प्रकाश गरेका सम्पादकीयहरू पनि निकै उत्साहवर्धक थिए[2]।

---

१. मे. ज. विजय शम्शेरको प्रतिउत्तर वक्तव्य, परिशिष्ट-६

२. गोरखापत्रमा २००५ साल श्रावण १९ गतेमा लेखिएको सम्पादकीय, परिशिष्ट-७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ३ जुद्ध शम्शेरको पालामा योजनाबद्ध तरीकाले नेपालको विकासलाई शुरु गरेको प्रयास बीचैमा त्रिशंकु पल्टेको कटु अनुभवसंग खूब परिचित मे. ज. विजय शम्शेरले यस पटकको आफ्नो प्रयास खेर नजावस् भनी भरमजदूर कोशिश गरे । राणाकालमा प्रधानमन्त्रीका मन परेका गतिशील छोराले आँटेमा पार नलाग्ने काम कुरा विरलै हुन्थे । तैपनि उनले आशा गरे जत्ति र चिताए बमोजिम नेपालको आर्थिक विकास भएन– विकास पथमा थरी थरीका नचिताएका अवरोधहरू देखा पर्न थालेकाले र नेपालमा सकारात्मक काम उठाउँदा नकारात्मक तत्वको बाहुल्य प्रायः बढ्ने परम्परा हुँदा ।

२००५ सालको भदौको पजनीमा मी. सु. भीमबहादुर पांडे उद्योग परिषदको हाकिम र सरदार गुन्जमान राष्ट्रिय आर्थिक योजना समितिका सदस्य सचिवमा चेन्ज-फेन्ज भए । उद्योग परिषद् जस्तो त्यसबेलाको अति महत्वपूर्ण तालुक अड्डाबाट हटी (अरू अड्डाखानालाई निकासा पुकासा दिने अड्डा) भरखर गठन भएको उद्योग परिषद्को मातहतको राष्ट्रिय आर्थिक योजना समितिमा सारिंदा, सरदार गुन्जमानले मानहानि भएको जस्तो अनुभव गरे । जुनसुकै काम पनि सफलतापूर्वक सम्पन्न गर्नलाई काम गर्ने मानिसको जोश र हौसलामा निर्भर पर्दछ । त्यसमा पनि राष्ट्रको आर्थिक विकास गर्ने जस्तो महत्वपूर्ण काममा त अध्यक्ष र सचिव नंगमासु जस्तो हुनु नितान्त आवश्यक थियो । विना कारण त्यति ठूलो अड्डाको हाकिमबाट मातहत अड्डामा पठाइएका सरदार गुन्जमानको दिल दुखी उनको काम गर्ने हौसला र जोश मर्दा, त्यसको केही असर योजना तर्जुमा गर्ने क्रममा तुरुन्तै पऱ्यो ।

फलतः छ महीनाभित्रमा सबै उप-समितिले योजना तयार गर्न नसकेको कुरा २००६ साल जेष्ठ ३ गते गोरखापत्रमा प्रकाशित विज्ञप्तिबाट प्रष्ट हुन्छ[1] । त्यतिन्जेल, खालि उद्योग परिषद्, कृषि परिषद्, ब्यूरो अफ माइन्स, खानी अड्डा, स्वास्थ्य उप-समितिहरूबाट मात्र केही राय र सुझावहरू राष्ट्रिय योजना समितिमा पेश भएका थिए । तर जुन कांट र रफ्तारले त्यस्ता सुझाव मूल समितिमा आई सर्वाङ्गीण राष्ट्रिय आर्थिक योजना तयार हुन पर्दथ्यो, त्यो केही हुन सकेन– अनेक कारणवश ।

प्रथम, त्यसबखत धेरैजसो वरिष्ठ राणाजी तालुकवालाहरूमा आपसी

---

१. गोरखापत्र, २००६ साल जेष्ठ ३ गते, परिशिष्ट–८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डाह ठूलो हुन्थ्यो अरू तालुकवालाले काम देखाएर जश लेला कि भनी । आफू-हरूले पनि काम गर्दैनथे र अरूले गरेको पनि देखिसहदैनथे र एकले सदा अर्काको खट्टा तान्न तत्पर रहन्थे । दोस्रो, श्री ३ मोहन आफैले पनि २००५ साल भाद्र ११ गते राष्ट्रिय योजना समिति उद्घाटन गरेपछि विस्तारै लत्तो छाडे, अरू रोलवाला राणाजीको त के बितेको थियो– चाहे नेपालको प्रगति होस् नहोस् । तेस्रो, नेपालमा जुनसुकै ठूला साना कामको उठान र बैठानमा आकाश जमीनको फरक पर्ने एक किसिमले परम्परा नै हुँदा, "राष्ट्रिय आर्थिक समिति" लाई पनि त्यही दशा लागी, राष्ट्रिय योजना समितिको काममा विस्तारै शिथिलता आयो- नेपालमा त्यसबेला प्रधानमन्त्री ताते सबै तात्ने र उनी सेलाए पछि सबै सेलाउने एक प्रकारको चलनै हुँदा । अरू सबैले हात बाँधेर फगत एक जनाको मात्र मुख ताक्ने राणा व्यवस्थाको सबभन्दा ठूलो अयव पनि यही हो ।

उपर्युक्त कारणको अलावा, २००६ सालदेखिन् नै नेपालको राजनीतिक परिस्थितिले नयाँ मोड लेला जस्तो लक्षण देखाउन थालेकोले, भारतमा बसेका राणा सरकार विरोधी राष्ट्रवादी नेपाली राजनीतिज्ञहरूले शिर उठाएका र श्री ३ मोहनका तथाकथित गुप्तचरहरूका जाली कुराले कान भरियी, मस्तिष्कमा जालो लागेको हुँदा, उनको पूरै ध्याउन्न नेपाली कांग्रेस दबाउनपट्टि गई, २००६ सालको आखिरदेखिन् खोच्याउन थालेको त्यो 'राष्ट्रिय योजना समिति" अभावै अभावले खचाखच त्यसबेलाको नेपाल (शिक्षाको अभाव, सञ्चार र यातायातको अभाव, विद्युत्को अभाव, सिंचाईको अभाव, जन-जागृतिको अभाव, स्वदेशी पूँजी, प्राविधिक र विदेशी सहायताको अभाव) मा श्री ३ महाराजको सक्रिय सहयोगको अभाव पनि थपियो । तैपनि विजय शम्शेर हरेस खाएका थिएनन् । ढीलो चाँडो, योजना समितिको काम येनकेन चलेकै थियो ।

जुन अक्करमा परी (अर्थात् राणाकालमा देशको राजनीतिलाई विकास-मुखी बनाउन र योजना कार्यान्वयन गर्न आवश्यक आर्थिक रकम र त्यसको स्रोत प्रष्ट रूपमा उल्लेख गर्न नसक्ने) श्री ३ जुद्धको पालामा शुरु भएको योजनाबद्ध तरीकाले नेपालको आर्थिक विकास गर्ने प्रयास ढुनमुनाएको थियो, त्यही अडचन श्री ३ मोहनको पालामा पनि पर्न आयो । त्यतिन्जेल नेपालमा राष्ट्रिय आय-व्ययको हिसाब गोप्य राखिने चलन हुँदा, प्रस्तावित पञ्च-वर्षीय योजनालाई आवश्यक खर्च कताबाट जुटाउने हो भन्ने र राजकाजलाई विकास-मुखी पार्ने कुरा प्रधानमन्त्री सिवाय अरू कसैले त्यसबखत भन्न सक्तैनथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजना समितिमा पनि यी दुई कुरा कुराको मुख फोरेर कसैले उठाउन नसके तापनि, अध्यक्ष आफैले त्यसको छेडखान गर्ने अम्वर वोकेका थिए र ढीलो चाँडो नेपालको वजेट प्रकाश र राजनीतिक सुधार गराई प्रस्तावित पञ्च-वर्षीय योजनाको निमित्त लाग्ने जम्मा खर्च उल्लेख गर्ने कुरा भित्री तहमा चलिरहेको कारणले समेत प्रथम पञ्च-वर्षीय योजना तयार हुनमा ढीला सुस्ती भएको बेला, २००७ सालको क्रान्तिको हुरी चली सब लथालिंग पारिदियो।

यसरी योजनाबद्ध तरीकाले नेपालको आर्थिक विकास चाँडो गर्ने बिचरा मे. ज. विजय शम्शेरको श्री ३ जुद्धको पालामा उठेको त्यो धोको, आफ्नै बाबुको पालामा आएर ऊन पुगेन। सदइच्छा सत् प्रयास र इमान्दारी साथ नेपालमा थालेका धेरैजसो सत् विचार र सकारात्मक कामहरू छेउ टुप्पो नलागीकन यसरी नै बत्ताएका दृष्टान्त नेपालको इतिहासमा कति पाइन्छन् कति– खोजी हेरेमा। त्यही दशा नेपालको प्रथम पञ्च-वर्षीय योजनालाई पनि लाग्यो।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गोरखापत्रबाट)

परिशिष्ट-- ४

२००५ साल आश्विन ९ गते शुक्रवार
श्री ३ महाराजबाट
उद्घाटन हुने
राष्ट्रिय आर्थिक योजना समिति

आगामी रविवार ११ गतेका दिन ४:३० बजे श्री ३ महाराजबाट राष्ट्रिय आर्थिक योजना समितिको उद्घाटन समारोह सिंहदरवार स्कूल-भवनमा सम्पन्न गरिबक्सने भएको छ । श्री मिनिष्टर एण्ड कम्याण्डर इन-चीफ साहेब, श्री प. क. ज., श्री पू. क. ज., श्री द. क. ज. र विभागहरूको तालुक-वालाहरूलाई पनि सो दिन उपस्थित हुनलाई निमन्त्रणा भएको छ ।

प्रचार विभाग विज्ञप्ति नं. ९
८।६-२००५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ५

२००५ साल आश्विन १२ गते सोमवार
नेपालको सुनौला स्वप्ना

राष्ट्रिय आर्थिक योजना समितिको उद्घाटन

श्री ३ महाराजको महत्त्वपूर्ण भाषण

काठमाडौं आश्विन ११ गते आज ४:३० को समयमा सिंहदरबार स्कूल-भवनमा श्री ३ महाराजबाट राष्ट्रिय आर्थिक योजना समितिको उद्घाटन गरिबक्सियो । यस उद्घाटन समारोहमा श्री मिनिष्टर एण्ड कम्यान्डर इन-चीफ लगायत सबै अड्डाका तालुकवालाहरू र रा. आ. यो. समितिका सदस्यहरू र धेरै फोटोग्राफरहरू पनि उपस्थित थिए। मुलुकको आवश्यकीय खाँचोको दिग्दर्शन गरी बक्सँदै साधारण बुझिने भाषामा नेपालले गर्नु पर्ने कामको विषयमा श्री ३ महाराजबाट एउटा बडो महत्त्वपूर्ण भाषण बक्सियो । मौसूफको शब्द शब्दमा नेपाललाई सकेसम्म चाँडो उत्थान गर्ने उत्कट् प्रेम प्रदर्शित हुन्थ्यो । श्री ३ महाराजको भाषण पछि, श्री मे. ज. विजय शम्शेर ज. ब. रा. को एउटा पितृभक्तिपूर्ण र महत्त्वपूर्ण भाषण भई सभा विसर्जन भयो ।

श्री ३ महाराजको भाषण

भाइ मिनिष्टर एण्ड कम्याण्डर इन-चीफ भाइ छोरा र राष्ट्रिय आर्थिक योजना समितिका, सदस्यहरू,

हामीबाट सिन्दूर-जात्राको भाषणमा राष्ट्रिय आर्थिक योजना समिति खडा गरिबक्सने अभिप्राय घोषणा गरिबक्सेको तिमीहरूलाई थाहै छ । आज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो त्यो मुराद पूरा गर्न सो समितिका सदस्य सुकरर गरिबक्सी देशको आर्थिक निर्माण सम्बन्धी महानकार्य शुरु गर्न यहाँ उपस्थित हुँदा हामीलाई ठूलो हर्ष लागेको छ ।

यस्तो महत्त्वपूर्ण काममा सफलता हासिल गर्नलाई सबै सरकारी विभागहरूले सहयोग र सह-योजना गरेमा मात्र यो काम राम्रो किसिमले र कठिनाइ केही नपरी चाँडो चल्ने देखिएकोले आर्थिक योजनाको लागि भाइ मिनिष्टर एण्ड कम्याण्डर इन-चीफ, तिमी भाइ छोराहरू र समितिका सदस्यहरूलाई यस विषयमा केही भन्नाको निमित्त आज यहाँ बोलाई बक्सेका हौं ।

तिमीहरूले भर देशका जो चाहिने भाइ-भारदार रैती दुनियाँ साहू-महाजन सबैका सल्लाहले एक योजना खडा गरी देशका सबै बासिन्दाले सो माफिक काम गऱ्यौ भने देशको आर्थिक अवस्थामा अद्वितीय उन्नति गराउन सक्ने छौं भन्ने हामीबाट पूरा विश्वास मानी बक्सेकोले यो समितिको उद्घाटन गर्नलाई यहाँ उपस्थित हुँदा हामीबाट ठूलो आनन्द मानिबक्सेका छौं । पछि पछि पनि यस समितिको कुनै महत्त्वपूर्ण छलफल गर्न बैठक बस्नुपरेमा समितिको सभापतित्व हामीबाट स्वीकार गरिबक्सने छौं। अथवा भाइ मिनिष्टर एण्ड कम्याण्डर इन-चीफ मुकरर गरिबक्सने छौं ।

समितिका साधारण अधिवेशनहरू छोरा नानी मे. ज. विजय शम्शेरका सभापतित्वमा बस्ने बन्दोबस्त भइराखेकै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय योजनाको उद्देश्य के हो, त्यो कहिले कतिसम्ममा हासिल गर्न भन्ने तिमीहरूको मनमा परेको होला। हाम्रो राष्ट्रिय योजनाको एक मात्र लक्ष्य राष्ट्रलाई सबै विषयहरूमा स्वावलम्बी र पर्याप्त बनाउनु हो। वास, गाँस र चाहिने लत्ता कपडाको वन्दोवस्त भएपछि लहरोले थांक्रो खोजे झैं, मानिसले स्वभावैले राम्रो कपडा, मीठो खाना, असल निवास स्थान र जीवनका अरू अरू रमणीय र उपभोग्य वस्तुहरू आफै खोज्दछ। तसर्थ देशको वर्तमान आर्थिक अवस्था, भौगोलिक स्वरूप र सामाजिक परिस्थितिको राम्रो ख्याल राखी, पछिसम्मको विचार गरी, नियमित अगाडिदेखि नै तर्जुमा गरेको योजना वमोजिम कामको उठान भएमा मात्र त्यसको सिलसिला राम्रोसँग वसी, एकातिर खोलो अर्कोतिर झोलुंगो हुन नपाउने हुनाले, एक उत्तम योजनाको आवश्यकता भएको हो।

त्यस कारणले यातायात, कृषि, खानी, उद्योग, जंगल, वनस्पति आदर्श वस्ती, विद्या सर्वसाधारणको रहन सहन औद्योगिक कोरा जिनिस, विजुली इत्यादि सबै वस्तुहरूलाई आवश्यकता हेरी यथायोग्य स्थान दिई हाम्रो देशलाई मिल्दो एक योजना तयार गर भनी तिमीहरूलाई आदेश गरिवक्सन्छौं, ग्रौ सो योजना सकभर चांडो ६ महीनाभित्रमा तिमीहरूले हाम्रा हजूरमा जाहेर पनि गर्ने छौ भन्ने उम्मेद राखी बक्सेका छौं। एकै पटक सबैतिर दृष्टि पुऱ्याउन अथवा एकैचोटि सबै आवश्यकीय काम प्रारम्भ गर्न कठिन मात्र होइन कि प्रायः असम्भव नै भएको हुनाले अरू देशमा भएसरह हामीले पनि हाम्रो योजनालाई बाँड्नु पर्छ; हाम्रो रायमा पाँच पाँच वर्षको तीन पटक चल्ने गरी दीर्घकालीन अल्पकालीन योजना तयार गर्नु बढिया हुन्छ।

फेरि त्यो योजना राष्ट्रिय, प्रादेशिक र ग्राम्य तीन भागमा बाँडी सबै जोडे एक १५ वर्ष लामो सर्वांगीण परिपूर्ण राष्ट्रिय आर्थिक योजना तयार हुन आउनु पर्दछ। प्रादेशिक परिपूर्णताको राष्ट्रिय ग्राम्य आर्थिक जीवनसँग घनिष्ट सम्बन्ध रहेको छ। हाम्रो देशमा यातायातको असुगमताले गर्दा प्रादेशिक स्वावलम्बन तर्फ विशेष ध्यान दिनु जरूरी छ। तसर्थ तिमीहरूले तयार गरेको योजनामा देश निर्माण बारे राष्ट्रिय र प्रादेशिक विषयहरू राम्ररी छुट्याउने प्रयत्न गर्नु पर्दछ। राष्ट्रिय र प्रादेशिक परिपूर्णताको ताक राखी वैज्ञानिक तरहले काम चलाउन सुविस्ता होओस् भनी पहाड मधेश दुवैलाई गाभी देशलाई आर्थिक प्रदेशहरूमा विभाजन गर्न उचित सम्झिवक्सेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छौं । तसर्थ जिल्ला गौंडा र गोश्वाराको शासन सम्वन्धी चलिरहेका सीमा-नाहरू कायम राखी हाललाई केवल आर्थिक योजनाका निमित्त मुलुकलाई उत्तर- दक्षिण पहाड र मधेशमा वेश गरी विभिन्न प्रान्तमा बाँड्ने तर्जुमा समेत हाम्रा हजूरमा जाहेर गर्नू ।

उन्नतिको मूल उत्पादन हो; त्यसैको साहारामा देशको आर्थिक भाग्य फुल्ने फल्ने हुन्छ । त्यसका साधनपट्टि तिमीहरूले विशेष ध्यान दिने छौ भन्ने उमेद गरिवक्सेका छौं। अहिलेको महंगीको मुख्य कारण पनि उत्पादनको कमी नै हो। आम्दानी बढे खर्च पुऱ्याउंदा हौं भन्ने सबैको धारणा होस् तर देशमा उत्पादन नवढीकन रुपैयाँ पैसा मात्र थप्नु आगोमा घिउ हाल्नु जस्तो हुन्छ । त्यसवाट उत्पादन केही वढ्दैन वरू महंगी झन् दनकन्छ ।

उत्पादन र वितरण आर्थिक पद्धतिका दुई पाउ हुन्; दुवै समान तरिकाले वेलैमा अग्रसर हुनु पर्दछ । मुलुकमा हाम्रो मोहरको साथ-साथै विदेशी मिक्का समेत कानूनी तौलबाट चलिरहेकोले पनि हाम्रो आर्थिक प्रणालीमा ठूलो बाधा पर्न गएको छ भन्ने हाम्रो आर्थिक विशेषज्ञ-हरूको भनाइ छ । यो समस्याको हल गर्ने तर्जुमा पनि गर्नू । हाम्रो मुराद बमोजिमको काम होओस् भन्नाका निमित्ति विशिष्ट केही विषय-हरूमा हाम्रो राय तिमीहरूको सामुन्ने रहोस भनी त्यसको उल्लेख भई सकेको छ ।

तर घाँटी हेरेर हाड निल्नु पर्दछ भन्ने हाम्रो कहावत पनि बिर्सनु हुन्न । सबै विभागले तुरून्तै सबै कुरा तामेल गर्ने गरी योजना बनाएका खण्डमा पैसाको अभावले गर्दा सम्पूर्ण योजना नै रोकिन जाने हुनाले सो हुन नपाओस् भन्ने हाम्रो अभिप्रायले योजनालाई पाँच पाँच वर्षका भागमा बाँड्नु बढिया होला भनी अघि तिमीहरूलाई भनेकोवाट बुझैकै होला ।

मैदान,पहाड,झर्ना,ताल,जंगल, खोला, अनगिन्ती भएको; कस्तुरी, गैंडा, हुट, सूर्ति, धान, मकै, ऊन, कपास, सुन, तामो, आँप, सुन्तला, जतातते पाइने; हिमाल मधेश जोडी यी एक सर्दी गर्मी मिलेको, जगत् प्रसिद्ध वीर गोरखालीको जन्मस्थल भएको हाम्रो मुलुक हो । यस्तो देशको सेवा गरी सिंगार्न सपार्न कसलाई इच्छा नहोला ? नेपालको आर्थिक अवस्थामा उन्नति गराउन उप-युक्त प्राकृतिक धनको सदुपयोग हुनु पर्दछ । त्यसैले यो राष्ट्रिय योजना समिति खडा गर्नु परेको हो । यस्तो महत्त्वपूर्ण काममा तिमीहरूलाई लगाई बक्सेका छौं । लगाई बक्सेको काममा दत्तचित्त भई सकभर राम्रो र हामीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी साध्ये योजना चाँडो तयार गरी हाम्रो हजूरमा पेश गर्ने छौं भन्ने उमेद राखी बक्सेका छौं ।

वैधानिक समितिको पनि विशेष र जरूरी अधिवेशनहरूमा हामीबाट सभापतिको स्थान लिइबक्सने छौं; अथवा भाइ मिनिष्टिर एण्ड कम्यान्डर इन-चीफले लिने छन् । साधारण बैठक छोरा नानीले क. सुवर्ण शम्शेरले चलाएकै छन्; विधानको काम राम्रो र छिटो चलोस् भन्ना निमित्त वैधानिक समितिलाई यही सिंहदरबारमा राखी बक्सने विचार गरी बक्सेका छौं ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- ६

(गोर्खापत्रबाट)

सम्वत् २००५ साल आश्विन १२ गते सोमबार

श्री मे ज. विजय शम्शेर ज. ब. रा. ले प्रत्युत्तरमा चढाई बक्सेको वक्तव्य

श्री ३ महाराज बुबाज्यू,

यो "राष्ट्रिय आर्थिक योजना समिति"को, संरक्षकको आसन ग्रहण गरिबक्सी आज समितिको प्रथम अधिवेशन उद्घाटन गरिबक्सेकोमा सहर्ष समितिको तर्फबाट सरकारका पाउमा भक्तिको श्रद्धांजली चढाउँदछु। सरकारबाट यत्रो दिलचस्पी लिबक्सी योजनाको आवश्यकता, महत्त्व र रूपरेखा स्पष्टसंग खुलाई दिइबक्सेकोले र विशेष वैठकको सभापतित्व खूद सरकारबाट अथवा श्री मिनिष्टर एण्ड कम्याण्डर इन-चीफ बुबाज्यूबाट स्वीकार गरिबक्सने इच्छा प्रकट गरिबक्सेकाले यस समितिलाई काम गर्न सजिलो मात्र हुने होइन कि उत्साह समेत उम्लेर आएको छ।

पाँच पाँच वर्षको तीन पटकले १५ वर्ष भित्रमा देशको हद्-से-हद् बढी उन्नति गराउने उद्देश्य तामेल हुने किसिमबाट सकेसम्म छ महीनाभित्रमा योजना तयार गरी जाहेर गर्ने छौं। तोकिबक्सेको लक्ष्य हरहमेसा मनमा लिई हामीले तन, मन, धन दिएर अगि बढ्दछौं। सरकारको भाषणमा खिचिबक्सेको सुनौला सपनालाई विपना बनाउन सक्ने छौं भन्ने बालकको मनमा दृढ विश्वास छ।

आज संसार भर व्यापार उद्योगधन्दा, निकासी पैठारी इत्यादिमा सरकारको रेखदेख बढी, नियमित आर्थिक प्रणालीपट्टि सब मुलुकहरू उत्तरोत्तर डल्कन लागेका देखिन्छन्। हाम्रो छिमेकी भारतमा पनि विश्वव्यापी परिवर्तनले गर्दा अनेक विशाल योजनाको जरूरत भै आजकल त्यसको लहर चलेको छ। समस्त संसारको आर्थिक जीवन एकै सिनकामा उनिएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक देशमा चलेको चलन अर्कामा चिरकालतक नौलो रहन सक्दैन। अनन्त-कालदेखि हिमालको काखमा कुटो कोदालो गरी जिन्दगी चलाएका हाम्रा दुनियाको दैनिक जीवनमा पनि यो संसारव्यापी परिवर्तनले धक्का दिएको देखिन्छ। सात आठ वर्ष उता र यतामा हाम्रो आर्थिक जीवनमा समेत धेरै फरक भइसक्यो। दिनपर दिन समस्या जटिल हुँदै गएको कुरा सरकारमा जाहेरै छ।

तसर्थ चांडो आर्थिक सुधारपट्टि सरकारको ध्यान जानु देशको ठूलो भाग्यको कुरा हो। कारण, बखतको एक डोबले नौ डोबको काम दिन्छभन्दछन्। सरकारको हुकूम बमोजिम योजना तयार गरी समयमा नै देशोन्नतिको काम शुरू गरेमा नेपालको ठूलो कल्याण हुनेछ भन्ने बालकको सानो बुद्धिमा लाग्दछ। यो कामको महत्त्व सरकारबाट उल्लेख भइसक्यो। यसमा सबै सिलसिला मिल्दै गए पनि मुलुकका सबै बासिन्दाको बल, बुद्धि, सहयोग, त्याग, आत्मविश्वास, देशभक्ति र राजभक्तिको बहुमात्रामा आवश्यकता छ।

फेरि काम नौलो छ। हामीमा यस विषयको अनुभवको कमीका साथ-साथै देशको भौगोलिक स्वरूपले पनि कामलाई झन कठिन बनाउने छ। मानिस कोरा र अशिक्षित छन्। महंगीको रूपमा आर्थिक संकटले देशलाई छोपिसकेको छ। तैपनि कठिन समस्या र विघ्न बाधाहरू देखेर हच्कने वा हतास हुने बेला औं कारण केही छैन।

किनभने सरकार जस्तो हितैषी शासक हामीले पाएका छौं। देशवासी साहसी परिश्रमी र उन्नतिशील छन्। देश प्राकृतिक धनले खचाखच छ। द्वितीय महासमरमा देश देशावर गई भिन्न भिन्न काममा तालीम र अनुभव पाएका देशोन्नतिको काम बढाउन सक्ने फौजी जवानहरू पनि देशभित्रै प्रशस्त छन्। अब खाने मुखलाई जुंगाले छेक्तैन भन्ने कहावत सम्झी सरकारबाट हौसला बक्सी लगाई बक्सेको काममा हामी सब कर्मचारीहरू दत्तचित्त भई अगि बढ्यौं भने नेपाललाई अरू प्रगतिशील देशको हाराहारीमा पुऱ्याउन सक्तछौं भन्ने बालकको पूर्ण विश्वास छ। महाराजको जो हुकूम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गोरखापत्रको सम्पादकीय लेख)

परिशिष्ट-- ७

२००५ साल आश्विन १९ गते सोमवार

आर्थिक योजनामा श्री ३ महाराजको भाषण

राष्ट्रिय आर्थिक योजना समितिको उद्घाटन समारोहको भाषणमा श्री ३ महाराजबाट हुकूम भयो– हाम्रो राष्ट्रिय योजनाको एक मात्र लक्ष्य राष्ट्रलाई सबै विषयहरूमा स्वावलम्बी र पर्याप्त बनाउनु हो । वास, गाँस र चाहिने लत्ता कपडाको बन्दोवस्त भएपछि लहरोले थाँक्रो खोजे झैं मानिसले स्वभावैले राम्रो कपडा, मीठो खाना, असल निवासस्थान र जीवनका अरू अरू रमणीय र उपभोग्य वस्तुहरू आफै खोज्दछ ।

यसरी राष्ट्रिय योजनाको लक्ष्य बताई बवसी यसको कार्यका सिलसिलामा र परामर्श जो श्री ३ महाराजवाट बक्सेको छ, त्यो अवश्य बडो विचारणीय र महत्त्वपूर्ण हुन गएको छ । नेपालको वास्तविक कल्याण यहीं मार्ग अवलम्बन गर्नाले हुनेछ । यातायात, कृषि, खानी, उद्योग, जंगल, वनस्पति, आदर्श वस्ती, विद्या, सर्वसाधारणको रहन सहन, औद्योगिक कोरा जिनीस, विजुली इत्यादि सबै वस्तुहरूलाई आवश्यकता हेरी यथायोग्य स्थान दिई हाम्रो देशलाई मिल्दो १ योजना ६ महीना भित्र तयार गर्न प्रबन्ध पनि गर्न लगाई बक्सेको छ ।

त्यस योजनाको निम्ति फेरि चाहिंदो अमूल्य अनुभवको पनि यस भाषणमा समावेश भएको छ । श्री ३ महाराजबाट हुकुम हुन्छ– उत्पादन र वितरण आर्थिक पद्धतिका दुई पाउ हुन् । दुवै समान भावले अग्रसर हुनु पर्दछ । अतएव उन्नतिको मूल भएको उत्पादन बढाउनेतर्फ नै विशेष जोड लगाउनू भन्ने श्री ३ महाराजको आदेश छ । अहिले भइरहेको महँगीको मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण पनि उत्पादनकै कमीले हो भन्ने विचार प्रकट गरिवक्सेको छ। यसरी आर्थिक योजनाको तरक्की र उपयोगितामा धेरै महत्त्वपूर्ण कुरा हुकुम भएर विशिष्ट केही विषयहरूमा यस्तो राय प्रकट गरिवक्सेको छ।

१. कृषिमा– देशका नर-नारीले पेटभरी सन्तुलित खाना खान पाऊन्, तराईमा खाद्य ओ नगदबालीको र पहाडमा फलफूलको वगैंचा पशुपालन र जडीबूटीको विशेष उन्नति होओस्।

२. उद्योग धन्दा– तराईमा हाम्रो दैनिक जीवनलाई आवश्यकीय र विदेशमा चाह भएका माल तयार हुने मझौला किसिमका उद्योग धन्दाको औ पहाडमा घरेलु ईलमको प्रचार वढोस्। प्राकृतिक सौन्दर्यले परिपूर्ण देशमा विदेशीहरूको भ्रमणसम्वन्धी उद्योग चढे वढेको देखिन्छ। बाटो र यातायात असुगमता र अरू चाहिने प्रवन्धकहरूको न्यूनताले गर्दा अहिले नै हाम्रो मुलुकमा विदेशीहरूको भ्रमणको इन्तजाम हुन सक्तैन तापनि यहाँ पनि सो वढाउने उद्देश्यले रमणीय स्थानको निरीक्षण, स्याहार सम्भार गर्ने प्रवन्ध होओस्।

३. विजुली– मझौला किसिमका विजुलीका उत्पादक घरहरू देशका विभिन्न भागहरूमा खुलून्।

४. यातायात– सुगम यातायातको लागि मेचोदेखि महाकालीसम्मको सडक र सवै प्रदेशमा सो सडकसंग उत्तर–दक्षिण जोडिने मूल बाटोहरू बनून्। प्रदेशैपिच्छै टेलिफोन लाईन र डांक खाना, हुलाक बनाउन र स्थापनाको लागि प्रबन्ध होस्।

५. जंगल– देशको जंगल धन वढाउनाको लागि औ विदेशमा काठको निकासी गर्ने उद्देश्यले र पहाडमा खोलो पैरो रोक्ने हेतुले जंगली पालियून।

६. खानी–कहां कुन किसिमका खानी छन् सवैद्वारा तिनीहरूको राम्रो निर्णय गरी, देश निर्माणलाई आवश्यक वस्तुहरूको निमित्त र विदेशी पैसा कमाउने विचारले समेत खानी खोल्ने प्रवन्ध होओस्।

७. शिक्षा र स्वास्थ्य– यस योजनाको निमित्त शिक्षित मानिसको प्रशस्त दरकार पर्ने छ। सो पूर्ति गर्नालाई शिक्षितहरू यथाशक्य चांडो तयार होऊन्। सर्वसाधारणको स्वास्थ्य रक्षापट्टि पनि पूरा ध्यान जाओस्।

श्री ३ महाराजको यो राय कति सबल र उपयोग हुनेछ, सो कुरा यस बमोजिम काम शुरू भएपछि हामीले थाह पाउने छौं। प्रशस्त अनुवर देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेमको यो उदाहरण हो। भाषणको अन्तमा हुकूम भएको, श्री ३ महाराजको यो हुकूमलाई पनि नेपालले सितिमिति बिर्सन सक्ने छैन र श्री ३ महाराजको देश प्रेम र देशभक्तिले लबालब भरिएका यो निम्न लिखित वाक्यहरूलाई उद्धरण गर्ने लोभ पनि हामी संवरण गर्न सक्दैनौं।

"मैदान, पहाड, झर्ना, ताल, जंगल, खोला अनगिन्ति भएको; कस्तुरी गैंडा, कुट सूर्ति, धान, मकै, ऊन, कपास, सुन, तामो, आँप, सुन्तला, जताजतै पाइने; हिमाल मधेश जोरिएको; सर्दी-गर्मी मिलेको; जगत् प्रसिद्ध वीर गोरखालीको जन्मस्थल भएको; हाम्रो मुलुक हो। यस्तो देशको सेवा गरी सिंगार्न, सपार्न कसलाई इच्छा नहोला ? नेपालको आर्थिक अवस्थामा उन्नति गराउन उपर्युक्त प्राकृतिक धनको सदुपयोग हुनुपर्दछ। त्यसैले यो राष्ट्रिय योजना समिति खडा गर्नुपरेको हो। यस्तो महत्त्वपूर्ण काममा तिमी-हरूलाई लगाई बक्सेको छौं। लगाई बक्सेको काममा दत्तचित्त भई सकभर राम्रो र हामीले गरीसाध्ये योजना चांडो तयार गरी हाम्रो हजूरमा पेश गर्ने छौ भन्ने उमेद राखी बक्सेका छौं"।

श्री ३ महाराजको उदारता र देश प्रेमले खडा भएको यो राष्ट्रिय आर्थिक समिति नेपालको चीर कल्याण गर्ने मूल बाटो हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ८

२००६ साल जेष्ठ ३ गते

राष्ट्रिय योजना समितिबाट भएको काम

आश्विन ९–२००५ सालमा श्री ३ महाराजबाट राष्ट्रिय आर्थिक योजना समिति खडा गरी बक्सेदेखि वैशाख २७, २००६ सालसम्म सो समितिले कति काम गऱ्यो त्यसको फाँट तल दिइएको छ।

१. भर-मुलुकका सरकारी सरोकारवाला विभागहरूको राय र तर्जुमा मागी पठाएकोमा उद्योग परिषद्, कृषि परिषद्, ब्यूरो अफ् माइन्स, खानी अड्डा र स्वास्थ्य विभागवाट राय र तर्जुमा पेश भई तिनीहरूमा उप-समितिको रिपोर्ट पनि तयार भइसकेको छ।

२. कृषिसम्बन्धी उप-समितिको रिपोर्टउपर विचार गर्नाको निमित्त राष्ट्रिय आर्थिक योजना समितिको पूर्ण बैठक वैशाख २२ गते भएकोमा उप-समितिको रिपोर्ट सर्वसम्मतिबाट पास भयो।

३. वैशाख २६ गतेका दिन उद्योगधन्दा सम्बन्धी उप-समितिको रिपोर्ट पनि राष्ट्रिय आर्थिक योजना समितिको पूर्ण बैठकमा सर्वसम्मतिले पास भयो।

प्रचार विभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

दैव दिने पितृ हर्ने

(१)

प्रस्तुत पन्च-वर्षीय योजना तयार गर्ने तरखरको पहिलो फालमा नेपालमा विद्युत् उत्पादनलाई सर्वोच्च अधिकार दिने उद्देश्यले उद्योग धन्धा उप-समितिले विजुली अड्डाको हाकिम ले. कं. यज्ञवहादुर बस्नेत, चीफ-इन्जिनीयर मि. क्लिवान, इलेक्ट्रिक इन्जिनीयर मी. सु. काशीराज पाँडेको (राणाजीको पालामा विभिन्न राष्ट्रले प्रसार गरेका रेडियोका खबर लेखी रोजिन्दा श्री ३ मा चढाउने) एक उप-समिति २००५ सालमा गठन भएको थियो। त्यो उप समितिको मुख्य काम थियो, सकभर चाँडो काठमाडौंको आसपासमा बीस-पच्चीस हजार किलोवाट पन विजुली उत्पादन गर्ने ठाउँ तय गर्ने।

यस सन्दर्भमा ले. क. यज्ञवहादुर, चीफ इन्जिनीयर मि. किलवरन र अरू विशेषज्ञहरूले त्रिशूली, इन्द्रावती नदी, रोसी, कुलेखानी खोला र काली गण्डकीको सर्भेक्षण दुइ-तीन महीनाभित्रमा तामेल गरी, विजुली पैदा गर्न सबभन्दा उपयुक्त ठाउँ काली गण्डकीलाई ठह्र्यायो, (नवलपुरको गैंडाकोटबाट दश–पन्ध्र माइल पश्चिमपट्टि पहाड छेडी काली गण्डकीको पानी नवलपुरमा झारी, विजुली पैदा र जमीन सिंचाई गर्ने योजना बनाउन उचित होला भन्ने २००५ सालको अन्त्यतिर प्रतिवेदन पेश गरे। प्रतिवेदन मूल समितिमा पेश हुँदा सो तुरुन्त कार्यान्वियन गर्नलाई आवश्यक कारवाई गर्ने ठहर उद्योग विभागमा आयो। विभागका अध्यक्षले तुरुन्त अंग पुगेको प्रोजेक्ट रिपोर्ट न्यास गर्नू भन्ने निकासा दिए।

फलतः चीफ–इन्जिनीयर मि. किलवरनले बेलायतको पर्सिड्रिउ एण्ड कम्पनी भन्ने प्रख्यात कन्सल्टिंग फर्मलाई अंग पुगेको काली गण्डकी जल विद्युत्को प्रोजेक्ट रिपोर्ट तयार गर्ने काम सुम्पियो। काली गण्डकीको पानी सुरुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(टनेल) भित्रबाट नवलपुरमा निकाली तीन वर्षभित्रमा बाईसहजार किलो-वाट विजुली पैदा गर्ने, नवलपुर–काठमाडौं. नवलपुर–भैरहवा, नवलपुर-जलेश्वरतक ट्रान्समिशन लाइन लैजाने, हेटौडा र ठोरीबाट नारायणघाटतक ढुङ्गाले पेलेको पक्की सडक बनाउने र नवलपुरलाई सिंचाइ र हेटौडादेखि नवलपुरको सेरोफेरोमा औलो उन्मूलन गर्ने संबन्धी पूरा सर्भे गरी एक अंग पुगेको विद्युत् योजना सो कम्पनीले चाँडै नै तयार गऱ्यो ।[1]

यो सबै काम एक चरणमा तामेल गरेमा एक करोड असीलाख रूपैया र दुई चरणमा बनाउमा दुइ करोड रूपैया खर्च लाग्ने ६ पैसा युनिट बिजुलीको मोल पर्ने लगत इष्टिमेट र सो इष्टिमेटअनुरूप तीन वर्षभित्रमा काम तामेल गर्ने ठेक्काको करारनामाको मसौदा पनि सो कम्पनीले उद्योग विभागका अध्यक्षकहाँ २००५ सालको आखिरतिर पेश गऱ्यो ।

नेपालमा यथाशक्य चाँडो र धेरै बिजुली विभिन्न ठाउँमा उत्पादन गर्ने प्रस्तावित पञ्च-वर्षीय योजनाको मूलभूत लक्ष्य भएकोले प्रथम पञ्च-वर्षीय योजनाकालका शुरुमा नै नवलपुरमा बिजुली उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय आर्थिक योजना समितिका अध्यक्ष औ उद्योग परिषद्का तालुकवाला मे. ज. विजय शम्शेरले काली गण्डकी योजनाको सारांश श्री ३ महाराज मोहन शम्शेरका जूनाफमा बिन्ति गर्दा, त्यसलाई भारदारी सभामा राखी छलफल गरी, गराई ठहरैवमोजिम गर्नू, गराउनू भन्ने हुकुम निकासा भएको; भोलिपल्टै सत्रभाइ रोलवाला, केही भारदार, बिजुली विभागका पुराना इन्जिनीयरको साथै भरखर बनारसबाट इलेक्ट्रिकल इन्जिनीयरिङ्ग पास गरेर आएका भरतबहादुर प्रधान समेत सिंहदरबारमा बेलायती बैठकमा बोलाइए। मी. सु. भीमबहादुरले प्रस्तावित योजनाको मजबून सुनाएपछि, काली गण्डकी प्रोजेक्ट यथाशक्य चाँडो कार्यान्वयन गर्ने श्री ३ को आसय पनि मे. ज. विजय शम्शेरले उपस्थित भारदारीलाई व्यक्त गरे ।

हुकूमी शासनमा प्रधानमन्त्रीको स्वीकृति पाइसकेको कुनै पनि काम कुरा तुरुन्ता तुरुन्ती लागू नहुने कुरै थिएन । काली गण्डकी प्रोजेक्ट चाँडो कार्यान्वयन गर्ने मौसूफ महाराजको विचार बुझेका भारदारहरूको तछाड मछाड भयो सो योजनालाई स्वीकृति प्रदान गर्नमा । भारदारी सभाबाट काली गण्डकी प्रोजेक्टमा काम थाल्ने निधो लागेपछि, चीफ-इन्जिनीयर मि. किल-

---

१. काली गण्डकी योजनाको त्यो प्रतिवेदन योजना परिषद्मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरनलाई बेलाइतका पर्सिड्रिउ एण्ड कम्पनीको प्रतिनिधिलाई एकचरणमा काली प्रोजेक्ट तामेल गर्ने सम्झौतामा हस्ताक्षर गर्न डाक्नू भन्ने निकासा भयो ।

भरखर एम. बी. बी.एस. पास गरी कलकत्तावाट आएका डा. भरतराज बैद्यलाई हेटौडादेखि नवलपुरसम्मको औलो निर्मूल गर्ने कामको अभिभारा सुम्पियो, उनले काम पनि थाले । योजना शुरु भएको तीन वर्षमा काली गण्डकी प्रोजेक्टको काम तामेल हुने निधोले योजना समितिका सबै र खास गरेर त्यसका अध्यक्ष अति खुसी भए– तीन-चार वर्षभित्रमा वाईसहजार किलोवाट बिजुली त्यसबेला नेपालमा पैदा हुने र जल संप्रदाले भरीभराउ नेपालमा जल सदुपयोगको काम नै पहिला शुरू हुने भयो भनेर ।

त्यसवखत नेपाललाई सो योजना सम्पन्न गर्न पैसाको खाँचो थिएन (पहिला महायुद्धमा नेपालले बृटेनलाई सैनिक सहायता दिएवापत एकाईस-लाख रूपैयाँ बृटेनवाट पाए झैं, दोस्रो महायुद्धमा सहायता गरेवापत तीन-करोड तेंतीसलाख रूपैयाँको आर्थिक सहायता नेपालले पाएको थियो । पहिले पाएको रकमवाट धुसिङ–मातातीर्थ रोपवे, रक्सौल–अमलेखगंज रेल्वे रअमलेख-गंज-भीमफेदी सडक बनेको कुरा पूर्व लेखमा परेको छ । नेपालले पहिले पाएको बृटिश आर्थिक सहायताको चुनदाम यताउता नपारीकन विकास काममा लगाए-कोले यो तीन करोड तेंतीसलाख रूपैयाँ पनि विकास काममा (खास गरेर विद्युत उत्पादनमा) लागोस् भन्ने बृटेनको थियो अनुरोध[1] ।

सो अनुरोधको अनुरूप त्यो रकमको अधिकांश भाग काली गण्डकी विद्युत् उत्पादनमा लगाउने निर्णयबमोजिम नेपाल सरकारले एककरोड असीलाख रूपैयाँको खर्चले२२००के. भी. विद्युत् उत्पादन हुने भयो । उत्पादित विजुलीको मोल छ पैसा यूनिट पर्ने अनुमान थियो । २००५ सालसम्म पनि एकहजार दुईसय पच्चास किलोवाट पनबिजुलीले निर्वाह चलेको नेपाल उपत्यकामा, बाईसहजार किलोवाट बिजुली तीन वर्षभित्रमा नवलपुरमा पैदा गर्ने कुरा सानो थिएन । न त सानो थियो सालिन्दा तीनकरोड जति रूपैयाँ राजस्व उठ्ने त्यसबखतको नेपालले ने. रू. १.८० करोडको लागतमा बाईसहजार किलोवाट बिजुली तीन वर्षमा उत्पादन गर्ने त्यति ठूलो योजना कार्यान्वयन गर्ने आँट ।

---

१. यस कुरालाई मुख्तियार पद्म शम्शेरले २००२ साल कार्तिक २७ गतेको भाषणमा प्रष्ट गरेथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

यसरी सबैतिरवाट तारतम्य मिली शुरु हुने निधो लागेको काली गण्डकी योजना, नव नियुक्त भारतका राजदूत सर चन्द्रेश्वरप्रसाद नारायण सिंहद्वारा विना कारण र विना अर्थ अचम्मसँग त्रिथोलियो । २००६ सालको आषाढताका भारतका राजदूत भएर नेपाल आएका महामहिम सिंहलाई श्री ३ मोहनले उनीसँग प्रथम भेट मुलाकातमा, नेपालमा पनि साना-ठूला विकासका काम हुन थालेका छन् भनी प्रभावित पार्न कुराको प्रसंगमा, एककरोड असीलाखको लागतमा काली गण्डकीवाट, यूनिटको छ पैसा पर्ने बाईसहजार किलोवाट विजुली पैदा गर्ने योजना निकट भविष्यमा नेपालमा कार्यान्वयन हुन लागेको कुराको विस्तार गर्दागर्दै, राजदूतले बीचैमा कुरा काटेर, " महाराज तपाईंले ठूलो भूल गर्न लाग्नु भयो, भारत सरकारले अब चाँडै नै बाह्रा क्षेत्रबाट कडोरान् यूनिट विजुली पैदा गरी, उत्तर विहार, बंगाल र नेपालमा घरघरै दुई पैसा यूनिटमा विजुली वितरण गर्ने योजना गरेको छ, नेपालले अब चाँडै नै दुई पैसा यूनिटमा भारतबाट विजुली पाउने सम्भव हुँदा-हुँदै, किन छ पैसा यूनिट पर्ने योजनामा हात हाल्नु हुन्छ; वरू त्यो रकम अरू नै विकास कार्यमा लगाउनुहोस्", भन्ने स्वादिला तर घातकी कुरा गरे । श्री ३ महामहिम भारतीय राजदूतको त्यो उडन्ते कुरा विनासोच-त्रिचार पत्याई दिए– कूटनीतिज्ञहरू आफ्नो देशको स्वार्थ साध्न विदेशमा गई, मिथ्या बोल्न कत्ति नहच्किने ख्यामित हुन् भन्ने कुरा थाह नपाएर ।

परको मित्रराष्ट्र बृटेनले नेपालको विकास होस् भनी प्रदान गरेको त्यो ठूलो रकमबाट सम्पन्न हुने निधो लागेको काली गण्डकी योजना, वरको छिमेकी मित्रराष्ट्र भारतका राजदूतले त्यसरी सुनेका भरमा गरेका कुराले चौपट पान्यो– दैव दिने, पितृ हर्ने झैं गरी । त्यसबखत भारतीय राजदूतको त्यो हावादारी कुरालाई श्री ३ मोहनले अक्षरांश पत्याउने कारण थियो । त्यो हो, नेपालका प्रधानमन्त्रीहरूले अघिअघि काठमाडौंस्थित बृटिश राजदूतलाई आत्मीय ठानी आफ्नो सरकारमा हुन लागेका साना-ठूला कुराहरूको बेलैमा बेलिविस्तार गर्ने र तिनमा राजदूत महोदयले व्यक्त गरेको प्रतिक्रिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र दिएको सल्लाह प्रायः पूरै स्वीकार गर्ने परम्परा। त्यतिञ्जेल नेपालमा दुई जनामात्र विदेशी राजदूतहरू हुँदा, तिनीहरूको भाउ पनि ठूलो थियो।

त्यसबखत श्री ३ मोहनले भारतका राजदूतको कुरा खानाको मुख्य कारण पनि त्यही हो (जुन काली प्रोजेक्ट २००६ सालमा एककरोड असीलाख रुपैयाँले तीन वर्षभित्रमा सम्पन्न हुने भएको थियो, त्यसलाई बनाउन आज पच्चासकरोड रुपैयाँ लाग्ने अनुमान छ; त्यस बेला नवलपुरमा बाईस हजार किलोट विजुली पैदा भई, भैरहवा, काठमाडौं र पूर्वतिर जलेश्वर बिजुली पुगेको र नवलपुर सिंचाई भई दिएको भए आज मध्य नेपालको अनुहारै अर्कै हुने थियो।) काठमाडौं उपत्यकामा २०३८ सालमा बिजुली बत्ती हप्ताको तीनबाजी बल्ने तीन बाजी निभ्ने र घरमा विजुली कताकति बल्दा जनता जनारदनले सन्तोस व्यक्त गर्ने परिस्थिति ३२ वर्षपछि पर्ने थिएन)।

वास्तवमा मि. खोस्ला भन्ने निकै नाम चलेका भारतीय इन्जिनीयरले भाक्क्रा, बान्हाक्षेत्र र अरू यस्तै ठाउँमा बाँध बाँधी ठूलो मात्रामा सस्तो विजुली पैदा गर्न सकिन्छ भन्न एक सुझावसम्म त्यसबखत भारत सरकारलाई पेश गरेका थिए– ती योजनाको ठोस प्रतिवेदन तयार हुने कुरा त परै जावस् प्रारम्भिक सर्भे पनि त्यतिन्जेल त्यहाँ भएको थिएन– दुई पैसा यूनिटमा विजुली पाइने कुरा त कहाँ हो कहाँ।

चन्द्रेश्वरप्रसाद नारायण सिंहको त्यो अनाधार कुराको विचरा श्री ३ मोहन शम्शेरले पत्यार मात्र गरेनन्, मे. ज. विजय शम्शेर र मी. सु. भीम-बहादुर पांडेलाई कुरै नबुझीकन काम गर्ने फरेब लाग्यो, उनीहरूले खप्की पाए– "यी केटाकेटीहरूको कुरा सुनेर कालीगण्डकी योजनाको काम थालेको भए, मेरो दुई करोड रुपैयाँ खेर जाने रहेछ" भने पश्चाताप व्यक्त गर्दै। त्यसपछि काली गण्डकी प्रोजेक्टबाट नेपालले छ पैसा यूनिटमा बाईसहजार किलोवाट, विजुली तीन वर्षभित्रमा पाउने आशा सदाको निमित्त माटोमा मिल्यो। आम मौकामा यस्तै चट्याँग परेर नेपालको मुखमा आएका अनेक गाँस अघि-पछि हरिए कैं काली गण्डकी योजनाले पनि हावा खायो।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

ब्रम्ह हत्याको डरले काम गऱ्यो

(१)

२००४ सालमा पास भएको नेपाल सरकारको "वैधानिक कानून" को भूमिकामा, "श्री ३ महाराजबाट सम्भव देखी बक्सियो भने जुन जुन दफा, जुन जुन ठाउँमा, जुन जुन बखत चालू हुन सक्तछ, सोहीबमोजिम गर्न गराउन लगाइबक्सने छ, तर २००५ सालको अन्त्यसम्ममा सबै दफा मुलुकभरी जारी भइसक्नेछ" भन्ने लेखिएको र सबै दफा निकट भविष्यमा लागू होलाजस्तो छाँटकाँट २००५ साल सकिंदासम्म पनि नदेखी, नेपालमा चिन्तित हुने मानिसहरू मध्ये एक थिए अति उदारवादी राष्ट्रवादी र प्रगतिशील श्री गोपालप्रसाद रिमाल । यसबारे आफ्नो मनको उर्लंदो विचार पोख्न र पर देखिएका संगीको विचार बुझ्न, उनी बनारस गई, त्यहाँ सर्वश्री मातृकाप्रसाद, विश्वेश्वरप्रसाद कोइराला, दिल्लीरमण रेग्मीहरूलाई भेटी, तुरुन्त काठमाडौं फर्की, २००४ सालको पञ्चायत एक्टको दफा ६८ अन्तर्गत, "नेपाल प्रजा पंचायत" भन्ने एक दल गठन गर्ने बारेमा, २००५ सालको भदौतिर सर्वश्री त्रिपूवर सिंह, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठसंग मतो गरे ।

नेपालमा संघ र संस्था बनाउने र सभा गर्न ऐन नबने तापनि, सो सम्बन्धी ऐन बन्ने कुराको घोषणा भइसकेकोले, त्यसलाई लागू गराई, त्यसै अन्तर्गत नेपालभित्रै राजनीतिक संगठन गरे हुनेमा, भारतमा बसी नेपालको राजनीति गर्नु कुनै दृष्टिकोणबाट पनि वान्छनीय कुरा हैन भन्ने रिमालजीको मुख्य धारणा र भनाइ थियो। वास्तवमा नेपालीहरूले भारतमा गई राणा सरकार विरोधी काम र कारवाई गरे, गराएको श्री गोपालप्रसाद र उनीजस्तै विचार भएका एकथरी नेपाली युवकलाई मन परेको पनि थिएन । जस्तो परे पनि, नेपालीहरूले नेपालभित्रै बसेर राजनीति गर्ने गराउने वाता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरणको सृजना गर्नै हेतुले नै उनले त्यसवेला "नेपाल प्रजा पंचायत" को माग गरेका थिए भन्ने कुरा निःसन्देह छ ।

त्यही उद्देश्यलाई मनमा लिएर सर्वप्रथम त्रिभूवर सिंहले २००५ सालको असोजतिर भूगोल पार्कमा भएको आमसभामा, २००४ सालको वैधानिक कानून चाँडो लागू होस् भन्ने माग गरेपछि, काठमाडौंमा आमसभा र भाषण गर्न मनाही गर्दै, पुलिस गोश्वाराले तुरुन्त सूचना प्रकाश गऱ्यो। त्यो सूचना अवैधानिक हो भनी निजहरूले श्री ३ महाराजमा पेश गरेको उजूरी-उपर कुनै ठोस कारवाई नहुँदा, २००५ सालको दिपावलीको दिनदेखि काठमाडौं र पाटनमा "नेपाल प्रजा पञ्चायत" को "वैधानिक कानून" लागोस् भन्ने माग गुन्जन थाल्यो ।

फलतः "नेपाल प्रजा पंचायत" मा भाग लिने सर्वश्री गोपालप्रसाद रिमाल, त्रिभूवन सिंह प्रधान, विजयवहादुर मल्ल, गोपालदास श्रेष्ठहरू जेल मात्र परेनन्, उनीहरूले कारागारमा सास्ति खाए ।

"नेपाल प्रजा पंचायत" का अगुवाहरू यसरी पकडिएपछि, सो आन्दोलन शिथिल हुँदै गयो र त्यसलाई बिउँताउने उद्देश्यले नेपाली राष्ट्रिय काँग्रेस-का कार्यवाहक अध्यक्ष श्री विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई र केदारमान वेथितहरूको साथ, पूर्व पहाडको बाटो गरी हानिएर आई, काठमाडौं-भित्र २००५ सालको मार्गतिर सुटुक्क घुसे ।

त्यसवेलाका नेपाल पुलिस गोश्वाराका तालुकवाला मे. ज. शारदा शम्शेर भारत गएकाले मे. ज. विजय शम्शेर पुलिसका का.मु.तालुकवाला भएका थिए; र श्री विश्वेश्वर भारतबाट लुकेर काठमाडौं आई, ज्याठाटोलका त्रिरत्नको घरमा बसेको र उनको नयाँ नेतृत्वमा, नेपाल प्रजा पंचायतको आन्दोलन मच्चिन लागेको, कुरा विजय शम्शेरलाई शुरूदेखिन् नै एकएक थाह थियो । उनले चाहेको भए विश्वेश्वर उपत्यकाभित्र पसेको भोलिपल्टै उनलाई गिरफ्तार गर्न सक्तथे । त्यसवेला विजय शम्शेरले विश्वेश्वरलाई तुरुन्त गिरफ्तार नगर्नाको ठोस कारण थियो– २००५ सालभित्र लागू गरी सक्नु-पर्ने नयाँ वैधानिक कानून लागू गर्न श्री ३ महाराजको आलटाली र त्यसलाई चाँडो कार्यान्वियन गराउने मे. ज. विजयको उत्सुक (२००४ सालमा बनेको त्यो वैधानिक कानूनको मसौदा तर्जुमा गर्ने समितिमा मे. ज. विजय शुरूदेखिन् नै सरिक मात्र भएका थिएनन् त्यसलाई अक्षरांश र यथाशक्य चाँडो कार्यान्वियन गर्ने पक्षमा उनी थिए– २००४ सालको वैधानिक कानूनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको आर्थिक विकासलाई आवश्यक धेरथोर जनसहभागिताको मे. ज. विजयले आशा गरेका हुँदा ।

२००४ सालको विधान कार्यान्वियन गरी, नेपालको आर्थिक विकासमा जनप्रतिनिधिलाई चाँडो सरिक गराउन मे. ज. विजय शम्शेर जतिसुकै ताते पनि, मुख्तियार बबर शम्शेर पूर्वतर्फका कमाण्डिङ जर्नेल बहादुर शम्शेर ज. हरि शम्शेर, ज. प्रचण्ड शम्शेर, ज. शंकर शम्शेरको अनुचित प्रभावमा परेका श्री ३ मोहनको अगाडि विजय शम्शेरको केही लाग्दैनथ्यो ।

श्री विश्वेश्वरले जगाउन थालेको जनआन्दोलन मच्योभने, ती दिग्गज राणाहरूले आँखा देख्दा हुन् र २००४ सालको वैधानिक कानून बेलैमा नेपालमा लागू हुँदो हो भन्ने विजय शम्शेरको भित्री अभिप्राय हुँदा, कति मानिसले आज विश्वेश्वरप्रसादलाई यहाँ देख्यौं, हिजो उहाँ देख्यौं भन्ने रिपोर्ट प्रधान-मन्त्रीकहाँ आउँदा पनि, पुलिस विभागका तालुकवाला मे. ज. विजय शम्शेरले आँखा चिम्लेर बसे, विश्वेश्वरलाई गिरफ्तार गरेनन्– काठमाडौंमा बसेर उनले केही गर्न सकिहाल्दछन् कि भन्ने आशाले ।

विश्वेश्वरले नेतृत्व गरेको "नेपाल प्रजा पंचायत" को गतिविधि पनि आजभन्दा भोलि घट्दै गई आखिर दश-बाह्र वर्षका भूराले मात्र "पंचायती प्रजातन्त्र" को कताकति माग गर्न लाग्दा र श्री विश्वेश्वर काठमाडौंमा कालो चस्मा लगाएर घुमफिर गरेको खबर सबतिरबाट पाउँदा पनि उनी नपकडिंदा श्री ३ मोहन निकै रिसाएपछि, मे. ज. विजय शम्शेरले आपना आठपहरिया पठाई ज्याठामा त्रिरत्नको घरबाट विश्वेश्वरलाई छिनभरमै समात्न लगाए । त्यो गिरफ्तारीमा अरू रोलवाला राणाजीहरू जति खुसी भएका थिए, विजय शम्शेर उत्तिकै खिन्न भए– विश्वेश्वरलाई त्यसवखत पकडनु माने, नयाँ विचारलाई कुल्ची, पुरानो शिथिल राणा प्रणालीलाई अझै काखी च्याप्नु थियो । यो २००५ साल पौषतिरको घटना हो ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

केही दिनसम्म विश्वेश्वर सिंहदरबारको विजुली गारतमा थुनिए। उनको मुद्दा हेर्न ज. हरि शम्शेर, च्याण्टा गुरुज्यू, सरदार स्वमप्रसाद बासकोटा र मी. सु. उपेन्द्र पुरुष ढकाल खटिए। विराटनगर जूट मिलमा हरताल गराएको अभियोग लागी २००३ सालमा अड्डासार ल्याइएका विश्वेश्वरलाई श्री ३ पद्म शम्शेरले थुनेर राख्दा भी. आई. पि. (विशेष अतिथी) सत्कार प्रदान गरेकोमा मुख्तियार मोहन र अरू कट्टर दक्षिणपन्थी राणाहरूको कत्ति चित्त बुझेको थिएन। त्यसैले यस पटक विश्वेश्वरलाई हद सास्ती दिई बिराएँ बाबा, राणा सरकार विरुद्ध आइन्दा केही बोल्ने छैन र कुनै काम कारवाई गर्ने छैन नभनुन्ज्यालसम्म खोरको खोरमै जाकेर राख्ने फैसला भयो।

विश्वेश्वरजस्ता दुई चार जना ठेटनालाई ठोकठाक पारेपछि नेपालका अरू हुल्डवाजहरू तर्सी, राजनीतिक समस्या आफै आफ सुल्झन्छ, अरू लडकाहरू सुधरन्छन् र सबै ठिक हुन्छ भन्ने उनै चार माहिलाहरूको सुझाव थियो। त्यो अक्षरांश पालन गरियो। विश्वेश्वर सदर जेलभित्र, भद्रगोल (भद्र शम्शेरलाई थुनेको ठाउँ) नेर तर छुट्टै, आठ फिट लामो, छ फिट चौडा. कहिले घाम नछिर्ने, भान्छा, खाट, दिशा-पिशाब गर्ने, भाँडा माझ्ने सबै एकै ठाउँमा भएको खोरमा थुनिए– हद सास्ती ख्वाउने विचारले। सदा अएस र आराममा हुर्केका सत्रभाई रोलवाला राणाजीहरूलाई, गिरफ्तारी, कारागारी, सास्ती र धम्कीले, राष्ट्रवादीहरूको दृढ विश्वास र भावना बदल्न सक्दैन भन्ने तथ्य ज्ञान थिएन। खोरभित्र नजरबन्द राखिएका बाह्रुनी चरीले कुकुरले नपाउने सास्ती पाएपछि चाँडै नै गली कायल हुन्छ भन्ने विचारमा थिए धेरैजसो वरिष्ठ रोलवाला राणाजीहरू।

त्यस्तो अमानुषिक व्यवहार खोरमा भोगेका र सास्ती खाएका विश्वेश्वरले हार खानको सट्टा उल्टो कैदीहरूको अवस्थामा सुधार हुन पर्दछ भन्ने कुरालाई लिएर २००५ साल फागुनमा आमरण अनसन शुरू गरे। विश्वेवरप्रसाद कोइराला मरी दिए हुँदो हो भनी उनीदेखि वाक्क र व्याक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका रोलवाला राणाजीहरू त उनको त्यो जेलमा आमरण अनसनको खबरले दंगदास भए- कुचाको काम बतासले गऱ्यो भनेर ।

बाहिर हेर्दा प्रगतिशीलजस्ता देखिने कति राणाजी र उनका समर्थकहरूले मर्न खोज्ने विश्वेश्वरलाई मर्न दिन पर्दछ; उ नखाएर मर्दछ भने मरोस्; उसको बाबु (ख. कृष्णप्रसाद कोइराला) पनि जेलमै मरणान्त भएका हुन्, बाबुको जुन गति छोराको पनि उही गति हुन्छ; बाबु मरेर के भयो र छोरो मरेर के हुन्छ भन्न थाले ।

जेलभित्र विश्वेश्वरको स्वास्थ्य विचार गर्न डा. सिद्धिमणि आचार्य दीक्षित खटिए । विश्वेश्वरको आमरण अनसनको खबर भारतको आकाशवाणी र छापाबाट प्रचार नहुँदासम्म नेपाली जनताले त्यसबारे केही थाह पाएनन् । भारतमा त्यो खबर प्रकाश हुँदा उनले अनसन गरेको बीस-बाईस दिन भइसकेको थियो । खालि सिंहदरबारभित्र, त्यो पनि दरबारियाहरूमा विश्वेश्वरले आमरण अनसन गरेको कुरा गाइगुइँ सुनिन्थ्यो । विश्वेश्वरजस्ता काँग्रेसीको झुक्केर नाम लिन पनि सिंहदरबारभित्र त्यसबखत जगजगी थियो । खालि हित्तचित्त मिलेका मानिसहरू मात्र आपसमा त्यो अनसनको बिस्तारै कुरा गर्दथे ।

भारतमा समाजवादी नेता जयप्रकाश नारायण र डा. राम मनोहर लोहियाहरूले विश्वेश्वरको रिहाईको माग गर्दै दिल्लीस्थित नेपाली दूतावास अगाडि प्रदर्शन गरे; भारतका प्रधानमन्त्री श्री जवाहरलाल नेहरूले त्यो अनसनमा चिन्ता व्यक्त गरी नेपालमा पठाएको तारले काम नगरेको त होइन, तर मर्न खोज्ने देशद्रोही विश्वेश्वरलाई मर्न दिन पर्दछ भन्ने अधिकांश दिग्गज रोलवाला राणाजीका अड्डी त्यसले उस्तो खुकुल्याएन । विश्वेश्वरले अनसन गरेको २०।२२ दिन बितेपछि, विजय शम्शेरले डा. भरतराज बैद्यलाई पनि उनको स्वास्थ्य जाँची यथार्थ खबर उनलाई दिनदिनै जाहेर गर्नको निमित्त छुट्टै खटाए- डा. सिद्धिमणिमाथि अविश्वास गरेर हैन, विश्वेश्वर पक्कै मर्ने अवस्थामा पुग्नेजस्तो भएको खबर बेलैमा थाह पाउन र कुनै तरहबाट भए पनि, जुक्तिबुद्धि गरी उनलाई बचाउने उपाय समयमै सोच्नलाई ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

विश्वेश्वरको गिर्दो स्वास्थ्यको रिपोर्ट रोजिन्दा डा. सिद्धिमणि आ. दी. ले श्री ३ महाराजको र डा. भरतराज वैद्यले मे. ज. विजय शम्शेरलाई दिन्थे । उनको अनसन धन्नै पच्चीस-छब्बीस दिन पुगेपछि अब पनि उनले केही खाएनन् भने, उनी मर्ने खण्डमा पुग्ने संकेत परेको रिपोर्ट डा. भरतराज वैद्यले मे. ज. विजय शम्शेरलाई पेश गरेको दिन उनले डा. भरतलाई आवश्यक निर्देशन दिई, आफ्ना पिता श्री ३ मोहनलाई बहुतै कूटनैतिक ढाँचाले हत्याए ।

"विश्वेश्वर जेलमा अनसन गरेर मरे भने अरू रोलवाला राणाजीहरूलाई त केही हुन्न, तर हजूरको हुकूमले जेल परेको एकजना बाहुनको छोरालाई जेलमा मारेको ब्रम्ह हत्या हजूरलाई लाग्दछ; हामी दुइ भाइलाई पछिसम्म फलानाका बाबुले फलानालाई जेलमा अनसन गराएर मार्‍यो भन्ने कलंक र अपवाद आउँदछः यसबाट भारत सरकार पनि हजूरसंग अवश्य नाराज हुन्छ; आज भारत सरकारलाई चिढाएर हामीलाई केही फाइदा छैन । मेरो विचारमा त विश्वेश्वरलाई जेलमा मर्न दिनाले हजूर र हाम्रो परिवारलाई त कुनै अवस्थामा पनि हितकर छैन, हजूरको जो विचार" भन्ने खालको घतिलो तर्क श्री विश्वेश्वरको अनसन २७।२८ दिन पुग्दा विजय शम्शेरले श्री ३ मोहनलाई सुनाए ।

मे. ज. विजय शम्शेरका अरू तर्कले भन्दा पनि "ब्रम्ह हत्या"-को डरले मोहन शम्शेरलाई च्वास्स घोच्यो । राजनीतिक कुरामा त अरू रोलवाला राणाजीहरू भन्दा श्री ३ मोहन शम्शेर तीन बित्ता बढी नै कट्टर थिए। श्री ३ जुद्ध शम्शेरको पालामा टंकप्रसादलाई आफ्नो बाबुको किरिया गर्न जेलबाट बाहिर नपठाउने र कृष्णप्रसाद कोइरालालाई अन्तिम कालसम्म पनि जेलमै थुनाउने कुरामा मोहन शम्शेरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात भए तापनि, ती दुवैजना श्री ३ जुद्धको हुकूमले थुनिएकाले, त्यसको पाप-धर्मका भागी श्री ३ जुद्ध हुने हुँदा, मोहन शम्शेरले त्यस-वेला पाप-धर्मको कुनै ख्याल गरेका थिएनन् ।

तर उनको हुकूमले जेल परेको विश्वेश्वर अनसनमै मरे भने ब्रम्ह हत्या लाग्दछ भन्ने मे. ज. विजय शम्शेरको गहकिलो र घतिलो तर्कले मोहन शम्शेरको धार्मिक भावनामा असर पान्यो । वास्तवमा उनले गाई र बाहुनलाई निकै मान्दथे । बाहुनलाई टिका नलगाई तुलसी, पीपल र गाईपूजा नगरीकन मुखमा पानी पनि हाल्दैनथे; परिवारमा कसैले झुक्केर नङ टोक्यो भने पनि उप-वास बसाएर गौदा गराउँदथे। त्यसैकारण विश्वेश्वर अनसन बसेको उनन्तीस दिनमा जेलबाट मुक्त गरिए– ब्रम्ह हत्या नलागोस् भनी ।

हुन त विश्वेश्वर जेलमा परेको खण्डमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू नाराज होलान् भन्ने डरले श्री ३ मोहन शम्शेरले उनलाई रिहाई गरेका हुन् भन्ने धेरैको त्यसबखत धारणा थियो तर हकिकतमा श्री ३ मोहन शम्शेरले श्री विश्वेश्वरप्रसाद कोइरालालाई त्यसबखत जेलबाट छाड्नाको मुख्य कारण हो ब्रम्हहत्या लाग्ला भन्ने डर। कहिले कहीं डरले पनि काम गर्दछ, त्यही डरको कारण श्री ३ जुद्धको पालामा टंकप्रसाद आचार्य र रामहरि शर्मा बाँचेथे र श्री ३ मोहनको पालामा श्री विश्वेश्वरप्रसाद कोइराला बाँचे । त्यसबखत नेपाली ब्राम्हणकुलले जिपट्याउने अनेक फाइदामध्ये यसरी ब्रम्ह हत्याको फेला पर्न नपर्ने एक प्रमुख फाइदा थियो ।

जेलबाट मुक्त भएका विश्वेश्वरलाई केही दिनपछि साँछतिर सिंहदरबारमा ल्याइयो । मे. ज. शारदा र विजय शम्शेर, सरदार नरेन्द्रमणि आचार्य दीक्षित र मी. सु. उपेन्द्र पुरुषहरूको सामुन्नेमा श्री ३ महाराजले विश्वेश्वरलाई बेलायती बैठकमा भेटे; सो दर्शन भेटमा विश्वेश्वरको बाहुनी स्वस्ती (घुंडासम्म हात झारी अति निहुँरेर त्यसबखत बाहुनले राणाजीलाई गर्ने स्वस्ती) को बदला हिन्दुस्थानी ढाँचाको प्रणामले श्री ३ मोहनलाई खटकायो– यस्ता बेफाइदामा त्यसबखत दिग्गज राणाजीहरू विशेष चासो लिने हुँदा । तैपनि श्री ३ मोहन र विश्वेश्वरप्रसाद बीच निकै बेर कुरा भयो ।

सो भेटमा यता श्री ३ महाराजले "प्रजा पञ्चायत" आन्दोलनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेल परेका मानिसलाई रिहाई गर्ने, २००४ सालमा बनेको नेपाल वैधानिक कानून चांडो लागू गर्ने र उता विश्वेश्वर भारत फर्की नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसलाई सम्झाई बुझाई नेपाल सरकार विरोधी आन्दोलन मत्थर पार्ने कुराको एक किसिमले छेडखान भयो । त्यसपछि सपरिवार विश्वेश्वर (उनी अनसन बसेका बेला उनका माता, भाइ, बहिनी स्वास्नीहरू काठमाडौंमा आएका थिए) रक्सौलको बाटो भारत फर्के– ठूलो कालबाट बाँचेर ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

विनासकाले विपरीत बुद्धि

(१)

भारतका प्रधानमन्त्री प. जवाहरलाल नेहरूले, २००६ साल कार्तिकमा अमेरिका र क्यानडाको औपचारिक भ्रमण गरी दिल्ली फर्कंदा, मे. ज. विजय शम्शेरलाई बम्बईका राज्यपाल (गभर्नर) ले आफ्ना प्रधानमन्त्रीका सम्मानमा दिएको चिया पार्टीको औसरमा राजभवनमा भेटी कुरा हुँदा, "तपाईसंग अति जरुरी कुरा गर्न पर्ने भएकोले तुरुन्तै मलाई भेट्न दिल्ली आउनुहोस्" भन्ने आग्रह गरे।

मी. सु. भीमबहादुरलाई साथमा लिई मे. ज. विजय शम्शेर २००६ सालको लाग्दो मार्गमा बम्बईबाट दिल्ली गए (त्यसबखत श्री ३ मोहन शम्शेरकी बडामहारानीको उपचारलाई बम्बई सवारी चलाइएको थियो; मी. सु. भीमबहादुर मुख्य अफिसर भएर श्री ३ बडामहारानी र मे. ज. विजय शम्शेरको साथ बम्बई गएका थिए। त्यसबखत नेपालको दिल्ली राजदूतावासमा उ. क. ज. सिंह शम्शेर राजदूत र क. दमन शम्शेर कलकत्ताका महावाणिज्य दूत थिए। मे. ज विजय र मी. सु. भीमबहादुर दिल्ली वार्तालाई गएपछि क. दमन श्री ३ बडामहारानीको हेरविचारलाई बम्बई आए।)

मे. ज. विजय शम्शेर दिल्ली पुगेको भोलिपल्टै भारतका प्रधानमन्त्रीसंग उनको अफिसमा भेटवार्ता भयो। भेटमा, प्रधानमन्त्रीले नेपाल सरकारले अब यथाशक्य धेरै र चाँडो जनप्रतिनिधिहरूलाई शासनमा सरिक र नेपालको आर्थिक विकास गरेन भने चिनियाँ साम्यवादी विचार नेपालमा फैलने सम्भव ठूलो छ, भन्ने कुरा दर्शाउँदै, "जनवादी गणतन्त्र चीनले आफ्नो विस्तारवादी नीति एशियामा फैलाउनुभन्दा अघि तपाईं हामीले आफ्नो आर्थिक र राजनीतिक सुधार गरी सक्नुपर्दछ; अब समय धेरै छैन, नेपालले अझ पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनप्रतिनिधिहरूलाई सरकारमा सरिक गराउने दिशातिर ठोस कदम चालेन भने भारतले पछि नेपाललाई मद्दत गर्न पनि मुश्किल पर्दछ" भने ।

त्यसबखतका दिल्लीस्थित नेपाली राजदूतलाई भन्दा, नेपालका प्रधान-मन्त्रीका चल्तापूर्जा छोरा मे. ज. विजयलाई यथार्थ कुरा सुनाई, बेलैमा सजग पारे, नेपाल सरकारले चाँडो आफ्नो देशको आर्थिक र राजनीतिक सुधार गर्दो हो भन्ने भारतका प्रधानमन्त्रीको धारणा नेपालस्थित भारतीय राजदूतले जगाई दिएका थिए । थप, एकाध वर्षअघि दिल्लीमा भएको एशियन रिलेशन कन्फरेशनमा नेपाली प्रतिनिधि-मण्डलका नेता भएर त्यहाँ गएका मे. ज. विजय शम्शेरले त्यसबेला प्रधानमंत्री जवाहरलाल नेहरूलाई निकै प्रभाव पारेका र उनी प्रधानमन्त्रीका छोरा औ परराष्ट्र विभागका गतिशील डाइरेक्टर जनरल भएको हुँदा, प्रधानमन्त्री जवाहरलाल नेहरूले त्यत्रो हडबडका साथ मे. ज. विजय शम्शेरलाई दिल्लीमा भेटी आफ्नो मनको विचार पोखेका थिए ।

"नेपालका प्रधानमन्त्रीले छोराको भन्दा भाईहरूको बढी कुरा सुन्छन्, खान्छन् र भर पर्दछन्; तपाईले भन्नुभएका सबै कुरा म आजै मेरो पिताजी श्री ३ महाराजलाई आकाशवाणीबाट जस्तोको तस्तै पठाउँदछु । बरू, तपाईले नै श्री ३ महाराजलाई भेटी यी कुरा सोऊँ उहाँसंग गर्नु बेस होला" भनी मे. ज. विजय शम्शेरले भन्दा, "त्यसो भए यही हप्तामा नेपालमा हवाईजहाजबाट म आफै जान्छु; महाराजलाई के कस्तो अनुकूल पर्दछ, आजै बुझी खबर गर्नु-होला" भनी पण्डित जवाहरलाल नेहरूले, मे. ज. विजयलाई अन्हाए । भारतका प्रधानमन्त्रीले व्यक्त गरेको मन्तव्य जस्ताको तस्तै दूतावासको आकाशवाणी-बाट तुरुन्तै कोडमा काठमाडौं गयो ।

२००६ सालमा धेरै वर्षपछि चीनभरी पूर्ण अधिपत्य जमाउन सफल भएको जनवादी गणतन्त्र चीन सरकारले आफ्ना छिमेकीपति भविष्यमा के कस्तो व्यवहार गर्ने हो भनी निकै चिन्तित नेहरूजीले नेपाल तुरुन्त जान त्यस्तो आग्रह देखाएका हुन् भन्ने कुरामा कुनै शंका छैन । "चीनलाई सुत्न देऊ, यो उठ्यो भने जगतैलाई हल्लाउंदछ" भन्ने नेपोलियन बोनापार्टको कथन सुनेका विश्वभरकै जान्ने, सुन्ने मानिसहरू त्यसबेला बिउँझेको चीनसंग भयभीत थिए भने, एशियामा मै हूँ भनिन र गनीन खोजेका तत्कालीन भारतका प्रधानमंत्रीले त जागेको चीनको भविष्यको बढी चासो लिने नै भए । जनवादी गणतन्त्र चीनलाई उच्छिनेर नेपालसंग सकभर चाँडो घनिष्ट सम्बन्ध बाँध्नलाई चीनको हौआ देखाएर नेपाल र अरू छिमेकी राष्ट्रलाई आफूतिर तान्ने त्यसबखत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतीय परराष्ट्र मन्त्रालयको नीति पनि थियो ।

साम्राज्यवादी अंग्रेजको तालीममा खरिएका भारतीय उच्च प्रशासकहरूको, २००६ सालमा जनवादी गणतन्त्र चीनप्रतिको मन भावना अंग्रेज र अमेरिकन सरकारको विचारसँग मिल्दो जुल्दो थियो । अमेरिकन र अंग्रेजहरू पनि चीनलाई मान्यता दिन त परै जावस्, साम्यवादी चीनका नेतासंग हातसम्म मिलाउन पनि त्यसवेला तयार थिएनन् (फ्रेन्च–इण्डो-चाइनाको विवादलाई लिएर २००६ सालमा जेनेभामा भएको सम्मेलनमा जनवादी गणतन्त्र चीनका प्रधान तथा परराष्ट्र मन्त्री श्री चाउ-एन-लाइले पसारेको मैत्रीपूर्ण हातलाई संयुक्त राष्ट्र अमेरिकाका सेक्रेटरी अफ स्टेट मि. जोन फोष्टर डलेसले समात्न इन्कार गरेथे) । अंग्रेज र अमेरिकनहरू जस्तै नयाँ भारत सरकारका पुराना र अंग्रेजको तालीममा खारिएका उच्च कर्मचारीहरू पनि जनवादी गणतन्त्र चीनसंग सम्बन्ध चाँडो जोड्ने पक्षमा थिएनन् (खालि पं. जवाहरलाल नेहरू र सरदार पानीकरको जोडले मात्र त्यति चाँडो भारत-चीन कूटनीतिक सम्बन्ध जोडिएको हो भन्ने धेरैको भनाइ थियो) । साम्यवादी पल्टेको कारण, चीनमा ठूलो अमेरिकन लगानी डुबेको र त्यहाँ आफ्नो प्रभाव क्षेत्र खुमचेकोले अमेरिका पूरै नयाँ चीनको खिलाफ थियो । साम्यवादी चीनसंग कुनै किसिमको सम्पर्क जोड्न हुन्न भन्ने नीतिका प्रवर्धक थिए मि. जोन फोष्टर डलेस– अमेरिकाका परराष्ट्र मामलाका सचिव ।

नेपालमा त्यसवेला राणा सरकारले भरतका प्रधानमन्त्री जवाहरलाल नेहरूलाई, त्यो पनि हवाईजहाज चढाएर, नेपाल बोलाइने कुरा असम्भवै थियो । धेरै राणाजीहरूले उनलाई अणु (एटम) बमजस्तो सम्झन्थे । चीन, रातो सेतो जस्तोसुकै होस् सधैं उसलाई मित्र सम्झने अति पुरानो विचार नेपालीहरूको हड्डीभित्र घुसेकोले, जनवादी गणतन्त्र चीन र उसको नयाँ नीतिसंग अमेरिका, भारत र अरू राष्ट्रहरू जतिसुकै सशंकित, भयभीत र चिन्तित भए पनि, नेपालीहरू त्यसबखतसम्म निस्फिक्री थिए । चीनले तिब्बत दाबी गर्दासम्म पनि नेपालीले त्यसप्रति कुनै प्रतिक्रिया नजनाउनाको कारण पनि त्यही हो– तिब्बत चीनको एक भाग हो भन्ने नेपालको यथार्थवादी पुरानो दलिल । चीनसंग सदा सर्वदा आफ्नो साँध जोडाई राख्ने नेपालको पुरानो विचार हो भन्ने कुराको नेपाल–चीनको लामो इतिहास । त्यही विचारले, त्यतिञ्जेलसम्म पनि नेपालको चीनप्रतिको व्यवहार परम्परागत जस्तै थियो ।

नेपाल, बृटेन, अमेरिका, भारत मिली तिब्बतको स्वशासन कायम राख्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दलाइ लामालाई मद्दत गर्न पर्दछ भन्ने ल्हासाका भूतपूर्व बृटिश महा-वाणिज्य दत मि. रिचार्डसन जस्ता केही बृटिश कूटनीतिज्ञको विचारको त्यसबेला यस भेकमा निकै प्रचार भएको थियो। नेपालमा यो विचार सल्काउले मानिस थिए भूतपूर्व ल्हासाका नेपाली वकिल मे. क. केशरबहादुर के. सी.। उनी त्यसबेला मुन्सीखानामा काम गर्दथे। भाग्यले मि. रिचार्डसनको जस्तो छोटो विचारले राणा सरकारलाई २००५।६ सालतिर प्रभावित पार्न सकेन।

चीनको आड र भरोशाले अघिअघि नेपालीहरू बृटिश सरकारसंग नदबेका र उसंग फुर्ती गरेका दृष्टान्त श्री ३ मोहनलाई पनि थाहा नभएको हैन[1]। तैपनि नयाँ चीनसंग नेपालको पुरानो सम्बन्ध नविकरण गर्न र जोड्न पट्टि त्यसबखत श्री ३ मोहन तातेनन्– खास गरेर नेपाल पुरानो चीनकोभन्दा नयाँ साम्यवादको डरले। (त्यसबेला त्यो डर कति नाजायज र अनाधार थियो भन्ने तथ्य पछि पछिका नेपाल–चींन सम्बन्धले साबित गर्दछ। जनवादी गण-तन्त्र चीनले तिब्बतमा अधिपत्य नजमाउँदातक साम्यवादको नाम सुनेर नेपालमा मानिस भयभीत हुन्थे–त्यतिञ्जेल साम्यवाद रूसबाट तलतिर नओर्लेको हुँदा। त्यसबेला धेरै नेपालीहरू कांग्रेसको नाम सुनेर त डराउँदथे भने साम्ययादीको त के कुरा।)

–०–

---

१. उहिले चीन वादशाहको चिठ्ठी लिएर आउने व्यक्तिलाई नेपाल सरकारको प्रतिनिधि बालाजूमा लावालस्कर लिएर भेट्न गई, वादशाहको चिठ्ठी वग्गीमा राखी, एकतीस तोपको सलामी दिई ठूलो भडकसाथ हनुमानढोकातिर ल्याइन्थ्यो– लैनमा बसेका बृटिश रेसिडेण्टलाई नेपाल–चीनको सुमधुर सम्बन्ध यथावत् छ भनी बोध गराउन, भन्ने पुराना कुरा त्यसबखतसम्म नेपालमा सर्वविदित थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

नभन्दै, भारतका प्रधानमन्त्रीलाई काठमाडौं नपठाउनू, वरु श्री ३ मोहन शम्शेर नै दिल्ली सवारी हुन्छ भन्ने खबर आकाश वाणीबाट कोडमा भोलिपल्टै काठमाडौंबाट दिल्ली दूतावासमा आयो। त्यसपछि भारतका प्रधानसन्त्रीले नेपालका प्रधानमन्त्रीलाई भारत भ्रमणलाई यथाशक्य चाँडो आउने औपचारिक निम्ता काठमाडौंबाट तुरुन्तै पठाए।

एक्काईस तोपको सलामी र साविकमा भारतका जंगीलाठले नेपालका प्रधानमन्त्रीको दिल्ली यात्रामा जे जस्तो स्वागत प्रदान गर्दथे त्यस्तै स्वागत, भारत सरकारबाट नेपालका प्रधानमन्त्रीलाई अहिले पनि प्रदान हुनु पर्दछ भन्ने किसिमका असामयिक, इनेगिने र अव्यावहारिक गनथने कुरा परेका माग श्री ३ मोहनबाट नेपाली दूतावासमार्फत नयाँ भारत सरकारलाई गयो। नेपालका प्रधाननन्त्रीको सबै जायज नाजायज फर्माइट मान्ने तत्परता भारतका प्रधानमन्त्रीले देखाए– उनको त्यसबखत एक मात्र इच्छा र ध्येय खालि श्री ३ मोहनसँग चाँडो भेटवार्ता गरी, मनको कुरा बिसाउने हुँदा। अनि एक हप्ताको लागि श्री ३ मोहनको २००६ सालको लाग्दो फागुनमा दिल्ली जाने कुराको निधो लाग्यो।

२००६ सालमा, दुई दिनको निमित्त भए पनि नेपालका प्रधानमन्त्री-लाई भेट्न काठमाडौं आउने आग्रह देखाएका भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूलाई नेपाल भ्रमणलाई त्यतबखत निम्त्याउनाले नेपाललाई कुनै बेफाइदा थिएन। वरु, धेरै फाइदै थिए। कारण, विदेशी प्रधानमन्त्री काम विषयले भेट्न आफ्नो मुलुकमा आउनु र उसको आग्रहले, लत्रेर आफू भेट्न उनकहाँ जानुमा आकाश-जमीनको फरक पर्दथ्यो। भारतका लर्ड रवर्ट, लर्ड किचनर, लर्ड वर्डउड, लर्ड योएमल, लर्ड चेम्सउड, लर्ड लुई माउण्टबेटनलाई नेपाल भूमिमा बोलाउन हुने, स्वतन्त्रभारतका प्रधानमन्त्रीलाई बोलाउन नहुने कुनै कारण थिएन। काठमाडौंमा भेट्न असजिलो लागे वीरगंजमा गएर श्री ३ मोहनले भारतका प्रधानमन्त्रीलाई भेटेको भए पनि कुनै बाधा थिएन। तर त्यसतर्फ नेपालमा त्यसबेला कुनै सोच-विचार भएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००६ साल फागुन ४ गते श्री ३ मोहनले दक्षिणकालीमा पञ्च-वली चढाई, त्यतैबाट कुलेखानी निस्की दिल्ली सोझिए– त्यही दिशापारी र बाटो गरी दिल्ली जानाले उनको यात्रा सफल हुन्छ भन्ने राजजोतिषीको भनाइ हुँदा । दिल्ली यात्रा अघि, भारत भ्रमणमा के कसो होला भनी निकै घबडाएका श्री ३ मोहनले, नेपालका सबैजसो प्रख्यात पीठमा पूजा र पञ्चवली चढाइसकेका थिए । वीरगंजमा श्री ३ मोहनको सवारी पुग्दा-खेरि शहीद शुक्रराजकी बहिनीले, लड्की पढ्ने प्राथमिक पाठशाला खोल्ने हुकूम प्रमांगी माग्दा, हुन्छ विचार गरूँला भन्ने सकारात्मक जवाफ दिए ।

रक्सौल स्टेशनबाट स्पेशियल ट्रेनमा चढी दिल्ली प्रस्थान गर्दा, सुगौलीमा पाल्पाली कमाण्डर इन-चीफलाई भेटे । ठूलो शानले लावा-लश्कर साथ रेल चढेर गएका श्री ३ मोहनको ठाउँ ठाउँमा भव्य सत्कार भयो । उनी चढेको रेलगाडी ठाउँ ठाउँमा घण्टौंतक रोकिन्थ्यो– श्री ३ महाराजको भूजा जिमनारनलाई सवारी रेलको स्टेशन बाहिर टांगिएको पालमा चलाउन पर्ने हुँदा । रेलभित्र श्री ३ मोहनले पानी पनि पिउँदैनथे-भात खानको त कुरै पर जावस् । भारतका प्रधानमन्त्रीका भान्जी-जुवाई श्री ३ मोहनको रेलमा दिल्ली सवारी चलाउन रक्सौलसम्म खटिएर आएका थिए ।

दिल्ली पुग्नुभन्दा अघिल्लो दिन मद्रासको "दि हिन्दू"को संवाद-दातालाई श्री ३ मोहनले भनेको कुराबाट त्यसबेला उनको भारतप्रति के कस्तो भावना थियो भन्ने कुरा प्रष्ट झल्कन्छ[१] । २००६ साल फागुण ४ गते भारतका प्रधानमन्त्रीलाई भेट्न दिल्ली जाँदा श्री ३ मोहन निकै घबडाएका र पूरै भारतमुखी थिए भन्ने कुरामा कुनै शंका छैन । उनको मनमा पक्कापक्की लागेको थियो, भारतका प्रधानमन्त्रीले, नेपाल-भारत नयाँ सन्धिमा त्यसैबखत हस्ताक्षर गराउँदछन् र आफूलाई अनेक वाचा कबूलमा छिराउँछन् भन्ने डर । श्री ३ मोहनको मनमा त्यसबेला यस्तो डर पारी दिने व्यक्ति थिए काठमाडौंस्थित भारतका

---

१. "भारतले चाहेको बेला हामीले मद्दत दिने छौं र भारतलाई खतरा पर्दा गुहार जाने छौं"– "दि हिन्दू" मद्रास सन् १९५० फेब्रुअरी १५ तारीख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजदूत सर सी. पी. एन. सिंह। आफ्नो देशलाई अविकसित राख्ने, प्रजालाई शिक्षित, सुसंगठित नपार्ने र अर्काको आड भरोसाले बाँच्न खोज्ने राष्ट्र र नेताहरूको प्रायः आत्मबल कमजोर हुन्छ– उनीहरूले बाहिर जतिसुकै फाइँफुइँ देखाए पनि। आत्म निर्भरता र आत्मबल भएका सानै राष्ट्र– फिनलैण्ड, स्वीटजरलैण्ड, इजरायल र भेटनामहरू ठूलाठूला राष्ट्रको धम्कीले नदवेका ज्वलन्त दृष्टान्त विश्वको सामुन्ने छन्। आत्मकमजोड सरकार प्रायः विदेशी हार-गुहारमा अड्न खोज्दछ, र त्यस्तो सरकार स्वदेशमा जन प्रिय हुन्न। २००६–७ सालतिर नेपालको अवस्था त्यस्तै थियो।

– ० –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

२००६ साल फागुन ७ गते (नेपालमा प्रजातन्त्र हुनुभन्दा एक वर्ष अघिअघि ठीक उही दिन) श्री ३ मोहन दिल्ली पुग्दा, भारत सरकारतर्फबाट उनले चिताएभन्दा बढी स्वागत र सत्कार पाए । स्टेशनमा भारतका प्रधानमन्त्री, राष्ट्रपतिको सैनिक सचिव, कूटनैतिक नियोगका प्रमुखहरू र मन्त्रिमण्डलका सदस्य उपस्थित थिए; सेतो अचकनको दोस्रो टाँक लगाउने पुवालमा रातो गुलाफको फुल लगाएका भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले, अति हँसिलो मुदामा विशिष्ट पाहुनालाई उपस्थित सबै गन्ने-मान्ने मानिस-संग परिचय गराए। स्टेशनमा एक्काईस तोपको सलामी भयो । झन्नै राष्ट्राध्यक्षलाई दिइने खालको भव्य स्वागत दिल्लीमा श्री ३ मोहनले पाए । नेपालको त्यसबेलाको भित्री कमजोरी थाहा नपाएका र राणाजी-हरूको रवाफले प्रभावित भएका भारतीयहरूको दिल्ली स्टेशनमा ठूलो भिड लागेको थियो– स्वतन्त्र हिन्दू राष्ट्र नेपालको राणा प्रधानमन्त्रीलाई के के न सम्झेर ।

त्यसबखत नेपालका प्रधानमन्त्रीको सवारीसाथ थुप्रै मानिस गएका थिए– जंगीलाठ केशर शम्शेर, मे. ज. विजय शम्शेर, मे. ज. सुरेन्द्र शम्शेर. क. इन्दु शम्शेर, गुरूज्यू भोगेन्द्रराज, पुरोहित जनकराज, क. क. चन्द्रजंग, क. क. डम्बर शम्शेर, वृ. ज. सोभाजंग थापाहरू, ले. क. सन्तबहादुर अधिकारी, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सर-दार गुन्जमान, मी. सु. भीमबहादुर पाँडे, गुरु क्षेत्रनाथ अधिकारी. डा. सिद्धिमणि आचार्य दीक्षित, ले. चित्रबहादुर खड्का, ले. गंगाबहादुर विष्ट ले. लालबहादुर इत्यादि । ज. सिंह शम्शेर, ज. कृष्ण शम्शेर. मे.ज. शारदा शम्शेर र क. दमन शम्शेरहरू दिल्लीमा नै नेपाली प्रतिनिधि-मण्डलमा सरीक भए। नेपाली प्रतिनिधि मण्डललाई ठूलो ठाँटसंग हाइड्रा-बाद हाउसमा राखियो। जुन काँटमा त्यस पटक भारत सरकारले नेपा-लका प्रधानमन्त्रीको स्वागत र खातिर गरे त्यस्तो त न अघि कहिले नेपालका प्रधानमन्त्रीलाई भयो, न पछि होला । मान र स्वागत गरेमा नेपालका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणाहरू फुरुंग फुर्कन्छन् र काम बन्दछ भन्ने पूर्व सूचना पाएको कारणले नै, भारतका प्रधानमन्त्रीले त्यत्रो धुमधामले श्री ३ मोहनको त्यसवखत शानदार खातिर गरेका हुन् भन्ने कुरा निर्विवाद छ ।

जुन कुरा गर्न भारतका प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीलाई त्यत्रो हडबड र उत्सुकताकोसाथ दिल्ली बोलाएका थिए, त्यसबारे फागुन ८ गते दुइ प्रधानमन्त्रीको बीच एक्ला एक्लै नब्बे मिनेट तक भारतका प्रधानमन्त्रीको निवासस्थानमा वार्ता भयो । नेपाल–भारत दुवैलाई साम्यवादी चीनको खतरा बढेको छ; नेपालले बढी जनताका प्रतिनिधिलाई यथाशक्य चाँडो शासनमा सरीक गराउन पर्दछ; नेपाल–भारत बीच नयाँ सन्धि गरी, परी आएमा एकले अर्कोलाई सहायता गर्न पर्दछ, भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्नें; तेस्रो मुलुकका सरकार र मानिससंग सम्पर्क राख्न पर्दा दुवै थरीले आपसमा सर-सल्लाह गर्ने भन्ने कुराको त्यही भेटमा एक किमिमले तय भयो । वार्ता सकी भारतका प्रधानमन्त्रीको निवासस्थानवाट हाइड्रावाद हाउस फर्किदा श्री ३ मोहनको चेहरा उस्तो उज्यालो देखिदैनथ्यो ।

छोटकरीमा भन्ने हो भने, अब नेपालमा राणाजीले उदारवादी नीति अपनाएर केही जनप्रतिनिधिहरूलाई राणा सरकारमा सरीक गराएको खण्डमा, भारत चूपचापै बस्ने जस्तो आशय श्री ३ मोहनले भारतका प्रधान-मन्त्रीवाट त्यस भेटवार्तामा बुझे । सकभर राणाजीहरूद्वारा नै नेपालको समसामयिक सुधार गराउने भारत सरकारको त्यसबेला विचार थियो । त्यो भावना प्रधानमन्त्री नेहरूले श्री ३ मोहनलाई आफ्नो पहिलो भेटमा व्यक्त गरेका पनि थिए । एकसय तीन वर्षतक नेपालको राजकाज चलाएको राणा परिवारलाई तुरुन्त हटाउनाले नेपालमा अस्थिरता आई भरखर स्वतन्त्र भएको भारतलाई असजिलो पर्न जाने सम्भाव्यताको पनि भारतले त्यसबखत लेखाजोखा जरूर गरेको हुँदो हो । नेपालमा सकभर राणाजीलाई थाम्न पर्दछ भनी दिल्लीमा अंग्रेजहरूले लेखेर छाडेका फाईल पनि भरतीय उच्च कर्मचारीले पढेका हुँदा हुन् । सरकारमा केही जनप्रतिनिधिहरू सरिक गराएको खण्डमा सकभर नेपालको राणा सरकारलाई नखल्बल्याउने भारत सरकारको छाँटकाँट दिल्ली वार्ता र भारत सरकारको व्यवहारमा प्रष्ट झल्क-न्थ्यो पनि । अरू कुराले भन्दा पनि अब नेपालमा जनप्रतिनिधिहरूलाई राणा सरकारमा सरीक गराउन पर्ने जस्तो छाँटकाँटले श्री ३ मोहनलाई असजिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारेको थियो ।

नेपालका प्रधानमन्त्री श्री ३ महाराज मोहन शम्शेर र भारतका प्रधान-मन्त्री पण्डित जवाहरलाल नेहरूको बीच २००६ साल फागुन ८ गते भएको त्यो महत्त्वपूर्ण वार्ताको उपज हो, त्यसपछि भारत सरकारले बराबर राणा सरकारलाई औंल्याउन थालेको "मध्यम मार्ग" । "मध्यम मार्ग"को भित्री मतलब हो नेपालमा राणा सरकारको जगलाई तुरून्तै नखल्वल्याईकन सकभर धेरै जनप्रतिनिधिहरूलाई सरकारमा सरीक गराउने । सो गर्न त्यसबखत श्री ३ मोहन तम्सिएर त्यसो गरेमा नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने र नगराउने वाचा श्री जवाहरलाल नेहरूले बाँधे । नेपालप्रति भारतको यही नीति कायम रहनेछ भनी सन् १९५० मा लोक सभामा उनले वक्तव्य पनि दिए– नेपालप्रति सरकारको नयाँ लठ्ठी नभाँचिकन सर्प मार्ने–नीति प्रष्ट गरे[१] ।

श्री ३ मोहन शम्शेर र भारतका गृहमन्त्री सरदार पटेलको बीच भएको कुराकानीमा नेपालमा त्यसबखत चरा हेर्ने निहुँले पसेका अमेरिकन नागरिक मि. रिफ्ले, अमेरिकन जासूस हुन् भन्ने पटेलको तर्कलाई खण्डन गर्दैमा श्री ३ मोहन शम्शेरको समय बित्यो । भरखर स्वतन्त्र भएको भारत त्यसबखत विदेशीदेखि अति सशंकित थियो । साविक दर-साविक झैं, (अर्थात् अंग्रेजको पालामा झैं) नेपाल एकलासै बसी दिए हुन्थ्यो भन्ने नयाँ भारत सरकारको पनि विचार थियो ।

नयाँ भारत सरकार पनि चाहन्थ्यो पुरानो बृटिश सरकारले झैं नेपाललाई कुखुराको भालेले पोथीलाई ओगटे झैं ओगटेर, एकलास राख्न । भारतका प्रधानमन्त्री नेहरूले वाहेक अरू मन्त्रीहरू र उच्च कर्मचारीले नेपाल-लाई अचेंटेरै राख्ने पक्षमा थिए भन्ने तथ्य उनीहरूको वातन पिच्छेल्कन्थ्यो (जुन कुरा भारतका भूतपूर्व परराष्ट्र सचिव मि. टी. एन्. कौलले आपनो

---

१. "नेपालमा ठूलो उथल-पुथल रोक्ने किसिमले काम गर भन्ने सल्लाह दिन हामीले सक्दो कोशिश गरेका छौं । हामीले एक त्यस्तो बाटो पत्ता लगाउन कोशिश गरेका छौं, जसलाई "मध्यम मार्ग" भने हुन्छ; जसले नेपालको प्रगति निर्धारण गर्नको साथै नेपालमा प्रजातन्त्रको सूत्रपात पनि गराउँदछ । साथै पुरानो परम्परालाई पूरापूर नउखाड्ने बाटो खोजिरहेका छौं ।" सन् १९५० फेब्रोवरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"इण्डियन डिप्लोमेसी इन् वार एण्ड पीस" भन्ने पुस्तकमा पछि लेखे, त्यही खालको विचार थियो त्यसवेला पनि भारतको परराष्ट्र मन्त्रालयका अधिकारीहरूको)। सन् १९५० सम्म पनि अधिकांश उच्च भारतीय कर्मचारीहरूले अंग्रेजी चस्माले नेपाल-भारत सम्बन्धलाई हेर्दथे भने हुन्छ।

सबैजसो भारतका मन्त्रीहरूले पालैसँग नेपालका प्रधानमन्त्रीलाई भेटे। राणा प्रधानमन्त्रीलाई हात लिन भारतको नयाँ सरकारले उनी जहाँ जाँदा पनि आशा गरेभन्दा बढी सेवा र सत्कार पुऱ्यायो। भारतका रक्षामन्त्री बलदेव सिंहले विशेष समारोहमा श्री ३ मोहन शम्शेरलाई फागुन १२ गते चाँदीको तरवार प्रदान गरे। सोही महीनाको १३ गते भारतको वायुसेनाले हवाईजहाजको किसिम किसिमको उडानमात्र प्रदर्शन गरेन विशेष पाहुना चढ्ने हवाईजहाजमा श्री ३ मोहनलाई चढाई, दिल्ली माथि उडायो र लडाकु जहाजहरू देखायो।

श्री ३ मोहनको यो प्रथम हवाई उडान थियो। विदेशीसँग बसी खानापिना गर्न श्री ३ मोहन तयार नहुँदा, उनको सम्मानमा कुनै दिवा र रात्रीभोज भएनन्। खालि भारत सरकार, दिल्लीका नागरिक र नेपाली दूतावासले भव्यरूपमा जलपान समारोह मात्र फागुन १३ र १४ गते आयोजना गरे। त्यसबखतसम्म नेपालका राणा परिवारको भारतमा निकै नाम चलेकोले, नेपालका प्रधानमन्त्रीसंग, विभिन्न कारणवश भेट्न खोज्ने मानिसको तांती लाग्दथ्यो– धेरैजसो आगन्तुकको दाउ हुन्थ्यो नेपालका धनी प्रधानमन्त्रीबाट अनेक निहुँ पारेर पैसा फुत्काउने।

त्यसैवेला हो श्री ३ मोहन शम्शेरतर्फबाट पचासहजार रुपैयाँ पर्ने पन्नाको हार भारतका प्रधानमन्त्रीकी छोरीलाई मे. ज. विजय शम्शेरले उपहार प्रदान गर्दा भारतको परराष्ट्र सचिव श्री के. पी. एस्. मनन्ले आपत्ति जनाएको (औपचारिक भेटघाटमा कसैलाई प्रदान भएको कुनै पनि उपहार निजी हुन सक्तैन भन्ने भारत सरकारको नियमबमोजिम श्री ३ मोहनको त्यो उपहार सरकार दाखिला हुन पर्दछ भन्ने भारतीय परराष्ट्र सचिवको भनाइलाई भारतका प्रधानमन्त्रीले सकारे)। श्री ३ मोहन शम्शेरको तर्फबाट श्रीमती इन्दिरा गाँधीलाई दिइएको सो उपहार निजी सौगात गनियोस् भन्ने मे. ज. विजय शम्शेरको अजोड तर असफल प्रयास पन्छाउन भारतका परराष्ट्र सचिवलाई धौ धौ पऱ्यो। वास्तवमा त्यो उपहार निजी नै थियो– भारतका प्रधानमन्त्रीले व्यक्तिगत तवरबाट कुनै विदेशी उपहार नलिने हुँदा, उनकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरीलाई प्रदान भएको। त्यसपछि प्रधानमन्त्री नेहरूको उद्धार कोषमा श्री ३ मोहनले एकलाख रुपैयाँ चन्दा प्रदान गरे।

बम्बईको "ब्लीज"का सम्पादक मि. करन्जिवा जस्तै भारतका अरू पत्रकारहरूले श्री ३ मोहनलाई नेपालमा राजनीतिक सुधार के कस्ता र कहिले हुन्छन् भन्ने खालका र असजिला सवाल सोधिएकोमा उनीहरूले पाएका दोधारे जवाफ र मनग्य सौगातले चित्त बुझाए। फागुन १२ गते पन्जाबको "दि ट्रिबुन" भन्ने पत्रिकामा भने श्री ३ मोहन र भारतका प्रधानमन्त्रीको बीच फागुन ८ गते भएको वार्ताको यथार्थ छलक परेको लेख लेखिएको थियो[1]। २००६ साल फागुन १५ गते भारत सरकारले श्री ३ मोहनको सम्मानमा गरेको बिदाई समारोह पनि उनको स्वागत समारोहभन्दा कम भव्य थिएन। पण्डित जवाहरलाल नेहरूसँग दिल्लीको रेल्वे स्टेशनमा विदा हुँदा श्री ३ मोहनले अर्कोबाजी दिल्ली आउँदा हवाईजहाजमा आउँदछु भनी गरेका कबूल भने उनले अक्षरांश पुऱ्याए– २००८ सालमा प्रधानमन्त्रीबाट हटेपछि काठमाडौं-बाट दिल्ली उडेर गएकोले। त्यसबखत श्री ३ मोहनले भारतका प्रधानमन्त्री-लाई दिएका अनेक वचन मध्ये पुगेको खालि त्यही एक मात्र हो– त्यो पनि कागताली परेर।

–०–

---

१. "दि ट्रिबुन" फ्रेब्रुवरी २१, १९५०– "साम्यवादको खतराको सामना गर्नको लागि साझा सल्लाह लिने र साझा नीति निर्धारण गर्ने जस्ता उच्च विचारलाई ध्यानमा राखी, तिनीहरू (राणा सरकार)ले जन-आकांक्षा कम-से-कम आधी पुऱ्याउन पर्दछ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

दिल्ली यात्रामा प्रधानमन्त्री मोहन शम्शेरलाई भारत सरकारले गरेको त्यो अपूर्व सम्मानको सबभन्दा बढी प्रभाव मोहन शम्शेरको बढ्दो अहम्मा पऱ्यो । उनका भित्रियाहरूले भारत सरकारको त्यो असाधारण अतिथ्य सत्कारको अर्थ विचित्रसँग लगाए– 'धोतिवाल' अब नेपालसँग दब्यो भन्ने। ती राष्ट्रिय स्वार्थ घातकका बेताले कुरालाई श्री ३ ले पनि दूरभाग्यवश अक्षरांश पत्याइदिए । डराई डराई दिल्ली गएका श्री ३ मोहन शम्शेर उताबाट, सीताराम सिकन्दर भए झैं गरी, नेपालतिर फुलेर फर्के। देहरादूनमा राजर्षी महाराजबाट पाएकोज्ञान गुनले त श्री ३ मोहन शंशेरको अहम्को मात्रा ऋन् चढाई दियो भन्ने तथ्यलाई वीरगंजको निम्न सानो घटनाले सावित गर्दछ ।

भारतबाट श्री ३ को सवारी फिर्दा त्यहीं वीरगंज रेल्वे स्टेशनमा (जहाँ दिल्ली जाँदा शुक्राजकी बहिनीलाई कन्या स्कूल खोल्ने इजाजत देलान् जस्तो गरेथे) एक जना गरीब बूढाले अल्लि परबाट दुई हात जोडेर, "महाराज अन्याय भयो, सबैका छोरा छुटे मेरो छोरा छुटेन" (त्यस साल शिवरात्रीमा नेपाल आउने तीर्थवासीलाई हेर-विचार गर्न वीरगंगका लडका-हरूले स्वयं सेवक दल खडा गरेका रहेछन् । धनी र गरीबका छोराहरू सरीक भएको त्यो दलका सदस्य सबै पकडिएकोमा धनीका छोराहरूलाई बडाहाकिमले छाडिदिएका र त्यो निःसहाय र निर्धन बूढाको छोरालाई मात्र नछाडेकोले निसाफ पाउँला कि भनी श्री ३ मोहनसँग त्यस दिन उनले पुकारा गरेका थिए) भनी कराउँदा, श्री ३ मोहनले बडाहाकिमतिर फर्केर, "अरूका छोरालाई छाड्न मन लाग्यो छाडें, तेरो छोरालाई छाड्न मन लागेन, छाडिन भनिदेन" भन्ने रूखो जवाफ दिए । श्री ३ मोहन वीरगंजबाट दिल्ली जाँदा र उताबाट फर्कंदा घटेका यी दुई घटना, हेर्दा साधारण भए पनि, त्यस अन्तरमा श्री ३ मोहनको मनमा भएको मानसिक परिवर्तन असाधारण थियो ।

दिल्लीबाट नेपाल फर्कंदा दुर्भाग्यवश श्री ३ मोहनको अहम्को मात्रा आजभन्दा भोलि ऋन् ऋन् बढ्दै गयो । राजकाजमा सबभन्दा खतरनाक कुरा हो, देशभित्र बाहिर घटेका कुनै पनि राजनीतिक घटनाको, वेलैमा सही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्यांकन गर्ने खूबीको राजनीतिज्ञमा कमी। श्री ३ मोहनको दिल्ली भ्रमणको औसरमा भएका काम कुरा– चिताएभन्दा बढी दिल्लीमा पाएको स्वागत; नेपालको आन्तरिक मामलामा भारतबाट हस्तक्षेप नहुने आश्वासन; राणा सरकारमा केही जनप्रतिनिहरू सरीक भएमा चित्त बुझ्ने भारतका प्रधान-मन्त्रीको आशय र नेपाल-भारत बीच नयाँ सन्धिको, श्री ३ को भारत भ्रमण पछि मात्र काठमाडौंमा हस्ताक्षर हुने निधो– को अर्थ उनले अब पनि नेपालमा राणाजीको जहानिया शासन पुरानै चालाले चलाए भयो, भन्ने गलत किसिमले लगाए।

थप, ज. हिरण्य र मे. ज. महावीरले भारत भ्रमणको वेलामा आफू-लाई भेट्न आएनन् (जसरी श्री रुद्र शम्शेर र श्री ३ देव शम्शेरकी रानीहरू भेटन आएथे) भन्ने आरोप लगाई, उनीहरूको सर्वस्व, दिल्लीबाट सवारी फर्दा भीमफेदीमा पुगेपछि, श्री ३ मोहनले हरण गरे– 'विनाशकाले विपरीत बुद्धिः' भन्ने उखानको संज्ञा दिंदै वीरगंजमा त्यो असाहाय बूढाको छोरालाई जबरजस्ती थुनेर राखेकोमा स्वीकृति प्रदान गर्नु भन्दा कम मनमानी थिएन। भारत भ्रमणमा आफूलाई भेट्न आएन भनेर भाइ भतिजाको सर्वस्व हरण गर्नु। २००६ सालमा श्री ३ मोहनले दिल्लीमा पाएको त्यो अपूर्व सत्कारले यसरी उनीमा सकारात्मकको सट्टा नकात्मक असर पार्‍यो, राणा सरकारलाई नै सत्यानाशै पार्ने गरी। राजनीतिमा नकारात्मक भावनाले प्रोत्साहन पाउनु, आर्थिक क्षेत्रमा मुद्रा स्फीति हुनु जस्तो हो। त्यसले व्यक्ति अथवा राष्ट्रलाई उँभो लगाउँदैन।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२
अफाप नेपाल-भारत सन्धि

(१)

सन् १९४७ मा भारत स्वतन्त्र भएदेखिन् नै आपना छिमेकी देशसंगका पुराना सन्धिहरू नवीकरण गर्ने धुनमा लागेको थियो। यही सन्दर्भमा सन् १९४९ को अगष्ट ८ तारिखमा भारत-भोट बीच नयाँ सन्धि भयो। नेपाल-भारत बीच १९८० सालमां सम्पन्न सन्धिलाई नवीकरण गर्ने बारेमा आपना राजदूत सरदार सुरजीत सिंह मजेठियालाई जतिसुकै तर ताकिता लगाउँदा पनि उनले त्यस दिशालाई ठोस प्रगति गर्न सकेनन् भन्ने भ्रम दिल्लीमा फैलिएको थियो।

भारतीय राजदूत मि. सुरजित सिंह मजेठिया राणा परिवार र खास गरेर मुन्सीखानाका डाइरेक्टर जनरल मे. ज. विजयले गुहुऱ्याइए भन्ने काठमाडौंमा त्यसत्रखत चलेको गाइँगुइँ हल्ला, बांगिदै टिंगिदै दिल्ली पुगेकोले, भारतको एक्सटर्नल एफियर्स मन्त्रालयले उनलाई राजदूत भएको दुई वर्षभित्रमा नै बदलेको हो भन्ने कथन थियो। सरदार मजेठियाले भारतको स्वार्थ नेपालमा सुरक्षित राख्न नखोजेको र नसकेको त हैन; खालि श्री ३ चन्द्र शम्शेरका केही नातिनी बुहारीहरू पन्जाबी हुँदा, उनको (मजेठियाको) चन्द्र परिवारसंग बढी हेलमेल र त्रसउठ थियो। तर तिनीहरूको प्रभावमा भारतीय राजदूत परे भन्ने कुरा खालि अडकलबाजी मात्र हो। परेका थिएनन्।

त्यसैले नेपाललाई राम्रो चिनेको, भारत-नेपाल सीमाना नजिक विहारको सुड्शण्ड जिल्ला निवासी, अंग्रेज सरकारकै पालामा "सर" भई विहार हल्लाएका, श्री चन्द्रेश्वरप्रसाद नारायण सिंह २००६ सालको आषाढतिर नेपालका लागि भारतीय राजदूत बनेर आए। स्वभावतः नेपाल भेटकिनासाथ उनको अखण्ड प्रयास भयो, नेपाल-भारत बीच नयाँ सन्धि गराउने दिशा तर्फ। उनी नेपाल पठाइएका थिए जसरी भए पनि नेपाल-भारत बीच सन्धि र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा राजनीतिक परिवर्तन गराउन र उनी आएका थिए सो गर्न सक्तछु भनी मसक्क आँट बाँधेर र कबूल गरेर ।

२००६ साल असोज १५ गते चीनमा माउत्से तुङ्गको अध्यक्षतामा जनवादी गणतन्त्र सरकार गठन भएपछि त नेपाल-भारत सन्धि यथाशक्य चाँडो नवीकरण गर्ने भारतको इच्छा झन प्रवल हुन थाल्यो । नेपाल-भारत बीचको पुरानो सन्धि संशोधन गर्ने, राणा सरकारलाई जनमुखी पार्ने र जनताका प्रतिनिधिहरूलाई राणा सरकारमा सरीक गराउने दिशातर्फ राणा सरकारलाई मोड्न सक्तछु भनी कम्मर कसेर काठमाडौं आएका भारतका नयाँ राजदूत जतिसुकै ताते पनि, भरखर प्रधानमन्त्री भएका श्री ३ मोहन शम्शेर नतात्ने र तात्लान् जस्तो लक्षण पनि नदेखी, उनलाई भारतका प्रधानमन्त्रीसंग भिडाएर नयाँ सन्धि गराउने कोशिशपट्टि महामहिम राजदूत लागे ।

नेपालका राणाजीहरूले देशभित्र जतिसुकै फाइँ फुइँ गरे पनि, बाहिर उनीहरू पानी हुन्छन्, राणा सरकारले भारत विपरीत कुनै काम गर्न सक्तैन र नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीसंग बातचितमा टिक्न सक्तैनन् भन्ने भेद भारतीय राजदूतले राम्रो बुझिसकेका थिए । वास्तवमा त्यसबखत नेपालको आन्तरिक अवस्था– राजनीतिक र आर्थिक दुवै– अति नाजुक थिए पनि । खास गरेर आर्थिक मामलामा नेपाल पूरापूरै भारतसंग आसिन थियो । त्यसैले एकातिर अंग्रेजलाई जस्तै नयाँ भारतको शासकलाई, जसरी भए पनि हात लिन भित्रभित्र राणाजीहरू चाहन्थे– बाहिर त्यो भावना नदेखाए पनि, भने, अर्कोतिर जसरी भए पनि श्री ३ मोहनलाई भारतका प्रधानमन्त्रीसंग भेटाउने भारतीय राजदूतको निरन्तर जोडदार प्रयास थियो । मे. ज. विजय र पंडित जवाहरलाल नेहरूको २००६ साल मार्गको दिल्ली वार्तालि त्यो खाँचो मेटाइदियो ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

भारतीय राजदूत र भारतको परराष्ट्र मन्त्रालयको लागेपुगेसम्म, श्री ३ मोहनको दिल्ली यात्राको मौकामा नै नेपाल-भारत बीच नयाँ सन्धिमा हस्ताक्षर गराउने, विचार थियो । २००६ साल फागुन ८ गते श्री ३ मोहन र पण्डित जवाहरलाल नेहरूको भारतका प्रधानमन्त्रीको निवासस्थानमा एक्ला-एक्लै नब्बे मिनेटसम्म कुरा हुँदा नेपाल-भारत बीच नयाँ सन्धि गर्ने नीतिसम्म निर्णय भयो, तर तिथि तोकिएन ।

त्यस वार्तामा नेपाल-भारत बिच पछि सम्पन्न हुने भनेको सन्धि सम्बन्धी मुख्य मुख्य कुराको चर्चा दुई प्रधानमन्त्री बीच चल्दा– नेपालको सार्वभौम सत्तामा कुनै आँच आउन नपाउने; १९५० सालको सन्धिमा परेका केही नियन्त्रणहरू (नेपालले तेस्रो मुलुकबाट हात-हतियार झिकाउन अंग्रेज सरकारको स्वीकृति लिन पर्ने, विदेशीहरूलाई नेपालमा काम लगाउन नपाइने इत्यादि) नयाँ सन्धिमा नपार्ने; नेपालले परेको बेला भारतलाई सदाजस्तै मद्दत गर्ने, भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने र नगराउने जस्ता कुरामा दुई प्रधानमन्त्रीहरू सहमत हुनाको साथै, भारतले तयार गरेको मसौदा सन्धि बारेमा नेपालका भारदारहरूको पनि राय लिने; सन्धिको देहायबारे छलफल गर्नलाई एक उच्चस्तरीय नेपाली प्रतिनिधि-मण्डल चाँडै नै काठमाडौंबाट दिल्ली पठाउने र सन्धि काठमाडौंमा नै हस्ताक्षर हुने, कुराको पनि तय भएको थियो ।

श्री ३ मोहनको दिल्ली भ्रमणबाट काठमाडौं सवारी फिर्नासाथ नेपाल-भारत सन्धिको मसौदा भारतीय राजदूतले काठमाडौंमा श्री ३ मोहनलाई हस्तान्तर गरे । प्रस्तावित सन्धि एक भए पनि त्यो दुई भाग "शान्ति तथा मैत्री" र "बन्दव्यापार"मा विभाजित थियो ।

उक्त मसौदा सन्धि नेपालको भारदारीमा पेश गरिएन । दुई प्रधानमन्त्रीको दिल्ली भेटमा श्री ३ मोहनले भारतका प्रधानमन्त्रीको चित्तसम्म बुझाउन र संकट, छिनभरलाई भए पनि, टार्नलाई मात्र सन्धिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मसौदा नेपालको भारदारीमा छलफल गराउन पर्दछ भन्ने कुरा त्यस-बखत उठाएका थिए। मसौदा सन्धि त्यसबेलाको नेपालको भारदारीमा छलफललाई पेश गरेकै भए पनि केही फरक पर्ने थिएन।

२००६ सालका नेपालका भारदार १८६० सालका भारदार जस्ता थिएनन्। उसबेलाका भारदारले कम्पनी सरकारका प्रतिनिधि मि. क्याप्टेन नक्सले भारतबाट बोकेर ल्याएको नेपाल-कम्पनी सरकार बीच हुने भनेको मसौदा सन्धिलाई लत्याइदिएका थिए– अधिकांश भारदार-हरू साँचैका भारदार हुँदा। अब त्यो हात्ती बाँध्ने कीलोमा बोको बाँधिएको थियो; बोकाले कहाँ दाईं भएको थियो र नेपालमा हुने। श्री ३ मोहनले भारदारी बोलाएर मसौदा सन्धिमा उनीहरूको राय सल्लाह मागेका भए पनि, उनीहरू सबले त्यसबेला श्री ३ कै मुख ताक्तथे, उनले जे भन्दथे त्यसै गर्दथे।

रोलवाला राणाजी बाहेक अरू नेपालीको व्यक्तित्वको विकास भएमा राणा शासनलाई धक्का पुऱ्याउँदछ भन्ने त्यसबला राणा सर-कारको खतरनाक भावना हुँदा, स्वतन्त्र विचार व्यक्त गर्ने हालतमा त्यसबखत नेपालभित्र बहुतै कम व्यक्ति थिए। न त थिए स्वतन्त्र राय-सल्लाह दिने खालका भारदार। एकाध भए पनि उनीहरूको दम सकिंदै गएको थियो। ईमान धर्म सम्झेर मनमा लागेको कुरा जस्ताको तस्तो व्यक्त गर्न खोज्ने मानिसको राणा सरकारमा उस्तो खायस पनि हुँदै-नथ्यो। राणा सरकार पछि पछि झन झन शिथिल हुँदै जानाको एक कारण सक्कली खालका भारदारहरू नेपालमा टुट्दै जानाले पनि हो भन्नु अति-युक्ति नहोला।

खालि दिग्गज रोलवाला राणाजी (प्रधानमन्त्री, मुख्तियार, जंगी-लाठ, चार कमाण्डिङ जर्नेल, हजुरिया जर्नेल)को बैठकमा मात्र भारत सरकारले प्रस्तुत गरेको मसौदा सन्धिको सरसरी छलफल भई, नेपा-लको हित सुरक्षित राख्ने र १९८० को सन्धिमा बृटिश सरकारबाट नेपालमाथि लादिएका अहितकर र अवाञ्छनीय दफाहरू प्रस्तावित सन्धिमा नपार्ने किसिमले दिल्लीमा छलफल गर्नलाई एक प्रतिनिधि-मण्डल पठाउने निर्णय भयो। त्यसका अध्यक्ष मे. ज. विजय शम्शेर र सदस्यमा सर्वश्री सर-दार गुञ्जमान सिंह, सरदार नरेन्द्रमणि आचार्य दीक्षित र मी. सु. भीमबहादुर पांडे खटिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(आजकल जस्तो मन्त्रिमण्डल त्यसबला नेपालमा थिएन, न त थियो महत्त्वपूर्ण कामकुराको प्रस्ताव बनाएर सरकारमा पेश गर्ने छुट्टै सचिवालय। विभागहरूले छुट्टाछुट्टै प्रधानमन्त्रीको जुनाफमा कामकुराको बेहोरा तालुकवाला मार्फत जाहेर गरी निकासा लिन्थे। त्यस्तै खास महत्त्वको कुरा पर्न जाँदा मात्र, प्रधानमन्त्री, मुख्तियार र चार कमाण्डिङ जर्नेल र केही सम्बन्धित जर्नेलहरू जम्मा भएर त्यसमा छलफल गर्दथे। त्यस बैठकमा भएको निर्णय प्रायः हजुरिया जर्नेलले टिपी कारवाईलाई सम्बन्धित विभागका तालुकवालालाई खबर गर्दथे र श्री ३ महाराजबाट भएको ठहरको खड्ग निशाना सदर, तालुकवालाहरूले गराउन पर्दथ्यो। त्यो खड्ग निशाना आजकलको मन्त्रिमण्डलको निर्णय सरह गनिन्थ्यो। त्यसबखत परराष्ट्र सम्बन्धी काम सोझै श्री ३ मोहनले नै हेर्ने हुँदा, नेपाल-भारत सन्धिको त्यो मसौदा चार कमाण्डिङ जर्नेल र मुख्तियारसहितको बैठकमा छलफल भए पनि, त्यहाँ भएको निर्णयमा खड्ग निशाना गराउन पर्ने आवश्यकता परेन)।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

२००६ साल चैत्रको शुरुमा नेपाली प्रतिनिधि-मण्डल पटनासम्म हवाईजहाज र त्यताबाट रेलमा दिल्ली गयो । (त्यसवेला काठमाडौं दिल्ली हवाई सेवा सोझै चलेको थिएन) । दिल्लीका काउन्सेलर ले. क. गेहेन्द्र शम्शेर पनि प्रतिनिधि-मण्डलमा सरीक भए । तर राजदूत उ. क. ज. सिंह शम्शेरले भने त्यस वार्तामा कुनै सक्रिय भाग लिएनन्- मान्यता क्रमको अडचनको कारण । प्रस्तावित नसौदा सन्धिमा छलफल गर्न भारततर्फबाट सेक्रेटरी जनरल सर गिर्जा शंकर बाजपेयी, परराष्ट्र सचिव मि. के. पी. एस. मेनन्, सह-सचिव मि. सुन्दर हक्सर र भारतीय राजदूत सर सी. पी. एन. सिंह नियुक्त भएका थिए ।

भारतले पेश गरेको मसौदा सन्धिको पहिलो भाग (शान्ति र मैत्री) मा परेका दफा २, ५, ६ र ७ मा चित नबुझी, नेपाली प्रतिनिधि-मण्डलले सन्धिमा, जायज हेरफेर हुनपर्दछ भन्ने राय व्यक्त गर्नाको साथै संशोशन पेश गऱ्यो[1] ।

नेपाली प्रतिनिधिहरूको उपर्युक्त दफा दफामा उचित संशोधन हुनु पर्दछ भन्ने सुझावमा अरू भारतीय प्रतिनिधिहरूको केही चित्त नबुझेको भए पनि, नेपालको आन्तरिक कमजोरीसँग राम्रो परिचित र नवनाडी राम्रो छामी सकेका, नेपालको राणा सरकार देखि मिच्छिएका र भारतका प्रधानमन्त्रीको पूरा दया र विश्वासपात्र बनेका राजदूत सर चन्द्रेश्वरले नेपाली प्रतिनिधि-मण्डलको संशोधन हुनुपर्दछ भन्ने जिकीरको घोर विरोध गर्नको साथै मसौदा सन्धिमा रत्तिभर पनि थपघट गर्न पर्दैन र गर्ने आवश्यकता पनि छैन, भने । त्यसबखत सर चन्द्रेश्वरप्रसाद नारायण सिंह जे भन्दथे त्यही हुन्थ्यो, भारतको परराष्ट्र मन्त्रालयलाई उनी उस्तो गन्दैनथे- उनको भनाइ भारतीय प्रधान मन्त्रीले सुन्ने र खाने हुँदा । भरखर स्वतन्त्र भएको भारतको परराष्ट्र मन्त्रालय राम्ररी जमिसकेको पनि थिएन र सरदार पानीकर र सर सी. पी. एन सिंह जस्ताले हल्लाएर त्यो हल्लन्थ्यो ।

---

१. सन् १९५० को सन्धि-परिशिष्ट १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली प्रतिनिधि मण्डलका नेता मे. ज. विजयले प्रस्तावित मसौदा सन्धिका उपर्युक्त धारामा संशोधन हुनैपर्दछ र भारतीय राजदूतले कुनै संशोधनको जरुरत छैन भन्ने विवाद उठाएको कारण, भारतीय प्रतिनिधि मण्डलका नेता सर गिर्जा शंकर बाजपेयी धर्मसंकटमा परे। २००६ सालको मसौदा सन्धिले १८७३ र १९८० को सन्धिलाई पूरै खारिज गरेको छ, प्रस्तावित सन्धिका दफा २, ५, ६ र ७ मा परेका कुरा एकतर्फी नभै दुवै सरकारलाई उत्तिकै मान्य हुनपर्ने भनिएको छ; दुवै देशलाई सरोकार परेका कुरामा आपसी छलफल गरी निर्णय लिने कुरा सन्धिमा प्रष्ट छ; र दुवै देशलाई उत्तिकै मान्य हुनपर्ने शर्त मसौदा सन्धिका दफा दफामा परेकोले, प्रस्तावित "शान्ति तथा मैत्री" सन्धि एकतर्फी नभै समानताको आधारमा बनेको छ भन्ने भारतीय अधिकारीहरूको भनाइ दोहरियो। प्रस्तावित सन्धि समानता, दुवै देशलाई उत्तिकै लागू हुने र दुवैको मञ्जूरीबाट मात्र काम हुने आधारमा तयार भएको छ भन्ने भारतीय पक्षको खास भनाइ थियो। त्यसैमा उनीहरू टिकी रहे।

तैपनि नेपाली प्रतिनिधिहरूको चित्त नबुझ्दा, प्रस्तावित मसौदा सन्धिमा नेपाली प्रतिनिधिहरूकोतर्फबाट प्रस्तुत संशोधनको पूर्ण ख्याल राखी र भारत सरकारको पनि चित्त बुझ्ने कुरा र विचार समावेश गरी सन्धि हस्ताक्षर भएकै दिन, दुई देशका प्रतिनिधिहरूको बीच एक छुट्टै चिट्ठी आदान-प्रदान गर्ने सुझाव भारतीय प्रतिनिधि-मण्डलले गऱ्यो। दुई सरकारसम्बन्धी काम कुरामा आपसमा छलफल गरेर मात्र निर्णय लिने, नेपालले तेस्रो राष्ट्रबाट आफ्नो सुरक्षालाई आवश्यक हात-हतियार पैठारी गर्न पाउने, नेपालीहरू अनियन्त्रित ढंगले भारतभित्र जान र काम गर्न पाए पनि, भारतीयहरू त्यस किसिमले नेपालभित्र पस्न नपाउने; नेपालले संयुक्त राष्ट्र संघ, उसका विशेष संस्था र भारतभन्दा बढी सहुलियत प्रदान गर्ने अरू राष्ट्रबाट आर्थिक सहायता लिन कुनै रोकटोक नहुने कुरा चिट्ठीमा पार्ने विचार भारतीय प्रतिनिधिहरूले व्यक्त गरे– नेपाली प्रतिनिधि-मण्डलको नबुझेको चित्त बुझाउनलाई।

तैपनि, नेपाली प्रतिनिधि-मण्डलले सन्धिका मूल दफा नपरेका केही अवान्छित कुरा चिट्ठीमा पारिन हुन्न भन्दा, प्रस्तावित चिट्ठी नेपाल र भारत दुवैको स्वार्थको पूरा ख्याल राखेर तयार भएको छ, त्यसमा पनि नेपाली प्रतिनिधिहरूको चित्त नबुझेको हो भने अब सन्धिवार्ता चालू राख्न बेकार हुन्छ; दुई प्रधानमन्त्रीको बीच छलफल हुँदा मिलेका कुरा पनि तयार भएको नेपाल-भारत सन्धि अब भएन भने, परिणाम गम्भीर हुनेछ; त्यसको जवाफ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देही नेपाल सरकारले व्यहोर्ला भन्ने धम्कीपूर्ण कुरा भारतका प्रतिनिधिले सुनाए। ठूला र साना राष्ट्रका प्रतिनिधिहरूको कुरा मिलेन भने प्रायः ठूलोले सानोलाई दबाउन खोज्ने चलन नयाँ हैन। त्यसमाथि पनि, सानो राष्ट्रको आत्मबल कमजोर छ भने त्यो प्रायः लत्रन्छ। त्यसबखत नेपालकोआत्मबल कम थियो– नेपाल पूरै भारतको भरोसामा बाँचेको र राणा सरकार एकतन्त्री हुँदा। भारत नेपालसंग विभिण्डिएको खण्डमा नेपालको त्यसबेला टेक्ने डालो र समाउने भरपर्दो हाँगो अर्को थिएन।

मसौदा सन्धिको दोस्रो भाग "व्यापार" को दफा ५ (नेपालले भारतको बाटो गरी विदेशतर्फ निकासी र पैठारी गर्ने मालमा भारतले जत्ति नै भन्सार महसूल नेपालले पनि लगाउनै पर्दछ र भारतमा निकासी गर्ने नेपाली मालमा भारतको अन्तः शुल्क जत्ति नै भन्सार कर नेपालले लगाउन पर्दछ; नेपाली माल कुनै हालतमा पनि भारतको बजारमा भारतीय माल भन्दा सस्तो हुन हुँदैन भन्ने) नयाँ मात्र थिएन, नेपालको आर्थिक दृष्टिबाट त्यो भस्मासुर पनि थियो।

यो दफा यस्तै रहने हो भने भारतभन्दा बढी अविकसित, समुद्रबाट सातसय किलोमिटर भित्र रहेको, भूपरिवेष्ठित नेपालको आर्थिक स्थिति झन गिर्दछ; भारतमा अंग्रेजहरूले राज्य गर्दा पनि नलागेको यस्तो आर्थिक अंकुश स्वतन्त्र भारतले नेपाललाई लगाउन भएन, प्रस्तावित दफा ५ खारिज होस् भनी नेपाली प्रतिनिधिले जतिसुकै आग्रह गरे पनि केही सीप लागेन। भूपरिवेष्ठित देशको माल आयात-निर्यात हुँदा विश्वभर प्रचलित कन्सुलर सर्टिफिकेट-द्वारा गर्ने चलन नेपाल-भारत बीच पनि चल्न, चलाउन पर्छ भन्ने नेपाली प्रतिनिधिको सुझावमा पनि भारतका राजदूतले घोर विरोध गरे– सो गर्दा (कन्सुलर इनभ्याई व्यवस्था चलाउँदा) नेपालको हात माथि पर्दछ भनी। "शान्ति र मैत्री" सम्बन्धी सन्धिका विभिन्न दफामा परेका कुराका दुई प्रधानमन्त्रीहरूको सहमति भए तापनि "व्यापार" सम्बन्धी कुरा त्यो २००७ साल फाल्गुन ८ गतेको शिखर वार्तामा उठेको थिएन। यसका निर्माता थिए भारत सरकारका उच्च कर्मचारीहरू।

दफा ५ मा त रतिभर पनि थपघट नहुने कुरामा भारतीय प्रतिनिधिहरूले अड्डी लिए– लिंदासम्म। उक्त दफा ५ मन्जूरी नहुने हो भने प्रस्तावित सन्धिमा पक्कै हस्ताक्षर हुन सक्तैन; नेपाल-भारत बीच अब पनि सन्धि भएन भने नेपाललाई आपद-विपद आउँदछ भन्ने धम्की भारतीय प्रतिनिधि-मण्डलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्र्याए। भारतले भने जस्तै किसिमको सन्धि हुन पर्ने, उसको कुरा काटेमा अथवा नखाएमा सन्धि नहुने– नमारूँ भने दिनभरीको शिकार मारूँ भने बाबुको अनुहार– जस्तो धर्म संकटमा नेपाली प्रतिनिधि-मण्डल २००६ साल चैत्रमा पऱ्यो। मसौदा सन्धिको पहिलो भाग (मैत्री तथा शान्ति) मा नेपाली प्रतिनिधि-मण्डललाई चित्त नबुझेको केही कुराको चिट्ठीबाट प्रष्ट गरे पनि, दोस्रो भाग (व्यापार) त जस्ताको तस्तै रहने भयो, जुनकुरा नेपालको निमित्त भस्मासूर थियो।

त्यस्तो अप्ठ्यारो र अहितकर मसौदा सन्धि र चिट्ठी बोकेर नेपाली प्रतिनिधि-मण्डल खिन्न दिलले २००६ साल चैत्रको आखिरतिर हवाईजहाज-बाट नेपाल फर्क्यो। दिल्ली वार्ताको गतिविधि रोजिन्दै जस्तो श्री ३ का जुनाफमा आ. वा. द्वारा दिल्लीबाटै जाहेर भएको हुँदा, मसौदा सन्धि र चिट्ठीमा परेका सबै कुरासंग उनी पूर्ण परिचित थिए। मुख्तियार लगायत चार कमाण्डिङ जर्नेलको बैठकमा प्रस्तावित सन्धि, चिट्ठी र तिनमा निहित अवरोध र अडचनको छलफल हुँदा, समानताको आधारमा तयार भएको नेपाल-भारतको नयाँ सन्धिमा र चिट्ठीमा नेपाल सरकारले हस्ताक्षर गर्ने निर्णय भयो[1]– दुई सरकार सम्बन्धी काम कुरा पर्दा एकतर्फबाट कुनै काम कुरा नहुने सन्धिको मुख्य ध्येय र आधार मानेर। (वास्तवमा अब दुई सरकार सम्बन्धी सबै काम कुरा पर्दा दुवै देशको बीच छलफल भई, दुवैको चित्त बुझेपछि मात्र सबै काम कुराको तय हुन्छन् भन्ने त्यसबखत सबको धारणा थियो[2])। त्यसैबेला सन्धिको आर्थिक भन्दा राजनीतिक पक्षले राणा सरकारको बढी ध्यान आकर्षण गऱ्यो। वास्तवमा देशको आर्थिक अवस्था सप्रेपछि राजनीतिक अवस्था आफै आफ सप्रन्छ भन्ने चेतना त्यसबखत पनि नेपालीमा उदाएको थिएन।

सन्धिमा हस्ताक्षर गर्ने समारोह २००७ साल श्रावण १८ गते ग्यालरी

---

१. चिट्ठी परिशिष्ट-२

२. यही धारणामा टेकेर नै नेपालका भूतपूर्व प्रधानमन्त्री श्री बी. पी. कोइ-रालाले भारतका प्रधानमन्त्रीले सन् १९५९ को नोभेम्बरमा लोक सभामा दिएको "नेपाल र भुटान उपरको आक्रमणलाई भारत उपरकै आक्रमण मानिने छ" भन्ने वक्तव्यको विरोध मात्र गरेनन्, उनको भना-इमा (विरोधमा) भारतका प्रधानमन्त्रीले सहमति पनि पछि जनाउन कर लाग्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हलमा भव्य तवरले सम्पन्न भयो। नेपालको तर्फबाट श्री ३ महाराज मोहन शम्शेर र भारत सरकारकोतर्फबाट राजदूत सर सी. पी. एन. सिंहले सन्धिमा हस्ताक्षर गरे– १९८० सालमा नेपाल र वृटिश इण्डियाको बीच भएको जस्तै ढाँचा र भडकले[३]। नेपाल सरकारकोतर्फबाट सो सन्धि वार्तामा भाग लिने मे. ज. विजय चौसल्ला र अरू सदस्यहरू दोसल्ला ओढाइए– २००७ सालमा सम्पन्न भएको नेपाल-भारत सन्धि १९८० सालकोभन्दा बढी प्रगतिशील छ भन्ने तत्कालीन नेपाल सरकारको धारणा हुँदा।

–०–

---

३. १९८० सालको नेपाल भारत बीचको सन्धिमा श्री ३ चन्द्र शम्शेर र काठमाडौं स्थित वृटिश राजदूतले सही गरी, ३१ तोपको सलामी दिइएको र जुवा फुकाइएको थियो। २००७ सालमा त्यो भडक त भएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

चिठ्ठी र सन्धिमा २००७ सालको श्रावण १८ गते हस्ताक्षर गराउनामा त्यसबखत भारत सरकार त्यसरी कसिनाका खास कारण हुन्:–

(१) नेपालले आफ्नो दैनिक जीवन चलाउनलाई आवश्यक उपभोग्य मालसामानहरूभन्दा बढी माल तेस्रो मुलुकबाट पैठारी गरी, ती सामान तस्करीहरूद्वारा भारतमा निकासी गरी–गराई, भारतको बजार बिथोल्ला; कम पर्तामा नेपालभित्रै तयार भएका नेपाली सामान कुनै भन्सार कर नलागी भारत निकासी भएमा, भारतीय व्यापारीले प्रतिस्पर्धा गर्न नसक्लान् र भारतको व्यापारमा धक्का लाग्ला भन्ने भारतीय अधिकारीको त्यसबेलाको नाजायज र निराधार उपशंका।

२००७ सालमा नेपालले जथाभावी र अनगिन्ति सामान तेस्रो राष्ट्रबाट पैठारी गर्ने गुन्जायस कहाँ थियो? त्यसबखत, नेपालले निकासी गरी आर्जेको थोर-बहुत परिवर्तित मुद्रा, सबै भारतको रिजर्भ बैंकमा नै जम्मा हुन्थ्यो। उसले खटाएर दिएको परिवर्तित मुद्राले, नेपालले आफ्नो गुजारा गर्न पर्ने हुँदा, नेपालले तेस्रो राष्ट्रबाट अटाई नअटाई रंगीचंगी सामान नेपालमा पैठारी गरी तिनलाई भारतमा धकेल्ने त्यसबेला कुनै सम्भवै थिएन। त्यस्तै अनाधार र असम्भव थियो मुठीभर नेपालीले तयार गरेको थोर–बहुत सामानले भारत गई, त्यहाँको बजार बिथोल्ला भन्ने शंका।

(२) राणा सरकारलाई, नेपालमा राजा-प्रजा दुवैले रूचाउँदैनन्, यसले बाहिर जत्ति फुइँ देखाए पनि, भित्र यो धोधिसकेको छ; त्यसैले भारत सरकारले नेपाललाई पेलेको पेल्यै हुन्छ भन्ने ज्ञान-गुनले नेपालस्थित भारतीय राजदूतले परराष्ट्र मन्त्रालयको कान त्यसबखत भरेको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) भारतसंग खुला सीमाना भएको नेपालको आयात–निर्यात व्यापारलाई बेलैमा थान्को नलगाएको खण्डमा, समयान्तरमा त्यसलाई तरलगाउन गाह्रो पर्ने जस्तो भारतका दूरदर्शी आर्थिक महा-पण्डितहरूले देखी, त्यो महाजाल (व्यापार सन्धिको दफा ५) रचेका ।

त्यस्तो अवाञ्छनीय नेपाल–भारत सन्धि र चिट्ठीलाई त्यसबखत श्री ३ मोहनले लत्याउनुको सट्टामा उल्टो त्यसले लादिन तयार हुनका मुख्य कारण हुन्:–

(१) २००६ साल फागुन ८ गते श्री ३ मोहन र पण्डित जवाहर-लाल नेहरूको बीच भएको त्यो महत्वपूर्ण भेटमा नेपाल-भारत सन्धि चाँडो गर्ने वचन श्री ३ मोहनले भारतका प्रधानमन्त्री-लाई दिएका ।

(२) मसौदा सन्धिमा भारतले "शान्ति तथा मैत्री" र "व्यापार" सन्धिहरू एकै ठाउँमा गाँसेका हुँदा, उही सन्धिको एक भाग सकार्न र अर्को भाग तिरस्कार गर्न नेपाललाई मिलेन; व्यापार सन्धिको दफा ५ नेपालले नमानेमा भारत पूरै सन्धि गर्न तयार भएन; सन्धि गर्न श्री ३ मोहन वचनबद्ध मात्र थिएनन्, नगरेमा, नेपाललाई यस्तो र उस्तो संकट आइलाग्दछ भन्ने भारतीय राजदूतको धम्की र घुर्की सुनेका थिए । बाहिर–– जत्तिसुकै अड्डि लिई, फुंइँ गरे पनि, भित्र त्यसबखत, राणा सरकार भारतसँग थर्कन पर्ने अवस्था थियो– देशभित्र एकतन्त्री जहा-निया शासन चलेको, त्यसलाई जनसहयोग नभएको, आर्थिक मामलामा नेपाल पूरापूर भारतको निर्भर परेको र एकथरी नेपालीहरूले भारतमा बसेर राणा सरकारको विरोध गर्न थालेकाले ।

(३) २००६ सालतिर नेपाली कांग्रेसको आवाज भारतमा निकै बढेको मात्र हैन, त्यसको गुन्जन दिल्लीमा पनि सुनिन थालेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो, श्री दिल्लीरमण रेग्मीले भारतले राणा सरकारपट्टि कुनै ममता देखाएमा नेपाली राष्ट्रवादीतत्व चीनतिर लाग्नेछ[1] भन्ने र श्री विश्वेश्वरप्रसाद कोइरालाले नेपाल-भारतको रक्षा र परराष्ट्र नीति समान हुनुपर्दछ भन्ने वक्तव्य दिए[2]। त्यसबाट भारतले फाइदा उठाउला कि भनी भित्र भित्र राणा सरकार सतर्क थियो; थप, श्री ५ महाराजधिराज पनि भित्र भित्र राणा सरकार खिलाफ भइबक्सेका र सरकारमा कुनै जनप्रतिनिधि नभएको वेला, राणा सरकारलाई सदा झैं भारतको सहयोग खोज्नु र उसले प्रस्ताव गरेको सन्धि सकार्नु सिवाय अर्को विकल्प थिएन । प्रस्तुत सन्धि र चिट्ठीमा उल्लेखित भन्दा पनि कडा सर्तहरू भारतले नेपालमाथि लाद्छ कि भन्ने त्यसबेला राणा सरकारलाई शंका र डर थियो ।

(४) जड कुरा, त्यसबेला नेपाल आर्थिक दृष्टिबाट पूरापूरै भारतमा आश्रित थियो; खाद्यान्नबाहेक अरू पूरै उपभोग्य वस्तुमा नेपाल पूरै भारतको भर पर्न र तेस्रो राष्ट्रबाट सरसामान पैठारी गर्नलाई आवश्यक परिवर्तित मुद्रा भारतसँगै माग्न पर्दथ्यो । धेरैजसो दिग्गज राणाजीहरूका सबैजसो पैसा भारतका बैंकमा सुरक्षित राखिएका अथवा कम्पनीमा लगाइएका थिए । त्यही कारणवश नेपालको राणा सरकारले भारतमा प्रस्तुत गरेको मसौदा सन्धि र चिठ्ठी लत्याउने त्यसवखत कुनै गुन्जायस थिएन ।

(५) प्रस्तुत सन्धि र चिठ्ठीको दफा दफामा परेका धेरैजसो खडकिला कुराहरू दुवै सरकारको पारस्परिक सम्झौताबाट मात्र लागू हुने हुँदा, समानताको आधारमा सन्धि बनेको छ भन्ने कुराले पनि राणा सरकारलाई अलमल्यायो (नेपाललाई चित्त नबुझेका विदेशीलाई भारतले भर्ना गर्न नपाइने भन्ने कुरा जस्ता) ।

(६) २००६ सालको मध्यतिर जनवादी गणतन्त्र चीनले तिब्बतमा

---

१. अमृत बजार पत्रिका, सन् १९४९ डिसेम्बर, २१

२. दि स्टेट्समेन, सन् १९४९ नोभेम्बर, १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना पुरानो आधिपत्य जमाउन थालेपछि नेपालका सीमित मित्रराष्ट्रहरूले राणा सरकारलाई नाहक साम्यवादी चीनसंग सावधान गराए भने, त्यसरी साम्यवादसंग दच्केको नेपाललाई मित्रराष्ट्र भारतले झन् तर्सायो। त्यसैले उत्तरको साम्यवादी छिमेकीको संभाव्य खतराबाट बच्नलाई दक्षिणको संसदीय प्रजातन्त्रवादी छिमेकीसंग, समानताको आधारमा सन्धि गरी, आफ्नो परिवार र नेपालको स्वार्थ सुरक्षित राख्नु उचित नै हो कि भन्ने कुरा, श्री ३ मोहन र दिग्गज रोलवाला राणाजी-हरूलाई जँच्यो।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

नेपाल-भारत बीच सन्धि हुँदा, अघि नेपालका सरकारहरूले भारी अवजस पाएका अनेक दृष्टान्त नेपालको इतिहासमा अनेक पाइन्छन्। नेपाल र कम्पनी सरकार बीच सन्धि गऱ्यो भन्ने वात लागी १८४९ सालमा राज-सहायक बहादुर शाह नजरबन्द (हाल परोपकार भएको ठाउँमा) मरे। त्यस्तै आरोप लागी नेपालका पहिला प्रधानमन्त्री काजी दामोदर पाँडे १८६१ सालमा काटिए (भद्रकाली अगाडि)। भित्री सञ्चो काठमाडौंस्थित कम्पनी सरकारका रेसिडेण्ट मि. हड्सनसँग वाणिज्य सन्धि गर्ने कुरा चलायो भन्ने फरेप १८९४ सालमा मुख्तियार भीमसेन थापालाई लाग्यो। त्यतिका देशभक्तहरूलाई अफाप सावित भएको नेपाल-भारत सन्धि श्री ३ मोहनलाई कतावाट फलिफाप हुन्थ्यो ? (अघिअघि झैं पछिपछि पनि नेपाल-भारत सन्धि नवीकरण गर्ने कुरा चल्दा उठेका खटपट सर्वविदित छन्)।

२००७ सालमा सम्पन्न भएको त्यो नेपाल-भारत सन्धि र खास गरेर वाणिज्य सम्बन्धको दफा ५ ले त्यसवखत नानाथरीका नेपाली जनतामा नानाथरीका भावनाहरू उब्जायो। चिठ्ठी आदान प्रदान भएको सूइँको त बाहिर कसैलाई पनि दिइएन।

नेपाल सदा प्राथमिक कोटा जिनिस मात्र उब्जाउने देश होस्, नेपाली सदा भारतमुखी बनुन्; नेपालले भारत वाहेक अरू राष्ट्रसँग खास वाणिज्य सम्बन्ध नजोडोस्; नेपाल-भारत बीच १८७३ सालदेखि जमी आएको विशेष सम्बन्ध सदा यथावत् रहोस्; नेपालले सदा सर्वदा आफ्नो दैनिक जीवन निर्वाह गर्ने भन्दा बढी सरसामान तेस्रो राष्ट्रबाट पैठारी र भारतीय व्यापारीसँग प्रतिस्पर्धा हुने खालका सामान नेपालभित्र तयार गरी भारतमा निकासी नगरोस्; नेपालले निकासी गरी कमाएको परिवर्तित मुद्राले आफूलाई चाहिने भन्दा बढी तयारी सरसामान तेस्रो राष्ट्रबाट पैठारी गरी, ती सामान भारत अथवा अर्को छिमेकी राष्ट्रमा निकासी नगरोस् र भारतको बजारमा प्रतिस्पर्धा हुने किसिमले नेपालमा माल कहिले पनि तयारी नहुन् भन्ने भारत सरकारको मुराद रहेछ कि भन्ने शंका व्यापार "सन्धिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दफा पाँचले एक थरी नेपालीमा उब्जेको थियो भने;

अर्काथरी नेपालीहरूको, सँधै कुँजिएर नबस्ने, चाँडै विकसित हुने, वरपरका सबै राष्ट्रसँग हेलमेल गर्ने; दु.ख-सुख गरी आफूले आर्जेको परिवर्तित मुद्राले समुद्रपारबाट, आफूलाई मनपरेका कोरा, प्रशोधित र तयारी सामान सुपथ मोलमा पैठारी र उपभोग गरी बाँकी बचेका अथवा आफैले तयार गरेका सामान भारत अथवा तेस्रो राष्ट्रमा निकासी गर्ने, भूपरिवेष्ठित भएको कारणले अनियन्त्रित पारवहन सुविधा भारतबाट सदा पाउने र भारत लगायत सबै मित्रराष्ट्रसंग समान स्तरमा आर्थिक सम्बन्ध कायम गर्ने बढ्दो भावनाको त्यसले हलाल गऱ्यो। सचेत र यथार्थवादी नेपालीहरू त्यसबखत चाहन्थे भारतसँग समानताको आधारमा मैत्रीपूर्ण सम्बन्ध र राम्रो व्यवहार कायम राख्न र राष्ट्रिय हित अघि बढाउन भारतको हितलाई पुरा ख्यालमा राखी नेपाल र भारतको राष्ट्रिय स्वार्थ त्यसरी एकाएक बाझिन जाँदा, नेपालीहरू अनियन्त्रित निकासी पैठारी व्यापार एक स्वतन्त्र राष्ट्रको जन्मसिद्ध अधिकार हो भन्ने सम्झन्थे भने, भारतको तर्क थियो खुल्ला सीमाना भएका दुई राष्ट्रमा यो हक सदा असीमित र अनियन्त्रित रहन सक्तैन भन्ने। हरेक साल नेपालको निकासी पैठारीको माग जायज बेजायज के ठहरिन्छ त्यसको निधो गरेर मात्र पारवहन सुविधाको मात्रा थपघट गर्ने भारतको विचार र खास गरेर नेपाल-भारत बीचको खुल्ला सीमाना र नेपालको अनियन्त्रित निकासी पैठारी व्यापार साथै जान सक्तैनन् भन्ने भारत सरकारको लिढेढिपी त्यसबखत पनि नेपालीहरूलाई कत्ति जँचेको थिएन।

यस्तो नकरात्मक भारतीय विचारमा आमपरिवर्तन अथवा नेपालीको चित्त बुझ्ने गरी संशोधन नहुँदासम्म नेपाल भारत बीचको सन्धि नेपालीलाई मुटुको किलो जस्तो र अफापको अफापै सावित भइरहने निष्कर्षमा त्यसबेला पनि नेपालका दुई-चारजना जानिफकारहरू पुगेका थिए र नयाँ नेपाल-भारत सन्धिको अर्घेलो देखाएर बाहिर बाई बाई कुरा काटिएको सुनिन्थ्यो। यस नयाँ सन्धिका सबभन्दा कुट आलोचक थिए श्री तोयराज जोशी।

यो सन्धिसँग संलग्न चिठ्टीमा पारेका कुरा त शुरुशुरुमा नेपालमा गोप्य नै रहे र पछि गएर त्यसका धेरै दफाहरू पत्रु पल्टाउने जायज कर-कोशिश भए– एक अभिमानी स्वतन्त्र राष्ट्रको लागि ती कुरा अशोभनीय जँचिंदा। २००७ सालमा सम्पन्न नेपाल-भारत सन्धि र त्यसको साथै आदान-प्रदान भएको अवान्छनीय चिठ्टी, अझ पनि वहलाग्दो र विवादग्रस्त छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले यसमा आमपरिवर्तन अनिवार्य सम्झिइन्छ । त्यति नहुँदासम्म भारतका सच्चा नेपाली मित्रहरूको चित्त बुझ्दैन भन्ने कटु सत्य मित्रराष्ट्र भारतले यथाशक्य चाँडो बुझी दिनुमा नै दुवै राष्ट्रको अखण्ड कल्याण निहित छ भन्न करै लाग्दछ ।

ठूलो राष्ट्रले आफूभन्दा सानो र कम विकसित छिमेकी राष्ट्रको स्वार्थको बढी ख्याल राखी दिनाले नै त्यसको महानता झन बढ्दछ र त्यस प्रति राष्ट्रको श्रद्धा स्वतः उर्लन्छ भन्ने कुरा निर्विवाद छ । भारतको स्वार्थमा रतिभर पनि धक्का नलागीकन समस्त नेपालीको मनमा २००७ सालको वाणिज्य सन्धि र सोसाथै आदान-प्रदान भएको चिठ्टीले बराबर कोरी उकुज समान पल्टेको घाउलाई एकमात्र मलम पट्टी बन्ने छ २००७ सालको सन्धिमा संशोधन चिठ्टीको बदर र नेपाललाई शान्ति-क्षेत्र घोषणा गर्ने श्री ५ वीरेन्द्रको जायज प्रस्तावको भारत सरकारबाट मैत्रीपूर्ण स्वीकृति ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– १

सन् १९५० को संधिका मूल बूँदाहरू

१९५० जुलाई ३१ तारिखको दिन, काठमाडौंमा प्रधानमन्त्री श्री ३ महाराज मोहन शम्शेर र राजदूत श्री चन्द्रेश्वरप्रसाद नारायण सिंहले दुइ सरकारका तर्फबाट हस्ताक्षर गरी लागु भएको नेपाल भारत शान्ति र मैत्री सन्धिका मुल बूँदाहरू यस प्रकार छन्:–

१. नेपाल सरकार र भारत सरकारका बीच अटल शान्ति र मित्रता रहने छ। दुवै सरकारले परस्परमा एकले अर्काको पूर्ण राज्यसत्ता क्षेत्रको अक्षुण्णता र पूर्ण स्वाधीनता स्वीकार आदर गर्न मञ्जुर गर्दछ ।

२. कुनै राष्ट्रसंग ठूलो खलबल वा फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्रीको संबन्धमा खलल पर्न जाने संभावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको खबर दिने जिम्मेवारी कबुल गर्दछ ।

३. कर्मचारीवर्गसहित प्रतिनिधिहरूद्वारा परस्परमा प्रचलित अन्तर्राष्ट्रिय संबन्ध राजदूत स्तरीय राख्न मञ्जुर गर्दछ।

४. दुवै सरकारले परम्परमा, कन्सुलेट जनरलहरू, न्सुलेटहरू, भाइ कन्सुलेटहरू, अरू प्रकारका कन्सुलर प्रतिनिधिहरूको नियुक्ति मञ्जुर भएका शहर, वन्दरगाहा र अरू स्थानमा निवास गर्ने छन् ।

५. नेपाल सरकारलाई भारत सरकारको राज्यक्षेत्रबाट अथवा सो राज्यक्षेत्रको बाटोगरी नेपालको सुरक्षाको निमित्त चाहिने हातहतियार, कल पुर्जा, गोलीगठ्ठा, खरखजाना माल सामनको पैठारी । गर्ने अधिकार छ। दुइ सरकारले परस्परमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लाह गरी यो बन्दोबस्तलाई गराउने कारवाहीको तय गर्नेछन् ।

६. भारत र नेपालको छिमेकी मैत्री भावको प्रतीकस्वरूप दुवै सरकारले आफ्नो राज्यक्षेत्रमा रहेका आदर्श सरकार र रैतीलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास र त्यस्तो विकाससंबन्धी रियायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिन कबूल गर्दछ।

७. नेपाल सरकार र भारत सरकारले आपना राज्यक्षेत्रमा रहेका अर्को मुलुकमा रैतीलाई, निवास, संपत्तिको भोग, व्यापार वाणिज्यमा भाग लिन चलफिर गर्न र अरू यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिनलाई कबूल गर्दछन्।

८. जहाँतक यहाँ जिकर गरिएका कुराहरूको संपर्क छ ती सबैमा यो सन्धिपत्रले भारतको तर्फबाट बृटिस सरकार नेपालका बीचमा भएका अघिका सबै सन्धिपत्र, स्वीकारपत्र र कबूलियतनामाहरू खारिज गर्दछ।

९. हस्ताक्षर गरेको मितिदेखि यो सन्धि लागू गरिनेछ ।

१०. यो सन्धि कुनै एक मुलुकले १ वर्षको भाखा दिई सो सन्धिपत्रको अन्त्य गर्न नखोजेसम्म जारी रहने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– २

सन् १९५० को जुलाई ३१ तारीखमा सम्पन्न सन्धिको साथ आदान–प्रदान भएको चिट्ठीको वेहोराः–

महामहिम,

नेपाल-भारत वीच सौहार्द्रपूर्ण सम्पन्न भएको "शान्ति" तथा "मैत्री" "बन्द व्यापार" सन्धिमा हामीहरूको वीच छलफल हुंदा, केही देहायका कुराहरू पत्रद्वारा व्यवस्थित गर्ने कुरामा हामी सहमत भयौं यही समझदारीवमोजिम हाम्रो दुई सरकारवीच निम्नअनुसार गर्ने कुरा तय भयोः–

१. विदेशी आक्रमणकारीबाट एकको सुरक्षाप्रति भएको धम्की अर्कोलाई असह्य हुनेछ; त्यस्तो धम्कीको सामना गर्न परेमा दुवै सरकारले आपसमा सरसल्लाह गर्ने छन् र प्रतिरोधका लागि प्रभावकारी कदमहरू चाल्नेछन् ।

२. नेपालको सुरक्षालाई आवश्यक कुनै पनि हात-हतियार खर-खजाना अथवा जंघका सरसामान भारतको सहायता र मन्जूरीले भारतको बाटो गरी, नेपाल सरकारले पैठारी गर्नेछ। यस्ता हात-हतियारहरू भारतको बाटो गरी नेपालमा पैठारी हुँदा, भारत सरकारले भरसक छिटो र छरितोसंग सो ओसार्ने प्रबन्ध मिलाई दिने छ।

३. "मैत्री" तथा "शान्ति" सन्धिको दफा ६ अन्तर्गत राष्ट्रिय व्यवहार (न्याशनल ट्रिटमेण्ट : एक राष्ट्रले आफ्ना प्रजालाई जस्तो सहुलियत दिन्छ अर्को मित्रराष्ट्रका प्रजालाई पनि आफ्नो देशभित्र उस्तै सहुलियत प्रदान गर्ने) दिने संबन्धमा नेपालमा नेपाली रैतीहरूलाई अनियन्त्रित प्रतिस्पर्धाबाट संरक्षण केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयका लागि आवश्यक हुनसक्छ भन्ने कुरा भारत सरकार मान्यता दिन्छ । यस संरक्षणका प्रकृति र हद दुइ सरकारहरू बीच पारस्परिक संझौताबाट निर्धारित गरिने छ ।

४. प्राकृतिक सम्पदाको विकास अथवा कुनै औद्योगिक परियोजनाहरूको स्थापना गर्न, नेपाल सरकारले वैदेशिक सहायता लिने निर्णय गरेमा, नेपाल सरकारले अरू विदेशी सरकार वा अरू विदेशी नागरिकले दिने सहुलियतभन्दा कम नभएमा भारत सरकार अथवा भारतीय नागरिकमध्ये जसलाई होस्, त्यसलाई ग्राह्यता दिनेछ; तर नेपाल सरकारले संयुक्त राष्ट्रसंघ र उसका अरू विशेष अंगबाट सहायता माग्ने कुरामा उपर्युक्त शर्त लागू हुने छैन ।

५. एकले अर्को राष्ट्रको सुरक्षालाई घातक हुने खालका कृयाकलापमा लागेका कुनै पनि विदेशीलाई सरकारमा भर्ना नगर्ने कुरामा दुवै सरकार सहमत हुन्छन् । कुनै एक सरकारले आवश्यक परेको बेलामा अर्को पक्षसमक्ष यसबारे कुरा राख्नेछन् ।

महामहिम, मेरो परं सुभेच्छाको आश्वासन स्वीकार गर्नुहोस् ।

... ... मोहन शम्शेर ज. ब. रा.

भारतका राजदूत महाराजा, प्रधानमन्त्री र नेपालका

सर चन्द्रेश्वरप्रसाद नारायण सिंह सर्वोत्तम प्रधान-सेनापति ।

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३
नेपाली काँग्रेस जन्म्यो

(१)

नेपालभित्र राजनीतिक उथल–पुथल हुँदा, र सरकारको जोर जुलुमी बढ्दा अघिअघि पनि नेपाली राजनीतिज्ञहरू भारतमा पसी, खास गरेर सिमला बेतीया र बनारसमा बसी, विभिन्न समयमा– भक्तपुरका पदच्यूत राजा रणजीतका छोराहरूले बनारसमा श्री ५ पृथ्वीनारायण शाहको, स्वामी महाराजले काजी दामोदर पांडेको; काजी रणवम पांडेले मुख्तियार भीमसेन थापाको; माथवर सिंह थापाले मुख्तियार रणजंग पांडेको; काजी जगतजंग काजी शम्शेरजंग पांडे, चौतरिया गुरुप्रसाद र पुष्कर शाह, भू. पू. मुख्तियार रंगनाथ, काजी त्रिविक्रम, कर्णेल रणउज्वल सिंह थापाहरू र श्री ५ महाराजाधिराज राजेन्द्रले प्रधानमन्त्री जंगबहादुर राणा कुँवरको र श्री कृष्ण-प्रसाद कोइराला र देवीप्रसाद सापकोटाहरूले श्री ३ चन्द्र शम्शेर ज. ब. रा.को विरोध गरेथे भने, श्री ३ जुद्धको पालामा नेपालभित्रै राणा विरोधी प्रजापरिषद्को गठन भएको थियो र धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली, डिल्लीरमण रेग्मी, वी. पी. कोइराला, सूर्यप्रसाद उपाध्यायहरू दोस्रो महा-युद्धमा राणा विरोधी तत्व भन्ने वात लागी भारतमा गिरफ्तार भएथे।

२००३ साल आश्विनमा श्री ३ पद्म शम्शेरको पालामा बनारसमा देवीप्रसाद सापकोटाको अध्यक्षतामा नेपाली राष्ट्रिय काँग्रेस खडा भयो। त्यसको उपाध्यक्ष बालचन्द्र शर्मा र सदस्यमा कृष्णप्रसाद भट्टराई, गोपाल-प्रसाद भट्टराईहरू भए। २००३ साल कार्तिकमा कलकत्तामा सर्वश्री श्री डी.एन्. प्रधान र डी. पी. परिहारहरू मिली अखिल भारतीय गोरखा काँग्रेस खोले। २००३ साल पौषमा ती दुवै पार्टी मिली कलकत्तामा नेपाली राष्ट्रिय काँग्रेस पार्टी गठन भयो– भारतीय राष्ट्रिय काँग्रेसको ढाँचामा।

यसका अध्यक्षमा टंकप्रसाद आचार्य (जो आजन्म कारागारको सजाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगी काठमाडौंको जेलमा सडिरहेका थिए), कार्यवाहक सभापतिमा विश्वेश्वर-प्रसाद कोइराला, महामन्त्रीमा बालचन्द्र शर्मा, प्रकाशन विभागका अध्यक्षमा डिल्लीरमण रेग्मी, संगठन मन्त्रीमा कृष्णप्रसाद भट्टराई, अरू सदस्यहरूमा-देवव्रत परिहार, डी. एन. प्रधान, गोपालप्रसाद भट्टराई, लाकपा छिरिङ र रुद्रप्रसाद गिरीहरू थिए। २००५ सालमा "नेपाल प्रजा पंचायत" आन्दोलन काठमाडौंमा जगाउन भनी वी. पी. कोइराला काठमाडौं आउँदा, वनारसमा कार्यवाहक अध्यक्षको काम सम्हालेका डिल्लीरमण रेग्मीले, विश्वेश्वर भारत फर्केपछि पनि कार्यवाहक अध्यक्ष पद छाड्न नखोज्दा दुई जानाको मनो-मालिन्य शुरू भयो।

२००५ सालमा नेपाली राष्ट्रिय काँग्रेसका सदस्यहरूमा दुई फ्याक भयो। एक फ्याकका अध्यक्ष मातृकाप्रसाद कोइराला र अर्काका डिल्लीरमण रेग्मी भए। डिल्लीरमण रेग्मी गुटतिर श्री प्रेमबहादुर कंसाकार, पुष्पलालहरू र बाँकी सबै मातृका गुटतिर लागे।

२००५ सालको श्रावण १ गते कलकत्तामा नेपाल प्रजातान्त्रिक कांग्रेस पार्टीको स्थापना भयो– यसका अध्यक्ष महेन्द्र विक्रम शाह, महामन्त्री सूर्य प्रसाद उपाध्याय, सहायक महामन्त्री प्रेमबहादुर कंसाकार र अरू सदस्यमा सर्वश्री बाबुलाल, सुन्दरराज चालिसे, राजेश्वरीप्रसाद उपाध्याय, सी. बी. सिंह, महानन्द सापकोटा, भीमभक्तमान सिंह बस्नेत, पूर्णसिंह खवास, दिल-बहादुर र लक्ष्मीदत्तसहित अनेक अदृश्य सदस्यहरू थिए।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

मातृकाप्रसाद गुटका नेपाली राष्ट्रिय कांग्रेसका सदस्यहरूमा संघर्ष गर्ने जोश र खूबी थियो भने नेपाल प्रजातन्त्र कांग्रेसमा प्रबल पैसा थियो। यस संस्थाका मुख्य तर अदृश्य प्रबन्धक र प्रवर्धक थिए मे. ज. सुवर्ण शम्शेर र मे. ज. महावीर शम्शेरहरू (यी दुवै राणाजीहरूले दोस्रो महायुद्धको शुरूमा सिन्कीको भाउमा कलकत्ताका धेरै भव्य घर र पसल किनी ठूलो फाइदा गरी पैसा कुम्ल्याएका थिए) नेपाल सरकारको आँखा लाग्ला भनी यी दुई धनवान् (१९९० सालमा नेपालबाट धपिएका) "सी" क्लास राणाजीहरू त्यतिन्जेल प्रत्यक्ष रूपले राजनीतिमा लागेका थिएनन्।

त्यसैकारणले भरखरै कलकत्तामा गठन भएका ती दुई पार्टीले एकलाई अर्कोको सहयोगको आवश्यकताको महसूस गरे पनि मिलिहाल्न सकेका थिएनन्। तर भारतमा बसेका नेपाली राजनीतिज्ञहरूलाई राणा सरकार विरुद्ध एकजुट बनाउन, भारतका प्रधानमन्त्रीका दाहिना हातजस्ता रफी अहमद किदवाई र जयप्रकाश नारायणको विचार हुँदा, मि. किदवाईले सूर्य-प्रसाद उपाध्याय र जयप्रकाशले विश्वेश्वरप्रसाद कोइरालाद्वारा यी दुई तत्व मिलाई एक बनाउने आशीर्वाद दिएका थिए।

यस्तो अवस्थामा ज. हिरण्य शम्शेर र मे. ज. महावीर शम्शेरको सर्वस्व गर्ने श्री ३ मोहन शम्शेरको २००६ साल चैत्रको भीमफेदीको खतर्नाक निर्णयले नेपाली कांग्रेस जन्मायो भने फरक खान्न। जुन डरले ती दुई माल-दार राणाले त्यतिन्जेल भित्रिसन्चो नेपाल प्रजातन्त्र कांग्रेस चलाएका थिए, अब (आफ्नो सर्वस्वहरणकोबाद) खुलमखुल्ला राजनीतिक रंगमञ्चमा उत्तन बाध्य भए। फलतः २००६ साल चैत्र २७ गते कलकत्तामा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस मिली नेपाली कांग्रेस भन्ने नयाँ पार्टी जन्म्यो। त्यसको अध्यक्ष मातृकाप्रसाद कोइराला र महामंत्रीमा श्री महेन्द्र विक्रम शाह भए। नेपाली कांग्रेसको मुख्य उद्देश्य थियो, "ए" क्लास राणा परिचालित शासनलाई नेपालबाट यथाशक्य चाँडो उखाड्ने।

नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस मिली नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कांग्रेस भएपछि २००६ साल आश्विन (सन् १९४९ सेप्टेम्बर १५) मा सर्वश्री पुष्पलाल श्रेष्ठ, निरन्जन गोविन्द, तुलसीमान अमात्यहरू मिली कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको गठन गरे– नेपाली कांग्रेस अर्काथिरी राणाजीको पञ्जामा पऱ्यो भन्ने धारणाले। त्यहीताका प्रेमबहादुर कंसाकार र पूर्णबहादुर मानव मिली दार्जिलिङ्गमा नेपाली जनवादी कांग्रेस पार्टी खोले (दुई वर्ष-भित्रमा नेपालीले भारतमा त्यतिका राजनीतिक पार्टी खोले तापनि, त्यसबेला नेपाल वाहिर मुख्य राजनीतिक दल नेपाली कांग्रेस र नेपालभित्र भूमिगत प्रजापरिषद्, नेपाल प्रजातन्त्र पञ्चायत, नेपाल प्रजातन्त्र संघ थिए। (श्री लक्ष्मी-रञ्जन जोशीले अरू प्रवासी नेपालीसंग मिली कालिङ्गपोङ्गमा गोर्खालिग खोले।

नेपालमा श्री ३ मोहनले राजनीतिक सुधार गरेको खण्डमा भारतमा चलेका नेपाली राजनीतिक पार्टीलाई थामथुम पार्दछु भन्ने आश्वासन श्री ३ मोहन शम्शेरलाई सिंहदरबारमा दिएर २००६ सालको चैत्रमा भारत फर्केका विश्वेश्वरले भारत पुगेपछि त उल्टो ती पार्टीलाई एकगठ मात्र पारेनन्, २००७ साल भाद्र २६ गते वेरगनियामा भएको नेपाली कांग्रेसको महा-अधिवेशनमा यथाशक्य चाँडो नेपालव्यापी सशस्त्र आन्दोलन गर्ने निर्णय गराए।

नेपाली कांग्रेसको कार्यकारिणी सभामा भएका सबै कुरा जस्ताको तस्तो एक कालु पांडे भन्ने नक्कली नामधारी नेपाली कांग्रेसका कर्मठ कार्य-कर्ता भनाउँदाले श्री ३ मोहन शम्शेरकहाँ सिधै पठाउने हुँदा, नेपाली काँग्रेसको हरेक भित्री तहमा भएका धेरै कुराको सुइँको राणा सरकारले सोझै र वेलैमा तुरुन्त पाउँदथ्यो। वैरगनिया सम्मेलनको बेलिविस्तार पनि त्यही स्रोतबाट पायो। पाल्पाली कमाण्डर इन-चीफ श्री रुद्र शम्शेरका केही छोराहरू पनि भित्रीसन्चो नेपाली कांग्रेसमा लागेको खबर त्यही व्यक्तिबाट श्री ३ मोहनलाई आएको थियो।

नेपाली काँग्रेस जन्मँदैमा एक प्रकारले दुई भयो। हात्तीका दुई मुख-एक देखाउने र एक खाने– भएजस्तो। देखावटी पार्टीका अध्यक्षमा श्री मातृकाप्रसाद कोइराला नियुक्त भए पनि नेपाली काँग्रेस पार्टीको खास नेतृत्व मे. ज. सुवर्ण शम्शेर र विश्वेश्वरप्रसाद कोइरालाको हातमा गयो। (सर्वश्री मातृकाप्रसाद र विश्वेश्वरप्रसाद श्री कृष्णप्रसाद कोइरालाका दुई नालपट्टिका छोरा थिए)। त्यसपछि नेपाली काँग्रेस दुई अलग विचारधाराका सदस्यहरूले भरिदै गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मे. ज. महावीर शम्शेर, महेन्द्र विक्रम, सि. वि. सिंह, डी. एन्. प्रधान, इत्यादिहरू मातृकाप्रसाद गुटमा थिए भने, सर्वश्री विश्वेश्वरप्रसाद कोइराला, सुवर्ण शम्शेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पूर्ण सिंह, दिलमान सिंह इत्यादिको अर्को गुट भयो । यस गूटबन्दीको खास कारण थियो विश्वेश्वरप्रसादको व्यक्तित्व । धनेस चरोलाई आफ्नो ठुड नै सबभन्दा बढी भार भए झैं, श्री विश्वेश्वरको व्यक्तित्वले गर्दा, उनको अगाडि केही बोल्न नसक्ने खालका मानिसहरू, उनको पछाडि कुरा काट्दथे र सदा तर्कन्थे। श्री विश्वेश्वरको सट्टा श्री मातृकाप्रसाद नवगठित नेपाली काँग्रेस पार्टीको अध्यक्ष हुनको पनि त्यही कारण हो ।

विश्वेश्वर र सुवर्ण शम्शेरको योजना थियो नेपालमा सशस्त्र हमला गर्ने । सूर्यप्रसाद उपाध्याय दुवै गुटमा थिए । सूर्यप्रसादको भारतका केन्द्रीय मन्त्री रफी अहमद किदवाईसंग राम्रो सम्वन्ध हुँदा, (सन् १९४२ को आन्दोलनमा दुवैजना एकै जेलमा थुनिएकाले) भारत सरकारसम्वन्धी काम कुराहरू गर्दा नेपाली काँग्रेसले प्रायः सूर्यप्रसादद्वारा रफी अहमद किदवाईबाट काम पटाउँदथ्यो । विश्वेश्वरप्रसाद कोइरालाको भारतका समाजवादी नेता र सुवर्ण शम्शेरको चन्द्रेश्वरप्रसाद नारायण सिंहजस्तासंग राम्रो बसउठ थियो । विश्वेश्वरप्रसादको समाजवादी नेताहरूसंग राम्रो सम्पर्क भएको कारणवश बर्माको समाजवादी सरकारद्वारा प्राप्त हात-हतियार भारत सरकारको आँखा छलेर उनले नेपाल उतार्ने योजना गरे ।

जहाँ र जुन स्रोतबाट पाए पनि हात-हतियार भित्रभित्र जम्मा गर्ने, भारतीय आजाद फौज (सुभाष बोसले बर्मामा गठन गरेको सेना) का नेपालीहरूलाई फकाई फुलाई नेपाली काँग्रेसमा सरीक गराउने (यही नाताले पूर्ण सिंह, जी. बी. याकथुम्मा, नारायण सिंह र दिलमान सिंहहरू काँग्रेस पार्टीमा सरीक भएका थिए) र नेपालभित्र पनि काँग्रेस पार्टीमा मानिसहरूलाई मिलाउने अभियान २००६ सालमा नेपाली कांग्रेसले चलायो ।

दिल्ली यात्राबाट नेपाल फर्केका श्री ३ मोहनले अब नेपालमा कुनै राजनीतिक सुधार गर्दैनन्; भारत सरकारले सोझै नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगरे पनि अरूद्वारा गराउन अब पछि हट्दैन र श्री ५ त्रिभुवन नेपालमा प्रजातन्त्र चाहिबक्सन्छ भन्ने कुरामा विश्वस्त नेपाली काँग्रेसले नेपालको राणा सरकारको तखता पल्टाउनको लागि कुनै पनि हिंसात्मक कारवाई गर्नलाई नहच्कने निर्णय वैरगनियामा लियो । यही नीतिको नतीजा हो २००७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालको इन्द्रजात्राको दिन तल्लो टोल घुम्ने दिग्गज राणाहरूलाई बम हानेर मार्ने गणेशमान सिंह, सुन्दरराज चालिसे, दिलमान सिंहहरूको असफल योजना। (काठमाडौंमा आतंक मच्चाई श्री ५ त्रिभुवनको पाल्पा सवारी चलाई त्यहाँ अर्को सरकार खडा गर्ने पनि नेपाली काँग्रेसको योजना थियो भन्ने कुरा पनि सुनिन्थ्यो ।)

नेपाली काँग्रेसको जन्म विदेशमै भए पनि, त्यसको नाम २००७ साल-तिर नेपालभित्र फिजिईसकेको थियो– खास गरेर शिक्षित युवा वर्गमा। धेरै कालदेखि नेपालमा चल्दै आएको निर्मुक्क जहानियाँ राणा शासनदेखि मिच्छेका एकथरी नेपालीहरू, नेपालमा काँग्रेस आएपछि यसो गर्दछ र उसो गर्दछ भन्ने सुनौला कुरा रमाइलो मानेर निकै चढाई बढाई भन्न र सुन्न थालेका थिए। त्यसैले जतिजति त्यसबखत राणा सरकारले नेपालमा काँग्रेसी विचारको दमन गर्न खोज्दथ्यो, त्यो उति उति झन्झन् रक्तवीज झैं मौलाउन थालेको थियो ।

कागले कान लग्यो भन्दा आफ्नो कान नछामी कागको पछि दगुर्ने खालका केही नेपालका अबुझ जनताले भने काँग्रेस विरोधी सरकारी प्रचार काँग्रेस नेपालभित्र घुस्यो भने देश स्वाहा पार्दछ भन्ने; र काँग्रेससर्थले नेपाली काँग्रेसले देशमा दूधको खोलो बगाउँदछ भन्ने काँग्रेसी नारा–लाई अक्षरांश पत्याउँदथे। कसैले त काँग्रेस भनेको कुनै आँठे (ज्वरो आएको आठै दिनमा मानिस मर्ने रोग) र हैजाजस्तो रोग सम्झी "तेरो घरमा काँग्रेस पसोस्" भनी सराप्दथे; कसैले काँग्रेसलाई ठानेका थिए राणाजीको सेखी झार्ने तत्त्व। कसैले रहरले, कसैले डरले, कसैले रिस, ईर्वी औ डाहाले र कसै कसैले सोहरैमा काँग्रेसलाई नेपालभित्रै हेर्न चाहने र नचाहनेको संख्या आफैं आफ २००७ सालताका नेपाल अधिराज्यभर बढ्न थालेको थियो ।

त्यसबेला राणाजीहरूलाई उस्तो नरुचाउनेहरूले, मोहन र बबर शम्शेरलाई खिसी गर्न र उनीहरूको कुरा काट्न पऱ्यो भने,अरूले नबुझून् भनी एम. बी. भन्दथे (त्यसबेला अति प्रचलित र उपयोगी औषधिको नाम)। नेपाली कांग्रेसलाई देखी नसक्नेहरूले, राणा एम. बी. ले नपुगेर फेरि कांग्रेसी, एम्. बी. (मातृका र विश्वेश्वर) थपिए; सहोदर एम. बी. को त यो चाल भयो भने, दुई कोखका एम्. बी. को के गति हुने हो भनी काँग्रेसी एम. बी. लाई भार्गव चरा (एक पेट दुई मुख भएको सर्घैं आपसमा बाझी रहने चरा) सँग दाँज्दथे ।

२००७ सालको शुरूतक नेपाली काँग्रेस भारतमै चलेकोले, सकभर त्यसलाई त्यहीं नै निमठनामठ पार्ने, नसके नेपालभित्र कुनै हालतमा पनि छिर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदिने दाउमा थियो राणा सरकार। जतिजति सरकारले काँग्रेसको खोजी-निधी, चासो लियो, चेवा र चर्चा गऱ्यो र त्यसको गतिविधि रोक्ने नीति अपनायो त्यति नै एक थरी नेपालीहरूले नेपाली काँग्रेसप्रति चाख देखाए। यो सक्कली जन-भावना राणाजीका नक्कली जासूसले बुझ्न सकेनन्; न त राणा सरकारले त्यो बढ्दो जन-भावनाको बेलैमा पारख नै गर्न सक्यो। सरकारसँग कुनै न कुनै कारणवश अधिकांश जनता चिढिएका हुन्छन्; १०४ वर्षसम्म चलेको जाहानियाँ शासनसंग त नेपालका जनता झन् नाराज हुने नै भए।

नेपालका जनताले चाँडो आर्थिक विकास र थोर-बहुत भए पनि, राजनीतिक परिवर्तन चाहन्छन् भन्ने तथ्यको ख्याल गरेर काम गर्नको बदला अब राणा सरकार लाग्यो काँग्रेसी विचारको नेपालमा जरो उखाड्नपट्टि। नकरात्मक नीति - डर, त्राश, धम्की, छलकपट, तिगडमबाजीले जनचेतनालाई दबाउनको सट्टा, उल्टो आगोमा घीउ हालेसमान हुन्छ भन्ने तथ्य राणा सरकारले सोचेन। त्यसै कारणले २००७ साल लाग्दा नेपालमा जतातत आफैआफ काँग्रेसी भावना दन्कलाजस्तो देखिन थालेको थियो।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

दाउ लागेन

२००६ साल फागुनको दिल्ली यात्रापछि श्री ३ मोहनको मनमा भारत दब्यो, त्यसले नेपालको आन्तरिक मामलामा अब हस्तक्षेप अवश्य गर्दैन, यसै मौकामा नेपाली काँग्रेस पार्टीलाई दबाएको दबायै हुन्छ भन्ने गलत विचार फुऱ्यो र त्यसपछि उनको समस्त तन, मन र धन गयो नेपालभित्र–बाहिर नेपाली काँग्रेसमा लागेका मानिसलाई दमन गर्ने प्रयासपट्टि । त्यसवेला तराईका जिल्लामा अडिटरहरू नियुक्त हुन्थे। नाम अडिटर भए पनि उनीहरूको मुख्य काम हुन्थ्यो काँग्रेस पार्टीप्रति सहानुभूति राख्ने, नेपाली नागरिकहरू पत्ता लगाई, तिनीहरूको छानबीन (अडिट) गर्ने । त्यसवेला सर्वश्री जयमंगल सिंह, सहदेव सिंह र मनमोहन मिश्रहरू अडिटरमा नियुक्त भएका थिए– तराईतिरको राजनीतिक हिसाब किताब तराईवासीले बढी जान्ने हुँदा । जिल्लाका बडा-हाकिमको भन्दा ती अडिटरको बढी डर जनताले मान्दथे ।

सुराकीद्वारा काँग्रेसीहरू पकड्ने र पकडाउने अनेक प्रलोभन प्रधान-मन्त्रीलाई देखाई कति छट्टूहरू कोटा, जंगल, लाइसेन्स र जागीर भेट्टाउँदथे। कतिले क्याँटका क्याँट पैसा उच्छिट्याए । कति जिल्लामा त चलाक बडाहाकि-महरूले सरकार विरोधी पर्चा आफ्नै तर्फबाट छपाई र गोप्य रूपले सो छर्न लगाई, पर्चा छर्ने त्यस्ता काँग्रेसीहरू पत्ता लगाउने सुराकी खर्च श्री ३ महाराजसँग मागी, आफ्नो खल्ती भर्न थाले । केही जिल्लामा बडाहाकिम र उच्च कर्मचारी अनैतिक पल्टेको कारण प्रशासन कमजोर भयो– भ्रष्ट प्रशासनले देशमा समस्या सुल्झाउनको बदला झन् जटिल बनाउने हुँदा । राजनीतिक हौआ सरकारलाई देखाएर नकारात्मकमा सरकारलाई फसाएर केही प्रशासकहरूले आफ्नो खल्ती भर्ने चलन सानो काँटमा शुरू भएको त्यही बेलादेखि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काँग्रेस र काँग्रेसी विचारधाराका मानिसलाई खोजीखोजी पत्ता लगाउन र थिचोमिचो गर्न सक्नेलाई तत्कालीन सरकारबाट धन, मान र अनेक सहुलियत मिल्न थाल्यो। कलकत्ताको कन्सुलेटको त मुख्य काम नै त्यहाँका काँग्रेसीहरूको गतिविधि लेखी प्रतिवेदन पठाउने भयो। यसरी नेपाल सरकारको पूरा प्रशासन देश विकासको सट्टा काँग्रेसी आन्दोलन दबाउने कामतर्फ २००७ सालतिर लगाइयो। कति आफ्ना भनिएका विश्वासघात र उनका दलालहरूले, नेपाली काँग्रेस निष्क्रिय हुँदै गएको छ भन्ने नक्कली खबरले भरिपूर्ण प्रतिवेदन श्री ३ मोहनलाई पठाउन थाले– त्यस्तो खबरले प्रधानमन्त्री खुसी हुने र रिझिने बुझी। भएको कुरालाई हैन भन्नुभन्दा कम खतरनाक हुन्न, नभएको कुरा छ भन्नु। त्यसबखत श्री ३ मोहन नेपालको छिमेकीसँग नदब्न र उसलाई आफ्नो आन्तरिक मामलामा हस्तक्षेप नगराउनलाई त आफू अर्थात् नेपाललाई बसियो पार्न र नेपालीलाई एक ढिका पार्नपट्टि उनको तन, मन र धन जान पर्दथ्यो। त्यतापट्टि त कम सोचाइ भयो।

उपर्युक्त कारणले गर्दा, भारत भ्रमणपछि श्री ३ महाराज मोहन शम्शेर अति जुम्सो र धीमा चालले नेपालको विकास, वैधानिक सुधार र जनतालाई प्रशासनमा सरीक गराउने प्रक्रियामा लागे। त्यसबेला वैधानिक समितिका सदस्य-सचिव क. सुवर्ण शम्शेर र सचिव कुलनाथ लोहनी थिए। त्यो अड्डा पनि सिंहदरबारभित्रै थियो। २००५ सालको आखिरसम्ममा लागू गरी सक्न पर्ने ऐनअन्तर्गत "भारदारी" र "राष्ट्र सभा" का प्रतिनिधिहरूको खोजतलास र चुनाव हुन २००६ सालतिर धीमा चालले शुरू भयो– आफूलाई मन नलागेको काम गर्न जोश र जाँगर नउठ्ने हुँदा।

"भारदारी" सभामा सकभर सबै संस्था, पेशा र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिहरू मध्येबाट श्री ३ महाराजले घटीमा बीस र बढीमा तीस सदस्य नियुक्त गर्ने र "राष्ट्र सभा" चालीस निर्वाचित र अठ्ठाईस जना मनोनीत सदस्यहरूले गठन हुने व्यवस्था ऐनमा थियो। २००४ सालको विधानमा पाँच वर्गीय संगठनको व्यवस्था हुँदा, शिक्षित वर्गबाट सर्वश्री शंकरदेव पन्त र पूर्णप्रसाद ब्राम्हण, व्यापारीबाट श्री भेषराज शर्मा, सरकारी कर्मचारीबाट प्रो. भवनाथ शर्मा र जमीनदारी वर्गबाट श्री गयाप्रसाद शाहहरू राष्ट्र सभालाई छानिए। शिक्षित वर्गीय संगठनबाट शंकरदेव पन्त र पूर्णप्रसाद ब्राम्हण छानिएपछि, मजदूर संगठनबाट प्रतिनिधि छनाउने कुरा सेलायो– मजदूरबाट यिनीहरूभन्दा पनि चर्को सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छानिएला भन्ने शंका र वर्गीय संगठनले वर्गीय स्वार्थ बढी अघि सार्दछ कि भन्ने डरले।

जिल्ला जिल्लाबाट जस्ता किसिमका मानिस निर्वाचन गरी पठाउनू भनी बडाहाकिमलाई श्री ३ बाट बडापत्र गएको थियो, त्यसै खालका चालीस जना मानिस दुईसय पञ्चायतबाट प्रतिनिधिहरूको रूपमा राष्ट्र सभालाई छानिएर आए श्री ३ महाराजले राष्ट्रसभा र भारदारी सभामा मनोनीत गर्ने सदस्यहरू त सदा श्री ३ को वरिपरि बस्ने मानिस र चाकरीदारहरू भए[1]। उचालेको कुकुरले मृग नमार्ने कुरा त स्वयं सिद्ध छँदाछँदै पनि, जनप्रतिनि-धित्वरहित व्यक्तिहरूलाई जनप्रतिनिधि भनी' सभापद् बनाइयो र जगतमा प्रचार गरियो। श्री ३ महाराजबाट मनोनीत हुने सदस्यहरूको नामावली, सभा उद्घाटन हुने दुई दिनअघि मात्र प्रकाशमा आयो। चुनावको वातावरणको देशभर सृजना हुनको त कुरै पर जावस्, अधिकांश देशवासीहरूले चुनाव भनेको कुन चिडियाको नाम हो त्यो त्यतिन्जेल पनि थाहा पाएनन् न त थाह पाउने कुनै वातावरण र क्रियाकलापै कतैबाट, कहीं सृजना भयो।

नेपालको पहिलो "राष्ट्र-सभा" र "भारदारी सभा" २००७ साल आश्विन ६ गते शुक्रवार ग्यालरी हल (हाल राष्ट्रिय पञ्चायत हुने हल) मा उद्घाटन भयो। सो समारोहमा भारत र बृटेनका राजदूतहरू पनि निम्त्याइ-एका थिए। राष्ट्रको सर्वोच्च विधायिका सभा श्री ५ महाराजाधिराजबाट गरी, त्यसलाई शाही सम्बोधन हुनुपर्ने हो, त्यो केही भएन; श्री ३ मोहन शम्शेर आफैले सो उद्घाटन गरे– आफै नै राष्ट्राध्यक्ष हूँ झैं गरी। जुन किसिमको भाषण यस्तो अवसरमा सरकारबाट तयार भई राष्ट्राध्यक्षले पढ्ने संसदीय व्यवस्था भएका मुलुकमा चलन छ, त्यो श्री ३ महाराजले बसी बसी पढे।

उनी कुनै मौकामा पनि त्यसबेला उठेनन्। (उनका जासूसले, त्यस मौकामा प्रधानमन्त्रीले उठेर भाषण गरेको खण्डमा राष्ट्र-सभामा शिक्षित वर्गबाट छानिएका शंकरदेव पन्त र पूर्णप्रसाद ब्राम्हणहरू उठ्दैनन् भन्ने खबर श्री ३ मोहन शम्शेरको कानमा जासूसले पुऱ्याएकोले, अपमान होला भनी उनले त्यस्तो व्यंग तरीकाले बसेर भाषण गरेका हुन् भन्ने कुरा पछि सुनियो।)

गयाप्रसाद शाह र प्रो. भवनाथ शर्मालाई खाद्य, कृषि र नहर विभा-

---

१. राष्ट्र-सभा र भारदारी सभाको फिहरिस्त परिशिष्ट- २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गका तथाकथित तालुकवाला बनाइयो-- राणा सरकारले जनप्रतिनिधिलाई पनि राजकाजमा सरीक गराएको छ भनी जगत्लाई देखाउन । नेपालगंजका कृष्ण-गोपाल टण्डनले पहिला दिन खुलेको भारदारी र राष्ट्र-सभाको संयुक्त बैठकमा एकाध कुरा बोलेपछि स्थगित भएको बैठक फेरि कहीलयै बसेन- बैठक बसाल्ने, देशका समस्या छलफल गराउने, सुधार ल्याउने विचारले ती सभाहरू नरचि-एका हुँदा ।

यस्तो नाटकीय चालले २००४ सालमा बनेको र २००५ सालभित्रमा लागू गरी सक्न पर्ने वैधानिक कानून २००७ साल आश्विन ६ गते कार्यान्वयन हुनुको मुख्य कारण थियो दिल्ली भ्रमणमा जनप्रतिनिधिलाई सरकारमा सरीक गराउँदछु भनी भारतका प्रधानमन्त्रीलाई दिएको वचनको पालन । दुवै प्रधान-मन्त्रीको स्तरमा पक्कापक्की भएको कुरालाई त्यस्तो अजीब र नाटकीय तरी-काले कार्यान्वयन गर्न खोज्नु श्री ३ मोहनको भारी गल्ती थियो । आफूले गर्न मन नलागेको अथवा गर्न नसक्ने खालको काम कुरा गर्दछु भनी विदेशी नेता-संग वचनबद्ध हुनु अनुचित थियो । बोलेको कुरा पुऱ्याउन नसक्ने प्रधानमन्त्रीको स्वदेश विदेश कहीं पनि कदर हुन्न । ठूलो ओहदामा बसेका मानिसले आफूले गर्न मन नलागेको अथवा नसक्ने काम कुरा गर्दछु भनी झुट्टा आश्वासन दिंदा आफू फितलो र निष्फर मात्र गनिने हैन विदेशी राष्ट्रको नजरबाट गिरिन्छ भन्ने कुरा श्री ३ मोहनले शायद त्यसबेला सोचेनन् । राजनीतिक सुधार त आफ्नो देशमा वास्तविक अवस्था सुहाउँदो किसिमले गर्ने कुरा हो; न कि अरूको लहीलहीमा लागी देखासिकी गरी झारा टार्न र आँखामा छारो हाल्न ।

श्री ३ मोहनले दिल्लीमा भनेको कुरा (राणा सरकारमा केही जन-प्रतिनिधि सरीक गराउने कबूल) पुऱ्याएको हेर्न भारतका प्रधानमन्त्री उत्सुक थिए । काठमाडौंस्थित भारतीय राजदूत सर सी. पी. एन. सिंहले श्री ३ मोहनको काम र कुरामा आनकातान फरक देखाई अब आफ्ना प्रधान-मन्त्रीलाई प्रतिवेदन पठाउन थाले । जी हजूरहरूले भरिएका ती नयाँ सभाहरू उद्घाटन गरेकोमा नेपालभित्र श्री ३ को जतिसुकै तारिफ भए पनि बाहिर त्यसको कुनै महत्व भएन । खाली सभापद्हरू छ-सात समितिमा विभाजितसम्म भए । जनप्रतिनिधि भनी, तालुकवाला बनाइएका प्रो. भवथान शर्मा र गयाप्रसाद शाहहरू अघि साईकल चढ्दथे । तालुकवाला भएपछि बग्गी चढ्न थाले । फरक त्यति मात्र भयो । काम केही भएन । बिचराहरू खालि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाममा मात्र तालुकवाला थिए उनीहरूलाई अधिकार केही पनि सुम्पिएको थिएन। एकसय चार वर्षसम्म अखण्ड चलेको राणा व्यवस्थाको मूल प्रवाह-लाई कत्ति नखल्वलाईकन एकाध तथाकथित जनप्रतिनिधिलाई सरकारमा सरीक गराएको जस्तो देखाउने श्री ३ मोहनको खतर्नाक राजनीतिक अनुस-न्धान यस प्रकारले शुरू र अन्त्य भए– थालिन वेर न सकिन वेर झैं गरी।

यस्ता नाटकीय चालले २००४ सालको वैधानिक कानून २००५ सालको सट्टा २००७ सालमा त्यसरी लागू हुनका तीन कारण थिए। प्रथम नेपालको राजकाजमा तथाकथित जनप्रतिनिधि सरीक गराई जनमुखी छ भन्ने जस्तो विदेशीलाई देखाउने खेलवाड; दोस्रो, नेपालको राणा प्रधानमन्त्री सदा सर्वेसर्वा रहन्छ भन्ने कुराको देशभित्र-वाहिर प्रचार गर्ने प्रयास र तेस्रो, नेपालमा वैधानिक सभा पनि छ भनी अरूलाई आँखामा छारो हाल्ने जाल।

श्री ३ मोहनको त्यो तथाकथित "भारदारी" र "राष्ट्र-सभा" को उद्घाटनले त खालि भारतमा बसी राणा सरकार विरुद्ध काम गर्ने नेपाली कांग्रेसलाई मात्र सत्र पाऱ्यो। नेपालको राणा सरकार र भारतको सरकार बीच अवरोध, फाटो, गाँठो खिचातानी र अविश्वास, जो नेपाली कांग्रेस परेको र बढेको देख्न चाहन्थ्यो, त्यो पो भयो। आफ्नो हातमा शक्ति भएका बखत ठीक बेठीक जे गरे पनि हुन्छ भन्ने गलत धारणाले प्रेरित श्री ३ मोह-नको २००४ सालको वैधानिक कानूनलाई पन्नु पार्ने, भारत सरकारलाई जिल्याउन, नेपाली जनतालाई लट्पट्याउन र राणा शासनलाई अमर राख्न गरेको दाउ पटक्कै लागेन, जे, जस्तो, जत्ति कोशिश गरे पनि। आफ्नो मात्र सर पार्ने र स्वार्थ साध्ने ध्येयले गरेको त्यस्तो गोटीचाले राजनीति धेरै दिन खप्तो रहेनछ भन्ने ज्वलन्त दृष्टान्त बन्यो त्यो २००७ सालको श्री ३ मोहनको राजनीतिक अनुसन्धान।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ३

भारदारी सभामाः– श्री मिनिष्टर एण्ड कमाण्डर इन-चीफ सभापति र सदस्यहरूमा (२) श्री पू. क. ज. (३) श्री द. क. ज. (४) श्री ज. नारायण शम्शेर ज. व. रा. (५) श्री ले. ज. सूर शम्शेर ज. ब. रा. (६) श्री मे. ज. बसन्त शम्शेर ज. व. रा. (७) श्री मे. ज. बृम्ह शम्शेर ज. व. रा. (८) श्री मे. ज. नर शम्शेर ज व. रा. (९) श्री मे. ज. शारदा शम्शेर ज. व. रा. (१०) श्री मे. ज. अरूण शम्शेर ज. व. रा. (११) गुरुराज विश्वराज पण्डितज्यू (१२) श्री ले. ज. राज शम्शेर ज. ब रा. (१३) श्री मे. ज. मेघराज शम्शेर ज. व. रा. (१४) श्री ले. क. पार्थिव शम्शेर ज. व. रा. (१५) श्री बृ. क. झुलेन्द्रविक्रम राणा (१६) श्री साहेवज्यू शम्भूविक्रम शाह (१७) श्री राजा गेहेन्द्रवहादुर शाह (१८) चौतरिया वहादुर शाह (१९) श्री गु. प्रो. जनकराज (२०) श्री गुरु छत्रनाथ (२१) बडाकाजी रत्नमान (१२) श्री बृ. क. इन्द्रवहादुर कार्की (२३) श्री ले. क. वेदवहादुर खत्री (२४) श्री सरदार सोमप्रसाद (२५) श्री पं. लेकनाथ पौडेल (२६) श्री सरदार नरेन्द्रमणि आदि ।

राष्ट्र-सभामाः– श्री प. क. ज. सभापति र नियुक्त सदस्यहरूमा (२) श्री हरि शम्शेर ज. व. रा. (३) श्री प्रचण्ड शम्शेर ज. व. रा. (४) श्री ले. ज. एकराज शम्शेर ज. व. रा. (५) श्री मे. ज मृगेन्द्र शम्शेर ज. व. रा. (६) श्री मे. ज. अर्जुन शम्शेर ज. व. रा. (७) श्री. मे. ज. लक्ष्मण शम्शेर ज. व. रा. (८) श्री मे. ज. विजय शम्शेर ज. व. रा. (९) ले. क. सुवर्ण शम्शेर ज. व. रा, (१०) श्री. ले. क. भरत शम्शेर ज. व. रा. (११) श्री गुरुराज नयनराज पंडितज्यू (१२) श्री मे. ज. नीर शम्शेर ज. व. रा. (१३) श्री मे. क. बालकृष्ण शम्शेर (१४) श्री ले. क. खड्गनरसिंह राणा (१५) श्री बृ. क. सोभाजंग थापा (१६) श्री ले. क. सुरेन्द्रवहादुर शाह (१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ले. क. यज्ञबहादुर बस्नेत (१८) श्री सरदार मानबहादुर (१९) श्री सरदार गुन्जमान सिंह (२०) श्री सरदार कृष्णबहादुर (२१) श्री मी. सु. उपेन्द्र पुरुष (२२) श्री डा. सिद्धिमणि आ. दी. (२३) श्री प्रो. कुलनाथ लोहनी (२४) श्री ई. ज्ञानबहादुर प्रधान (२५) श्री सु. भगवतीप्रसाद सिंह (२६) श्री पं. लोकनाथ जोशी (२७) श्री मी. सु. भीमबहादुर पाँडे।

निर्वाचित सदस्यहरूमाः– पूर्व १ नं. बाट श्री जगतबहादुर, पूर्व २ नं. बाट श्री मेघराज उपाध्याय, पूर्व ३ नं. बाट श्री तुल्सी गिरी, पूर्व ४ नं बाट श्री पशुपतिप्रसाद उपाध्याय, धनकुटाबाट श्री गजेन्द्रबहादुर प्रधानांग, ईलामबाट श्री टंकनाथ वासतोला, बारा पर्साबाट श्री शिवदत्त पँजीयार, रौतहटबाट श्री केवल चौधरी, महोत्तरीबाट श्री ... ..., सर्लाहीबाट श्री राजेन्द्र सिंह, सप्तरीबाट श्री बोधविक्रम पन्थ क्षत्री, सिराहाबाट श्री शिवदयाल साहु, मोरंग झापाबाट श्री हरिनारायण साहु, प. १ नं. बाट श्री भीमबहादुर, प. २ तं बाट श्री देवीबहादुर कुँवर क्षत्री, प. ३ नं. बाट श्री ऋषिराम सेढाई. प. ४ नं. बाट श्री सन्तमान श्रेष्ठ, पाल्पाबाट श्री भवेन्द्रराज पौडेल, गुल्मीबाट श्री रणबहादुर घर्ती, सल्यानबाट श्री .. .. , प्यूठानबाट श्री गिरीराज उपाध्याय, दैलेखबाट श्री ... ..., डोटीबाट श्री ... ..., डँडेलधुराबाट श्री ... ..., वैतडीबाट श्री .. .., जुम्लाबाट श्री ... ..., चिसापानीबाट श्री इन्द्रबहादुर जोशी, पाल्ही माझखण्डबाट श्री लक्ष्मीनारायण श्रेष्ठ, खजहना स्यूराजबाट श्री गयाप्रसाद शाह, कैलाली कंचनपुरबाट श्री ... ..., बाँशे वर्दियाबाट श्री कृष्णगोपाल टण्डन, नेपाल ४ भन्ज्याङबाट श्री कृष्णप्रसाद, काठमाडौं नगर पञ्चायतबाट श्री ईश्वरीप्रसाद रिमाल, भक्तपुरबाट श्री महन्त गोविन्द हरिजंगम, ललितपुर नगर पंचायतबाट श्री रुद्रबहादुर, वीरगंज नगर पंचायतबाट श्री ... ...

शिक्षित वर्गको विशेष प्रतिनिधिः–

श्री शंकरदेव पन्त

श्री पूर्णप्रसाद ब्राम्हण

साहू-महाजन व्यापारी वर्गको विशेष प्रतिनिधिः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री भेषराज शर्मा
सरकारी कर्मचारीको विशेष प्रतिनिधिः–
श्री प्रो. भवनाथ
जिमीदारको विशेष प्रतिनिधिः–
गयाप्रसाद शाह
मजदूरको विशेष प्रतिनिधिः–
राखिबक्सेको छ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५

काम थोरै र साना थिएनन्

त्यसबेला देशको आर्थिक विकास गर्ने पूर्ण जवाफदेही बोकाइएको उद्योग परिषद्लाई नै प्रस्तावित पञ्च-वर्षीय योजना कार्यान्वय नगर्ने पूर्ण दायित्व सुम्पने निधो श्री ३ मोहनको सिंदूरजात्राको भाषणमा परेको थियो[१] । कुनै पनि आर्थिक योजना सफलतापूर्वक कार्यान्वयन गर्न पैसा, प्राविधिक र जनसहभागिता तीनै चीजको समान र नितान्त आवश्यकता पर्ने कुरा निर्विवाद छ। नेपालमा त्यसबखत ती तीनैको कमी थियो। त्यसैले श्री ३ मोहन शम्शेरको सिंदूरयात्राको भाषणमा मित्रराष्ट्रबाट आर्थिक सहायता लिने कुराको संकेत भएको हो । कारण त्यसबेला नेपालमा सबभन्दा ठूलो अभाव पैसाको थियो । एकाधवाजि बृटेनबाट सिवाय अरू कुनै राष्ट्रबाट पनि त्यसबेलासम्म नेपालले कुनै किसिमको आर्थिक सहायता पाएको थिएन । पवल वैदेशिक आर्थिक सहायता आएको खण्डमा नेपालको चाँडो आर्थिक विकास गर्न सकिन्छ भन्ने केही नेपालीको अटल धारणा थियो।

त्यसबखत आजकलजस्तो मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ र संस्था-बाट आर्थिक ऋण अथवा सहायता हातहातै पाइँदैनथे (खालि दोस्रो

---

१. त्यसबेलाको एक विभाग उद्योग परिषद्ले आजकलको- उद्योग, वाणिज्य योजना, विकास, आर्थिक मालमा र आपूर्ति मन्त्रालयले गर्ने काम गर्दथ्यो। त्यसमा एक हाकिम, एक नायब सुब्बा, एक टाइपिष्ट, दुइ डिठ्ठा,
तीन-चारजना मुखिया, आठ-दशजना बहिदार र नौसिन्दा थिए। त्यसबेलाका चार-पाँच ठूला गनिएका अड्डा मध्ये एक उद्योग परिषद् गनिन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महायुद्धले ध्वस्त भएको पश्चिम यूरोपको पुनरोद्धारलाई अमेरिकाले, "मार्सल प्लान"अन्तर्गत ठूलो मात्रामा आर्थिक सहायता यूरोपलाई २००४ सालतिर प्रदान गरेको थियो– सोभियत रुसले यूरोपलाई पेल्न थालेकोले) । खास गरेर वैदेशिक सहायताको लोभले नै नेपालले २००७ सालको आखिरीतिर संयुक्त राज्य अमेरिका, फ्रान्स र बृटेनसँग नयाँ सन्धि र सम्झौतामा भटाभट हस्ताक्षर गरेको हो भन्ने कुरामा शंका छैन ।

भरखर दौत्य सम्बन्ध जोडिएका धनवान् अमेरिकासंग आर्थिक सहायता अथवा ऋण माग्ने कुरा नेपालले चलाउँदा आर्थिक मद्दत दिनलाई अमेरिकन अथवा योग्यता पुगेका कुनै यूरोपेली विशेषज्ञले तयार गरेको प्रतिवेदन अमेरिकन सरकारमा पेश हुनुपर्दछ भन्ने सुझाव नेपाल सरकारले दिल्लीस्थित अमेरिकन राजदूतवाट पायो । २००७ सालसम्म पनि जो पायो त्यो विदेशीलाई नेपाल बोलाउनु खतरनाक सम्झिन्थ्यो । खास गरेर अमेरिकनहरू नेपालभित्र पसेकोमा भारतले ठाडा कान लगाउँदथ्यो ।

त्यसैले (मी. सु. भीमबहादुरले २००४ सालमा लण्डन दूतावासबाट पेश गरेको प्रतिवेदनको आधारमा) तटस्थ स्वीइस विशेषज्ञहरूद्वारा नेपालको आर्थिक विकासको प्रतिवेदन तयार गराउने निधो भई, मी. के. यू. आएड मानी (चन्द्र शम्शेरका सन्तानहरूको बम्बईमा शेर किन्ने बेच्ने दलाल) द्वारा बम्बईस्थित स्वीइस महा–वाणिज्य दूतसँग सम्पर्क राखियो र लेखा पढीको बाद, स्वीटजरलैण्डबाट डा. हागर्न, मि. राउक, डा. कुष्टर र मि. स्पीण्डरको एक अंग्रेजी टोली नेपालको आर्थिक रिपोर्ट तयार गर्न आउने निधोसम्म २००७ सालमा लागे तापनि काम शुरू हुन पाएन– २००७ सालमा जनक्रान्तिले गर्दा । (श्री ३ चन्द्रले १९५९ सालमा केही नेपाली विद्यार्थीलाई जापानमा शिक्षा हासिल गर्न पठाएको र श्री ३ जुद्धले १९९६ सालमा केही प्रतिभाशाली नेपाली विद्यार्थीलाई जापानमा तालीम गर्न पठाउने प्रबन्ध गरेको भन्दा कम उपयुक्त र सही कदम थिएन २००६।७ सालमा श्री ३ मोहनले स्वीइस विशेषज्ञद्वारा नेपालको आर्थिक विकास गर्न खोजेको विचार– नेपालले खास सिक्न पर्ने तिर राष्ट्रवाट हुँदा ।

राष्ट्रपति ट्रुमेनले विश्वले अविकसित राष्ट्रलाई आर्थिक सहायता दिने हेतुले २००५ साल माघ ७ गतेमा (सन् १९४९ जनवरी २०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो रकमको आर्थिक सहायता दिने घोषणा आफ्नो प्वाएण्ट फोर प्रोग्राममा गरे र त्यसैको अन्तर्गत २००७ साल माघ ९ गते (सन् १९५१ जनवरी २३) मा दिल्लीस्थित नेपाली राजदूत ज. सिंह शम्शेर र अमेरिकन राजदूत– याए हेण्डरसनको बीच नेपाललाई अमेरिकन सहायता प्रदान गर्ने सम्बन्धी सम्झौतापत्रमा दिल्लीमा हस्ताक्षर भयो । अमेरिकी राष्ट्रपतिको त्यो उदारवादी घोषणाको लगतै नेपाल–अमेरिका बीच भएको सम्झौताले नेपाल त्यसबखत कति विदेशी सहायता लिन उत्सुक पल्टेको रहेछ भन्ने कुरा प्रष्ट गर्दछ ।

नयाँ सम्झौता बमोजिम नेपालले आर्थिक र प्राविधि सहायता अमेरिकाबाट पाइने भयो । अमेरिकाले त्यसबखत अविकसित राष्ट्रसंग गरेको यस किसिमको आर्थिक सम्झौता अन्तर्गत प्रदान गरिएको पूरै सहायता पाउने देशलाई दिने व्यवस्था अनुरूप, नेपालको मुलुकी खानामा तीनलाख जत्ति डलर अमेरिकन सहायता रकम जम्मा हुन आयो । बृटेनपछि नेपालले विदेशीबाट पाएको यो प्रथम अमेरिकन आर्थिक सहायताको समयान्तरमा नेपालमा ओइरो लाग्ला भनी त्यसबेला राणा सहकार ढुक्क थियो ।

त्यही रकमबाट नेपालस्थित अमेरिकन प्रशासकीय अधिकृत र विशेषज्ञको स्थानीय खर्च नेपाल सरकारले व्यहोर्ने सम्झौताको शर्त हुँदा, अमेरिकनहरू बस्ने र काम गर्ने घर, सरसामान इत्यादि नेपाल सरकारले वन्दोबस्त गर्न पर्दथ्यो । काठमाडौं स्थित अमेरिकन प्वाएण्ट फोर प्रोग्राममा सम्बन्धित व्यक्तिको आवास र अफिस निमित्त रविभवन भाडामा लिइयो; खाद्य सामान इत्यादि पुऱ्याउन श्री रामशंकर श्रेष्ठ, अफिस कामलाई श्री सुवर्णलाल सिंह, श्री कल्याण विक्रम अधिकारी र फर्निचर बनाउन रत्नमुनि पछि जुटे। अमेरिकन डलर सोझै नेपालको मुलुकी खानामा आउने प्रबन्ध भएको यो पहिला र अन्तिम पटक थियो भने पनि हुन्छ ।

सम्झौता अनुरूप यसैबाट उद्योग परिषद्ले अमेरिकन विशेषज्ञको स्थानीय खर्च पुऱ्याई दिन पर्दथ्यो । प्वाएण्ट फोर प्रोग्राम अन्तर्गत नेपाललाई प्रदान भएको अमेरिकन सहायता कार्यान्वयन गर्नलाई खटिएका मि. पाल डब्लु रोज २००७ सालको आखिरीतिर नेपालमा उत्रिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीसंग नेपालको प्रस्तावित पन्च वर्षीय योजना कार्यान्वयन गर्नलाई अमेरिकन आर्थिक सहायता रकमको कुरा चल्दा चल्दैमा, राणा शासनको अन्त्य भयो।

२००२ सामला नेपाल संयुक्त राष्ट्र संघको सदस्य हुन चुकेको मोका २००६ सालमा श्री ३ मोहनले छोप्न खोजी त्यसबेला लण्डनका नेपाली सैनिक सहचारी मे. क. पद्मवहादुर खत्रीलाई संयुक्त राष्ट्र संघका महासचिवलाई भेटी, सदस्यताको कुरा विछ्याउन, न्यूर्योक पठाइयो; त्यतिन्जेलसम्ममा शीतयुद्धले विश्वमा जरा गाडिसकेकाले, नेपाललाई संयुक्त राष्ट्र संघको सदस्य बनाउने श्री ३ मोहनको प्रयास विफल भयो– रसियन गुटका राष्ट्रहरूलाई वृटेन र अमेरिकाले राष्ट्र संघको सदस्य हुन नदिदासम्म, तिनीहरूसंग दौत्य सम्बन्ध भएका राष्ट्रलाई रूसले पनि त्यसमा छिर्न नदिने त्यसबेलाको परिबन्धले गर्दा। नेपाललाई राष्ट्र संघको सदस्य नवनाइयोस् भनी भारमा वसेका कुनै नेपालीले राष्ट्र संघका सेक्रेटरी जर्नेललाई तारसम्म पठाए– राणा सरकारले चलाएको नेपाल राष्ट्र संघको सदस्य भई हाल्दछ कि भन्ने छोटो र आफ्नो नाक काटेर अरूलाई अपसगुन लाग्ने जस्तो विचारले। त्यस्ता छोटो विचार भएका एकाध नेपालीको कुरा सुनेर हैन, सोभियत रूसले विरोध गरेको कारणवश त्यसबेला नेपाल राष्ट्र संघको सदस्य हुन पाएन।

नेपालको परराष्ट्र सम्बन्ध विस्तार गर्ने हेतुले २००५ सालतिर नेपाल विश्व परिषद्को काठमाडौंमा गठन भयो। यसका शुरू अध्यक्ष मे. ज. विजय र सदस्यहरू सर्वश्री सुवर्ण शम्शेर, सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सरदार गुन्जमान सिंह, सरदार नगेन्द्रमान सिंह, वृ. ज. सोभागजंग थापा, डा. सिद्धिमणि आचार्य दिक्षित, मी. सु. भीमवहादुर पाँडेहरू र सदस्य सचिव श्री कुमारदास श्रेष्ठ भए। परिषद्को गतिविधि बढाउने तरखरमै सातसालले त्यसलाई छोप्यो।

नेपालमा पर्यटन उद्योग विकास गर्ने हेतुले २००६।७ सालतिर नेपालले केही यूरोपियनहरूलाई धडाधड पर्वतारोहणको स्वीकृति प्रदान गर्‍यो। अघि अघि भारतको वाटो गरी तिब्बत पुगेर विदेशीहरूले नेपालको हिमाल आरोहण गर्दथे। २००६ सालमा वृटिश नागरिक मि. टिलमेन, २००७ सालमा स्वीइस र फ्रेन्च पर्वतारोहीहरूले नेपालबाट अन्नपूर्ण र अरू हिमालका चुलीहरू आरोहण गर्ने प्रयास गरे र फ्रेन्च पर्वतारोहीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मि. मोरेज हेर्जले त अन्नपूर्ण प्रथमको शिखरमा पुग्न सफल भए।

नेपालमा पाइने थरी थरीका चरा खोज्न मि. रिप्ले अमेरिका-बाट नेपाल आए। दुई–चार विदेशीको त्यो नेपाल आगमन, अहिलेको परिप्रेक्ष्यमा विचार गर्दा त कुनै ठूलो कुरा जस्तो नदेखिए पनि, त्यसबेला त्यो के के न थियो– विदेशीलाई खुलंखुल्ला नेपालभित्र त्यसअघि भ्रमण गर्न नदिने सन्दर्भमा विचार गर्ने हो भने। सानै स्तरमा भए पनि नेपा–लमा पर्वतारोहणको अभियान शुरू भएको २००५।६ साल ताकातिर हो। २००७ सालमा गडबडी शुरू नभई दिएको भए पर्वतारोहण र पर्यटन उद्योग त्यसैबेला निकै अघि बढ्ने अवश्यंभावी थियो। स्वीटजरलैण्डले जस्तै नेपालले पनि पर्यटन उद्योगको यथाशक्य चाँडो विकास गरी परिवर्तित मुद्रा कमाउने नेपाल सरकारको त्यसबेला उद्देश्य थियो। पर्यटन, संचार यातायात जस्ता बिलकुल नयाँ खालका शब्दहरू २००५।६ सालदेखि नेपालीको मुखमा झुन्निन थालेका थिए।

नयाँ योजना कार्यान्वयन गर्न प्रशस्त धनराशी चाहिने बेलामा, भारतमा चाँदीको भाउ एकाएक बढ्न गएकोले (तोलामा साठी पैसाबाट माथि उठेकोले) पूरै चाँदी भएको नेपाली मोहर र रूपैयाँहरू भारतीय र नेपाली व्यापारीद्वारा २००५ सालमा ठूल् धेरै मात्रामा भारतमा चोरी निकासी हुन थाले। सर्वप्रथस २००२ साल श्रावणमा छापिएको नेपाली नोटको पहाड मधेशमा त्यतिन्जेल वाञ्छित मात्रामा चल्तीफिर्ती हुन सकेको थिएन। पूरापूरै चाँदी भएको नेपाली सिक्काको यो पलायनले नेपालका आर्थिक योजना तर्जुमा गर्नेहरूलाई जटिल समस्याको सामना गर्न पर्ने अवस्था पारेकोले नेपालमा बढी नेपाली सिक्का चलाउने ध्येयले पूरै कुप्रो-निक्कल सिक्का चलाइयोस् भन्ने सुझाव उद्योग परिषद्का हाकिम मी. सु. भीमवहादुरले श्री ३ महाराज मोहन शम्शेरमा २००५ सालमा पेश गरे[1]। फलतः केही चाँदी, तामो र निक्कल मिश्रित सीमित मोहर र रुपैयाँको नेपालमा टकमरी २००६ सालतिर शुरू त भयो तर पनि पूरा चाँदीका मोहर निकासी रोकिएनन्– रोक्न जतिसुकै कोशिश गरे पनि।

---

१. मी. सु. भीमबहादुर पाँडेले श्री ३ मोहन शम्शेरलाई पेश गरेको सुझाव, परिशिष्ट– ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौं उपत्यकालाई सस्तो भाउमा (एक रुपैयाँको छमाना चामल) खाद्यान्न ख्वाउने कबूल श्री ३ मोहन शम्शेनले आफ्नो सिंदूर-जात्रामा गरेकोले, सालिन्दा आठलाख रूपैयाँ घाटा सहेर भए पनि उनले तराइबाट विघट्टीमा उठाएको अन्न झिकाई सस्तो मोलमा काठमाडौंमा सो विक्री वितरण गराउने योजना थियो। सुपथ मोलमा———————— काठमाडौं निवासीलाई अन्न विक्री र वितरण गर्दा सालिन्दा सरकारी खर्च रकम बढ्दै जाने देखी सो घटाउने सम्बन्धमा एक योजना पेश गर्नु भन्ने उद्योग परिषद्लाई निर्देशन भएको बेला मे. ज. विजय शम्शेर र मी. सु. भीमवहादुर हवाईजहाज चढेर काठमाडौंबाट काम विशेषले २००६ सालमा दिल्ली जांदा हवाईजहाजबाट त्यो विशाल राप्ती उपत्यका (राप्ती भ्याली) देखी त्यसलाई आवाद गरी काठमाडौं उपत्यका र चितवनको सेरोफेरोमा जिल्लाको खाद्यान्न अभाव पूर्ति गर्ने विचार मे. ज. विजयले गरे। आजको चितवन विकास त्यही दृश्यावलोकनको फल हो भने हुन्छ।

मे. ज. विजय शम्शेर दिल्लीबाट काठमाडौं फर्कनासाथ चितवन उपत्यकाको आवाद गर्ने योजना श्री ३ मोहन शम्शेरका जुनाफमा पेश भयो। शिकारका सोखी केही वरिष्ठ रोलवाला राणाजीले त्यस योजनाको विरोध त गरे, तर उनीहरूको केही लागेन। चितवन उपत्यकाको विकास भएको खण्डमा पवल र सस्तो अनाज त्यहाँ पैदा भई नेपाल सरकारले खाद्यान्न खरीदमा सालिन्दा लाखन् रूपैयाँको घाटा सहन पर्दैनथ्यो भन्ने मे. ज. विजयको तर्क हुँदा, चितवन विकास योजना उद्योग परिषद्द्वारा श्री ३ मोहनमा पेश भई, प्रारम्भिक कामलाई आठलाख रूपैयाँको तुरुन्त निकासा भयो।

त्यस सम्बन्धमा कारवाई चल्दा चल्दैमा, सातसालको क्रान्तिले छोप्यो (सो योजनालाई सरदार भीमवहादुरले २००८ सालमा योजना विकास मन्त्रालयका सचिव हुँदा कार्यान्वयन गरे)। नेपालमा खाद्यान्न सकभर सस्तो गर्ने ध्येयले सरकारले २००५।६ सालतिर आठलाख रुपैयाँ खर्च गरे तापनि, खाद्यान्नको भाउ घट्न नसकेको मात्र हैन त्यो झन झन बढ्न थाल्यो[1] (श्री ३ मोहनको राज्यकालदेखि बढ्न थालेको महंगीको

———————

१. २००७ सालको खाद्यान्नको दरभाउ, परिशिष्ट– ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेग घट्ने कुनै लक्षण देखिएन र नेपाली जनतालाई सस्तो रूपैयाँको छमाना चामल बेसाहा ख्वाउने श्री ३ को इच्छाको पनि पूर्ति भएन । आजकलको सन्दर्भमा विचार गर्ने हो भने २००६ सालको बजार भाउ महासस्तो देखिन्छ तापनि, त्यसबेला जनता त्यही दरभाउले पनि कुस्तुर भएर विलाप गर्दथे) ।

राप्तीदूनमा उब्जेको खाद्यान्न काठमाडौं उपत्यकामा पुरानो धुर्सिङ मातातीर्थ रोप्वेले मात्र खेप्न नसक्ने देखी, काठमाडौं-हेटौंडा जोड्ने एक राजमार्गको नितान्त आवश्यकताको महसूस भयो । हेटौंडा-काठमाडौं जोड्न मोटर चल्ने बाटो बनाउने अभिभारा २००६ सालमा स्वर्गीय मे. ज. अर्जुन शम्शेरलाई सुम्पियो । टेकू, दक्षिणकाली, मकवानपुर छिचली हेटौंडा जाने बाटोकाजमा ई. विष्णुबहादुर कार्की खटिए । निजले तयार गरेको ६० माइल लामो काठमाडौं-हेटौंडा अलाइनमेण्टललाई भारतबाट आएका चीफ-इन्जिनीयर श्री देवानले समर्थन गरी, काम चल्दा चल्दै २००७ सालको घटनाले विथोल्यो ।

पछि त्यही बाटोलाई कायम गरी भूतपूर्व प्रधानमन्त्री मातृकाप्रसादले २००८ सालमा शिलान्यास गरेकोमा भारतका राजदूत सर सी. पी. एन. सिंहले बाटोको एलाइमेण्टनै बदली दिएको कथा श्री ३ मोहन शम्शेरको पालामा उनले काली गण्डकी विद्युत योजना रोकेको भन्दा कम हृदय विदारक थिएन । काली गण्डकी प्रोजेक्ट स्थगित गर्न त सर सी. पी. एन. सिंहले श्री ३ मोहन शम्शेरलाई सिफारिशसम्म गरेका थिए; काठमाडौं-दक्षिणकाली-हेटौंडाको साठी किलोमिटर लामो सडकमा त प्रधानमन्त्री मातृकाप्रसादले शिलान्यास (हाल नेशनल ट्रेडिङको अफिसनेर) गरेको पनि भारतीय राजदूतले लन्ठ्याई दिए— त्यो प्रस्तावित बाटोमा लामा पूल र सुरुङ प्रर्दछन् भन्ने निहू थापी । २००७ साल अघि-पछि भारतीय राजदूतबाट नेपालको आन्तरिक मामलामा भएका यस्ता हस्तक्षेप मुख्तियार भीमसेन थापाको आत्महत्यापछि रेसिडेण्ट हडसनको नेपाल मोथिको ढलिमली कम अर्घेल थिएनन्) ।

काली गण्डकी प्रोजेक्टमा लाग्न नसकेको वृटिश आर्थिक सहायताले भैंसेमा एककरोड रूपैयाँको लागतमा ठूलो सिमेण्ट फैक्ट्री खोल्ने विचार भई प्रकाश इन्जिनीयरिङ्ग प्रा. लि. (वेदप्रकाश लोहनी) ले अमेरिकाको एलिस चेम्बर कम्पनीबाट सिमेन्ट बनाउने मेशिन झिकाउन सम्झौता गऱ्यो । धुर्सिङ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानातीर्थ रोपवे टेकुसम्म विस्तार भयो ।

टेलिफोन भन्दा आकाशवाणीको चाँडो विस्तार हुने सम्भाव्यताको ख्याल राखी यथाशक्य चाँडो अधिराज्यभर संचार विस्तार गर्ने ध्येयले मोहन आकाशवाणीको स्टेशन २००५ सालमा सिंहदरबारमा खडा भयो। मोहन आकाशवाणी सृजना गर्नमा मी. सु. काशीराज पांडेको ठूलो देन थियो। पहाड र तराईमा गरी पच्चीस–तीस ठाउँमा आकाशवाणीका अफिस भटाभट खुले। एकाध वर्षभित्रमा अधिराज्यभरी आकाशवाणी केन्द्र खोल्ने योजना थियो। रेडियो सम्बन्धी काम सिक्न श्री कृष्णबहादुर के. सी. बेलायत पठाइए। नेपाल-भित्र रेडियो स्टेशन खोल्ने तरखर र लेखापढी शुरु भएको थियो। जुन रफतारले त्यो संचार सेवाको प्रसार त्यसवेला भएको थियो त्यो २००७ सालको आन्दोलनले नबिथोलिएको भए नेपाल राज्यभर एकाध वर्षभित्रमा आकाशवाणीका स्टेशन नखुल्ने र रेडियो स्टेशन नबन्ने कुनै कारण थिएन ।

श्री ३ वीर शम्शेर र श्री ३ भीम शम्शेरले काठमाडौं शहरमा ल्याएको खाने पानीलाई ठूलै खर्च सहेर भए पनि फिल्टर गरी जनताको स्वास्थ्य सुधार्ने श्री ३ मोहनको उद्देश्य पूर्ति गर्न श्री वेदप्रकाश लोहनी खटिएर, उनले कलकत्ताको जेवेल फिल्टर कम्पनीद्वारा नागरजुंगमा फिल्टरेशनको काम २००७ सालमा शुरु गरे। सुके रोग नेपालमा अति चाँडो फैलिएकोले, सो रोकथाम गर्न वीर अस्पतालमा छुट्टै चेष्ट क्लिनिक खुली त्यस विषयमा अध्ययन गर्न डा. यज्ञराज जोशी बेलायत गए ।

२००६ सालमा मोहन हवाई विभागको गठन हुनको साथै, भारतीय हवाईजहाज गौचरमा ओर्लने व्यवस्था बसी, श्री बी. एल. शर्मा त्यसको एजेण्ट र भरखर खुलेको मोहन हवाई विभागमा श्री ज्यानबहादुर प्रधान निर्देशक भए। पुष्करलाल मास्के जस्ता नवयुवकहरू पाइलटको ट्रेनिङमा छानिए। काठमाडौं, पोखरा, भैरहवा, सिमरा र विराटनगरमा कच्ची विमानघाट बने। नेपालमा सडक बनाउन समय र खर्च दुबै बढी लाग्ने बुझी हवाई यातायात सेवा चाँडो अधिराज्यव्यापी विकास गर्ने त्यसबखतको नेपाल सरकारको योजना, २००७ सालमा गडबडी नउठिदिएको भए सफलतापूर्वक सम्पन्न हुन्थ्यो। शायद थोरै खर्चमा नेपालमा हवाई सेवाको गठन हुँदो हो। दोस्रो महायुद्ध-पछि एक डकोटा प्लेन एकाध लाखमा भारतमै छ्यासछ्यास्ती पाइन्थ्यो–अमेरिकन जीप रु. हजार वान्हसय र जी. मे. सी. ट्रक दुइहजार रूपैयाँमा सहजै पाइए कैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त सबै योजनाहरू नेपालको प्रशासकीय र आर्थिक विकासको निमित्त अति नै आवश्यक विषय गनिएकोले, तिनको विस्तारलाई राष्ट्रिय योजना समितिले अति ग्राह्यता दिएको थियो; त्यही बीचमा २००७ सालको उथल–पुथल उठी ती चारै योजनाहरू– भैंसेमा सिमेण्ट कारखाना, वालाजूमा फिल्टर प्लाण्ट, देशव्यापी रेडियो र आकाशवाणीको निर्माण र हवाई सर्भिसको विस्तारमा आँच आयो । न त दुई पैसा यूनिटमा भारतबाट बिजुली आउने कुनै लक्षण देखियो।

नेपालमा कुन किसिमको विश्वविद्यालय खोल्ने हो भन्ने चर्चा आर्थिक योजना कमिशन शिक्षा उप-समितिमा खूब चल्यो । त्यस उप-समितिका अध्यक्ष क. ज. मृगेन्द्र थिए । कलेजको संख्या नेपालमा बढाई आवासीय विश्वविद्यालय खोल्ने ध्येयले योजनाको २००७ सालसम्म पनि छलफल र श्री ३ पद्मको पालामा चलेको, नेपालमा आधार शिक्षा फैलाउने चर्चा श्री ३ मोहनको पालामा पनि चलेकै थियो । यो आधार शिक्षाको चाँडो विकासमा सरदार रुद्रराज पांडे, नेत्रबहादुर थापा, तारामान स्वाँरहरूजस्ता व्यक्तिहरू खूब लागेका थिए ।

२००६ साल भाद्रतिर नेपालमा सर्वप्रथम सिनेमा हल खोल्ने निधो लागेकोले श्री ३ मोहनका सबैजसो भित्रिया, आशामुखी र सेनामेनाहरूले, सिनेमाहल खोल्ने हुकूम प्रमांगी पाउँ भनी विन्ति गरे । धेरैजसो निवेदकहरू प्रधानमन्त्रीले हार्न नहुने खालका मानिस हुँदा, सिनेमाको लाइसेन्स एकलाई दिंदा अर्को ठुसिने सम्भव देखी, श्री ३ महाराज अलपत्र परेको बेला, उद्योग परिषद्का तालुकवाला मे. ज. विजयले, नेपालमा सिनेमाहल सरकारी क्षेत्रमा खोल्ने, त्यसबाट हुन आउने सबै आम्दानी म्यूनिसिपलेटीको नगर विकासलाई सहायतास्वरूप हस्तान्तर गर्ने र उद्योग परिषद् मार्फत सिनेमा चलाउने सुझाव पेश गरे । सो तुरुन्तै स्वीकार भयो[1] ।

त्यसबेला काठमाडौं म्यूनिसिपलेटीका सचिव सु. अनंगमान शेरचन थिए । हाल विशाल बजार बसेको ठाउँमा त्यसबेला टाउन हल थियो । त्यसैलाई सिनेमा हलमा परिणत गर्न श्री अनंगमान खटिए । २००६ सालको

---

१. म्यूनिसिपलेटी– सर्वप्रथम १९७६ साल पौष २ गते खुलेको यो संस्थालाई उहिले सफाई अड्डा भन्दथे । पछि त्यसलाई म्युनिसिपलेटी र हाल 'नगर पञ्चायत' भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखिरतिर नेपालमा सिनेमा हल खुल्यो । सिनेमामा भएको सबै आम्दानी नगर विकासलाई जाने व्यवस्था हुँदा सिनेमा हेर्नेहरू पनि चित्त दुखाउँदैनथे– सिनेमामा भएको खर्च नगर विकासलाई चन्दा स्वरूप गए झैं सम्झिने हुँदा । (डेनमार्कको कुनै सज्जनले खोलेको बियर फैक्ट्रीको सबै आम्दानी असहाय बालबालिकाको संरक्षणमा खर्च हुने व्यवस्था गरेबाट, सकभर सबै डेनिस नागरिकले त्यही बियर पिएझैं, राणा सरकारले २००६ सालमा नेपालमा खोलेको त्यो सिनेमा हल पनि पछि खूब जनप्रिय हुन सक्तथ्यो– सिनेमा हेर्नु माने म्यूनिसिपलेटी विकासलाई चन्दा दिनु जस्तो हुने हुँदा) । २००७ साल-पछि त्योव्यवस्था बदलियो ।

२००६ सालदेखि २००७ सालसम्म अर्थात् चौतीस महीनाभित्र श्री ३ मोहनले नेपालको सीमित साधनले जे जति नेपालमा आर्थिक विकास गरे र गर्न खोजे– पञ्चवर्षीय योजना बलाउन राष्ट्रिय आर्थिक समितिको गठन, त्रिभुवन विकास योजना, काठमाडौं–हेटौंडा मोटर सडक, बालाजू फिल्टर प्लाण्टको निर्माण, चेष्टा क्लिनिकको उद्घाटन, मातातीर्थ–रोप्वेको विस्तार, भैंसेमा सिमेण्ट फैक्ट्री र काली गण्डकी विद्युत् योजना, रेडियो, दूरसंचार र हवाई यातायातको विकास, आधार शिक्षा बढाउने र विश्वविद्यालय खोल्ने तरखर, सिनेमाको राष्ट्रियकरण, विदेशीलाई नेपाली हिमाल आरोहण गर्ने स्वीकृति, मोहरू एकको छमाना चामल बिक्री वितरण, कुप्रोनिक्कल सिक्काको चलन चल्ती, स्वीटजरलैण्ड र अमेरिकासंग आर्थिक सहायता लिने हेतुले गरेको सम्झौता–त्ती सब या त भारतीय राजदूतले भांजी मारी दिंदा अथवा २००७ सालको जनक्रान्तिले बीचैमा बिथोली दिंदा, काँचा कटेमेरा र अधूराका अधूरै रहे ।

हुन त देशको लामो इतिहासमा चौतीस–पैंतीस महीना कुनै लामो समय हैन, तैपनि ती चौतीस महीना भित्रमा श्री ३ मोहनले उठाएका उपर्युक्त देशविकास सम्बन्धी काम कुरा थोरै र सानो थिएनन्–तिनीहरूलाई पार लगाउने मौका उनले पाएका भए । नेपालमा चाँडो आर्थिक विकास गर्ने मे. ज. विजयको धोको भएको कारणले नै त्यत्तिका काम श्री ३ मोहनको पालामा त्यति झटाझट् थालिएका थिए । देश विकास गर्दछु भनी मरिमेटेर मात हुँदो रहेनछ, सो गर्न तम्सनेमानिसलाई बेला, बखत र मायले पनि साथ दिन पर्दो रहेछ भन्ने कुराको साक्षी छन् विचरा मे. ज. विजयका, श्री ३ जुद्धको पालादेखि श्री ३ मोहनका पालासम्म नेपालको विकास गर्ने अनेक असफल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयास । नेपालको स्तर बढाउनलाई सर्वप्रथम यसको आर्थिक अवस्था सपार्न पर्दछ भन्ने ध्रुव सत्यको ख्याल राणा सरकारलाई पनि पछि पछि जँच्दै आएको थियो भन्ने कुरालाई श्री ३ मोहनको त्यो छोटो समयको राजकाजले सावित गर्दछ ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ४

श्री ३ महाराजका हजुरमा
विन्तिपत्र,

उप्रान्त महाराज, करूणा निधान, दयासागर प्रभो: high intrinsic value भएको नेपाली मोहर रोजिन्दा चार भञ्ज्याङबाट निकासि भएको खबर पाउमा जाहेरै छ । भरदेशको एक मात्र टक्सार राजधानीमा भएकोले यहाँबाट आफ्नै देशमा मोहर फिंजियो भने आश्चर्य मान्न पर्नै कुरा त होइन। तर हाल Indian coins मा भन्दा हाम्रो मोहरमा धेरै वर्ता चाँदी भएकोले, बटोलजस्ता व्यापारका केन्द्रमा मोहरको माग बढ्दै गएकोले र नेपाली नोटको भाउ घट्दै गएकोले, मोहर हिन्दतर्फ अवश्य निकासि भएको जस्तो सेवकको सानो बुद्धिमा लाग्दछ। राजधामीमै पनि साहु महाजनले नेपाली मोहरमा वट्टा बढाउन थालेका छन्, यहाँ २००५ सालमा भन्दा अघिका मोहरको अभाव पनि बढेको छ। सबभन्दा ठूलो कुरा, हाम्रो लाखन रुपैयाँ विदेश निकासि भई कौसिबाट issue भएको नेपाली नोट तुरुन्तै मोहर साट्नलाई कौसिमा फिर्ता आउँदछ र मौजुदा हालतमा high intrinsic volue भएको silver coins, inexhavstable छैन भन्ने धेरै दुनियाँको मनमा परेको छ; यस्तो mass psychology बाट currency मा पर्न जाने bad effects सर्कारमा जाहेरै छ। हाम्रो मोहर निकासी भयो, सो रोक्न पर्दछ नभन्ने मानिस सेवकले भेटेको छैन। ५२० लाइल लामो सिमाना भएको देशमा, smuggling गर्न कम्बर कस्ने बेहिमानहरूलाई रोक्न सकिएला जस्तो सेवकलाई लाग्दैन। तसर्थ मोहर विदेश निकासिको लागि रोक्न, तावेदारको छोटो बुद्धिमा लागेको निम्न विचार सर्कारका पाउमा जाहेर गरेको छु । महाराज, जो हुकुम ।

१. तीनै कित्ताका नेपाली नोट (रू. ५, १० र १००) सरासर लिन दिन गर्नु, नगरेमा शक्त सजाँए हुन्छ भनि कडा इस्तिहार मेचीदेखि महाकालीसम्म जाहेर गर्ने । जिल्ला गौंडाका माल तहसीललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली मोहर लिएर नेपाली नोट सटानी गर्न आएमा जर्न... सम्म तुरुन्तै साटि दिनु: एकै मानिस बारम्बार साट्न आएमा नदिनु भन्ने जनाउ पठाउने।

२. पश्चिम वटौली, नेपाल गन्ज, ब्रम्हदेउ मण्डी, त्रिवेणी र पूर्वमा सिधुलि, चीसापानी, गोदार, धरानमा well tried detectives नियुक्त गरी, smugglers लाई arrest गरी examplary punishment गर्ने।

३. विदेशमा मोहन निकासी गर्ने अथवा मोहर निकासी गर्ने मानिससँग सटानी गर्ने हेतुले राजधानीबाट मोहर बोकेर लगेको ठहरेमा मोहर जफत हुन्छ भनी तुरुन्तै घोषणा गर्ने।

(क) Short term plan:

४. कौसीमा मोहरको मौज्दात हेरी, अब निकट भविष्यमा Cupro-nickel coins अथवा एक रुपैयाँको नोट कुन issue गर्ने, त्यसको निधो गर्ने।

मोहरको मौज्दात भएमा:-

१. एक रुपैयाँको नोट issue गर्नुभन्दा २५ प्रतिशत निक्केल ७५ प्रतिशत तामो मिसिएको मोहर issue गर्नु बढिया छ।

२. कागज धातुजस्तो होइन; त्यो धेरै चल्ती भएपछि मैलने र फाट्ने समेत हुन्छ, गरीब ढाक्रेले पटुकामा गाँठो पारेको नोट पानी पसिनाबाट बचाउन गाह्रो हुन्छ।

३. Lowest denomination का paper currency issue गरेका देशमा, उही दरको debased coins चलाउने पनि चल्ती छ। सो नगरेमा दुनियाँलाई paper standard मा पुग्यौं भन्ने भान पर्दछ।

४. हाल चालु भएको रु. ५, १० र १००को नेपाली नोटमा सटानी गर्न आएको बखतमा भुक्तान दिउँला भन्ने कबूल छ; दुनियाँले मोहर माग्दा १ रुपैयाँको नोट दिएमा, सरकार promise forfeit गरेजस्तो हुन्छ।

५. एक रुपैयाँको नोट चलाउन पनि silver backing राख्न परेमा, चाँदीको भाउ बढदै गएकोले, धेरै expensive हुन्छ।

६. अहिले पनि मुलुकमा price rise गरेको छ, production नबढाईकन lowest denomination को नोट निकाल्दा, inflation बढ्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो currency को value, in terms of foreign currency घट्ने सम्भावना प्रशस्त छ ।

७. एक रुपैयाँ नोटको साथ अहिलेको मोहरको पनि चल्ती चलाउने हो भने, मोहर विदेश निकासी हुन छाड्दैन । हिन्दूस्थानमा र यहाँ एकै दर्जाको सिक्काको चल्ति गर्न पर्दछ ।

मुल्कि खानामा मोहर र चाँदीको मौज्दात कम भएमा :–

१. तुरुन्तै १ रुपैयाँको नोट निकल्न पर्दछ ।

२. सो नोट ६ मैन्हा अथवा वर्षदिन पछि मोहरसँग साटनी गर्न पाइने छ भनि जनाउ दिन पर्दछ ।

३. मो. रु. १ को note issueगरे तापनि cupro-nickel coins issue नगरि साढ्ने छैन ।

(ख) Long term plan:

१. नेपालमा Foreign currency legal tender रहँदासम्म, हाम्रो currency problem solve होला जस्तो त सेवकको सानो बुद्धिमा लाग्दैन । तसर्थ एक Reserve Bank खडा गरी पहाड मधेशका हरेक जिल्लामा त्यसको branch खोली Foreign currency control गर्न पर्दछ ।

२. शुरुमा Bank ले मात्र सटानीको काम गर्न मुस्किल पर्ने हुनाले माल अड्डा र लाइसेन्स लिएका सराफी समेतबाट यो काम लिने ।

३. विदेशमा माल निकासी गर्ने मानिसबाट Foreign currency लिने र विदेशबाट माल पैंठारी गर्ने मानिसलाई तुरुन्त Foreign exchange दिने प्रवन्ध गर्न पर्दछ ।

४. नेपाली old coins withdraw गर्ने । सो गर्नलाई यो सालदेखि यो सालसम्मको मोहर legal tender हुने छैन भनि घोषणा गर्ने ।

Currency Problem समयमा हल नगरेमा पर्न आउने बाधाहरू सर्कारमा जाहेरै छ, सकभर तागिता लगाएर Cupro–nickel coins issue गर्ने बन्दोवस्त भएमा मात्र Metallic currency को देशमा खाँचो हुन्न जस्तो सेवकको सानो बुद्धिमा लागेकोले सर्कारका पाउमा जाहेर गरेको हुँ । जाहेर गर्दा बुद्धि नपुगेर हरफको उचनिच पर्न गएकोमा माफि ब्रक्सन जो निगाहा । जो हुकूम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ बजार
२-१०-०५

इत सदा सरकारको तावेदार
मीरसुब्बा भीम बहादुर पांडेको
कोटी कोटी कुर्णेश कुर्णेश

पुनश्च: त्यसबखत नेपालमा ठूला बडालाई अंग्रेजी पढेका कर्मचारीले लेख्ने व्यक्तिगत निवेदनमा नेपाली र अंग्रेजी शब्द छ्यास मिस हुन्थे भन्ने कुराको यो प्रतिवेदनले सावित गर्दछ ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- ५

सम्वत २००७ साल मार्गं १ गते रोज ५ को दरभाउ

(गो. प. बाट)

	मो. रू. १।– को
सानु केराउ	।०।६।
ठूलो केराउ	।०।३।७।।
मुंगी छांटा	।०।२।५
रहरको दाल	।०।२।५
मुसुरोको दाल	।०।२।७।।
मासको दाल	।०।३।७।।
मकै	।०।६।५
मसिनु चामल	।०।३।
मार्सी चामल	।०।३।५
तौली चामल	।०।४।
मंसरा चामल	।०।३।७।।
टिकन वजी चिउरा	।०।४।
गहुँको पीठो मो. रू. १।१७ को	१ धार्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१
निष्कासिनु भन्दा निस्कनु बढिया

(१)

भारतका राजदूत, सरदार सूरजित सिंह मजेठियाले कताकति रात-साँझपारी नेपालका राजपरिवारलाई घरी छाउनीमा र घरी ताहचल बंगालमा सुटुक्क भेट्ने गरेको कुरा पनि राणा सरकारबाट छिपेको थिएन । कलकत्तामा मे. ज. महावीर शम्शेरद्वारा स्वर्गीय श्री ५ अधिराजकुमार हिमालय र स्वर्गीय श्री ५ अधिराजकुमार बसुन्धराले, २००५ सालमा (त्यसबखत दुवै शाहज्यादाहरू कलकत्ता भ्रमणमा क. क. चन्द्रजंग थापालाई साथ लिएर सवारी भएको थियो। मे. ज. महावीरको साथ त्यहाँका तीनसय क्लबमा सवारी हुँदा कर्णेल साहेब साथै गएपनि भित्र पस्न नपाउने हुँदा त्यस क्लबका म्यानेजर मि. वोरिसले श्री ५ शाहज्यादाहरूलाई अर्कै ढोकाबाट बाहिर जाने प्रवन्ध मिलाई दिने हुँदा, पाउरखबारे भएका कर्णेल साहेबलाई यी सब कुराको पत्तो हुँदैनथ्यो) राजभवनमा भारतका प्रधानमन्त्री नेहरूलाई भेटेको खबर, राजभवनको धोवीबाट नेपाली महा-वाणिज्य दूत क. दमन शम्शेरले थाहा पाई, नेपाल पठाएका थिए।

सर चन्द्रेश्वर नारायण सिंह भारतीय राजदूत भई २००६ साल अषाढमा नेपाल आएपछि त उनको शाही परिवार र नेपालभित्रका राणा विरोधी-तत्त्वसंग भित्रिसन्चो सम्पर्क आजभन्दा भोलि झन् झन् बढ्दै गयो । त्यसअघि पनि श्री ५ महाराजाधिराज राणा शासनदेखि वाक्क भई, स्वइच्छाले स्वास्थ्य लाभलाई स्वीटजरल्याण्डमा गई बस्न पाए त्यतातिर सवारी हुने भित्री मुराद छ भन्ने खबर गोप्य तवरबाट श्री ३ मोहनमा आएको थियो । भित्रिसन्चो श्री ३ मोहनले त्यतातिर पनि कारवाई चलाउँदै थिए तर मुख फोरेर दुवै तर्फ-बाट त्यस बारेमा केही कुरा हुन पाएको थिएन। खालि श्री ५ लाई श्री ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले लोभ्याईराखेका थिए– काम कुरा टङ्गयाएर। हृदय रोगले पीडित श्री ५ त्रिभुवनको स्वास्थ्य विग्रदै गएमा, मौसूफलाई उपचारार्थ स्वीटजरलैण्डतर्फ पठाएर श्री ५ युवराजाधिराज महेन्द्रलाई नेपालको गद्दिनसीन गर्ने कुराको चर्चा पनि भित्रभित्र सुनिन्थ्यो।

भारतवाट नेपालमा पहिला आएका राजदूत श्री सूरजित सिंह मजेठिया नेपाल–भारत नयाँ सन्धि गराउन र नेपालमा थोरबहुत राजनीतिक परिवर्तन ल्याउनमा चाहे जति मात्रामा सफल भएनन् भनेर नै सर सी. पी. एन. सिंहलाई नेपालमा भारतीय राजदूत बनाएर पठाएको हो भन्ने गाइँगुइँ कुरा त्यसबखत चलेको थियो। विहारको सुडसन निवासी नयाँ भारतीय राजदूत नेपालको आन्तरिक मामलासँग राम्रो परिचित थिए पनि। मे ज. सुवर्णसंग उनको राम्रो जान-पहिचान थियो।

डा. देवव्रत, डा. हजरा र अमृत भण्डारका बी. एल. शर्माहरूले श्री ५ महाराजाधिराज त्रिभुवन र भारतीय राजदूतका बीच कुरा ओसार–पसार गर्दथे। २००७ साल आश्विन १० गते मंगलबार वैरगनियामा बसेको नेपाली काँग्रेसको सम्मेलनलाई नेपालमा सशस्त्र हमला गर्ने प्रस्ताव पास गरेपछि, ऐजन आश्विन २० गतेको गोरखापत्रमा, ज. हिरण्य शम्शेर, मे. ज. सुवर्ण शम्शेर र मे. ज. महावीर शम्शेरलाई यस षडयन्त्रमा गुरु हुन् भन्ने वात लगाई खबर छापियो। श्री ५ महाराजाधिराज त्रिभुवनलाई नारायणहिटी दरबार सुटुक्क लगी नेपाल अधिराज्यको कुनै भागमा अर्को सरकार गठन गराउने, नेपाली काँग्रेसको दाउ छ भन्ने हल्ला पनि राणा सरकारमा आएको थियो[1]।

---

१. पाल्पा, वीरगञ्ज, विराटनगरजस्तो नेपालको कुनै भूभागलाई नेपाली काँग्रेसले कब्जा गरी, त्यहाँ श्री ५ त्रिभुवनको नाममा राणा सरकार विरोधी सरकार गठन गर्ने काँग्रेसी योजना र त्यस कामको लागि संघर्ष गर्न भारतभित्र वाहिरवाट नेपाली काँग्रेसले हात हतियार जोरजाम गर्न थालेको छ भन्ने खबर पनि राणा सरकारले पाएको थियो। जनवादी गणतन्त्र चीनले तिब्बतलाई चीनको अंग हो भनी दावी गरेपछि, ठाडो कान लगाएको भारतले भित्रिसञ्चो नेपाली काँग्रेसलाई ताउ दिन थालेको थियो। नेपालमा राणा सरकारले खास जनप्रतिनिधिहरूलाई सरकारमा सरिक नगराएमा भारत सरकारको चित्त बुझ्दैन; भारत विरोधी पल्टेमा राणा सरकार धेरै दिन टिक्न सक्तैन भन्ने लख श्री ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००७ साल आश्विनमा काठमाडौंभित्र घुमेका सर्वश्री गणेशमान सिंह, सुन्दरराज चालिसे र दिलमान सिंहले राणा विरोधी तत्त्वसंग भित्रभित्र सम्पर्क जोड्दा जोड्दै इन्द्रजात्रा भन्दा केही दिन अघि सुन्दरराज चालिसे त्यसबेला पुलिसका अधिकृत क. प. रंग विक्रम शाहबाट छोडिंमा पक्राउ खाए। पकडिएका चालिसेजीलाई केरकार गर्दा अरू षड्यन्त्रकारीको पनि पत्ता लाग्यो। वरिष्ठ राणाजीहरूलाई मार्न भनी भारतबाट गुप्त रूपले आएका यी काँग्रेसीहरूले श्री ५ त्रिभुवन र सर सी. पी. एन. सिंहसंग निकटतम सम्बन्ध राखेको गोप्य खबर पनि पक्राउ खाएका चालिसेजीबाट खुल्यो। क. तोरण शम्शेरको दरबारबाट वायरलेस सेट र प्रताप विक्रमकहाँबाट स्टेशन नै बरामत भए। अनि पछि दिलमान सिंह, तोरण शम्शेर, प्रताप विक्रम, नोद विक्रम, अम्बरबहादुर राजदासहरूलाई पकडिई, सिंहदरबारभित्रै ठाउँ ठाउँमा थुनिए।

त्यसैताका श्री ५ त्रिभुवनका खरिदार दयारामभक्त माथेमा कलकत्तामा गई नेपाली काँग्रेसका नेताहरूसंग निकटतम सम्बन्ध राखेको यथार्थ खबर कलकत्ताका गुप्तचरहरूबाट एक एक गरी श्री ३ मोहनकहाँ आउँदथ्यो। कुराको प्रसंगमा श्री ३ मोहनले श्री ५ त्रिभुवनलाई त्यो खबर गर्जनसाथ नारायणहिटी दरबारमा औंल्याएका थिए। नेपाली काँग्रेस र श्री ३ मोहन दुवैसंग स्वागिला भई यताका कुरा उता र उताको कुरा यता गर्ने विश्वासघातहरूको संख्या पनि नेपाल र भारतमा त्यसबखत कम थिएन। मि. भमरलाल मोर भन्ने रघुपति जूट मिलसका म्यानेजिंग एजेण्टले नेपाली काँग्रेसका वरिष्ठ नेता पकडाई दिन्छु भन्ने गफ लगाएर श्री ३ मोहनबाट धेरै काम पटाए। उसको दुईधारे नीतिको भेद खुली नेपाल सरकारले उसलाई काठमाडौं भित्र नियन्त्रित राख्नेको चर्चा भारतको लोक सभामा चलेपछि काठमाडौंस्थित भारतीय दूतावासले श्री मोरमाई कुखुराको पोथीले चल्ला छोपे झैं छोपेर राख्यो।

चालिसेजी पकडिएपछि, गोरखा, बन्दीपुर, नारायणघाट हुँदै ठोरीको बाटो गरी भारततिर सोछिएका श्री गणेशमानलाई एक अदना ठोरीको पुलिसले नेपाल-भारत सिमानामा समात्यो। आखिर सबै दिन-दशाको खेल हो! काठमाडौं सदर जेलको सोह्र फिट अग्लो पर्खाल नाघेर

त्रिभुवनदेखि लिएर नेपालमा धेरै मानिसले २००७ सालतिर काटेका थिए। सन् १९५० को अक्टोबर ३० तारिखमा नेपाली कांग्रेसले पटनामा गरेको निर्णयको सुइँको पनि नेपालमा आएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भान्न सक्ने गणेशमान सिंहले अकेला ठोरीको खुला सिमाना पार गर्न खोज्दा अधना पुलिसवाट पकडाई खानु पनि विधिको विडम्बना हो भन्न पर्दछ । उनी अड्डासार गरी ल्याई, सिंहदरवारको बिजुली गारतमा थुनिए र उनको मुखवाटं तीन पुस्ते बकाउनलाई कर्न चारसय कोर्रा र तीन चार दिन लाग्यो ।

हरेकबाजी बाबु बाजेको नाम सोधिंदा, जवाफमा उनी "जय नेपाल" भन्दथे; उनले कसैलाई पनि नपोले वापत बेगिन्ती कोर्रा खाए । तीन चारजना आठगहरियाको आलो-पालोसंग रोज कोर्रा खाँदा खाँदा खुट्टा पटपटी फुटेका गणेशमानलाई सिंहदरवारको बिजुली गारतवाट (सिंह-दरवारको मूलढोकाको दायाँबायाँको गारत घर) पुतली बगैंचाको काठघर पुऱ्याउन (राजकाज मुद्दा हेर्ने बेलायती दरवार अगाडिको ठाउँ) घण्टन् लाग्दथ्यो– उनले मुश्किलले फटको चाल्न सक्ने हुँदा । कति निठुर भित्रि-याहरू त्यसरी सख्त पिटिएका गणेशमानजीलाई थप कोर्रा फर्माउँदथे– प्रधानमन्त्रीको स्वागीलो हुन; काँग्रेसप्रति विरोध प्रकट गर्न र आफू कांग्रेस विरोधी छु भनि श्री ३ महाराजलाई देखाउन ।

त्यो राजकाज मुद्दा हेर्नलाई ज. हरि शम्शेर, सरदार स्वंमप्रसाद, मी. सु. उपेन्द्र पुरुष ढकालहरू खटिएका थिए । वम हानेर प्रधानमन्त्री र अरू उच्च रोलवाला राणालाई इन्द्रजात्राको दिन मार्न खोजेको अभि-योग लगाई सर्वश्री गणेशमान सिंह, सुन्दरराज चालिसे, दिलमान सिंह, राजदास, प्रताप विक्रम, नोद विक्रम, अमरवहादुर, क. तोरण शम्शेर-हरूको मुद्दा हेरिन लाग्यो । नेपाल सरकारको अनुरोधमा आएका भारतीय जासूस मि. नेगीले नेपाली काँग्रेससंग सम्बन्ध भएका मानिसको नेपालमा खोइरो खन्न थाले । नोद विक्रम, प्रताप विक्रम, तोरण शम्शेरहरूकहाँ आवत जावत गर्ने मानिसहरू उपर सरकारी निगरानी बढ्यो । "हाल-हुलमा जीउ जोगाउनु अनिकालमा वीउ जोगाउनु" भन्ने युक्तिसंग परिचित धेरै नेपालीहरू यो नयाँ परिस्थितिले घबडाए के हुने हो भनि । वास्तवमा भित्रिस्तरमा नेपाली काँग्रेस प्रति सहानुभूति राख्ने मानिस त्यसबखत नेपालमा कम थिएनन् ।

२००७ सालको इन्द्रजात्रामा, साविक दरसाविक बमोजिम, रोल-वाला राणाजीले जात्रामा भाग लिएनन्– त्यस दिन काँग्रेसीहरूले उनीहरू-लाई उनीहरूलाई वम हान्छन् भन्ने हल्लाले । त्यस मुद्दामा परेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको बयानबाट यस षड्यन्त्रमा श्री ५ त्रिभुवन र भारतीय राजदूत पूरा-पूर मुच्छिएको प्रष्ट भएपछि, राणा सरकारले श्री ५ प्रति ठूलो निगरानी राख्न थाल्यो। नारायणहिटी दरबारको चारैतिर ठाउँ ठाउँमा सङ्कमा नै आमजनताले देख्ने गरी सिपाहीहरूले पाल हालेर पहरा बसे—राजा भाग्लान् भनी। त्यसपछि श्री ५ लाई हावापानी बदल्ने निहुले गोरखा पठाउने अरे भन्ने हल्ला शहरमा खूब चल्यो। उता श्री ५ त्रिभुवनलाई नारायणहिटी दरबारबाट भगाउन र राणाजीहरूले श्री ५ त्रिभुवनलाई गोरखा धपाउन खोजेका छन् भन्ने हल्ला चम्कने, यता नारायणहिटी दरबारको वरिपरी पाल टाँगेर सिपाही पालो बस्ने गर्दा, स्याल कराउने बाघ्रो हराउने जस्तो काग ताली पऱ्यो।

गर्दा गर्दा त्यस सालको वडादशैंको टीकाको दिन साविक बमोजिम सालेवम चढेर सबै रोलवाला राणाजीहरू श्री ५ को वाहुलीवाट टीका थाप्न नारायणहिटी दरवार जानको सट्टा एकजना उच्च रोलवाला राणाजी दरवारबाट टिका थापेर आएपछि अर्को गए- एकैबाजी जाँदा सबैको एकै चेहान होइएला भनी। कर्मचारीहरूलाई पनि निकै पर दरवारको बैठकबाट त्यस साल श्री५ ले जमरा छरी दिइबक्सियो; गारतले झुकेर श्री ५ लाई मुख्तियारी सलामी दियो (बबर शंशेर मौसूफसाथै उभ्भिएकाले) खालि विधिसम्म पुऱ्याउनलाई नारायणहिटी दरबारमा टीका भयो। शंका, उपशंका र त्रासले रूमलिएको काठमाडौंको राजनीतिक वातावरण २००७ सालको दशैंताका निकै धमिलिएको थियो। भरखर भरखर नेपालमा चलेको भारतीय हवाईजहाजमा त्यसैताका श्री ५ त्रिभुवनलाई काठमाडौं उपत्यकामाथि हजूरिया जर्नेल साथै बसेर सयल गराउँदा, बाहिरियाहरूले नेवारे भाषामा "चखुंचा व्याआगु" अर्थात भंगेराको बच्चाले उड्न सिके जस्तो भयो भनी ठट्टा गर्दथे।

श्री ५ महाराजाधिराज र भारतीय राजदूतको नेपाली काँग्रेसका आतंकवादीसंग साँठोगाँठो बाँधिएको कुराको भेद खुलेकोले भन्दा पनि "सी" क्लास सत्रभाइ राणा मध्ये निकै चल्तापूर्जा क. तोरण शम्शेर काँग्रेसतर्फ मिलेको देख्दा र उनलाई सिंहदरवारमा केरकार गर्दा, "पेटभरी खान नपाएपछि के गर्ने त" भन्ने उनको ओठे जवाफ सुन्दा, रोलवाला सत्रभाइहरू निकै तर्सिए। त्यसपछि, रोलवाला राणाजीको बेरोलवाला राणाजीहरू प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भर-पत्यार पनि निकै घट्यो। वास्तवमा प्रधानमन्त्रीका छोरा हुने सौभाग्य पाएका राणाजी बाहेक अरू सत्रभाइ राणाजीहरू अब निकै टुट्दै गए-काले उनीहरू रोलमा माथि पुगेका राणाजी देखी मिच्छिन थालेका थिए पनि।

पाल्पाली कमाण्डर इन-चीफ रुद्र शम्शेरको साथ बसेका धेरैजसो छोराहरू त पूरै काँग्रेसपट्टि ढलके भन्ने खबर आएकोले पाल्पा गौंडा थाम्नलाई ज. प्रचण्ड र उनको सहायकमा ले. क. क्षेत्रविक्रम राणा खटिएर गए। तराईका धेरैजसो जिल्लामा प्रधानमन्त्रीको विश्वासी राणाजीहरू बडा हाकिममा नियुक्त भए। २००७ सालको दशैं पछि, श्री ३ महाराज, मुख्तियार र चार कमाण्डिङ जर्नेल हरि शम्शेर, रोजिन्दा जस्तो सिंहदरबारमा भेट्न थाले अब के गर्ने भनी। "आगो लाग्यो झुपडी डेढ घडी भद्रा", भन्ने त नेपालीमा कहावतै छ। यस्तो नाजुक अवस्थामा सर्वश्री गणेशमान सिंह, दिलमान सिंहहरूलाई फाँसी दिने र राजदास वाणे श्रेष्ठ र अरूहरूलाई लामो कैदमा हाल्ने लालमोहर श्री ५ त्रिभुवनबाट श्री ३ मोहनले गिराउन लागेका छन् भन्ने खबर बाहिर निकै चल्यो। प्रधानमन्त्रीले जतिसुकै ताकिता लगाए तापनि, त्यो लाल मोहर सदर हुन ढिलायो (दामल, प्राणदण्ड, सर्वस्व गर्ने, खर्चको भर मिनाहा, विर्ता दिने गराउने जस्ता कागजमा त्यसबखत प्रधानमन्त्रीले श्री ५ को लालमोहर गराउँदथे- राष्ट्रमा भएको उचित अनुचित खर्च र पापधर्मको जबाफदेही श्री ५ लाई बोकाउन र यस लोक र परलोकमा समेत जवाफदेही आफ्नो टाउकोबाट पन्छाउन। त्यो लालमोहर एक बलियो कन्तुरभित्र र नारायणहिटीमा र कन्तुरको साँचो सिंहदरवारमा रहन्थ्यो। यो ढिला सुस्तीको अर्को कारण थियो निकट भविष्यमा नेपाली काँग्रेसले नेपाल अधिराज्यको कुनै न कुनै भागको कब्जा गरी राष्ट्रव्यापी आतंक मच्चाउँदछ; फलतः राणा सरकार घबडाई नेपालमा भारतले चिताए बमोजिमको वैधानिक सुधार हुन्छ भन्ने जनधारणा।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

२००७ सालको इन्द्रजात्रापछि, श्री ५ को दरबार रातो-दिन सिपाहीले घेरेको देखेका काठमाडौं निवासीहरूले, मौसूफलाई चाँडै नै राणाजीहरूले गोरखा धपाउन लागेका छन् भन्ने हल्ला पनि अब पत्याउन थाले (अरूले डेग चलाउन नसकेको दरबारको सेफ श्री ५ त्रिभुवनले एक्लै जुरुक्क उठाए देखी मौसूफलाई मुटुको ब्यथा शुरु भएको थियो । त्यसैले गोरखामा हावापानी फेर्न मौसूफलाई पठाउनु बेस होला भन्ने एक थरी डाक्टरको सुझाव थियो) । वास्तवमा स्वास्थ्य सुधारको निहुँ पारेर श्री ५ त्रिभुवनलाई गोरखा निष्काशन गर्ने कुरा प्रायः पक्कै जस्तो भएको थियो । त्यसबखत डा. सिद्धिमणि आचार्य दीक्षितले नारायणहिटी र सिंह दरबार दुवै दरबारमा स्वास्थ्य उपचार गर्दथे । शंकै शंकामा थुनिनु, नजर बन्द रहनु, फौजले घेरिएर बस्नु, जसलाई पनि असैह्य हुन्छ । श्री ५ महाराजाधिराजलाई त त्यो अपमान झन् सहीनसक्नु हुने नै भयो । नारायणहिटी दरबारलाई चारैतिरबाट सिपाहीले घेर्न थाले पछि श्री ५ त्रिभुवनले आफ्नो मनको वेदना भारतीय राजदूतलाई पोखि-बक्सेको हुन सक्तछ ।

यस कुराको सुईँको महामहिम भारतीय राजदूत सर सी. पी. एन. सिंहले भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूलाई बेलैमा दिएकाले गोरखा धपाइनुभन्दा अघि श्री ५ बाट आवश्यक ठानी भारतीय दूतावासमा शरणार्थ सवारी भयो भने, सुरक्षित राख्नू भन्ने केही संकेत उनले आफ्ना प्रधानमन्त्री-बाट बेलैमा पाएका थिए भन्ने कुरा कुमारी एरिकाले लेखेको पुस्तकमा विस्तार भएको छ[1] (श्री ५ जेठा बडामहानी कान्ति राज्य लक्ष्मी देवी शाहको गाथ मोल्न दबाउन भनी ल्याइएकी सुश्री एरीकाद्वारा पनि श्री ५ ले भारतीय राज-दूतसँग सम्पर्क राखिबक्सेकोथियो) । श्री ५ त्रिभुवनबाट यो चाल चलिबक्सन्छ भन्ने अन्दाज श्री ३ मोहनले गरेका थिएनन्, नत नेपाली कांग्रेसले त्यसको सुईंको पाएको थियो ।

---

१. एरिका ल्यूइटाग–'एरिका र नेपालको राजा'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसबखत राणा सरकारले श्री ५ त्रिभुवनलाई चारैतिरबाट अंकुस लगाएको, चेवाराखेको, च्यापेको, घेरेको, चहलपहल गर्न नदिएको र मौसूफको दरबारको एक एक खबर लिएकोले, राजा राणाजीको मुठीभित्र छन्, उनले केही गर्न र कत्तै जान सक्तैनन् भन्ने कुरामा उ ढुक्क थियो। "अक्करमा परे पछि जरायोले पनि सिंग थाप्दछ" भन्ने कहावत छ। २००७ सालको भदौ असोज ताका अति पेलिई बक्सेका श्री ५ त्रिभुवन स्वभावतः उम्कने बाटो खोजिबक्सेको थियो– आत्मबल, खुवी र बुद्धि भएका मानिस सितिमिति सदा नाहक दबिएर बस्न नचाहने हुँदा।

राणाजीको पन्जाबाट फुत्कने श्री ५ त्रिभुवनको तिरन्तर प्रयास नयाँ हैन। राणाजीले पत्तै नपाउने गरी श्री ५ त्रिभुवनले देशी विदेशीलाई आफूले मात्र भित्रिसञ्चो भेटिबक्सदैनथ्यो, अधिराजकुमारहरूलाई भेट्न लगाइ-बक्सन्थ्यो र अनेक विषयका पुस्तकहरू भित्रभित्र पढी बक्सन्थ्यो। मौसूफमा प्रगतिशील नयाँ नयाँ विचार जगाउन र फुराउनमा माष्टर तुलसीमान सिंहको ठूलो हात थियो। राणाजीहरूले पत्तै नपाउने गरी माष्टर साहेबबाट मौसूफले विश्व भूगोल, हितोपदेश, इतिहास र राजनीतिका पुस्तकी ज्ञान आर्जन गरिबक्सिएको थियो। भित्रभित्र श्री ५ त्रिभुवनले गरिबक्सेको त्यो खास बौद्धिक विकास र तयारीसंग शक्तिअन्धो राणा सरकार अनभिज्ञ रहेको थियो।

साँचैनै भन्ने हो भने श्री ५ त्रिभुवन धेरै रोलवाला राणाजी भन्दा बढी तर अदृश्य रूपले जनतासँग भिजिबक्सेको थियो। नेवारे भाषामा मौसूफ पोख्त, र विश्व परिस्थितिसँग राम्रो परिचित होइबक्सन्थ्यो। मौसूफको विलक्षण प्रतिभाको यथार्थ बयान यथास्थानमा लेखिने छ। मौसूफलाई सानै उमेरदेखि रसरंग (१३ वर्षमा श्री ५ महेन्द्र पैदा भइबक्सेको) मा राणा सरकारले भुलाउने प्रक्रिया अनुरूप र एकै दिन दुई बडामहारानीसँग विवाह भएको थियो।

भित्री पुलिस, चाकरीदार र गोप्य प्रतिवेदनको भरमा चल्न थालेको एक सय चार वर्ष पुरानो, भाइ भागमा बाझिएको राणा सरकारको दम दिन प्रतिदिन घट्दै गएको तथ्यसँग श्री ५ त्रिभुवन खूब परिचित भइबक्सेकोले, बाहिर राणा सरकारसँग जतिसुकै दवे जस्तो देखाए पनि, भित्र भित्र, उसलाई पल्टाउने र उखाड्ने घडी आइपुग्यो भन्ने कुरामा विश्वस्त भई, त्यो आत्म-विश्वास जसरी भए पनि कार्यान्वयन गर्न २००७ सालमा मसक्क कम्मर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसिबक्सेको थियो।

श्री ३ जुद्धको पालामा एकाधवाजी मौसूफले भारत भ्रमणसम्म गरिबक्सेको भए पनि विश्वको पुस्तकी ज्ञानमा, मौसूफ कुनै राणाजीभन्दा कम भइबक्सँदैनथ्यो र मौसूफको स्मरण शक्ति पनि अपार थियो। मुख्यतया अंग्रेजको भरमा त्यतिन्जेल चलेको राणा सरकारले अब समसामयिक राजनीतिक सुधार नगरेमा नयाँ भारत सरकारले टेवा दिन्न र नेपालका जनता राणा सरकारका पक्षमा छैनन् भन्ने कुरामा ढुक्क भएर यो नयाँ कदम चाल्ने निधो मौसूफले गरिबक्सिएको थियो।

त्यसबखत भारतीय राजदूत शीतल निवासमा बस्दथे र धेरै दिनलाई पुग्ने गरी घडाका घडा पानी, खाने सामान, कोइला र दाउरा, म्याण्टोल बत्तीहरू जम्मा गरेको र दूतावासका सैनिक सहचारी क. कटोजको मातहतमा भारतीय पहरादारहरू थपेकोबाट (जुन कुरा पछि थाह भयो) श्री ५ त्रिभुवन कथंकदाचित दूतावासभित्र शरणार्थ पसिबक्सेको र नेपाल सरकारले दूतावास घेरेको खण्डमा पनि धेरै दिनतक आफू टिक्ने प्रबन्ध राजदूतले वेलैमा गरेका थिए भन्ने कुराको सावित हुन्छ।

राजदूतका निजी सचिव मि. एस. के. सिन्हाले अमृत भण्डारका बी. एल. शर्मा (नेपाल आउने भारतीय एयरलाइनका एजेण्ट) मार्फत काठमाडौं-स्थित केही नेपाली र भारतीयहरूसँग निकै सम्पर्क बढाएका थिए। २००७ सालको असोज-कार्तिकतिर श्री ३ महाराजको, श्री ५ महाराजाधिराज र भारतीय राजदूतसँग आन्तरिक खिचातानी बढ्न थालेकोले नेपालस्थित भारतीयहरूको वड लिएर राजदूतले मुन्सीखानाका डाइरेक्टर जनरल र प्रधानमन्त्रीसँग लेखापढी गर्न थालेका थिए। वातन पिच्छे निहुँ खोज्दै।

वन विभागका सल्लाहकार श्री पद्म प्रसाद रतौडी (भारतीय नागरिक)को स्तर बिजुली अड्डाका चीफ-इन्जिनीयर मि. किलवरन् (बृटिस नागरिक)को भन्दा कुनै हालतमा पनि कम हुन हुँदैन भन्ने भारतीय राजदूतको भनाइ थियो। (नेपाल सरकारका त्यसबखतका सीमित यूरोपियन कर्मचारीले नेपालमा साविक दर साविकदेखि पाउँदै आएका विशेष मान, मर्यादा, भारत स्वतन्त्र भएपछि पनि पाउँदै थिए। पुराना कर्मचारीले खाई-पाई आएको दर्जा, तलब र सम्मान कायमै राख्ने, नयाँ विदेशी कर्मचारीहरूलाई त्यही सुविधा र सत्कार प्रदान नगर्ने त्यसबेलको नेपाल सरकारको नीतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख्याल नगरी नयाँ भारतीय राजदूतले नेपाल सरकारको सेवामा रहेका भारतीय कर्मचारीहरूलाई हात लिने विचारले अनेक निहु खोजी खिचोला गर्न थालेका थिए।)

श्री ३ मोहनले अब चाँडै नै आफूलाई गोरखातिर निष्काशन गर्ने, गणेशमान इत्यादिलाई मार्ने र लामो कैद हाल्ने लालमोहरमा छाप लगाउन बाध्य गर्ने सम्भव बढ्दै र नेपाली कांग्रेसलाई चाँडैनै राणा सरकार विरोधी क्रान्ति छेड्ने कुरा सेलाउँदै गएको र भारत सरकारले मौसूफलाई आवश्यक परेमा राजनीतिक शरण दिने कुरा पक्का पक्की भएपछि, २००७ साल कार्तिक २१ गते सोमबार एकादशीको दिन रानीवनमा शिकार खेल्न जाने स्वीकृति श्री ३ बाट लिई, सपरिवार (दुई बडामहानी, तीन छोरा, दुई बुहारी, एक नाति र दुई छोरी) श्री ५ त्रिभुवन, नारायणहिटी दरबारबाट रानीवन जान भनी विहान ९.४५ बजेतिर आफैंले मोटर हाँकेर सवारी भएको, शीतल निवास-भित्र पो पसिबक्सियो– राणा सरकारबाट गोरखा निष्काशित भई त्यहाँ राजबन्दी भएर बाँच्नु भन्दा त देश बाहिर गएर आफ्नो र प्रजाको हक सावित गर्न राणा सरकारसँग संघर्ष गर्नु बढी श्रेयकर संझी।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

नेपालमा एकैबेला दुई राजा

(१)

श्री ५ त्रिभुवन भारतीय दूतावासमा सपरिवार सवारी भएपछि, मौसूफका सैनिक सचिव (अंग रक्षक) भई काम गरेका क. नारायण नरसिंपनि सवारी साथै बस्न चाहे; अनि दूतावासको ढोका बन्द भए। श्री ५ भारतीय दूतावासभित्र राजनीतिक शरण लिन सवारी भएको खबर सिंहदरबारमा भारतीय र अन्य स्रोतबाट पुग्नासाथ मुख्तियार र चार कमाण्डिङ जर्नेलहरू तुरुन्तै र अनि केही बेरपछि जुटेको सत्रभाई राणाजीहरूको वैठकले मे. ज. अर्जुन शम्शेर (श्री ५ त्रिभुवनको भानिज) र मे. ज. विजय शम्शेरहरू श्री ५ लाई सम्झाई बुझाई दरबार फर्काउन र मे. ज. अरूण शम्शेर (श्री ५ वीरेन्द्रकै मामा) नारायणहिटी दरबारमा को को शाही परिवार बाँकी छन् भनी जाँचबूझ गर्नलाई खटिए। श्री ५ त्रिभुवन भारतीय दूतावासबाट नफर्केमा, श्री ५ युवराजाधिराज (पछि श्री५ महाराजाधिराज महेन्द्र) को सवारी चलाउनू भन्ने दुई जर्नेल साहेबलाई निर्देशन भएको थियो। जर्नेल साहेबहरूले श्री ५ त्रिभुवनको दर्शन शीतल निवासमा पाएनन्। अब के गर्ने भन्नें कुराले राणाजीहरूको त्यो दिन बित्यो। राणा राणाको बीच घच्ची पर्दा त केही राणाजी काठमाडौं स्थित बृटिश दूतावास शरणार्थ पसेका दृष्टान्त थियो तर श्री ५ महाराजाधिराज विदेशी दूतावासमा पसिबक्सेको यो नेपालको इतिहासमा पहिलाबाजी थियो[1]। (कोत पर्वमा श्री ५

---

१. १९४२ सालमा धीर शम्शेरका खलकले श्री ३ रणोद्दीपलाई मारी श्री ३ जंगबहादुरका छोरा नातिलाई धरपकड गर्दा, कोही कोही बृटिश दूतावासमा शरण लिन गएका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजेन्द्रले राती बृटिस राजदूतसंग परामर्स गर्न सवारी हुँदा बृटिस राजदूतले भेटेनन् भन्ने कुरा कताकति लेखेको पाइन्छ ।

भारतका राजदूत सर सी. पी. एन्. सिंह आपना प्रथम सचिव मि. एस्. गुप्ताको साथ श्री ५ त्रिभुवन भारतीय दूतावासमा सवारी भएको खबर औपचारिक तवरबाट भन्न त्यही दिन सांझतिर सिंहदरवारमा आउँदा लछार-पच्छार पार्ने, गोली ठोकेर मार्ने धम्की श्री ३ मोहनलाई कुनै कुनै रोल-वाला राणाजीले सुनाए । त्यसबखत सबै रोलवाला राणाजीहरू सन्केका र भारतीय राजदूतसंग निकै रन्केका थिए । राजदूतकै वहकाउमा लागि श्री ५ त्रिभुवन भारतीय दूतावासभित्र पसिबक्सेको हो, त्यसलाई जिउँदै छाड्न हुन्न भन्ने पक्षमा मुख्य थिए पू. क. ज. वहादुर शम्शेर । हुन पनि त्यसबखत सबै जसो राणाजीहरू विह्वल र शाही परिवारसंग वक्र भएका थिए । वास्तवमा राणाजीको १०४ वर्षको राज्य कालमा यो भन्दा जटिल समस्या उनीहरू अघि कहिले पनि परेको थिएन ।

तर श्री ३ मोहन शम्शेरले त्यस नाजुक घडीमा कत्ति विचलित नभै राजदूतलाई हातपात गर्न हुन्न भन्ने सल्लाह आपना भाइहरूलाई दिए । श्री ३ मोहनसंगको भेटवार्तामा भारतीय राजदूतले निकै स्वागिलो भई आफ्नो निर्दोषपण व्यक्त गरे तर अब त्यो जटिल समस्याको कसरी हल गर्ने हो भन्ने तर्फ कुनै सल्लाह दिएनन् । त्यसै दिन उनले आकाशवाणीबाट आफ्ना प्रधानमन्त्रीसंग जी हजूर लगाएर दिल्लीमा गरेको कुरा काठमा-डौंमा सबैले सुनेकाले, उनको सो घटना प्रति के कस्तो विचार थियो भन्ने सर्वविदित भइसकेको थियो (भोलि-पर्सी पल्टदेखि सर चन्द्रेश्वरले माइक्रो फोन लगाएर दिल्लीमा कुरा गर्न शुरू गरे– आफूले दिल्लीमा आकाश वाणीबाट गरेको कुरा काठमाडौंका जनताले बुझे भन्ने थाहा पाएर उनले वातन पिच्छे जि हजूरी लगाएर भारतका प्रधानमन्त्री संग सोझै आकाश वाणीमा कुरा गरेको प्रष्ट सुनिन्थ्यो ।

कार्तिक २१ गतेका सांझ सिंहदरवारमा अर्को अप्रिय घटना घट्यो । रोलवाला सत्रभाइ मध्ये दिग्गज जति माथि सन चोसेमा (वैठकमा) र अरू वेरोलवाला जति तल वेलायती वैठकमा (त्यस वैठकमा जडिएका सबै सामा-न व्यलाइतबाट झिकाइएकोले त्यसो भनेको) राखिए । राणा परिवारलाई आइपरेको सवभन्दा ठूलो त्यो संकटको घडीमा पनि उनीहरूमा "ए" र "सी" को भेदभाव नउठ्न पर्ने थियो; सके सबै राणाजी, नभए पनि सत्रभा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इहरू एक ढिका हुनु पर्ने त्यस्तो नाजुक बेलामा उल्टो रोलवाला जति माथि र बेरोलवाला जति तल बेलायती बैठकमा[1] बस्न परेकोले, तल घण्टन् कुराइ-एका सत्रभाइ राणाजीहरूको चित्त त्यसै पनि दुखेको र झोक चलेको बेलामा, ज. नारायण शम्शेरले कुरै कुरामा "सी" क्लास राणाजीहरूलाई "दासीपुत्र", भनेकाले, त्यहाँ चटारो मच्चियो । खास गरेर मे. ज. किरण शम्शेर र स्वर्गीय मे. ज. सुरेन्द्र शम्शेरहरू निकै उम्ले; रनका रनकी पऱ्यो ।

मे. ज. विजय शम्शेरले हात जोरेर दुवै पक्षलाई नसम्झाएको भए त्यसैबेला त्यहाँ के पो हुँदो हो । बेरोलवालाहरू पछि मत्थर त भए, तर त्यस्तो नाजुक घडीमा पनि रोलवालाले उनीहरूलाई नपत्याएकाले– हामी धोवीको गधा झैं यताका न उताका भयौं भन्ने उनीहरूको गुनासो बढ्दै गयो । श्री ५ त्रिभुवन भारतीय दूतावासमा पसेपछि राणा शासनको आयु छोट्टियो भन्नेहरू मध्येका केही बेरोलवाला राणाजीहरूले मुखले केही नभने पनि, भित्र भित्र रोलवाला राणाजीको सेखी झरेको हेर्न चाहन्थे– त्यस अधि लुते रोलवालाले पनि मै हुँ भन्ने कुक्कड बेरोलवालालाई तृण जतिपनि नठान्ने हुँदा । सत्रभाइ राणाजी भए पनि, बेरोलवालाको त्यसबखत उस्तो भाउ थिएन– उनीहरूले हर्न भर्न नसक्ने हुँदा ।

कार्तिक २१ गतेको साँझ अब के गर्ने र कसो गर्ने भन्ने कुराको सिंहदरबारमा राणाजी र केही भित्रियाहरूको बीच छलफल हुँदा, कसैले शीतल निवास घेरेर राख्ने; त्यहाँ खाने पानीको नाली काटी दिने; कसैले जबरजस्ती दूतावासभित्र पसेर श्री ५ त्रिभुवन र शाही परिवारलाई फर्काएर ल्याउने; कसैले श्री ५ त्रिभुवन फर्कन नचाहेमा श्री ५ युवराजाधिराजलाई फर्काएर ल्याउने; कसैले शाहज्यादा श्री ५ ज्ञानेन्द्रलाई राजा

---

१. २०३१ सालमा आगो लाग्नु भन्दा अघि चार ठूला चोक र अनेक नामी बैठक– बेलायती, फोरा, सनचोसे, रोज, चाँदनी, कैलाश– थिए । १९०७ सालमा बेलायत भ्रमणबाट नेपाल फर्केपछि श्री ३ जंगबहादुरले थापाथलीमा गोल दरबार बनाए झैं १९५६ सालमा श्री ३ चन्द्र बेलायतबाट फर्केपछि, बेलायती दरबार भन्ने एक लंग सिंहदरबारमा थपिएको थियो । यसैमा श्री ३ जुद्धले राखेका थिए, रुद्र शम्शेर धपिएपछि, चारबूर्जाबाट ल्याएको त्यो विचित्रको (ग्रैनै ग्रैनाको) पलंग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाउने र कसैले श्री ३ महाराजले नै श्री ५ को शिरपेच लगाउने भन्ने सुझाव गरे। धेरै वरिष्ठ राणाको त्यसवखत विचार थियो श्री ५ त्रिभुवनको सट्टा नेपालमा अर्को राजा तुरुन्त बनाउन पर्दछ भन्ने। त्यसतो आथ्यो र आच्छो परेको बेला बृटिश राजदूतको विचार बुझ्न मे. ज. विजय लैनमा पठाइए।

बृटिस राजदूतले पहिले त रिजेन्सी काउन्सेल गठन गर्ने जस्तो सही सुझाव मे. ज. विजयलाई दिए। त्यसैमा उनी अडी दिएका भए, शायद त्यसबेला केही समयको लागि भए पनि नेपालमा रिजेन्सी काउन्सेल नै गठन भई, पछि श्री ३ मोहन शम्शेरको पनि नाक रहन्थ्यो र परिस्थिति पनि त्यति चर्कन पाउने थिएन। महामहीम बृटिश राजदूतको त्यो जायज सल्लाह मे. ज. विजयले तुरुन्त नसकार्नु उनको पनि भूल थियो। राजदूतले भने बमोजिम रिजेन्सी काउन्सेलको गठनपट्टि मे. ज. विजयले चाख लिई दिएको भए शायद परिस्थितिले अर्कै मोड लिन्थ्यो, र शायद राजदूतले अर्को कुनै सुझाव फर्माउने पनि थिएनन् होला। रिजेन्सी काउन्सेल गठन भई दिएको भए कुरा गर्ने धेरै बाटो रहन्थ्यो।

तर साथै कुरै कुरामा नेपालको राणा सरकारले जसलाई राजा मान्छ बृटिश सरकारले पनि त्यसैलाई राजा मान्ने छ भन्ने दोधारे फ्यातुलो खालका कुरा पनि बृटिश राजदूतले मे.ज. विजयलाई चुहाए। ती दुवै सुझाव मे.ज. विजय मार्फत कार्तिक २१ गते दिन भरी बसेको राणाजीको त्यस सभामा पुग्यो। त्यसबेलासम्म बृटिशको विश्वव्यापी प्रभाव उति घटी नसकेकोले, श्री ५ त्रिभुवनको सट्टा जसलाई हामी राजा मान्दछौं बृटिश सरकारले पनि त्यसैलाई मान्यता दिने हो भने कुरा त सकियो; बृटिशले मानेपछि, अरू राष्ट्रले नाकका चालले हामीले गद्दीमा राखेको राजालाई मान्यता प्रदान गर्न पर्दछ र विदेशी दूतावासमा शरण लिन गएका राजालाई कसरी नेपालको राजा मान्ने भन्ने विचार भएका दक्षिणपन्थी राणाजीहरूको तुरुन्तै अधिक बहुमत भयो। त्यस घडीमा त प्रायः सबै राणाजीहरू राज गद्दीमा एक छिन पनि खाली राख्न हुन्न भन्ने पक्षमा थिए।

त्यो निर्णयको घोषणा गर्नु अघि, फेरि एक बाजी श्री ५ त्रिभुवनलाई भेटी, मौसूफ दूतावासबाट फर्किबक्सन नचाहेमा श्री ५ युवराजाधिराज र मौसुफ पनि फर्कन नचाहेमा बालक जेठा शाहज्यादा श्री ५ वीरेन्द्रलाई मागेर ल्याउने; कुनै पनि नफर्केमा ४ वर्षका माहिला शाहज्यादा श्री ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानेन्द्रलाई राजा बनाउने यो निर्णय पहिले श्री ५ त्रिभुवन र पछि भारदारीलाई सुनाउने कुराको तय भयो । यसपटक मे. ज. विजयलाई एक्लै शीतलनिवास पठाइयो। जर्नेल साहेबले भारतीय राजदूतमार्फत श्री ५ त्रिभुवनको दर्शन भेट विन्तिगर्दा, राजदूतले "अब तपाईंले श्री ५ त्रिभुवनको दर्शन नेपालमा हैन दिल्लीमा पाउनु हुन्छ" भन्ने ठाडो, जवाफ खडा खडी ठाड ठाडै दिए। त्यसबखत श्री ५ त्रिभुवन भारतीय राजदूतको मुठीमा परिबक्सेकोले, मे. ज. विजय फेरि नाजवाफ र निराश फर्के।

आखिर, ठूलो धर्मसंकट नपरी, त्यत्रो जोखिमी उठाएर श्री ५ त्रिभुवन विदेशी दूतावासभित्र पसिबक्सेको थिएन। मे. ज. विजय दोश्रो पटक शीतल निवास धाउँदा श्री ५ त्रिभुवनको दर्शन पाएका भए पनि, सानो चोटले मौसुफको सवारी फिर्ने कम संभव थियो। त्यस माथि पनि, भारतीय राजदूतले बीचैमा भाँजी मारि दिए आफ्नो हात परेको सुनौला चिडिया उम्कला भनेर।

त्यसैले, श्री ५ ज्ञानेन्द्रलाई नेपालको गद्दीनसीन तुरून्त बनाउने सूचना प्रकाश गर्ने निर्णय त्यसै राती तय भई, भोलिपल्ट कार्तिक २२ गते विहान सात वजे संसद सदस्य र भारदारहरूलाई सिंहदरबारमा सामेल हुने उर्दी भयो। राष्ट्र सभाको उद्घाटन पछि, धेरै निर्वाचित सदस्यहरू घर फर्की सकेकोले, त्यसबेला हाजिर हुनेहरू थिए– शंकरदेव पन्त, पूर्णप्रसाद ब्राम्हण, रूद्रबहादुर श्रेष्ठ, मदनधारी सिंह, ईश्वरीप्रसाद रिमाल, केवल चौधरी, शिव दयाल र गयाप्रसाद शाहहरू । त्यति नै भए पनि, भारदारी र राष्ट्र सभाको निर्णय भन्ने निहुँ पुग्यो। आखिर ती सभाहरू खालि विधिसम्म पुऱ्याउन लाई त गठन भएका थिए नि । जनमतको समर्थन नभएको कुरालाई छ भन्नु अथवा छ भनेर जगतलाई देखाउन खोज्नु जत्तिकै बेभरको कुरा हुँदो रहेछ, सानो, गरीब, प्रचारका साधनले हीन, एकतन्त्री जहानीया शासनले परिचालित राष्ट्रको विचारको धिमा प्रचार भन्ने कुरालाई त्यसपछि नेपालमा घटेका अनेक घटनाले सावित गरे । "नेपालका राजा विदेशी दूतावासमा शरण लिन गएका, बोलाउँदा पनि नफर्केका र नेपालको राजगद्दी एक छिन पनि खाली राख्न नहुने हुँदा, उनकै वंशजलाई नेपालको राजा बनाएको हो" भन्ने थियो नेपाल सरकारको मुख्य भनाइ र त्यसैको उसले देशभित्र बाहिर त्यसबेला गर्न खोजेको थियो प्रचार।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

कार्तिक २२ गते बिहान बाहिर जाडोले र भित्र डरले काँप्दै गएका भारदार कर्मचारी र संसद सदस्यको सिंहदरबारको मूल ढोकादेखि पहिलो चोकको भित्री ढोकासम्म जतातत मेशीनगन राखिएको देखेर सातो गयो। चोकभित्र पसेपछि शिर बेहोरा नलेखिएको कागजमा मी. सु. भरतमणि आचार्य दीक्षित र अरू एक-दुई जनाले सामेल भएका सबको सही गराए। पहिलो चोकमा उपस्थित सबै भारदारहरूलाई तीनतलामाथि दक्षिण लंगको ऊयालबाट सम्बोधन गर्दै श्री ३ मोहनबाट, "पटक पटक श्री ५ त्रिभुवन र मौसूफका उत्तराधिकारीहरूलाई भारतीय दूतावासबाट फर्की वक्सन अनुरोध गर्दा, सुनवाई भएन; शाहवंशलाई मान्ने हाम्रो परम्परा भएकोले मौसूफकै वंशजका माहिला शाहज्यादा श्री ५ ज्ञानेन्द्र वीर विक्रमलाई गद्दीमा राख्ने कुरामा तिमीहरूको के विचार छ" भन्ने सोधनी भयो औचित्यसम्म पुऱ्याउन-लाई।

खालि गयाप्रसाद शाहले "एक पटक फेरि सरकारबाटै श्री ५ त्रिभुवनलाई सम्झाई बक्से वेश हुँदो हो" भन्ने विन्ति तल चोकबाट चढाए। निकै माथि झ्यालमा उभिएका श्री ३ मोहन शम्शेरले निधो नपाएर "यिनले के भन्दछन्" भनी कुरा बुझ्न खोज्दा, गयाप्रसादको बगलमा उभिएका क. क. चन्द्रजंग थापाले, 'यिनले त कुरै बुझेका रहेनछन् महाराज' भन्ने जवाफ बीचैमा दिए। चोकभरीका अरू सब चुपचाप रहे। व्यक्तित्व मारिएका मानिस जस्तोसुकै ठूलो ओहदामा पुगे पनि उनीहरू स्वतन्त्र र सही विचार व्यक्त गर्न प्रायः असमर्थ हुन्छन्। त्यसघडीमा त्यो नाजवाफको पनि त्यही कारण थियो।

"मौनम् सम्मति धारणम्" भन्ने अर्थ लाग्यो। श्री ५ त्रिभुवनको सट्टामा श्री ५ ज्ञानेन्द्रलाई नेपाल नरेश बनाउने शिर बेहोरा नलेखिएको फिहरिस्तमा सही गर्ने अफिसरको नामावली २००७ साल कार्तिक २३ गतेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा पत्रमा छापियो[1] । त्यस दिन गोरखा पत्रमा छापिएको सो खबरमा पछि थपिएको शिर बेहोरामा लेखिएको थियो, '... गद्दी खाली राख्न नहुने हुनाले दरबारमा छोडिबक्सेको श्री ५ माहिला शाहज्यादालाई गद्दीमा राज गराइबक्सेमा हाम्रो परम्परादेखि चली आएको ऐन थिति-रीति बमोजिम मिल्न जाने हुनाले जाहेर गरेका छौं जो हुकूम...' भन्ने । कार्तिक २३ गते गोरखापत्रमा छापिएका विज्ञप्ति, नेपाल समाचार र संपादकीय– श्री ५ त्रिभुवन विदेशी दूतावासमा सपरिवार पसिबक्सियो, दुई बाजी बोलाउन पठाउँदा पनि सवारी फिरेन, नेपालको राजगद्दी एक छिन पनि खाली राख्न नहुने हुँदा, मौसूफकै वंशज श्री ५ ज्ञानेन्द्रलाई नेपालको राजा बनाउनु सिवाय अर्को विकल्प छैन– भन्ने कुराले भरिएका थिए[2] । सबभन्दा अजिबको थियो त्यत्रो महत्वपूर्ण घटनाको बारेमा लेखिएको गो. प. को संपादकीय । गैह्र सरकारी पत्र-पत्रिका त्यसबखत कत्ति थिएनन् न त थिए सरकारबाट भएको गलत कामको आलोचना गर्न सक्ने खालका मानिस र विदेशी पत्रकार देशभित्र ।

२००७ साल कार्तिक २२ गते मंगलवार दिनको २.४५ बजे श्री ५ ज्ञानेन्द्रको हनुमानढोकाको नासल चोकमा परम्परा अनुसार राज्यारोहण भयो– श्री ५ त्रिभुवन शीतल निवासमा छँदाछँदै । बडा गुरुज्यू हेरम्बराज पांडे काठमाडौंमा हुँदाहुँदै नायव बडागुरुज्यू हेमराज पांडेले श्री ५ ज्ञानेन्द्रलाई श्रीपेच पहिराए । सोही दिन मौसूफको नाममा सीमित टक काटियो । ले. क. करजग राणा र कप्तान देव विक्रम राणाहरू श्री ५ ज्ञानेन्द्रका ददाहरू र बाबु साहेब दीपक शम्शेर र पशुपति शम्शेरहरू शाही संगाती बने । मौसूफलाई झल्लरी छाता ओढाएर सिंहदरबारमै यताउता सवारी चलाउन थालियो; बालक राजा पनि अपूर्व सत्कारले अति हर्षित देखिबक्सन्थ्यो । श्री ५ त्रिभुवन भारतीय दूतावासमा पसेको खबर सुकेको खरवारीमा आगो दन्के झैं काठमाडौंमा तुरन्तै फिजियो । भारत सरकारको पूठ नपाईकन श्री ५ त्रिभुवनले त्यो जोखिमपूर्ण कदम चालिबक्सेको छैन; अब नेपालमा राणाको भोग सकियो भन्ने नेपालका बुज्रुकहरूको त्यसबखत सोचाइ थियो ।

---

१. राजनीतिक दर्पण– ग्रीष्म बहादुर देवकोटा ।

२. २००७ कार्तिक २३ गते गोरखापत्रमा प्रकाशित विज्ञप्ती, सूचना र संपादकीय परिशिष्ट– १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणा शासन नेपालबाट कहिले जाला भनी टट्टाएका मानिस त त्यो खबर सुन्दा हर्षले दंगदास थिए। दुई चार वर्षसम्म एकै सरकार रह्यो भने त पट्टाउने र मिच्छिने जन मनोवृत्ति हुँदा, एकसय चार वर्षसम्म राणा शासन भोग्न परेका नेपाली जनता त श्री ५ त्रिभुवनको साहसिलो कदमले सन्तोष थिए– अब राणजीको पिण्डबाट मुक्त हुने बेला आयो भनी। पञ्चकको जुवा अधिराज्यभर मच्चिएको बेला परेको कारणले मात्र त्यो ऐतिहासिक घटनाको तुरुन्त उस्तो असर जनतामा परेन। श्री ५ ज्ञानेन्द्रले गद्दीरोहण गरी हनुमानढोकाबाट सिंहदरबारमा श्री ३ मोहनको काखमा सवारी हुँदा, सडकमा बहुतै थोरै जनता भेला हुनको त्यही कारण हो। राणा सरकारले गरेको सुल्टो उल्टो जुनसुकै काम पनि आँखा चिम्लेर समर्थन गर्ने केही नेपालीहरू भने श्री ५ त्रिभुवन भारतीय दूतावासमा पसि-बक्सेकोमा कुरा काट्दैथे– नेपाल नरेशले विदेशी दूतावासमा शरण लिन गएकोले नेपालको मानहानि भयो भनी।

यही भावना सकभर जताततै चाँडो फैलाउने पक्षमा थियो राणा सरकार। नेपाली कांग्रेसका समर्थक, स्कूल कलेजका विद्यार्थीहरू र प्रगतिशील मानिसहरू पूरापूरै श्री ५ त्रिभुवनका पक्षमा थिए। एकसय चार वर्ष यता तितो, मिठो, चर्को र अमिलो स्वादपूर्ण राजकाजको फोहरमा गजगजी नमुच्छिबक्सेका, सबैका साझा गनिएका राजा श्री ५ त्रिभुवनलाई भित्रै दिलदेखि मानी आएका चुनेरैतीले त श्री ५ त्रिभुवनलाई राजा मात्र हैन, विष्णुको औतार समान सम्झन्थे। देउता समान मानेका नेपालका राजालाई राणाजीले त्यसरी तासको चक्की जस्तो गरी फेंटेको उनीहरूलाई कत्ति चित्त बुझेको थिएन। राणा सरकारको श्री ५ त्रिभुवन विरुद्धको सीमित प्रचारले यो असीमित जनभावना बदल्न सकेन। कार्तिक २२ गते नेपाली कांग्रेसले मातृकाप्रसाद कोइरालालाई जन संघर्षको अध्यक्ष मुकरर गरी राणा सरकार विरुद्ध लड्ने घोषणा गरेको खबरको भारतबाट बुलन्द प्रचार भयो। कार्तिक २४ गते हप्ताको एक दिन चल्ने कलकत्ता–काठमाडौं भारतीय विमान सेवा नेपाल सरकारले रोक्यो।

श्री ५ त्रिभुवन र शाही परिवार सुरक्षित हवाईजहाजबाट भारत पठाउने अनुमति भारत सरकारले माग्नुअघि नै गौचर हवाई मैदानमा (त्यसबेला त्यहाँ दुई तीन फुसका झूप्रा र कच्ची धावन मार्ग थियो) हवाई जहाज उड्न ओर्लन मनाही भइसकेको थियो र धावन मार्गमाथि केही थोत्रा ट्रक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू ठाउँ ठाउँमा राखिएका थिए । भारतीय राजदूतको श्री ५ त्रिभुवनलाई सकुशल शाही परिवारसँगै काठमाडौंबाट भारतीय हवाईजहाजमा दिल्ली लैजाने अनुमतिको निमित्त अनुरोध आउँदा, त्यसको निकासा दिने कि नदिने भन्ने कुरालाई लिएर सिंहदरबारमा श्री ३ मोहन र उनका भाइहरूको बीच निकै छलफल भयो। भारतीय हवाईजहाज गौचरमा ओराल्ने अनुमतिको कुरालाई लिएर भारत सरकारको चाप बढ्दा, राजाको ठाउँमा राजा भइसकेपछि अब त्रिभुवनलाइ लुतो समान नेपालभित्र व्यर्थ पालेर राख्नुभन्दा बाहिर धकेल्नु श्रेयष्कर हुन्छ भन्ने निष्कर्षमा राणाजीहरू पुगे । एकाध दिनभित्रमा नै बृटिश सरकारले श्री ५ ज्ञानेन्द्रलाई मान्यता दिन्छ भन्ने खबरमा विश्वस्त राणा सरकारले रात रहेपछि अग्राख पलाउँदछ र श्री ५ त्रिभुवन दिल्ली पुगेपछि पासा पल्टछ कल्पनासम्म गरेको थिएन ।

अनि २००७ साल कार्तिक २४ गते विहान भारतको रेडियोले श्री ५ त्रिभुवन दिल्ली सवारी हुने भयो भन्ने खबर एकाएक प्रचार गऱ्यो; त्यही साँझ मे. ज. महावीरको खुकुरी चिन्ह भएको हिमालय एभियशनको प्लेनले काठमाडौंमा र भोलिपल्ट तराईमा राणा सरकार विरुद्ध पर्चा छऱ्यो र राती नेपाली कांग्रेसका २०० जति मुक्तिसेनाले पटका पडकाएर वीरगंज कब्जा गरे । बडाहाकिम क. स्वम शम्शेर पडकाउमा परी रक्सौल लगिए । वीरगंज कब्जा गर्ने श्री थीरवम मल्ल मारिए र तेजबहादुर वीरगंजका सैनिक गभर्नर (बडाहाकिम) स्वयं घोषित गरिए ।

भारतीय पत्र पत्रिकाले वीरगञ्जको घटनालाई लिएर नेपालको राणा सरकारमा दम रहेनछ भन्ने खबरमा अति नै बढाई चढाई आम प्रचार गऱ्यो । वास्तवमा नेपाल सरकारको निमित्त त्यो वीरगंज काण्ड अति लज्जा पूर्ण र राष्ट्र सेनालाई अशोभनीय कुरा पनि भएको थियो । वीरगंज मालमा राखिएको पैंतीसलाख भारतीय रूपैयाँ पोको पारी नेपाली काँग्रेसका नेताहरू दिल्ली जान भनी पटनातिर लागे । विभिन्न मोर्चामा गएर लड्नको बदला । विदेशी हवाईजहाजले नेपालमा पर्चा छरेको र त्यो भा. रू. पैंतालीसलाख भारत लगिएकोमा नेपाल सरकारले कार्तिक २५ गते भारत सरकारलाई कडा विरोध पत्र पठाई, कार्तिक २६ गते श्री ५ त्रिभुवनलाई सपरिवार हवाईजहाजबाट दिल्ली लैजान पाउने स्वीकृति भारत सरकारलाई प्रदान गऱ्यो । त्यसै राती डेढसय जति काँग्रेसका मुक्तिसेनाले विराटनगरमा हमला गरे ।

यसप्रकार कार्तिक २२ गतेदेखि कार्तिक २६ गतेसम्म नेपालभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकैबेला दुईटा राजा भए– श्री ५ ज्ञानेन्द्र सिंहदरबारमा र श्री ५ त्रिभुवन शीतल निवासमा। यस्तो र यस्तै परिस्थितिमा नेपालको त्यति लामो इतिहासमा एकाध परेका थिए (१८७० सालतिर कान्तिपुरका राजा श्री जय प्रकाश मल्ललाई आफ्नै रानी र भारदारहरू मिली पदच्युत गरी नाबालक छोरालाई राजा बनाएथे र १८५५ साल फागुन २ गतेदेखि १८५७ को वैशाखसम्म श्री ५ गीर्वाणयुध्द विक्रम नुवाकोटमा तथा काठमाडौंमा मुख्य मन्त्री दामोदर पांडेको काखमा र श्री ५ रणबहादुर शाह पाटनमा बसी आफूलाई राजा घोषणा गरेथे। श्री ५ रणबहादुर शाहले त १८५५ को फागुन २ गते राजीनामा गरिबक्सेको थियो; तर श्री ५ त्रिभुवनले गद्दी छाडिबक्सेको थिएन।)

१९०४ सालमा श्री राजेन्द्रले विदेशमा बसी जंगबहादुरसँग सेखी गर्दा, उनले श्री ५ सुरेन्द्रलाई राजगद्दीमा राखी राज्य चलाएथे। त्यही देखासिकी २००७ सालमा श्री ३ मोहनले गरे। १९०४ सालमा श्री ५ राजेन्द्रलाई कुनै विदेशी राष्ट्रले त्यसरी प्रत्यक्षरूपमा आड भरोसा दिएको थिएन। श्री ३ जंगबहादुरको तत्कालीन भारत सरकारसँग राम्रो मेलमिलाप थियो र नेपालका जनता जोइटिंग्रे श्री ५ राजेन्द्रको पछि छँदा पनि कत्ति थिएनन्। त्यस्तै सकल भारदार फौज र जनताले मानेका श्री ५ गीर्वाणयुद्ध विक्रमलाई हटाएर, राजगद्दीबाट राजीनामा गरेका श्री ५ रणबहादुर शाहलाई फेरि राजा मान्न जनता तयार थिएनन्। न त थिए श्री ३ मोहन जंगबहादुर र दामोदर पांडेजस्ता बाहुबलले बनेका पराक्रमी प्रधानमन्त्री। न त थियो २००७ साल २००४ र १८५५ साल।

२००७ साल कार्तिक २६ गते भाइ टीकाको दिन १२.३० बजे श्री ५ महाराजाधिराज त्रिभुवन सपरिवार भारतीय एरफोर्सको दुई डकोटा हवाईजहाजमा चढी दिल्लीतर्फ प्रस्थान गरिबक्सियो। खास गरेर श्री ५ को नोकरानहरू मौसूफको दर्शन गर्न गौचर हवाई मैदानमा जम्मा भए र कसै कसैले राणा सरकार विरुद्ध नारा लगाए। कोही कोही पकडिए। त्यस दिन खाल खालमा पञ्चकको जुवा नमच्चिएको भए सवारी भएको हेर्न सडकमा दर्शकको ठूलो भीड ठाउँ ठाउँमा अवश्य लाग्दो हो।

तर राजा हवाईजहाज चढेर काठमाडौंबाट दिल्ली जांदा धेरै नेपालीले आकाशतर्फ हेरेर आँसु काढे– दैव लागेपछि राजाले पनि देश छाडेर जान कर लाग्दो रहेछ भनेर। नेपालको इतिहासमा त्यो भन्दा दुःखद घटना अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिले पनि परेको थिएन । गौचर हवाई मैदानमा पुगेका केही नेपालीले, श्री ५ लाई नेपाल नछाडिबक्सियोस्, हामी राणा सरकारविरुद्ध लड्दछौं भने । यस दलका प्रवक्ता श्री वासुपासा थिए । 'धन्ना नमान म फर्केर आउँदछु' भन्ने श्री ५ त्रिभुवनबाट गौचरमा उपस्थित मानिसलाई आश्वासन बक्सियो । तर राणा सरकारले मौसूफको दिल्ली प्रस्थानतर्फ कुनै वास्ता देखाएन । खालि छोटो खबरसम्म गो. प. मा छाप्यो[1] । तर दिल्लीको पालम विमान घाटमा श्री ५ त्रिभुवन ओलिबक्सँदा भने, मौसुफको शाही सत्कार भयो । भारतका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री-मण्डलका सदस्यहरूबाट राष्ट्राध्यक्षलाई प्रदान गरिने खालको स्वागत मौसूफले पाई बक्सियो । भारत सरकारले श्री ५ त्रिभुवनलाईनै नेपालको राजा मान्ने अठोट गरिसकेको छ भन्ने कुराको बुझ्नुकहरूको निमित्त यो थियो निश्चित संकेत र पूर्वरंग ।

-०-

---

१. गोरखापत्रबाट "कार्तिक २६ गतेका दिन नेपालका भूतपूर्व महाराजाधिराज सपरिवार भारतीय दूतावास मार्फत नेपाल सरकारको स्वीकृति लिई हवाईजहाजद्वारा दिउँसो १२।३० मा प्रस्थान गरी बक्सी ३।५५ मा दिल्ली पुगिबक्सियो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– १

गोरखापत्र २००७ साल कार्तिक २३ गते

संवत् २००७ साल कार्तिक २३ गते बुधवार
श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहको राज्यारोहण
श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहको पदच्युत

प्रेस विज्ञप्ति

काठमाडौं, कार्तिक २३ गते । हिजो बिहान करीब ९।५५ को समयमा भूतपूर्व श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहले मौसूफको २ बडा-महारानीहरू, श्री ५ युवराजाधिराज, श्री ५ माहिला, कान्छा शाहजादाहरू र उहाँका महारानीहरू, श्री ५ साहिला र कान्छा शाहजादीहरू, श्री ५ युवराजा-धिराजका जेठा शाहाजादा समेत शिकारमा सवारी हुने बहानाले हिन्द–दूता-वासमा सवारी भएछ । सो खबर श्री ३ महाराजमा जाहेर भएपछि र हिन्द राजदूतबाट पनि सो खबरको समर्थन आएकोले मौसूफबाट श्री मे. ज. अर्जुन शम्शेर र श्री मे. ज. विजय शम्शेरलाई सो दूतावासमा पठाइबक्सी मौसूफ महाराजाधिराजको दर्शन गरी उहाँबाट के मुरादले विदेशी दूतावासमा सवारी भएको हो भनी विन्ति गर्न पठाइबक्सियो । तर जनरल साहेबलाई दर्शन बक्सेनछ । साँझको समयमा दर्शन बक्सिन्छ कि भनी फेरि हिन्द राज-दूतद्वारा मौसूफ महाराजाधिराजमा श्री ३ बाट विन्ति पारिबक्सिँदा पनि भेट बक्सन इन्कार गरिबक्सेछ । तसर्थ यस्तो समस्यापूर्ण अवस्था पर्न आएकोले श्री ३ महाराजबाट यस विषयमा परामर्श गरिबक्सनलाई आज बिहान ७ बजे सिंहदरबारमा भारदारी र संसदका उपस्थित सदस्यहरूलाई बोलाई बक्सी सबै कुरा सुनाई बक्सियो । सो सभामा कोही कोही सदस्यले यस्तो देशद्रोही र राष्ट्रको बेइज्जत गर्ने वंशलाई गद्दीबाट वहिष्कार गर्नुपर्दछ भन्ने राय पनि प्रकट गरेका थिए । तर श्री ३ महाराजबाट परम्परादेखि मानी आएको वंश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई खारिज गर्न मनासीब हुँदैन, फेरि नाबालक शाहाजादाहरूलाई त परिणामको थाहा नहुने हुनाले पहिले श्री ५ युवराजाधिराजाको साथै हिन्द दूतासमा सवारी भएको जेठा शाहाजादा बक्सिन्छ कि भनी मौसूफ महाराजाधिराजमा अनुरोध गरौं। नबक्सेको खण्डमा उहाँको भाइ माहिला शाहजादालाई नै गद्दीमा चढाउनु उचित होला भन्ने हुकूम बक्सेकोमा सबैको एक राय भयो।

त्यसपछि सो सभाले एकमत गरी श्री ३ महाराजका हजूरमा निम्न लिखित राय प्रकट गरी चढाए.–

हिजो २००७ साल कार्तिक २१ गते रोज २ का दिन श्री ५ महाराजाधिराज, श्री ५ जेठा बडामहारानी, श्री ५ कान्छा बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ माहिला जेठा शाहज्यादा, श्री ५ कान्छा शाहजादा र उहाँहरूका महारानी २,श्री ५ शाहजादीहरू,श्री ५ युवराजाधिराजका जेठा शाहाजादा समेतको सवारी शिकारको बाहाना गरी हिन्द दूतावासमा पसिबक्सेको खबर हामी श्री ३ महाराजको हजूरमा जाहेर भएको र हिन्द दूतावासबाट समेत खबर आई मे.ज.अर्जुन शम्शेर जङ्गबहादुर राणा,मे.ज. विजय शम्शेर जङ्गबहादुर राणालाई श्री ५ महाराजाधिराजको दर्शन गरी उहाँको मुराद के हो, के कारणले ठूलो ओहदामा राज होइबक्सेको मौसूफ गद्दीनशीनबांट आपनो मुख्य वजीर र गभर्नमेण्टलाई समेत खबर नबक्सी विदेशी दूतावासमा सवारी होइबक्सेको हो भनी विन्ति गर्न पठाउँदा निज जनरलहरूलाई भेटै नबक्सी फर्काई बक्स्यो। त्यसपछि हिन्द राजदूतद्वारा भेटी बक्सिन्छ कि भनी फेरि एक पटक विन्ति पार्दा पनि नबक्सेकोले आज यो भारदारी र व्यवस्थापिका सभा बोलाइबक्सी यस्तो अवस्था पर्न आएकोले के गर्ने तिमीहरूको के राय हो भनी आज श्री ३ महाराजबाट हुकुम भई हामीहरूलाई सोधनी भएकोमा, हाम्रो भइरहेको ऐन रितिथितिबाट गद्दीमा राज भएका गद्दीनशीन श्री ५ महाराजाधिराज स्वर्ग्य भएमा उहाँको शेषपछि गद्दीको उत्तराधिकारीलाई गद्दीमा राज गराई मात्र स्वर्ग्य भएका गद्दीनशीन महाराजाधिराजको लास कलेवरहरू उठाई दाह संस्कार हुने चलन चली आएको भई हाम्रो ऐन रितिथितिले गद्दी खाली राख्न नहुनेमा माथि लेखिया बमोजिम गद्दी खाली हुन आएको र मौसूफ श्री ५ महाराजाधिराजको यस्तो कारवाइबाट राष्ट्रको बेइज्जत समेत गराइबक्सेको हुनाले मौसूफपछि मौसूफका उत्तराधिकारी श्री ५ युवराजाधिराजलाई गद्दीमा राज गराउनु पर्नेमा उहाँ पनि साथै सवारी भएको र उहाँपछिको हकदार उहाँको जेठा शाहाजादालाई पनि साथै लगि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बक्सेको भए पनि उमेर नपुगेको नाबालक होइबक्सेकोले उहाँलाई ल्याई बक्सनलाई कोशिश गरिबक्सने, उहाँलाई पठाई बक्सेन भने गद्दी खाली राख्न नहुनाले, दरबारमा छोडी बक्सेको श्री ५ माहिला शाहाजादालाई गद्दीमा राज गराइबक्सेमा हाम्रो परम्परादेखि चली आएको ऐन थितिरिति बमोजिम मिल्न जाने हुनाले सो बमोजिम गरिबक्सन पर्ला भनी हामीहरूलाई लागेकोले जाहेर गरेका छौं, जो हुकुम ।

अभूतपूर्व घटनाको समाधान (गोरखापत्रको सम्पादकीय)

नेपालको यत्रो ओहदा सम्हाली बक्सेको व्यक्तिले आपनो गभर्नमेण्ट तथा दुनियाँलाई सूचना नै नबक्सी छली विरानो मुलुकको दूतावासमा सवारी भएको सुन्दा हामी सबैलाई खेद लाग्ने कुरा हो । किनभने यसबाट राष्ट्रको मात्र बेइज्जत हुने होइन, हरएक नेपाली लज्जित हुनुपर्ने कुरा हो। तैपनि श्री ३ महाराजबाट कत्ति विचलित नहोइबक्सेर "यो अफसोसको कुरा हो तापनि जस्तै परे पनि सहनै पर्छ, अब हामीले गद्दी खाली गर्न हुन्न" हुकुम बक्सी यो दुःखदायी घटनाको हल गरी बक्सेकोमा हामीलाई ज्यादै सन्तोष लागेको छ। यति गम्भीर अवस्थालाई लम्बिन दिंदा राष्ट्रलाई हुनसक्ने खतराको विचार भई सबैको सल्लाह लिइबक्सी यति चाँडै हल गरिबक्सेकोमा श्री ३ महाराजको देशप्रेम स्तुत्य छ।

नेपाल समाचार

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाह

काठमाडौं, कार्तिक २२ गते। आज बिहान करीब ९ बजे विगुल लाग्यो। जंगी निजामती अफिसर कर्मचारीहरूलाई आजदेखि पञ्चकको बिदा शुरू भएको हो । तापनि टाढा टाढा घर हुने र बाटो लागिसकेका बाहेक गैन्ह टुंडिखेलमा जम्मा हुनेहरूलाई १२ बजे हनुमानढोका हाजिर हुने उर्दी सुनाइयो (उक्त समयमा जंगी अफिसर ज. पो. मा र निजामती कर्मचारीहरू उर्दिको लुगामा हनुमानढोका हाजिर भएका थिए। श्री मिनिष्टर साहेब, लाठ साहेब, श्री जनरल साहेब लगायत सबै साहेबज्यू चौतारियाहरू, गुरु पुरोहित उपस्थित भएपछि करीब २ बजे श्री ३ महाराजबाट श्री ५ माहिला (नाती) शाहजादालाई साथमा लिइबक्सी चौघडी बग्गीमा हनुमानढोका सवारी भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नासलचोकको बीचमा परम्परादेखि यस्तै सुकर्मको लागि बनेको मञ्च (डेइस) मा श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको गद्दी सजाएर राखेको थियो। त्यसैमा गुरुज्यूहरूको स्वस्तिवाचन र मंगलको बाजाको गुन्जन बीच २.४५ को शुभ–मुहर्तमा मौसूफ शाहजादाको राज्यारोहण भयो। ३१ तोपको सलामी पनि भयो। श्री ३ महाराज, श्री मिनिष्टर साहेब, श्री लाठ साहेबहरूले असर्फी, रूपियाँ राखिबक्स्यो। अरूले पनि त्यही दाम राखी नयाँ गद्दीनशीनको जय मनाए। श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाह श्री ३ महाराजका साथै चौघडीमा सिंहदरबारमा फिर्दा टुंडिखेलमा जम्मा भएका पल्टन र दुनियाँले हर्षकासाथ सलामीका साथसाथै जयध्वनी गरेकोले आकाशै गुन्जायमान भएको थियो।

यति सानो उमेरमा मौसूफ श्री ५ महाराजाधिराजबाट दस्तूर माफिक कलिलो बाहुलीले सलामी बक्सेको र बग्गीबाट फुर्तिसाथ ओर्लिहबक्सेको देख्दा दंग नपर्ने कोही भएनन् भन्ने खबर छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३

तल्लो सर

(१)

अब भ्रूणहत्या पऱ्यो त्यत्रो हडबडसाथ नेपालको राजगद्दीमा राखिएका श्री ५ ज्ञानेन्द्रलाई अरू राष्ट्रले मान्यता दिने नदिने के हुन् भनी श्री ३ मोहनलाई र भाइटीकाको दिन दिल्ली उत्रेका सहोदर भाइ श्री ५ त्रिभुवन-लाई टीका लगाउने कि नलगाउने भनी श्री ५ अधिराजकुमारी रमाराज्य लक्ष्मी राणा (भारतस्थित नेपाली राजदूत उ. क. ज. सिंह शम्शेरकी रानी) लाई।

बृटिश मन्त्री-मण्डलले श्री ५ ज्ञानेन्द्रलाई भोलि मान्यता दिने निर्णय गरेको छ भन्ने पक्का पक्की खबर लण्डनस्थित नेपाली राजदूत ज. शंकर र काठमाडौं स्थित बृटिश राजदूत मि. जर्ज फाल्कोनरबाट श्री ३ महाराजलाई कार्तिक ८२ गते आएकोले, राणा सरकार मख्ख र ढुक्क थियो; त्यसैले कल-कत्ता स्थित नेपाली महा–वाणिज्यदूतलाई सो खबर लिन हरघडी नेपाली दूतावास लण्डनसंग सम्पर्क राख्नु भन्ने आदेश गएको थियो।

त्यही बीचमा भारतका प्रधानमन्त्रीले बेलाइतस्थित भारतीय हाई कमीसनर श्रीकृष्ण मेननद्वारा, बेलायतका प्रधान मन्त्रीलाई निकट भविष्यमा लण्डनमा हुने कमनवेल्थ सम्मेलनमा भेट्दा, नेपालमा कसलाई राजा मान्ने कुराको तय गरौंला, त्यतिन्जेललाई खामोस खान पऱ्यो भन्ने खबर गरेकाले बृटिश मन्त्री–मण्डलले आफ्नो पूर्ण निर्णयलाई केही समयको लागि स्थगित गऱ्यो। त्यसैले कबुल गरे बमोजिम श्री ५ ज्ञानेन्द्रलाई बृटेनले मान्यता दिएन; न त श्री ५ अधिराजकुमारी रमा राज्यलक्ष्मी राणाले श्री ५ त्रिभुवनलाई भाइटीका पहिराईबक्सियो– राणा सरकारले पदच्युत गरेको राजासंग उनी-हरूले कुनै व्यक्तिगत सम्पर्क राख्न हुन्न भन्ने ठहरिंदा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खालि पाकिस्तान सरकारले श्री ५ ज्ञानेन्द्रलाई मान्यता दिने निर्णय गरी, दिल्लीस्थित पाकिस्तानी हाईकमिशनर मार्फत, नेपाली राजदूत उ. क. ज. सिंह शम्शेरलाई चिठ्ठी आयो। नेपालले भनेको दिन त्यो मान्यता प्रदान गरेको खबर पाकिस्तान रेडियोले कराँचीबाट प्रसार गर्ने कुरा चिट्ठीमा उल्लेख थियो। भारतको शत्रुलाई पाकिस्तानले स्वतः आपनो मित्र ठान्ने त्यसवेलामा, पाकिस्तानको त्यो मान्यता नेपालले प्रचार गर्नु माने भारतलाई झन चिढ्याउनुजस्तो हुनजान्छ भन्ने विचारले नेपाल सरकारले खामोस खायो।

बृटेनले श्री ५ ज्ञानेन्द्रलाई तुरुन्त मान्यता नदिएकोले अमेरिका पनि चूप लाग्यो। छिमेकी जनवादी गणतन्त्र चीनसँग, साम्यवादको डरका मारे, त्यतिन्जेल नेपालले कुनै सम्बन्ध जोड्न नखोजेकोले, अब श्री ५ ज्ञानेन्द्रलाई मान्यता प्रदान गर भनी चीनलाई नेपालले अनुरोध गर्ने बाटै थिएन। वास्तवमा, श्री ५ त्रिभुवनलाई पदच्युत गरी श्री ५ ज्ञानेन्द्रलाई राजा बनाए-पछि, नेपाल सरकारले, नेपालभित्र बाहिर जे जस्तो काँट र रफ्तारले श्री ५ ज्ञानेन्द्रको पक्षमा प्रचार गर्न पर्दथ्यो, त्यति भएन। श्री ५ त्रिभुवन विदेशी दूतावासमा पसिवक्सेपछि श्री ५ ज्ञानेन्द्रलाई नेपालको राजगद्दीमा राख्नु सिवाय नेपालको अगाडि अर्को विकल्प थिएन भनी मित्रराष्ट्रहरूलाई पत्यार पर्ने गरी बोध गराउने अभिभारा त्यसबखत श्री ३ मोहनले आफ्ना दिल्ली र लण्डनका राजदूत भाइहरूलाई सुम्पिएका थिए। शक्ति र साधन दुवै कम भएको नेपालले अरू स्रोतबाट आफ्नो कुरा बाहिर प्रचार गर्ने पनि सकेन।

पटका पडकाएर कार्तिक २४ गते वीरगंज कब्जा गरेको कांग्रेसी दल (राणा सरकार विरुद्ध हतियार उठाउने कांग्रेसी फौज) अमलेखगंजसम्म आयो र विराटनगर, भैरहवा र नेपालगंजमा हमला गऱ्यो; राणा सरकारले ले. ज. एकराज र मे. ज. ब्रह्म शम्शेरको नेतृत्वमा काठमाडौंबाट तराईतर्फ पठाएको फौजले मार्ग ४ गते वीरगंजबाट मुक्तिसेनालाई हटायो। विराटनगर, भैरहवा र नेपालगंजमा कांग्रेसीहरूले गरेको हमलाको शुरुमा कुनै ठोस परिणाम मात्र निस्कन नसकेको हैन, वीरगंज हमला गर्ने मुक्तिसेनाका कमाण्डर वीरवम मल्ल मारिए सिंहदरवारको एक आठ पहरियाको हातबाट।

२००७ साल मार्ग १ गते श्री ३ मोहनले, त्यो नाजुक अवस्थाको मुकाविला गर्न आफ्नै मातहतका एक विशेष काउन्सेल गठन गरी, नेपालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकटकालीन अवस्थाको घोषणा गरे[1]। सो काउन्सेलका एक गतिशील सदस्य बने मे. ज. विजय शम्शेर। काउन्सेलको सबै निर्णयहरू मे. ज. विजयमार्फत कार्यान्वयन हुने भयो। त्यस काममा मे. ज. विजयलाई मद्दत गर्न सरदार नरेन्द्रमणि आचार्य दीक्षित, बृ. क. शोभाजंग थापा, ले. क. मीनारजंग थापा, मी. सु. भीमबहादुर पांडे र मी. सु. उपेन्द्रपुरूष खटिए।

नेपाली नेपाली आपसमा लडी देशमा रक्तपात भएमा, भविष्यमा राणा सरकारलाई भारी अपवाद आउनका साथै राणा परिवार नै सखाप हुने अवश्यंभावी देखी मे. ज. विजय शम्शेरले जिल्लामा शान्ति-सुरक्षा कायम गर्न गएको राष्ट्रफौजलाई 'सकभर कुनै पनि नेपाली जनतामाथि गोली नचलाउनु, चलाउनै पर्ने अवस्था पऱ्यो भने, तर्साउनलाई आकाशतिर फायर गर्नु, राष्ट्रफौज माथि अराष्ट्रिय तत्त्वले हमला गऱ्यो भने मात्र घुंडा मुनि ताकेर हान्नू" भन्ने निर्देशन ज. एकराजलाई संकटकालीन काउन्सेलको तर्फबाट पठाए।

नेपालको एकीकरणपछि यस्तो गृहयुद्धको परिस्थिति देशमा परेको यो पहिलो बाजी थियो र यसलाई जसरी भए पनि साम्य गर्नाले मात्र नेपालको कल्याण हुन जानेछभन्ने कुरामा मे. ज. विजयसमान विश्वस्त अरू कोही राणाजी पनि त्यसबेला थिएनन्। लागे पुगेसम्म त्यो गृहयुद्ध मत्थर गराउने पक्षमा उनी थिए। त्यसैकारणले हो मे. ज. विजय वार्तालापलाई पटक पटक भारत गएको बखतमा मात्र नेपालमा गोली काण्डहरू प्रायः भएका। त्यत्रो अधिराज्यव्यापी गृहयुद्धमा सु. भुवनेश्वर मुडवरी, बडाहाकिम महिकरदेव नारायण सिंह, लेफ्टनेण्ट लेखनाथ उपाध्याय, कप्तान रिपुमर्दनहरूजस्ता राष्ट्र सेवक र थीरवम मल्ल, भोगेन्द्रमान इत्यादिजस्ता सीमत राष्ट्रवादी मारिनाको खासकारण हो त्यही सकभर कम रक्तपात गर्ने सरकारी नीति।

२००७ साल कार्तिकको आखिरतिर नेपाल सरकारको अनुरोधमा भारत सरकारले बंगाल, विहार र उत्तर प्रदेशको प्रान्तीय सरकारलाई भारत भूमिबाट नेपालमा सशस्त्र हमला गर्न नदिनू भन्ने निर्देशन पठाएकोले र राष्ट्रसेना पुगेको ठाउँमा शान्ति स्थापना भएकोले केही समयसम्म नेपाल अधिराज्यभर कांग्रेसी आन्दोलनमा शिथिलता आयो। सशस्त्र नेपाली र

---

१. श्री ३ मोहनको घोषणा, परिशिष्ट– १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनका भारतीय समर्थकहरू, केही काललाई खुल्लंखुल्ला नेपालभिन्न भारत भूमिवाट पस्न हच्के ।

नेपाल सरकार र नेपाली कांग्रेसको यो झगडामा भारत सरकारले तटस्थ रूप लिएजस्तो देखायो । नेपाली क्रान्तिकारी प्रति भारत सरकारले दर्साएको त्यो लापरवाही देखेर भारतका समाजवादी नेताहरू चुर भए । कतिले त नेपालमा राणाहरूले नारायणहिटी दरवारभित्र जखड्याएर राखे जस्तै गरी भारत सरकारले हाइद्रबाद हाउसमा श्री ५ त्रिभुवनलाई नजरबन्द राख्यो भन्ने लान्छना लगाएर लेखे। मार्ग ६ गते नरेन्द्रदेव र ऐजन १२ गते जय प्रकाश नारायणले श्री ५ त्रिभुवन प्रति भारतले लगाएको त्यो प्रतिबन्धको घोर विरोध गरे– भारतले श्री ५ त्रिभुवनलाई राणा सरकार विरोधी तत्त्वसँग मिली संघर्ष गर्ने मौका दिएन भनेर। नेपालको घर झगडामा भारत सरकार मुच्छिन चाहन्न भन्ने कुराको प्रमाणित गर्नलाईनै उसले नेपालमा भा. रू. ३५ लाखको पोको वोकेर गएका कांग्रेसी नेतालाई सफतरगंज विमानघाटमा पक्डी सो रकम जफत गऱ्यो। नेपालका साम्यवादी पार्टीका नेता श्री मनमोहन अधिकारीहरूसंग त नेपाली कांग्रेसको तकरार पऱ्यो।

सातसालको शुरूदेखिनै नेपालमा शुरू भएको अशान्तिले गर्दा साविक दरसाविकमा साउन-भदौमा सम्पन्न भइसक्नु पर्ने वार्षिक पजनीको कार्तिकको आखिरसम्म पनि हुने कुनै सुरसार थिएन । कार्तिक २१ गते श्री ५ त्रिभुवन भारतीय दूतावासमा पसिबक्सेपछि त नेपालमा राणा सरकारले कर्मचारीको पजनी गर्ला भन्ने कसैले कल्पनै गरेका थिएनन्– एक प्रकारले राणा सरकारकै पजनी हुने जगजगी बढेकोले । तैपनि चाकरी र पजनीको भोको राणा सरकारले २००७ साल मार्गमा कर्मचारीको पजनी गर्ने निधो गऱ्यो– औचित्यसम्म फुऱ्याउनलाई र कांग्रेसी आन्दोलनमा केही शिथिलता आएको महसूस गरी । पजनीको दिन कति कर्मचारीले चाँदतोडा आफ्नो काखीमुनि लुकाई खालि टोपी मात्र लगाएर, डराउँदै डराउँदै पजनी गराइनलाई मुख्तियार ववर शम्शेरको ढोका वबर महलतिर गए । काठमाडौंका कांग्रेसहरू कर्मचारीहरूसँग मिसिएर पजनी र थमोतिमा गई चाँदतोडा खोस्दछन् र होहल्ला मच्चाउँदछन् भन्ने त्यस दिन काठमाडौंमा बुलन्द हल्ला थियो ।

ववर महलमा मुख्तियारी पजनी सकिएपछि,थमौतिलाई सिंहदरवारति र सोऱ्हिएका राजपत्रांकित कर्मचारीलाई————————————————— पीपा गोश्वारा (हाल राष्ट्रिय अभिलेखालय र प्रधान न्यायालय)को पर्खाल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट आठपहरियाहरूले, उनीहरूको टाउकोमाथि बन्दूक पडकाए– कर्मचारी-सँग मिलेर कांग्रेसीहरू सिंहदरबारभित्र जान तम्सेका भए, तसिएर भागुन् भनी । बन्दूक पडकाएपछि, उल्टो कति कर्मचारी नै थमौतिलाई सिंहदरबार जानको सट्टा, घरतिर लागे-- अब पजनी र थमौतिको कुनै महत्त्व नहुँदा । सरकार कमजोर छ भने कति सानो घटनाले पनि, कति छिटो प्रभावित भई कसरी हातखुट्टा छाड्दछ भन्ने ज्ज्वलन्त उदाहरण बन्यो त्यो पजनीको दिनको गडबड । जुन पजनी हुँदा अघिअघि कर्मचारीहरू नेपाल सरकारसँग कालसँग जस्तै डराउँदथे अब सरकारै डराउन थाल्यो पजनीमा ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

२००७ साल कार्तिक २१ गते श्री ५ त्रिभुवन एकाएक भारतीय राजदूतावासमा पसिबक्सिदा, नेपाली काँग्रेसले राणा सरकारविरुद्ध हतियार उठाउने परिस्थितिमा कत्ति पुगेको थिएन– बाहिर उसले जतिसुकै गुड्डी हाँके पनि । त्यसबेलासम्म नेपाली कांग्रेसले भारतीय आजाद फौजका केही नेपाली– मेजर पूर्ण सिंह, जी. बी. याकथुम्वा, नारायण सिंह, दिलमान सिंह जस्ता फौजी मानिस, केही स्टेनगन, तीन-चारसय राइफल, केही पेस्तोल, हातेबम र प्रशस्त मात्रामा पटका जम्मा गरेको थियो । त्यही पटका पडकाएर, वीरगंज हातलाई गरेको सुर र नेपालभित्र राणा सरकारको फौज निफ्फर रहेछ भन्ने आम भारतीय प्रचारको भरमा, नेपाली काँग्रेसले गरेको विराटनगर, भैरहवा र नेपालगंजको आक्रमण पनि थालनीमा नै तुह्यो। विराटनगरमा हमला गर्न गएको कांग्रेसी फौज राष्ट्रसेनासंग हारेर रंगेलीतिर भाग्यो, भारतीय समाजवादी दलका कर्मठ कार्यकर्ता श्री कुलदीप झा लडाइँमा मारिए।

पर्याप्त राष्ट्र फौज भएको अथवा पुगेका ठाउँमा त नेपाली कांग्रेसको मुक्तिसेना या त हट्यो अथवा बढ्न सकेन । भारतको समर्थन र सहायता पाएको नेपाली कांग्रेसले के के पो गर्ने हो भनी राणा सरकार पनि शुरूमा निकै डराएको थियो, त्यसमाथि पनि कार्तिक २४ गते त्यति सजिलैसंग नेपाली कांग्रेसले वीरगंज हातलाई गरेकोले राणाजीहरू घबडाए; तर केही दिनपछि नै नेपाली कांग्रेसको सैनिक कमजोरीको भण्डाफोर भयो । भारत सरकारबाट सक्रिय सहायता नपाएमा नेपाली कांग्रेसको राणा सरकारसंग केही लाग्दैन भन्ने निष्कर्षमा पुगेका श्री ३ मोहनको नेपालभित्र राष्ट्रसेना, निजामती कर्मचारी र पुलिसले देखाएको वफादारीले झन हौसला बढायो। भारत सरकारबाट नेपालभित्र हस्तक्षेप नभएमा कांग्रेसी आक्रमणले केही लछार्न सक्तैन भनी श्री ३ मोहन ढुक्क भएका थिए र मार्ग ११ गतेतिर नेपालमा राणा सरकारको हौसला निकै बढेको थियो । खास गरेर भारत सरकारले श्री ५ त्रिभुवनलाई दिल्लीमा अवाक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेको अर्थ नेपाल सकभरले आफ्नै किसिमले लगायो– नेपालको गृह युद्धमा भारतले हस्तक्षेप गर्न खोजेन भन्ने ।

त्यस गृहयुद्धमा एक प्रकारले राणा सरकारको सर भएजस्तो बेला पारी २००७ साल मार्ग ११ गते प. क. ज. केशर शम्शेर, मे. ज. विजय शम्शेर र सरदार नरेन्द्रमणि दीक्षित भारत सरकारसंग वार्तालाप गर्न हवाइजहाजबाट दिल्ली जाने निधो लाग्यो । भारतसंग कुनै ठोस सम्झौता नगरी श्री ५ त्रिभुवन अथवा श्री ५ ज्ञानेन्द्रमध्ये कसलाई नेपालको राजा मान्ने भन्ने समस्या हल हुँदैन र त्यसबारे वार्ता गर्ने सही मौका यही हो भन्ने प. क. ज. केसर र मे. ज. विजय शम्शेरको निष्कर्षमा श्री ३ मोहन सहमत भएको कारणले नै नेपाली प्रतिनिधि-मण्डललाई त्यसबखत दिल्ली पठाउने त्यो निर्णय भएको हो । भारत सरकारले अघि अघि जिग्रह गर्दै आएको– नेपालमा चाँडो राजनीतिक सुधार गर्ने र जनप्रतिनिधिहरूलाई सरकारमा सम्मिलित गराउने कुराको ---------- साथै, रिजेन्सी काउन्सिल गठन गरी, श्री ५ ज्ञानेन्द्रलाई नै नेपालको राजा मान्ने राणा सरकारको प्रस्ताव बारेको सुझाव बोकेर राणा प्रतिनिधि-मण्डल दिल्ली गयो ।

दिल्लीमा एक पत्रकारसंगको भेटमा प. क. ज. केशर शम्शेरले चीनले कोरियामा अठतीसौं रेखा (प्यारलल) नकाटे पनि नेपालमा त दक्षिणी छिमेकीबाट काटियो भने । नेपालमा ठोस राजनीतिक सुधार गरेपछि भारत सरकारको चित्त बुझिहाल्दछ भन्ने अब केही राणाजीको सोचाइ भएको कारणले नै प्रस्तावित सुझावमा राजनीतिक सुधारपट्टि जोड दिइएको थियो । वास्तवमा राणा सरकारले कुनै खास राजनीतिक सुधार र जनताका प्रतिनिधिलाई राजकाजमा सरीक गर्दैन र प्रगतिशील विचार भएको कारणले नै श्री ५ त्रिभुवनलाई राणा सरकारले भारतीय दूतावासमा पस्न बाध्य गराएको हो भन्ने भारत सरकारको प्रचारपट्टि अरू राष्ट्र ढल्कलान् भन्नेर नै राणा सरकारले त्यसलाई काट्न त्यो नयाँ प्रस्ताव भारत सरकार-लाई प्रस्तुत गरेको थियो । नेपालमा को राजा हुने हो भन्दा पनि कस्तो राजनीतिक व्यवस्था बसाल्ने हो भन्ने कुरा जान्न भारत सरकार बढी इच्छुक छ भन्ने राणा सरकारको अवधारणा बढ्दै गयो र आफ्नो शासन जन-मुखी देखाउन पट्टि उनीहरू लाग्न खोजे ।

एकातिर नेपाली कांग्रेसको आन्दोलन नेपालभित्र फिस्लिदै जाने;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बृटेन र अमेरिकाले त्यतिका दिनसम्म श्री ५ त्रिभुवन र श्री ५ ज्ञानेन्द्रमध्ये कसलाई मान्यता दिने भन्ने कुरामा हाँ ना नगरी चूपचाप बस्ने र अर्कोतिर नेपालको राणा सरकारले भारतले भनेजस्तै राजनीतिक सुधार गर्दछौं तर श्री ५ ज्ञानेन्द्रलाई नै राजा मान्छौं भनी भारतमा प्रस्ताव पठाउने स्थितिले भारतका प्रधानमन्त्रीलाई निकै चिन्तित पार्‍यो । जस्तो श्री ५ ज्ञानेन्द्र नेपालमा राणाजीहरूलाई निल्नु न ओकल्नु भइबक्सेको थियो; त्यस्तै भइबक्स्यो श्री ५ त्रिभुवन भारत सरकारलाई मार्ग महीनातिर ।

श्री ५ त्रिभुवनले नेपाल छाडिबक्सेपछि, पाकेको आँप हावाको झड्काले फुत्त खसे झैं राणा सरकार आफै गिर्दछ भन्ने सर चन्द्रेश्वर नारायण प्रसाद सिंहले भारत सरकारलाई प्रस्तुत गरेको प्रतिवेदन र भारतको नैतिक सहायता पाएमा चुडकीमा नेपाल लिन्छौं भन्ने नेपाली काँग्रेसी नेताको गुड्डी पनि २००७ साल मार्गको सुरूतिर निराधार साबित भएपछि, पण्डित जवाहरलाल नेहरू घबडाउने कारण पनि पर्‍यो– उनले पाएको नेपालसम्बन्धी धेरैजसो खबरहरू निराधार साबित भएका र उनको मन्त्री-मण्डलका गतिशील गृहमन्त्री सरदार पटेल र राणाजीहरूको नेपाललाई भारतमा मिलाउनुपर्दछ भन्ने ध्वंसात्मक सुझावको पण्डित नेहरूले निरन्तर घोर विरोध गरेको हुँदा ।

श्री ५ त्रिभुवन भारतीय दूतावासमा पसेपछि, नेपाललाई पनि हाईद्रावादलाई जस्तै व्यवहार गर्न पर्दछ भन्ने किसिमको प्रेस वक्तव्य भारतका तत्कालीन गृहमन्त्री सरदार पटेलले दिए; र नेपालमा सामन्ती राणा सरकार राख्न हुन्न भन्ने राय भारतका शिक्षामन्त्री मौलाना आजादले व्यक्त गरे । प्रधानमन्त्री नेहरूले श्री पटेलको त्यो 'दुष्ट' विचारको शख्त विरोध मात्र गरेनन्, नेपालको स्वतन्त्रता अखण्ड राख्ने नीति अपनाई, नेपाललाई त्यसबखत कहिले बिर्सी नसक्नु गुन लगाएका थिए । पण्डित नेहरू जस्ता अन्तर्राष्ट्रियवादी र आफ्नो सिद्धान्तमा अड्ने नेता त्यसबखत भारतका प्रधानमन्त्री नभएको भए नेपाललाई ठूलो संकट आउने सम्भव थियो । छिमेकी राष्ट्र अति लत्रेको बेला त्यसबाट अनुचित फाइदा उठाउन नचाहने नेता र राष्ट्र थोरै हुन्छन् ।

—०—

---

१. सरदार पटेलको प्रेस विज्ञप्ती– "कश्मिर र हाईड्रावादलाई जस्तै, नेपाललाई पनि भारत सरकारको पोल्टाभित्र पर्दछ.. ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

त्यस्तो जटिल समस्या सामना गर्न परेका भारतका प्रधानमन्त्रीले २००७ साल मार्ग १२ गतेपछि आफ्ना मन्त्रि-मण्डलका सदस्य रफी अहमद किदवाई र काश्मिरका मुख्य मन्त्री सइक् अब्दुल्ला मार्फत, नेपाली काँग्रेसका केही समर्थकहरूलाई हात-हतियार भारतबाट भित्रभित्रै पठाउने बन्दोबस्त गरे। यसरी शुरू भएको नेपाल सरकार विरोधी पुनः काँग्रेसी आन्दोलनको रफ्तार अब अधिराज्यभर बढ्यो। नेपाली काँग्रेसलाई धनकुटा, भोजपुर, चैनपुर, तेन्हथुम, उदयपुर, काठमाडौं, भैरहवा, पाल्पा, नेपालगंज, धनगढी इत्यादि ठाउँमा आन्दोलन चर्काउन लगाइयो। मार्ग १३ गते त्रिराटनगरमा बी. पी. कोइराला, विश्वबन्धु थापा, शिवजंग राणा, जी. बी. याकथुम्बा, केशवप्रसाद,तारिणीप्रसाद कोइराला, चेमजुंग, बी. वी. राई, पूर्ण सिंहले राष्ट्र सेनाको ब्यारेक माथिको हमला चर्काए। भोजपुर, चैनपुर, तेन्हथुम, ताप्लेजुङमा सर्वश्री नारदमुनी थुलुङ, रामप्रसाद र कर्णबहादुर राईले र वैद्यनाथ पोखरेलले, रामकृष्ण रामचन्द्र श्रेष्ठले धनकुटामा, रुद्रप्रसाद गिरीहरूले उदयपुरमा र भद्रकाली, रामनारायण मिश्रहरूले सप्तरी र महोत्तरीमा हमला गरे। झापा सजिलैसँग काँग्रेसको हातमा पऱ्यो।

मध्य भागमा मे. ज. सुवर्ण शम्शेर, मेघराज, तेजबहादुरहरूले आन्दोलन मच्चाए; डा. के. आई. सिंह, श्यामसुन्दर, काशीप्रसाद श्रीवास्तव, बालचन्द्र शर्मा र कर्णेल गोपाल शम्शेरले भैरहवामा; कमलराज, अच्युतराज रेग्मीहरूले पाल्पामा; राजेश्वर, श्रीभद्रशर्मा बखान सिंह, ॐकारप्रसादहरूले गण्डकी धवलागिरी अञ्चलमा, महेन्द्र विक्रम, सूर्यप्रसाद, भरतमणि, शेरबहादुर शाहीं, केशरजंग रायमाझी, काशीराज गौतम, काशीनाथ गौतम, परशुनारायण चौधरी, सी. बी. सिंहहरूले प्यूठान, दाङ, नेपालगंज र धनगढीमा हमला गरे। खास गरेर बंगाल, विहार र उत्तर प्रदेशका विश्वविद्यालयमा पढ्ने नेपाली छात्रहरूले त्यस जनक्रान्तिमा तराईका विभिन्न मोर्चामा भाग लिएका थिए।

यसरी मार्ग १२ गतेदेखि पौष १४ गतेतक भारत सरकारले राणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारलाई तर्साउन र दबाउन नेपालभित्र घेरै ठाउँमा आतंक मच्चाउँन लगायो। तैपनि राष्ट्र सेनाले ठाउँ ठाउँमा डटेर मुक्तिसेनाको हमलाको सामना गर्दै आएको थियो। दोस्रो महायुद्धमा रसियनले स्टालिन ग्राड थामे झैं क. उत्तम विक्रम राणा विराटनगरको ब्यारेक र अफिसबाट एक इन्ची हटेनन्। उनी माथि कैयन् दिनसम्म मुक्तिसेनाले हमला गरिरहँदा उनको छोरा मारिए तापनि उनी जहाँको तहीं डटेर बसे। उनको सहायतार्थ काठमाडौंबाट गएको फौज कोशी तर्न नसकी वारी नै रोकियो। त्यसैगरी ले. क. तिलक शम्शेर थापाले जलेश्वर र ले. क. नीरजंग राणाले भैरहवा छाडेनन्।

खास गरेर सत्रभाइ राणाजी बडा हाकिम भएका जिल्ला– ज. प्रचण्ड शम्शेरले पाल्पा, क. स्वम शम्शेरले बीरगंज, क. प्रकार शम्शेरले धनकुटा, क. विज्ञान शम्शेरले इलाम र क. ध्रुव शम्शेरले नेपालगंज सजिलैसंग काँग्रेसको पोल्टामा पारे। यातायातको अभावको कारणवश भनेको बेलामा, चाहे जति राष्ट्र सेना, आवश्यक परेको ठाउँमा पुग्न र पुऱ्याउन नसकेकोले र उपर्युक्त घेरै ठाउँमा केही बडाहाकिमहरूले खुट्टा छाडिदिएकोले जिल्लामा आतंक मच्चियो। मुक्तिसेनाले राष्ट्र सेना घेरियो,पैसाको अभावले खर्च खान पाएन भनी आ.वा. ठाउँ ठाउँबाट आउन थाल्यो दरभंगा महाराजको भाडामा लिएको प्लेनमा नोटको बिट्टा हाली मी. सुं भीमबहादुर पांडे र इन्जिनीयरिंग ज्यानबहादुर प्रधान पूर्व तिरका गौंडा गोश्वारामा घेरिएका राष्ट्र फौजको हात पर्ने गरी सो नोट खसाल्न खटिए र घेरै गौंडामा नोटका बिट्टा खसाले- फउज वेखर्ची नहोस् भनी। खास गरेर यातायातको असुविधाको कारण-वश नै घेरै ठाउँमा राष्ट्र सेना त्यसवखत अक्रिय पल्टन पऱ्यो।

यस्तो अनिश्चित वातावरण (भारत सरकारले श्री ५ त्रिभुवनलाई र राणा सरकारले श्री ५ ज्ञानेन्द्रलाई राजा मान्न, काठमाडौंस्थित बृटिश राजदूतले राणाको निर्णयलाई समर्थन गर्ने र मार्ग १२ गते तक राष्ट्र सेनाले मुक्ति सेनालाई जतातते खेदने) मा श्री ५ त्रिभुवन र श्री ५ ज्ञानेन्द्र मध्ये कसलाई नेपालको राजा मान्न ठीक पर्ला भनी पक्का पक्की खबर बुझ्न वृटिश मन्त्री-मण्डलले विशेष राजदूत सर इस्लर डेनिंगलाई नेपाल पठाउने निधो गऱ्यो। दिल्लीस्थित उप–हाईकमिशनर मि. रवर्टलाई लिएर उनी मार्ग १८ गते र अमेरिकन सरकारको दिल्लीस्थित राजदूतावासको मिनि-ष्टर काउन्सेलर मि. स्टेयर १९ गते काठमाडौं पठाउने भए भन्ने खबरले भारत सरकारलाई निकै ततायो। वास्तवमा उक्त दुई राष्ट्रका प्रतिनिधिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा यथार्थ अवस्था बुझ्नलाई पठाइने भए भन्ने खबर बेलैमा पाएको कारणले भारत सरकारले २००७ साल मार्ग १२ देखि नेपालमा भित्री सञ्चो काँग्रेसी आन्दोलन चर्काउने निधो गरेको थियो। उसको योजना अनुरूप आन्दोलन भयो।

फलतः काठमाण्डौंस्थित भारतीय दूतावास उसका समर्थक र दलालहरूले सर डेनिंग मार्ग १८ गते काठमाडौं आइपुग्दा नेपाल सरकारको विरूद्ध र श्री ५ त्रिभुवनको पक्षमा ठूलो प्रदर्शनको तर्जुमा गरे-- भारत सरकारको ईशारामा। मार्ग १८ गते बिहान भारतीय दूतावासका कर्मचारीले भारतीय नोटको बिट्टाका बिट्टा लिएर शहर घुमे। बृटिश सरकारले श्री ५ ज्ञानेन्द्र अथवा श्री ५ त्रिभुवन मध्ये कसलाई मान्यता दिने भन्ने कुराको अन्तिम निर्णय सर इस्लर डेनिंगको प्रतिवेदनमा भर पर्दछ भन्ने कुरा राम्रो बुझेको भारत सरकारले त्यस दिन काठमाडौंमा श्री ५ त्रिभुवनको पक्षमा जनमत ठुन जगाउन हद कोशिश गऱ्यो।

यस जटिल अवस्थामा जनमत श्री ५ त्रिभुवनको पक्षमा प्रदर्शन गराउन सबभन्दा ठूलो भूमिका त्रि-चन्द्र कलेजका विद्यार्थी र परोपकारले खेले। डेनिंगको काठमाडौं भ्रमण अति महत्त्वपूर्ण छ भन्ने खबर बेलैमा मे. ज. विजय शम्शेरबाट श्री ३ मोहनमा नआएको हैन (त्यसबेला पू. क. ज. केशर शम्शेर र मे. ज. विजय शम्शेर वार्तालापलाई दिल्लीमै बसेका थिए) त्यसको खास सुनाइ सिंहदरबारमा केही भएन। दशा बिग्रेको बखत चाहिने काम कुरा नगर्ने र नचाहिने काम कुरा गर्नेपट्टि मानिस लाग्दछ भने झैं त्यसबखत श्री ३ मोहनले जे काम कुरा गरे पनि खोलपाटो पर्न थालेको थियो। त्यसैले सर इस्लर डेनिंगको त्यो आगमनलाई श्री ३ मोहनले उस्तो खास महत्त्व दिएनन्। प्रधानमन्त्री भएपछि देखिन् नै अल्लि अल्मलिन थालेका मोहन शम्शेरको २००७ साल कार्तिक २१ गतेको घटना बाद त होश पनि गुम हुन थालेको थियो। उनी कुरा गर्दागर्दै उँग्दथे र बढी ध्याउन्न र समय ठोसभन्दा देहायका काम कुरामा बिताउँदथे।

मार्ग १८ गते सर डेनिंग हवाईजहाजबाट काठमाडौं ओर्लंदा नभन्दै राणा सरकार विरुद्ध गौचरमा ठूलो प्रदर्शनी भयो। नेपाल सरकारतर्फबाट बृ. क. सोभागजंग थापा निजलाई स्वागत गर्न गौचर गएका थिए। मि. डेनिंग चढ्ने मोटर भीडले यता र उता धकेली काठमाडौंस्थित बृटिश राजदूत र सर डेनिंग दुवैलाई हाई दोहाई खेलायो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौंका जनता त पूरापूरै श्री ५ त्रिभुवन प्रति वफादार छन् भन्ने कुराको प्रदर्शनकारीले त्यस दिन प्रदर्शन गराउन कुनै कसर बाँको राखेनन् । त्यस विशाल जनप्रदर्शनले सर डेनिंगको आँखा खोल्यो । त्रि-चन्द्र कलेजका विद्यार्थीले त्यस प्रदर्शनमा प्रमुख भाग मात्र लिएका थिएनन्, सर्वश्री बासुदेव ढुंगाना, जीवनलाल सत्याल, सुरेन्द्रराज शर्माहरूले विद्यार्थीवर्गको तर्फबाट सर एस्लर डेनिंगलाई बृटिश दूतावासमा श्री ५ त्रिभुवनको पक्ष लिएर एक स्मरण पत्र नै पेश गरे ।

डेनिंगको विरुद्ध प्रदर्शन गर्ने भीडलाई गौचरबाट फर्कंदा पो पुलिसले बानेश्वरमा लाठी चार्ज गऱ्यो– हुने हुनाउने काम भइसकेपछि । पुलिसको त्यस पिटाइमा, गौचरमा भएको विरोध प्रदर्शनीमा भाग लिने भन्दा बाटो हिंडने धेरै मानिस परे । भोलिपल्ट अमेरिकन प्रतिनिधि-मण्डलका नेता मि. स्टेयर काठमाडौंमा ओर्लंदा उनको स्वागत गर्न मी. सु. भीमबहादुर खटिएका थिए । त्यस दिन त मुसो पनि गौचरमा फर्केन ।

तर अघिल्लो दिनको, श्री ५ त्रिभुवन पक्षको त्यो जोडदार जनप्रदर्शन देखेका र बिर्सिनसक्नु भीडको चाप भोगेका सर इस्लर डेनिंगबाट अमेरिकन प्रतिनिधिले, नेपाली जनता कसको पक्षमा रहेछन् भन्ने कुरा राम्रोसंग बुझे । सर डेनिंगको काठमाडौंको आगमन थियो २००७ साल कार्तिक २१ गतेपछि नेपालमा घटेको सबभन्दा महत्त्वपूर्ण घटना; तर त्यसैलाई राणा सरकारले जानीजानी आँखा चिम्लियो– दशाले घेरेको हुँदा । देशका भाग्यविधाताले राजकाजको ठोसभन्दा देहायका काम कुरामा बढी अलमलिए र आफ्नो वृम्हले देखेको भन्दा अरू स्वार्थी मानिसले भनेको कुरा पत्याई काम गर्न थाल्यो भने राजकाज चौपट हुन्छ भन्ने तथ्यको दृष्टान्त बने श्री ३ मोहन ।

श्री ३ मोहनले दुवै प्रतिनिधिका प्रमुखलाई सिंहदरबारमा भेटी आफूले अपनाएको पंचायती व्यवस्था नेपालको माटो, हावा, पानी र जनभावना अनुकूल छ भन्ने कुरा आफूले भनेर नपुगी आफ्ना सल्लाहकार हजुरिया जर्नेल मे. ज. शारदा शम्शेर र क. सुवर्ण शम्शेरद्वारा संझाउन लगाए । श्री ५ ज्ञानेन्द्रलाई उक्त दुई सरकारले मान्यता दिनपर्ने आवश्यकताको जतिसुकै जोडले श्री ३ मोहन र उनका सल्लाहकारले औंल्याए पनि ती दुई कूटनीतिज्ञ हरूको, नेपालका जनताले श्री ५ त्रिभुवनलाई नै चाहंदा रहेछन् भन्ने गौचर विमानघाटमा अनुभव गरेको अटल धारणा बदल्न सकेनन् । पछिको बाटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहेरेर एकाएक श्री ५ ज्ञानेन्द्रलाई नेपालको गद्दीनसीन गर्न श्री ३ मोहनको जतिको भूल थियो त्योभन्दा कम भूल थिएन । वेलायतका प्रतिनिधि सर एस्लर डेनिंग काठमाडौं मा ओर्लने दिन श्री ५ त्रिभुवनको पक्षमा गौचरमा हुने भएको त्यो जनप्रदर्शनी उनले रोक्न नसक्नु । बृटेनका विशेष राजदूत नेपालको वास्तविक अवस्था बुझ्नलाई त्यसदिन काठमाडौं वर्लने कुरा, राणा सरकार विरोधी तत्त्वले श्री ५ त्रिभुवनको पक्षमा भारी प्रदर्शन त्यसदिन गर्ने तत्त्वसंग श्री ३ मोहन र पुलिसका तालुकवाला मे. ज. शारदा शम्शेर अवगत थिए । तर उनीहरूले ख्याल गर्न सकेनन् त्यसबाट हुनसक्ने भस्मासुर परिणाम ।

बृटेन र अमेरिकाले वास्तविक जनमत बुझ्न थलैमा पठाएका ती दुई विशेष प्रतिनिधिहरूले श्री ५ त्रिभुवन नै नेपाली जनताका केन्द्रविन्दु र हृदयरत्न रहेछन् भन्ने प्रतिवेदन आफ्ना सरकारमा पेश गरेको बुझी भारतका प्रधाननन्त्रीले लोक सभामा अर्को निकै जोडदार वक्तव्य दिए– राणा सरकार थकियोम् र उसका मित्र भनाउँदा बृटेन र अमेरिका चेती भारतले देखाएको बाटो हिंडून् भनी[1] ।

नेपाली प्रतिनिधिहरूले १० दिनसम्म दिल्लीमा धर्ना कस्दा धेरै पटक उनीहरूले भारतका प्रधान र गृहमन्त्री सर गिरिजा शंकर वाजपायीलाई धेरै पटक भेटी नेपाल सरकारको नयाँ सुझाव भारतले अघि भनेबमोजिमको नेपालमा राजनीतिक सुधार गर्ने, जनप्रतिनिधिलाई राणा सरकारमा सरीक गराउने र श्री ५ ज्ञानेन्द्रलाई नै नेपालको राजा मान्ने– को छलफल गरे तापनि त्यतिञ्जेल श्री ५ त्रिभुवनको दर्शन भेट गर्ने मौका पाएनन् । भारत सरकारले नेपाली प्रस्तावको वास्तै गरेन । नेपाल आफ्नो कुरामा अड्ने छाँट बुझी, भारत सरकार तर्फबाट श्री ५ त्रिभुवन, राणा सरकार र नेपाली काँग्रेसको केही विचारलाई समेत समावेश गरी, नयाँ प्रस्ताव तयार भयो । मार्ग २२ गते एकाएक श्री ५ त्रिभुवनबाट नेपाली प्रतिनिधि मण्डलका सदस्य प. क.

---

१. भारतको बाटो नगरी नेपाल जान सकिन्न भन्ने कुरा त सर्वविदित छ । त्यसकारणले हाम्रो जस्तो, अरू कुनै राष्ट्रको पनि नेपालसँग घनिष्ठ सम्बन्ध हुन सक्तैन । नेपाल र भारतको बीच विद्यमान सांस्कृतिक र भौगोलिक निकटतम सम्बन्ध सबै राष्ट्रले पारख गरून् भन्ने हाम्रो इच्छा हो, २००७ साल मार्ग २१ गते भारतका प्रधानमन्त्रीले आफ्नो संसदमा दिएको वक्तव्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज. केसर र मे. ज. विजयलाई दर्शन भेट बक्सियो। त्यसको भोलिपल्टै भारत सरकारले आफ्नो ५ सूत्रे निम्न सुझाव नेपाली प्रतिनिधि मण्डललाई हस्तान्तरण गऱ्यो। अब भारतले जस्तै बृटेन र अमेरिकाले पनि श्री ५ ज्ञानेन्द्रलाई कुनै हालतमा पनि मान्यता नदिने बुझी २००७ साल मार्ग ११ गते दिल्ली पुगेको नेपाली प्रतिनिधि मण्डल भारत सरकारको निम्न प्रस्ताव, सकी नसकी बोकी मार्ग २२ गते नेपाल फर्क्यो।

(१) नेपालको नयाँ विधान तयार गर्ने, बालिग मतको आधारमा एक वैधानिक सभा (कन्सीचूएण्ड एसेम्ब्ली) गठन गर्ने।

(२) राणा प्रधानमन्त्रीको अध्यक्षतामा जन-प्रतिनिधि (काँग्रेस) सहितको नयाँ सरकार गठन गर्ने।

(३) श्री ५ त्रिभुवनलाई नै नेपालको राजा मान्ने।

(४) सबै राजनीतिक बन्दीहरूलाई छाड्ने।

(५) राजनीतिक संगठन बनाउने अधिकार प्रदान गर्ने।

श्री ५ त्रिभुवन र श्री ५ ज्ञानेन्द्रमध्ये कसलाई नेपालको राजा बनाउने हो भन्ने भारत र नेपालकोबीच परेको कूटनीतिक दाउपेचमा नेपालको यसरी तल्लो सर पर्न गएको कारण बृटेनले शुरूमा श्री ५ ज्ञानेन्द्रलाई नेपालको राजा मान्ने अठोट गरेको आफ्नो पूर्व निर्णयलाई पनि सर डेनिङ्गको नेपाल भ्रमणपछि बदलेक़ोले अमेरिकाले बृटेनको देखासिकी गऱ्यो। पाकिस्तानले श्री ५ ज्ञानेन्द्रलाई दिएको मान्यता नपाल सरकारको खल्तीको खल्तीमै बस्यो। फ्रान्स र नेपाल सरकारले कमाएका एकाध मित्रराष्ट्रले, बगरेले खसी तौले झैं, नेपाल र भारतलाई जोख तौल गर्दा, भारतलाई नै मोटो ठानी उतैतिर लागे। छिमेकी जनवादी चीनप्रति अरूले देखाएको हौआले डराएर बेलामा आफ्नो पुरानो दौत्यसम्बन्ध नवीकरण गर्न हच्केको राणा सरकारले त्यस नाजुक घडीमा श्री ५ ज्ञानेन्द्रलाई मान्यता प्रदान होस् भनी अनुरोध गर्ने बाटै थिएन; २००५ सालतिर कति प्रयास गर्दा पनि संयुक्त राष्ट्र संघको सदस्य हुन नेपाल नपाएको कारण अब त्यहाँ आफ्नो कुरा बिच्छाउने राणा सरकारले मौका पाएन।

नेपालमा प्रजातन्त्र अनिवार्य छ भन्ने श्री ५ त्रिभुवनलाई पर सारेर सामन्तवादको औतार राणा सरकारले ठड्याएका ४ वर्षका राजा श्री ५ ज्ञानेन्द्रलाई देशभित्र बाहिर पत्यार पर्ने गरी प्रचार गर्ने ठाउँ पनि थिएन। श्री ५ त्रिभुवनको सट्टा श्री ५ ज्ञानेन्द्रलाई किन नेपालको राजा बनाउन परेको भन्ने राणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारको तर्क नेपालभित्रै पनि थोरैले बुझेका थिए; नेपाल बाहिर त कुरै पर जावस् । त्यसबखतको नेपाल सरकारको दृष्टिकोण नेपालबाहिर प्रचार गर्ने निकाय थियो, दिल्ली र लण्डनस्थित नेपाली राजदूतावास र काठमाडौं स्थित बृटिश र भारतीय राजदूतहरू; दुवै नेपाली राजदूतहरू प्रायः निष्क्रिय रहे– साधन र निर्देशनको कमीले गर्दा, प्रगतिशील नेपालका राजा श्री ५ त्रिभुवनलाई सामन्ती राणा सरकारले पदच्युत गरेको नेपाली जनतालाई मान्य छैन भनी भारत सरकारले गरेको विश्वव्यापी जोडदार प्रचारको अगाडि नेपाल सरकारको श्री ५ ज्ञानेन्द्रको पक्षको थोर बहुत प्रचार, बच्छे बाजाको अगाडि सारङ्गीको तिरिङ्ग तिरिङ्ग समान भयो ।

वर्ष दिनअघि भारत सरकारले जुन र जस्तो राजनीतिक सुधार नेपालमा चाँडो गरिदिन पऱ्यो भनी श्री ३ मोहनलाई सम्मानपूर्वक अनुरोध गरेको थियो, अब त्यसलाई भारतले भनेबमोजिम गर्दछु भनी श्री ३ मोहनले आफ्नो छोरा मे. ज. विजयलाई भन्न पठाउँदा भारतले टेर पुच्छर लगाएन– अब हरेक काम कुरामा नेपालको तल्लो सर पर्नाले । भारतसंग लगेर २००७ साल मार्ग ११ गते नेपाली प्रतिनिधिलाई त्यत्रो हडबडसाथ वार्तालापलाई दिल्ली पठाएको कारणले नै बृटेनले अघि श्री ५ ज्ञानेन्द्रलाई दिन निश्चित गरेको मान्यता पछि व्यक्त गर्न हच्केको हो भन्ने फरेब लण्डनस्थित नेपाली राजदूतले श्री ३ मोहनलाई लगाए । तर वृटेन हच्कनाको खास कारण हो– सर इस्लर डेनिङ्गको प्रतिवेदन श्री ५ त्रिभुवनको पक्षमा भारतको विश्वव्यापी जोडदार प्रचार, अधिकांश नेपाली जनताको श्री ५ त्रिभुवनप्रतिको आस्था र राणाजी राणाजीमा आपसी फूट ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- १

२००७ साल मार्ग १ गतेको श्री ३ मोहनको घोषणाः–

"नेपालमा केही कुपुत्रहरूले कुबाटोमा लागेको देख्दा, हामीलाई ठूलो अफसोस लागेको छ। अहिले नेपालमा क्रान्तिको कुनै कारण छैन। नेपाल सरकारको सुप्रबन्धमा दुनियाँ सुख शान्तिपूर्वक नै थिए। हामीबाट आवश्यक उन्नति गर्न पनि बाँकी राखिबक्सेका छैनौं। पञ्चायत संसद खडा भइसकेका छन्। यसरी फेद र टुप्पो हामीबाट बनाई बक्सेका छौं। बाँकी शरीरलाई तिमीहरू सबै प्रजाले भर्न पर्दछ। लुटेराहरूको दमन चाँडैनै भई सक्नेछ। यस कुरामा सन्देह मान्न पर्दैन। नेपाल देश विरूद्ध छोटा असन्तुष्ट र द्रोही राणाहरूले कुबाटोमा लगाई भडकाएका नेपालीविरूद्ध केही कडा कारवाई गर्न पऱ्यो भन्ने कुरामा मात्र मलाई अफसोस छ। यस बीचमा तिमीहरूले आत्तिने चाहिं कारण छैन। लुटेराहरू जाने वा नजाने र उनको मद्दत हुन सक्ने कालाबजार गर्ने, अन्न थुपार्ने, कुइस्लिँग र जयचन्द्रजस्ता बन्ने, देश द्रोही र आतंककारी खबर फैलाउनेका प्रति अत्यन्त कडा कारवाई गर्नमा हामीबाट चुकिबक्सने छैनौं। हाम्रा प्यारा प्रजाहरूले चिन्तित हुने काम छैन, नेपालको संकटमा हामीलाई सहायता दिनुपर्दछ। श्री पशुपति नाथको कृपाले यो कष्टबाट हामी चाँडै नै पार हुने छौं। हाम्रो प्यारो मातृभूमिमा चाँडैनी सुख शान्ति पुनः स्थापित हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४

राणा शासन सकियो

(१)

प्रस्तावित भारतीय सुझाउको दफा १, २ र ३ ले राणा सरकारलाई ठूलो धर्मसंकटमा पान्यो । एकसय चार वर्षसम्म राणा व्यवस्थालाई निर्विकल्प सम्झेर आएका रोलवाला राणाजीहरूलाई 'नेपालमा नयाँ विधान तयार गर्नलाई, बालिग मतको आधारमा, एक वैधानिक सभा गठन गर्ने' कुरा खूब खड्क्यो । हुन त धेरै रोलवाला राणाजीहरूलाई त्यसबखत बालिग मत भनेको कुन चिडियाको नाम हो, त्यो थाहा थिएन, तर पनि दुनियाँले बनाएको विधान-भित्र आफू छिर्नपर्ने अड्चन पर्नलाग्यो भनी उनीहरू घबडाएको बेला मे. ज. विजयले विधानसभाको भित्री मर्म पत्यार पर्ने गरी श्री ३ मोहनलाई सम्झाएकोले उनले दफा १ त आखिर सकारे, तर दफा ३ अन्तर्गत 'श्री ५ त्रिभुवनलाई नै नेपालको राजा मान्ने' कुरा किमार्थ मान्दिन भनी अड्डी लिए-थुकेको थुक चाट्न पर्ने भयो भनी ।

बालिग मतको आधारमा गठन हुने भनेको वैधानिक सभाले जे ठह्र्याउँदछ त्यसै गर्ने र त्यतिञ्जेललाई रिजेन्सी काउन्सेल स्थापना गरी श्री ५ ज्ञानेन्द्रलाई नै राजा मानी राजकाज चलाउने निर्णयमा दिग्गज रोलवाला राणाजीहरू पुगे । सबै राजनीतिक बन्दीहरूलाई छाडे पनि हिंसात्मक अभियोग लागी आजन्म जेल परेका कैदीलाई रिहाई गर्ने नगर्ने कुरामा पनि राणा सरकारमा एकमत हुन सकेन ।

२००७ साल मार्ग २८ गते श्री ३ मोहनबाट भारत सरकारको पाँच सूत्रे सुझावको पहुँचमा त्यसमा गौडसाथ विचार हुँदैछ भन्ने जवाफ गयो[1] ।

---

१. नेपालको स्वाधीनता, स्थिरता र प्रगति कायमै राख्ने मुख्य ध्येयले तपाईं र भारत सरकारले प्रदान गरेको सुझाव र सल्लाह परेको याददास्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैताका बृटेनको 'न्यू स्टेस्ट्मेन आएण्ड नेशन' भन्ने पत्रले नेपाल काण्डमा बृटेनले भारतको पक्ष लिनपर्ने आवश्यकता जनाएर लेख लेख्यो । पौष ६ गते भारतका प्रधानमन्त्रीले नेपाल सम्बन्धी आपनो ५ सूत्रे प्रस्ताव र त्यसमा श्री ३ मोहनको प्रतिक्रियाको बेलिविस्तार लोक सभामा व्यक्त गरे । पौष ७ गते श्री ५ त्रिभुवनबाट भारतीय प्रस्तावको स्वागत भयो ! पौष ८ गते नेपाली कांग्रेसले विराटनगर लियो । यो कुटाकुट घटेको घटनाले राणा परिवारमा ठूलो मतभेद पैदा गऱ्यो ।

खास गरेर श्री ५ त्रिभुवनलाई अझै पनि नमान्ने त्यो निर्णयले राणाजीहरू फुटे । चवालीस जना जति रोलबेरोलवाला सत्रभाइहरू त शुरू देखिन् नै श्री ५ त्रिभुवनतर्फ लहसिसकेका थिए । अब त्यो पाँच सूत्रे प्रस्तावको पश्चात् त धेरै रोल र बेरोलवाला राणाजीहरूमा होडबाजी शुरू भयो, श्री ५ त्रिभुवनलाई नै नेपालको राजा मान्ने र मौसूफलाई दिल्लीबाट नेपाल चाँडो फर्काउने अपीलहरू प्रकाश गर्नमा । श्री ५ त्रिभुवनलाई दिल्लीबाट फिर्ता झिकाउन पर्दछ भन्ने राणाको संख्या अब चवालीसबाट बढी एकाएक एकसय बीस पुग्यो । "यतो कृष्ण ततो जयः" भने झैं गरी । जित्नेलाई माने सबैले भन्ने नै भए ।

ती एकसय बीसजना राणाजीहरूलै श्री ५ ज्ञानेन्द्रलाई अझै पनि राजा मान्न खोज्ने रोलमा माथि पुगेका अरू राणाजीहरूलाई लाञ्छना लगाएर वक्तव्य निकाले । यस दलका थकाली बने पू. क. ज. बहादुर शम्शेर र मे. ज. किरण शम्शेरहरू (मे. ज. नर शम्शेर त श्री ५ त्रिभुवन भारत सवारी भएदेखि नै मौसूफतर्फ लागिसकेका थिए) । 'सी' क्लासका सबैजसो र 'ए' क्लासका मे. ज. लक्ष्मण, मे. ज. वसन्त, नवयुवक क. सुवर्ण, क. हिमालय, क. इन शम्शेर ज. ब. रा.हरू र 'बी' क्लासका नृपजंग, खड्ग नर्सिङ, परीक्षित नर्सिङ राणाहरू समेत विरोधी गुटमा सरीक भए । यसरी राणाजी राणाजीमा मतभेद शुरू भयो– कसो गर्नाले र कता लाग्नाले निजी र राणास्वार्थ बढी साधिन्छ भन्ने तुलबुलले गर्दा ।

अर्थात् अब श्री ३ चन्द्रका सन्तान जति एकातिर (१९४२ सालमा

दिल्ली गएका हाम्रा प्रतिनिधिहरूले साथ ल्याएका छन् । त्यसमा गम्भीर कुरा परेकाले मेरो मन्त्रीमण्डललाई, विचार गर्न स्वभावत समय लागेको छ" हिन्दुस्तान स्टेण्डर्ड, कलकत्ता डिसेम्बर २२, १९५० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धीर शम्शेरका सन्तान जति एकातिर भए कैं) र अरू सत्रभाइ राणाजी-हरूमध्ये धेरैजसो अर्को पक्षमा गए । राणाजी राणाजी बीचको त्यो सातौं र अन्तिम घच्ची थियो, जसले एकसय चार वर्ष लगाएर राणाजीले पारेको पारिवारिक ढिको सदाको लागि फुटाल्यो– फुटेको हाँडी फेरि नजोडिने किमिमले । पू. क. ज. बहादुर शम्शेर उदारवादी राणाजीका नेता भई, सके प्रधान मन्त्री, नभए प्रधान सेनापति जिप्ट्याउने दाउमा थिए भन्ने बाहिर गाइँगुइँ हल्ला सुनिन्थ्यो । धेरै राणाजीलाई भारतीय राजदूत सर सी. पी. एन. सिंहले थरीथरीका दिल बहलाउने खालका, घतिला र चोपिला तर उधारा र फाल्टु आश्वासन प्रदान गरेका थिए– आफ्नो मतलब साध्नलाई ।

त्यस घडीमा नेपालमा सबभन्दा शक्तिशाली व्यक्ति, दुर्भाग्यवश, गनिन गए भारतका नेपालस्थित राजदूत –सर सी. पी. एन. सिंह । १८९० साल-ताका हडसन काण्ड २००७ सालमा पनि नेपालमा दोहरिएला जस्तो छाँटकाँट देखिन थाल्यो[1] । भारतका राजदूतको मतलबी कुरा सुनेर पछि-लाग्ने धेरैजसो राणा र अराणाहरू, पछि गएर गोबरले जुठो लोहटिए कैं लोहटिए । आफ्नो मतलब साधिन्छ भने जे पनि गर्न तत्पर अति स्वार्थी खालका केही नेपालीले २००७ सालको पूसतिर भारतीय राजदूतको चाकरी-तिर लाग्न खोजे– आपना पूर्खाको त्यो गौरवमय इतिहास बिर्सेर । नेपालीले नेपालको चाकरी गर्ने त नेपालमा परम्परा थियो, तर त्यसबखत केही नीच खालका नेपालीले खुलेआम भारतीय राजदूतको चाकरीमा पनि धाउन हच्केनन्– निजी स्वार्थ साध्न सकिन्छ कि भनी । २००७ साल काण्डमा घटेका अनेक घटनामध्ये नेपालको निमित्त सबभन्दा लज्जाजनक पनि यही थियो ।

दिल्लीबाट आएको प्रस्तावमा नेपालको प्रधानमन्त्री राणा नै हुने निधो लागेकोले, सकल राणा परिवारको गुप्त मतबाट प्रधानमन्त्री छानिन पर्दछ भन्ने ती एकसय बीस जनाको जिकिर थियो । नेपालमा 'ए' क्लास भन्दा 'सी' क्लास राणाको बहुसंख्या हुँदा, 'सी' क्लास जतालागे त्यही प्रधानमन्त्री हुने अवस्था पर्ने छाँट देखी, त्यो संभाव्यतामा विश्वस्त राणाजीहरूले 'सी' क्लासलाई हातालिन कोशिश गरे– प्रधानमन्त्री हुन पाइएला कि भनी । यही प्रलोभनलाई भारतीय राजदूतले राणा फटाउने हतौडी बनाए । त्यस

---

१. बृटिश राजदूत हडसनले नेपालका भारदार भारदारको बीच 'वार' र 'पिस' पार्टी गठन गराई दुई थरीलाई आपसमा लडाई झिल्ली झारेथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वखतसम्म पनि राणाजीहरू आपसमा नफुटी दिएको भए भारतीय राजदूतले मह काट्ने हात चाट्ने र नेपालीहरूलाई झुम्राको पुतली समान पछिसम्म खेलाउने मौका पाउने थिएनन् ।

स्वर्गीय ले. क. बालकृष्ण शम्शेर जंगबहादुर राणा, उनका छोरा जनार्दन शम्शेर ज. ब. रा. र उनकी रानीले हाल रत्नपार्कको छेउबाट जंगबहादुरको सालिकतक 'ॐ शान्ति जय नेपाल'को नारा लगाएर, बाबु छोरा दुवैले आफ्नो नाम शम्शेर जंगबहादुरबाट छोट्याई 'सम' बनाए । बूढो बाघलाई फट्याँग्राले पनि लखेट्दछ भने झैं राणा सरकारलाई अब राणा अराणा सबले हिक्न थाले– कसैले आफ्नो विचारले र कसैले अर्काको लह-लहीमा लागेर । २००७ सालको आन्दोलनमा खालि जंगी र निजामती सरकारी कर्मचारीहरू मात्र आफ्नो कर्तव्यबाट कति लक्पकाएनन् र एकाध बाहेक अरू कोही पनि त्यसबाट कनि चुकेनन्– जस्तोसुकै प्रलोभन र धम्की जोसुकैले, जताबाट देखाए तापनि ।

जुन परिवारले एकसय चार वर्षसम्म नेपालको तर मान्यो, उल्टो आखिर क्रयविक्रयका वेलामा आएर उही नै बाझियो र त्यसैभित्र भण्डाफोर भयो– गुटमा फुट हुन्छ र 'नयरर ब्लड मोर ब्लडो' (जति नजीकको हाडनाता पन्यो उति बढी खूनी हुन्छन्) भन्ने अंग्रेजी उखानको चरितार्थ गर्दै सबै आफैले मात्र खाऊँ भन्ने घोप्ट्याहा मिज्यास भएको मानिस, परिवार र दलले राष्ट्रमा कुनै आपत विपत परी आएमा अरूको सहयोग पनि पाउन्न आफू पनि टिक्न सक्तैन भन्ने उक्तिको यो घटना भयो ज्वलन्त दृष्टान्त ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

नेपालको त्यो ठूलो र गनिएको राणा परिवार यसरी आफूमा नराम्रोसंग बाझिएपछि २००७ साल पौष ६ गते भारतका प्रधानमन्त्रीले राणा सरकारलाई अर्को चेतावनी दिए– राणा सरकारले भारतीय प्रस्ताव जस्ताको तस्तो मान्नलाई काईंकुईं गरेकोले[1]। पौष ७ गते श्री ५ त्रिभुवन-बाट दिल्लीमा भारतीय पाँच सूत्रे सुझावको स्वागत भयो। तैंपनि पौष ९ गते श्री ३ महाराजले खालि तीन वर्षभित्रमा नेपालमा एक वैधानिक सभा गठन गर्ने कुराको मात्र काठमाडौंमा घोषणा गरे। भारतीय पाँच सूत्रे योजनाको वाद नेपालमा राणाजीहरू तीन गुटमा बांडिएका थि श्री ५ ज्ञानेन्द्रलाई नै राजा मान्ने; श्री ५ त्रिभुवनलाई मात्र राजा मान्ने र नेपालमा एक वैधानिक सभा यथाशक्य चाँडो बोलाई त्यसले श्री ५ त्रिभु-वन श्री ५ ज्ञानेन्द्रमध्ये जसलाई राजा मान्दछ त्यसैलाई राजा मान्ने र त्यतिन्जेल नेपालमा रिजेन्सी काउन्सेल गठन गर्ने। यो तेस्रो विचार भरखर भरखर नेपालमा पलाउन थालेको थियो र यसपट्टि ढल्केका थिए मे. ज. विजय शम्शेर। वैधानिक सभामा नै अब नेपाल सरकारले आड लिनपर्दछ भन्ने उनको भनाइ थियो।

श्री ५ त्रिभुवनलाई फेरि नेपालको राजा नमान्ने, बरु एक रिजेन्सी काउन्सेल गठन श्री ५ ज्ञानेन्द्रलाई नै राजा थाम्ने श्री ३ मोहनको पुरानो विचार बदलिएन। त्यही निर्णय लिएर फेरि पौष ११ गते विजय शम्शेर र सरदार नरेन्द्रमणि आचार्य दीक्षित दिल्ली गए। भोलि पल्ट दिल्ली स्थित नेपाली दूतावासले श्री ३ मोहनको नयाँ प्रस्ताव दिल्लीमा पिटायो।

---

१. "हाम्रो सरकार धैर्यवान छ। कहिलेकाहिं चाहिनेभन्दा पनि बढी धैर्य देखाउँदछ। यो मामला चर्कंदै गयो भने नेपालको भलो हुन्न। जुन मध्यम मार्ग हामीले अपनाउन खोजेका छौं, त्यसको पत्ता लगाउन पनि झन गाह्रो हुनेछ"– सन् १९५० डिसेम्बर ६ तारीखमा भारतको लोक सभामा (२००७ साल पौष २२ गते) जवाहरलाल नेहरूको भाषण।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली प्रस्तावको भारत सरकारले वास्ता गरेन; भारतका प्रधानमन्त्रीले मे. ज. विजयलाई भेटसम्म दिएनन्, कुरा गर्न त परै जावस्; उल्टो झन् कडा चेतावती नेपाली प्रतिनिधि मण्डलले भारत सरकारबाट पायो र काठमाडौंमा राणा सरकार विरोधी आन्दोलन खूब मच्चाइयो– भारतीय पाँच सूत्रे सुझावलाई नेपालको राणा सरकारले जस्ताको तस्तो मान्न अन्कनाएकोले। राणाजी राणाजीमा तनाव पनि आजभन्दा भोलि बढाइँदै गयो। अर्थात जुन कुरा भारतका राजदूत नेपाल चाहन्थे, त्यही भयो। अरू नेपाली जनताको त के कुरा अधिकांश राणाजीहरू नै नेपालमा श्री ५ त्रिभुवनलाई नै राजा मान्न तयार छन् भन्ने कुराको भारत सरकारले निस्फिक्रीसंग विश्वभर प्रचार मच्चायो– यो थियो भारतीय कूटनैतिकताको अर्को विजय ।

यस पटक मे. ज. विजयको मुख्य वार्ता भारतका सेक्रेटरी जनरल सर गिरिजा शंकर वाजपाई र सर सि. पि. एन. सिंह संग भयो। नेपालमा श्री ५ त्रिभुवनलाई राजा र श्री ३ मोहनलाई अब पनि प्रधानमन्त्री थाम्ने, पुरानो राणा सरकारलाई नउखाडीकन, जनताको प्रतिनिधिलाई सरकारमा सरीक गराउने अर्थात् "सर्प पनि नमार्ने लठ्ठी पनि नभाँच्ने" जुन मध्यम मार्ग वर्षदिन अघि भारतका प्रधानमन्त्रीले श्री ३ मोहनलाई अपनाइयोस् भनेका थिए अहिलेको भारतीय सुझावमा पनि मुख्य त्यही कुरा परेका छन् । नेपाल र राणा परिवारको भलो होस् भनेर नयाँ प्रस्ताव बनेको हो; नेपालको नयाँ सुझाव कुनै हालतमा पनि भारतले मान्दैन भन्ने कुरामा उनीहरूले जोड दिए । भारतीय सुझावको खालि भारतीय साम्यवादी पार्टी र केही समाजवादी नेताले घोर विरोध गरे भने नेपालको आन्तरिक मामलामा भारतले हस्तक्षेप गऱ्यो भनी अखिल भारतीय हिन्दू महासभाले आलोचना गऱ्यो ।

भीडमा कुल्चिई मरेका न्हुछेरत्न उदासलाई शहीद बनाई, विष्णुमतीमा दाह संस्कार गरी असनको वाटो टुंडिखेलतिर आएको विशाल जुलुसले श्री ३ मोहनको टुंडिखेलमा हावाखान भएको सवारीलाई महांकालनेर भेट्टाएर हा हा र हु हु गऱ्यो । प्रधानमन्त्री सैनिक अस्पतालभित्र पसी, आपना भोटे कुकुरजस्ता आठपहरियालाई, भीडमाथि लगाई दिए। त्यहाँ भीड र आठपहरियाको बीच भारी भिडन्त भयो। त्यस घटनाले उत्तेजित भई भोलिपल्ट काठमाडौंका जनताले जेल तोड्ने विचारले ठूलो जुलुस निकाले । सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीड जेलतिर जाँदा, धरहरानेर जुलुस र फौजको मुठभेड भयो। त्यसैमा श्री भोगेन्द्रमान सिंह मारिए। त्यो आन्दोलन गरे गराए बापत सर्वश्री वासुपासा, योगनाथ प्याकुर्याल, दमनराज तुलाधर, जीवनलाल सत्याल, वासुदेव ढुंगानाहरू पकडिए।

काठमाडौं शहरमा त्यसरी हलचल मच्चिएको र टोलटोलपिच्छे रक्षा संघ गठन भएको वेला क. भरत शम्शेरले "गोरखा दल" भन्ने एक नयाँ संगठन खोली त्यो तनावपूर्ण र विष्फोटक वातावरणमा अर्को राँको झोसे। गोरखा दल ठूलो गौचर (हाल त्रिभुवन विमानघाट) मा २००७ साल पौष २० गते जन्म्यो। यसका सदस्यहरू प्रायः काँठे, छाते, आठपहरियाहरू थिए। त्यसको प्रारम्भिक खर्च श्री ३ वडामहारानी र वडारानी साहेबले व्यहोरेका थिए–बाबु बाजेहरूले धान्न नसकेको राणा शासन साहसिलो पनाति हजुरले (श्री ३ चन्द्रकै जीवित छँदै जन्मेको पहिलो पनाति हुँदा पनाति हजुर भनेको) थामी हाल्दछ कि भन्ने अन्तिम आशाले।

गोरखा दलका केही सदस्य र विभिन्न दरवारका केही आठपहरियाहरूले पौष २२ गतेतिर, हातमा नांगो खुकुरी नचाउँदै भोटाहिटीबाट असनतिर लागेपछि शहरमा ठूलो आतंक मच्चियो। त्यस दिनदेखि शहरियाहरूले गोरखा दललाई खुकुरी दल भन्न थाले र टोल रक्षासंग टोलटोल पिच्छे खडा गरे। राणाजीहरू त्यसरी फाटेका, खुट्टा कमाएका र भारतले नेपाललाई पेल्दासम्म पेलेको वेला क. भरत शम्शेरले, जुनसुकै र जस्तोसुकै, व्यक्तिगत र जहानिया शासन थाम्ने नियतले गोरखा दल गठन गरेका भए पनि उनको त्यो कदम जरूरै साहसिलो थियो। (२००७ सालको काण्ड शुरू गर्नुभन्दा अघि पनि क. भरत शम्शेरको आफ्ना बाबु बाजेसंग कटाक्ष थियो। राणा शासनको म्याद पुग्यो भनी उनी जयाभावी खुल्लम्खुल्ला बकबकाउँदथे। क. भरत शम्शेरका गुरु प्रो. यदुनाथ खनाल र साथी प्रो. हृषिकेश शाहको अनुचित प्रभाव पर्नाले उनी त्यस्ता जाजुल्य भएका हुन् भन्ने उनका बाबु बाजेको अनाहक गुनासो थियो भन्ने पनि सुनिन्थ्यो)।

धेरैजसो श्री ३ वीर, श्री ३ जुद्ध, श्री ३ भीम र श्री ३ देव शम्शेरका सन्तानहरू श्री ३ चन्द्र शम्शेरका सन्तानबाट फरक भएपछि राणा र अराणाहरू मिली एक दल गठन गर्ने श्री क. भरत शम्शेर जस्ता नवयुवकको कुरा पनि श्री ३ मोहनले खान थाले। यस्तो आपत विपतको वेलामा धेरैजसो रोल र सबैजसो बेरोलवाला राणाजीले अर्कै बाटो लिने निधो गरे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोले श्री ३ मोहनलाई चिन्तित भन्दा पनि वढी दुःखित पारेको थियो– आफू-लाई परेको वेला दाजुभाइ त आफ्नो हुँदो रहेनछ भने अरू को होला भनेर राणाजीलाई एक ढिका पारी राणाजीको सान बढाउने र राणाशासन लम्या-उने उनको प्रयास विफल भएको देखी । आखिर घडीमा त्यो भित्तामा लेखि-एको अक्षर पढेर उनको खालि पश्चात्ताप मात्र बढ्यो– हरे मैले गर्नै पर्ने सहि काम– राणा अराणा मिली नेपालीको चाँडो आर्थिक विकासद्वारा नेपाललाई आत्मनिर्भर छिमेकी राष्ट्र भारतले दिएको जायज अर्तीको पालना- नगर्नाले मेरो यो हालत भयो भन्ने ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

भारत सरकार आफ्नो पाँचसूत्रे योजनाबाट कत्ति पनि डिग्दैन भन्ने कुराको अब पक्का पक्की भएपछि मे. ज. विजयले सो अक्षरांश मानियोस्; अर्को विकल्प छैन भनी श्री ३ मोहनलाई दिल्लीबाटै आग्रह गरी कोडमा आकाशवाणी पठाए। अनि श्री ५ त्रिभुवनलाई नै राजा मान्छौं भनी सही गराउनलाई उनै सभाषद् र भारदारहरूलाई २००७ साल पौष २३ गते सिंह-दरबारमा सामेल हुने उर्दी भयो। यस पटक सही गर्ने कागजको शीर वेहोरा पनि लेखिएको थियो; सिंहदरबारमा तोप मेशिनगन केही पनि राखिएको र सोळ्याइएको थिएन। सही पनि सिंहदरबारभित्रको ठूलो पटांगिनीमा राखिएको पुस्तकमा भयो।

कसै कसैले त सही गर्दा सो पुस्तिकामा आफ्नो मन्तव्य पनि लेखे। स्वर्गीय फत्तेजंग पराक्रम शाहले लेखेको मन्तव्यमा "१९०३ सालको कोतपर्वमा प्रधानमन्त्री फत्तेजंग शाहलाई जंगबहादुरले मारी राणाले नेपालको राजकाज हत्या-एको हुँदा, अब राणाले छाडेको राजकाज प्रधानमन्त्री फत्तेजंगको सन्तान चौतरि-यालाई नै फिर्ता आउन पर्दछ" भन्ने कुरा लेखिएको थियो। यस्तै मृगतृष्णामा परेका थिए १९०३ सालको कोतपर्वबाट बचेका एकाध बाँकी टाकी पुराना भारदारका सन्तान दरसन्तानहरू। त्यसबखत पुराना कालु पांडे, तुलाराम पांडे, भीमसेन थापा, शिवराम बस्नेतका सन्तानहरू पनि चौतरियाहरूजस्तै जम-जमाएका थिए अब अवश्य हाम्रो पनि पालो आउँदछ र तरक्की हुन्छ भनेर।

यसरी पासा पूरै पल्टेपछि स्वर्गीय मे. ज. विजय शम्शेरलाई भित्रभित्र मन नपराउने राणा परिवारका केही दिग्गज रोलवाला राणाजीहरूले "विजय शम्शेर श्री ५ त्रिभुवन नेपाली काँग्रेससंग मिली राणाजीको स्वार्थ वेच्यो, श्री ३ मोहनलाई जिल्ल्यायो" भन्ने आरोप लगाउन थाले। वास्तवमा उनी राणा स्वार्थको विपरीत कसैसंग पनि मिलेका थिएनन्। वरु त्यसबखत जसो गर्नाले देशमा रक्तपात कम हुन्छ र राणाकुलको हित हुन्छ, त्यही उनले गरेका थिए। राणा परिवारभित्र नै भारी फुट आएपछि श्री ५ त्रिभुवन र प्रगतिशील पक्ष-संग हात मिलाउनु सिवाय राणाजीलाई अर्को विकल्प पो के थियो र?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"नेपालमा सोझो गर्नेलाई भलो नहोस्" भन्ने भीम मल्लकी रानी (सती)को सराप पत्याउनु नपत्याउनु अर्कै कुरा हो; तर त्यो एकसय चारवर्ष पुरानो राणा सरकारलाई भारी खतरा र नेपाल अधिराज्यलाई रक्तपातबाट बचाउन मे. ज. विजयले इमानदारीसाथ त्यसबखत गरेको कामको राणाकुलबाटै पारख भएन। उल्टो अनर्थ लगाई उनीमाथि अनेक दोषारोपण गरियो। काजी भीम मल्ल, चौतरिया दल मर्दन शाह, काजी वंशराज पांडे, चौतरिया बहादुर शाह, काजी दामोदर पांडे, जर्नेल भीमसेन थापा, बडाकाजी अमर सिंह थापाहरू जस्ताले नेपालको भलो गर्दा दोष पाएका दृष्टान्तले नेपालको इतिहास भरिएको छ। नेपालमा एक ईमान्दार व्यक्तिले शुद्ध हृदयले देशको निमित्त ईमान्दारीसाथ गरेको काममा जस नपाउँदा, आत्म सन्तोष मान्नलाई, पढे हुन्छ उक्त नेपालका सपूतहरूको जीवनी।

पौष २४ गते श्री ३ मोहनले भारतीय पाँचसूत्रे प्रस्ताव माने[1]। भोलिपल्ट श्री ५ त्रिभुवनबाट आफ्ना प्रधानमन्त्रीको घोषणाको तुरुन्तै स्वागत भयो[2]। २५ गतेदेखि श्री ५ ज्ञानेन्द्र श्री ५ त्रिभुवनको रिजेण्ट (प्रतिनिधि)होइबक्सियो। श्री ५ त्रिभुवनको सन्देश अधिराज्यभरी हवाईजहाजले छऱ्यो। पौष २६ गते श्री ३ मोहन शम्शेरको घोषणालाई बृटेनले र पौष २८ गते भारतका प्रधानमन्त्रीले आफैले बनाएको प्रस्तावलाई मुग्धकण्ठले स्वागत गरे। त्यसै दिन गोरखपुरमा भएको नेपाली काँग्रेसको बैठकमा श्री के. आई. सिंहले भारतीय प्रस्तावको घोर विरोध गरे। पौष ३० गते नेपाली काँग्रेसका नेताहरू सर्वश्री मातृकाप्रसाद, मे. ज. सुवर्ण शम्शेर, विश्वेश्वरप्रसाद कोइराला–दिल्ली पुगे र माघ १ गते सशस्त्र काँग्रेसी आन्दोलन बन्द गरे– उनीहरूलाई मन परे पनि नपरे पनि।

श्री ३ मोहनको पौष २/४ गतेको घोषणामा खास गरेर ६ वटा कुरा परेका थिए। ती हुन्– श्री ५ त्रिभुवन नै अब नेपालका राजा रहिबक्सने र मौसूफ नेपाल नफर्किबक्सेसम्म राज प्रतिनिधि मुकरर गरिबक्सने (२) प्रस्तावित वैधानिक सभाले नेपालको संविधान तयार नगर्दासम्म २००४ सालको वैधानिक कानून नेपालमा तुरुन्त लागू गर्ने (३) राणा तत्त्व र जनप्रतिनिधि मिली १४ संसदीय मन्त्रिमण्डल गठन हुने (४) हिंसात्मक अभियोग लागी

---

१. श्री ३ मोहन शम्शेरको घोषणा, परिशिष्टि–१

२. श्री ५ त्रिभुवनको सन्देश, परिशिष्ट–२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जेल परेका कैदीलाई आम माफी नगर्ने (५) नेपालमा राजनीतिक पार्टी गठन गर्ने हक प्रदान गर्ने र (६) मित्र राष्ट्रले लत्तो छाडिदिएको कारणले नै श्री ५ ज्ञानेन्द्रले मान्यता पाइनबक्सेको हो भन्ने ।

यसरी एकसय चारवर्ष पुरानो नेपालको राणा शासन सकियो । ढीलो चाँडोको मात्र कुरा हो राणा सरकारको अन्त हुन्थ्यो हुन्थ्यो । तर श्री ३ मोहन प्रधानमन्त्री भएपछि, उनले जो राणाकुलको मात्र भलो हुने खालको औसरवादी राजनीति अपनाए, अहम् प्रदर्शन गरे र शत्रु–मित्रुहरूलाई अलमल्याउन खोजे, त्यसैले राणा शासनको पतनको मिति छन् अघि साऱ्यो भने हुन्छ । वास्तवमा २००६।७ सालका मोहन शम्शेर १९८६ सालतिरका मोहन शम्शेर थिएनन् । उनी प्रधानमन्त्री भएपछि लखतरान परेको मानिस जस्तो देखिन्थे; कुरा गर्दा गर्दै उँग्दथे । ठोसभन्दा देहायको कुरा सुन्न र पढ्नमा उनको समय बढी बित्दथ्यो ।

उनी निजी विचारमा टिक्नको सट्टा भाइ र दरवारियाहरूको लही लहीमा लागे । जनवादी गणतन्त्र चीनसँग दौत्य सम्बन्ध जोड्न हच्कनु; भारत सरकारलाई फिस्ल्याउन खोज्नु, नेपाली जनतालाई सरकारमा सरीक गराउन नचाहनु, बेला र मौका सुहाउँदा काम खुला दिलले गर्न नखोज्नु र देशमा मेल-मिलापको वातावरण ल्याउन नसक्नु श्री ३ मोहनको भारी भूल थिए । तिनै कारणले २००७ सालमा नेपालमा राजनीतिक परिवर्तन त्यति चाँडो आएको हो भन्नु अतियुक्ति नहोला । एकसय चार वर्षसम्म एकलौटी नेपालको शासन चलाएको त्यो राणा सरकारले आखिर विदेशी सरकारको ईशारामा चल्न पर्ने अवस्थामा पऱ्यो ।

श्री ५ त्रिभुवनको सर्वोपरि नेतृत्वमा राणा सरकारका प्रतिनिधि, नेपाली काँग्रेसका नेता र भारत सरकारको बीच छलफल भई दिल्ली सम्झौता तय भएको होला भन्ने धेरैको धारणा छ । वास्तवमा यस सम्झौताको जन्मदाता थियो भारत सरकार मात्र । भारत सरकारले त्यसबखत दिल्लीमा राज भएका श्री ५ त्रिभुवनको जुनाफमा जाहेर गरेर दिल्ली प्रस्ताव तयार गरेको होला । तर श्री ५ त्रिभुवन, राणाजी र नेपाली काँग्रेसको टुप्पी भारत सरकारको हातमा परेको तथ्य त्यस प्रस्तावमा प्रष्ट झल्कन्थ्यो । त्यसबखत दिल्लीमा जुटेका नेपाली काँग्रेसका नेता र राणाजीका प्रतिनिधिको त्यसमा कुनै हात थिएन । राणाका प्रतिनिधि र काँग्रेसी नेताका बीच वार्ताको कुरा त परै जावस् भेटघाटसम्म पनि भएन– मन नभएर हैन, ठूलो दाजुले के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछ भन्ने डरले । राणा सरकारका प्रतिनिधि मे. ज. विजयजस्तै इच्छुक थिए नेपाली काँग्रेसका नेता वी. पी. कोइराला सबै थरी नेपाली काठमाडौंमा नै भेला भई वार्ता टुंग्याउनलाई। ती दुईजनालाई दिल्लीमा भेट्ने मौका प्रदान गरिएन । मे. ज. विजयलाई भेट्न खोज्दा वी. पी. कोइरालाले काँग्रेस अध्यक्ष-बाट खप्की पाए। यसरी नेपालको भाग्यको फैसला दिल्लीमा भएकोमा चित्त नबुझ्ने र नेपालको मानहानि भयो भन्ने त्यसबेला धेरै अरू नेपाली पनि थिए।

राणा सरकार एकसय चारवर्षसम्म कसरी टिक्यो भन्ने कुरालाई लिएर त्यसबखत नेपालमा बुझ्नुकहरूको मन्तव्य निम्न प्रकारको थियोः—

१. १८२५ सालदेखि नेपालको राजकाज चलाउँदै आएका चौतरिया, पांडे, थापा र बस्नेत परिवारको १९०३ सालको कोतपर्वमा एकैचोटि सखाप भएकोले, राणा परिवारसंग सेखी खोज्ने अर्को शक्तिशाली परिवार अथवा तत्त्व नेपालमा धेरै वर्षसम्म उठ्न सकेन ।

२. कोतपर्वपछि प्रधानमन्त्री जंगबहादुर राणाले भण्डारखालमा बाँकी टाँकी भारदारलाई मात्र स्वाहा पारेनन् श्री ५ राजेन्द्र र श्री ५ राज्यलक्ष्मी देवी शाहलाई थन्क्याई, कमजोड दिलका श्री ५ सुरेन्द्रलाई हातलिए। भारतको सिपाही विद्रोहमा अंग्रेजलाई सैनिक सहायता दिएर गुन मात्र लगाएनन्, १८७१ सालमा नेपालले गुमाएको ठूलो भूभाग मध्ये एक टुक्रा भए पनि फिर्ता लिए; बृटेनको भ्रमण गरेर अंग्रेजसंग विशेष सम्बन्ध मात्र जोडेनन् १९१२ सालमा भोट जिती नेपालको गौरव र व्यापार बढाए । नेपालको शान बढाउने प्रधानमन्त्री देशमा सर्वमान्य हुने नै भयो त्यसैले ३१ वर्षसम्म जंगबहादुर अजोड रहे ।

३. कोतपर्वमा भाग लिने आफ्ना सबै भाइ-बन्धुलाई राजी राख्न र राणा परिवारलाई एक ढिक्का पार्न रोलको व्यवस्था बसालेकोले, कुनै पनि रोलवाला राणाजीले प्रधानमन्त्री हुनुभन्दा अघि सामान्यतया चारैतर्फको कमाण्डिङ्ग जर्नेल, जंगीलाठ र मुक्तियार भई, जंगी, निजामती र कानूनी प्रशासनमा पोख्त हुनुपर्ने अनिवार्य हुँदा, राजकाज र प्रशासनमा उनी-हरू प्रायः कुशल हुन्थे ।

रोल व्यवस्थाले गर्दा, आफ्नो पनि प्रधानमन्त्री हुने पालो स्वतः लडेर आउने हुँदा, रोलवालाहरूले धैर्यपूर्वक रोल कुरेर बस्दथे र जे जसरी भए पनि राणा व्यवस्था बचाएर राख्न मरिमेट्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. राणा कुलको इज्जतमा धक्का लाग्ने, राष्ट्र घातक हुने र व्यवस्था खलबलिने जस्तो कुनै नीच काम र भ्रष्टाचार गर्ने रोलवाला राणाजीले स्वतः रौलबाट राजीनामा दिन पर्ने अथवा रोल रोकिने शर्त उनीहरूको १९७७ सालको धर्मपत्रमा परेकोले, राणाकालमा उपल्लो स्तरमा भ्रष्टाचार कम थियो। भ्रष्टाचार नगर्नेहरूले अरू कर्मचारीहरूलाई पनि सो गर्न दिंदैनथे र त्यसले गर्दा त्यसबखत प्रशासन वरो र स्थिर थियो।

५. श्री ५ महाराजाधिराजबाट पन्जापत्र लिई, मौसूफलाई नंग्रा, चुच्चो र पखेटा काटी सुनको पिंजरामा राखेको चिडिया समान नारायणहिटी दरबार भित्र, आमोद-प्रमोदमा चुर्लुम्म डुबाएर राखे तापनि, देश बाहिर भित्र देखाउन, श्री ५ को नाममा नेपालको राजकाज चलेको छ भन्ने गहीरो जनभावनाको अघिअघि राणाजीले कुनै कुठाराघात गरेका थिएनन्।

बरु, नेपालका राजाले जहाँ टेक्यो त्यो नेपालको भूभाग हुनु पर्दछ र श्री ५ महाराजाधिराज साक्षात् विष्णु अवतार भएकोले, जहिले पायो तहिले, जहाँ पायो त्यहाँ, यताउति लखर-लखर सवारी हुन र ऐरे गैरेलाई दर्शनभेट बक्सन हुन भन्ने उनीहरूको जोडदार प्रचार जनताले पछिसम्म अक्षरांश पत्याएका थिए; जुन प्रचारले गर्दा राजा र प्रजाको सोझै सम्पर्क रहन पाएन।

६. जे जसरी भए पनि एकसय चार वर्षसम्म नेपालको सार्वभौम सत्ता जोगाएर राखेकाले, त्यसको जस राणाजीले पाएका थिए। राणाकालभरी नेपालमा सैनिक शासन चलेको र हरेक अड्डाका तालुकवाला सत्रभाइ राणाजी सिवाय अरूले हुन नपाउने थिति बसेका हुँदा, जनताले ठाडो शीर गर्न सक्तैनथे- बुनियाँको सरकार, दुनियाँद्वारा, दुनियाँको निमित्त चलनुपर्दछ भनी माग गर्नको त कुरै पर जावस्।

७. देशमा जनताको आँखा खोल्ने शिक्षाको प्रचार हो। राणा शासनभरी सबभन्दा कडा नियन्त्रण शिक्षा विकासमा लागेकोले सबैजसो जनता लाटा गाँडा थिए; एकाध खोल्ने खोज्नेलाई क्याउरा भरेर राणाजीले लखेड्दथे। छोटकरीमा भन्ने हो भने २००७ साल कार्तिक २० गतेतक नेपाल भित्र -बाहिर, राणा व्यवस्थाको नेपालमा विकल्प छ भन्नेको भन्दा छैन भन्नेको संख्या अत्यधिक थियो।

८. मुख्य कुरा "सेवितव्यो महावृक्षः फलच्छाया समन्वितः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि दैवात् फलं नास्ति छाया केन निवार्यते" ॥[1]

भन्ने उक्तिको मर्म राणाजीहरूले राम्रोसंग मनन गरेका हुँदा, भारतको बृटिश सरकारसंग नेपालको विशेष सम्बन्धमा उनीहरूले कुनै आँच कहिले पनि आउन दिएनन् । साम्राज्यवादी बृटिश सरकारले पनि, गाई पाल्न नपरिकन सित्तैमा दूध निरन्तर पाइरहने खालको राणा व्यवस्थालाई नेपालमा खलबलाउन चाहेनन् । त्यसैले भारतमा बृटिश राज चल्दासम्म नेपालमा राणा शासन जस्ताको तस्तै चलिरह्यो।

राणा शासन एकाएक भताभुङ्ग हुनाको ठोस कारण हुन्:–

१. व्यक्ति, परिवार र दल कुनैले पनि जबर्जस्तीसंग सधैं जस्ताको तस्तै शक्तिमा विराजमान हुन सक्तैन भन्ने सत्यको धेरैजसो राणाजीहरूलाई पछिसम्मै ख्याल भएन । अंग्रेजले भारत छाडेपछि नेपालको राणा शासनमा समसामयिक सुधार गर्न खोज्ने श्री ३ पद्मलाई पो उल्टो सबै राणाजीहरू मिली नेपालबाट गलहत्याए ।

२. २००७ सालको नेपाल १९०३, १९४२, १९५८, १९८६, १९८९, २००२ र २००५ सालको नेपाल थिएन। २००६/७ सालतिर त श्री ५ त्रिभुवनले राणालाई पल्टाउन सक्तछु भनी मसक्क कम्मर कसीबक्सेको थियो भने, उता भारतमा राष्ट्रवादी नेपालीको दल हिउँको डल्लो जस्तो बढ्दै गएको थियो। राणा सरकारले त्यसको कारण बुझनपट्टि पनि लागेन र भरखर उदाएको जनवादी गणतन्त्र चीनसंग सम्बन्ध नवीकरण गर्न खोज्यो ।

३. आफ्नै स्वार्थ पूर्तिको निमित्त पनि स्वतन्त्र भारत चाहन्थ्यो राणा व्यवस्थामा जनप्रतिनिधि पनि समावेश गराई, राणा सरकारलाई विस्तारै दरो र जनमुखी बनाउन। त्यही उद्देश्यले भारतका प्रधानमन्त्रीले २००६ फागुन ८ गते श्री ३ मोहनलाई दिल्लीमा भेटी भव्य स्वागत गरी राणा शासनमा जनप्रतिनिधि समावेश गराउने सल्लाह प्रदान गरे । त्यो उचित सल्लाहको श्री ३ मोहनले गलत अर्थ मात्र लगाएनन्, त्यसलाई नेपाल फर्केपछि नाटकीय ढाँचाले कार्यान्वयन गरे– देशकोभन्दा जहानीयाँ स्वार्थलाई माथि राखी ।

———— ————

१. "फल र छाँयाले परिपूर्ण रूख राख । दैव संयोगले रूखमा फल लागेन भने पनि, छाँया त कसैले पनि हटाउन सक्तैन ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. यही मौका छोपी, श्री ५ त्रिभुवन र राष्ट्रवादी नेपालीबाट राणा शासन हल्लाउने प्रयास भयो । यस पुनीत उद्देश्यमा श्री ५ त्रिभुवनलाई भारतले मात्र आड दिएन, समस्त नेपाली जनता, हिजोसम्म निर्विकल्प गनिएको राणा व्यवस्थालाई गुल्ट्याउन, २००७ साल ..... २१ गतेपछि तम्सिएर– एक ज्यान र मुख भए ।

५. त्यस्तो नाजुक अवस्थामा एकसय चार वर्षसम्म राणा व्यवस्थाको तर मारेका, जान्ने सुन्ने गनिएका राणाजीहरू नै उल्टो फुटे– "दोस्राको झगडा तेस्राको लाभ" भन्ने उखानलाई चरितार्थ गर्दै ।

६. नेपालले कमाएका मित्रराष्ट्रहरूले आम मौकामा लत्तो छाडिदिंदा, राणा सरकारको समात्ने हाँगो र टेक्ने डालो कतै बाँकी रहेन । देश अविकसित र जनता अशिक्षित हालतमा राखिएको हुँदा आवश्यक परेको बखत पल्टन देशभरी घुमाउन, फिराउन सकेन र आर्थिक संकटले नदी सुकायो ।

७. २००७ साल कार्तिक २१ गते राणाजीहरूको अगाडि ३ विकल्प थिए–

(१) श्री ५ त्रिभुवन र मौसूफका उत्तराधिकारीहरूलाई सम्झाई बुझाई दरबार फर्काउने ।

(२) तुरून्त रिजेन्सी काउन्सेल गठन गरी, नेपालमा कसलाई राजा बनाउने हो भन्ने जनमत र राजनीतिक सुधार एकैचोटि घोषणा गर्ने (जो पछि गएर श्री ३ मोहनले गरे ।)

(३) नाबालक श्री ५ ज्ञानेन्द्रलाई राजगद्दीमा राख्ने (श्री ५ पृथ्वी वीर विक्रम र श्री ५ त्रिभुवनलाई झैं ।)

ती तीन विकल्पमध्ये त्यसबखत राणा व्यवस्थालाई सबभन्दा खतरनाक (अर्थात् श्री ५ त्रिभुवनलाई हटाई श्री ५ ज्ञानेन्द्रलाई राज बनाउने) चाहिं श्री ३ मोहनले अपनाए– पहिले श्री ५ त्रिभुवनले नमानी दिंदा र दोस्रो राणाजीको टाउकोमा शुरूमा नचढ्दा र पछि पछि राणाजीहरू सहमत नहुँदा ।

त्यसपछि, श्री ३ मोहनको, सम्पूर्ण शाही परिवार, भारत सरकार र नेपाली जनतासंग संघर्ष शुरू भयो । सबै राणाजीहरू एक ढिक्का भएर त्यो आपतको सामना गर्न खोजेका भए पनि राणा व्यवस्थाको ढिलो चाँडो पतन अवश्यम्भावी थियो; तर यदुवंशको मुसलले जस्तै राणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणामा आपसी तकरार पर्न गएको कारणले, राणा व्यवस्था चिताएझन्दा छिटो सकियो । राणा राणा बीचको बेमेल जस्तै भस्मासुर साबित भयो राणा शासनलाई नेपालको अति पछौटेपन । नून तिहुनलाई अर्को राष्ट्रको भरपर्ने देशले निमठेका नाडीले को डराउँदछ र ?

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट– १

प्राइम्मिनिष्टर श्री ३ महाराज मोहन शम्शेर ज. ब. रा. को घोषणा–

नेपालका वासिन्दाहरू,

उस समयका श्री ५ महाराजाधिराज, भाइ भारदार दुनियाँका आदेशअनुसार श्री ३ महाराज जंगबहादुरले यो मुलुकको शासनको अभिभारा उठाइबक्सेको १०४ वर्ष भयो। जुन परिस्थितिमा यो परिवर्तन हुनगयो सो इतिहासमा लेखिएकै छ। केवल म तिमीहरूलाई सम्झाउन चाहन्छु कि त्यस समयमा कुशासनले गर्दा देशमा भित्री झगडा, गोलमाल र अराजकताले चिरिएको थियो। महाराज जंगबहादुरको आगमनद्वारा राज्यमा शीघ्रतापूर्वक शान्ति र स्थिरता फर्कियो।

गत शताब्दीमा भएका अरू कुनै स्मरणीय घटनाहरूको उल्लेख नगरे तापनि यो कुरा अकाट्यरूपले भन्न सकिन्छ कि महाराज जंगबहादुर र वहाँका अनुगामीहरूले नेपालको अमूल्य रत्न अर्थात् स्वाधीनता कायम मात्र राखेका होइनन् कि झन् बलियो गराई देशवासीहरूलाई सुरक्षा, उन्नति र स्थायी सरकारको फाइदा दिएका पनि हुन्। यी कुराहरू सबै जातिको समृद्धि र सुखको निमित्त नितान्त आवश्यक हुन्।

तथापि नेपालले पनि बदलिदो समयको साथसाथै चल्ने प्रयत्न गरोस् भन्ने हेतुले र दुनियाँलाई राज्य व्यवस्थामा चलिरहेकोभन्दा बढी मात्रामा सरीक गराउने हाम्रो उद्देश्य नै भएकोले २००५ साल वैशाख १ गतेमा संवत् २००४ सालको नेपाल सरकार वैधानिक कानून जारी भएको हो।

वैशाख २ गतेदेखि सोही सालमै सो कानूनको दफाहरू चालू गराउन प्रारम्भ भएको हो। अहिलेसम्म देशभरिमा ग्राम र जिल्ला पंचायत गरी अन्दाज २०० पंचायत खडा भइसकेका छन्। केन्द्रीय संसद खडा गर्न-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई रीत भएको थिएन । तापनि यै साल आश्विन ६ गतेमा पार्लिया-मेण्ट पनि खडा गरियो । पार्लियामेण्टको पहिलो बैठकमा धेरै शासन समिति-हरू खडा पनि भए ।

तसर्थ आरम्भको जग बसाल्ने कठिन काम प्रायः सकियो । औ नेपालका जनतालाई स्वतन्त्र र स्वाधीन प्रजातन्त्रको लक्षको बाटोमा शान्ति-पूर्वक अग्रसर गराई सकियो । अहिले शुरू भएका यस विषयका कारवाइहरूमा प्राप्त भएको सफलता र हालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको गम्भीर अध्य-यनद्वारा, औ हामी र हाम्रो सरकारको दुनियाँलाई शासनमा झन् बढी मात्रामा सरीक गराउने आकांक्षा भएकोले देशको स्थितिमा कुनै खलल नपर्ने गरी राजनैतिक उन्नतिको गति अब छिटो गराउन सकिन्छ भन्ने हामीलाई विश्वास छ । यो उद्देश्य सामने राख्दै नेपालका दुनियाँको देशप्रेम र देशभक्तिमा पूर्ण भरोसा गरी हामीले निम्नलिखित कारवाई गर्ने ठेगान गरेका छौं । त्यसद्वारा हाम्रो देश आफ्नो ध्येयपट्टि अग्रसर हुने छ भन्ने हाम्रो आशा छ ।

ती विषय यिनै हुन्

(१) देशभरीका सम्पूर्ण बालिगहरूले आमचुनावद्वारा खडा गरेको एक वैधानिक सभा सकभर शीघ्रतासँग खडा गर्ने ।

यो उद्देश्य हासिल गर्नाको लागि देशका सम्पूर्ण वासिन्दाहरूको जन गणना लिनाका निमित्त काम शुरू भइसकेको छ । वैधानिक सभाको चुना-उका निमित्त भोटदाताहरूको फिरिस्त तयार गर्ने काम पनि सकभर चाँडो गरिने छ । यद्यपि यो काम नयाँ र कठिन छ तापनि हाम्रो अध्यन्तरको आशा छ कि वैधानिक सभाले आफ्नो पहिलो बैठक २००९ सालभित्रै गर्नेछ । यसको मुख्यकाम देशको भावी विधान तयार गर्ने हो ।

(२) वैधानिक सभा खडा गर्नलाई दरकार हुने कारवाईहरूद्वारा उन्न-तिको वेग ढीला नहोस् भन्नका निमित्त केन्द्रमा तुरून्त एक मन्त्रिमण्डल खडा गरिने छ । सो मन्त्रिमण्डलमा १४ मन्त्री रहनेछन् । जसमध्ये ७ लोकमतको प्रतिनिधित्व गर्ने औ दुनियाँको विश्वासपात्र हुनेछन् ।

देशको शासन अधिकार सो मन्त्रिमण्डलमा सुम्पिइने छ । मन्त्रिमण्डल संयुक्त जिम्मेदारीको सिद्धान्तमा काम गर्नेछ । कारवाईको नियम पनि आफै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाउने छ। मुलुकको आयव्ययमा पनि यो मन्त्रिमण्डलको अख्तियार हुनेछ। बजेटको प्रथा पनि तुरुन्तै चालू हुनेछ।

मन्त्रिमण्डलले सरकारको सम्पूर्ण शासन व्यवस्थासम्बन्धी विभागहरूलाई सुप्रबन्ध बढाउनका हेतुले जो चाहिने पनि बन्दोबस्त गर्नेछ।

(३) वैधानिक सभाले तर्जुमा गर्ने नयाँ विधान चालू नभएसम्म २००४ सालको वैधानिक कानून चालू रहने छ तर यस घोषणाद्वारा भएका अथवा मन्त्रिमण्डलले गर्ने अदली-बदली सो कानूनका दफाहरूसँग विरोध हुनगएमा यी नयाँ हेरफेर नै कायम हुनेछन्।

तसर्थ २००४ सालको वैधानिक कानून बमोजिम चालू हुन बाँकी रहन गएका निम्न लिखित विषयहरू सकभर चाँडो लागू गराइने छन्।

(क) न्यायसम्बन्धी दफाहरू अर्थात् न्याय विभागलाई कार्यकारिणी-बाट पृथक् गराउने,

(ख) एडभोकेट जनरल र अडिटर जनरलको नियुक्ति, र

(ग) सरकारी जागीरका निमित्त योग्य उम्मेदवार छान्न पब्लिक सर्भिस कमिशनको नियुक्ति र यस्तै देशको सुशासन गराउने अरू कुराहरू।

२०० जति ग्राम र जिल्ला पञ्चायतहरू खडा भैसके। बाँकी लगभग ५०० पन्चायतहरू पनि २००९ सालभित्र खडा गराउने प्रयत्न हुनेछ।

(४) (क) सरकार र दुनियाँको बीचमा सद्भाव र पूर्ण हार्दिक सहयोगको भाव पैदा गराउने हाम्रो दिलदेखिको इच्छा भएकोले गएको कार्तिक महीनादेखि सशस्त्र विरोध गर्नेहरूले सशस्त्र बलजफ्ती (Violence) को नीति परित्याग गरी पूरासंग लडाइँ बन्द गरेमा ती आमन्याष्टी (amnesty) का भागी हुनसक्नेछन्। तर यसमा हत्या (cold blood murdereres(लुट र आगो सल्काउने अपराधीहरू समावेश हुने छैनन्। आम माफीमा हाल थुनामा रहेका हत्या, लुट र आगो सल्काउने सम्पर्कमा नपरेका राजनैतिक कैदीहरूले पनि माथि भनिएबमोजिमको नीतिहरूको बहिष्कार गरेमा ती पनि समावेश हुनेछन्।

(ख) नेपालबाहिर रहेका नेपालीहरूले खडा गरेका राजनैतिक संस्था अथवा त्यस्ता व्यक्ति जसले बलजफती (Violence) को बहिष्कार गरी अहिंसाको नीतिको अनुसरण गर्दछन्, त्यस्ता सबजनाले देशको उन्नति र सुशासनको महान् कार्यमा सहयोग गर्न चाहन्छन् भने तिनको स्वागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिनेछ ।

(ग) नेपालभित्र रही काम गर्ने नेपालीहरूले बनाएका राजनैतिक संस्थाहरू खडा गर्नमा केही रोकावट रहने छैन । यी संस्थाहरूले ऐन कानून बमोजिम चल्नुपर्छ ।

(५) श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवलाई कुन परिस्थितिमा नेपालको राजगद्दीमा राज गराउनु परेको हो, सो सबैलाई विदितै छ । तर अहिलेसम्म **हामीसंग राजनैतिक सम्बन्ध भएका कुनै विदेशी मित्र सरकारले पनि नसकारेका** र कुराको एकीन नभएसम्म सारा दुनियाँमा दुविधा र अशान्ति पनि फैलिरहेको देखिएकोले औ सोही भान पारी उपद्रवीहरूले धेरै गोलमाल, लुटपीट गरी जनताहरूको आवरू तोड्ने औ धेरै निर्दोषीहरूको ज्यानसमेत लिने गरेकोले र भारत सरकारसंगको छलफलमा पनि मैत्रिपूर्वक सुझाव दिएकोमा श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव यहाँको अनुपस्थितिमा नेपाल सरकारको सल्लाहले **श्री ५ महाराजाधिराजबाट एकरिजेन्ट** (Regent) नियुक्ति गरीबक्सेमा मुलुकको शान्ति स्थापनालाई मद्दत हुनजाला भन्ने राय प्रकट गरेकोमा सो कुराको विचार गर्न भनी पौष २३ गते पार्लियामेण्ट र भारदारीको विशेष बैठक बोलाइय । यी संस्थाहरूले परिस्थितिको विचार गरी मुलुकमा शान्ति र स्थिरताको हेतुले श्री ५ महाराजाधिराज त्रिभुवन वीर **विक्रम शाहदेवको अनुपस्थितिको अवधिलाई** मौसूफले नेपाल सरकारको सल्लाहद्वारा एक रिजेन्ट नियुक्ति गरिबक्से हुन्छ भन्ने सिफारिश गरे । तसर्थ हामीले नेपाल सरकारको रायमा पनि पार्लियामेण्ट र भारदारीको निर्णय बाजवी हो औ सरकारले त्यसको अनुमोदन गर्दछ भनी सुनाउन चाहन्छौं ।

सर्व सरकारी जागीरदारहरूले यो संकट भावमा आफ्नो कर्तव्य पालनमा दृढ रही इमान्दारीकासाथ काम गरी आएकोमा हामी कृतज्ञताको साथ कदर गर्दछौं ।

जंगीका हाम्रो प्यारा भाइहरूलाई पनि म यस मौकामा एक विशेष सन्देश दिन चाहन्छु । देशको खतरनाक र कठिन काममा तिमीहरूले देश प्रेम र वहादुरीको आफ्नो पुर्ख्यौली सुनाममा कुनै धब्बा आउन नदिई कायम राखेका छौं । तिमीहरू आपनो सरकारको साथमा अचल धिरता संग खडा रहेका छौं । मेरा प्यारा भाइहरू, तिमीहरूलाई दिलजमी गराउन चाहन्छु कि तिमीहरूको हित र भलाइका ख्यालले सदैव हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिलमा प्रथम स्थान लिनेछ। जस्तो कि आजसम्म भैआएको पनि छ। हाल तर्जुमा भएको शासनसम्बन्धी हेरफेर भएपछि पनि हामी ईमान्दारी, धीरतासहित तिमीहरूको साथ दिने छौं। पुलिस विभागका अफिसर जवानहरूले पनि यस्तो जटिल समयमा आफ्नो कर्तव्यमा निश्चय रही तन्देही र निमकको सोझो साथ काम गरेकोमा हामी हर्षसाथ कदर गरी हार्दिक धन्यवाद गर्दछौं।

तिमीहरू सबैले पछि के कसो होला भनी फिक्री मान्नुपर्दैन।

आज घोषित भएका यी महत्त्वपूर्ण सुधारहरू जो हामीले शुद्ध देशप्रेम र सद्भावनासंग दियौं, यिनलाई नेपालको सबै दुनियाँले सोही भावसंग स्वागत गर्नेछन् भन्ने हाम्रो दृढ आशा छ। हामी यो पनि आशा गर्दैछौं कि सरकारले अगाडि राखेको आफ्नो महान् लक्ष्य जो–कि हाम्री प्यारी मातृभूमि शान्ति र प्रतिष्ठाको वृद्धि हो, सो महान् उद्देश्य हासिल गर्ने कार्यमा देशवासीहरू सबैले सरकारलाई सहयोग दिने छन्। हामीलाई पूर्ण विश्वास छ कि शासनको सुधारमा आज जुन बढी कदमको घोषणा भयो त्यसको महत्त्वपनि देशप्रेम नेपाली नागरिकले राम्रो हिसाबले बोध गर्नेछन्।

यी सुधारहरू कार्यरूपमा परिणत गर्दा केही केही अदली बदलीको आवश्यकता देखियो भने हाम्रो निजी कुरा हुनाले जुन समयमा जे जस्तो दरकार पर्छ सो हेरी सल्लाह गरी चाहिने हेरफेर गरे हुने कुरा हो।

यो कुरा ध्यानपूर्वक संज्ञ, सम्पूर्ण सरकारको आँखा यो मुहूर्तमा हामीमाथि छ। हामीले संसारलाई यो देखाउनु पर्छ कि नेपालीले नै नेपालको निमित्त सबभन्दा उज्यालो भाग्यको सृष्टि गर्न सक्छन्। वास्तवमा हाम्रो यो अति पवित्र कर्तव्य हो कि हामीले आफ्नो देश र दुनियाँको सुयश कायम राख्न सकौं। स्वतन्त्रता र न्यायको पक्षमा हामीले धेरै लडाइँको मैदानमा अमरकृति कमाएका छौं औ हामी दृढता, साहस र सहयोगद्वारा मातृभूमिको सेवा गर्न एकतासंग खडा भई प्रत्येकले आफ्नो बुद्धि, वर्कतअनुसार काम गरेमा हामी शान्तिको मार्गमा पनि उत्तिकै ख्याति कमाउन सक्ने हुने छौं, यसमा शंका छैन।

यो देश र दुनियाँमाथि श्री पशुपतिनाथ र गुह्यकालीको आशीर्वाद निम्ति प्रार्थना गर्दछौं जसबाट हामीले आफ्नो अगाडि राखेका उच्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदर्शहरू प्राप्त हुनसकुन् औ आज हामीले सुनाएका सुधारहरूले जतिको सुख र समृद्धिको वृद्धि गराउन सकुन् । प्रत्येक साँचो नेपालीले न्यायसाथ गर्व लिएको हाम्रो देशको शान्ति अक्षुण्णता र स्वाधीनता अचेलको कठिन समयको खलबलीको बीचमा पनि सुरक्षित र अमर रहोस् ।

सिंहदरबार
२४-९-०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- २

श्री ५ त्रिभुवनको सन्देश–

२००७ साल पौष २५ गते श्री ५ त्रिभुवनबाट नेपाली जनताको नाममा बक्सेको सन्देशः–

"२००७ साल पौष २४ गते रोज २ का दिन हाम्रा सरकारले काठमाडौंमा विधान सुधारसम्बन्धी घोषणा गरेकोलाई हामी स्वागत गरिबक्सन्छौं। हाम्रो प्यारो र पवित्र मुलुकको सरकारलाई प्रजातन्त्रमा ढाल्ने यो पहिलो र महत्त्वपूर्ण कदम हो। यो अदली बदलीलाई पूरा तौरसँग काममा ल्याउन यथासमयमा हामीबाट एक शाही घोषणा गरी बक्सने छौं। हाम्रो प्रजाको शान्ति र स्थितिको फेरि शीघ्र स्थापना गर्नलाई जो चाहिने सबै कारवाई तुरून्त गरून्, औ हाल घोषित भएका वैधानिक सुधार-हरूलाई चालू गराउनलाई पूर्ण बुद्धिमानीसाथ देशको हित चिताई औ सबै लोकमतका नेताहरूले परस्परको डाह र निजी लालच त्यागी सबैले मेल-मिलापसंग, केवल दुनियाको हितका निमित्त काम नगरेसम्म कुनै राज-नीतिक हेरफेर पनि लाभदायक हुन सक्तैन। परम्परादेखि चलिआएको हाम्रो उच्च आदर्श संस्कृति कायम राख्नका निमित्त हामी सबैसंग अपील गरि-बक्सन्छौं। शान्तिपूर्वक राजनैतिक सुधारको कामलाई सबैले एक पवित्र कर्तव्य सम्झियून। यसमा हामीबाट गरिबक्सनपर्ने आफ्नू भाग पनि कर्तव्यको पूरा विचार राखी, हाम्रो प्रजाको हित नै हाम्रो एक मात्र सरोकार सम्झी गरिबक्सने छौं।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५

प्रजातन्त्रको प्रवेश

(१)

माघ महीनाभरि नेपालमा मन्त्री हुने होडबाजी चल्यो। फोस्सैमा मन्त्री भेट्टाइन्छ कि भनी अनेक मानिसले दिल्ली धाए। नेपाली कांग्रेसभित्र पनि राणा परिवारभित्र जस्तै आपसी गुटबन्दी र भनाभन शुरू भयो। डा. के. आई. सिंह र उनका केही साथीले नेपाली कांग्रेसका नेताको संघर्ष टुंग्याउने अपील मानेनन्।

२००२ साल माघ ४ गतेदेखि नेपालमा थुनिएका राजबन्दीहरूलाई छाड्ने कारवाई शुरू भयो। १९८६ सालमा आजन्म कैद परेका खड्गमान र १९९७ सालमा आजन्म थुनिएका टंकप्रसाद, रामहरि र धेरै वर्ष जेल परेका र चूडाप्रसादहरूको रिहाइ बारे निकै वाद-विवाद चल्यो– गाथगद्दी ताक्नेलाई छाड्ने कि नछाड्ने भन्ने कुरा लिएर। छ-सात सालमा फौजदारी मुद्दामा पटना जेलमा परेका केदारमान व्यथित र अरू त्यस्तै हिंसात्मक मुद्दामा परेका नेपालीहरू नछुट्ने कुरा चल्यो।

सर्वश्री गणेशमान सिंह, दिलमान सिंह, राजदासहरूको त मुद्दा नै टुंगो नलागेकोले, तिनीहरूको त कुरै उठेन। राजवन्दीहरूलाई रिहाइ गर्ने बारेमा काठमाडौंमा उनीहरूसँग कुराकानी गर्नलाई सरदार सोमप्रसाद र कर्णेल चन्द्रबहादुर थापा खटिए। त्यसबेला काठमाडौं जेलमा २६७ राजनीतिक कैदीहरू थिए। २५९ जना राजबन्दीहरू त तुरून्तै छुट्ने ठहर भएता पनि बाँकी ८ जनाको रिहाइमा यय-विचार भयो। छाडिने राजबन्दीहरूले पनि सरकार विरोधी अब कुनै कारवाई गर्ने छैन भन्ने कागज गराएर छाड्न पर्दछ भन्ने सुझाव थियो।

श्री टंकप्रसाद आचार्यको माग थियो सबै राजबन्दीहरू एकैचोटि बिना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शर्त छुट्नु पर्दछ भन्ने । त्यसपछि १९९७ सालको राजकाज मुद्दामा परेका जति सबै छुटे पनि खड्गमान सिंह कैदबाट मुक्त नहुने निर्णय भयो । तर उनको रिहाइ नभैकन कुनै राजबन्दीहरू जेलबाट निस्कन मन्जूर नहुँदा अरू राजबन्दीको साथै २००७ साल माघ ९ गते श्री खड्गमान सिंह मुक्त गरिए–बीस वर्ष कैद भोगेर । जेलमा भारी सास्ती भोगेर निस्केका ती व्यक्तिहरूको ठाउँ ठाउँमा ठूलो स्वागत भयो । खास गरेर श्री खड्गमान सिंह वस्नेत र श्री टंकप्रसाद आचार्यको त्यसबखत ठूलो नाम चलेको थियो । यिनीहरूलाई भेट्ने मानिसको साँझ-विहान उनीहरूको घर डेरामा ताँती लाग्दथ्यो– उनीहरूप्रति सहानुभूति, श्रद्धा र भाइचारा देखाउन भन्दा पनि, अब चाँडै नै यिनीहरू मन्त्री हुन्छन् भनी उनीहरूसंग आफू चिन्हिन र जानिनलाई ।

श्री ५ त्रिभुवनको सवारी नेपाल फर्कने कुरा यकीन भएपछि ले. क. योग विक्रम राणा २००७ साल माघको आखिरतिर एकाएक दिल्ली झिकाइए । मौसूफको सवारी नेपाल फिर्नु अगि, गाथगद्दीको पूर्ण जिम्मेवारी निजलाई सुम्पी नेपाल पठाइबक्सँदा, "म मोहन शम्शेरसंग रिसाएको छैन, मैले रिसाउन पर्ने त जंगबहादुरसंग हो; मोहन शम्शेरलाई त मैले नै है हुकूम दिएको हूँ" भन्ने बकस भएको सन्देश निजले काठमाडौं फर्केपछि श्री ३ मोहनलाई सुनाउँदा, बिचराले ठूलो सन्तोषको अनुभव गरे– श्री ५ त्रिभुवन नेपाल फर्केपछि आफ्नो के जात्रा हुने हो भनी निद न भोक भएकाले । यो थियो श्री ५ त्रिभुवनको महान् आत्माको झलक[1] ।

त्यसवेलासम्म राणाजीले पूरापूरा छोपेको नेपाल प्रशासनमा राणा सरकारलाई पन्छाएर, शाह वंशको हातबाट एकसय चारवर्ष अघि चिप्लेको हुकूम सम्हाल्न श्री ५ त्रिभुवन निःशस्त्र दिल्लीबाट नेपाल फर्किबक्सँदा, आफ्नो र नेपाल राष्ट्रकै सुरक्षाको पूर्ण जिम्मेवारी अर्को एकजना राणाजीलाई सुम्पिबक्सियो । ती राणा थिए ले. क. योग विक्रम । त्यो ठूलो पत्यार र गहन जिम्मेवारीको ले. क. योग विक्रमले ईमान्दारीसाथ निप्ट्याए । त्यो असाधारण पत्यार बनेको छ श्री ५ त्रिभुवनको अगाध आत्मविश्वासको अनुपम नमूना । ले. ज. (ले. क. बाट चाँडै नै ले. ज. भए) योग विक्रमले नेपालमा चौवीस पल्टनको नियन्त्रण आफ्नो हातमा लिएपछि मात्र श्री ५ त्रिभुवन दिल्लीबाट फागुन ४ गते नेपाल फर्कने तिथि निश्चित भयो ।

———

१. स्वर्गीय ले. क. योग विक्रमको मुखबाट सुनेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणातर्फबाट पाँचजना र जन-प्रतिनिधितर्फबाट पाँचजना मन्त्री सम्मिलित मन्त्रिमण्डल नेपालमा गठन गर्ने दिल्ली सम्झौता बमोजिम, रोलवाला राणाजीबाट तीनजना, बेरोलवाला राणाजीबाट एकजना र भारदारतर्फबाट एकजना मन्त्री छान्ने कुरा राणा गुटबाट काठमाडौंमा निधो लाग्यो। श्री ३ मोहन शम्शेर, मुख्तियार बबर शम्शेर र चूडाराज शम्शेर निर्विरोध रोलवाला सत्रभाइ राणाजीबाट; नृपजंज राणा अरू बेरोलवाला राणाजीबाट र ले. क. यज्ञबहादुर बस्नेत भारदारहरूतर्फबाट मन्त्री छानिए। रोलवालाका प्रतिनिधिहरू श्री ३ महाराजले मनोनीत गरेता पनि, बेरोलवाला राणाजी र भारदारका प्रतिनिधिहरू मतदानद्वारा सिंहदरबारमा छानिएका थिए। सबै भारदारहरू र राणाजीलाई श्री ५ त्रिभुवनको सवारी काठमाडौं फिर्नुभन्दा एकाद दिन अघि सिंहदरबारमा बोलाएर चुनाव गराइएको थियो। २००७ साल फागुन ५ गते श्री वी. पी. कोइराला र मे. ज. सुवर्ण शम्शेर सिंहदरबारमा श्री ३ मोहनलाई शिष्टाचार भेट गर्न आए– ठाडो शिर लगाएर।

जन-प्रतिनिधि तर्फबाट पूरै काँग्रेस पार्टीका सदस्य सर्वश्री विश्वेश्वरप्रसाद कोइराला, मे. ज. सुवर्ण शम्शेर ज. ब. रा., गणेशमान सिंह, भद्रकाली मिश्र र भरतमणि शर्माहरू मन्त्री भए। (त्यसबेलासम्म जेलमा कोचिएका श्री गणेशमान सिंहलाई प्रस्तावित मन्त्रिमण्डलमा सरीक नगरियोस् भन्ने राणा सरकारको सुझावको कतैबाट सुनाइ भएन। रातारात गणेशमानको औपचारिक पोशाक तयार गराइयो भोलिपल्ट मन्त्री पदमा शपथ ग्रहण गराउन) त्यसबेला ती दुई गुटको बदलामा सर्वदलीय राष्ट्रिय सरकार गठन हुन पर्दथ्यो भन्ने धेरैको आशा र विचार थियो; त्यो नपुग्दा, राणालाई नचाहने र नेपाली काँग्रेसलाई उस्तो मन नपराउने अरू राष्ट्रिय तत्त्व चिढिए। श्री टंकप्रसाद आचार्य र श्री खड्गमान सिंह बस्नेत अवश्य पनि नयाँ मन्त्रिमण्डलमा सरीक गराइन्छ भन्ने धेरैले आशा गरेका थिए। राणाजीहरूले बरु एकजना भए पनि बाहिरिया अराणालाई आपनो गुटमा समावेश गरे तर काँग्रेस पार्टीले अरू पार्टीका प्रतिनिधिलाई मौका दिन नचाहेकोमा नेपालीहरूले नरमाइलो मानेर कुरा काट्दथे।

भारतमा बसी राणा सरकारको निरन्तर विरुद्ध गरेका नेपाली राष्ट्रिय काँग्रेसका नेता (दिल्लीरमण रेग्मी पनि माघतिर केही दिन नेपाल फर्केउनी नेपाली काँग्रेससंग मिच्छिएका हुँदा) श्री दिल्लीरमण रेग्मीले नेपालमा एक बलियो पार्टी बनाउने विचारले काठमाडौं फर्कंदै छन् भन्ने सुइँको श्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विविधराज पांडेले, मे. ज. विजय शम्शेर मार्फत श्री ३ मोहन शम्शेरकहाँ पुऱ्याए। त्यसबखत नेपाली काँग्रेसको विरोध गर्ने अनेक नेपाली राजनीतिज्ञ-हरू मद्धे श्री रेग्मीजीको अलावा अरू थिए श्री हृत्रिकेश शाह, शंकरप्रसाद-हरू। नेपाली काँग्रेस विरोधी मोर्चा नेपालमा गठन गर्ने प्रयास विफल भएपछि दिल्लीरमण रेग्मीजी भारतै फर्के– त्यसबखतसम्म पनि नेपालभित्र राणाजीमा जुटभन्दा फुट बढी विद्यमान महसूस गरी।

२००७ साल पौष २४ गते श्री ३ मोहनले हुकूम छाड्ने निधो गरे-पछि राणा परिवारले अरू अराणासंग मिली एक बलियो दल खडा गर्नपट्टि लागेनन् न त अरू राष्ट्रिय तत्त्वबाट आपसमा मेल-मिलाप गरी बलियो राजनीतिक संगठन बनाउने ठोस प्रयास नै भयो। सबैले आफ्नै राग र डम्फु फुक्न थाले। यसबखत खास उदारवादी कदम नेपाली काँग्रेसले चाल्न पर्ने थियो, उसले पनि त्यस दिशातर्फ वास्ता गरेन।

२००७ साल पौष २४ गते हुकुमी शासनको अन्त हुने भएपछि नेपालमा आएका अनेक परिवर्तन मध्ये सबभन्दा उल्लेखनीय थियो, स्वयं श्री ३ मोहनमा अब देखापर्न थालेको परिवर्तन। २००४ सालको त्यो अति मामुली वैधानिक सुधारलाई पनि पद्नु पार्न तम्सने श्री ३ मोहनले बालिग मतको आधारमा गठन हुने वैधानिक सभा यथाशक्य चाँडो बोलाउन र त्यसको निष्कर्ष मान्न तम्सनु भन्दा कम उदेकलाग्दो कुरा थिएन क. भरत शम्शेरले गठन गर्न खोजेको गोर्खा दललाई उनले दिएको आशीष।

श्री ३ धीर शम्शेरको सन्तानको चही चहीमा जन्मिएका, उनन्तीस वर्षसम्म श्री ३ चन्द्र नेपालको प्रधानमन्त्री हुँदा, धेरैजसो कालतक हजुरिया जर्नेल भएका र १९८६ सालपछि अतिरिक्त कमाण्डिङ जर्नेलबाट माथि उक्लंदै, २००५ सालमा नेपालका प्रधानमन्त्री भएका मोहन शम्शेर, एक किसिमले, शक्तिमा जन्मेका, हुर्केका बढेका र पोसिएका थिए भने हुन्छ। त्यो पौष २४ गतेको घोषणामा आफ्ना भनौं कि भाइहरूको सल्लाहबाट भएका भूल– एक व्यक्ति शक्तिमा हुँदा उल्टो सुल्टो जे गर्न पनि छुट हुन्छः लाटा-गाँडा जनतालाई सदा जिल्याएको जिल्याई राख्न सकिन्छ र निजी अथवा जहानिया स्वार्थ साध्न, जुनसुकै र जस्तोसुकै अनियमित, अनैतिक र अनु-चित साधन अपनाए पनि हुन्छ– हरू खुल्लंखुल्ला नसकारे पनि, शक्तिले व्यक्ति-लाई अन्धो पारिदिदो रहेछ भन्ने नयाँ चेतना श्री ३ मोहनमा अब उदा-उन थालेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौष २४ गतेपछि उनी हावा खानलाई सिंहदरबारबाट उस्तो वाहिर जान पनि छाडे र आजन्म उनको चाकरी गर्दै आएका कति चाकरी-दारहरूले एक-दुई र आज-भोलि गर्दै उनको चाकरीलाई सिंहदरवार धाउन पनि छाडे– कसैले चाकरी व्यक्तिको हैन शक्तिको गरिन्छ भन्ने कटु सत्यको प्रदर्शन गर्दै र कतिले श्री ५ त्रिभुवन र नेपाली काँग्रेसका नेताको डरले । लाग्दो फाल्गुनताका सिंहदरवार सुनसान, मसानघाट जस्तो देखिन्थ्यो। भकारीमा धान सकिएपछि, मुसाले घर छाडे झैं स्वार्थी चाकरीदारले सिंहदरबारमा आउन छाडेकाले, मोहन शम्शेर एक्लै झण्डा कौशीको लामो बालदरीमा आफ्ना नमुसारिएका लामा जुँगा र नियाउरो मुख लगाएर टहलिएको देखिन्थे । २००७ सालको लाग्दो फाल्गुनताका नेपालका अधि-कांश राणाजीहरू आफ्ना आफ्ना अनिश्चित भविष्यले चिन्तित थिए भने श्री ३ मोहनलाई पनि पश्चात्ताप पनि थपिएको थियो– नेपालमा गर्नै पर्ने सही कामहरू बेलामा नगरेको र अरूहरूको लहलहिमा लागेर गर्न नहुने र नपर्ने राजनीतिक काम कुरा भटाभट गरेकोले ।

२००७ साल फागुन ३ गते नेपाली काँग्रेसका नेताहरू हवाइजहाज-बाट गौचर विमानघाटमा ओर्लंदा उनीहरूको ठूलै स्वागत भयो "वीर विश्वे-श्वरको नाराले आकाश गुन्जियो" । तर २००७ साल फागुन ४ गते श्री ५ त्रिभुवन शाही परिवार सहित गौचर हवाई मैदानमा हातमा बेरिएको एक कागजको मुठो लिएर ओलिबक्सँदा, तीन शहर नेपालनै त्यहाँ पल्टेको थियो भने हुन्छ । सबभन्दा पहिले श्री ३ मोहनले श्री ५ त्रिभुवनलाई दाम राखी दर्शन गरे । जनताको भिड्ले उनलाई थिच्ला जस्तो गर्दा श्री ५ त्रिभुवनले मोहन शम्शेरलाई आड बक्सियो ।

उत्तेजित राजभक्त जनताले मौसूफलाई गौचर विमानघाटमा फड्को चाल्ने उच्छार नदिंदा, उनै बासुपासा (जसले कार्तिक २६ गते श्री ५ को बाटो रोकेका थिए) भीड हटाएर सवारी अघि बढाए । बाजागाजा सहित, गौचर-बाट मौसूफको अघिपछि लागेको नेपाली नर-नारीको ताँती, नारायणहिटी दर-बारसम्म अटुट र एकनास थियो । त्यसदिन नेपाली जनताले आफ्ना राजा-प्रति देखाएको, दिलैबाट उर्लेर आएको भावभक्ति नभूतो नभविष्यति जस्तो थियो– खालि त्यसबखत देख्नेले मात्र पत्याउने खालको । "जय नेपाल" को नारा नेपालीको मुखमा झुण्डिएको त्यसै दिनदेखि हो । गौचरमा हवाइ-जहाजबाट श्री ५ त्रिभुवन ओलिबक्सँदा सबलाई प्रणाम गरिबक्सेकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि त्यसै दिनदेखि नेपालमा सलामको सट्टा नमस्कार गर्ने र भेट हुँदा "जय नेपाल" भन्ने चलन शुरू भयो ("जयहिन्द" को नक्कल)। चार गते साँझ नारायणहिटी दरबारबाट निस्कने हरेक उच्च कर्मचारीहरूलाई नीर विक्रम प्यासीजस्ता नवयुवकको जमातले "जय नेपाल" नभनाई ढोकाबाट अघि बढ्न दिएनन्। एक नयाँ उत्तेजना र उमंगले त्यसदिन नेपाल उथल पुथल थियो– ठूलो परिवर्तन देशमा आएको हुँदा। यसरी त्यो एकसय चार दिनको नेपालको क्रान्तिको अन्त्य भयो– १०४ वर्ष लगाएर जमाएको व्यवस्थालाई खलबल्याउँदै।

फागुन ४ गतेदेखि ऐजन ७ गतेतक राणा-काँग्रेस बीच मन्त्रालय र विभाग विभाजन, वितरण र मान्यताक्रम निर्धारणमा खिचोला उठ्यो। त्यस बीचमा मी. सु. हरिबहादुर श्रेष्ठले लालपेटी (जसभित्रपन्जापत्र र लालमोहरको साँचो रहन्थ्यो) तीन चाँद नारायणहिटी दरवारमा बुझाए- श्री ३ जंगबहादुरको पालामा बनेको त्यो तीनचाँद र श्री ३ चन्द्र शम्शेरले बनाएको सिंहदर-बार दुवै सरकारी सम्पत्ति भएका हुँदा। जुन पन्जापत्रको आडमा राणाजी-हरूले त्यतिका वर्षसम्म नेपाल अधिराज्यमा हुकूम चलाएका थिए त्यो फागुन ६ गते नारायणहिटी दरबारमा वापिस गयो। सिंहदरवारमा फागुन ६ गते नै सचिवालय घोषित भयो र काठमाडौंका जनता, त्यतिन्जेल छिर्न नपाएको त्यो गढ समानको सिंह ारवारमा, त्यसै दिनदेखि छ्यापछ्याप्ती भए।

राणा काँग्रेस दुवै गुटले रक्षा र गृह ताके र बबर शम्शेरले मर्या-दाक्रममा प्रधानमन्त्रीपछि आफू रहन पर्दछ भन्ने कुरामा निकै अड्डी लिए। यो खिचातानी मे. ज. विजयले श्री ५ त्रिभुवन, मोहन शम्शेर र वी. पी. कोइरालासँग छलफल गरेर निप्टाए। आखिर मान्यताक्रममा प्रधानमन्त्री-पछि रक्षामन्त्री बबर शम्शेर, गृह मन्त्री विश्वेश्वरप्रसाद कोइराला र अर्थ मन्त्री सुवर्ण शम्शेर भई जंगीलाठ केशर शम्शेर कमाण्डर इन-चीफ बने। त्यसै दिनबेखि रोलवाला सत्रभाइ राणाजीहरूले पनि दुनियादारका मन्त्री बनेका छोरालाई सलाम र प्रणाम गर्न तपाईं भन्न थाले। त्यसै दिनदेखि मुन्सीखानालाई परराष्ट्र मुल्की अड्डालाई गृह, मुल्कीखानालाई अर्थ, उद्योग परिषद्लाई उद्योग वाणिज्य र मुल्की बन्दोबस्त अड्डालाई कानून मन्त्रालभ भनिन थाल्यो। श्री ३ मोहन प्रधानमन्त्रीको अतिरिक्त परराष्ट्र मन्त्री भए; श्री गणेशमान सिंह उद्योग वाणिज्य मन्त्री। उता रोलवाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणा जर्नेलहरू नून खाएका कुखुरा जस्ता भए भने यता दुनियाँदारहरू मन्त्री र जर्नेल हुनलाई जमजमाउन थाले ।

२००७ साल फागुन ७ गते श्री ५ त्रिभुवनबाट भएको घोषणा अनुरूप नेपालमा प्रजातन्त्रको प्रवेश भयो[१] । यसरी एकसय चार वर्ष पुरानो राणा शासन एकसय चार दिनको जनतासंगको भीडन्तमा टिक्न सकेन । त्यो एकसय चार दिनको संघर्षमा राणाजीको पक्षमा थोरै जनताले आवाज उठाए-- त्यसवेला राणा सरकार कत्ति पनि जनमुखी नहुँदा । हरेक स्तरका जनताले– तल गाउँदेखि माथि केन्द्रसम्म– सच्चा प्रतिनिधित्व गरेको, सदा सर्वदा जनभावना प्रतिकूल चल्ने, जनताको भलाइलाई सर्वोपरि राख्ने र मरिमेट्ने सरकारको निमित्त मात्र जनता परेको बेलामा प्राणको बाजी लगाएर संघर्ष गर्दछन् भन्ने तथ्यको त्यो एकसय चार दिन राणा सरकार र जनताको बीच भएको खिचातानीले साबित गऱ्यो । जहानियाँ राणा सरकारको २००७ साल फागुन ७ गते त्यसरी अन्त्य हुँदा अधिकांश नेपाली जनताले कुनै चासो नदेखउनाको अर्को खास कारण थियो; त्यो हो, राणाजीहरूको एकलौटी जहानियाँ शासन, नेपाली जनताको निमित्त पाकेको बेलजस्तो हर्ष न विस्मातको ।

—०—

---

१. श्री ५ त्रिभुवनको घोषणा, परिशिष्ट– १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-- १

श्री ५ त्रिभुवनको २००७ साल फागुन ७ गतेको घोषणा

आगे हाम्रा मुलुकको भाइ, भारदार, सन्त महन्त, रैती दुनियाँ, साहु-महाजन, गैह्रके यथोचित,

उप्रान्त सम्वत् १९०३ सालमा त्यस समयमा यस राज्यको गद्दीमा राज भएका हाम्रा स्वर्गीय पूज्य पिताज्यू श्री ५ महाराजाधिराज सुरेन्द्र वीर विक्रम शाहदेवले धेरै गम्भीर र महत्त्वपूर्ण कारणले आफू र आपना उत्तराधिकारीहरूतर्फबाट यो मुलुकको शासन भार श्री ३ महाराज जंग बहादुरलाई सुम्पिबक्सेको हुनाले,

उपरोक्त श्री ३ महाराज जंगबहादुर राणाका उत्तराधिकारीहरूले हाम्रा पूर्वजहरूको तर्फबाट मौसूफहरूका प्राईमिनिष्टरहरूको हैसियतमा यो राज्यको शासन चलाई आएकोले,

औ वर्तमान समयमा श्री ३ महाराज मोहन शम्शेर जंगबहादुर राणाले हाम्रोतर्फबाट औ हाम्रो नाममा यो राज्यको शासन चलाइ आएको हो,

यो हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले,

औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नमा मद्दत र सल्लाहा दिनको निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरू समेत सम्मिलित भएको एक मन्त्री-मण्डलको संगठन हओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले,

तसर्थ हामीबाट .. .. एक मन्त्री-मण्डल गठन र नियुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिबक्सेका छौं ।

माथि उल्लेख गरिएका मानिसहरू हाम्रो इच्छाअनुसार आफ्नो ओहोदामा रहनेछन् औ संयुक्त रूपमा हाम्रो जिम्मेदार रहनेछन्... ... सबै समाचार पनि उनीले हामीहरूलाई जाहेर गर्ने उनको कर्तव्य हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६

२००७ सालको प्रसंगमा

१८२५, १८७१. १९०३ र २००७ सालहरू नेपालीको लागि स्मरणीय छन्– भिन्न भिन्न कारणले । १८२५ सालमा नेपाल एकीकरणको जग बस्यो, १८७१ सालमा नेपालीका पिता पूर्खाले आर्जेको त्यो ७०० माईल लामो टिष्टा–काँगडा साँध भएको विशाल नेपालको एक-तिहाइ भूभाग गुम्यो, १९०३ सालमा निरंकुश, जहानिया एकतन्त्री शासनको प्रारम्भ र २००७ सालमा नेपालमा त्यसको अन्त्य तथा सर्वप्रथम प्रजातन्त्रको सूत्रपात भयो । यसैसाल श्री ५ त्रिभुवनले प्रजातन्त्रको लागि राजमुकुटको बाजी लगाएर, जनसंघर्षमा सरीक भई बक्सियो– राजा-प्रजा मिली देशबाट राणाशाही हटाउन। राजा-प्रजाको संयुक्त प्रयासले यसरी देशमा प्रजातन्त्र ल्याएको यो दृष्टान्त विश्व इतिहासमा नै अनुपम हुँदा, २००७ साललाई नेपालको यो लामो इतिहासमा अर्कोले पानीसरो भने पनि हुन्छ ।

त्यही २००७ साल देखि नै केही राष्ट्रवादी नेपाली र राणा सरकारको बीच बढी खिचातानी शुरू भयो, राणा सरकारको आन्तरिक कमजोरी र उसको जनतालाई शासनमा सरीक नगराउने लिंडेढिपीको भण्डाफोर हुनुको साथै, भारत सरकारले नेपालमाथि नयाँ सन्धि लाद्यो। त्यही सालमा श्री ३ मोहन शम्शेरले, आफ्ना चाकरीदार, नातेदार, कर्मचारीहरू र बडाहाकिमका ईशारामा छानिएका तथाकथित जन–प्रतिनिधिले भरिएको "भारदारी र राष्ट्र सभा" खोले; राणाजीहरूलाई सखाप गर्ने अभियोग लागी गणेशमान र उनका सहयोगीको ज्यान लिने फैसला भयो; राणा सरकारले नारायणहिटी दरबार घेरी श्री ५ त्रिभुवनलाई बस्न खान नहुने पारेकोले, मौसूफ सरकार सपरिवार भारतीय दूतावासमा राजनीतिक शरण लिन वाध्य भइबक्सियो; त्रिसठ्ठी दिनसम्म नेपालमा दुई राजा भए– श्री ५ त्रिभुवन र श्री ५ ज्ञानेन्द्र; अठतीस दिनतक रिजेन्सी काउन्सेल चल्यो; नेपाली काँग्रेसले भारतीय भूमि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट मातृ भूमिमाथि सशस्त्र हमला गऱ्यो; श्री ३ मोहन शम्शेरलाई नेपालमा विधान सभा (कन्स्टिच्यूएण्ट एसेम्ब्ली) गठन गर्ने घोषणा गर्न कर लाग्यो; आफ्नो घर झगडाको फैसला दिल्लीमा गएर सुन्न पर्ने परिस्थितिमा वीर नेपालीहरू परे– सर्वप्रथम नेपालको राष्ट्रिय अभिमान र इज्जतमा धक्का लाग्ने गरी; एकसय चार वर्ष पुरानो राणा सरकारको दुनियाँसँग संघर्ष पर्दा एक सय चार दिनमा अन्त्य भयो र श्री ५ त्रिभुवनको सर्वोपरि नेतृत्वमा राणा-नेपाली कांग्रेस मन्त्री-मण्डल २००७ साल फागुन ७ गते गठन भयो ।

१९३८ सालमा पाँच वर्षको उमेरमा गद्दी आरोहण गरिबक्सेका श्री ५ पृथ्वी वीर विक्रमलाई श्री ३ रणोद्दीप सिंह, वीर शम्शेर र देव शम्शेरले खेलाए झैं, १९६८ सालमा छ वर्षको उमेरमा श्री ५ महाराजाधिराज भइब-क्सेका त्रिभुवनलाई श्री ३ महाराज चन्द्र शम्शेरले काखमा राखी अनेक नाता जोडी र रिझाई राजकाज आपनै ढाँचाले चलाए । श्री ३ चन्द्रको सिको सिकी, श्री ३ भीमले पनि किशोर श्री ५ त्रिभुवनलाई रिझाउन चुकेनन् । श्री ३ जुद्धले एकाधबाजी श्री ५ लाई अपमान गरे पनि, मौसूफलाई भारत भ्रमण गराई, श्री ५ युवराजाधिराज महेन्द्रसंग आफ्नी नातिनी र माहिला कान्छा अधिराजकुमारहरूसंग पनातिनीको विवाह गराई, राजपरिवारसंग निकटतम सम्बन्ध जोडे । श्री ३ पद्म त श्री ५ त्रिभुवनको एक किसिमले आशयवमोजिम नै चले भने पनि भयो ।

खालि श्री ३ मोहनको पालीमा मात्र शुरू भयो प्रधानमन्त्री र राजाको बीच खटपट । २००५ सालतिर, श्री ५ त्रिभुवनले राणा विरोधी तत्त्वप्रति पूरा सम्पर्क राखिबक्सिएको थियो भने, श्री ३ मोहनले पगपगमा मौसूफको तेजोवध र गोर्खा निष्काशन गर्न खोजे । यो अवाञ्छनीय खिचातानी २००७ सालमा पुगेर टुंगियो– राणा सरकार उखाडिने गरी ।

एकसय चार वर्ष पुरानो अर्कै युगमा जन्मेको र हुर्केको नेपालको राणा शाहीले आफ्ना राजकाजमा समसामयिक सुधार गर्न मात्र नचुकेको हैन कि, विश्वभर र खास गरेर आफ्ना छिमेकी राष्ट्रमा आएको नयाँ परिवर्तनको लहरको कत्ति पारख गर्न सकेनन् । एकाध गर्न खोज्ने राणाजीहरू तुरुन्तै निमठिए । ढीलो चाँडोको मात्र कुरा हो, नेपालबाट पुरानो जहानिया शासन जान्थ्यो जान्थ्यो । तर २००७ सालमा त्यसरी राजा र प्रजासंग घच्ची खेलेर त्यो जान पर्ने कुनै कारण थिएन, यदि राणाजीहरूले दोस्रो महायुद्धपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएका विश्वव्यापी परिवर्तनको महत्त्व बुझी, नेपालमा पनि समयानुकूल सक्कली खालको राजनीतिक सुधार गरेका भए ।

साम्राज्यवादी अंग्रेजहरूको छत्रछायाँमा एकसय चार वर्षसम्म नेपालमा निरंकुश, जहानिया, एकतन्त्री सरकार चल्न सके तापनि अंग्रेजले भारत छाडेपछि, त्यस्तो पारिवारिक शासन प्रणाली कायम राख्न सम्भव छैन भन्ने यथार्थता राणाजीले २००३ सालमा बुझिदिन पर्दथ्यो सो भएन । जतिसुकै अपठित, लाटा, गाँडा हुन्, दुनियाँ परिवर्तन चाहन्छन् भन्ने कटु सत्य राणा सरकारले नबुझेको अथवा बुझेर पनि बुझ पचाएको आफ्नो हातमा परेको शक्ति छाड्न कत्ति नचाहेको र श्री ५ लाई हटाएको कारणले नै २००७ सालमा जन-आन्दोलन भएको हो भन्ने कुरामा कुनै शंका छैन ।

नेपाली जनतालाई अलमल्याउने र विदेशी राष्ट्रको आँखामा छारो हाल्ने उद्देश्यले २००७ सालमा श्री ३ मोहन शम्शेरले नक्कली "भारदारी र राष्ट्र सभा" खोले– आफैलाई धोखा हुने गरी । त्यस तथाकथित संसदका सबैजसो सदस्यहरूलाई रबरको छाप झैं, घरी श्री ५ त्रिभुवनलाई हटाउने र घरी थाम्ने प्रस्तावमा सही गर्ने प्रयोजनमा मात्र लगाइयो । सक्कली जन प्रतिनिधिले प्रतिनिधित्व गरिएको संसदले मात्र राष्ट्रलाई क्रय विक्रय परेको बेला सरकारलाई सही राय दिन हच्कन्न । आफ्नो स्वार्थ साधनलाई गठन गरिएको सरकार र संस्थाले जुनसुकै नामले बोलाइए पनि, परेको बेलामा काम दिंदो रहेनछ भन्ने रहस्यको पनि २००७ सालले स्पष्ट गऱ्यो ।

२००७ सालमा नै नेपाललाई कटु अनुभव भयो देशव्यापी यातायात विकासको भारी खाँचो र आर्थिक पराधीनताको बेफाइदा । नेपालमा (काठ–माडौं उपत्यकामा) चौबीस पल्टन खडा छँदाछँदै २००७ सालको क्रान्तिमा जिल्ला जिल्लाबाट बडाहाकिमहरूले मागेका सैनिक सहायताहरू आम मौकामा त्यहाँ पुग्न सकेनन्– भारतको बांटो गरेर मात्र राष्ट्र सेना सुदूर पूर्व-पश्चिम पहाड र तराईमा चाँडो पुग्न र पुऱ्याउन सक्ने परिस्थिति त्यसबेला नेपालमा विद्यमान हुँदा ।

भारत सरकारले २००७ सालमा नेपाली फौजलाई आफ्नो भूभागबाट यता–उता जान दिएन । चारभन्ज्याङ भित्रलाई मात्र नेपाल गन्ने र चौबीस पल्टनलाई राणा सरकारको मात्र अंगरक्षक ठान्ने त्यो पुरानो नीतिले राणा सरकारलाई २००७ सालमा जत्तिको मर्का पाऱ्यो, उत्तिकै चेत ख्वायो; नेपा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीको दैनिक जीवनसम्म जिनतिन चलाउने सर सामानमा पनि भारतको भर पर्न पर्ने अवस्था र आफ्नो तडी तुम्बडी भारतको बैंकमा राख्ने र कम्पनी-हरूमा लगाउने चलनले ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

त्यस्तै अनेक नौला कुरा र अडचन पनि २००७ सालमा नेपालीले व्यहोरे, ती मध्ये प्रमुख थिए:-

(क) जनताको दैलो दैलोमा चाहार्ने कुरा त परै जावस् नारायणहिटी दरबारबाट एक फटको बाहिर जान पनि श्री ३ महाराजलाई साध्न पर्ने र उनले खटाएको मानो खान र मानिसलाई साथ लिएर मात्र दरबार बाहिर निस्कन पर्ने श्री ५ त्रिभुवन, एकाएक २००७ सालमा विदेशी दूतावासमा सपरिवार राजनीतिक शरण लिन जाँदा, मेचीदेखि महाकालीसम्मका जनताले किन एकमुख भएर मौसूफको पक्षमा आवाज उठाए- कुनै प्रचार र प्रसार विना। त्यतिन्जेल नेपालका दश प्रतिशत जनताले पनि राजालाई देखेको हुँदैन हुन्, दर्शन भेटको त कुरै पर जावस्। राजकाजबाट तटस्थ राज भएकोले श्री ५ लाई राजकाजमा पर्न आउने तल माथिका कुनै दोष लाग्ने सम्भव थिएन।

त्यो एकाएक जन-जागृतिको मूल कारण थियो नेपालीको परम्परादेखि नसा नसामा घुसेका तर देखापर्न नसकेका राजभक्ति र राजाले कुनै हालतमा पनि राणाजीले जस्तो कुनै रैतीलाई वर कुनैलाई पर, कसैलाई काख, कसै-लाई पाख गर्ने र चाकरीबाट मात्र सरकार रिझिने परिपाटी अवश्य बसाल्दै-नन् भन्ने कुरा। वास्तवमा राजमुकुटको सबभन्दा ठूलो शक्ति पनि राजा सबैका साझा हुन् र राजमुकुट नेपालीको एकताको प्रतीक हो भन्ने असीम र अखण्ड सामूहिक जन भावना हो। एकसय चार वर्षपछि २००७ सालमा सर्वप्रथम त्यस पुनीत भावनाले प्रकाश पायो र चवालीस वर्षसम्म राणा सरकारको बन्देजमा जखडिबक्सेका युगपुरुष श्री ५ त्रिभुवनको वास्तवमा त्यसै साल मात्र नेपालमा उदय भयो भने हुन्छ।

(ख) नेपालीहरूको आन्तरिक बेमेलको चर पाएका विदेशी राजदूत मि. हडसनले श्री ५ राजेन्द्रको पालामा थापा र पांडेलाई लडाएर तत्कालीन कम्पनी सरकारको स्वार्थ पूर्ति गरे झैं, २००७ सालमा भारतका राजदूत सर सी. पी. एन्. सिंहले भारतको स्वार्थ साध्न मात्र नेपालमा कोशिश गरेनन्, जो एक राजदूतको दृष्टिकोणबाट बिलकुल जायज कुरा थियो, वरन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको राष्ट्रिय स्वार्थमा घात लाग्ने जस्ता आन्तरिक कामकुरामा हस्तक्षेप गर्न पनि हच्केनन् (उनले २००७ साल वरपरतिर भारतको स्वार्थमा कत्ति धक्का नलाग्ने र नेपालको भारी कल्याण हुने– काली गण्डकी प्रोजेक्ट कार्यान्वयनमा भाँजी मारिदिए, दक्षिणकालीको बाटो गरी बन्न लागेको काठमाडौं-हेटौंडा जोड्ने निकै छोटो (साठ्ठी किलोमिटर लामो) राजमार्गमा गरेको शिलान्यास नै बदर गरी दिए र २००७ सालमा राणाजी बीच ठूलो फाटो पारे ।

सर सी. पी. एन्. सिंहको त्यो छोटो अपरिपक्व कूटनीतिले समयान्तर-मा भारतलाई नै बढी धोखा भयो– मौका परेमा भारतीय राजदूतले पनि अधिअधिका अंग्रेजी राजदूतले झैं नेपालमा मनोमानी गर्न कत्ति पछि हट्दा रहेछन् भन्ने नेपालीको मनमा २००७ सालमा परेको गहिरो शंका हटाउन भारत सरकारलाई पछि निकै समय लागेको र धौ धौ परेको परिप्रेक्षमा विचार गर्ने हो भने ।

जुन किसिमको घोषणा २००५ साल पौष ९ र २४ गते श्री ३ मोहन शम्शेरले गरे त्यो २००५ सालमा स्वेच्छाले उनले गरिदिएको भए नेपालको इतिहासमा उनको नाम सुनौला अक्षरले लेखिन्थ्यो र राणाजीहरूले एकसय चार वर्षसम्म नेपालको स्वतन्त्रता जोगाई ढीलो गरेर भए पनि दुनियाँको नासो दुनियाँलाई नै सुम्पे भनी जनताबाट कदर हुन्थ्यो ।

राजकाजमा पर्न आउने आफ्नो शक्ति खस्केपछि अर्काको कर, बल, डर, धम्की, चाप र चेपुवामा परी, आफ्नो हात मुनि विरोधीको हात माथि पारी र आफ्नो अख्तियार यथावत् छँदै हात माथि पारेर गर्नुमा आकाश-जमीनको फरक पर्दछ । दुई वर्ष अघि स्वेच्छाले गर्न सक्ने र पर्ने काम दुई वर्षपछि मजबूरीसाथ गर्न परेकोमा श्री ३ मोहन २००७ सालमा निकै पछुताए ।

त्यो गल्तीलेभन्दा पनि बढी पश्चात्ताप श्री ३ मोहन शम्शेरलाई अर्को कुराले पाऱ्यो । त्यो थियो, २००७ साल पौष २४ गतेको घोषणापछि आफू कहाँ आजन्म धाएका चाकरीदारहरूले उनीप्रति देखाएको लापरवाही र बैगुन ।

(ग) राजमुकुटलाई आफ्नो एकताको प्रतीक मान्ने; नेपाललाई चार जात छत्तीस वर्णको फूलबारी सम्झने; राजा सबैको साझा ठान्ने नेपाली जनताले २००७ सालमा विधान परिषद् गठन गर्न सक्ने हक श्री ५ त्रिभुवन-बाट पाए–सुनमा सुगन्ध थपिए झैं गरी । राजा त्रिभुवनको त्यो उदार देनलाई ठीक बेठीक भन्ने खालका बुजुकहरू पनि त्यसबखत नेपालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ननिस्केका हैनन् । कतिले त राजाले आफ्नो खुट्टामा आफैंले वञ्चरो चलाए; कुरै नवुझीकन हडवडमा, खालि भारतीयहरूको लहलहीमा लागी विधान परिषद् गठन गर्ने हक जनतालाई दिए; भावी विधान परिषद्ले राज संस्था नेपालमा नमान्ने निर्णय गऱ्यो भने के गर्ने ? त्यसतर्फ ख्यालै भएन भन्ने टिप्पणी पनि गरे ।

वास्तवमा श्री ५ त्रिभुवनवाट विधान परिषद्को मतलव र त्यसवाट निस्कनसक्ने सम्भावित परिणाम राम्रो वुझिवक्सेको थियो र प्रस्तावित विधान परिपद्ले नेपालको राजमुकुटलाई झन् वलियो पार्दछ, कमजोर हैन भन्ने कुरामा मौसुफ २००७ सालमा निर्धक होइवक्सन्थ्यो । विधान परिपद् वोलाउँदा राजमुकुटलाई धक्का पर्दछ कि भनी शंका उठाउनेहरूलाई, "श्री ५ वडामहाराज पृथ्वीनारायण शाह वितेको १७६ वर्षपछि नेपाली जनताको राजमुकुटप्रति के कस्तो आस्था र धारणा छ, त्यो म निधो गर्न चाहन्छु; राजमुकुटको आधार जनमत हो र प्रस्तावित विधान परिषद्ले त्यस कुरालाई सदाको लागि ठम्याई दिन्छ" भन्ने श्री ५ त्रिभुवनको निचोड थियो भन्ने कुरा भरपर्दो स्रोतवाट सुनिन्थ्यो ।

प्रजाको पक्ष लिएर एकतन्त्री शासन हटाउन खोज्ने राजा त्रिभुवन नेपाली जनताका हृदयरत्न थिए । २००७ सालमा जत्तिको राजा जनताको विवेकमा विश्वस्त होइवक्सन्थ्यो, उत्तिकै आवश्यकता महसूस गरेका थिए नेपालीहरूले पनि राजमुकुटको सर्वोपरि अखण्ड नेतृत्वको । अटल स्वतन्त्रता तथा अखण्ड राजतन्त्रमा पूरा भरोसा गर्ने नेपाली जलता र प्रजातन्त्रका हिमायती राजा एक अर्काका पूरक हुन् र दुवै नितान्त आवश्यक छन् नेपालको अखण्ड सार्वभौमसत्ता कायम गर्न; नेपालीको शिर ठाडो राख्न, प्रजातन्त्र दिगो र दरो पार्न, राष्ट्रिय मेल मिलाप र एकता र स्थिरता कायम गर्नलाई भन्ने सत्यलाई पनि २००७ सालले सर्वप्रथम औंल्यायो । राजा प्रजा मिली गरेको त्यो सातसालको क्रान्तिले दुवै थरीको आत्मविश्वास र एकको अर्को प्रतिको स्नेह ममता र भरोसा बढायो ।

(घ) २००७ सालमा आफ्नो हातमा परेका नेपालका राजा, राणा सरकार र नेपाली काँग्रेसका नेतालाई तत्कालीन भारतका प्रधानमन्त्री श्री जवाहरलाल नेहरूले खेलाउन खोजेका भए अझ नराम्रोसँग खेलाउन सक्ने र पाउने भारी मौका उनले पाएका थिए । उनले पनि अरू भारतीय नेता र कर्मचारी झैं नेपालीको त्यसवेलाको कमजोरीवाट फाइदा उठाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोजेका भए प्रशस्त उठाउन सक्तथे । तर खोजेनन् । वरु, उनले रचेको दिल्ली सम्झौतामा मध्यम मार्ग (अर्थात् लाठी पनि नभाँचिने सर्प पनि नमर्ने) अपनाइयोस् भनी नेपालीलाई गरेको सुझाव हरेक दृष्टिकोणबाट त्यसबखत हितकर र समयानुकूल थियो भन्न करै लाग्दछ ।

२००७ सालको राजनीतिक पैरोबाट जोगिएका राणाजीहरूलाई भारतका प्रधानमन्त्रीको त्यो सुझावले अझै पनि जनतालाई हात लिने खालको राजनीतिक संगठन जमाउन पाउने र सक्ने ठूलो मौका दिएको थियो । २००७ साल फागुन ७ गते राणाजीको हातबाट अधिकार गए पनि पैसा गएको थिएन । आफूलाई मालिक र बाँकी नेपालीहरूलाई तावेदार गन्ने पुरानो राणा मनोवृत्ति २००७ को नाजुक घडीमा उनीहरूको मनबाट पूरै गइदिएको भए र उनीहरूले त्यसबखत जनतालाई अँगाल्न पुगेका भए, एक तगडा दक्षिणपन्थी राजनीतिक दलको नेपालमा त्यसबखत राणाजीहरूले गठन गर्न नसक्ने कारण थिएन ।

त्यस्तै अवसर पाएको थियो नेपाली काँग्रेस पार्टीले– नेपालका सबै उदारवादी बुद्धिजीवी र जनतालाई हात लिई, राष्ट्रिय मेलमिलापको वातावरणको सृजना गरी आफ्नो पार्टीको मजबूत जग बसाल्ने । श्री ५ त्रिभुवनको सर्वोपरि नेतृत्वमा त्यसबखत नेपालमा दुई राजनीतिक पार्टीको जग बसी, समयान्तरमा नेपालमा प्रजातन्त्र फष्टाउने र मौलाउने मौका २००७ सालमा आएको थियो– त्यसलाई नेपालीले छोप्न सकेका भए ।

–०–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

नजीकका छिमेकीलाई पन्छाएर र फट्केर परका जत्तिसुकै बलवान् राष्ट्रसंग साँठोगाँठो भिन्नभिन्न बाँधे अथवा बाँध्न कोशिश गरे पनि, आफूलाई आपत-विपत आइपर्दा, त्यो सम्पर्क बेकार हुँदोरहेछ भन्ने अर्को कटु सत्य २००७ सालले नेपाललाई औंल्यायो । २००६ सालमा जन्मेको जनवादी गणतन्त्र चीन सरकारले सिंगै र सलक्कै नेपाललाई निल्दछ कि भन्ने डरले २००७ सालमा छिमेकी मित्रराष्ट्र चीनसंगको अति पुरानो मैत्री सम्बन्ध नवीकरण गर्न राणा सरकार हच्चयो । जनप्रतिनिधिलाई पुरानो सरकारमा सरिक गराउन नखोजेको कारण अर्को छिमेकी राष्ट्र भारतसंग नेपालको टक्करै पऱ्यो । फलतः २००७ सालमा राणा सरकारलाई राजनीतिक संकटको सामना गर्न पर्दा, नेपालको एक छिमेकीले हात बाँधेर बस्यो भने, अर्को त विरोधी नै पल्ट्यो । राणा सरकारले कमाएको छु भनिएका परका मित्रहरू– अमेरिका, बृटेन र फ्रान्सले रामसम्म पनि भनेनन्– काँध थाम्नको त कुरै पर जावस्; वरु उल्टो, नेपाल-भारतको प्रभाव क्षेत्रभित्र पूरै धकेलिएको परबाट टुलुटुलु हेरिरहे ।

२००७ साल पौष २४ गते श्री ३ मोहन शम्शेरले राष्ट्रको नाममा दिएको सन्देशमा, "गत शताब्दीमा भएका अरू कुनै स्मरणीय घटनाहरूको उल्लेख नगरे तापनि, यो कुरा अकाट्यरूपले भन्न सकिन्छ कि महाराज जंगबहादुर र उहाँका अनुगामीहरूले नेपालको अमूल्य रत्न अर्थात् स्वाधीनता कायम मात्र राखेका छैनन् कि झन् बलियो बनाई देशवासीहरूलाई सुरक्षा, उन्नति र स्थायी सरकारको फाइदा पनि दिएका हुन्" भनिएको कुरा सर्वमान्य त जरूर थियो; तर देशको अखण्ड सार्वभौमसत्ता थाम्नाको साथै देशको शैक्षिक, आर्थिक र राजनीतिक अवस्थामा समयानुकूल सुधार श्री ३ मोहन, र उनका पूर्वजहरूले गरी दिएको भए २००७ सालसम्म राणाशाही रहने थिएन, राणा र प्रजाको बीच खिचातानी हुने थिएन र श्री ५ त्रिभुवनले गद्दीको बाजी लगाएर विदेशी राजदूतावासमा पस्न पर्ने परिस्थिति पर्ने थिएन भन्ने कुरालाई पनि २००७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सालले छर्लङ्ग पान्यो ।

एकसय चार वर्ष पुरानो राणा शासन २००७ साल फागुन ७ गते त्यसरी ढल्ला भन्ने त ऐजन कार्तिक २१ गतेसम्म नेपालीले स्वप्नामा पनि देखेका थिएनन् । नेपालका हुने खाने साहु–महाजन, सबै कर्मचारी भारदार सन्त महन्त त्यतिन्जेल राणा समर्थक थिए; राणाजीका भाइछोरा, नातेदार, चाकरीदार र आसेपासेले जंगी र निजामती सेवा ढाकिएको थियो । केही मुठीभर नेपालीहरूले त्यो दिन सिमाना पार विदेशमा बसेर राणा शासनको खिलाप गरेको विरोधले राणा सरकार हटाउन असम्भवजस्तै देखिन्थ्यो । वफादारी सालको पात झैं फेर्ने र विदेशीको दलाल बन्ने नेपाली राष्ट्रसेवकको परंपरा नहुँदा ।

२००७ साल कार्तिक २४ गते एकाएक मेचीदेखि महाकालीसम्म जनता श्री ५ त्रिभुवनको पक्ष लिएर राणा विरुद्ध उठे; जन जागृति भएपछि, असम्भव पनि सम्भव हुँदो रहेछ भन्ने ध्रुव सत्यको पनि २००७ सालमा नेपालमा भेद खुल्यो । त्यतिका वर्षदेखि संगालिंदै आएको राणा शासनको कमजोरी र भूलमाथि श्री ३ मोहनले नयाँ नयाँ भूल– श्री ५ त्रिभुवनलाई हिक्ने, पडोसी भारतका प्रधानमन्त्रीलाई जिल्याउने, जनवादी गणतन्त्र चीनलाई पन्छाउने, श्री ५ महाराजाधिराजको पजनी गर्ने र थोरै मात्रामा जागेको भए पनि जनभावना विपरीत र अप्रजातान्त्रिक ढंगले चलेको पुरानो ढाँचाको एकतन्त्री शासनलाई ऋण खँदिलो पार्ने– २००६।७ सालतिर थप्दै गए ।

वास्तवमा श्री ५ त्रिभुवन राणा सरकारविरुद्ध त्यसरी नउठीबक्सेको भए,जनता २००७ सालको त्यो आन्दोलनमा त्यसरी तन मन दिने थिएनन् भन्ने कुरो अकाट्य छ । श्री ५ त्रिभुवनलाई च्याप्न परेको कारणले नै भारत सरकारले राणा सरकार विरोधी आन्दोलनमा सक्रिय भाग लिन कर लागेको हो ।

दशयुग लगाएर जमाइएको राणा सरकारको साथसाथै २००७ साल फागुन ७ गते नेपालमा केही पुराना रीति रिवाज, चाल चलन, पैरन, बानी-बेहोरा र मनोवृत्ति गए; राणाव्यवस्था गयो; दरबारिया महिलाले लगाउने पार्सी ढाँचाको पोशाक र राणाजीले घुमाउ कल्की लगाउने चलन गयो; सबैले सदा राष्ट्रिय पोशाक लगाउने, विदेशी नेपालभित्र सजिलै छिर्न नपाउने चलनको साथै सत्रभाइ रोलवाला वाहेक अरू प्रधानमन्त्री जर्नेल राजदूत हुन नपाउने थिति गयो; प्रधानमन्त्रीको एक्काईस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तोपको सलामी र लामो प्रशस्ती गयो र सबभन्दा ठूलौ फरियाका नातागोता, लुरा लंगडा कुटुम्ब र चाकरीदारले बेरिएको, आपसमा चित्त फाटेको ठूलो राणा परिवारले जेलिएको र व्यक्तिगत स्वार्थी, भित्रियाले घेरिएको, एक व्यक्तिले सिंहदरबारमा बसेर नेपाल अधिराज्यको राज्य चलाउने हुकूमी शासन गयो।

त्यतिका वर्षसम्म भोगेका व्यवस्था र व्यवहार एकाएक त्यसरी जाँदा नेपालमा केही अनिश्चित वातावरण त २००७ सालमा जरूर आएको थियो। आजन्म राणा व्यवस्था व्यहोर्नेहरू, अब के हुने हो भनी अवश्य पनि असजिलो मानेका र घबडाएका थिए। २००७ सालको अन्त्यतिर नेपालमा राणा सरकारको पतनको साथै अरू तीन तत्त्वको उत्थान भयो- ती थिए श्री ५ महाराजाधिराजको सर्वोपरि नेतृत्व, नेपाली काँग्रेसको जगमग र भारतीय राज दूतको जगजगी।

उपर्युक्त कुराको बावजूद पनि फागुन ७ गते अधिकांश जान्ने बुझ्ने नेपालीले हाम्रो २००७ साल पनि जापानको सन् १८६८ जस्तो होला भन्ने आशा गरेका थिए (सन् १६०३ मा जापानको राजपरिवारलाई त्यहाँका सगुन परिवारले थिची सन् १८६८ सम्म एकतन्त्री निरंकुश जहानिया शासन चलाएका थिए। सन् १८६८ मा जापानका भारदार मिली पन्ध्र वर्षीय राजकुमार मुटसु हिटोलाई राजा बनाई राजसत्ताको पुनरुत्थान गरे। जापानी इतिहासमा यो महत्वपूर्ण घटना मेजिरेष्टोरेशन (प्रगतिशील सरकारको पुनः स्थापना)को नामले प्रख्यात छ। सन् १८६८ मा राजा र प्रजा मिली प्रजातन्त्र ल्याउने र आर्थिक विकास गर्ने सन्दर्भमा गरेको प्रण अनुरूप तीस चालीस वर्षभित्रमा जापानमा भएको आर्थिक चमत्कारको बयान सुनेका केहि नेपाली जनता, २००७ साल फागुन ७ गतेको त्यो राजा प्रजाको पुनर्मिलनले, नेपाल पनि अब ३०।४० वर्षभित्रमा जापान (नेपाल समान सानो) जस्तै प्रगतिशील देश होला; नेपालीको जीवनस्तर उच्चिएला; नेपालीको संघारमा भेटकिएको प्रजातन्त्रले ढीलो चाँडो मझेरीमा छिचल्ला र भोलिको नेपाल हरेक क्षेत्रमा जापानजस्तै सम्पन्न हुँदै जाला भन्ने कुरामा ढुक्क थिए।

—:अस्तु:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धा-शुद्धिहरू

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
४	१७	मानदार	मालदार
५	८	न	र
६	१५	गुठीको	गुठीका
९	२५	२००१	२०००
१०	२१	धेरै जस्ता	धेरै सस्ता
१२	२९	नआई	नखाई
१४	३०	मोलमा	मालमा
१७	८	लोनाथ	लेखनाथ
१८	८	ठेमेल	ठमेलपछि चौतरीयाहरू वसन्तपुर, ज्ञानेश्वरमा र साहेवज्यूहरू हनुमान-ढोका, कमल पोखरी र वीरगञ्जमा वस्दथे थप्ने
३०	२२	गरको	गरेको
३३	३	सरोक	सरीक
३७	९	तोको	पोको
४१	६	श्री	श्री ३
४२	५	हुन्थ्यो	हुन्थ्यो।
,,	१०	मै	भै
,,	२९	भरका	भरमा
५१	१९	देखि	दोसि
६८	१९	जंगलाठ	जंगीलाठ
,,	३१	त्यो	हटाउने
७२	५	सोर्सफोर्स	सोर्सफोर्सबाट
७३	२	वीरबहादुर	थीरबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धा-शुद्धिहरू

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
४	१७	मानदार	मालदार
५	८	न	र
६	१५	गुठीको	गुठीका
९	२५	२००१	२०००
१०	२१	धेरै जस्ता	धेरै सस्ता
१२	२९	नआई	नखाई
१४	३०	मोलमा	मालमा
१७	८	लोनाथ	लेखनाथ
१८	८	ठेमेल	ठमेलपछि चौतरीयाहरू वसन्तपुर, ज्ञानेश्वरमा र साहेवज्यूहरू हनुमान-ढोका, कमल पोखरी र वीरगञ्जमा वस्दथे थप्ने
३०	२२	गरको	गरेको
३३	३	सरोक	सरीक
३७	९	तोको	पोको
४१	६	श्री	श्री ३
४२	५	हुन्थ्यो	हुन्थ्यो।
,,	१०	मै	भै
,,	२९	भरका	भरमा
५१	१९	देखि	दोसि
६८	१९	जंगलाठ	जंगीलाठ
,,	३१	त्यो	हटाउने
७२	५	सोर्सफोर्स	सोर्सफोर्सबाट
७३	२	वीरबहादुर	थीरबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
७९	२१	लिउँ	लिउ ।
,,	२४	६ अरब	६।७ अरब
८४	२	माटो मुरी	खेतमा १५७४०.१२ (माटो मुरी)
९२	१४	भन्दछन्	भन्दछ
,,	१५	पनि	पछि
,,	२३	थिए	थिए ।
९८	४	थुने	धुने
१०१	१	नेपाल	हटाउने
१०२	१	नान्ले	नामले
१०९	४	थियो	थियो ।
१११	२	चरा	चहा
११४	२४	डाकिएको	ढाकिएको
११५	१६	न कहलिएका	त कहलिएका
११७	९	भर्न	भने
१२९	७	अकृतहरू	अधिकृतहरू
१३३	१६	नियोगले	नियोगले कुनै अर्को ठूलो नियोगको दरबन्दी सारी पठाएकोले
१३४	१३	अननाएर	अपनाएको
,,	२१	किन्न २००	किन्न जनही २००
,,	१४	चिमटी	चिमटी भत्ताले
१३५	२३	हजार	हजार दुई
,,	,,	सन १९५५	सन १९४६
१३७	२३	द. क. ज.	पु. क. ज.
१३८	१	द. क. ज.	पु. क. ज.
१४१	५	वरता	वढ्दा
,,	७	पटनलाई	पठानलाई
,,	२१	चेटउप	चेटउड्
१४२	१९	कार्तिक २७	कार्तिक २६
१६५		७	६
१८५	१	पु. क. ज.	प. क. ज.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
१८७	२३	जावस	जावस ।
१८९	१४	कारणल	कारणले
१९०	१९	थियो ।	थियो
१९१	१	उगे	उने
,,	९	फुटकन	फटकन
,,	१२	खिचाए तातीमा	खिचातानीमा
१९३	२०	क्रम	कम
१९४	३०	ल्याए	ल्याए र
,,	३१	थुनिए ।	थुनिए–
२०२	२१	मोहनको	उनको
,,	,,	उनको	मोहनको
,,	२२	भाई	भई
,,	२४	भरि	भारि
२०६	१	कृष्टल	कृष्णले
,,	२३	सुविधा	दुविधा
२०८	२	वडोरान	कडोरान
२०९	७	वेलकुल	विलकुल
२१०	१७	तिज	निज
२१२	४	२	३
,,	१६	३	४
,,	२०	४	५
२१३	१२	पूर्वतर्फका	पश्चिमतर्फका
११४	७	याण्डहेण्डर	न्याए हेण्डरसन
,,	२४	मजेरिया	मजेठिया
२१५	१	र हाल बङ्गालका राज्यपाल-	(हाल बङ्गालका राज्यपाल)
२१६	५	गर्दछ	गर्दछ[१]
,,	१५		(अराष्ट्रिय ... भन्दथे)
,,	२७	वास्तविकता	वास्तविकतावाट
२२०	१८	भए ।	भए–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
२२०	२०	एथीमिज	स्मीथिज
२२२	८	पौडेहरू	पौडेलहरू ।
,,	२५	हस्ताक्षर	हस्तक्षेप
,,	३१	चलन	हुँदा
२२३	१०	गजप	गज
,,	१२	पाशा भने	पाशा बने भने
,,	१८	पछिको	पछिका
२२६	१	कस्तो पर्दछ	कस्तो हुन पर्छ
,,	७	श्री ३ जंगबहादुरले	श्री ३ जंगबहादुरले
		रितिथितिमा	बाँधेको
२२७	३	वेठीकमा	वेठीक
२२८	१	गोत्रो	थोत्रो
,,	९	थियो	थियो ।
,,	१५	च्याठिन्थे	च्याठिन्थे–
,,	३०	कुनै	कुरा
२३०	१४	प्रक्रिया ल्याउने	प्रक्रिया
२४९	१९	फर्के	फर्के–
२५३	१६	परने	पस्ने
,,	३०	प्रधानतन्त्री	प्रधानमन्त्री
२५६	२७	लगियोस	लागियोस
२६५	१०	अवस्थामा	अवस्थामा ।
२६७	२६	खोज्न	खोज्ने
२६८	२१	हुन[१]	हुन[२]
२७७	५	छिटो भारत	छिटो पल्टन भारत
२८०	१३	सतिनि	समिति
३०१	२	अधिकार	अग्राधिकार
,,	१८	न्यास	पेश
,,	२२	सुम्पियो	सुम्पिए
३०२	८	बनाउमा	बनाएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
३०२	१४	योजनाकालमा	कालको
,,	२१	सिंहदरबारमा	सिंहदरबारको
३०३	२१	२२०० के. मी.	किलोवाट
३०५	१६	श्री ३ महामहिम	श्री ३ मोहनले
३०७		२	५
,,	८	देखिएको	देसिएको
३११	१९	तथ्य ज्ञान	तथ्यको ज्ञान
३१२	२२	राणाजीका	राणाजीको
३१३	२	महाराजको	महाराज कहां
३१७		२	१
३१८	१२	यिए	थिए
३१९	९९	कुराको नेपाल	कुराको साछी छ नेपाल
३२०	२	दत	दूत
३२५	७	मुदामा	मुद्रामा
,,	८	छन्नै	धन्नै
३३२	१३	दिंदै	दिंदै ।
,,	१४	थिएन ।	थिएन
३३३	६	दिशालाई	दिशातर्फ
३३६	६	नसौदा	मसौदा
,,	११	संशोसन	संशोधन
,,	१४	नबुझेको	बुझेको
३४०	३०	पनि	परि
३४१	२५	२००७	२००६
३४९	१६	कोटा	कोरा
३५०	११	वढाउन	बढाउन–
,,	१२	राखी	राखी ।
३५२	२३	पैठारी ।	पैठारी
३६०	१५	वेरगनियामा	वैरगनियामा
,,	२५	दुई भयो	दुई भाग भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
३६२	१५	प्रचार	प्रचार--
३६६	१२	बसियो	बलियो
३६७	१८	विधायिका सभा-सभाको उद्घाटन थप्ने	
३७१	२१	वाशे	वाँके
३७४	१८	मानी	भानी
,,	२१	अंग्रेजी	अगृम
,,	२८	तिर	ती
,,	३०	विश्वले	विश्वका
३७५	१२	देशलाई दिने	देशलाई सोझै दिने
,,	२१	प्रोग्राममा	प्रोग्रामका
३७६	२८	गत्यो	गऱ्यो
३७८	१२	सेरोफेरोभा	सेरोफेरोका
३८४	४	भने	भनेर
,,	१२	VoLue	Value
,,	१३	inexha Nstatl	inexhaustable
३९२	३१	उनीहरूलाई	हटाउने
३९४	२०	पन्छाउन	पन्छाउन)
३९८	६	लाई	ले
४००	१४	उनीहरू	उनीहरूलाई
,,	२३	पाएर	पाएर।
४०२	२२	मानपछि	मानेपछि
,,	२७	गद्दीमा	गद्दी
४०८		पल्टन्छ	पल्टन्छ भन्ने
४२८	१६	प्रधानमन्त्री र गृहमन्त्री सर	प्रधानमन्त्री गृहमन्त्री, र सर
४२६	२	त	तैं
३४	१७	थाल्यो दरभंगा	थालेकोले दरभंगा
,,	२२	अक्रिय	निष्क्रिय
४२७	७	पु. क. ज.	प. क. ज.
४३०	२०	फ्रान्स	फ्रान्स शब्द हटाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	अशुद्ध	शुद्ध
४३१	१४	लागेर	लगेर
४३४	२	लेख्यो	लेख्यो ।
,,	१५	माने	भाले
४३५	१२	ताका हडसन	ताकाको हडसन
४३६	१२	कनि	कत्ति
,,	१७	गर्दै	गर्दै ।
४३७	१७	गठन श्री ५	गठन गरी श्री ५
,,	२५	पौष २२	मार्ग २२
४३८	१०	कटनैतिकता	कुटनीतिको
४३९	१२	श्री ३ चन्द्रकै	श्री ३ चन्द्र
४४०	६	सहिकाम	सहिकाम अर्थात
,,	७	नगरेको मेरो	नगरेकोले मेरो
४४२	२१	पुग	पुगे
४४५	३	स्वत	स्वतः
,,	१०	श्री ५ को नाममा	श्री ५ को नाममा
,,	११	कुठाघात	कुठाराघात
४४६	१९	र भरखर	न भरखर
४४७	४	साल २१,	साल कार्तिक २१
,,	१२	बखत देशभरी	बखत पल्टन सरकारले देशभरी
,,	,,	नदी	नट्टी
,,	२४	चढ्दा	नचढ्दा
४५१	२३	blood	blooded
४६०	२०	श्री ३ धीर	श्री धीर
४६८	२०	तत्व प्रति	तत्वसँग
,,	२७	सकेनन्	सकेन
४६९	६	पर्दथ्यो	पर्दथ्यो;
४७२	१८	पर्न आउने	पर्न आउने काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

93259

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरदार भीमबहादुर पाँडे

जन्मः १९७० साल; कलकत्ता विश्वविद्यालयबाट एम्. कम्. पास; १९९९–२००७ सालतक औद्योगिक व्यापारिक समाचार संग्रह अड्डा र उद्योग परिषद्को हाकिम; लण्डनस्थित नेपाली दूतावासको काउन्सेलर र वाशिंटनको प्रथम सचिव, राष्ट्र सभाको सदस्य २००७–२०३५ मा विभिन्न मन्त्रालयको सचिव, योजना मण्डल र राष्ट्रसभाको सदस्य, जर्मनी र भारतका राजदूत र महालेखा परीक्षक।

मानपदवी :

सुविख्यात त्रिशक्तिपट्ट
सुप्रसिद्ध प्रबल गोर्खा दक्षिणबाहु।

कृति :

राष्ट्रभक्तिको झलक
(नेपालका पांडे वंशको इतिहास)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu